# ध्रुवचन्द्र गौतमका उपन्यासमा अस्तित्ववाद

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्कायद्वारा सञ्चालित

पाठ्यक्रमसहितको विद्यावारिधि कार्यक्रमअन्तर्गत

नेपाली विषयमा

विद्यावारिधि उपाधिको प्रयोजनका निम्ति

प्रस्तुत

**शोधप्रबन्ध**


शोधकर्ता

**श्रीधर न्यौपाने**

विद्यावारिधि दर्ता नं. : २३/२०७५

त्रिवि दर्ता नं. : ३४६९७-९०


२०८०, माघ

# सिफारिसपत्र

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्कायद्वारा सञ्चालित पाठ्यक्रमसहितको विद्यावारिधि कार्यक्रमअन्तर्गत नेपाली विषयमा विद्यावारिधि उपाधिको प्रयोजनका निम्ति श्रीधर न्यौपानेले "ध्रुवचन्द्र गौतमका उपन्यासमा अस्तित्ववाद" शीर्षकको यो शोधप्रबन्ध हाम्रा निर्देशनमा परिश्रमपूर्वक तयार पार्नुभएको हो । उहाँले गरेको यो शोधकार्य सन्तोषजनक रहेकाले हामी यसको आवश्यक मूल्याङ्कनका निम्ति त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्कायसमक्ष सिफारिस गर्दछौँ ।

शोधप्रबन्ध समिति

| | |
|---|---|
| शोधनिर्देशक | सहशोधनिर्देशक |
| .......................... | .......................... |
| प्रा.डा. महादेव अवस्थी | प्रा.डा. लक्ष्मणप्रसाद गौतम |

मिति : २०८०/ १० /१८

# प्रतिबद्धता

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्कायद्वारा सञ्चालित पाठ्यक्रमसहितको विद्यावारिधि कार्यक्रमअन्तर्गत नेपाली विषयमा विद्यावारिधि उपाधिको प्रयोजनका निम्ति “ध्रुवचन्द्र गौतमका उपन्यासमा अस्तित्ववाद” शीर्षकको यो शोधप्रबन्ध मैले शोधनिर्देशक प्रा.डा. महादेव अवस्थी र सहशोधनिर्देशक प्रा.डा. लक्ष्मणप्रसाद गौतमका निर्देशनमा रही सम्पन्न गरेको हुँ । शोधप्रबन्ध लेखनका क्रममा उपयोग गरिएका सन्दर्भ सामग्रीहरूको इमानदारीसाथ सन्दर्भ खुलाएको छु र सन्दर्भ सामग्रीसूचीमा समेत सूचीबद्ध गरेको छु । यस शोधप्रबन्धका कुनै पनि परिच्छेद वा अंशलाई कहीँ कतै प्रकाशन गरेको छैन । मेरो यो प्रतिबद्धताभन्दा भिन्न कुनै प्रमाण भेटिएमा जिम्मेवारी वहन गर्न तयार छु ।

शोधकर्ता

................

श्रीधर न्यौपाने

मिति : २०८०/ १० /१८

# कृतज्ञताज्ञापन

ध्रुवचन्द्र गौतमका उपन्यासको अस्तित्ववादी जीवनदृष्टिका कोणबाट अध्ययन गर्ने उद्देश्य राखी यो शोधप्रबन्ध तयार पारिएको हो । स्नातकोत्तर तहको शोधपत्र तयार पार्दादेखि नै गौतमका उपन्यासमा केन्द्रित भई थप अध्ययन गर्ने अभिलाषा ममा जागृत भए पनि त्यसले मूर्त रूप लिन सकेको थिएन । विद्यावारिधिको निर्धारित तीन सत्रको पाठ्क्रमको अध्ययनका क्रममा श्रद्धेय गुरुहरूको परामर्श र प्रेरणाले मलाई गौतमका उपन्यासमा केन्द्रित भई शोध गर्न अभिप्रेरित गरेको हो । विविध विषय र शैलीलाई आफ्ना उपन्यासमा कुशलतापूर्वक प्रयोग गर्ने गौतमले अस्तित्ववादी जीवनदृष्टिलाई महत्त्वका साथ प्रयोग गरेका छन् । जस्तोसुकै समस्यामा पनि मानिसले अस्तित्वका लागि सङ्घर्ष गर्नुपर्छ भन्ने मान्यता राख्ने यस दर्शनका कोणबाट उनका उपन्यासको अध्ययन गर्नु वर्तमान युगीन परिवेशमा सान्दर्भिकसमेत हुने भएकाले यो शोध गरिएको हो ।

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्कायद्वारा सञ्चालित पाठ्यक्रमसहितको विद्यावारिधि कार्यक्रमअन्तर्गत नेपाली विषयमा विद्यावारिधि उपाधिका निम्ति प्रस्तुत शोधप्रबन्ध मैले आदरणीय गुरु प्रा.डा. महादेव अवस्थीज्यूको प्राज्ञिक सल्लाह र कुशल निर्देशनमा तयार पारेको हुँ । आफ्नो अमूल्य समय दिएर मलाई लेखन कार्यमा उत्साहित गराउँदै यस शोधको पूर्णताका लागि उहाँले गरेको प्राज्ञिक मार्गनिर्देशनका लागि म उहाँप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

प्रस्तुत शोधप्रबन्धको शीर्षक चयनदेखि नै मैले सहशोधनिर्देशक प्रा.डा. लक्ष्मणप्रसाद गौतमज्यूको निरन्तर सल्लाह र सुझाव प्राप्त गरेको छु । आफ्नो व्यस्त समयको सीमा रहँदारहँदै पनि श्रद्धेय गुरुले यस शोधप्रबन्धको पूर्णताका लागि प्रदान गर्नुभएको प्राज्ञिक परामर्श र मार्गनिर्देशनका निम्ति उहाँप्रति हार्दिक आभार प्रकट गर्दछु ।

विद्यावारिधि अध्ययनका लागि प्रेरणा र सहयोग गर्नुहुने त्रिवि मानविकी तथा सामाजिक शास्त्र सङ्कायका डिन प्रा.डा. कुसुम शाक्य, कतिपय सामग्री उपलब्ध गराई लेखन कार्यमा हौसला प्रदान गर्नुहुने सहायक डिन प्रा.डा. दुविनन्द ढकाल, लेखन कार्यमा प्रेरणा प्रदान गर्नुहुने सहायक डिन सहप्रा. डा. गोविन्दप्रसाद शर्माज्यूप्रति कृतज्ञता ज्ञापन गर्दछु । शोधप्रस्ताव लेखनदेखि नै अमूल्य सुझाव प्रदान गर्नुहुने श्रद्धेय गुरु प्रा.डा. दयाराम श्रेष्ठज्यूप्रति हार्दिक आभार व्यक्त गर्दछु । लेखन कार्यमा उत्साह प्रदान गर्नुहुने नेपाली केन्द्रीय विभागका पूर्व विभागीय प्रमुखहरू आदरणीय गुरु प्रा.डा. देवीप्रसाद गौतम र प्रा. डा. खगेन्द्रप्रसाद लुइटेलज्यूप्रति कृतज्ञता ज्ञापन गर्दछु । यसै गरी लेखनकार्यमा प्रेरित गर्नुहुने आदरणीय गुरुहरू प्रा.डा. ताराकान्त पाण्डेय,

प्रा.डा. कृष्णप्रसाद घिमिरे, प्रा.डा. रमेशप्रसाद भट्टराई, प्रा.डा. विष्णुप्रसाद पौडेल, प्रा.डा. कुसुमाकर न्यौपाने, प्रा.डा. नरहरि गौतम, सहप्रा. कृष्णप्रसाद पौडेल, सहप्रा. डा. नारायणप्रसाद गड्तौला, सहप्रा. डा. यमनाथ तिमिल्सिना, सहप्रा.डा. नेत्र एटम, सहप्रा.डा. दुर्गाबहादुर घर्ती, सहप्रा. डा. लक्ष्मीशरण अधिकारीलगायत अन्य गुरुहरूले दिनुभएको प्रेरणा, हौसला र उचित परामर्शका निम्ति म उहाँहरूप्रति कृतज्ञता ज्ञापन गर्दछु । कतिपय महत्त्वपूर्ण सामग्रीहरूसहित उचित परामर्श दिनुहुने नेपाली केन्द्रीय विभागका परम् मित्रहरू उपप्रा. डा. लेखराज खतिवडा र उपप्रा. डा अशोक थापाप्रति आभार प्रकट गर्दछु । शोधविधिका बारेमा उचित परामर्श दिनुभएकामा पोखरा विश्वविद्यालयका उपकुलपति प्रा.डा. प्रेमनारायाण अर्यालप्रति आभार व्यक्त गर्दछु । अस्तित्ववादका बारेमा स्पष्ट धारणा बनाउनका लागि परामर्श दिनुहुने अङ्ग्रेजी विषयका आदरणीय गुरु प्रा.डा. मानबहादुर के.सी.प्रति हार्दिक आभार प्रकट गर्दछु । निरन्तर सम्पर्कमा रहेर शोधसँग सम्बद्ध विषयमा परामर्श गरी शोधलाई पूर्णता प्रदान गर्नाका लागि सहयोग गर्नुहुने उपप्रा. त्रिभुवन बरईप्रति आभार व्यक्त गर्दछु । अङ्ग्रेजी भाषाका कतिपय सामग्रीहरूलाई नेपाली भाषामा अनुवाद गरिदिने मित्रहरू उपप्रा. तेजनारायण अधिकारी, तीर्थ तामाङ, सहपाठी साथीहरू र सहयोगी सम्पूर्णप्रति कृतज्ञता ज्ञापन गर्दछु । त्रिवि मानविकी तथा सामाजिक शास्त्र सङ्काय डिनको कार्यालयका कर्मचारीहरू अनिता सापकोटा, समृतगोपाल तन्डुकारलगायत सम्पूर्ण कर्मचारीहरूमा हार्दिक आभार व्यक्त गर्दछु ।

मैले ध्रुवचन्द्र गौतमका उपन्यासका बारेमा केही मात्रामा भए पनि स्नातकोत्तर तहदेखि नै साक्षात्कार हुने अवसर पाएको थिएँ । उहाँले लेखेको *अग्निदत्त+अग्निदत्त* उपन्यासमा केन्द्रित रही स्नातकोत्तर तहको शोधपत्र तयार पार्दादेखि नै मलाई उहाँका उपन्यासमा रुचि जागेको थियो । विविध विषय र शैलीलाई अवलम्बन गरी समाजका बेथितिप्रति तीखो व्यङ्ग्य गर्ने कुशल उपन्यासकारका रूपमा गौतम परिचित छन् । यस्ता स्रष्टाका उपन्यासमा केन्द्रित रही यो शोधप्रबन्ध तयार गर्ने अवसर प्राप्त भएकामा श्रद्धेय स्रष्टा ध्रुवचन्द्र गौतमप्रति हृदयदेखि नै आभार व्यक्त गर्दछु ।

प्रस्तुत अध्ययन सम्पन्न गर्नाका लागि अध्ययन बिदा प्रदान गर्ने त्रिवि समन्वय महाशाखा कीर्तिपुरप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । उच्च अध्ययनका निम्ति बिदाको सिफारिस गर्ने पृथ्वीनारायण क्याम्पस पोखरा र यस क्याम्पसको नेपाली विभागप्रति आभार व्यक्त गर्दछु । अध्ययनका क्रममा विश्वविद्यालय अनुदान आयोग नेपालले विद्वत्वृत्ति उपलब्ध गराई आर्थिक क्षेत्रमा पुऱ्याएको सहयोग र प्राज्ञिक क्षेत्रमा दिएको उचित परामर्शप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

प्रस्तुत शोधकार्यका लागि आवश्यक कतिपय पुस्तकहरू उपलब्ध गराइदिने त्रिवि केन्द्रीय पुस्तकालय कीर्तिपुर, त्रिवि नेपाली केन्द्रीय विभाग पुस्तकालय कीर्तिपुर, पश्चिमाञ्चल क्षेत्रीय पुस्तकालय पोखरा, नेपाली विभाग पुस्तकालय पोखरा, इपुस्तकालय, बुकएसिया, पिडिएफ ड्राइभ जस्ता इपुस्तकालयप्रति आभार व्यक्त गर्दछु ।

प्रस्तुत शोधकार्य सम्पन्न गर्नाका निम्ति परिवारका सदस्यहरूबाट प्रशस्त सहयोग प्राप्त भएको छ । आफ्नो असी बर्से उमेरमा पनि मलाई निरन्तर अध्ययन गर्ने परिवेश सिर्जना गरिदिनुहुने पूज्य पिताजी पण्डित बालकृष्ण न्यौपाने र माता तोलादेवी न्यौपानेप्रति कृतज्ञतासहित चरणस्पर्श गर्दछु । घरका कठिन समस्यालाई उचित व्यवस्थापन गर्दै मलाई अध्ययनमा प्रेरित गर्ने जीवनसँगिनी यमुना न्यौपाने, छोरा सुयोग न्यौपाने, भाइहरू नारायण न्यौपाने, गणेश न्यौपाने एवम् सम्पूर्ण आफन्तजनले पुऱ्याएको सहयोगका निम्ति कृतज्ञता ज्ञापन गर्दछु ।

यस शोधप्रबन्धलाई शुद्ध रूपमा टङ्कन गरिदिने श्रेष्ठ कम्प्युटर पोखराका ईश्वर श्रेष्ठलाई हार्दिक धन्यवाद दिन्छु ।

अन्त्यमा, यस शोधप्रबन्धको आवश्यक मूल्याङ्कनका लागि त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय, डिनको कार्यालयसमक्ष प्रस्तुत गर्दछु ।

शोधकर्ता

.................

श्रीधर न्यौपाने

मिति : २०८०/ १० /१८

# शोधसार

ध्रुवचन्द्र गौतमका उपन्यासमा अभिव्यक्त अस्तित्ववादलाई आधार बनाई प्रस्तुत शोध गरिएको छ । उनका उपन्यासमा अस्तित्ववादी जीवनदृष्टिको अभिव्यक्ति भएको छ भन्ने जानकारी तिनका उपन्यासमा गरिएका पूर्वकार्यको अध्ययनबाट प्राप्त भएको छ । आरम्भदेखि नै अस्तित्ववादी जीवनदृष्टिलाई अभिव्यक्त गर्दै आएका गौतमका उपन्यासको अध्ययन त्यस जीवनदृष्टिका कोणबाट नभएकाले ज्ञानको रिक्तता देखिएको छ । उक्त रिक्तताको परिपूर्तिका लागि उनका उपन्यासमा अभिव्यक्त अस्तित्ववादलाई मुख्य शोधसमस्या बनाइएको छ । उक्त समस्याको समाधानमा पुग्नाका निम्ति ध्रुवचन्द्र गौतमका उपन्यासमा व्यक्त निस्सारताको स्वर केकस्तो रहेको छ ? ध्रुवचन्द्र गौतमका उपन्यासमा वरणस्वतन्त्रता र व्यक्तिसर्वोच्चताको अभिव्यक्ति कसरी गरिएको छ ? ध्रुवचन्द्र गौतमका उपन्यासमा ऐकान्तिकता र विद्रोहको अभिव्यक्ति केकसरी गरिएको छ गरी तीनओटा शोधप्रश्नलाई समावेश गरिएको छ । शोधसमस्यामा उठान गरिएका जिज्ञासाको समाधान गर्ने उद्देश्य यस अध्ययनमा राखिएको छ । अस्तित्ववादलाई मूल प्रवृत्ति बनाएका गौतमका उपन्यासको त्यस सिद्धान्तका आधारमा अध्ययन गर्नु औचित्यपूर्ण देखिएकाले यो अध्ययन गरिएको हो । यस शोधमा गौतमका सोद्देश्य छनोट गरिएका *डापी, कट्टेल सरको चोटपटक, स्वर्गीय हीरादेवीको खोज, एक शहरमा एक कोठा, सहस्राब्दीको अन्तिम प्रेम कथा* र *भीमसेन-४ को खोजी* गरी छओटा उपन्यासको अस्तित्ववादी जीवनदृष्टिका निस्सारता, वरणस्वतन्त्रता, व्यक्तिसर्वोच्चता, ऐकान्तिकता र विद्रोहका कोणबाट अध्ययन गरिएको छ । अस्तित्ववादी जीवनदृष्टिका अन्य मान्यताहरू अस्तित्व सारको पूर्ववर्ती, भविता र शून्यता, मानिस मात्रको अस्तित्वशीलता, अस्तित्वको प्रेरक : मृत्यु, मानव जीवनको दुर्बोध्यता, दुःखी हुनु नै मानिसको नियति, पूर्वपरिभाषित हुन नसक्नु मानिसको नियति, निर्णयगत नैतिकता, प्रामाणिक अस्तित्वका कोणबाट गौतमका उपन्यासको विश्लेषण नगर्नु यस अध्ययनको सीमाका रूपमा रहेको छ ।

यस शोधमा उपन्यासको विश्लेषणका लागि उपयुक्त शोधविधिको अवलम्बन गरिएको छ । जीवन निरर्थक भए पनि मानिसले अस्तित्वका लागि कर्म, सङ्घर्ष र विद्रोहमा सक्रिय रहेको हुन्छ भन्ने सत्यता यस शोधको तत्त्वमीमांसा हो । संरचनावादी एवम् व्याख्यावादी कोणबाट विश्लेषण गरी ज्ञाननिर्माण गर्नु यस शोधको ज्ञानमीमांसा हो । अध्ययनका लागि निर्धारित उपकरणलाई समान महत्त्व दिनु र सम्भावनालाई खुला राख्नु यस अध्ययनको मूल्यमीमांसा हो । बहुसत्यमा आधारित गुणात्मक प्रकृतिको प्रस्तुत अध्ययनमा पाठविश्लेषण विधिको अवलम्बन गरिएको छ । ध्रुवचन्द्र गौतमका अट्ठाइसओटै उपन्यासमा शोधको उद्देश्यअनुरूपको विश्लेषणका लागि तथ्यहरू

प्राप्त गर्न नसकिने भएकाले असम्भाव्य नमुना छनोटअन्तर्गतको सोद्देश्य नमुना छनोट विधिका आधारमा छओटा प्राथमिक स्रोतका सामग्रीलाई विश्लेषणका लागि छनोट गरिएको छ । घटना, पात्र र परिवेशलाई अस्तित्ववादका मान्यतामा गहन रूपमा केन्द्रित गराइनुलाई छनोटको आधार बनाइएको छ । छनोट गरिएका उपन्यासको सूक्ष्म पठन गरी विश्लेषणका लागि तथ्यसङ्कलन गरिएको छ । तिनै तथ्यका आधारमा पाठको व्याख्यावादी अनुसन्धानपद्धतिको अवलम्बन गरी यस शोधलाई पूर्णता प्रदान गरिएको छ । यस अध्ययनमा द्वितीयक स्रोतका सामग्रीका रूपमा शोधक्षेत्रका बारे गरिएका पूर्वकार्य र समस्यासँग सम्बद्ध पुस्तकहरू, लेखहरू, जर्नलहरू शोधप्रबन्धहरू रहेका छन् । यी दुवै स्रोतका सामग्रीको सङ्कलन पुस्तकालय र इपुस्तकालयबाट गरिएको छ । यस अध्ययनमा विश्लेषणको सैद्धान्तिक आधारका रूपमा रहेका अस्तित्ववादका मान्यताको आशयअनुरूप सूचकहरू निर्माण गरिएका छन् । निर्धारित सूचकहरूमा जीवनको निरर्थकता, अभाव र अनिश्चितता, कर्म र सङ्घर्ष, वैयक्तिक स्वतन्त्रता, स्वतन्त्रताको पीडा, उत्तरदायित्व वहनको अनिवार्यता, मानवसत्ताको अङ्गीकार, स्वतन्त्रता र उत्तरदायित्वको एकल वहन, एकल सङ्घर्ष अस्तित्वप्रतिको सचेतता र स्वतन्त्रताका प्राप्तिका निम्ति सङ्घर्ष रहेका छन् । यिनै सूचकका आधारमा उपन्यासको विश्लेषण गरिएको छ ।

ध्रुवचन्द्र गौतमका उपन्यासमा अस्तित्ववादी जीवनदृष्टिको गहन अभिव्यक्ति भएको देखिन्छ । उनका उपन्यासका अस्तित्वशील पात्रहरू आफ्नो अस्तित्वको बोध गर्दै जीवनमा सक्रिय रहेका हुन्छन् । उनका उपन्यासका अस्तित्वशील पात्रले सङ्घर्ष गरिरहँदा भोग्नुपरेका अनपेक्षित परिणामका कारण तिनमा जीवनप्रति नै निस्सारताको भाव जागृत भए पनि अस्तित्वका लागि कर्म, सङ्घर्ष र विद्रोह गर्न प्रतिबद्ध रहेका छन् । उनका उपन्यासका अस्तित्वशील पात्रले स्वनिर्मितिका लागि स्वतन्त्र निर्णय गरेपश्चात् आर्थिक, पारिवारिक, सामाजिक, नैतिक, प्रेम आदि विषयमा समस्या भोग्न बाध्य भए पनि जिम्मेवारी वहन गर्ने कुराबाट अलग नरहेको सन्दर्भलाई प्रस्तुत गरिएको छ । उनले अस्तित्वशील पात्रलाई नै कर्म, सङ्घर्ष र विद्रोहमा सक्रिय गराई अस्तित्ववादी व्यक्तिसर्वोच्चता अभिव्यक्त गरेका छन् । उनका उपन्यासका पात्रमा समस्यासँग सम्झौता गर्ने, जीवनबाट पलायन हुने, विसङ्गतिका सामु आत्मसमर्पण गर्ने, अदृश्य ईश्वरीय सत्ताप्रति समर्पित हुने तथा मूल्य स्थापनाको अभियानबाट पछाडि फर्कने मनोविज्ञान रहेको देखिँदैन । उनका उपन्यासका पात्रले वरणस्वतन्त्रतालाई एक्लै वहन गर्नुपरेकाले र जीवनमा आइपर्ने व्यवधानसँग एक्लै सङ्घर्ष गर्नुपरेका कारण ऐकान्तिकताको अनुभूत गरेको कुरालाई आख्यानात्मक रूपमा प्रस्तुत गरिएको छ । उनका उपन्यासका अस्तित्वशील पात्रले आफ्नो अस्तित्वमा बाधा पुऱ्याउने पक्षका विरुद्ध प्रतिवाद गरेका घटनालाई आख्यानात्मक रूपमा प्रस्तुत

गरी अस्तित्ववादी विद्रोह अभिव्यक्त गरिएको छ । समग्रमा उनले जीवनको निस्सारतामा पनि आशावादी रहँदै सङ्घर्ष गर्नुपर्छ भन्ने मान्यता प्रस्तुत गरेर नेपाली उपन्यासको अस्तित्ववादी लेखन धारामा भिन्न पहिचान बनाएका छन् भन्ने कुरा यस अध्ययनबाट प्राप्त हुन्छ । समस्याग्रस्त एवम् भयग्रस्त अवस्थामा पनि जीवन मूल प्रवृत्ति बनाई अस्तित्वका लागि कर्म र सङ्घर्षमा सक्रिय रहन मानिसलाई प्रेरित गरेकाले उनको स्थान नेपाली उपन्यासको अस्तित्ववादी धारामा भिन्न रहेको छ भन्ने कुरासमेत स्पष्ट हुन्छ । समग्रमा गौतमले जीवनप्रति आशावादी, कर्मवादी, सकारात्मक रहँदै कर्म, सङ्घर्ष र विद्रोहमा सक्रिय रहनुपर्छ भन्ने विचारलाई आफ्ना उपन्यासमा सशक्त ढङ्गले अभिव्यक्त गरेका छन् भन्ने निष्कर्ष यस अध्ययनको रहेको छ ।

# विषयसूची


सिफारिसपत्र क

स्वीकृति पत्र ख

प्रतिबद्धता ग

कृतज्ञताज्ञापन घ

शोधसार छ

## पहिलो परिच्छेद : शोधपरिचय

१.१ विषयपरिचय १

१.२ समस्याकथन २

१.३ उद्देश्य ३

१.४ पूर्वकार्यको समीक्षा ३

१.५ शोधको औचित्य १६

१.६ शोधको सीमाङ्कन १७

१.७ शोधविधि १७

१.७.१ शोधदर्शन १८

१.७.२ अनुसन्धानपद्धति १८

१.७.३ सामग्रीसङ्कलन १८

१.७.४ अनुसन्धानढाँचा १९

१.७.५ सैद्धान्तिक आधार १९

१.७.६ विश्लेषणपद्धति २१

१.८ शोधप्रबन्धको रूपरेखा २२

## दोस्रो परिच्छेद : धुवचन्द्र गौतमका उपन्यासहरूको सर्वेक्षण

२.१ विषयप्रवेश २३

२.२ निस्सारताको अभिव्यक्ति भएका उपन्यासहरू २४

२.३ वरणस्वतन्त्रताको अभिव्यक्ति भएका उपन्यासहरू ३१

२.४ व्यक्तिसर्वोच्चताको अभिव्यक्ति भएका उपन्यासहरू ३८

२.५ ऐकान्तिकताको अभिव्यक्ति भएका उपन्यासहरू ४१

२.६ विद्रोहको अभिव्यक्ति भएका उपन्यासहरू ४६
२.७ निष्कर्ष ५४

## तेस्रो परिच्छेद : ध्रुवचन्द्र गौतमका उपन्यासमा निस्सारता

३.१ विषयप्रवेश ५६
३.२ निस्सारता ५६
३.२.१ जीवनको निरर्थकता ५७
३.२.२ अभाव र अनिश्चितता ८४
३.२.३ कर्म र सङ्घर्ष १०२
३.३ निष्कर्ष १२२

## चौथो परिच्छेद : ध्रुवचन्द्र गौतमका उपन्यासमा वरणस्वतन्त्रता र व्यक्तिसर्वोच्चता

४.१ विषयप्रवेश १२५
४.२ वरणस्वतन्त्रता १२५
४.२.१ वैयक्तिक स्वतन्त्रता १२६
४.२.२ स्वतन्त्रताको पीडा १४३
४.२.३ उत्तरदायित्व वहनको अनिवार्यता १६२
४.३ व्यक्तिसर्वोच्चता १७८
४.४ निष्कर्ष १९५

## पाँचौं परिच्छेद : ध्रुवचन्द्र गौतमका उपन्यासमा ऐकान्तिकता र विद्रोह

५.१ विषयप्रवेश १९७
५.२ ऐकान्तिकता १९७
५.२.१ स्वतन्त्रता र उत्तरदायित्वको एकल वहन १९८
५.२.२ एकल सङ्घर्ष २०६
५.३ विद्रोह २१७
५.३.१ अस्तित्वप्रतिको सचेतता २१८
५.३.२ स्वतन्त्रता प्राप्तिका निम्ति सङ्घर्ष २३३
५.४ निष्कर्ष २५१

## छैटौं परिच्छेद : सारांश र निष्कर्ष


६.१ सारांश २५४

६.२ निष्कर्ष २६२

सन्दर्भ सामग्रीसूची २६६

## तालिकासूची


२.१ ५२

२.२ ५४

## पहिलो परिच्छेद

# शोधपरिचय

### १.१ विषयपरिचय

ध्रुवचन्द्र गौतम (२००० पुस २) ले अस्तित्ववादी जीवनदृष्टिलाई आधार बनाई उपन्यास सिर्जना गरेका छन् । उनका उपन्यासका अस्तित्वशील पात्रहरू आफ्नो अस्तित्वको बोध गर्दै जीवनमा सक्रिय रहेका हुन्छन् । यस शोधमा अस्तित्ववादी जीवनदृष्टिका कोणबाट गौतमका उपन्यासको विश्लेषण गरिएको छ । उनी २०२० सालमा *रूपरेखा* पत्रिकामा प्रकाशित 'तटस्थता असफलता' शीर्षकको कविताका माध्यमबाट नेपाली साहित्यमा प्रवेश गरेका हुन् । उनी २०२० सालमा नै सोही पत्रिकामा प्रकाशित 'एक यात्रानुभूति' शीर्षकको कथाका माध्यमबाट साहित्यको आख्यान विधामा सार्वजनिक भएका हुन् । वि. सं. २०२४ मा *रूपरेखा* पत्रिकामा *अन्त्यपछि* उपन्यास प्रकाशनसँगै उनको उपन्यासकार व्यक्तित्वसमेत सार्वजनिक भएको हो । उनले कविता, कथा, उपन्यास, नाटक, निबन्ध जस्ता साहित्यका विधाको सिर्जना गरेका छन् । उनी यिनका अतिरिक्त गीत लेखन, पटकथा लेखन एवम् अभिनयमा पनि संलग्न रहेका छन् । उनलाई साहित्यकारका रूपमा प्रसिद्ध गराउने साहित्यिक विधाहरूमध्ये उपन्यास पनि एक महत्त्वपूर्ण विधा हो। जीवनजगत्को बृहत् पक्षलाई गद्य भाषाका माध्यमबाट प्रस्तुत गरिने आख्यानात्मक साहित्यिक विधा उपन्यास हो । यसमा जीवनजगत्का विविध अनुभव र अनुभूतिलाई कुनै शास्त्रीय नियमको बन्धनमा नबाँधिई स्वतन्त्र र उन्मुक्त ढङ्गले प्रस्तुत गरिएको हुन्छ। व्यापक परिवेश, बहुल पात्रको प्रयोग, स्थानिक र कालिक आयामको दीर्घता, नवीनता, गतिशीलता, लचकता एवम् प्रयोगशीलता यसका अभिलक्षण हुन्। गौतमले यस्ता अभिलक्षण वरण गर्ने साहित्यिक विधाको सिर्जना आरम्भदेखि अद्यावधि निरन्तरता दिएका छन् । उनका *अन्त्यपछि* (२०२४), *बालुवामाथि* (२०२८), *डापी* (२०३३), *कट्टेल सरको चोटपटक* (२०३७), *अलिखित* (२०४०), *निमित्त नायक* (२०४३), *स्वर्गीय हीरादेवीको खोज* (२०४५), *एक शहरमा एक कोठा* (२०४६), *उपसंहार अर्थात् चौथो अन्त्य* (२०४८), *दुबिधा* (२०५२), *अग्निदत्त+अग्निदत्त* (२०५३) *फूलको आतङ्क* (२०५५), *बाढी* (२०५६), *सहस्राब्दीको अन्तिम प्रेम कथा* (२०५६), *मौन* (२०५८), *तथाकथित* (२०५९), *भीमसेन-४ को खोजी* (२०६१), *जेलिएको* (२०६२), *घुर्मी* २०६५), *एक असफल आख्यानको आरम्भ* (२०६५), *अप्रिय* (२०६७), *सातौँ ऋतु* (२०६८), *एक पुनर्निर्मित प्रेमाख्यान* (२०७०), *वञ्चक* (२०७१), *विगत जस्तो केही* (२०७३), *एकानाको जमाना* (२०७४), *चकमन्नमा एकान्त* (२०७६) र *सातो* (२०७९) गरी अट्ठाइसओटा उपन्यासहरू प्रकाशित भएका छन् । उनले समाजमा देखिएका विकृति, विसङ्गति, अन्याय, अत्याचार, भ्रष्टाचार, यौन दुराचार, क्षेत्रीय समस्या, वैयक्तिक

समस्यालाई उपन्यासको विषय बनाएका छन् । उनले उपन्यास सिर्जना गर्दा विनिर्माण, मिथकीय पुनर्सिर्जन, श्यामव्यङ्ग्य, स्वैरकल्पना, नवीन खालका बिम्बप्रतीक आदि विविध शैलीको प्रयोग गरेका छन् । उनले सूत्रउपन्यास लेखन, अनुभवन्यास लेखनका माध्यमबाट नवीन लेखन कौशलको समेत प्रयोग गरेका छन् । उनले विविध विषय र शैलीलाई आत्मसात् गरी उपन्यास सिर्जना गरेका र अस्तित्ववादी जीवनदृष्टिलाई समेत आरम्भदेखि महत्त्वका साथ अभिव्यक्त गर्दै आएका छन् ।

ध्रुवचन्द्र गौतमले अस्तित्ववादलाई मुख्य जीवनदृष्टि बनाई उपन्यास सिर्जना गरेका छन् । यो जीवनदृष्टि पश्चिमा जगत्मा उन्नाइसौँ शताब्दीमा प्रारम्भ भई बिसौँ शताब्दीमा विकसित भई साहित्यमा समेत प्रयोग भएको आधुनिक जीवनदर्शन हो । यसले जीवन निस्सार रहे पनि मूल्य र सङ्गतिप्रति आशावादी रहँदै मानिस सङ्घर्षमा लागिरहनुपर्छ भन्ने मान्यता राखेको छ। अस्तित्वलाई सारको पूर्ववर्ती मान्ने यस दर्शनले वरणस्वतन्त्रता र उत्तरदायित्वलाई विशेष महत्त्व दिएको छ । चित् भविताको जागृतिका कारण बोध भएको रिक्ततापछि मानिस आफू केही हुनाका लागि जीवनमा स्वतन्त्र निर्णय गर्दै सक्रिय रहेको हुन्छ । स्वतन्त्र निर्णयका कारण आइपर्ने अभाव, अनिश्चितता, एक्लोपनाका कारण उसमा चिन्ता, पीडा र समस्या आउने भए पनि तिनका विरुद्ध सङ्घर्ष र विद्रोहमा ऊ नै सक्रिय हुनुपर्छ भन्ने मान्यता राख्ने भएकाले यसले व्यक्तिलाई सर्वोच्च महत्त्व दिएको हो । आफ्नो अस्तित्वका लागि सक्रियता मानिसले मात्र देखाउने, स्वतन्त्रताका कारण सिर्जित समस्यासँग सङ्घर्ष र विद्रोहमा स्वयम् निर्णयकर्ता नै सक्रिय हुनुपर्ने मान्यता राखेकाले यसलाई मानववादी दर्शनसमेत भनिएको हो । यस दर्शनसँग सम्बद्ध आस्तिक र नास्तिक दुवै प्रकृतिका चिन्तकहरूले मानव अस्तित्व र उसको स्वतन्त्रताका सम्बन्धमा समान धारणा राखेका छन्। यस्ता मान्यताहरू वरण गरेको यो जीवनदर्शन उपन्यास विश्लेषणको एउटा महत्त्वपूर्ण सैद्धान्तिक पर्याधारसमेत भएको छ ।

ध्रुवचन्द्र गौतमका उपन्यासमा अस्तित्ववादी जीवनदृष्टिको अभिव्यक्ति भएको छ भन्ने कुरा तिनका उपन्यासका बारेमा गरिएका पूर्वकार्यको पर्यवोलकन तथा तिनका उपन्यासको सर्वेक्षणबाट स्पष्ट भएको छ तर यसै दृष्टिलाई नै आधार बनाई शोधपरक ढाँचामा गहन अध्ययनको रिक्तता देखिएको छ । तसर्थ उक्त कोणबाट गरिने अध्ययनको आवश्यकता परिपूर्तिका लागि यो शोध गरिएको हो ।

## १.२ समस्याकथन

अस्तित्ववाद बिसौँ शताब्दीमा विकसित भएको दर्शन हो र साहित्यको उपन्यास विधामा यस दर्शनको गहिरो प्रभाव परेको छ। त्यसैले अस्तित्ववादी जीवनदृष्टिको अभिव्यक्तिका दृष्टिले उपन्यासको अध्ययन गरिनु स्वयम्मा एक महत्त्वपूर्ण प्राज्ञिक कार्य हो। नेपाली उपन्यासको

विकासप्रक्रियामा ध्रुवचन्द्र गौतमले रचना गरेका उपन्यासहरूमा अस्तित्ववादी जीवनदृष्टिको सबल अभिव्यक्ति भएको छ भन्ने जानकारी तिनका बारेमा गरिएका अध्ययन र उनका उपन्यासको पठनबाट प्राप्त हुन्छ । उनका अट्ठाइसओटा उपन्यासहरूमध्ये *डापी*मा निस्सारता, ऐकान्तिकता र विद्रोहलाई प्रमुख विषय बनाइएको छ । *कट्टेल सरको चोटपटक*मा निस्सारता केन्द्रीय कथ्य रहेको छ । *स्वर्गीय हीरादेवीको खोज*मा निस्सारता, वरणस्वतन्त्रता र ऐकान्तिकताको अभिव्यक्ति सबल बनेको छ । *एक सहरमा एक कोठा*मा वरणस्वतन्त्रता र व्यक्तिसर्वोच्चता गहन ढङ्गले प्रस्तुत भएको छ । *सहस्राब्दीको अन्तिम प्रेमकथा* वरणस्वतन्त्रता र व्यक्तिसर्वोच्चताको सबलता देखिन्छ । *भीमसेन-४ को खोजी*मा निस्सारता र विद्रोहलाई केन्द्रीय कथ्य बनाएको छ । गौतमका उपन्यासमा अस्तित्ववादी चिन्तनलाई प्रमुख स्वर बनाइएको छ तर यसै सिद्धान्तका आधारमा उनका उपन्यासमा अभिव्यक्त अस्तित्ववादी स्वरको शोधमूलक विश्लेषणात्मक अध्ययन भएको भेटिँदैन । तसर्थ यस शोधमा ध्रुवचन्द्र गौतमका उपन्यासमा अभिव्यक्त अस्तित्ववादलाई मुख्य शोधसमस्या बनाइएको छ। यस शोधसमस्याको समाधानमा पुग्नाका निम्ति अस्तित्ववादी जीवनदृष्टिका प्रमुख मान्यताहरूलाई आधार बनाई निर्माण गरिएका शोधप्रश्नहरू निम्नलिखित रहेका छन् :

(१) ध्रुवचन्द्र गौतमका उपन्यासमा व्यक्त निस्सारताको स्वर केकस्तो रहेको छ ?

(२) ध्रुवचन्द्र गौतमका उपन्यासमा वरणस्वतन्त्रता र व्यक्तिसर्वोच्चताको अभिव्यक्ति कसरी गरिएको छ ?

(३) ध्रुवचन्द्र गौतमका उपन्यासमा ऐकान्तिकता र विद्रोहको अभिव्यक्ति केकसरी गरिएको छ ?

## १.३ उद्देश्य

ध्रुवचन्द्र गौतमका उपन्यासलाई अस्तित्ववादी जीवनदृष्टिका कोणबाट विश्लेषण गर्नु यस शोधको प्रमुख उद्देश्य रहेको छ। उक्त उद्देश्य प्राप्तिका लागि अस्तित्ववादी जीवनदृष्टिका प्रमुख मान्यताहरूलाई आधार बनाई निम्नलिखित उद्देश्यहरू यस शोधमा निर्धारण गरिएका छन् :

(१) ध्रुवचन्द्र गौतमका उपन्यासमा व्यक्त भएको निस्सारताको विश्लेषण गर्नु,

(२) ध्रुवचन्द्र गौतमका उपन्यासमा अभिव्यक्त वरणस्वतन्त्रता र व्यक्तिसर्वोच्चताको समीक्षा गर्नु र

(३) ध्रुवचन्द्र गौतमका उपन्यासमा अभिव्यक्त ऐकान्तिकता र विद्रोहको विश्लेषण गर्नु ।

## १.४ पूर्वकार्यको समीक्षा

ध्रुवचन्द्र गौतमले पाश्चात्य चिन्तन परम्परामा स्थापित आधुनिक जीवनदर्शन अस्तित्ववादलाई उपयोग गरी उपन्यास सिर्जना गरेका छन् । उनका उपन्यास विविध विषय र शैलीको अवलम्बन गरी सिर्जना भएकाले प्राज्ञिक दृष्टिले तिनको उपयोगिता रहेको देखिन्छ ।

उनका उपन्यासमा केन्द्रित रही तिनको विभिन्न कोणबाट गहन अध्ययन एवम् विश्लेषण भएको पाइन्छ । यसै क्रममा उनका उपन्यासमा केन्द्रित भई गरिएका पूर्वाध्ययनलाई स्रोतका रूपमा ग्रहण गरी तिनको समीक्षात्मक टिप्पणी गरिएको छ । उनका उपन्यासमा गरिएका पूर्वाध्ययनलाई समावेश गर्दा शोधको उद्देश्यसँग सम्बद्ध सामग्रीलाई मात्र उपयोग गरिएको छ । उनका उपन्यासको अस्तित्ववादी मान्यतालाई आधार बनाई गरिएका अध्ययन निकै कम रहेकाले अस्तित्ववादको सङ्केत गरिएका पूर्वाध्ययनलाई समेत पूर्वकार्यमा समावेश गरिएको छ । अध्ययनको रिक्तता परिचान गर्न, शोधको सीमाङ्कन निर्धारण गर्न, शोधको औचित्य पुष्टि गर्न र विश्लेषणको ढाँचा निर्धारण गर्नाका निम्ति पूर्वाध्ययन सहयोगी हुने भएकाले तिनको समीक्षा गरिएको हो । नेपाली समालोचानामा उनका उपन्यासका बारेमा अस्तित्ववादी जीवनदृष्टिका कोणबाट भएका पूर्वकार्यको कालक्रमिक रूपमा समीक्षा यहाँ गरिएको छ :

कृष्णचन्द्रसिंह प्रधान (२०२५/२०५२) ले 'नेपाली उपन्यास' शीर्षकको *साझा समालोचना* कृतिमा प्रकाशित लेखमा ध्रुवचन्द्र गौतमलाई अस्तित्वप्रति सचेत उपन्यासकारका रूपमा चित्रण गरेका छन् । उनले गौतमका उपन्यासमध्ये *अन्त्यपछि*मा जीवनको असङ्गति, भय, मूल्यहीनता र निष्क्रियताको चित्रण गरिएको, *बालुवामाथि*मा जीवनको अर्थहीनताभित्र अस्तित्वको खोजी गरिएको अनि *डापी*मा अन्तर्व्यथाको प्रस्तुति रहेको उल्लेख गरेका छन् । उनले अस्तित्वहीन र सन्त्रासयुक्त जीवनको चित्रण *अलिखित*मा अभिव्यक्त भएको बताएका छन् । प्रधानले गौतमका उपन्यासमा जीवनको अर्थहीनताभित्र अस्तित्वको खोजी गरिएको छ भन्ने निष्कर्ष प्रस्तुत गरेका छन् । प्रधानले यस पूर्वअध्ययनमा गौतमका उपन्यासहरूको अस्तित्ववादी वरणस्वतन्त्रता, व्यक्तिसर्वोच्चता, ऐकान्तिकता र विद्रोहका कोणबाट अध्ययन गरेका छैनन् । यस पूर्वकार्यमा प्रस्तुत गौतमका उपन्यासमा जीवनको सङ्गतिहीनताको चित्रण गरिएको भन्ने निष्कर्षले शोधप्रश्न एकको विश्लेषणका लागि सहयोग गरेको छ ।

इन्द्रबहादुर राई (२०३१/२०५०) ले *नेपाली उपन्यासका आधारहरू* कृतिमा ध्रुवचन्द्र गौतमका *अन्त्यपछि* र *बालुवामाथि* उपन्यासमा आएका चरित्रले जीवनलाई निरर्थक ठाने पनि अस्तित्वका लागि बाँचिरहेको बताएका छन् । उनले गौतमका उपन्यासका पात्रहरू अज्ञेयता, कालहीनता, दिशाहीनतामा अल्मलिए पनि जीवनप्रति आशावादी रहेको कुरा गरी अस्तित्ववादी जीवनदृष्टिलाई अभिव्यक्त गरेका छन् भन्ने निष्कर्ष प्रस्तुत गरेका छन् । राईले गौतमका उपन्यासमा अभिव्यक्त अस्तित्ववादी व्यक्तिसर्वोच्चता, ऐकान्तिकता र विद्रोहका बारे कुनै चर्चा नगरेकाले त्यस कोणबाट गरिने अध्ययनको रिक्तता यस अध्ययनमा रहेको छ । यस अध्ययनमा निष्कर्षका रूपमा प्रस्तुत गौतमका उपन्यासमा पाइने जीवनप्रतिको दिशाहीनता र जीवनप्रतिको

आशावादीताले शोधप्रश्न एक र शोधप्रश्न दुईको वरणस्वतन्त्रताका बारेमा अध्ययन गर्नाका निम्ति सघाउ पुगेको छ ।

सञ्जय (२०३३/२०६४) ले 'एउटा प्रथम पाठकको प्रतिक्रिया' शीर्षकको *डापी*को भूमिकामूलक लेखमा *डापी* उपन्यास परम्परित ढाँचाको कथा नभई जीवनको निराशाजनक बँचाइको कथा हो भन्ने टिप्पणी गरेका छन् । उपन्यासको पात्र विक्रम आतङ्कका कारण खेदिनुपरेजस्तै हामी सबै खेदिएका छौँ । मानिसको जीवनमा आइपर्ने अनेक समस्याका कारण उसको अस्तित्व नै सङ्कटमा परेको छ भन्ने सन्दर्भलाई यस लेखको मूल कथ्य बनाइएको छ । उपन्यासको पात्र विक्रम जीवनका कठिनाइसँग जुध्दै उज्यालाको खोजीमा हिँडेको छ । सञ्जयले सामाजिक तथा आर्थिक पीडामा पनि मानिस बाँचेका र सङ्घर्ष गरेका सन्दर्भका आधारमा अस्तित्ववादी जीवनदृष्टि अभिव्यक्त भएको छ भन्ने तर्क प्रस्तुत गरेका छन् । निरर्थक, निस्सार जीवन बाँच्दा पनि मानिस अस्तित्वका लागि दौडिरहन्छ भन्ने कुरालाई डापीले सार्थक पारेको छ भन्ने निष्कर्ष यस लेखको रहेको छ । यस पूर्वअध्ययनमा गौतमका उपन्यासहरूको अस्तित्ववादी व्यक्तिसर्वोच्चता, ऐकान्तिकता र विद्रोहका कोणका बारेमा कुनै टिप्पणी नगरेकाले त्यस कोणबाट गर्नुपर्ने अध्ययनको अभाव देखिएको छ । यस पूर्वकार्यमा प्रस्तुत जीवनका निरर्थकताका बिचमा पनि पात्रले अस्तित्वका लागि सङ्घर्ष गरेका छन् भन्ने निष्कर्ष शोधप्रश्न एक र शोधप्रश्न दुईको वरणस्वतन्त्रताका कोणबाट *डापी* उपन्यासको विश्लेषणका निम्ति उपयोगी छ ।

वासुदेव त्रिपाठी (२०३६) ले 'डापी, आगत र असम्बद्ध तीन अभिव्यक्ति' शीर्षकको लेखमा ध्रुवचन्द्र गौतमको *डापी* उपन्यासका बारेमा चर्चा गरेका छन् । यस लेखमा गौतमले आफ्ना उपन्यासमा जीवनका असङ्गत पक्ष, काम वृत्ति, निरीहता र विवशताको चित्रण गर्दै तिनका विरुद्ध विद्रोहात्मक स्वर प्रस्तुत गरेको बताइएको छ । त्रिपाठीले जीवनका पीडा, निराशा, विसङ्गति, भय, सन्त्रास, अस्तित्व र एकाकितालाई *डापी*मा प्रस्तुत गरिएको छ भन्ने धारणा प्रस्तुत गरेका छन् । यस लेखमा गौतमले जीवनका असङ्गतिमा पनि अस्तित्वका लागि अपराजित मानसिकताका साथ सक्रिय रहनुपर्छ भन्ने विचार व्यक्त भएको निष्कर्ष प्रस्तुत भएको छ । त्रिपाठीले गौतमको *डापी* उपन्यासमा प्रस्तुत भएको अस्तित्ववादी वरणस्वतन्त्रता, व्यक्तिसर्वोच्चताका बारेमा कुनै चर्चा नगरेकाले त्यस कोणबाट गर्ने अध्ययनको रिक्तता देखिएको छ । यस पूर्वअध्ययनमा डापीमा निस्सारता, एक्लोपना र अपराजित सक्रियता प्रस्तुत भएको भन्ने निष्कर्ष शोधप्रश्न एक र तीनको ऐकान्तिकतासँग सम्बद्ध रहेको छ ।

कृष्णचन्द्रसिंह प्रधान (२०३७/२०५२) ले *नेपाली उपन्यास र उपन्यासकार* कृतिमा 'अस्तित्ववादी प्रवृत्ति र नेपाली उपन्यास' र 'उपन्यासकार ध्रुवचन्द्र गौतम' गरी दुई भिन्न शीर्षकमा गौतमले आफ्ना उपन्यासमा निस्सार जीवनलाई मूल्य दिने प्रयास गर्नुपर्छ भन्ने मान्यता

प्रस्तुत गरेकाले उनी अस्तित्ववादी उपन्यासकार हुन् भन्ने धारणा प्रस्तुत गरेका छन् । प्रधानले उपन्यास लेखन यात्रारम्भदेखि नै अस्तित्ववादी लेखनधर्मितालाई कुनै न कुनै रूपमा समातिरहेका गौतमले जीवन निस्सार भए पनि निष्क्रिय भएर बस्न हुन्न भन्ने मान्यता प्रस्तुत गरेका छन् भन्ने तर्क गरेका छन् । प्रधानले गौतमका *अन्त्यपछि, डापी* र *अलिखित* उपन्यासका पात्रहरू दु:ख, विवशता र अमानवीयतासँग लडिरहेको घटनाले अस्तित्ववादी जीवनदृष्टिलाई बोध गराउँछ भन्ने विचार व्यक्त गरेका छन् । गौतमका *अन्त्यपछि*मा बाँच्ने इच्छाको प्रस्तुति, *बालुवामाथि* र *कट्टेल सरको चोटपटक*मा एक्लोपन र अर्थहीन जीवनको चित्रण तथा *कट्टेल सरको चोटपटक*मा अरूको अस्तित्व राख्नुपर्ने कुराको प्रस्तुति रहेको कुरा यस कृतिमा गरिएको छ । *निमित्त नायक, स्वर्गीय हीरादेवीको खोज, एक शहरमा एक कोठा, उपसंहार अर्थात् चौथो अन्त्य*मा शैली भिन्न भए पनि आशय अस्तित्वका लागि सङ्घर्ष गर्नै पर्ने कुरा गरिएको छ । प्रधानले गौतमका उपन्यासमा स्वतन्त्र, अस्तित्व र मूल्यको कुरा उठाएर मात्र हुँदैन, निस्सारता र एक्लोपनका विरुद्ध कर्म, सङ्घर्ष र विद्रोह गर्नुपर्छ भन्ने विचारलाई नाटकीकरण गरेका छन् भन्ने निष्कर्ष प्रस्तुत गरेका छन् । यस पूर्वअध्ययनमा गौतमका उपन्यासको अस्तित्ववादी वरणस्वतन्त्रता र व्यक्तिसर्वोच्चताका कोणबाट गर्नुपर्ने अध्ययन भएको देखिँदैन । यस पूर्वकार्यमा प्रस्तुत गौतमका उपन्यासका पात्रले जीवनमा निस्सारता र एक्लोपनको अनुभव गरेका एवम् विद्रोहको भाव व्यक्त गरेका छन् भन्ने निष्कर्ष यस शोधमा शोधप्रश्न एक र तीनको विश्लेषणसँग जोडिएको छ ।

प्रतापचन्द्र प्रधान (२०४०) ले *नेपाली उपन्यास : परम्परा र पृष्ठभूमि* कृतिमा ध्रुवचन्द्र गौतमले अस्तित्ववादी-विसङ्गतिवादी लेखन प्रवृत्तिलाई *अन्त्यपछि, बालुवामाथि* र *डापी*मा सशक्त रूपमा प्रस्तुत गरेका छन् भन्ने तर्क प्रस्तुत गरेका छन् । गौतमका उपन्यासमा प्रयोगवादोन्मुख अस्तित्ववादी प्रवृत्ति पाइन्छ भन्ने निष्कर्ष यस कृतिमा प्रस्तुत गरिएको छ । यस पूर्वअध्ययनमा गौतमका उपन्यासहरूको अस्तित्ववादी जीवनदृष्टिका मान्यताहरूको केन्द्रीयतामा गर्नुपर्ने अध्ययन भने भएको पाइँदैन । यस पूर्वअध्ययनमा गौतमका उपन्यासमा अस्तित्ववादी दृष्टि प्रस्तुत भएको भन्ने निष्कर्ष उनका उपन्यासमा अस्तित्ववाद अभिव्यक्त भएको छ भन्ने अवधारणामा स्पष्ट हुनाका लागि आवश्यक देखिएको छ ।

मोहनराज शर्मा (२०४८) ले *शैलीविज्ञान* कृतिमा *कट्टेल सरको चोटपटक* उपन्यासको प्रमुख पात्र कट्टेल आधा हर नचल्ने अवस्थामा पुगे पनि जीवनप्रति आशावादी रहनु अस्तित्ववादी प्रवृत्ति हो भन्ने विचार प्रस्तुत गरेका छन् । शर्माले यस कृतिमा अस्तित्ववादका कुनै पनि मान्यतालाई आधार बनाई गौतमका उपन्यासको विश्लेषण नगरेकाले शोधप्रश्नमा उठान गरिएका समस्याको समाधान भएको देखिँदैन । यस पूर्वअध्ययनमा प्रस्तुत गौतम अस्तित्ववादी उपन्यासकार

हुन् भन्ने निष्कर्षले उनका उपन्यासमा अभिव्यक्त अस्तित्ववाद सम्बन्धी अवधारणामा स्पष्ट हुनाका लागि मदत गरेको छ ।

राजेन्द्र सुवेदी (२०५३/२०६४) ले *नेपाली उपन्यास : परम्परा र प्रवृत्ति* कृतिमा गौतमलाई सफल अस्तित्ववादी उपन्यासकारका रूपमा चिनाएका छन् । उनले *अन्त्यपछि*बाट आरम्भ भएको गौतमको अस्तित्ववादी लेखन प्रवृत्ति डापीसम्म सशक्त रहेको अनि *कट्टेल सरको चोटपटक*देखि *जेलिएको*सम्म आइपुग्दा अस्तित्ववादी चिन्तन गौण र विसङ्गतिवादी चिन्तन प्रबल बनेको कुरा गरेका छन् । उनले गौतमका उपन्यासका पात्रहरू जीवनमा आइपरेका अभाव, अनिश्चितता, एक्लोपन, अर्थहीनता, निस्सारताका माझमा पनि जीवनप्रति आशावादी बन्दै सङ्घर्ष र विद्रोह गरिरहन्छन् भन्ने तर्क गरेका छन् । गौतमले *कट्टेल सरको चोटपटक*देखि अन्य प्रवृत्तिलाई पनि प्रयोग गर्दै आए पनि अस्तित्ववादी मूल प्रवृत्ति कायमै राखेका छन् भन्ने निष्कर्ष यस कृतिमा प्रस्तुत गरिएको छ । यस पूर्वअध्ययनमा अस्तित्ववादी वरणस्वतन्त्रता, व्यक्तिसर्वोच्चता र विद्रोहका कोणबाट गौतमका उपन्यासको अध्ययन नगरेकाले अध्ययनको रिक्तता स्पष्ट देखिएको छ । सुवेदीले गौतमका उपन्यासमा जीवनको अर्थहीनता र एक्लोपनको अभिव्यक्ति भएको छ भन्ने निष्कर्ष यस शोधको शोधप्रश्न एक र शोधप्रश्न तीनको ऐकान्तिकताका कोणबाट उनका उपन्यासको अध्ययन गर्ने कुरासँग सम्बद्ध रहेको छ ।

कृष्णचन्द्रसिंह प्रधान (२०५४) ले 'आधुनिक नेपाली उपन्यासमा सांस्कृतिक चेतना' शीर्षकको लेखमा ध्रुवचन्द्र गौतमको *अग्निदत्त+अग्निदत्त* उपन्यासको पात्र अग्निदत्त आफ्नो नामले समेत बाँच्न नपाउने निर्णय अदालतले गरे पनि जीवनप्रति आशावादी रहेको छ भन्ने निष्कर्ष प्रस्तुत गरेका छन् । यस पूर्वअध्ययनमा गौतमको *अग्निदत्त+अग्निदत्त* उपन्यासको अस्तित्ववादी वरणस्वतन्त्रता, व्यक्तिसर्वोच्चता, ऐकान्तिकता र विद्रोहका कोणबाट कुनै चर्चा नगरेकाले त्यस कोणबाट गरिने अध्ययनको अभाव देखिएको छ । उपन्यासको पात्र अग्निदत्त जीवनप्रति आशावादी छ भन्ने यस अध्ययनको निष्कर्षले शोधप्रश्न एकको विश्लेषणका लागि सहयोग पुगेको छ ।

खगेन्द्रप्रसाद लुइटेल (२०५४) ले 'समसामयिक नेपाली जनजीवनको प्रतिकृति : अग्निदत्त+अग्निदत्त' शीर्षकको लेखमा विसङ्गतिवादी-अस्तित्ववादी यी दुवै दर्शनले जीवनलाई निस्सार, निरर्थक र विसङ्गत देख्ने कुरा गर्दै अस्तित्ववादले उज्यालाको खोजी गर्छ भने विसङ्गतिवाद त्यसमै अल्झिरहन्छ भन्ने कुरा गरेका छन् । लुइटेलले *अग्निदत्त+अग्निदत्त* उपन्यासकी प्रमुख नारी पात्र वृक्षाले आफ्नो अस्तित्वका लागि गरेको निर्णय र विद्रोहका माध्यमबाट अस्तित्ववादी दृष्टि अभिव्यक्त भएको निष्कर्ष प्रस्तुत गरेका छन् । यस पूर्वअध्ययनमा *अग्निदत्त+अग्निदत्त* उपन्यासको अस्तित्ववादी निस्सारता, व्यक्तिसर्वोच्चता र ऐकान्तिकताका सम्बन्धमा चर्चा नगरिएकाले ती कोणबाट गर्नुपर्ने अध्ययन भएको देखिँदैन । यस पूर्वकार्यमा

प्रस्तुत भएको वृक्षाले अस्तित्वका लागि निर्णय र विद्रोह गरेकी छ भन्ने निष्कर्ष यस शोधको प्रश्न एक र प्रश्न तीनको विद्रोहको अध्ययनका लागि उपयोगी देखिएको छ ।

राजेन्द्र सुवेदी (२०५४) ले *सृजनविधाका परिधिभित्र ध्रुवचन्द्र गौतम* कृतिमा ध्रुवचन्द्र गौतमका *अन्त्यपछि, बालुवामाथि, डापी*मा अस्तित्ववादी प्रवृत्ति घनीभूत छ भने त्यसपछिका *कट्टेल सरको चोटपटक, अलिखित, निमित्त नायक, स्वर्गीय हीरादेवीको खोजमा* र *एक सहरमा एक कोठा* उपन्यासमा अस्तित्ववादका साथै विसङ्गतिवादी प्रवृत्ति पनि सशक्त बनेर आएको बताएका छन् । सुवेदीले जीवनमा निस्सारता, शून्यता, विषमता र विसङ्गति भोग्न परे पनि अस्तित्वका लागि गरिने सङ्घर्षबाट विमुख हुन नहुने अस्तित्ववादी मान्यतालाई गौतमले आफ्ना उपन्यासमा अभिव्यक्त गरेका छन् भन्ने निष्कर्ष प्रस्तुत गरेका छन् । यस पूर्वअध्ययनमा गौतमका उपन्यासमा अभिव्यक्त अस्तित्ववादी वरणस्वतन्त्रता, व्यक्तिसर्वोच्चता, ऐकान्तिकता र विद्रोहका बारेमा कुनै चर्चा भएको देखिँदैन । सुवेदीले प्रस्तुत गरेको गौतमका उपन्यासका पात्रमा निस्सारता र कर्मशीलता रहेको भन्ने निष्कर्ष यस शोधको प्रश्न एकको समाधानका लागि सम्बद्ध रहेको छ ।

कृष्णहरि बराल र नेत्र एटम (२०५६/२०५८) ले *उपन्यास-सिद्धान्त र नेपाली उपन्यास* पुस्तकमा ध्रुवचन्द्र गौतमका औपन्यासिक प्रवृत्तिको चर्चा गर्दा प्रारम्भिक चरणका उपन्यासमा अस्तित्ववादी प्रवृत्ति सशक्त रूपमा प्रयोग भएको कुरा गरेका छन् । लेखकद्वयले *अन्त्यपछि*मा विश्वयुद्धपछिको मानवको मूल्यहीनता, *बालुवामाथि*मा जीवनको एक्लोपना अनि *डापी*मा सन्त्रासको चित्रण भएको छ भन्ने निष्कर्ष प्रस्तुत गरेका छन् । यस पूर्वअध्ययनमा गौतमका उपन्यासको अस्तित्ववादी वरणस्वतन्त्रता, व्यक्तिसर्वोच्चता, र विद्रोहका कोणबाट गर्नुपर्ने अध्ययनको अभाव स्पष्ट देखिएको छ । यस पूर्वकार्यमा प्रस्तुत भएको गौतमका उपन्यासमा जीवनको मूल्यहीनता र एक्लोपनको अभिव्यक्ति भएको छ भन्ने निष्कर्ष शोधप्रश्न एक र शोधप्रश्न तीनको ऐकान्तिकताको अध्ययनसँग जोडिएको छ ।

खगेन्द्रप्रसाद लुइटेल (२०५९) ले 'नेपाली साहित्यमा ध्रुवचन्द्र गौतमको योगदान' शीर्षकको लेखमा गौतमलाई अस्तित्ववादी दृष्टिको प्रयोगका दृष्टिले अग्रणी र शीर्षस्थ उपन्यासकारका रूपमा चिनाएका छन् । दोस्रो विश्वयुद्धपछि विश्वसाहित्यमा विकसित र विस्तारित अस्तित्ववादी चिन्तनलाई गौतमले आफ्ना उपन्यासमा प्रयोग गरेको सन्दर्भलाई यस लेखमा उल्लेख गरिएको छ। यस पूर्वअध्ययनमा गौतमका उपन्यासहरूको अस्तित्ववादी जीवनदृष्टिका मान्यताहरू निस्सारता, वरणस्वतन्त्रता, व्यक्तिसर्वोच्चता, ऐकान्तिकता र विद्रोहका कोणबाट गर्नुपर्ने अध्ययनको रिक्तता स्पष्टै देखिएको छ । यस पूर्वअध्ययनमा प्रस्तुत गौतमका उपन्यासमा अस्तित्ववादी दृष्टि सशक्त ढङ्गले अभिव्यक्त भएको छ भन्ने निष्कर्षले उनका उपन्यासमा अस्तित्ववादी जीवनदृष्टि अभिव्यक्त भएको छ भन्ने अवधारणालाई स्पष्ट बनाएको छ ।

मोहनराज शर्मा (२०५९) ले 'उपन्यासकार डा. ध्रुवचन्द्र गौतम' शीर्षकको लेखमा गौतमलाई अस्तित्ववादी उपन्यासकारका रूपमा चिनाएका छन् । शर्माले गौतमले उपन्यास लेखनको आरम्भदेखि प्रयोग गर्दै आएको अस्तित्ववादी दृष्टि *दुविधा*मा आइपुग्दा पराकाष्ठामा पुगेको र *अग्निदत्त+अग्निदत्त* उपन्यासमा अझ खारिँदै गएको छ भन्ने निष्कर्ष प्रस्तुत गरेका छन् । यस पूर्वअध्ययनमा गौतमका उपन्यासहरूको अस्तित्ववादी निस्सारता, वरणस्वतन्त्रता, व्यक्तिसर्वोच्चता, ऐकान्तिकता र विद्रोहका कोणबाट गर्नुपर्ने अध्ययनका बारेमा कुनै चर्चा भएको पाइँदैन । यस पूर्वकार्यमा गौतमका उपन्यासमा अस्तित्ववादी दृष्टि सशक्त ढङ्गले प्रस्तुत भएको छ भन्ने निष्कर्षले उनका उपन्यासमा अस्तित्ववादी जीवनदृष्टि अभिव्यक्त भएको छ भन्ने विषयमा स्पष्ट हुनाका लागि मदत गरेको छ ।

कुमार कोइराला (२०६०) ले 'निमित्त नायकको विसङ्गत संसार' शीर्षकको लेखमा उपन्यासको पात्र विनय प्रेममा असफल हुँदा विसङ्गतिको अनुभूति भए पनि सङ्गतिको आशामा बाँचिरहेको तथा जयबहादुरले डेरा छाड्ने बेलामा विद्रोह गरेको कुराका आधारमा अस्तित्ववादी दृष्टि पाइने धारणा प्रस्तुत गरेका छन् । कोइरालाले गौतमको यस उपन्यासका पात्रले जीवनमा सङ्गतिको अपेक्षा राखेका तथा अस्तित्वका लागि विद्रोह गरेका छन् भन्ने निष्कर्ष प्रस्तुत गरेका छन् । यस पूर्वअध्ययनमा गौतमका उपन्यासहरूको अस्तित्ववादी वरणस्वतन्त्रता, व्यक्तिसर्वोच्चता र ऐकान्तिकताका कोणबाट गर्नुपर्ने अध्ययन भएको देखिँदैन । यस लेखमा प्रस्तुत गौतमका उपन्यासका पात्रले जीवनमा निस्सारताको अनुभूति गर्दै अस्तित्वका लागि विद्रोह गरेका छन् भन्ने निष्कर्ष शोधप्रश्न एक र शोधप्रश्न तीनको विद्रोहका बारेमा विश्लेषण गर्नाका लागि सम्बद्ध देखिएको छ ।

कृष्ण गौतम (२०६०) ले 'नेपाली उपन्यास-परम्परामा एक नौलो आयाम डापी' शीर्षकको लेखमा उपन्यासको प्रमुख पात्र विक्रम जीवनको मूल्यहीनता, अर्थहीनता र अन्धकारका माझमा पनि आफ्नो स्वत्व प्राप्तिका लागि लडाइँमा लागिरहेकाले अस्तित्ववादी दृष्टि पाइने कुरा गरेका छन् । यस पूर्वअध्ययनमा *डापी* उपन्यासमा स्वतन्त्रता, निर्णय, उत्तरदायित्व, भय, अपराध, निराशा, मृत्यु जस्ता विसङ्गतिमूलक अस्तित्ववादी प्रवृत्ति पाइने निष्कर्ष प्रस्तुत गरिएको छ । यस पूर्वअध्ययनमा गौतमको *डापी* उपन्यासको अस्तित्ववादी व्यक्तिसर्वोच्चता, ऐकान्तिकता र विद्रोहका कोणबाट गर्नुपर्ने अध्ययनको अभाव स्पष्ट देखिएको छ । यस अध्ययनमा प्रस्तुत भएको *डापी* उपन्यासको पात्रले निस्सारता भोगेको र विद्रोह गरेको छ भन्ने निष्कर्षले यस शोधको प्रश्न एक र प्रश्न तीनको विद्रोहका बारेमा विश्लेषण गर्नाका निम्ति सघाउ पुऱ्याएको छ ।

कृष्णचन्द्रसिंह प्रधान (२०६०) ले 'ध्रुवचन्द्र गौतमको उपन्यासकारिता' शीर्षकको लेखमा गौतमले उपन्यास लेखन यात्राको आरम्भदेखि नै निरन्तर रूपमा अस्तित्ववादी लेखन प्रवृत्तिको

प्रयोग गरेको बताएका छन् । उनले गौतमका *अन्त्यपछि*देखि *मौन*सम्म प्रकाशित उपन्यासमा जीवनको निस्सारता, अर्थहीनता र विवशताको चित्रण पाइने र तिनको प्रस्तुति मौलिक र नवीन ढङ्गले भएको छ भन्ने निष्कर्ष निकालेका छन् । यस पूर्वअध्ययनमा गौतमका उपन्यासको अस्तित्ववादी वरणस्वतन्त्रता, व्यक्तिसर्वोच्चता, ऐकान्तिकता र विद्रोहका कोणबाट गर्नुपर्ने अध्ययनको अभाव देखिएकाले शोधको रिक्तता रहेको छ । यस पूर्वअध्ययनमा प्रस्तुत गौतमका उपन्यासमा जीवनको अर्थहीनतालाई नयाँ ढङ्गले अभिव्यक्त गरिएको छ भन्ने निष्कर्षले शोधप्रश्न एकको समाधानका लागि सहयोग पुगेको छ ।

कृष्णा पौडेल (२०६०) ले 'अभाव र विसङ्गतिको व्यथा : एक शहरमा एक कोठा' शीर्षकको लेखमा मध्यमवर्गीय पात्रहरू आर्थिक दुरवस्थाका बिचमा पनि आफ्नो अस्तित्वका लागि सङ्घर्ष गरिरहेका छन् भन्ने कुरा गरेकी छन् । उनले उपन्यासकी प्रमुख नारी पात्र गीता न्यून आम्दानीका कारण सहरमा एउटा कोठामा गुजारा गर्दा समस्यामा परे पनि जीवनप्रति आशावादी रहेकी छ भन्ने निष्कर्ष प्रस्तुत गरेकी छन् । यस पूर्वअध्ययनमा अस्तित्ववादी निस्सारता, वरणस्वतन्त्रता, व्यक्तिसर्वोच्चता, ऐकान्तिकता र विद्रोहका कोणबाट गौतमका उपन्यासको विश्लेषण गर्नुपर्ने आवश्यकताको अभाव देखिएको छ । यस पूर्वअध्ययनले गौतमका उपन्यासमा अस्तित्ववादी जीवनदृष्टिको अभिव्यक्ति भएको छ भन्ने अवधारणालाई थप स्पष्ट पारेको छ ।

ज्ञानू पाण्डे (२०६०) ले 'उपन्यासकार ध्रुवचन्द्र गौतम : विषयमाथिको एक अध्ययन' लेखमा बहुमुखी प्रतिभा सम्पन्न स्रष्टा गौतमका उपन्यासमा अस्तित्ववादी जीवनदर्शनको प्रयोग भएको कुरा गरेकी छन् । पाण्डेले नेपाली उपन्यासमा वि.सं. २०१८ तिर विजय मल्लको *अनुराधा*मा अस्तित्ववादी लेखन प्रवृत्तिको प्रयोग गरिएको र पारिजात, ध्रुवचन्द्र गौतम र विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासमा यो प्रवृत्ति सशक्त बन्दै गएको बताएकी छन् । यस लेखमा गौतमले आफ्नो पहिलो *अन्त्यपछि*देखि *तथाकथित*सम्मका उपन्यासमा अस्तित्ववादी प्रवृत्तिलाई प्रयोग गरेका छन् भन्ने निष्कर्ष प्रस्तुत गरिएको छ । यस पूर्वअध्ययनमा गौतमका उपन्यासको अस्तित्ववादी निस्सारता, वरणस्वतन्त्रता, व्यक्तिसर्वोच्चता, ऐकान्तिकता र विद्रोहका कोणबाट अध्ययन नभएकाले शोधको रिक्तता स्पष्टै देखिएको छ । यस पूर्वअध्ययनमा गौतमका उपन्यासमा अस्तित्ववादी जीवनदृष्टिको अभिव्यक्ति भएको छ भन्ने निष्कर्षले उनका उपन्यासमा अभिव्यक्त अस्तित्ववादका विषयमा स्पष्ट हुनाका लागि मदत पुऱ्याएको छ ।

रमेश गोर्खाली (२०६०) ले *रचनाको अभिव्यक्ति* कृतिमा ध्रुवचन्द्र गौतमका *दुविधा, अग्निदत्त+अग्निदत्त* र *फूलको आतङ्क*मा नेपाली राजनीति, प्रशासन र स्थानीय निकायमा देखा परेका बेइमानीले नेपाली समाजलाई कुरूप बनाउँदै लगेको चर्चा गर्दै यसले नेपाल र नेपालीको अस्तित्वमा सङ्कट खडा गरेको कुरा बताएका छन् । उनले गौतमका *दुविधा*मा नेपालीको अस्तित्व

सङ्कटमा परेको बताएका छन् । उनले नेपाली राजनीतिभित्र देखिएका विकृतिका माझमा पनि स्वतन्त्रता र समानतालाई महत्त्व दिने अस्तित्ववादी जीवन दृष्टिलाई *अग्निदत्त+अग्निदत्त* उपन्यासमा अर्थ्याइएको अनि *फूलको आतङ्क*मा मानवीय अस्तित्वका लागि सङ्घर्ष गरेको उल्लेख गरेका छन् । यस लेखमा गौतमका यी तीनओटै उपन्यासमा अस्तित्ववादी जीवनदृष्टि प्रस्तुत भएको छ भन्ने निष्कर्ष निकालिएको छ । यस पूर्वअध्ययनमा गौतमका उपन्यासको अस्तित्ववादी जीवनदृष्टिका वरणस्वतन्त्रता, व्यक्तिसर्वोच्चता, ऐकान्तिकता र विद्रोहका कोणबाट अध्ययन भएको देखिँदैन । यस पूर्वकार्यमा प्रस्तुत सङ्कटमा पनि मानिसले अस्तित्वका लागि सङ्घर्ष गरेका छन् भन्ने निष्कर्षले शोधप्रश्न एकको अध्ययन गर्नाका लागि र गौतमका उपन्यासमा अस्तित्ववादी जीवनदृष्टिको अभिव्यक्ति भएको छ भन्ने विषयमा स्पष्ट हुनाका लागि सहयोग पुगेको छ ।

रमेश प्रभात (२०६०) ले 'बालुवामाथि उपन्यास : दृष्टिविविधताका केन्द्रीयतामा' शीर्षकको लेखमा *बालुवामाथि* उपन्यासका पात्रले अस्तित्वका लागि सङ्घर्ष गरेकाले अस्तित्ववादी जीवनदृष्टि अभिव्यक्त भएको बताएका छन्। उनले जीवनमा अनेक समस्याहरूको सामना गर्नुपर्दा मानिसमा विसङ्गतिको अनुभूति हुने भए पनि अस्तित्वको खोजमा लाग्नुपर्छ भन्ने जीवनदृष्टि यस उपन्यासमा प्रस्तुत भएको छ भन्ने निष्कर्ष निकालेका छन्। यस पूर्वअध्ययनमा गौतमको *बालुवामाथि* उपन्यासको अस्तित्ववादी जीवनदृष्टिका वरणस्वतन्त्रता, व्यक्तिसर्वोच्चता, ऐकान्तिकता र विद्रोहका कोणबाट अध्ययन नभएकाले शोधको रिक्तता प्रस्टै देखिएको छ । यस पूर्वकार्यमा उपन्यासका पात्रले समस्याको सामना गर्नुपरेको छ भन्ने निष्कर्षले शोधप्रश्न एकको अध्ययन गर्नाका लागि सहयोग पुऱ्याएको छ साथै गौतमका उपन्यासमा अभिव्यक्त अस्तित्ववादी जीवनदृष्टि सम्बन्धी अवधारणाका बारेमा स्पष्ट पारेको छ ।

गोविन्दराज भट्टराई (२०६२/२०७६) ले 'केन्द्रभञ्जनको एउटा नमूना जेलिएको उपन्यास' शीर्षकको लेखमा *जेलिएको* उपन्यासमा अस्तित्ववादी दृष्टिको अभिव्यक्ति भएको बताएका छन् । उनले पुरानो इतिहास बोकेको इमिलापुरका मानिसहरू पीडा, शोक, अन्धकार, अशिक्षा, गरिबीका माझमा पनि आफ्नो उज्यालो भविष्यको पर्खाइमा बाँचिरहेको वास्तविकतालाई प्रस्तुत गर्दै जीवनमा आइपरेको गम्भीर सङ्कटमा पनि मानिसहरूले गरेको सङ्घर्षले अस्तित्ववादी दृष्टि अभिव्यक्त गरेको बताएका छन्। उनले यस उपन्यासमा इमिलापुरका गरिब मानिसहरू अनेक पीडालाई झेलेर पनि जीवनप्रति आशावादी रहेको सन्दर्भले अस्तित्ववादी जीवनदृष्टिलाई बोध गराएको छ भन्ने निष्कर्ष निकालेका छन् । यस पूर्वअध्ययनमा गौतमको *जेलिएको* उपन्यासको अस्तित्ववादी वरणस्वतन्त्रता, व्यक्तिसर्वोच्चता, ऐकान्तिकता र विद्रोहलाई आधार बनाई गर्नुपर्ने अध्ययनका विषयमा कुनै टिप्पणी गरेको देखिँदैन । यस पूर्वकार्यमा प्रस्तुत जीवनमा पात्रले पीडामा

पनि जीवनप्रति आशावादी रहेका छन् भन्ने निष्कर्ष शोधप्रश्न एकको समाधानका लागि र गौतमका उपन्यासमा अस्तित्ववादी जीवनदृष्टिको अभिव्यक्ति भएको भन्ने अवधारणामा स्पष्ट हुनाका लागि उपयोगी देखिएको छ ।

ज्ञानू पाण्डे (२०६२) ले *विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासमा अस्तित्ववाद* कृतिमा आधुनिक नेपाली उपन्यासमा विजय मल्ल, इन्द्रबहादुर राई, पारिजात, ध्रुवचन्द्र गौतम र विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासमा अस्तित्ववादी जीवनदृष्टि पाइने धारणा प्रस्तुत गरेकी छन् । उनले प्रयोगधर्मी उपन्यासकार गौतमले आफ्ना उपन्यासमा नवीन प्रयोग गरे पनि उपन्यास लेखनको आरम्भ *अन्त्यपछि*देखि *भीमसेन ४ को खोजी*सम्मका उपन्यासमा अस्तित्ववादी चिन्तनलाई कुनै न कुनै रूपमा प्रस्तुत गरेको बताएकी छन् । अस्तित्ववादी लेखन शिल्पको प्रयोगका दृष्टिले गौतम नेपाली उपन्यासमा पारिजातपछि दोस्रो स्थानमा रहेको निष्कर्ष पाण्डेले दिएकी छन् । यस पूर्वअध्ययनमा गौतमका उपन्यासको अस्तित्ववादी निस्सारता, वरणस्वतन्त्रता, व्यक्तिसर्वोच्चता, ऐकान्तिकता र विद्रोहका कोणबाट अध्ययन भएको देखिँदैन । यस पूर्वकार्यमा प्रस्तुत गौतमका उपन्यासमा अस्तित्ववादी जीवनदृष्टिको सशक्त अभिव्यक्ति भएको छ भन्ने निष्कर्षले उनका उपन्यासमा अभिव्यक्त अस्तित्ववाद सम्बन्धी अवधारणामा स्पष्ट हुनाका लागि मदत पुगेको छ ।

रमा सिवाकोटी (२०६२) ले *उपन्यास सिद्धान्त र विजय मल्लको उपन्यासकारिता* कृतिमा आधुनिक नेपाली उपन्यासको विसङ्गतिवादी-अस्तित्ववादी धाराको आरम्भ विजय मल्लको *अनुराधा* (२०१८) बाट भएको चर्चा गर्दै यस लेखन परम्परामा ध्रुवचन्द्र गौतम पनि सशक्त रूपमा क्रियाशील रहेको उल्लेख गरेकी छन् । उनले मल्ल र गौतमका साथै इन्द्रबहादुर राई, पारिजात, दौलतविक्रम विष्ट, विश्वेश्वरप्रसाद कोइराला, सरुभक्तले समेत अस्तित्ववादी प्रवृत्तिलाई प्रयोग गरेको बताएकी छन् । उनले गौतमलाई नेपाली उपन्यास परम्परामा अस्तित्ववादी प्रवृत्तिलाई आत्मसात् गरेका उपन्यासकार हुन् भन्ने निष्कर्ष प्रस्तुत गरेकी छन् । यस पूर्वअध्ययनमा गौतमका उपन्यासको अस्तित्ववादी निस्सारता, वरणस्वतन्त्रता, व्यक्तिसर्वोच्चता, ऐकान्तिकता र विद्रोहका कोणबाट गर्नुपर्ने अध्ययनका विषयमा कुनै विमर्श भएको पाइँदैन । यस पूर्वकार्यमा प्रस्तुत गौतमले अस्तित्ववादी जीवनदृष्टिलाई आत्मसात् गरेका छन् भन्ने निष्कर्ष उनका उपन्यासमा अभिव्यक्त अस्तित्ववाद सम्बन्धी कुरासँग जोडिएको छ ।

यादवप्रकाश लामिछाने (२०६३) ले *आधुनिक नेपाली उपन्यासमा विसङ्गतिबोध* कृतिमा गौतमका उपन्यासमा प्रयुक्त विसङ्गतिवादी प्रवृत्तिको विश्लेषण गर्दा अस्तित्ववादी जीवन दृष्टिको प्रयोगका बारेमा समेत चर्चा गरेका छन् । गौतमको पहिलो उपन्यास *अन्त्यपछि*देखि *भीमसेन ४ को खोजी*सम्मका सत्र वटा उपन्यासमा जीवनमा देखिने असङ्गति, विसङ्गति, निरूपाय,

विवशता, बाध्यता, निस्सारता, सन्त्रास र निरर्थकताका माझमा पनि पात्रहरू अस्तित्व प्राप्तिका लागि निरन्तर लागिरहेकाले अस्तित्ववादी प्रवृत्ति पनि पाइन्छ भन्ने निष्कर्ष निकालेका छन् । लामिछानेले अस्तित्ववादी वरणस्वतन्त्रता, व्यक्तिसर्वोच्चता, ऐकान्तिकता र विद्रोहका कोणबाट गौतमका उपन्यासको अध्ययन गरेको देखिँदैन । यस पूर्वकार्यमा गौतमका उपन्यासका पात्रले जीवनमा निरूपायको सामना गर्न बाध्य भएका छन् भन्ने निष्कर्षले अस्तित्ववादी निस्सारताका कोणबाट अध्ययन गरी निष्कर्षमा पुग्नाका लागि यस शोधमा सहयोग पुऱ्याएको छ ।

राजेन्द्र सुवेदी (२०६३/२०६४) ले 'उपन्यासकार ध्रुवचन्द्र गौतमको तेस्रो चरणका औपन्यासिक प्रवृत्ति र तिनको वैशिष्ट्य' शीर्षकको लेखमा *उपसंहार अर्थात् चौथो अन्त्य* (२०४८) देखिको उपन्यास लेखनलाई गौतमको औपन्यासिक यात्राको तेस्रो चरणका रूपमा चर्चा गर्दै पहिलो र दोस्रो चरणका उपन्यासमा अस्तित्ववादी प्रवृत्ति रहेको र तेस्रो चरणका उपन्यासमा अन्य नवीन प्रवृत्तिहरूका साथ उनका उपन्यासका आधारभूत अस्तित्ववादी प्रवृत्ति पनि कायमै रहेको छ भन्ने निष्कर्ष प्रस्तुत गरेका छन् । उनले यस अध्ययनमा गौतमका उपन्यासको अस्तित्ववादी निस्सारता, वरणस्वतन्त्रता, व्यक्तिसर्वोच्चता, ऐकान्तिकता र विद्रोहका कोणबाट अध्ययन गरेको देखिँदैन । यस पूर्वकार्यमा प्रस्तुत गौतमका तीनओटै चरणका उपन्यासमा अस्तित्ववादी जीवनदृष्टिलाई आत्मसात् गरिएको भन्ने निष्कर्षले उनका उपन्यासमा अभिव्यक्त अस्तित्ववाद सम्बन्धी अवधारणाका बारेमा थप स्पष्ट हुन मदत गरेको छ ।

ऋषिराज बराल (२०६४) ले *साहित्य र समाज* कृतिमा 'अविरल बग्दछ इन्द्रावती र अलिखित : तुलनात्मक अध्ययन' शीर्षकको लेखमा गौतमको औपन्यासिक प्रवृत्तिका बारेमा समेत चर्चा गरेका छन् । उनले गौतमलाई निस्सारताबोध र शून्यताको प्रस्तुतिबाट चर्चित पारिजातबाट प्रभावित भई महाशून्यको खोजीमा लागेका उपन्यासकारका रूपमा चिनाएका छन् । उनले *अलिखित* क्रान्तिकारी नभई जीवनमा सन्त्रास, भ्रम र निराशा छर्ने औपन्यासिक कृति हो भनी टिप्पणी गरेका छन् । उनले यथास्थितिको चित्रण गरेर प्रगतिवादीहरूलाई चुनौती दिएको *अलिखित* उपन्यासले अस्तित्ववादी प्रवृत्तिको प्रयोग गर्दै पूँजीवादी लेखनको प्रतिनिधित्व गरेको निष्कर्ष प्रस्तुत गरेका छन् । बरालको यस अध्ययनमा *अलिखित* उपन्यासको अस्तित्ववादी निस्सारता, वरणस्वतन्त्रता, व्यक्तिसर्वोच्चता, ऐकान्तिकता र विद्रोहलाई विश्लेषणको आधार बनाएको देखिँदैन । यस पूर्वकार्यमा गौतमले अस्तित्ववादी दृष्टि अभिव्यक्त गरेका छन् भन्ने निष्कर्षले त्यस दृष्टिका कोणबाट उनका उपन्यासको अध्ययनका लागि अवधारणामा स्पष्ट हुन सघाउ पुऱ्याएको छ ।

विष्णुप्रसाद पौडेल (२०६४) ले "समकालीन नेपाली उपन्यासकार ध्रुवचन्द्र गौतमका मूल प्रवृत्ति" शीर्षकको लघुशोधपत्रमा गौतमका २०५२ देखि २०६२ सम्म प्रकाशित दशओटा

उपन्यासहरूको अध्ययन गरेका छन् । उनले गौतमले उपन्यास यात्राको प्रारम्भदेखि नै प्रयोग गर्दै आएको अस्तित्ववादी दृष्टिलाई यी उपन्यासमा पनि प्रयोग गरेको बताएका छन् । उनले समाजमा देखिएका विकृति, विसङ्गति र बेथितिका माझमा पनि गौतमका उपन्यासका पात्रहरू जीवनमा आशावादी रहेका छन् भन्ने धारणा प्रस्तुत गरेका छन् । उनका उपन्यासका पात्रहरू जीवनको निस्सारताका कारण आत्महत्या नै गर्दैनन् बरु जीवनको महत्त्व बोध गरी फेरि सक्रिय बन्छन् भन्ने निष्कर्ष पौडेलले प्रस्तुत गरेका छन् । पौडेलले यस अध्ययनमा गौतमका उपन्यासको अस्तित्ववादी वरणस्वतन्त्रता, व्यक्तिसर्वोच्चता, ऐकान्तिकता र विद्रोहका कोणबाट विश्लेषण गरेका छैनन् । यस पूर्वकार्यमा गौतमका उपन्यासका पात्रले जीवनको निस्सारताका बिचमा पनि सङ्घर्ष गरेका भन्ने निष्कर्ष शोधप्रश्न एकको अध्ययनसँग सम्बद्ध रहेको छ ।

गोविन्दराज भट्टराई (२०६७/२०६९) ले 'विश्वस्तरका अतिप्रिय उपन्यासमा छ अप्रिय : अनेक अप्रियताले घेरिएको प्रिय जीवन छ यहाँ' शीर्षकको लेखमा अस्तित्ववादी दर्शनका कोणबाट यस उपन्यासको विश्लेषण गर्न उपयुक्त हुने कुरा गरेका छन् । उनले जीवनका निराशा, ऐकान्तिकता र शून्यताको चित्रण गर्दै जतिसुकै निराशा भए पनि जीवनप्रतिको प्रेमलाई महत्त्व दिनुपर्ने कुराका माध्यमबाट यस उपन्यासमा अस्तित्ववादी दृष्टि अभिव्यक्त भएको बताएका छन् । उनले यस उपन्यासका पात्रले पराजयको भयमा पनि स्वतन्त्रताको उपयोग गर्दै जीवनप्रति आशावादी रहेका छन् भन्ने निष्कर्ष प्रस्तुत गरेका छन् । भट्टराईले यस अध्ययनमा गौतमको *अप्रिय* उपन्यासलाई अस्तित्ववादी व्यक्तिसर्वोच्चता र विद्रोहलाई विश्लेषणको सैद्धान्तिक आधार बनाएको देखिँदैन । यस पूर्वकार्यमा प्रस्तुत पात्रले पराजय भोगेका, एक्लोपनको अनुभव गरेका र स्वतन्त्रताको उपयोग गरेका भन्ने निष्कर्ष शोधप्रश्न एक, शोधप्रश्न दुईको वरणस्वतन्त्रता र शोधप्रश्न तीनको ऐकान्तिकताका कोणबाट अध्ययन गर्नाका निम्ति सार्थक देखिएको छ ।

विष्णुप्रसाद पौडेल (२०६८) ले *उपन्यास समालोचना (प्रवृत्ति र विश्लेषण)* कृतिमा ध्रुवचन्द्र गौतमका उपन्यासका पात्रले जीवनका असङ्गतिमा पनि बाँचेर जीवनलाई नै बोध गरेको बताएका छन् । उनले *बालुवामाथि*मा एक्लोपना, उद्देश्यहीनता, सारहीनताका माझमा पनि मानिस बाँचिरहनु, *दुबिधा*को पात्र अमरराज एक्लोपनामा पनि जीवनप्रति प्रवृत्त हुनु, *अग्निदत्त+अग्निदत्त*मा वृक्षाले पुरानै अग्निदत्तलाई रोज्नु, *फूलको आतङ्क*मा फूलको कोमलता देखेर जीवनप्रति प्रवृत्त हुनु, *भीमसेन-४ को खोजी*मा बन्धनबाट मुक्तिका लागि प्रयत्न गर्नु, *तथाकथित*मा अकारण सर्वस्व हरणसहित कारावासको सजाय पाएको विष्णु उपाध्यायले आम माफी पाएर छुट्ने अपेक्षा गर्नु जस्ता सन्दर्भले गौतमका उपन्यासमा अस्तित्ववादी दृष्टि अभिव्यक्त भएको उल्लेख गरेका छन् । उनले निस्सारता, स्वतन्त्रता र एक्लोपनलाई भोग्दै गौतमका उपन्यासका पात्रहरू जीवनमा सङ्घर्ष गरेका छन् भन्ने निष्कर्ष प्रस्तुत गरेका छन् । यस पूर्वअध्ययनमा गौतमका उपन्यासको

अस्तित्ववादी व्यक्तिसर्वोच्चता र विद्रोहका कोणबाट गर्नुपर्ने अध्ययनको रिक्तता देखिएको छ । पौडेलले गौतमका उपन्यासमा निस्सारता, स्वतन्त्रता र एक्लोपनको अभिव्यक्ति भएको छ भनी प्रस्तुत गरेको निष्कर्षले शोधप्रश्न एक, शोधप्रश्न दुईको वरणस्वतन्त्रता र शोधप्रश्न तीनको ऐकान्तिकताका कोणबाट अध्ययन गर्नाका निम्ति सहयोग पुगेको छ ।

सञ्जीव उप्रेती (२०६८ ख) ले *सिद्धान्तका कुरा* कृतिमा सांस्कृतिक अध्ययनका कोणबाट ध्रुवचन्द्र गौतमको *अलिखित* उपन्यासको विश्लेषण गर्दा यसमा पाइने अस्तित्ववादी चिन्तनका बारेमा समेत सङ्केत गरेका छन् । बिरहिनपुरका मानिस पीडा र अभावमा पनि जीवनप्रति आशावादी बनेकाले उनीहरू अस्तित्वप्रति सचेत छन् भन्ने कुरा यस कृतिमा गरिएको छ । उनले सीमान्तीय पात्र धरिछन कोइलीले साढे दुई धार्नीको असिना, तीन सेरको पानीको थोपा आफ्नो टाउकामा थाप्नु अनि बाघको आक्रमणबाट भाग्नु तथा बिरहिनपुरका बासिन्दा दोरन्तलमा डुबेको अकुत सम्पत्ति प्राप्तिको प्रतीक्षा गर्नुले उनीहरू जीवनप्रति आशावादी रहेका छन् भन्ने निष्कर्ष प्रस्तुत गरेका छन् । उप्रेतीले गौतमका उपन्यासको अस्तित्ववादी वरणस्वतन्त्रता, व्यक्तिसर्वोच्चता, ऐकान्तिकता र विद्रोहका कोणबाट विश्लेषण गरेका छैनन् । यस पूर्वकार्यले *अलिखित* उपन्यासका पात्रले जीवनमा अभाव र अनिश्चितताको सामना गरेका छन् भन्ने निष्कर्ष शोधप्रश्न एकको विश्लेषणसँग आबद्ध रहेको छ ।

खगेन्द्रप्रसाद लुइटेल (२०६९) ले *नेपाली उपन्यासको इतिहास* कृतिमा गौतमले नयाँ खालका औपन्यासिक प्रवृत्तिका साथ अस्तित्ववादी दृष्टिलाई उपन्यास लेखनको आरम्भदेखि नै प्रयोग गर्दै आएको बताएका छन् । उनले इन्द्रबहादुर राई, पारिजातले आरम्भ र विस्तार गरेको अस्तित्ववादी चिन्तनलाई गौतमले अझ विस्तार गर्दै लगेको धारणा प्रस्तुत गरेका छन् । उनले गौतमले आस्तिक र नास्तिक दुवै धारबाट अस्तित्ववादी दर्शनलाई आफ्ना उपन्यासमा सशक्त र मौलिक ढङ्गले प्रस्तुत गरेका छन् भन्ने निष्कर्ष प्रस्तुत गरेका छन् । उनले यस अध्ययनमा गौतमका उपन्यासको अस्तित्ववादी निस्सारता, वरणस्वतन्त्रता, व्यक्तिसर्वोच्चता, ऐकान्तिकता र विद्रोहका कोणबाट विश्लेषण गरेका छैनन् । यस पूर्वकार्यबाट शोधसमस्याका बारेमा अध्ययन नभए पनि उनका उपन्यासमा अस्तित्ववादी दृष्टिको अभिव्यक्ति भएको छ भन्ने अवधारणामा स्पष्ट हुन सहयोग पुगेको छ ।

कृष्णप्रसाद सापकोटा (२०७४) ले "ध्रुवचन्द्र गौतमका उपन्यासमा आञ्चलिकता" शीर्षकको अप्रकाशित विद्यावारिधि शोधप्रबन्धमा आञ्चलिकताका कोणबाट गौतमका उपन्यासको अध्ययन गर्ने क्रममा उनका उपन्यासमा अस्तित्ववादी दृष्टिको समेत अभिव्यक्त भएको कुरा गरेका छन् । सापकोटाले यस अध्ययनमा गौतमका उपन्यासको अस्तित्ववादी निस्सारता, वरणस्वतन्त्रता, व्यक्तिसर्वोच्चता, ऐकान्तिकता र विद्रोहका कोणबाट विश्लेषण गर्ने उद्देश्य राखेको

देखिँदैन । यस पूर्वकार्यबाट गौतमका उपन्यासमा अस्तित्ववादी दृष्टिको अभिव्यक्ति भएको छ भन्ने अवधारणालाई सबल बनाएको छ ।

ध्रुवचन्द्र गौतमका उपन्यासका बारेमा भएगरेका पूर्वअध्ययनलाई दृष्टिगत गर्दा उनका उपन्यासमा अस्तित्ववादी जीवनदर्शनको अभिव्यक्ति भएको छ भन्ने कुराको जानकारी प्राप्त भएको छ। माथिका पूर्वाध्ययनहरू आआफ्नो उद्देश्यअनुसार गहन हुँदाहुँदै पनि यिनमा अस्तित्ववादी दृष्टिकै मान्यतामा केन्द्रित रही गौतमका उपन्यासको अध्ययन गरेको देखिँदैन। तसर्थ उपन्यास लेखनको आरम्भदेखि नै अस्तित्ववादी दृष्टिलाई कुनै न कुनै रूपमा अभिव्यक्त गर्दै आएका गौतमका उपन्यासको त्यसै जीवनदृष्टिलाई आधार बनाई गहन विश्लेषणको रिक्तता प्रस्टै देखिएको छ। जीवनका जटिलता, अभाव, अनिश्चितता, निरर्थकताका कारण गौतमका उपन्यासका पात्रले पीडा, चिन्ता, समस्याको अनुभूति गरे पनि ती समस्याबाट उन्मुक्तिका लागि र स्वनिर्मितिका लागि सङ्घर्षमा लाग्छन् भन्ने कुरालाई माथिका पूर्वाध्ययनले सङ्केत गरेकाले गौतम अस्तित्ववादी उपन्यासकार हुन् भन्ने कुरा निश्चित भएको छ। कृष्णचन्द्रसिंह प्रधान, इन्द्रबहादुर राई, वासुदेव त्रिपाठी, प्रतापचन्द्र प्रधान, मोहनराज शर्मा, राजेन्द्र सुवेदी, गोविन्दराज भट्टराई, खगेन्द्रप्रसाद लुइटेल, ज्ञानू पाण्डे, रमेश गोर्खाली, सञ्जीव उप्रेती, ऋषिराज बराल, रमा सिवाकोटी, यादवप्रकाश लामिछाने, विष्णुप्रसाद पौडेल आदि विद्वान्हरूले गौतमलाई अस्तित्ववादी दृष्टिको गहन रूपमा प्रयोग गर्ने उपन्यासकार भनी मूल्याङ्कन गरेका छन्। तसर्थ गौतमका उपन्यासलाई अस्तित्ववादी जीवनदृष्टिका कोणबाट विश्लेषण गर्नाका लागि माथि प्रस्तुत पूर्वाध्ययनहरू सहयोगी देखिएका छन्। गौतमका उपन्यासमा गरिएका पूर्वाध्ययनहरूको समीक्षा गर्दा उनका उपन्यासमा अस्तित्ववादी दृष्टि पाइन्छ भन्ने जानकारी प्राप्त भए पनि त्यसै सैद्धान्तिक मान्यताका आधारमा गहन विश्लेषणको भने अपर्याप्तता देखिएकाले ज्ञानको यस रिक्तताको पूर्तिका लागि उनका उपन्यासको अस्तित्ववादी जीवनदृष्टिका कोणबाट अध्ययन र विश्लेषण गर्न आवश्यक देखिएकाले यो शोध गरिएको हो ।

## १.५ शोधको औचित्य

ध्रुवचन्द्र गौतमले उपन्यास लेखनको आरम्भदेखि नै अस्तित्ववादी जीवनदृष्टिलाई अभिव्यक्त गर्दै आएका छन्। उनका उपन्यासमा अस्तित्ववादी दृष्टिको प्रयोग भएको छ भनिँदै आए पनि यसै जीवनदर्शनका कोणबाट हालसम्म गहन अध्ययनको अभाव रहेको कुरा तिनका उपन्यासमा भएका पूर्वकार्यको समीक्षाबाट ज्ञात भएको छ। अस्तित्ववादलाई मूल प्रवृत्ति बनाई उपन्यास सिर्जना गरेका गौतमका उपन्यासको त्यस कोणबाट अध्ययन गर्न आवश्यक देखिएकाले यो अध्ययन गरिएको हो। सोद्देश्य छनोटका आधारमा छनोट गरिएका उनका उपन्यासहरूको अस्तित्ववादी कोणबाट गहन विश्लेषण र समीक्षा यसै अध्ययनबाट हुने भएकाले यस शोधकार्यको

औचित्य सिद्ध हुन्छ । अस्तित्ववादी दृष्टिका मूलभूत मान्यताका आधारमा निर्मित शोधप्रश्नमा उठान गरिएका जिज्ञासाको समाधानका निम्ति गरिएको यो प्राज्ञिक अध्ययन नवीन र मौलिक हुने देखिएको छ । अस्तित्ववादी जीवनदृष्टिका कोणबाट गरिएको अध्ययनमा रुचि राख्ने स्रष्टा, द्रष्टा, विश्वविद्यालयका प्राध्यापक, विद्यार्थी र साधारण पाठकका लागि समेत महत्त्वपूर्ण सामग्री हुने भएकाले यो शोधकार्य औचित्यपूर्ण रहेको देखिन्छ ।

## १.६ शोधको सीमाङ्कन

ध्रुवचन्द्र गौतमका उपन्यासहरूको विभिन्न कोणबाट अध्ययन गर्न सकिने भए पनि यस शोधमा अस्तित्ववादी जीवनदृष्टिका कोणबाट मात्र अध्ययन गरिएको छ । उनका उपन्यासहरूको सर्वेक्षणात्मक अध्ययन गरी सोद्देश्य छनोट गरिएका *डापी, कट्टेल सरको चोटपटक, स्वर्गीय हीरादेवीको खोज, एक शहरमा एक कोठा, सहस्राब्दीको अन्तिम प्रेम कथा* र *भीमसेन-४ को खोजी* गरी छओटा उपन्यासको अस्तित्ववादी जीवनदृष्टिका मूलभूत मान्यताहरू निस्सारता, वरणस्वतन्त्रता, व्यक्तिसर्वोच्चता, ऐकान्तिकता र विद्रोहका कोणबाट यस शोधमा अध्ययन गरिएको छ । ध्रुवचन्द्र गौतमका उपन्यासमा व्यक्त निस्सारताको स्वर केकस्तो रहेको छ भन्ने शोधप्रश्न एकको समाधान गर्दा जीवनको निरर्थकता, अभाव र अनिश्चितता तथा कर्म र सङ्घर्षलाई आधार बनाइएको छ । ध्रुवचन्द्र गौतमका उपन्यासमा वरणस्वतन्त्रता र व्यक्तिसर्वोच्चताको अभिव्यक्ति कसरी गरिएको छ भन्ने शोधप्रश्न दुईको समाधान गर्दा वरणस्वतन्त्रताका लागि वैयक्तिक स्वतन्त्रता, स्वतन्त्रताको पीडा, उत्तरदायित्व वहनको अनिवार्यता र व्यक्तिसर्वोच्चताका लागि मानवसत्ताको अङ्गीकारलाई आधार बनाइएको छ । ध्रुवचन्द्र गौतमका उपन्यासमा ऐकान्तिकता र विद्रोहको अभिव्यक्ति केकसरी गरिएको भन्ने शोधप्रश्न तीनको समाधान गर्दा ऐकान्तिकताका लागि स्वतन्त्रता र उत्तरदायित्वको एकल वहन र एकल सङ्घर्ष तथा विद्रोहका लागि अस्तित्वप्रतिको सचेतता र स्वतन्त्रताका निम्ति सङ्घर्षलाई आधार बनाइएको छ । अस्तित्ववादी जीवनदृष्टिका सारको पूर्ववर्ती अस्तित्व, भविता र शून्यता, मानिस मात्रको अस्तित्वशीलता, अस्तित्वको प्रेरक : मृत्यु, मानव जीवनको दुर्बोध्यता, दुःखी हुनु नै मानिसको नियति, पूर्वपरिभाषित हुन नसक्नु मानिसको नियति, निर्णयगत नैतिकता, प्रामाणिक अस्तित्वका कोणबाट गौतमका उपन्यासको विश्लेषण नगर्नु यस अध्ययनको सीमाका रूपमा रहेको छ ।

## १.७ शोधविधि

शोधविधिअन्तर्गत पर्ने शोधदर्शन, अनुसन्धानपद्धति, सामग्रीसङ्कलन, अनुसन्धानढाँचा, सैद्धान्तिक आधार र विश्लेषणपद्धतिका बारेमा तल स्पष्ट पारिएको छ :

### १.७.१ शोधदर्शन

शोधदर्शनमा तत्त्वमीमांसा, ज्ञानमीमांसा र मूल्यमीमांसा रहेका हुन्छन् । यस शोधमा जीवन निरर्थक भए पनि मानिसले अस्तित्वका लागि कर्म, सङ्घर्ष र विद्रोहमा सक्रिय रहेको हुन्छ भन्ने कुरालाई सत्य ठानिएको छ । यो नै यस शोधको तत्त्वमीमांसा हो । यस शोधमा विश्लेषणका लागि छनोट गरिएका उपन्यासको गहन अध्ययन गरी प्राप्त तथ्यका आधारमा संरचनावादी एवम् व्याख्यावादी कोणबाट विश्लेषण गरी ज्ञाननिर्माण गरिएको छ । यस क्रममा अनुसन्धाताको अनुभवसमेतलाई आधार बनाइएको छ । यो नै यस शोधको ज्ञानमीमांसा हो । अध्ययनका लागि निर्धारित उपकरणलाई समान महत्त्व दिनु र सम्भावनालाई खुला राख्नु यस अध्ययनको मूल्यमीमांसा हो ।

### १.७.२ अनुसन्धानपद्धति

ध्रुवचन्द्र गौतमका उपन्यासको अस्तित्ववादी जीवनदृष्टिका कोणबाट अध्ययन गरिएको प्रस्तुत शोध बहुसत्यमा आधारित रहेको छ । यस अध्ययनमा परिवेशअनुसार अर्थ फरक फरक हुन्छन् भन्ने मान्यतालाई अवलम्बन गरिएको छ । हरेक कुराको सम्भावना रहन्छ भन्ने मान्यतालाई विश्वास गरिएको यस अध्ययनमा सानो क्षेत्रमा केन्द्रित रही गहन ढङ्गले अध्ययन गरिएको छ । सोद्देश्य नमुना छनोट विधिका आधारमा छनोट गरिएका गौतमका छओटा उपन्यासको सूक्ष्म पठन गरी प्राप्त तथ्यका आधारमा पाठविश्लेषण विधिको अवलम्बन यस शोधमा गरिएको छ । विश्लेषणका क्रममा अनुसन्धाताको ज्ञान र अनुभवको समेत उपयोग गरिएको छ । यस शोधमा अस्तित्ववादको सैद्धान्तिक मान्यताका आधारमा उपन्यासको विश्लेषण गरिएको र व्याख्यावादी अनुसन्धानपद्धतिको अवलम्बन गरिएको छ ।

### १.७.३ सामग्रीसङ्कलन

ध्रुवचन्द्र गौतमका उपन्यासमा अभिव्यक्त अस्तित्ववादलाई मुख्य शोधसमस्या बनाई गरिएको प्रस्तुत अध्ययनको पहिलो परिच्छेदको 'विषयपरिचय' मा प्रस्तुत शोधक्षेत्रसँग सम्बद्ध गौतमका अट्ठाइसओटा उपन्यासहरू सामग्रीको आकारका रूपमा रहेका छन् । नमुनाको आकारका रूपमा छओटा उपन्यास रहेका छन् । सामग्रीको आकारमा रहेका अट्ठाइसओटै उपन्यासमा शोधको उद्देश्यअनुरूपको विश्लेषणका लागि तथ्यहरू प्राप्त गर्न नसकिने भएकाले यस शोधमा असम्भाव्य नमुना छनोट विधिबाट सामग्रीसङ्कलन गरिएको छ । यस विधिअन्तर्गतको सोद्देश्य नमुना छनोटपद्धति अवलम्बन गरी सामग्री चयन गरिएको छ । उपन्यासमा घटना, पात्र र परिवेशलाई अस्तित्ववादका मूलभूत मान्यतामा केन्द्रित गराइएको कुरालाई सामग्री चयनको आधार बनाइएको छ । यसरी सर्वेक्षण गर्दा *डापी*मा विक्रमले असफलता भोगेकाले, एक्लै सङ्घर्ष गरेकाले र 'कखग' पात्रका विरुद्ध विद्रोह गरेकाले निस्सारता, ऐकान्तिकता र विद्रोहको सबलता

रहेको देखिन्छ । *कट्टेल सरको चोटपटक*मा कट्टेलले असफलता भोगेकाले निस्सारता केन्द्रीय कथ्य बनेको छ । *स्वर्गीय हीरादेवीको खोज*मा कुमारले असफलता भोगेकाले, निर्णय गरेकाले र एक्लै सङ्घर्ष गरेकाले निस्सारता, वरणस्वतन्त्रता र ऐकान्तिकता केन्द्रीय विषय बनेको छ । *एक शहरमा एक कोठा*मा 'म' पात्रले निर्णय र सङ्घर्ष गरेकाले वरणस्वतन्त्रता र व्यक्तिसर्वोच्चताको गहनता रहेको छ । *सहस्राब्दीको अन्तिम प्रेमकथा*मा विग्रह र समिधाले निर्णय र सङ्घर्ष गरेकाले वरणस्वतन्त्रता र व्यक्तिसर्वोच्चताको सबलता रहेको छ । *भीमसेन-४ को खोजी*मा कोलम्बस-समूह र एकचक्रावासीले असफलता भोग्नुपरेकाले र तर्कासुरका विरुद्धको विद्रोह गरेकाले निस्सारता र विद्रोह केन्द्रीय कथ्य बनेको छ । उपर्युक्त कारणले अस्तित्ववादी जीवनदृष्टिका कोणबाट अध्ययनका लागि यी छओटा उपन्यासलाई छनोट गरिएको हो ।

शोधक्षेत्रसँग सम्बद्ध गौतमका अट्ठाइसओटा उपन्यासहरू प्राथमिक स्रोतका सामग्रीका रूपमा रहेका छन् । यिनै सामग्रीबाट सोद्देश्य छनोट गरिएका उपन्यासको स्वयम् अनुसन्धाताद्वारा सूक्ष्म पठन गरी विश्लेषणका लागि तथ्यसङ्कलन गरिएको छ । गौतमका उपन्यासमा भएका पूर्वकार्य जुन अध्ययनको समस्या समाधानका लागि सहयोग पुऱ्याउने खालका छन् तिनको पनि सूक्ष्म पठन गरी तिनबाट पनि तथ्यसङ्कलन गरिएको छ । यसका साथै अस्तित्ववादी जीवनदृष्टिको सैद्धान्तिक अवधारणाका बारेमा लेखिएका पुस्तकहरू, लेखहरू, जर्नलहरू शोधप्रबन्धहरूबाट पनि अध्ययनका लागि सामग्रीको सङ्कलन गरिएको छ । शोधको क्षेत्र र समस्यासँग सम्बद्ध यस्ता सामग्रीहरू द्वितीयक स्रोतका सामग्रीका रूपमा रहेका छन् । यी प्राथमिक र द्वितीयक दुवै स्रोतका सामग्रीको सङ्कलन पुस्तकालय र इपुस्तकालयबाट गरिएको छ ।

### १.७.४ अनुसन्धानढाँचा

ध्रुवचन्द्र गौतमका उपन्यासको अस्तित्ववादी कोणबाट अध्ययनका निम्ति पूर्वकार्यको अध्ययनबाट प्राप्त रिक्तता पहिचान गरिएको छ । सोही रिक्तताका आधारमा शोधप्रश्नको निर्माण गरिएको छ । शोधप्रश्नमा उठान गरिएका समस्याको समाधानका निम्ति अस्तित्ववादी जीवनदृष्टिसँग सम्बद्ध रही उपकरणहरू निर्धारण गरिएको छ । निर्धारित उपकरणलाई आधार बनाई प्राथमिक र द्वितीयक स्रोतका सामग्रीको सूक्ष्म अध्ययन गरी तथ्यसङ्कलन गरिएको छ । सङ्कलित तथ्यका आधारमा पाठको व्याख्यावादी विश्लेषणपद्धतिको अवलम्बन गरी निष्कर्ष निकालिएको यस शोधको अनुसन्धानढाँचा गुणात्मक प्रकृतिको रहेको छ ।

### १.७.५ सैद्धान्तिक आधार

प्रस्तुत अध्ययनमा ध्रुवचन्द्र गौतमका उपन्यासहरूको विश्लेषणका लागि अस्तित्ववादलाई सैद्धान्तिक आधार बनाइएको छ । 'अस्तित्ववाद' अङ्ग्रेजीको 'existentialism' को नेपाली रूपान्तरण हो । यो पाश्चात्य चिन्तन परम्परामा बिसौँ शताब्दीमा विकसित जीवनदर्शन हो ।

यसले मानव अस्तित्व र उसको वैयक्तिक स्वतन्त्रताका बारेमा महत्त्व दिएको छ । यसले मानिस अस्तित्वमा आएपछि मात्र ऊ बन्ने प्रक्रियामा संलग्न रहन्छ भन्ने मान्यता राख्दछ । जर्मन दार्शनिक हेगेलले ईश्वरका अघि मानिसको कुनै अस्तित्व छैन भन्ने मान्यता प्रस्तुत गरेकामा उनकै शिष्य किर्केगार्डले मानिसको अस्तित्वलाई सर्वोच्च महत्त्व दिँदै यस दर्शनको प्रारम्भ गरेका हुन् । आस्तिक र नास्तिक दुवै खालका अस्तित्ववादीहरूले मानव अस्तित्व र उसको सर्वोच्च सत्तालाई समान महत्त्व दिएका छन् । यस दर्शनको आरम्भ र विकासको पृष्ठभूमिमा रहेका प्रोटोगोरास, सुकरात, सन्त अगस्टिन, मोन्ते, ब्लेज पास्कल, दोस्तोभस्की, युरोपमा पुनर्जागरण, फ्रान्सेली राज्यक्रान्तिले सकारात्मक भूमिकानिर्वाह गरेका छन् । यसै गरी पाइथागोरस, प्लेटो, पिटर अबेलार्ड, रोजर बेकन, रेने देकार्त, हेगेल, युरोपको औद्योगिक क्रान्ति तथा दुई विश्वयुद्धले मानव अस्तित्वमा समस्या सिर्जना गरे पनि अस्तित्वका लागि सङ्घर्षरत रहन तिनले पनि प्रेरित गरेको देखिन्छ ।

अस्तित्ववादको आरम्भ, विकास र विस्तारमा किर्केगार्ड, नित्से, हाइडेगर, सार्त्र र कामुको महत्त्वपूर्ण भूमिका रहेको छ । हेगेल र उनका अनुयायीहरूले ईश्वर नै मालिक हो र मानिसहरू उसका दास हुन् भन्ने मान्यता प्रस्तुत गरेका थिए । किर्केगार्डले ईश्वरलाई अस्वीकार नगरे पनि मानव अस्तित्वलाई भने उच्च महत्त्व दिएका छन् । उनले वैयक्तिकता, तनाव र त्यागका बारेमा पनि चर्चा गरेका छन्। उनले हेगेलको मान्यताका विरुद्ध व्यक्ति स्वतन्त्रता र आत्मपरक सत्यतालाई उच्च महत्त्व दिएका छन् । यस दर्शनले मानिसलाई मात्र महत्त्व दिन्छ । यसले मानव जीवन निस्सार र निरर्थक भए पनि अस्तित्वका लागि जीवनमा स्वयम् सक्रिय रहनुपर्छ भन्ने मान्यता राख्दछ । एकातिर जीवनप्रतिको निराशा र अर्कातिर यसै जीवनप्रतिको आशक्तिका कारण मानिसमा अन्तरविरोध रहेको हुन्छ । यस दर्शनले मानवलाई निर्णय गर्ने स्वतन्त्रता रहेको र त्यस निर्णयपश्चात् आइपर्ने दुःख, वेदना, अभाव र समस्याप्रति ऊ आफै जिम्मेवार बन्नुपर्छ भन्ने मान्यता प्रस्तुत गरेको छ । मानिसले गरेको स्वतन्त्र निर्णयका कारण अभाव, अनिश्चितता, सङ्कट, विसङ्गति र अन्धकार भोग्न परे पनि आफ्नो वैयक्तिक अस्मिताका लागि यस्तो निर्णय गरेको हुन्छ भन्ने तर्क अस्तित्ववादी चिन्तकहरूको रहेको छ । स्वनिर्मितिका लागि स्वतन्त्र निर्णय गर्दै जीवनमा सक्रिय रहेको मानिसले भोग्नुपरेका समस्याबाट मुक्तिका लागि उसको नै प्रमुख भूमिका रहन्छ भन्ने तर्क यस दर्शनका अनुयायीहरूको रहेको छ । वैयक्तिकतालाई महत्त्व दिने यस दर्शनले मानिसले आफूलाई जीवनमा निर्णय, सङ्घर्ष र उत्तरदायित्वलाई एक्लै वहन गर्नुपर्दा पीडाको अनुभव गरिरहेको हुन्छ भन्ने मान्यता राखेको छ । यस्तो पीडाको अनुभव गरे पनि अस्तित्वका लागि उसले एक्लै सङ्घर्ष गरेको हुन्छ । मानिसको अस्तित्व उसले गर्ने निर्णय र विद्रोहसँग जोडिएको हुन्छ । अस्तित्वका लागि प्रयत्न गरेका अवस्थामा अन्य पक्षबाट सिर्जित

समस्याका विरुद्ध अस्तित्वशील व्यक्तिले प्रतिवाद गरेको हुन्छ । व्यक्तिले गरेको यही प्रतिवादलाई अस्तित्ववादी दर्शनमा विद्रोहका रूपमा चर्चा गरिएको छ । विद्रोहबाट मात्र अस्तित्व सुरक्षित गर्न सकिने मान्यता यस दर्शनको रहेको छ ।

मानव अस्तित्व र उसको स्वतन्त्रतालाई विशेष महत्त्व दिने अस्तित्ववादका मूलभूत मान्यताहरू सारको पूर्ववर्ती अस्तित्व, वरणस्वतन्त्रता र उत्तरदायित्व, भविता र शून्यता, निस्सारता, विद्रोह, व्यक्तिसर्वोच्चता, ऐकान्तिकता, मानिस मात्रको अस्तित्वशीलता, अस्तित्वको प्रेरक : मृत्यु, मानव जीवनको दुर्बोध्यता, दुःखी हुनु नै मानिसको नियति, पूर्वपरिभाषित हुन नसक्नु मानिसको नियति, निर्णयगत नैतिकता, प्रामाणिक अस्तित्व रहेका छन् । अस्तित्ववाद आख्यानको विश्लेषणका लागि उपयोगी हुने भएकाले र ध्रुवचन्द्र गौतमका उपन्यासको सर्वेक्षणात्मक अध्ययन गर्दा अस्तित्ववादी निस्सारता, वरणस्वतन्त्रता, व्यक्तिसर्वोच्चता, ऐकान्तिकता र विद्रोहको सबलता देखिएकाले यी मान्यतालाई विश्लेषणको सैद्धान्तिक आधार बनाइएको छ । यिनै मान्यताको मर्मअनुरूप विश्लेषणको ढाँचा निर्माण गरिएको छ । उपन्यास विश्लेषणका लागि निर्धारित अस्तित्ववादका मान्यता र विश्लेषणको ढाँचाका बारेमा उपन्यासको विश्लेषण गर्नुपूर्व सम्बन्धित स्थानमा स्पष्ट पारिएको छ ।

### १.७.६ विश्लेषणपद्धति

प्रस्तुत शोधकार्य ध्रुवचन्द्र गौतमका उपन्यासहरूको विश्लेषणमा केन्द्रित रहेको छ। उपन्यास विश्लेषणका लागि सैद्धान्तिक आधार अस्तित्ववादी जीवनदृष्टिलाई बनाइएको छ। अस्तित्ववादी जीवनदर्शनले प्रस्तुत गरेका मान्यतालाई सूचकका रूपमा प्रस्तुत गर्दै तिनै सूचकका आधारमा सोद्देश्य छनोट विधिका माध्यमबाट छनोट भएका औपन्यासिक कृतिहरूको विश्लेषण यस शोधमा गरिएको छ। हरेक शोधप्रश्नमा उठाइएका समस्याको सूक्ष्म, व्यवस्थित र वस्तुपरक रूपमा समाधानका लागि निर्धारण गरिएको विश्लेषणको पद्धति निम्नबमोजिम रहेको छ :

(१) ध्रुवचन्द्र गौतमका उपन्यासमा व्यक्त निस्सारताको स्वर केकस्तो रहेको छ ?

(क) जीवनको निरर्थकता

(ख) अभाव र अनिश्चितता

(ग) कर्म र सङ्घर्ष

(२) ध्रुवचन्द्र गौतमका उपन्यासमा वरणस्वतन्त्रता र व्यक्तिसर्वोच्चताको अभिव्यक्ति कसरी गरिएको छ ?

(क) वैयक्तिक स्वतन्त्रता

(ख) स्वतन्त्रताको पीडा

(ग) उत्तरदायित्व वहनको अनिवार्यता

(घ) मानवसत्ताको अङ्गीकार

(३) ध्रुवचन्द्र गौतमका उपन्यासमा ऐकान्तिकता र विद्रोहको अभिव्यक्ति केकसरी गरिएको छ ?

(क) स्वतन्त्रता र उत्तरदायित्वको एकल वहन

(ख) एकल सङ्घर्ष

(ग) अस्तित्वप्रतिको सचेतता

(घ) स्वतन्त्रता प्राप्तिका निम्ति सङ्घर्ष

## १.८ शोधप्रबन्धको रूपरेखा

प्रस्तुत शोधलाई व्यवस्थित र सङ्गठित गर्नाका लागि छ परिच्छेदमा विभाजन गरिएको छ । परिच्छेद विभाजनको ढाँचा यस प्रकार रहेको छ :

पहिलो परिच्छेद : शोधपरिचय

दोस्रो परिच्छेद : ध्रुवचन्द्र गौतमका उपन्यासहरूको सर्वेक्षण

तेस्रो परिच्छेद : ध्रुवचन्द्र गौतमका उपन्यासमा निस्सारता

चौथो परिच्छेद : ध्रुवचन्द्र गौतमका उपन्यासमा वरणस्वतन्त्रता र व्यक्तिसर्वोच्चता

पाँचौं परिच्छेद : ध्रुवचन्द्र गौतमका उपन्यासमा ऐकान्तिकता र विद्रोह

छैटौं परिच्छेद : सारांश र निष्कर्ष

सन्दर्भ सामग्रीसूची

# दोस्रो परिच्छेद
# ध्रुवचन्द्र गौतमका उपन्यासहरूको सर्वेक्षण

## २.१ विषयप्रवेश

ध्रुवचन्द्र गौतमका उपन्यासलाई अस्तित्ववादी जीवनदृष्टिका कोणबाट अध्ययन गर्न त्यस दृष्टिको गहन अभिव्यक्ति भएका उपन्यासहरूको छनोटका निम्ति सर्वेक्षणात्मक अध्ययन आवश्यक देखिएको छ । वि.सं. २०२४ मा *अन्त्यपछि* उपन्यास *रूपरेखा* पत्रिकामा प्रकाशन गरेर नेपाली उपन्यास परम्परामा सार्वजनिक भएका गौतमका *बालुवामाथि* (२०२८), *डापी* (२०३३), *कट्टेल सरको चोटपटक* (२०३७), *अलिखित* (२०४०), *निमित्त नायक* (२०४३), *स्वर्गीय हीरादेवीको खोज* (२०४५), *एक शहरमा एक कोठा* (२०४६), *उपसंहार अर्थात् चौथो अन्त्य* (२०४८), *दुबिधा* (२०५२), *अग्निदत्त+अग्निदत्त* (२०५३) *फूलको आतङ्क* (२०५५), *बाढी* (२०५६), *सहस्राब्दीको अन्तिम प्रेम कथा* (२०५६), *मौन* (२०५८), *तथाकथित* (२०५९), *भीमसेन-४ को खोजी* (२०६१), *जेलिएको* (२०६२), *घुर्मी* २०६५), *एक असफल आख्यानको आरम्भ* (२०६५), *अप्रिय* (२०६७), *सातौँ ॠतु* (२०६८), *एक पुनर्निर्मित प्रेमाख्यान* (२०७०), *वञ्चक* (२०७१), *विगत जस्तो केही* (२०७३), *एकानाको जमाना* (२०७४), *चकमन्नमा एकान्त* (२०७६) र *सातो* (२०७९) गरी अट्ठाइसओटा उपन्यासहरू प्रकाशित भएका छन् । उनले विविध नवीन विषय र शैलीलाई आत्मसात् गरी उपन्यास लेखेका छन् । उपन्यास लेखनको आरम्भदेखि नै अस्तित्ववादी जीवनदृष्टिलाई अभिव्यक्त गर्दै आएका गौतमले त्यस दृष्टिलाई कम बढी मात्रामा आफ्ना सबै उपन्यासमा प्रस्तुत गरेका छन् । अस्तित्ववादी जीवनदृष्टिअन्तर्गतका निस्सारता, वरणस्वतन्त्रता, व्यक्तिसर्वोच्चता, ऐकान्तिकता र विद्रोह जस्ता मूलभूत मान्यताको सबल अभिव्यक्ति भएका उपन्यासहरूको पहिचानका लागि उनका सबै उपन्यासहरूको सर्वेक्षण आवश्यक देखिएकाले ती मान्यताको गहन, मध्यम र न्यून प्रयोगलाई सर्वेक्षणको आधार बनाइएको छ । घटना, पात्र र परिवेशलाई अस्तित्ववादका मूल प्रवृत्तिमा केन्द्रित गराइएका उपन्यासलाई गहन भनी सर्वेक्षण गरिएको छ । यस्ता उपन्यासको केन्द्रीय कथ्यले अस्तित्ववादका मान्यतालाई अभिव्यक्त गरेको हुन्छ । प्रसङ्गवश ती प्रवृत्तिको प्रयोग भएका उपन्यासलाई मध्यम र ती प्रवृत्तिको स्पर्श वा न्यून प्रयोग भएका उपन्यासलाई न्यून मानी उनका उपन्यासहरूको सर्वेक्षण गरिएको छ ।

अस्तित्वका लागि स्वतन्त्र निर्णय गर्दै जीवनमा सक्रिय रहँदा आइपर्ने समस्यासँग सङ्घर्ष गरिरहेका पात्रलाई चयन गरी सिर्जना गरिएका उपन्यास अस्तित्ववादी उपन्यासका रूपमा चिनिन्छन् । उपन्यासका पात्रले आफ्नो अस्तित्वका लागि गरेको प्रयत्नको गहनताका आधारमा त्यस दृष्टिको सबल अभिव्यक्तिको स्तर निर्धारण भएको हुन्छ । उपन्यास लेखन यात्राको पचपन्न

बर्से दीर्घ साधनाका क्रममा गौतमले विविध प्रयोग गरे पनि अस्तित्ववादी जीवनदृष्टिलाई भने उपन्यास लेखनको आरम्भदेखि नै अभिव्यक्त गर्दै आएका छन् । अस्तित्ववादी जीवनदृष्टिका मूलभूत मान्यताहरूमध्ये केकस्ता मान्यताको सबल अभिव्यक्ति उनका उपन्यासमा भएको छ भन्ने कुराको पहिचानका लागि उनका सबै उपन्यासहरूको सर्वेक्षणात्मक अध्ययन आवश्यक देखिएको छ । तसर्थ शोधप्रश्नमा समाविष्ट अस्तित्ववादी जीवनदृष्टिका मूलभूत मान्यताहरूलाई आधार बनाई उनका उपन्यासहरूको सर्वेक्षण गरिएको छ ।

## २.२ निस्सारताको अभिव्यक्ति भएका उपन्यासहरू

ध्रुवचन्द्र गौतमका उपन्यासको अस्तित्ववादी जीवनदृष्टिका कोणबाट विश्लेषण गर्नाका लागि गरिएको सर्वेक्षणात्मक अध्ययनबाट उनका उपन्यासमा अस्तित्ववादी निस्सारताको अभिव्यक्त भएको देखिएको छ । अस्तित्ववादी निस्सारतालाई मूल विषय बनाइएकादेखि त्यस दृष्टिको स्पर्श मात्र भएका आधारमा उनका उपन्यासलाई दृष्टिगत गर्दा उनका सबै उपन्यासमा त्यस मान्यताको अभिव्यक्ति भएको देखिन्छ । त्यस दृष्टिको स्पर्श मात्र भएका उपन्यासलाई यस सर्वेक्षणमा उल्लेख नगरिए पनि तालिका एकमा भने उक्त कुराको जानकारी गराइएको छ । गौतमका अट्ठाइसओटै उपन्यासको सर्वेक्षणात्मक अध्ययन गरी अस्तित्ववादी निस्सारताको गहन र मध्यम अभिव्यक्ति भएका उपन्यासका बारेमा मात्र चर्चा गरिएको छ ।

*अन्त्यपछि* उपन्यासमा युद्ध, हत्या, आत्महत्या, बलात्कार जस्ता घटनाका कारण मानिसमा जीवनप्रति निस्सारताको अनुभव भएको कुरा प्रस्तुत छ । जन्मेपछि नै मानिसका दुर्दिन सुरु हुने भएकाले यसलाई अन्त्य ठान्दै अन्त्यपछिका दुर्दशालाई यस उपन्यासमा चित्रण गरिएको छ । मानिसको जीवन निरर्थक रहे पनि यसमा आशावादी रहने कुरालाई यस उद्धरणले स्पष्ट पारेको छ -"अब केही होला । केही न केही" (गौतम, २०२४/२०४९, पृ. २३) । उपन्यासकारद्वारा प्रस्तुत भएको यस कथनले निरर्थकताभित्र पनि केही हुने अपेक्षा मानिसले गर्छ भन्ने कुरालाई स्पष्ट पारेको छ । यस उपन्यासमा निस्सारतालाई केन्द्रीय कथ्य बनाएको देखिँदैन । जीवनका सङ्कटग्रस्त क्षणका बारेमा चर्चा गर्दा निस्सारताको अभिव्यक्ति पनि प्रसङ्गवश आएकाले यस मान्यताको अभिव्यक्ति यस उपन्यासमा मध्यम खालको रहेको देखिएको छ ।

*बालुवामाथि* उपन्यासमा अस्तित्ववादी निस्सारतालाई प्रमुख पात्र 'म' (कमल) का माध्यमबाट प्रस्तुत गरिएको छ । 'म' पात्रले सरिता र सवितालाई प्राप्त गर्न नसक्दा तथा पत्नी कमला बलरामसँग निकट बन्दा जीवनलाई निस्सार ठानेको छ । 'म' पात्रको जीवनप्रति निस्सारताको भावलाई यस उद्धरणले स्पष्ट पारेको छ -"यो बाँच्नु हो, यो सङ्घर्ष हो, यो दुःख हो र यसैमा सास फेर्नु एउटा निकै आशा हो कि कुनै दिन यस्तो आउला ..." (गौतम, २०२८/२०७०, पृ. ३४७) । यस भनाइले समस्या आइपरे पनि जीवनबाट भाग्न नहुने आशयलाई

बोध गराएको छ । उपन्यासको 'म' पात्रले असफलताको सामना गर्नुपर्दा जीवनप्रति निराश देखिए पनि कुनै दिन सफल भइने अपेक्षा राख्नुले अस्तित्ववादी दृष्टिलाई बोध गराएको छ । यस उपन्यासमा कमलले आफूले अपेक्षा गरेका कुरा प्राप्त गर्न नसकेका अवस्थामा जीवनलाई निस्सार ठानेकाले यस मान्यताको अभिव्यक्ति मध्यम खालको देखिएको छ ।

*डापी* उपन्यासमा प्रमुख पात्र विक्रमले अनपेक्षित परिणाम भोग्नुपर्दा जीवनप्रति निस्सारताको बोध भएको कुरालाई गहन रूपमा प्रस्तुत गरिएको छ । विक्रमले आर्थिक समस्या, पारिवारिक समस्या एवम् 'कखग' पात्रबाट सिर्जित भयका कारण जीवनलाई निस्सार ठानेको छ । पत्नी बीनूले 'ग' पात्रसँग निकट सम्बन्ध राखेकाले विक्रममा जीवनप्रति निस्सारताको अनुभूति भएको यथार्थतालाई उसकै अभिव्यक्तिले स्पष्ट पारेको छ -"मलाई कसरी विश्वास होस् ... आत्महत्या गरुँ ? बाँच्न मन लाग्छ । केही पनि गर्न सक्तिनँ - अर्को बिहा पनि गर्न सक्तिनँ" (गौतम, २०३३/२०६४, पृ. १३९) । यस कथनले विक्रममा निस्सारताको भाव छ भन्ने कुरालाई पुष्टि गरेको छ । यस उपन्यासमा विक्रमका अतिरिक्त अन्य पात्रहरू शिवे, बुढो सेवक, ज्यामी, खर्दार साहेब, नाङ्लो पसल थापेर बसेकी बुढी, दलबहादुरले पनि अनपेक्षित परिणामका कारण जीवनप्रति निस्सारताको बोध गरेका छन् । यस उपन्यासमा मूल विषयका रूपमा निस्सारता अभिव्यक्त भएको छ । मूलतः प्रमुख पात्र विक्रमले आफ्नो अस्तित्वका लागि गरेका प्रयत्नमा भोग्नुपरेका असफताका कारण उसले जीवनलाई निरर्थक ठानेको विषय नै यस उपन्यासको केन्द्रीय कथ्य भएकाले त्यस दृष्टिको अभिव्यक्तिको सबलता देखिएको हो ।

*कट्टेल सरको चोटपटक* उपन्यासमा प्रमुख पात्र कट्टेलले अपेक्षा गरेका कुराले सार्थकता नपाउनु, आर्थिक समस्या बढ्नु, पारिवारिक समस्या चुलिँदै जानु, आफ्ना समकक्षी साथीहरूको उन्नति हुँदा आफूलाई गुजारा चलाउन नै समस्या पर्नु जस्ता समस्याका कारण नै उसमा जीवनप्रति निराशाको भाव जागृत भएको छ । जेठो छोरो प्रेम हराउनु, सानो छोराको मृत्यु हुनु, बाबु बिरामी रहिरहनु, छोरीहरूको बिहे नहुनु, छोरीहरूका लागि राम्रो जागिरको व्यवस्था गर्न नसक्नु, आफै गम्भीर रोगी बन्नु जस्ता समस्याका कारण यस पात्रले निराशाको अनुभव गरेको कुरालाई यस उद्धरणले स्पष्ट पारेको छ -"म चाहिँ एउटा खेर गएको गोली हुन पुगेँ" (गौतम, २०३७/२०७५, पृ. २३५) । कट्टेलको यस अभिव्यक्तिले उसको जीवनमा कुनै उपलब्धि नभएको वास्तविकतालाई स्पष्ट पारेको छ । उपन्यासको मूल विषय नै यो पात्र र उसकी पत्नी सावित्रीले जीवनमा सङ्घर्ष गर्दा भोग्नुपरेका असफलताका कारण जीवनलाई निस्सार ठानेको कुरालाई गहन ढङ्गले अभिव्यक्त गरेकाले अस्तित्ववादी निस्सारताको सबल अभिव्यक्ति भएको देखिएको हो ।

*निमित्त नायक* उपन्यासमा जयबहादुर बस्नेत, टेकप्रसाद चापागाईं, रामबहादुर, विनयकुमार जस्ता पात्रले झेल्नुपरेका सङ्कटका कारण निस्सारताको बोध गरेको कुरालाई प्रस्तुत

गरिएको छ । जयबहादुरले काठमाडौँमा समस्या पर्दा, टेकप्रसादको भाइ विनयले कविता लेखेर समय व्यतीत गरिरहँदा, रामबहादुरले आर्थिक सङ्कटमा पर्दा निस्सारताको बोध गरेका छन् । विनयकुमारले प्रेम र बिहेमा ढिलाइ हुँदा, आर्थिक समस्या पर्दा एवम् गिरफ्तारीपछि रित्तो बन्नुपर्दा निस्सारताको बोध गरेको छ । यसकी प्रेमिका ज्योतिले समेत निस्सारताको अनुभव गरेको कुरालाई यस उद्धरणले स्पष्ट पारको छ -"कुन्नि किन, मलाई बाँच्नै मन लागेन" (गौतम, २०४३/२०४५, पृ. १८५) । ज्योतिमा जीवनप्रतिको निस्सारताको भाव उत्पन्न हुने कारण विनयकुमारले उससँग बिहे गर्नाका लागि गरेको ढिलाइ रहेको देखिन्छ । यस उपन्यासका फरक फरक पात्रले जीवनलाई निस्सार ठानेको कुरालाई विषयबद्ध गरिएको छ । कुनै एक पात्र वा उपन्यासको आद्यान्त निस्सारतालाई केन्द्रीय कथ्य बनाएको देखिँदैन । तसर्थ यस उपन्यासमा अस्तित्ववादी निस्सारताको अभिव्यक्ति मध्यम खालको देखिएको हो ।

*स्वर्गीय हीरादेवीको खोज* उपन्यासमा प्रमुख पात्र कुमारले जागिर नपाउँदा तथा सबै हीरादेवीहरूको दुर्दशा देख्दा उसमा निस्सारताको बोध भएको कुरालाई प्रस्तुत गरिएको छ । यसै गरी ठुला बाजेले बुहारी सोनाको इज्जत सुरक्षित गर्न नसकेकामा निराश बनेको कुरालाई यस उद्धरणले स्पष्ट पारेको छ -"घरको मर्यादा ढलेपछि घर ठडियोस् कि मान्छे ठडियोस्, त्यसको कुनै अर्थ हुँदैन" (गौतम, २०४५/२०५७, पृ. ११४) । ठुला बाजेले आफ्नो घरमा भएका बेथितिलाई देखेपछि विरक्त बनेको कुरालाई उक्त भनाइले स्पष्ट पारेको छ । यस भनाइमा निस्सारतावादी जीवनदृष्टि प्रस्तुत भएको छ । यस उपन्यासको आद्यान्त भूमिका निर्वाह गरेको पात्र कुमार नै हो । उसले अस्तित्वका लागि गरेका सङ्घर्ष र भोग्नुपरेका असफलताका कारण नै जीवनलाई व्यर्थ ठानेको कुरालाई यस उपन्यासमा केन्द्रीय कथ्य बनाइएको छ ।

*एक शहरमा एक कोठा* उपन्यासमा कर्णप्रसादले घर र कार्यालयमा आफ्नो अपेक्षाविपरीतका समस्या भोग्नुपर्दा निस्सारताको बोध गरेको कुरा प्रस्तुत गरिएको छ । आफूसँग योग्यता र क्षमता भएर पनि त्यसको उचित कदर नभएको भन्दै कर्णप्रसाद रुनु निस्सारताको बोध हुनु नै हो । 'म' पात्र र गीताले अस्तित्वका लागि सहरमा सङ्घर्ष गर्दा भोग्नुपरेका अभाव र असफलताका कारण निस्सारताको बोध गरेको कुरालाई प्रस्तुत गरिएको छ । 'म' पात्रले जागिर खोज्नु तथा आत्महत्यालाई घृणा गर्नु जस्ता उपन्यासका सन्दर्भले अस्तित्ववादी जीवनदृष्टिलाई नै बोध गराएका छन् । यस उपन्यासका पात्रले जीवनमा निस्सारताको बोध गरेको कुरालाई प्रसङ्गवश अभिव्यक्त गरिएकाले त्यस मान्यताको अभिव्यक्ति मध्यम रहेको देखिन्छ ।

*उपसंहार अर्थात् चौथो अन्त्य* उपन्यासमा अस्तित्ववादी निस्सारताको अभिव्यक्ति प्रमुख पात्रहरू लक्ष्मी र रविका माध्यमबाट भएको छ । लक्ष्मीले सम्पन्नताको अपेक्षासहित सहरमा प्रवेश गरेपश्चात् सङ्कट भोग्नुपर्दा निस्सारताबोध गरेको छ । यसले साथी रविको उन्नतिका सामु आफू

निरीह बन्नुपर्दा समेत जीवनलाई निरर्थक ठानेको कुरालाई उपन्यासमा प्रस्तुत यस उद्धरणले स्पष्ट पारेको छ -"म एकदमसित पराजित भएको छु । मेरो कुनै भविष्य छैन । म यतिन्जेल र पछि एक अन्धकारमा डुब्ने व्यक्ति हुँ" (गौतम, २०४८/२०७४, पृ. ६३) । लक्ष्मीले आफ्नो अपेक्षाविपरीतका समस्याका कारण निस्सारताको अनुभूति गरेको छ । रविले प्रजातन्त्रको प्राप्तिपश्चात् आफूले गरेको सङ्घर्षको कुनै मूल्य नहुँदा र उपेक्षित हुनुपर्दा निस्सारताको बोध गरेको छ । यस उपन्यासमा अस्तित्ववादी निस्सारतालाई केन्द्रीय कथ्य बनाएको देखिँदैन । उपन्यासका पात्रले गरेका सङ्घर्षका क्रममा कतिपय अवस्थामा तिनले प्राप्त गरेको सफलताको अनुभूति सबल ढङ्गले अभिव्यक्त हुँदा निस्सारताले सबलता प्राप्त गर्न सकेको छैन ।

*दुबिधा* उपन्यासमा अस्तित्ववादी निस्सारतालाई शिवराम, शम्भु, जीवन, अमरराज र आत्मरामले गरेको अनुभवका माध्यमबाट अभिव्यक्त गरिएको छ । शिवरामले पत्नीको मृत्युका कारण जीवनलाई व्यर्थ ठानेको छ । शम्भुले आफूलाई ब्लड क्यान्सर भएपछि यो ग्रह बस्न लायक नदेख्नु र जीवनले पनि यस कुरालाई समर्थन जनाएको प्रसङ्गले जीवनप्रतिको निस्सारतालाई बोध गराएको देखिन्छ । अमरराज परिवारबाट उपेक्षित हुनुपर्दा जीवनलाई दुर्भाग्ययुक्त ठान्नुलाई निस्सारताका रूपमा लिन सकिन्छ । यसै गरी अमरराजका बाजे आत्मरामले परिवारबाट उपेक्षित बनेका कारण जीवनप्रति नै निस्सारताको अनुभव गरेको छ । उपन्यासका पात्रहरू रमणीयतामा केन्द्रित भएका अवस्थामा शम्भुलाई लागेको भयानक रोगका कारण तिनमा जीवनप्रति निस्सारताको अनुभूति भए पनि यसलाई नै प्रमुख आधार बनाएको भने देखिँदैन । उपन्यासका पात्रले प्रसङ्गवश निस्सारताको अनुभूति गरेको कुरालाई प्रस्तुत गरेकाले यस मान्यताको अभिव्यक्ति मध्यम खालको देखिएको हो ।

*अग्निदत्त+अग्निदत्त* उपन्यासमा अस्तित्ववादी निस्सारताको अभिव्यक्ति वृक्षा र अग्निदत्तका माध्यमबाट भएको छ । वृक्षाको सुन्दरताबाट प्रभावित पुरुषले उपहार दिएका घटनाका कारण उसले आफ्नो जन्मलाई नै धिक्कार्नुलाई निस्सारताका रूपमा लिन सकिन्छ । अग्निदत्तसँग प्रेम विवाह गरेकी वृक्षालाई सासूले उपयुक्त नमान्नु, छोरो सासूसँग रत्तिनु तथा अग्निदत्तले ध्यान नदिँदा निस्सारताको अनुभव गरेकी छ । अग्निदत्तले 'तुरूप राज्य' का बेथिति र विसङ्गतिका कारण जीवन अगि बढाउन असमर्थ रहेको अभिव्यक्ति दिनु निस्सारता नै हो । मौलिक अग्निदत्तले अग्निदत्त र वृक्षाको बिहेलाई अवैध मान्दै वृक्षालाई आफूले पाउनुपर्ने कुरा अदालतबाटै प्रमाणित गराएपछि यी दुई पात्र सरोवरमा गएर डुबुल्की मार्नुमा निस्सारताभाव व्यक्त भएको छ । यस उपन्यासमा अस्तित्ववादी निस्सारताको अभिव्यक्ति मूलतः पात्रले भोग्नुपरेका असफलताका क्षणमा मात्र भएको छ । तसर्थ त्यस दृष्टिको अभिव्यक्तिको अवस्था यस उपन्यासमा मध्यम देखिएको हो ।

*फूलको आतङ्क* उपन्यासमा 'ऊ' पात्रका माध्यमबाट अस्तित्ववादी निस्सारता व्यक्त गरिएको छ । फूलको सौन्दर्य प्राप्त गर्न नसक्दा जीवनमा पीडा र अन्धकार छाएको अनुभव गर्दै जीवनको सृष्टिप्रति नै वितृष्णाभाव प्रकट गर्नु अस्तित्ववादी निस्सारता हो । यस उपन्यासमा प्रसङ्गवश निस्सारताको अभिव्यक्ति भएको छ । उपन्यासका सूत्रमा जीवनको व्यर्थताको उल्लेख भए पनि त्यस दृष्टिलाई नै केन्द्रीय कथ्य बनाएको देखिँदैन ।

*सहस्राब्दीको अन्तिम प्रेमकथा* उपन्यासमा विग्रहका माध्यमबाट अस्तित्ववादी निस्सारता व्यक्त भएको छ । यसले समिधाले गरेको बेवास्ताका कारण आफूलाई दुःखी, रोगी र गरिब ठानेको उपन्यासको सन्दर्भले निस्सारतावादी दृष्टिलाई बोध गराएको छ । कान्तिसँग विग्रहको सम्बन्ध रहेको भन्ने विषयमा जानकारी भएपछि समिधाले उपेक्षा गर्दा विग्रहले जीवनलाई निरर्थक ठानेको छ । यस उपन्यासमा मूलतः प्रमुख पात्र विग्रहले भोग्नुपरेका असफलताका क्षणमा निस्सारताको अनुभूति गरेको कुरालाई प्रासङ्गिक रूपमा प्रस्तुत भएको छ ।

*तथाकथित* उपन्यासमा प्रधानमन्त्रीले क्रान्तिकारी साथीबाट धम्की आएपछि निस्सारताबोध गरेको छ । सीतारामले पत्नीको मृत्युपश्चात् परिवारबाट उपेक्षित र तिरष्कृत भएर कोठामा बन्दी जीवन व्यतीत गर्दा निस्सारताको बोध गरेको छ । 'नवरत्न भवन' को इमानदार कर्मचारी प्रदीपले प्रेमिका तन्द्रिकाको पदोन्नतिका लागि प्रश्नपत्र बाहिर ल्याएको भन्ने मिथ्या आरोपमा कारबाही भोग्न पर्दा निस्सारताको बोध गरेको छ । यस उपन्यासमा प्रधानमन्त्रीले समस्यामा परेका बेला मात्र निस्सारताको बोध गरेको अन्य क्षणमा धन र पदमा रमाएकाले त्यस दृष्टिको अभिव्यक्ति सबल बनेको छैन । उपन्यासको अन्त्यमा सीतारामको बदमासीबाट विरक्त बनेको प्रधानमन्त्रीले गेरुवस्त्र धारण गरी ध्यानमा लीन भएको सन्दर्भसँगै उपन्यास विसङ्गतिमा समापन भएको देखिन्छ ।

*भीमसेन-४ को खोजी* उपन्यासमा 'म' पात्र, कोलम्बस-समूह र एकचक्रावासीका माध्यमबाट अस्तित्ववादी निस्सारता अभिव्यक्त भएको छ । उपन्यासमा आएका यी पात्रले अस्तित्वका लागि गरेका प्रयत्नमा भोग्नुपरेका असफलतालाई केन्द्रीय कथ्य बनाइएको छ । उपन्यासको प्रारम्भदेखि नै यी पात्रले जीवनलाई निस्सार ठानेका र भीमसेन-३ ले घात गरेका कारण त्यस निस्सारताको अनुभूतिबाट मुक्त हुने सम्भावना देखिएको छैन । सूत्र उपन्यास भए पनि आख्यानको शृङ्खला रहेको यस उपन्यासमा निस्सारतालाई केन्द्रीय कथ्य बनाइएको छ ।

*जेलिएको* उपन्यासमा अस्तित्ववादी निस्सारता उपन्यासको प्रमुख चरित्र राम उपाध्याय, उसकी आमा, राजीव र जनकप्रसादकी पत्नीका माध्यमबाट व्यक्त भएको छ । राम उपाध्यायले भोक, अन्याय, गरिबीका कारण जीवनलाई व्यर्थ ठानेको छ । राम उपाध्यायकी आमाले आफ्नो अस्तित्व बेचेर छोराछोरीको अस्तित्व बचाएकामा आखिर छोराले आशङ्का र घृणा प्रकट गर्न

थालेपछि जीवनलाई निरर्थक ठानेकी छ । तराईको राजीवलाई जबर्जस्ती करणी गरेको आरोपमा जेलमा हालिनु जस्ता घटनाका कारण उपन्यासका पात्रमा जीवनप्रति निस्सारताको भाव जागृत भएको कुरालाई प्रस्तुत गरिएको छ । यसै गरी जनकप्रसादकी पत्नीले दुःख गरेर हुर्काएका छोराहरूबाट उपेक्षा भोग्नुपरेकाले जीवनप्रति निरर्थकताको अनुभव गरेको कुरालाई प्रस्तुत गरिएको छ । यस उपन्यासमा अस्तित्ववादी निस्सारताको अभिव्यक्ति प्रसङ्गवश भएको देखिन्छ ।

*घुर्मी* अनुभवन्यासमा चेतचन्द्रले साथीका उपेक्षा, आर्थिक समस्या, अध्ययनको निरन्तरता, जागिर, पारिवारिक समस्या, प्राध्यापक पदोन्नतिमा अवरोध, साझा प्रकाशन र प्रज्ञाप्रतिष्ठानसँगको निकटता जस्ता अनेक घुर्मीका क्रममा भोग्नुपरेका समस्याका कारण निस्सारताको बोध गरेको कुरा प्रस्तुत छ । सार्त्र, कामु र काफ्काबाट प्रभावित चेतले अस्तित्ववादी दृष्टिप्रति रुचि राख्ने कुरालाई यस उद्धरणले समेत स्पष्ट पारेको छ -"डी. लिट्. गर्ने भनेर अध्ययनबिदा पनि लिएको थियो । 'नेपाली अस्तित्ववादी उपन्यास' मा गर्ने विचार थियो" (गौतम, २०६५/२०६६, पृ.१३९) । चेतले जीवनमा अपेक्षा गरेका यस्ता कुरा पूरा नहुँदा पनि जीवनलाई निस्सार ठानेको देखिन्छ । उपन्यासमा चेतका जीवनका विविध पक्षको अभिव्यक्ति भएको तर निस्सारतालाई नै केन्द्रीय कथ्य बनाएको देखिँदैन ।

*एक असफल आख्यानको आरम्भ* उपन्यासमा आएका वृद्ध लेखक, आधार शर्मा, प्रतिमा, एक कवि, चार वृद्धहरू, एक लेखकले जीवनमा भोग्न परेका असफलताका कारण निस्सारताको बोध गरेको कुरालाई आख्यानात्मक रूपमा प्रस्तुत गरिएको छ । क्षमतावान् र प्रतिभाशाली पात्र वृद्ध लेखकले साहित्यिक क्षेत्र, साथीभाइ र परिवारबाट तिरस्कृत र एक्लो पारिएपछि लेखन कार्य नै बन्द गर्नुले निस्सारतालाई बोध गराएको छ । आधार शर्माले सुषुम्ना र समृद्धिबाट धोका पाएपछि र सुषुम्नालाई बौद्धिक विभागको प्रमुख बनाएपछि निस्सारताको बोध गरेको छ । प्रतिमाको समयमा बिहे नहुँदा, क्षमतावान एक कविलाई कार्यालयमा प्रवेशमा प्रतिबन्ध लगाउँदा तथा चार वृद्धले जीवनको मूल्य नरहेको कुरा गर्नु निस्सारतावादी चिन्तन हो । एक लेखककी पत्नीले आवश्यकताको पूर्ति र मातृत्व शक्तिलाई सुचारु राख्न भनी छाडेपछि लेखकले आफूलाई अझ असफल ठान्नु निस्सारता नै रहेको देखिन्छ । बृहत् आकारको यस उपन्यासमा निस्सारताका अभिलक्षणहरू प्रशस्त आए पनि त्यसै दृष्टिलाई घनीभूत बनाएको देखिँदैन । तसर्थ यस निस्सारताको अभिव्यक्ति मध्यम खालको देखिएको हो ।

*अप्रिय* उपन्यासमा अस्तित्ववादी निस्सारताको अभिव्यक्ति केशवप्रसादका माध्यमबाट भएको छ । यस पात्रले राम उपाध्यायको उपन्यासको पात्र बन्ने कुरालाई स्वीकार गर्दा सिर्जना भएका समस्याका कारण जीवनलाई निस्सार ठानेको छ । राम उपाध्यायले केशवप्रसादको स्वाभिमानमा चोट पुग्ने गरी आफ्नो उपन्यासमा चित्रण गर्नु, लेखकको जालबाट उम्कन नसक्नु,

मिथ्या कर्तुतको आरोप लगाउँदै उपन्यासमा चित्रण गर्नु, लेखककै योजनाअनुसार घर चल्नु, घरपरिवारका सदस्यले समेत राम उपाध्यायको कुरालाई उपयुक्त ठान्नु जस्ता आफ्ना प्रतिकूल परिणतिका कारण केशवप्रसादले निस्सारताको बोध गरेको हो । यस उपन्यासमा प्रासङ्गिक रूपमा निस्सारता अभिव्यक्त भएको तर त्यसलाई नै केन्द्रीय कथ्य बनाएको देखिएको छैन ।

*एक पुनर्निर्मित प्रेमाख्यान* उपन्यासमा प्रेमी 'सी' र प्रेमिका 'श' पात्रका माध्यमबाट अस्तित्वादी निस्सारता व्यक्त गरिएको छ । यी दुवै पात्रले गरेको हार्दिक प्रेम दाम्पत्य जीवनमा पुग्न नसक्दा जीवन सुखद नबनेको कुरामा अस्तित्ववादी निस्सारता अभिव्यक्त भएको छ । 'श' पात्रले व्यापारीसँग बिहे गरेर आर्थिक सम्पन्नता प्राप्त गरे पनि पारिवारिक सन्तुष्टि प्राप्त गर्न नसक्दा निस्सारताको बोध गरेकी छ । यस उपन्यासमा निस्सारतालाई नै मूल प्रवृत्ति नबनाइएको र प्रसङ्‌वश यसको अभिव्यक्ति भएको देखिएको छ ।

*वञ्चक*मा अनुभवन्यासमा अस्तित्ववादी निस्सारताको अभिव्यक्ति 'ऊ' पात्रका माध्यबाट भएको छ । भोजपुरी भाषामा 'वञ्चक' ले मान्छे जीवनमा निरन्तर सङ्घर्ष गरे पनि कहीँ नपुग्ने निस्सारतावादी दृष्टियुक्त अर्थलाई सम्प्रेषण गरेको छ । यो अपरिचित दुनियाँमा आएको 'ऊ' पात्रले संवेदना, भावुकता र मानवीय भय लिएर बाँचिरहेको कुराका माध्यमबाट अस्तित्ववादी निस्सारता व्यक्त गरिएको छ । यस उपन्यासमा निस्सारता केन्द्रीय कथ्य बनेको देखिँदैन ।

*विगत जस्तो केही* सूत्रउपन्यासमा प्रेमी र प्रेमिकाका माध्यमबाट अस्तित्ववादी निस्सारता व्यक्त भएको छ । प्रेमीलाई प्रेमिकाले धोका दिएर अर्कैसँग बिहे गरी बच्चा जन्माएका कारण प्रेमीमा निस्सारताको भाव देखिएको छ । यस्तो अवस्थामा प्रेमीले उक्त प्रेमिकासँगको प्रेमले विश्राम लिए पनि आफूले प्रेमबाट भने विश्राम नलिएको बताएको छ । यही प्रेममा असफलता र निरन्तरताका कारण निस्सारताको अनुभव गरेको कुरालाई प्रेमीको यस अभिव्यक्तिले स्पष्ट पारेको छ -"बदाम खाँदै हामीले प्रेम थालेका थियौँ अब तिनका बोक्रा खोज्दै छौँ" (गौतम, २०७३, पृ. १२) । प्रेमीले जीवनलाई निरस ठानेको छ भन्ने कुरा यस उद्धरणबाट स्पष्ट भएको छ । प्रेमीले स्वार्थी प्रेमिकाप्रति समर्पण भाव राख्दा र प्रेमिकाले प्रेमीले निरन्तर पिछा गर्दा निस्सारताबोध गरेका छन् । यस उपन्यासमा निस्सारता प्रसङ्गवश आएको तर त्यसलाई नै घनीभूत रूपमा अभिव्यक्त गरेको देखिँदैन ।

*चकमन्नमा एकान्त* उपन्यासमा अस्तित्ववादी निस्सारताको अभिव्यक्ति अनदकुमारका माध्यमबाट भएको छ । यस पात्रले आर्थिक अवस्थाको सुधारका निम्ति रूपवती र प्रतिभाशाली पात्र मार्लिनसँग बिहे गरेको तर पत्नीले सम्बन्ध विच्छेद गरेपछि दुःखी बनेको कुरालाई यस उद्धरणले स्पष्ट पारेको छ -"म वास्तवमा एउटा जुठो खाँदै, जडाउरी लाउँदै, जीउमा फुसको छानोबाट चुहिएको झरीको पानी थाप्दै हुर्केको बच्चो हुँ" (गौतम, २०७६, पृ. १५५) ।

अनदकुमारको यस अभिव्यक्तिमा निस्सारता र सङ्घर्ष व्यक्त भएको छ । यसले सङ्घर्ष गरिरहँदा पत्नीबाट पाएको धोकाका कारण जीवनमा निस्सारताको अनुभव गरेको हो भन्ने स्पष्ट हुन्छ । यस उपन्यासमा निस्सारताको अभिव्यक्ति मध्यम खालको छ ।

केटाकेटीमा फुकेर सातो फर्काएजस्तै प्रमुख चरित्र कृष्णप्रसादको सत्र वर्षको उमेरदेखि गुमेको पुरानो संवेदना पानीमा भिजेपछि पुनः फर्केको जस्तो अतिकाल्पनिक विषयलाई आधार बनाई नामकरण गरिएको *सातो* उपन्यासमा अस्तित्ववादी निस्सारता यसै चरित्रका माध्यमबाट व्यक्त गरिएको छ । यो पात्र परिचय, आर्थिक, पारिवारिक, शारीरिक जस्ता विविध समस्यामा पर्दा जीवनलाई निस्सार ठानेको छ । कृष्णप्रसादले आफू बस्दै गरेको टोल असुरक्षित बन्दै गएकामा निस्सारताको अनुभव गरेको कुरालाई यस उद्धरणले स्पष्ट पारेको छ -“टोलमा बाँच्नु र त्रासमा बाँच्नुमा अन्तर देखिँदैन” (गौतम, २०७९, पृ. १५) । कृष्णप्रसादले टोलमा देखिएका विकृति, बेथितिका कारण जीवनमा खुसीको अनुभव गर्न सकेको देखिँदैन । यो पात्र जन्मँदा रूप र आकार शिशु देखिए पनि सोर बर्से यौन सुलभताका कारणले समेत दुःखी बनेको छ । यस उपन्यासमा प्रासङ्गिक रूपमा निस्सारता व्यक्त गरिएकाले केन्द्रीय कथ्य बनाएको देखिँदैन ।

ध्रुवचन्द्र गौतमका उपन्यासमा अस्तित्ववादी निस्सारताको अभिव्यक्ति केकस्तो रहेको छ भनी गरिएको सर्वेक्षणले त्यस दृष्टिको सबल अभिव्यक्ति भएको कुरालाई स्पष्ट गरेको छ । उनका सबै उपन्यासमा निस्सारताको अभिव्यक्ति भए पनि त्यस दृष्टिलाई नै केन्द्रीय कथ्य बनाइएका उपन्यास भने *डापी, कट्टेल सरको चोटपटक, स्वर्गीय हीरादेवीको खोज* र *भीमसेन-४ को खोजी* गरी चारओटा रहेका छन् ।

## २.३ वरणस्वतन्त्रताको अभिव्यक्ति भएका उपन्यासहरू

अस्तित्ववादी उपन्यासकार ध्रुवचन्द्र गौतमका उपन्यासको त्यसै दृष्टिका कोणबाट विश्लेषण गर्नाका लागि सर्वेक्षणात्मक अध्ययन गरिएको छ । उक्त अध्ययनबाट उनका उपन्यासमा त्यस दृष्टिअन्तर्गतको वरणस्वतन्त्रताको अभिव्यक्ति भएको देखिएको छ । अस्तित्ववादी वरणस्वतन्त्रतालाई केन्द्रीय कथ्य बनाइएकादेखि न्यून अभिव्यक्ति भएका उपन्यासलाई दृष्टिगत गर्दा उनका सबै उपन्यासमा त्यस मान्यताको अभिव्यक्ति भएको देखिन्छ । त्यस दृष्टिको न्यून अभिव्यक्ति भएका उपन्यासलाई यस सर्वेक्षणमा जानकारी नगराइए पनि तालिका एकमा भने त्यसका बारेमा समेत उल्लेख गरिएको छ । गौतमका अट्ठाइसओटै उपन्यासको सर्वेक्षणात्मक अध्ययन गरी अस्तित्ववादी वरणस्वतन्त्रताको गहन र मध्यम अभिव्यक्ति भएका उपन्यासका बारेमा अध्ययन गर्नु सान्दर्भिक देखिन्छ ।

*बालुवामाथि* उपन्यासमा सरिता, सविता, कमल, कमला र कमलका दाजुका माध्यमबाट वरणस्वतन्त्रता अभिव्यक्त भएको छ । सरिता र सविताले कमलप्रतिको आकर्षणलाई अस्वीकार

गर्नु, कमलले कमलासँग बिहे गर्नु, कमलाले बलरामसँग निकटता देखाउनु, कमलका दाजुले कमलको घर छाड्नु जस्ता उपन्यासका घटनामा वरणस्वतन्त्रता अभिव्यञ्जित भएको छ । मूलतः प्रमुख पात्रले गरेको निर्णयका कारण उनीहरूमा दुःख र चिन्ता बढ्दै गएको कुरालाई प्रस्तुत गरिएको छ । यस उपन्यासमा कुनै एक पात्रले गरेको निर्णयका आधारमा उपन्यासका घटना प्रभावित भएको देखिँदैन । फरक फरक पात्रले गरेका निर्णयका आधारमा वरणस्वतन्त्रताको खोज गरिएको हो । उपन्यासमा यसलाई नै केन्द्रीय विषय नबनाई पात्रले परिस्थितिवश निर्णय गरेकाले वरणस्वतन्त्रताको अभिव्यक्ति मध्यम देखिएको छ ।

*डापी* उपन्यासमा अस्तित्ववादी वरणस्वतन्त्रताको अभिव्यक्ति मध्यम देखिन्छ । मूलतः उपन्यासको प्रमुख चरित्र विक्रमले स्वतन्त्र निर्णय गर्दै जीवन यात्रामा सक्रिय रहेको कुराका माध्यमबाट अस्तित्ववादी वरणस्वतन्त्रता व्यक्त गरिएको छ । विक्रम आफ्नो पैतृक सम्पत्ति छाडी डापीटोलमा बस्नु, बीनूसँगको प्रेम र बिहेलाई स्वीकार गर्नु तथा 'कखग' पात्रका विरुद्ध लाग्ने कुरा गर्नु जस्ता निर्णयका कारण आइपरेका समस्याप्रति जिम्मेवारसमेत रहेको कुराका माध्यमबाट अस्तित्ववादी वरणस्वतन्त्रता अभिव्यक्त भएको देखिन्छ । यस उपन्यासमा पात्रले गरेको निर्णयका कारणबाट उपन्यासका घटनाक्रम विकसित भए पनि अन्य मान्याताको सबल अभिव्यक्ति भएकाले यस मान्यताको अभिव्यक्ति मध्यम खालको देखिएको हो ।

*कट्टेल सरको चोटपटक* उपन्यासमा प्रमुख पात्रहरू कट्टेल र सावित्रीले गरेको स्वतन्त्र निर्णयका माध्यमबाट अस्तित्ववादी वरणस्वतन्त्रता अभिव्यक्त गरिएको छ । सावित्रीका लागि अन्य विकल्प रहे पनि पढेलेखेको पात्रसँग जीवन सुखद बन्ने अपेक्षास्वरूप कट्टेलसँग बिहे गर्नु उसको वरणस्वतन्त्रता रहेको देखिन्छ । यसै गरी कुमारको निम्तो स्वीकार गरेर पार्टीमा जानुलाई कट्टेल र सावित्रीको वरणस्वतन्त्रताका रूपमा लिन सकिन्छ । उपन्यासका प्रमुख चरित्रले गरेका स्वतन्त्र निर्णयका कारण आइपरेका समस्या आफ्नै निर्णयका कारण सिर्जित भएको कुराका माध्यमबाट वरणस्वतन्त्रता अभिव्यक्त भएको छ । जीवनमा आइपरेका समस्याका स्थितिमा यस उपन्यासका पात्रले निर्णय गरे पनि यसकै कारण सम्पूर्ण घटनाक्रम विकसित भएको देखिँदैन ।

*अलिखित* उपन्यासमा विरहिनपुर बरेवामा प्राचीन महत्त्वका वस्तुहरूको उत्खननका लागि काठमाडौँबाट आएको एघार जनाको टोली तथा उपन्यासमा प्रयुक्त अन्य पात्रहरू अनुप मिस्त्री र विश्वनाथप्रसाद सिंहका माध्यमबाट अस्तित्ववादी वरणस्वतन्त्रता अभिव्यक्त भएको छ । बहुनायकत्व र बहुपात्रीय प्रयोग भएको यस उपन्यासमा एघार जनाको टोली विरहिनपुर बरेवा गई उत्खननमा सक्रिय रहनु तिनको वरणस्वतन्त्रता रहेको देखिन्छ । ऋषिराम भुर्तेल र कर्णबहादुर थापाले बरेवाका युवतीहरूलाई मन पराउनुलाई वरणस्वतन्त्रताका रूपमा लिन सकिन्छ । अनुप मिस्त्रीले बीन जातकी स्त्रीलाई भगाएपछि ती पात्रले समस्यालाई भोगेको सन्दर्भले

वरणस्वतन्त्रतालाई बोध गराएको छ । जिम्दार विश्वनाथप्रसाद सिंहले इनार र बाँध मर्मत गर्ने निर्णयका कारण इनरा र सुनरा जस्ता स्थानीयबाट आरोप खेप्नुपरेको कुराका माध्यमबाट समेत वरणस्वतन्त्रता अभिव्यक्त भएको छ । उपन्यासमा कुनै एक दुई पात्रले गरेको निर्णयका कारण घटनाक्रम प्रभावित नभएकाले वरणस्वतन्त्रताको अभिव्यक्ति मध्यम खालको रहेको छ ।

*निमित्त नायक* उपन्यासमा अस्तित्ववादी वरणस्वतन्त्रताको अभिव्यक्ति विनयकुमार, वीरमान, केशव, सुनिताले गरेका निर्णयका माध्यमबाट भएको छ । उपन्यासको प्रमुख पात्र विनयकुमारले ज्योतिलाई प्रेमपत्र दिनु तथा अर्को पात्र वीरमान राजनीतिमा प्रवेश र त्यहाँका विकृतिका कारण तर्कसहित बाहिरिनुलाई वरणस्वतन्त्रताका रूपमा लिन सकिन्छ । ट्याक्सी ड्राइभर केशवले नौ कक्षामा पढ्ने सुनितासँग बिहे गरेपश्चात् समस्या झेले पनि उत्तरदायित्व वहन गरेका सन्दर्भबाट वरणस्वतन्त्रता अभिव्यक्त भएको छ । यसै गरी सुनिताले केशवसँग बिहे गरेपश्चात् घर माइत कतैबाट वास्ता नभए पनि उससँगै बसेको सन्दर्भले वरणस्वतन्त्रतालाई बोध गराएको छ । यस उपन्यासका धेरै पात्रले स्वतन्त्र निर्णय गरेका तर त्यसकै केन्द्रीयतामा सिङ्गो उपन्यास संरचित भएको देखिँदैन ।

*स्वर्गीय हीरादेवीको खोज* उपन्यासमा अस्तित्ववादी वरणस्वतन्त्रताको अभिव्यक्ति गहन ढङ्गले भएको छ । प्रमुख पात्र कुमारले परिचय, जागिर र प्रेमका लागि गरेको निर्णयकै केन्द्रीयता उपन्यासका घटनाक्रम विकसित भएका छन् । यस पात्रले गरेका निर्णयका कारण सिर्जित समस्यासँग सम्बद्ध भएर सिङ्गो उपन्यास संरचित भएकाले वरणस्वतन्त्रता यस उपन्यासको केन्द्रीय कथ्य बनेको हो ।

*एक शहरमा एक कोठा* उपन्यासमा प्रमुख 'म' पात्रका माध्यमबाट अस्तित्ववादी वरणस्वतन्त्रता अभिव्यक्त भएको छ । यस पात्रले जागिर खाने, गीतासँग बिहे गर्ने तथा कर्णप्रसादको रक्सी खाने आग्रहलाई स्वीकार गर्ने जस्ता निर्णय गरेको छ । उसले गरेका निर्णयका कारण आर्थिक समस्या तथा जेल र अस्पताल बस्नुपरेका जस्ता समस्या भोगेको छ । यो पात्र आफूले गरेका निर्णयका कारण सिर्जित समस्याप्रति जिम्मेवार रहेको छ । यस उपन्यासमा 'म' पात्रले गरेका निर्णका कारण उपन्यासका घटनाक्रम विकसित भएकाले वरणस्वतन्त्रता मूल विषय बनेको हो ।

*उपसंहार अर्थात् चौथो अन्त्य* उपन्यासका प्रमुख पात्रहरू रवि र लक्ष्मीका माध्यमबाट वरणस्वतन्त्रता व्यक्त गरिएको छ । यी पात्रले सहरमा जाने निर्णय गरेपश्चात् कोठाको भाडा तिर्न नसक्नु, होटलमा खाना खाएको पैसा तिर्न नसक्नु जस्ता समस्या झेलिरहेका छन् । लक्ष्मीले रविको सिर्जना, धनाढ्य अमितासँगको प्रेम र दश कविता जर्मन भाषामा अनुवाद हुने प्रगतिजन्य कुराका कारण पीडाबोध गरेको छ । यस्तो ईर्ष्या र पीडाबोध गर्ने साथीसँग गाँसिएर रवि बस्नु र छुट्टिएर

बस्दा पनि साथी र शत्रुका रूपमा लिनुमा उसको स्वतन्त्रता रहेको कुरालाई उपन्यासमा प्रस्तुत गरिएको छ । उपन्यासमा यी पात्रले गरेका निर्णयलाई नै आधार बनाई उपन्यासको संरचना तयार भएको देखिँदैन । तसर्थ वरणस्वतन्त्रताको अभिव्यक्ति मध्यम देखिएको हो ।

*दुबिधा* उपन्यासमा अस्तित्ववादी वरणस्वतन्त्रताको अभिव्यक्ति मुख्य पात्र अमरराज र उसका बा शिवरामका माध्यमबाट भएको छ । अमरराजले मीनासँग प्रेमसम्बन्ध स्थापित गर्नु, मीनाको विलासी प्रवृत्तिबाट असन्तुष्ट बन्नु, मीनाले अर्कैसँग बिहे गर्नु अनि अमरराजले पढेलेखेकी युवती शान्तिसँग बिहे गर्नु जस्ता औपन्यासिक घटनाक्रममा अस्तित्ववादी वरणस्वतन्त्रता प्रस्तुत भएको छ । शिवरामले पत्नीको मृत्युपश्चात् मीनासँग बिहे गरेसँगै जवानीले भरिएकी पत्नीलाई खुसी पार्न नसक्ने जस्ता समस्याको सामना गर्नुपरेका सन्दर्भबाट वरणस्वतन्त्रता व्यक्त भएको छ । यस उपन्यासका पात्रले गरेका निर्णयका कारण सिङ्गो उपन्यासका घटना विकसित नभएकाले वरणस्वतन्त्रता मध्यम खालको देखिएको छ ।

*अग्निदत्त+अग्निदत्त* उपन्यासमा अस्तित्ववादी वरणस्वतन्त्रताको अभिव्यक्ति उपन्यासका प्रमुख पात्रहरू वृक्षा र अग्निदत्तका माध्यमबाट भएको छ । वृक्षाले तास खेल्ने निर्णय गर्दा जित्ने आशामा खाल फेर्दै हिँड्न पर्नु र पुरुषको नजरमा परिरहन पर्नु जस्ता समस्या भोगेकी छ । आफ्नै निर्णयका कारण सिर्जित समस्याप्रति ऊ उत्तरदायीसमेत रहेकी छ । दिदीले बिहे नगर्न आग्रह गर्दा गरिब भए पनि असल र शिक्षित भएकाले मन्दिरमा गएर वृक्षाले अग्निदत्तसँग बिहे गर्दा सासूले गरेको व्यङ्ग्यात्मक अस्वीकृतिको सामना गर्दै अग्निदत्तसँग जीवन बिताइरहेका घटना तथा अग्निदत्त प्रजातान्त्रिक आन्दोलनमा लाग्दा बाबु, भाइबाट उपेक्षित भई घर छाड्न परेको जस्ता समस्याका माध्यमबाट समेत वरणस्वतन्त्रता अभिव्यक्त भएको छ । यस उपन्यासमा पात्रले गरेको निर्णयले नै सम्पूर्ण घटना विकसित भएको देखिँदैन ।

*फूलको आतङ्क* उपन्यासमा 'ऊ' पात्रले एक सम्पन्न परिवारकी छोरीसँग बिहे गर्नाका लागि सिद्धान्तविहीन र अनैतिक बनेर ओभरकोट नलगाउने निर्णय गर्नुमा अस्तित्ववादी वरणस्वतन्त्रता अभिव्यक्त भएको छ । यस उपन्यासमा पात्रले गरेको निर्णयले सिङ्गो उपन्यासका घटनाक्रम विकसित नभएकाले वरणस्वतन्त्रताको अभिव्यक्तिका दृष्टिले मध्यम खालको देखिएको छ ।

*बाढी* उपन्यासमा अस्तित्ववादी वरणस्वतन्त्रताको अभिव्यक्ति उपन्यासको प्रमुख पात्र चेतका माध्यमबाट भएको छ । चेतले प्रेमपत्र दिएकी 'श' सँग बिहे हुन नसक्ने भएपछि बिहेका लागि उसलाई बाटो खुला गरिदिएका सन्दर्भबाट वरणस्वतन्त्रता व्यक्त भएको छ । चेत काठमाडौँ आउने निर्णयपश्चात् जागिर, कोठा, आर्थिक जस्ता समस्या भोग्दै सङ्घर्ष गरिरहेकाले उत्तरदायित्व वहन गरेकै छ । यसै गरी वीरगञ्जमा राजालाई गीत सुनाउन नपाएपछि उद्घोषणको जिम्मेवारी

अस्वीकार गर्नु, काठमाडौँमा आधा रोपनी जग्गासहित एक केटीलाई बिहे गर्ने प्रस्ताव अस्वीकार गर्नु पनि उसको वरणस्वतन्त्रता नै हो । चेतका जीवनका अनेक पक्षहरूको चित्रण गर्ने क्रममा उसले गरेका निर्णयका बारेमा पनि चर्चा भएको तर यसलाई नै केन्द्रीय कथ्य बनाई उपन्यासको विकास भएको देखिँदैन ।

*सहस्राब्दीको अन्तिम प्रेमकथा* उपन्यासमा विग्रह र समिधाका माध्यमबाट अस्तित्ववादी वरणस्वतन्त्रता व्यक्त गरिएको छ । विग्रहले समिधाप्रति प्रेमभाव व्यक्त गरेपछि उसलाई प्रभाव पार्न कक्षामा बौद्धिक प्रस्तुति दिन पर्नु तथा प्रेम प्रगाढ रहेको पुष्टि गर्न हात बजारेर रक्ताम्य पार्नु जस्ता समस्या झेल्न बाध्य भएको छ । दुवै पात्रले प्रेम गर्ने निर्णय गरेपछि आफ्नै खुट्टामा उभिने निर्णय गरेका छन् । उक्त निर्णयपश्चात् जागिरको अप्राप्ति र घरबाट व्यवधान जस्ता समस्या भोग्न बाध्य भएका छन् । विग्रहले पियनको जागिर खाने कुरा स्वीकार गर्दा भोग्नुपरेका आर्थिक र सामाजिक प्रतिष्ठा जस्ता समस्या भोग्न बाध्य भएको छ । यस्ता समस्या भोगे पनि प्रेमको अमरताका लागि उनीहरूले गरेको प्रयत्नबाट अस्तित्ववादी वरणस्वतन्त्रता अभिव्यक्त भएको छ । प्रमुख पात्रले गरेका निर्णयकै आधारमा घटनाक्रम विकसित भएकाले यस उपन्यासमा वरणस्वतन्त्रताको अभिव्यक्ति केन्द्रीय कथ्य बनेको छ ।

*तथाकथित* उपन्यासमा अस्तित्ववादी वरणस्वतन्त्रताको अभिव्यक्ति प्रधानमन्त्री, तन्द्रिका र इन्द्रनाथका माध्यमबाट भएको छ । प्रधानमन्त्रीले आफूसँगै सङ्घर्ष गरेका साथीबाट जोगिन सुरक्षित ठाउँमा जानु तथा राज्यको अस्तित्व रक्षाका लागि दरबार विक्री गर्नु जस्ता सन्दर्भमा वरणस्वतन्त्रता प्रस्तुत भएको छ । तन्द्रिकाले बडाहाकिम सीतारामको सहयोगी भएर काम गर्नु, सीतारामकै नाति प्रदीपसँग प्रेम गर्नु, पछि प्रसन्नसँग निकट बन्नु, हाकिमहरूसँग फूल दिनेलिने गर्नुमा उसको वरणस्वतन्त्रता रहेको देखिन्छ । प्रदीपले तन्द्रिकासँग प्रेम गर्नु, 'नवरत्न भवन' को वैज्ञानिक इन्द्रनाथले पत्नी पोइला गएपछि अर्की नवयुवतीसँग बिहे गर्नु जस्ता उपन्यासभित्र आएका पात्रका क्रियाकलापहरू उनीहरूकै वरणस्वतन्त्रताका कारण घटित भएका हुन् । उपन्यासमा पात्रले प्रसङ्गवश निर्णय त गरेका छन् तर स्वनिर्मितिका लागि गरेको निर्णय मूल विषय बनेर आउन सकेको छैन ।

*भीमसेन-४ को खोजी* उपन्यासमा अस्तित्ववादी वरणस्वतन्त्रताको अभिव्यक्ति कोलम्बस-समूहका माध्यमबाट भएको छ । यस समूहको प्रमुख 'म' पात्रले आफ्नो दाजु अमरले मूर्ति र मान्छे बेचेर आर्थिक समृद्धि प्राप्त गरे पनि त्यस्तो अनैतिक प्रवृत्तिलाई महत्त्व नदिनुमा उसको वरणस्वतन्त्रता रहेको देखिन्छ । आर्थिक उन्नतिमा नलागेका कारण परिवारलाई सन्तुष्ट राख्न नसके पनि परिवारप्रतिको उत्तरदायित्वबाट विमुख भएको छैन । आर्थिक समृद्धिका लागि कोलम्बस-समूह अमेरिकातिर जाँदा एकचक्रा नगरीमा भोग्नुपरेको भयको सामना गर्दै अस्तित्वका

लागि सङ्घर्ष जारी राख्दै उत्तरदायित्व वहन गरेको घटनाका माध्यमबाट वरणस्वतन्त्रता व्यक्त गरिएको छ । पात्रको निर्णयकै केन्द्रीयता उपन्यासमा देखिँदैन ।

*घुर्मी* अनुभवन्यासमा चेतचन्द्रका माध्यमबाट वरणस्वतन्त्रता व्यक्त गरिएको छ । चेतचन्द्रले त्रिचन्द्र छाड्नु, कीर्तिपुर जानु, विद्यावारिधि अध्ययनका लागि पुना जानु, प्राध्यापनबाट राजीनामा दिएर प्रज्ञाप्रतिष्ठानमा जानु जस्ता घटनामा उसको स्वतन्त्र निर्णयको सबलता रहेको प्रस्ट देखिन्छ । उपन्यासमा चेतले जीवनका विभिन्न घडीमा परिस्थितिवश निर्णय गरे पनि त्यसले गरेका निर्णयले नै उपन्यास विकसित भएको देखिँदैन ।

*एक असफल आख्यानको आरम्भ* उपन्यासमा अस्तित्ववादी वरणस्वतन्त्रताको अभिव्यक्ति सुषुम्नाका माध्यमबाट भएको छ । सुषुम्नाले आधार शर्माका चिया खाने आग्रह र भेट्ने आग्रहलाई अस्वीकार गर्नु, अमेरिकामा स्थापना भएको शाखामा जाने कुरामा सहमति जनाउनु जस्ता कुरामा अस्तित्ववादी वरणस्वतन्त्रता अभिव्यक्त भएको पाइन्छ । यस पात्रले प्रसङ्ववश गरेका निर्णय उपन्यासमा प्रस्तुत भएकाले त्यस मान्यताको मध्यम अभिव्यक्ति भएको देखिन्छ ।

*अप्रिय* उपन्यासमा अस्तित्ववादी वरणस्वतन्त्रताको अभिव्यक्ति केशवप्रसादले राम उपाध्यायको उपन्यासको पात्र बन्ने र आर्थिक सहयोग लिने कुरालाई स्वीकार गरेको सन्दर्भबाट व्यक्त गरिएको छ । राम उपाध्यायको यही आग्रहलाई स्वीकार गरेबापत केशवप्रसादले थप समस्या झेल्न बाध्य भएको हो । लेखकले केशवप्रसादलाई सामूहिक बलात्कार, ठगी, हाकिमकी पत्नीसँग अनैतिक सम्बन्ध राखेको जस्ता गम्भीर आरोप लागेका पात्रका रूपमा चित्रण गरेपछि केशवप्रसादमा गम्भीर पीडा थपिएको छ । कम आम्दानी, छोराछोरीको उद्दण्डता, लेखकको आक्रामक प्रस्तुतिबाट पीडित बनेको यस पात्रले आफ्नै निर्णयका कारण सिर्जित समस्या भएकाले ती समस्याप्रति जिम्मेवार बनेको छ । यस उपन्यासमा पात्रले निर्णय गरे पनि यसैलाई केन्द्रीय कथ्य बनाएको देखिँदैन ।

*एक पुनर्निर्मित प्रेमाख्यान* उपन्यासमा आएको प्रेमी 'सी' र प्रेमिका 'श' (शतायु थापा) एउटा सेमिनारमा भेट भएपछि उनीहरूको पचास वर्ष पुरानो प्रेम पुनर्निर्मित बनेको सन्दर्भलाई प्रस्तुत गरिएको छ । यस उपन्यासमा आएका दुवै प्रमुख पात्रहरूका माध्यमबाट वरणस्वतन्त्रता अभिव्यक्त गरिएको छ । प्रेम, बिहे र राजनीतिमा प्रवेशका सन्दर्भमा स्वतन्त्र निर्णय गरेका र दुवै पात्र आआफ्नो पारिवारिक जीवनमा बस्ने कुरा गर्नु पनि उनीहरूको स्वतन्त्रता नै हो । यस उपन्यासमा प्रसङ्गवश पात्रले स्वतन्त्र निर्णय गरेका विषय आएकाले यसको अभिव्यक्तिका दृष्टिले यो उपन्यास मध्यम खालको देखिएको छ ।

*वञ्चक* अनुभवन्यासमा वरणस्वतन्त्रताको अभिव्यक्ति 'ऊ' पात्रका माध्यमबाट भएको छ । 'ऊ' पात्रको चलचित्रप्रतिको रुचि, लेखनप्रतिको निरन्तरता, अध्ययनप्रतिको समर्पण, चावेल र

चुनदेवीको बसाइलाई रोज्दा भोक, रोग, अभाव, एकान्त, वञ्चक जस्ता अनेक समस्या भोगेको छ । उसले यस्ता समस्या भोगे पनि जीवनप्रति प्रवृत्त रहेको कुरालाई यस उद्धरणले प्रमाणित गरको छ -"ऊ पनि जिजीविषा पालेरै बसेको छ । त्यस कारण समयले विभिन्न स्वरूप र सम्बन्धमा हानेका थप्पडहरूलाई सहेर बाँचेको छ । उसले जीवनमा कहिल्यै आत्महत्याबारे सोचेन । जस्तै दुःखमा पनि" (गौतम, २०७१, पृ. ५९) । आफूले गरेका निर्णयका कारण 'ऊ' पात्रले समस्या भोगे पनि जीवनप्रति आशावादी नै रहेको छ । यस उपन्यासमा 'ऊ' पात्रले गरेका निर्णयले मात्र उपन्यासका घटनाक्रम विकसित नभएका अनि जीवनका अनुभवको शृङ्खलाको अभिव्यक्तिको सबलता रहेकाले वरणस्वतन्त्रता मध्यम खालको देखिएको छ ।

*विगत जस्तो केही* सूत्रउपन्यासमा अस्तित्ववादी वरणस्वतन्त्रता प्रेमी र प्रेमिकाबाट अभिव्यक्त भएको छ । प्रेमीले प्रेमिकासँग प्रेम गर्ने निर्णयपश्चात् प्रेमिकाले अर्कैसँग बिहे गरेपछि समस्या भोग्न बाध्य भएको कुराका माध्यमबाट वरणस्वतन्त्रता व्यक्त भएको छ । प्रेमिकाले अर्कैसँग बिहे गरेपछि उससँगको प्रेम विषयले विश्राम लिए पनि आफूले प्रेमबाट विश्राम नलिएको र विचलित नभएको भन्ने सन्दर्भबाट उसले उत्तरदायित्व बहन गरेको स्पष्ट हुन्छ । यसै गरी प्रेमिकाले प्रेमीसँग प्रेम गर्न छाड्नु र अर्कैसँग प्रेम गरेर बिहे गर्नुमा पनि उसको वरणस्वतन्त्रता रहेको स्पष्ट हुन्छ । यस उपन्यासमा पात्रले गरेका निर्णयलाई नै केन्द्रीय विषय बनाएको देखिँदैन ।

*एक आनाको जमाना* अनुभवन्यासमा अस्तित्ववादी वरणस्वतन्त्रताको अभिव्यक्ति चेतचन्द्रका माध्यमबाट भएको छ । उसले परीक्षाका बेलामा पनि पाठ्यपुस्तकभन्दा रुचिका अन्य पुस्तक पढ्नुलाई वरणस्वतन्त्रताका रूपमा लिन सकिन्छ । यसै निर्णयका कारण उसले समस्या भोगेको कुरालाई उपन्यासको यस साक्ष्यले स्पष्ट पारेको छ -"एक पटक जाँचको समयमा, कोर्स बुकमुन्तिर त्यस्तै किताब 'साढे तीन यार' राखेर पढ्दा चेत पकडाएको पनि थियो" (गौतम, २०७४, पृ. ७१) । चेतचन्द्रले सजाय पाउनुको कारण उसकै स्वतन्त्र निर्णय रहेको देखिन्छ । उसले रुचिका विषयप्रति सक्रियता देखाउँदा आर्थिक सङ्कट र साथीबाट अलग्गिनुपरेका जस्ता समस्या झेलेको कुराले वरणस्वतन्त्रतालाई बोध गराएको छ । यस उपन्यासको पात्र चेतचन्द्रका जीवनका विविध पक्षलाई प्रस्तुत गर्ने क्रममा उसले गरेका स्वतन्त्र निर्णयका कुरा पनि आएकाले वरणस्वतन्त्रताको अभिव्यक्ति मध्यम खालको देखिएको छ ।

*चकमन्नमा एकान्त* उपन्यासमा आर्थिक विपन्नताले पीडित तर प्रतिभाशाली पात्र सरोजकुमारले होटलकी लाली नामक केटीलाई प्रेम गरी भगाएपछि कार्यालयमा स्पष्टीकरण दिन पर्नु, चित्त बुझ्दो जवाफ दिए पनि मुख्य कार्यालयबाट बर्खास्ती गरिनु जस्ता समस्या भोगे पनि लालीलाई सँगै लिएर हिँडेका घटनामा अस्तित्ववादी वरणस्वतन्त्रता अभिव्यक्त भएको छ । यस उपन्यासमा पात्रले गरेको निर्णयकै आधारमा सम्पूर्ण घटनाक्रम विकसित भएको देखिँदैन । पात्रले

गरेको निर्णयलाई प्रसङ्गवश प्रस्तुत गरिएकाले यस उपन्यासमा वरणस्वतन्त्रताको अभिव्यक्ति मध्यम प्रकृतिको रहेको छ ।

ध्रुवचन्द्र गौतमका उपन्यासमा अस्तित्ववादी वरणस्वतन्त्रताको अभिव्यक्तिको अवस्था केकस्तो रहेको छ भन्ने उद्देश्य राखी यो सर्वेक्षण गरिएको हो । यस सर्वेक्षणका आधारमा उनका उपन्यासमा त्यस दृष्टिको सबल अभिव्यक्ति भएको कुरा स्पष्ट भएको छ । वरणस्वतन्त्रताको अभिव्यक्तिका दृष्टिले उनका सबै उपन्यास उल्लेख्य रहेका छन् । त्यस मान्यतालाई नै केन्द्रीय कथ्य बनाइएका उपन्यास भने *स्वर्गीय हीरादेवीको खोज, एक शहरमा एक कोठा* र *सहस्राब्दीको अन्तिम प्रेमकथा* गरी तीनओटा रहेका छन् ।

## २.४ व्यक्तिसर्वोच्चताको अभिव्यक्ति भएका उपन्यासहरू

ध्रुवचन्द्र गौतमका उपन्यासको अस्तित्ववादी कोणबाट विश्लेषण गर्ने हेतुले सर्वेक्षणात्मक अध्ययन गरिएको छ । यस अध्ययनबाट उनका उपन्यासमा व्यक्तिसर्वोच्चताको अभिव्यक्त भएको देखिएको छ । अस्तित्ववादी व्यक्तिसर्वोच्चतालाई मूल विषय बनाइएका उपन्यासदेखि स्पर्श मात्र भएका कुरालाई आधार बनाउँदा उनका सबै उपन्यासमा यस मान्यताको अभिव्यक्ति भएको देखिन्छ । यस मान्यताको अति कम प्रयोग भएका उपन्यासलाई यस सर्वेक्षणमा प्रस्तुत नगरिए पनि तालिका एकमा भने उक्त कुराको जानकारी गराइएको छ । गौतमका अट्ठाइसओटै उपन्यासको सर्वेक्षणात्मक अध्ययनका आधारमा व्यक्तिसर्वोच्चताको गहन र मध्यम अभिव्यक्ति भएका उपन्यासका बारेमा मात्र विश्लेषण गरिएको छ ।

*बालुवामाथि* उपन्यासमा प्रमुख पात्र कमललाई नै मूल्यका लागि सङ्घर्षमा सक्रिय गराइएका घटनाका माध्यमबाट व्यक्तिसर्वोच्चता अभिव्यक्त भएको छ । यस पात्रले गरेको निर्णयका कारण उसमा दुःख र चिन्ता बढ्दै गएको देखिएको छ । यस पात्रका जीवनमा आइपरेका समस्याको समाधानका लागि उसलाई सक्रिय बनाएको कुरालाई प्रसङ्गवश प्रस्तुत गरिएकाले त्यस दृष्टिको अभिव्यक्ति सबल बनेको देखिँदैन ।

*डापी* उपन्यासका पात्रले गरेको स्वतन्त्र निर्णयका कारण सिर्जित समस्याको समाधानका लागि तिनलाई नै कर्म, सङ्घर्ष र विद्रोहमा सक्रिय गराई व्यक्तिसर्वोच्चता अभिव्यक्त गरिएको छ । मूलतः प्रमुख पात्र विक्रमले गरेका निर्णयका कारण उसले समस्या भोग्न बाध्य भएको छ । आफ्नो जीवनमा आइपरेका समस्याबाट यो पात्र नभागी तिनलाई भोग्दै सङ्घर्ष गरेको छ । यस उपन्यासमा विक्रमले प्रेम, भीम आदि पात्रका माध्यमबाट समस्याको समाधान गर्ने अपेक्षा राखेको प्रसङ्गले व्यक्तिसर्वोच्चताको गहन अभिव्यक्ति हुन सकेको छैन । यस उपन्यासमा अस्तित्वका लागि पात्र नै सक्रिय रहनुपर्ने कुरालाई प्रसङ्गवश अभिव्यक्त गरिएको छ ।

*कट्टेल सरको चोटपटक* उपन्यासमा प्रमुख पात्रहरू कट्टेल र सावित्रीले समस्यासँग सङ्घर्ष र विद्रोहमा सक्रिय रहेको घटनाका माध्यमबाट व्यक्तिसर्वोच्चता अभिव्यक्त गरिएको छ । यस उपन्यासका प्रमुख पात्रले आफ्नो जीवनमा आइपरेका समस्याको समाधानका लागि स्वयम् सक्रियता देखाएका छन् । ती पात्रले अस्तित्वका लागि देखाएको सक्रियतालाई प्रसङ्गवश प्रस्तुत गरिएकाले व्यक्तिसर्वोच्चताको अभिव्यक्ति मध्यम खालको देखिएको हो ।

*निमित्त नायक* उपन्यासमा पात्रहरू विनयकुमार, वीरमान, केशव, सुनिताले गरेका निर्णयका कारण आइपरेका समस्याको समाधानका लागि ती पात्र नै सक्रिय रहेको कुरा प्रस्तुत गरी व्यक्तिसर्वोच्चता अभिव्यक्त गरिएको छ । यस उपन्यासमा व्यक्तिसर्वोच्चतालाई नै केन्द्रीय कथ्य भने बनाएको देखिँदैन । बहुल पात्रको प्रयोग भएको यस उपन्यासमा ती पात्रले गरेका निर्णयका कारण आइपरेका समस्यासँग उनीहरूले नै सङ्घर्ष गरेको कुरालाई प्रसङ्गवश अभिव्यक्त गरेको देखिन्छ ।

*स्वर्गीय हीरादेवीको खोज* उपन्यासमा कुमार र सोनाले गरेका निर्णयका कारण सिर्जित समस्यासँग ती पात्रलाई नै सङ्घर्ष र विद्रोहमा सक्रिय गराई अस्तित्ववादी व्यक्तिसर्वोच्चता अभिव्यक्त गरिएको छ । यस उपन्यासको संरचना मूलतः कुमारकै जीवनका समस्यामा केन्द्रित रहेको देखिन्छ । यस पात्रले अस्तित्वका लागि गरेका निर्णयका कारण समस्या भोग्न बाध्य भएको छ । आफ्नो जीवनमा आइपरेका समस्याबाट नभागी तिनलाई भोग्दै यसले देखाएको सक्रियताले व्यक्तिसर्वोच्चतालाई नै बोध गराएको छ । यसले आफ्ना समस्याको समाधानका लागि आशा र मामाहरूसँग सहयोगको अपेक्षासमेत गरेको छ । यो पात्र आफ्नो समस्याप्रति सचेत भए पनि विद्रोहमा भने त्यति सबल देखिएको छैन । तसर्थ यस उपन्यासमा व्यक्तिसर्वोच्चताको अभिव्यक्ति मध्यम खालको देखिएको हो ।

*एक शहरमा एक कोठा* उपन्यासमा 'म' पात्रले गरेका निर्णयका कारण आइपरेका समस्यासँग निरन्तर रूपमा उसलाई नै सचेत गराइएको छ । आफ्नो जीवनमा आइपरेका समस्यासँग सम्झौता नगरी यो पात्र सङ्घर्षमा सक्रिय बनेको छ । आफ्नै कारणबाट सिर्जित समस्याको समाधानमा यस पात्रलाई सचेत र सक्रिय बनाएका घटनाका माध्यमबाट अस्तित्ववादी व्यक्तिसर्वोच्चता अभिव्यक्त गरिएको छ । यस उपन्यासमा व्यक्तिसर्वोच्चतालाई केन्द्रीय विषय बनाइएको छ ।

*उपसंहार अर्थात् चौथो अन्त्य* उपन्यासमा सहरमा बस्ने रहर राख्दा आइपरेका समस्यासँग प्रमुख पात्रहरू रवि र लक्ष्मीले सङ्घर्ष गरेको कुराले व्यक्तिसर्वोच्चतालाई बोध गराएको छ । स्वतन्त्र निर्णय गर्दै सहरमा बस्दा कहिले कोठाको भाडा तिर्न नसक्नु, कहिले होटलमा खाना

खाएको पैसा तिर्न नसक्नु जस्ता समस्या यिनीहरूले भोलिरहेका छन् । आफ्ना निर्णयका कारण आइपरेका समस्याप्रति यी पात्रलाई सक्रिय गराएका घटनालाई प्रसङ्गवश अभिव्यक्त गरिएको छ ।

*अग्निदत्त+अग्निदत्त* उपन्यासका प्रमुख पात्रले गरेका निर्णयका कारण आइपरेका समस्याका विरुद्ध तिनलाई नै सङ्घर्षमा सक्रिय गराइनु व्यक्तिसर्वोच्चता हो । अग्निदत्त र वृक्षाले स्वनिर्मितिका लागि गरेका निर्णयका कारण समस्या भोग्न बाध्य भएका छन् । ती पात्रले भोगेका समस्या र ती समस्याको समाधानका लागि तिनले देखाएको सक्रियतालाई प्रसङ्गवश प्रस्तुत गरिएकाले त्यस मान्यताको अभिव्यक्ति सबल बन्न सकेको छैन ।

*बाढी* उपन्यासमा अस्तित्ववादी व्यक्तिसर्वोच्चताको अभिव्यक्ति उपन्यासको प्रमुख पात्र चेतका माध्यमबाट भएको छ । यस उपन्यासमा चेतले गरेका स्वतन्त्र निर्णयका कारण प्रेमका विषयमा, आर्थिक विषयमा र डेराका विषयमा समस्या भोगिरहेको छ । उसले भोग्नुपरेका यस्ता समस्याको समाधानका लागि देखाएको सक्रियताले व्यक्तिसर्वोच्चतालाई बोध गराएको छ । यस उपन्यासमा चेतका जीवनका विविध पक्षको चित्रण गरिएको छ । जीवनका कुनै घडीमा अस्तित्वमा समस्या आएका बेला उसले गरेको निर्णयका कारण आइपरेका समस्यामा ऊ नै सक्रिय बनेको कुराको चर्चा गर्दा व्यक्तिसर्वोच्चता अभिव्यक्त भएको हो । चेतले अस्तित्वका लागि देखाएको सक्रियतालाई प्रसङ्गवश प्रस्तुत गरिएकाले त्यस दृष्टिको सबल अभिव्यक्ति भने भएको देखिँदैन ।

*सहस्राब्दीको अन्तिम प्रेमकथा* उपन्यासमा आर्थिक रूपमा सम्पन्न पात्रहरू विग्रह र समिधाका माध्यमबाट अस्तित्ववादी व्यक्तिसर्वोच्चता व्यक्त गरिएको छ । यी पात्रले आफ्नो अस्तित्वका लागि स्वतन्त्र निर्णय गरेपछि एकपछि अर्को समस्या भोग्न बाध्य भएका छन् । स्वनिर्मितिका लागि गरेका निर्णयका कारण सिर्जित समस्याबाट यी पात्र भागेका छैनन् । आफ्ना निर्णयका कारण सिर्जित समस्याको समाधानका लागि यी पात्रलाई नै सक्रिय बनाई यस उपन्यासमा व्यक्तिसर्वोच्चता अभिव्यक्त गरिएको छ । अस्तित्वका लागि विग्रह र समिधालाई सक्रिय बनाइएका कुरालाई यस उपन्यासमा केन्द्रीय कथ्यका रूपमा प्रस्तुत गरिएको छ ।

*भीमसेन-४ को खोजी* सूत्रउपन्यासमा स्वनिर्मितिका लागि पात्रलाई नै सक्रिय गराई अस्तित्ववादी व्यक्तिसर्वोच्चताको अभिव्यक्ति भएको छ । कोलम्बस-समूह र एकचक्रावासीले तर्कासुरबाट सिर्जित समस्याको समाधानका लागि सक्रियता देखाएका छन् । तर्कासुरको बन्धनबाट मुक्त भई आफ्नो अस्तित्व सुरक्षित गर्नाका लागि यी पात्रले देखाएको सक्रियतालाई उपन्यासमा प्रसङ्गवश अभिव्यक्त गरिएको छ । पात्रले गरेको सक्रियतालाई केन्द्रीय विषय बनाई सशक्त ढङ्गले अभिव्यक्त नहुनुले यस उपन्यासमा अस्तित्ववादी व्यक्तिसर्वोच्चताको अभिव्यक्ति मध्यम देखिएको हो ।

ध्रुवचन्द्र गौतमका उपन्यासमा अस्तित्ववादी व्यक्तिसर्वोच्चताको अभिव्यक्तिको अवस्था पहिचान गर्ने उद्देश्यले गरिएको सर्वेक्षणका आधारमा उनका उपन्यासमा त्यस दृष्टिको सबल अभिव्यक्ति भएको कुरा स्पष्ट भएको छ । उनका सबै उपन्यासमा वरणस्वतन्त्रताको अभिव्यक्ति भए पनि त्यस दृष्टिलाई नै केन्द्रीय कथ्य बनाइएका उपन्यास भने *एक शहरमा एक कोठा* र *सहस्राब्दीको अन्तिम प्रेमकथा* गरी दुईओटा रहेका छन् ।

## २.५ ऐकान्तिकताको अभिव्यक्ति भएका उपन्यासहरू

ध्रुवचन्द्र गौतमका उपन्यासको अस्तित्ववादका आधारमा विश्लेषण गर्नाका निम्ति सर्वेक्षणात्मक अध्ययन गरिएको छ । उक्त सर्वेक्षणबाट उनका उपन्यासमा अस्तित्ववादी ऐकान्तिकताको अभिव्यक्ति भएको देखिएको छ । अस्तित्ववादको यस मान्यतालाई मूल स्वर बनाइएकादेखि स्पर्श मात्र भएका उपन्यासलाई दृष्टिगत गर्दा उनका सबै उपन्यासमा ऐकान्तिकताको अभिव्यक्ति भएको देखिन्छ । त्यस दृष्टिको स्पर्श मात्र भएका उपन्यासलाई यस सर्वेक्षणमा उल्लेख नगरिए पनि तालिका एकमा भने उक्त कुराको उल्लेख गरिएको छ । गौतमका अट्ठाइसओटै उपन्यासको सर्वेक्षणात्मक अध्ययनका आधारमा त्यस दृष्टिको गहन र मध्यम अभिव्यक्ति भएका उपन्यासका बारेमा स्पष्ट पार्नु सान्दर्भिक देखिन्छ ।

*बालुवामाथि* उपन्यासको प्रमुख पात्र 'म' (कमल) ले घर, परिवार, साथीसङ्गी सबै प्राप्त गरे पनि जीवनमा सधैँ एक्लो अनुभव गरिरहेको सन्दर्भका माध्यमबाट अस्तित्ववादी ऐकान्तिकता अभिव्यक्त भएको छ । यस पात्रले पत्नीका कर्तुतका कारण एक्लो अनुभव गरेको छ । यसले मानिसको समूहमा पनि एक्लो अनुभव गरेको सन्दर्भलाई यस उद्धरणले थप स्पष्ट बनाएको छ - "त्यत्रो भीड भएर पनि आफूलाई नितान्त एक्लो र असहाय पाउनु ..." (गौतम, २०२८/२०७०, पृ. ३०) । 'म' पात्रले परिवारका माझमा रहेर पनि आफूले कतैबाट सहयोग नपाउँदा ऐकान्तिकताको अनुभव गरेको छ । कमला र अस्पतालमा रहेका अन्य पात्रले पनि एक्लोपनको अनुभव गरेको कुरालाई पनि यस उपन्यासमा प्रस्तुत गरिएको छ । यस उपन्यासमा ऐकान्तिकताको अभिव्यक्ति प्रसङ्गवश भए पनि यसलाई नै केन्द्रीय विषय बनाएको देखिँदैन ।

*डापी* उपन्यासमा अस्तित्ववादी ऐकान्तिकताको अभिव्यक्ति गहन रहेको छ । प्रमुख पात्र विक्रमले भाइको घरमा उपेक्षित बन्नुपर्दा, पत्नी बीनू 'ग' पात्रसँग निकट बन्दा तथा परिवारको जिम्मेवारी एक्लै वहन गर्नुपर्दा एक्लो अनुभव गरेको छ । यसले एक्लो अनुभव गरिरहे पनि त्यसबाट निराश भएर जीवनबाट पलायन हुने सोचाइ बनाएको देखिँदैन । खर्दारसाहेबले पत्नीको मृत्युको कारण, विक्रमका बाको मृत्युको कारण र छोराछोरीले राम्रो रेखदेख गर्नुको साटो उल्टो हकारेका कारण एक्लो अनुभव गरेको कुरालाई यस उपन्यासमा प्रस्तुत गरिएको छ । यस उपन्यासको आरम्भदेखि नै प्रमुख पात्र विक्रमले आफ्नो जीवनमा आइपरेका सारा समस्यासँग

एक्लै सङ्घर्ष गरेको कुरालाई प्रमुख विषय बनाइएकाले त्यस दृष्टिको अभिव्यक्तिको सबलता रहेको छ ।

*निमित्त नायक* उपन्यासमा बुढीकी बुहारी बिहे भएको छोटो समयमा विधवा बनेपछि घर र लोग्नेको इज्जतका लागि आफ्नै कोठामा एक्लै बस्न परेकाले एक्लोपनको अनुभव गरेकी छ । उपन्यासको प्रमुख पात्र विनयकुमारले ज्योतिले छाडेपछि एक्लो र उदास अनुभव गरेको छ । वेदप्रकाश, नेता उदयराज, व्यापारी, वीरमान, ज्योति, ज्योतिका बाबुले सुविधा उपलब्ध गराउने प्रतिबद्धता जाहेर गरे पनि विनयकुमार जेलमा गएपछि भने सम्पर्कविहीन बनेका घटनाका कारण उसले एक्लोपनको अनुभव गरेको छ । यस उपन्यासमा फरक फरक पात्रले आफ्नो जीवनमा आइपरेका समस्याको एक्लै सामना गरेको कुरा प्रस्तुत गरिएकाले ऐकान्तिकता केन्द्रीय कथ्य बनेको देखिँदैन ।

*स्वर्गीय हीरादेवीको खोज* उपन्यासमा अस्तित्ववादी ऐकान्तिकताको अभिव्यक्ति उपन्यासको प्रमुख पात्र कुमार नेपालीका माध्यमबाट भएको छ । कुमारले जागिर, पहिचान, प्रेमको प्रयत्न गर्दा एक्लै सङ्घर्ष गर्नुपरेको विषय नै उपन्यासको केन्द्रीय कथ्य बनेको छ । उपन्यासमा वर्णित घरनजिकैको चौतारामा फ्याँकिएको अवैध सन्तान कुमारले आमाको खोजी गर्नुलाई प्रतीकात्मक रूपमा अस्तित्वको खोजीका रूपमा लिन सकिन्छ (उप्रेती, २०६८ क, पृ. २८६) । मानिस भएर पनि परिचयहीन अवस्थामा रहेको कुमारले आमाको खोजी गर्नु अस्तित्वप्रतिको सचेतता रहेको स्पष्ट बुझिन्छ । कुमार जीवननिर्वाहका लागि एउटा विशाल घरमा बस्दा आइपरेका समस्यामा साथ नपाउनु, त्यस घरमा उपेक्षित हुनु तथा लक्ष्मणको बिहेमा बाजा बज्दा आफूलाई एक्लो ठानेका प्रसङ्गले उसले अनुभव गरेको एक्लोपनलाई बोध गराएका छन् । यस उपन्यासको आद्यान्त कुमारले अस्तित्वका लागि एक्लै सङ्घर्ष गर्दा ऐकान्तिकताको अनुभव गरेको कुरालाई केन्द्रीय विषय बनाएको देखिन्छ ।

*एक शहरमा एक कोठा* उपन्यासमा ऐकान्तिकताको अभिव्यक्ति प्रमुख 'म' पात्र र सहायक पात्र कर्णप्रसादका माध्यमबाट भएको छ । 'म' पात्रले सहरमा बसेर आफ्नो अस्तित्वका लागि सङ्घर्ष गर्दा आइपरेका सारा समस्यासँग एक्लै सङ्घर्ष गरेको कुरालाई आख्यानात्मक रूपमा प्रस्तुत गरिएको छ । यसरी सङ्घर्ष गर्दा उसले आर्थिक, पारिवारिक, नैतिक एवम् सामाजिक समस्याको सामना गर्न परेको कुरा प्रस्तुत भएको छ । यसै गरी अर्को पात्र कर्णप्रसादले घर र कार्यालयका समस्यासँग एक्लै सङ्घर्ष गर्नुपरेको कुरालाई प्रस्तुत गरिएको छ । उपन्यासका फरक पात्रले एक्लोपनको अनुभव गरेको कुरालाई यस उपन्यासमा प्रसङ्गवश अभिव्यक्त गरिएको छ ।

*दुबिधा* उपन्यासको पात्र अमरराजले घरमा उपेक्षित हुँदा एक्लो अनुभव गरेको कुरा प्रस्तुत छ । यसले रेपको मिथ्या आरोप खेप्नुपर्दा के गरूँ के गरूँको दुबिधामा परेको र त्यसबाट

मुक्तिका लागि कतैबाट सहयोग नपाउँदा एक्लो अनुभव गरको छ । अर्को पात्र आत्मरामले पत्नीको मृत्युपश्चात् परिवारमा उपेक्षित हुनुपर्दा एक्लो अनुभव गरेको कुरालाई यस उद्धरणले थप स्पष्ट पारेको छ -"मान्छे बाँच्ने लायक हुँदैन, अरूले उसलाई बाँच्ने लायक ठानेका हुँदैनन्, ऊ एक्लो मात्र हुँदैन, मिल्किएको पनि हुन्छ, तैपनि बाँच्नुपर्दछ" (गौतम, २०५२/२०७४, पृ. ८४) । आत्मरामले अशक्त बनेका अवस्थामा पनि परिवारबाट सहयोग पाएको छैन । यस पात्रसँग नातिनी मञ्जुले निकटता देखाए पनि त्यो क्षणिक भएकाले एक्लोपनको निरस अनुभूतिबाट ऊ मुक्त हुन सकेको छैन । यस उपन्यासमा प्रसङ्गवश ऐकान्तिकताको अभिव्यक्ति भएकाले त्यस मान्यताको प्रस्तुति मध्यम खालको रहेको छ ।

*फूलको आतङ्क* उपन्यासमा 'ऊ' पात्रले आफ्ना नातेदार र प्रेमबाट अलग भएका अवस्थामा ऐकान्तिकताको अनुभूति गरेको छ । 'ऊ' जीवनमा आइपर्ने विसङ्गति, क्षतविक्षतका अवस्थाबाट मुक्त भई जीवनलाई समुन्नत बनाउन चाहन्छ भन्ने कुरालाई यस उद्धरणले स्पष्ट पारेको छ -"रित्तोपन जसरी भए पनि भर्नु जीवनको सार्थकता हो" (गौतम, २०५५/२०६७, पृ. ५०) । 'ऊ' पात्रले जीवनमा भोग्नुपरेका रिक्तता र एक्लोपनबाट मुक्तिको अपेक्षा राखेको छ । उसले जीवनलाई समुन्नत बनाउने अपेक्षा राख्दा आइपरेका समस्याको एक्लै सामना गर्नुपर्दा ऐकान्तिकताको अनुभव गरेको हो । यस पात्रले जीवनमा एक्लोपनको अनुभव गरेको कुरालाई उपन्यासका सूत्रहरूमा प्रसङ्गवश अभिव्यक्त गरेकाले त्यस दृष्टिको अभिव्यक्ति मध्यम खालको रहेको छ ।

*बाढी* उपन्यासमा अस्तित्ववादी ऐकान्तिकता चेतका माध्यमबाट अभिव्यक्त भएको छ । ऊ काठमाडौँमा दाजु धनुषचन्द्रसँग बसेको तर आफू त्यस परिवारको हिस्सा नभएको ठान्दै एक्लो र अशान्त अनुभव गरेको छ । यसले आफ्नो रोग, छोराको पालनपोषण र आर्थिक समस्यासँग जुध्नुपर्दा एक्लो र असहाय अनुभव गरेको सन्दर्भमा अस्तित्ववादी ऐकान्तिकता व्यक्त भएको छ । यस उपन्यासमा ऐकान्तिकताको अभिव्यक्तिलाई केन्द्रीय विषय बनाएको देखिँदैन । उपन्यासको पात्रले प्रसङ्गवश अनुभव गरेको कुरालाई प्रस्तुत गर्दा नै ऐकान्तिकता प्रस्तुत भएकाले त्यस दृष्टिको अभिव्यक्ति मध्यम खालको रहेको छ ।

*मौन* सूत्रउपन्यासमा 'म' पात्रको बाबु मारिएपछि र आमाले समेत विष सेवन गरेर मरेपछि यो गरिब भोको पात्रले एक्लो अनुभव गरेको छ । अर्को पात्र 'ऊ' ले नेपाली समाज र राजनीतिमा देखा परेका विकृतिका कारण आफूलाई एक्लो ठानेको छ । यस पात्रले मानव अस्तित्व सुरक्षित हुनुपर्ने अपेक्षा राखेको कुरालाई यस उद्धरणले स्पष्ट पारेको छ -'मनुष्य प्रकट होस्' (गौतम, २०५८, पृ. २१) । 'ऊ' पात्रले मानिस, लेखक सबै स्वार्थी, ईर्ष्यालु भइरहेका अवस्थामा त्यसो नहोस् भन्ने अभिलाषा राखेको छ । मानिसका स्वार्थी प्रवृत्तिका कारण 'ऊ' पात्रले एक्लो

अनुभव गरेको कुरालाई यस उपन्यासमा प्रस्तुत गरिएको छ । उपन्यासमा प्रयुक्त पात्रले अनुभव गरेको एक्लोपनालाई प्रसङ्गवश व्यक्त गरिएकाले त्यस दृष्टिको अभिव्यक्ति मध्यम खालको रहेको छ ।

*तथाकथित* उपन्यासमा सीताराम र प्रदीपका माध्यमबाट अस्तित्ववादी ऐकान्तिकता व्यक्त भएको छ । प्रमुख पात्र सीतारामले आफ्नी पत्नीको मृत्यु भएपछि पाँच छोरा तथा बुहारीले घर र कोठामा बन्दी बनाई उपेक्षा गरेपछि असहाय र एक्लोपनको अनुभव गरेको छ । नवरत्न भवनको कर्मचारी प्रदीपले तन्द्रिकासँग प्रेम गरे पनि स्वार्थी र पदलोलुप तन्द्रिका सीतारामसँग निकट बनेपछि मानिसहरूसँगको सम्बन्ध बनावटी ठान्दै आफूले असहाय र एक्लो अनुभव गरेको हो । यस उपन्यासमा ऐकान्तिकतालाई केन्द्रीय कथ्य बनाएको देखिँदैन । पात्रले अस्तित्वका लागि सङ्घर्ष गर्दा प्रसङ्गवश ऐकान्तिकताको अभिव्यक्ति भएको देखिन्छ ।

*भीमसेन-४ को खोजी* उपन्यासमा 'म' पात्र र कोलम्बस-समूहका माध्यमबाट अस्तित्ववादी ऐकान्तिकता व्यक्त भएको छ । 'म' पात्रले दाइ अमरले झैँ आर्थिक उन्नति गर्न नसक्दा परिवारबाट उपेक्षित र एक्लो बनेको छ । कोलम्बस-समूहले आफ्नो मुक्ति भीमसेन-३ बाट सम्भव देखेका अवस्थामा ऊ झन् तर्कासुरको प्रधानमन्त्री बनेर नरभक्षणमा साथ दिएका अवस्थामा त्यस समूहले आफूलाई असहाय र एक्लो अनुभव गरेको छ । यस उपन्यासमा ऐकान्तिकतालाई केन्द्रीय कथ्य बनाएको देखिँदैन । उपन्यासका पात्रले ठाउँ ठाउँमा असफलता भोग्दा र एक्लै सङ्घर्ष गर्दा ऐकान्तिकताको अनुभूत गरेको कुरालाई प्रासङ्गिक रूपमा अभिव्यक्त गरेको देखिन्छ ।

*एक असफल आख्यानको आरम्भ* उपन्यासमा अस्तित्ववादी ऐकान्तिकताको अभिव्यक्ति वृद्ध लेखकका अनुभूतिका माध्यमबाट भएको छ । ७४-७५ वर्षको वृद्ध लेखकले आफू जीवनमा कहिल्यै सफल लेखक बन्न नसकेको बोधलाई उसको यस अभिव्यक्तिले पुष्टि गरेको छ -"मेरो जीवन एक असफल आख्यानको प्रारम्भ हो" (गौतम, २०६५, पृ. २२०) । जीवनमा अस्तित्वका लागि प्रयत्नशील रहँदा असफलताको सामना गरेको कुरालाई यस उद्धरणले स्पष्ट पारेको छ । सबैका माझमा रहेर पनि असफलताको सामना गनुपर्दा यस पात्रले एक्लोपनको अनुभूति गरेको हो । यस पात्रले घर, परिवार, साहित्यिक क्षेत्रमा साथीभाइ भएर पनि आफूले एक्लै सङ्घर्ष गर्नुपर्दा ऐकान्तिकताको बोध गरेको कुरालाई प्रसङ्गवश प्रस्तुत गरिएको छ ।

*अप्रिय उपन्यास*मा प्रमुख पात्र केशवप्रसादले आफ्नो आर्थिक अवस्थालाई सुधार गर्ने हेतुले उपन्यासको पात्र बनेपछि लेखकद्वारा सिर्जित समस्याको एक्लै सामना गर्नुपर्दा एक्लोपनको अनुभव गरेको छ । लेखकका कारण एक्लो ठानेको यस पात्रका घरपरिवारका सदस्यले समेत लेखकअनुकूलको व्यवहार गर्न थालेपछि आफूलाई अरू एक्लो ठानेको छ । यस उपन्यासमा

ऐकान्तिकतालाई केन्द्रीय कथ्य बनाएको देखिँदैन । उपन्यासमा प्रसङ्गवश ऐकान्तिकता आएकाले यसको प्रयोगका दृष्टिले यो उपन्यास मध्यम खालको रहेको छ ।

*सातौँ ऋतु* उपन्यासमा ऐकान्तिकताको अभिव्यक्ति बाहुबली बस्तीको एक वृद्ध पात्र र एक बाहुबली पात्रका माध्यमबाट भएको छ । बाहुबली बस्तीको एक वृद्धकी पत्नीको मृत्यु भएपछि घरपरिवारका कुनै पनि सदस्यले साथ नदिएपछि आफूलाई असहाय र एक्लो ठानेको छ । यसै गरी एक बाहुबली पात्रलाई परिवारका सदस्यसँग सँगै रहे पनि तिनले कुनै सहयोग नगरेका अनि आफ्नै पत्नीले समेत मिठो खान पाइने आशमा बुहारीहरूसँग मिलेर पतिप्रति मिथ्या आरोपमा उत्रिएको घटनाले त्यस वृद्धले आफूलाई दुर्बल र एक्लो ठान्नु ऐकान्तिकता हो । यस उपन्यासमा मुख्य विषयका रूपमा ऐकान्तिकता आएको देखिँदैन ।

*एक पुनर्निर्मित प्रेमाख्यान* उपन्यासमा 'श' पात्रसँग बिहे गर्न नपाउँदा प्रेमीले खुसीको अनुभव गर्न नपाएको, अरूबाट अपमानित र तिरस्कृत बन्दै गएको तथा परिवारका साथमा रहेर पनि एक्लोपनले शिथिल बनेको छ । प्रेमीमा एक्लोपनको अनुभूति भएको कुरालाई उपन्यासको यस अंशले स्पष्ट पारेको छ -"यो उमेरले केयर खोज्छ, त्यही भएन भने एक्लो, उपेक्षित र अपमानको दुनिया मात्र हात परेको हुन्छ । तिमी भएका भए ..." (गौतम, २०७०, पृ. ३९) । प्रेमीले अपेक्षा गरेकी प्रेमिकासँग बिहे नहुँदा जीवनलाई निस्सार र एक्लो ठानेको छ । यस उपन्यासमा प्रसङ्गवश अस्तित्ववादी ऐकान्तिकता व्यक्त भएकाले त्यस मान्यताको अभिव्यक्तिका दृष्टिले यो उपन्यास मध्यम रहेको छ ।

*वञ्चक* उपन्यासमा अस्तित्ववादी ऐकान्तिकताको अभिव्यक्ति उपन्यासको प्रमुख 'ऊ' पात्रका माध्यमबाट भएको छ । बाल्यकालदेखि नै निकट रहेका साथीहरूसँग अलग रहेर बस्दा र कतिपयको मृत्युको खबर सुन्दा उसलाई अत्यास र एक्लो अनुभूत भएको छ । मृत्युको भयले उसमा एक्लो अनुभूति बढ्दै गएको तथा माता, पिता, दाजुहरूको मृत्युपछि झनै एक्लो ठान्दै बाँचेको यस पात्रले आफ्नो जीवनमा 'ऊ' र एकान्त जुम्ल्याहा बनेर जन्मेको ठान्नु अस्तित्ववादी ऐकान्तिकता हो । प्रसङ्गवश ऐकान्तिकताको अभिव्यक्ति भएकाले त्यसको अभिव्यक्तिका दृष्टिले यो उपन्यास मध्यम रहेको छ ।

*चकमन्नमा एकान्त* उपन्यासमा ऐकान्तिकताको प्रस्तुति सरोजकुमार र अनदकुमारका माध्यमबाट भएको छ । सरोजकुमारले साक्षर संस्थाका प्रमुख र उपप्रमुख रोजवाटर दम्पतीले बिदा लिएपछि असहाय र एक्लो अनुभव गरेको छ । अर्को पात्र इडेन बेड्रेले आफ्नो अस्तित्वलाई सबल तुल्याउनका लागि मार्लिनसँग बिहे गरेको तर नेपाल फर्किएपछि मार्लिनसँग सम्बन्ध विच्छेद भएपछि एक्लो अनुभव गरेको छ । यस उपन्यासमा भिन्न भिन्न पात्रले अस्तित्वका लागि प्रयत्न

गरेका बेला भोग्नुपरेका समस्यासँग एक्लै सङ्घर्ष गर्नुपरेको कुरा प्रस्तुत भएको छ । उपन्यासमा केन्द्रीय कथ्यका रूपमा ऐकान्तिकताको अभिव्यक्ति भएको देखिँदैन ।

प्रस्तुत सर्वेक्षणबाट ध्रुवचन्द्र गौतमका उपन्यासमा अस्तित्ववादी ऐकान्तिकताको सबल अभिव्यक्ति भएको कुरा स्पष्ट भएको छ । उनका सबै उपन्यासमा ऐकान्तिकताको अभिव्यक्ति भए पनि त्यस दृष्टिलाई नै केन्द्रीय कथ्य बनाइएका उपन्यास भने *डापी* र *स्वर्गीय हीरादेवीको खोज* गरी दुईओटा रहेका छन् ।

## २.६ विद्रोहको अभिव्यक्ति भएका उपन्यासहरू

ध्रुवचन्द्र गौतमका उपन्यासमा व्यक्त अस्तित्ववादी स्वरको विश्लेषण गर्ने उद्देश्य राखी यो सर्वेक्षणात्मक अध्ययन गरिएको हो । यस सर्वेक्षणबाट उनका उपन्यासमा अस्तित्ववादी विद्रोह अभिव्यक्त भएको देखिएको छ । अस्तित्ववादी विद्रोहलाई केन्द्रीय कथ्य बनाइएकादेखि स्पर्श मात्र गरिएका आधारमा उनका सबै उपन्यासमा विद्रोह अभिव्यक्ति भएको देखिन्छ । त्यस दृष्टिको स्पर्श मात्र भएका उपन्यासलाई यस सर्वेक्षणमा उल्लेख नगरिए पनि तालिका एकमा भने समावेश गरिएको छ । गौतमका अट्ठाइसओटै उपन्यासको सर्वेक्षणात्मक अध्ययनका आधारमा त्यस दृष्टिको गहन र मध्यम अभिव्यक्ति भएका उपन्यासको मात्र चर्चा गर्नु उपयुक्त हुन्छ ।

*डापी* उपन्यासमा कल्पित डापीटोलमा 'कखग' पात्रबाट हुने गरेका अन्याय, दमन, बेथितिलाई चित्रण गर्दै त्यसका विरुद्ध डापीवासीमा जागृत भएको विद्रोहको भावनालाई मुख्य विषय बनाइएको छ । यस उपन्यासको मुख्य पात्र विक्रम र डापीवासीले 'कखग' पात्रद्वारा सिर्जित अन्यायबाट मुक्तिका लागि तिनका विरुद्ध सञ्चालन गरेका गतिविधिका माध्यमबाट विद्रोहको स्वर व्यक्त भएको छ । भय र प्रेमका माध्यमबाट आफ्नो प्रभुत्व सुरक्षित गर्ने प्रयास गरेका 'कखग' पात्रका सम्पत्ति, शक्ति र क्रूरताका विरुद्ध डापीवासी सक्रिय भएका छन् । रविबहादुर र एक ज्यापूले चौतारो भत्काउन अस्वीकार गर्नु, 'कखग' पात्रलाई पिकनिकमा सहभागी नगराउनु तथा तिनका विरुद्ध डापीवासी सक्रिय रहेका घटनाले विद्रोहलाई बोध गराएका छन् । 'कखग' पात्रले डापीवासीको प्रतिरोधकै कारण टोल छाडेका घटनालाई प्रस्तुत गरेर अस्तित्ववादी विद्रोह अभिव्यक्त गरिएको छ । यस उपन्यासका पात्रहरू विक्रम र डापीवासीले व्यवधानका विरुद्ध नेतृत्वदायी भूमिका निर्वाह गरेको विषयलाई केन्द्रीय कथ्य बनाइएको छ ।

*कट्टेल सरको चोटपटक* उपन्यासमा प्रमुख पात्रहरू कट्टेल र सावित्रीका माध्यमबाट अस्तित्ववादी विद्रोह अभिव्यक्त भएको छ । कट्टेलले क्याम्पस प्रमुखले आक्षेप लगाएपछि राजिनामाको खेस्रा तयार गर्नु र उसलाई सुट गर्न खोज्नुमा अस्तित्ववादी विद्रोहको अभिव्यक्ति भएको छ । कट्टेलको छोराको उपचारमा लागि कुमारले देखाएको उपेक्षायुक्त व्यवहारलाई कट्टेलले प्रतिवाद गर्नु तथा कट्टेलकी पत्नी सावित्रीले कुमारकी पत्नी अञ्जना र घरपट्टीका विरुद्ध दिएको

अभिव्यक्तिमा समेत अस्तित्ववादी विद्रोह अभिव्यञ्जित भएको छ । यस उपन्यासमा विद्रोहलाई नै केन्द्रीय विषय बनाइएको छैन । उपन्यासका पात्रले आफ्नो अस्तित्वमा बाधा आएका अवस्थामा प्रसङ्गवश विद्रोह गरेकाले यस दृष्टिको अभिव्यक्ति मध्यम खालको छ ।

*अलिखित* उपन्यासमा अस्तित्ववादी विद्रोहको अभिव्यक्ति नागाबाबा, इनरा, सुनरा, सलिमा, कर्णबहादुर जस्ता पात्रका माध्यमबाट भएको छ । नागाबाबाको साधुत्वमाथि प्रश्न उठेपछि त्रिशूलले झम्टनु, इनराले जिम्दार र धरमपुरका विरुद्ध बोल्नु अस्तित्ववादी विद्रोह हो । इनरा विद्रोहप्रति प्रतिबद्ध रहेको कुरालाई यस उद्धरणले स्पष्ट पारेको छ -"हामी के गोरु हौं ? मान्छे होइनौं" (गौतम, २०४०/२०७५, पृ. १०६) ? धरमपुरले बरेवामाथि गरेको दमनका विरुद्ध इनराले दिएको यस अभिव्यक्तिले विद्रोहलाई बोध गराएको छ । सुनराले बेगारमा इनार र बाँध नबनाउने कुरा गर्नु, इनार नबनेकामा जिम्दारको विरोध गर्नु पनि विद्रोह नै हो । सलिमा र बिननीले जिम्दारको विरोध गर्नु, कर्णबहादुरले टोली प्रमुख अङ्गुरमानको प्रतिवाद गर्नु पनि विद्रोह हो । इनराको दोरहन्तलमा शव तैरिनु, सुनरा कुटिनु र घरमा आगलागी हुनु, सलिमाले जिम्दारलाई आक्रमण गर्न नसक्ने हुनु र कथनीलाई बुढी अन्धी, लाटी र बहिरी तुल्याइनु जस्ता कुराले यी पात्रले गरेको विद्रोह पराजित भएको छ । यस उपन्यासमा पात्रमाथि भएका समस्याका विरुद्ध तिनले प्रसङ्गवश प्रतिवाद गरेको कुरालाई प्रस्तुत गरेकाले विद्रोहको अभिव्यक्ति मध्यम देखिएको हो ।

*निमित्त नायक* उपन्यासमा जयबहादुर, बुढीकी बुहारी र गोल्डेन (सुवर्ण) का माध्यमबाट अस्तित्ववादी विद्रोह अभिव्यक्त भएको छ । डेरामा बसेको जयबहादुरलाई ढोकामा चुक्कल राख्न नदिएकी घरपट्टी बुढीलाई गाली गर्नु अस्तित्ववादी विद्रोह हो । यसै गरी त्यस घरकी बुहारीले अर्को एक पात्र गोल्डेन (सुवर्ण) लाई खाना खुवाएको विषयलाई लिएर बुढीले गाली गरेका अवस्थामा बुहारीले दिएको अभिव्यक्तिमा अस्तित्ववादी विद्रोह अभिव्यक्त भएको छ । बुढीका यस्ता खराब व्यवहारका विरुद्ध सुवर्णले समेत प्रतिवाद गरेको विषयलाई अस्तित्ववादी विद्रोहका रूपमा लिन सकिन्छ । यस उपन्यासमा विद्रोहलाई नै अभिव्यक्त गर्ने उद्देश्य राखेको देखिँदैन । भिन्न पात्रले अस्तित्वमा बाधा सिर्जना गरिएका अवस्थामा गरेको प्रतिवादलाई प्रस्तुत गरिएकाले यस उपन्यासमा अस्तित्ववादी विद्रोहको अभिव्यक्ति मध्यम खालको देखिएको हो ।

*स्वर्गीय हीरादेवीको खोज* उपन्यासमा अस्तित्ववादी विद्रोहको अभिव्यक्ति हलकोठामा रहेकी बुढाकी छोरी हीरादेवी र लक्ष्मणकी पत्नी सोनाका माध्यमबाट भएको छ । बुढाकी छोरीले हाकिम र बलात्कारीलाई आक्रमण गर्नु विद्रोहको चेत हो । सोनाले त्यस घरमा लेख्नेपढ्ने कुरालाई राम्रो नमान्दानमान्दै पनि कुमारसँग कागत र कलम मगाउनु, घर छाड्ने कुरा गर्नु, त्यस घरको चौतारो जिउँदो छ भन्नु, त्यस घरलाई छाडेर माइत गएर बस्नु तथा लक्ष्मणले पठाएको

चिठी च्यातिदिनु जस्ता घटनाका माध्यमबाट विद्रोह अभिव्यक्त भएको छ । सोनालाई कैदी र पागल घोषणा गरी बन्धक बनाएपछि उसले गरेको विद्रोह शिथिल बनेको छ । यस उपन्यासमा अस्तित्ववादी विद्रोहलाई केन्द्रीय कथ्य बनाएको देखिँदैन । पात्रले आफ्नो अस्तित्वका लागि विद्रोहको स्वर मुखरित गरेकाले त्यस दृष्टिको अभिव्यक्ति यस उपन्यासमा मध्यम खालको देखिएको छ ।

*उपसंहार अर्थात् चौथो अन्त्य* उपन्यासमा अस्तित्ववादी विद्रोहको अभिव्यक्ति उपन्यासको प्रमुख पात्र रविका माध्यमबाट भएको देखिन्छ । नैतिकता र इमान्दारीलाई महत्त्व दिने रविले भक्तपुरको विपन्न परिवारलाई ठग्ने प्रयत्न गरेको साथी लक्ष्मीको योजनाको प्रतिवाद गरी विद्रोहको भाव व्यक्त गरेको छ । यसका साथै रविले राजा चन्द्रप्रसादले नियमविपरीतको हुकुमसिंहको टेन्डर स्वीकृत गर्न दबाब दिएपछि फाइल फालेर निस्कनु अस्तित्ववादी विद्रोह नै हो । यसै गरी रक्सी खाइरहेका अवस्थामा अश्लील खालका कुराहरू चन्द्रमानले गरेपछि रवि त्यहाँबाट बाहिरिएको घटनामा पनि विद्रोहको स्वर प्रकट भएको छ । यस उपन्यासमा प्रसङ्गवश विद्रोह देखिएको तर त्यसलाई नै प्रमुख विषय बनाएको देखिँदैन ।

*दुविधा* उपन्यासमा अमरराजका माध्यमबाट अस्तित्ववादी विद्रोह अभिव्यक्त भएको छ । उसका चारजना साथीले कमलको घरमा एक युवतीलाई यौनकार्य गर्न उद्यत बनेका अवस्थामा तिनीहरूलाई घृणा गर्दै त्यहाँबाट बाहिरिएको घटनामा अस्तित्ववादी विद्रोह अभिव्यक्त भएको छ । यस उपन्यासमा विद्रोहलाई नै केन्द्र बनाइएको देखिँदैन । प्रसङ्गवश त्यस मान्यताको अभिव्यक्ति भएको छ ।

*अग्निदत्त+अग्निदत्त* उपन्यासमा अस्तित्ववादी विद्रोहको अभिव्यक्ति उपन्यासकी प्रमुख स्त्री पात्र वृक्षाका माध्यमबाट भएको छ । यस पात्रले आफ्नो स्वाभिमानमा चोट पुऱ्याउने तासका खेलाडीको प्रतिवाद गरेकी छ । उसले रामबहादुर र शशीसँग सम्बन्ध टुटाएको घटनाले विद्रोहलाई बोध गराएको छ । वृक्षाको विद्रोही स्वभावलाई उपन्यासको यस उद्धरणले थप स्पष्ट पारेको छ - "थुइक्क नीच, यही हो सभ्य बनेको" (गौतम, २०५३, पृ. २३६) ? वृक्षाले आफूसँगै काम गर्ने मनोजले गरेको दुर्व्यवहारका विरुद्धको यस अभिव्यक्तिले अस्तित्ववादी विद्रोहलाई बोध गराएको छ । उसले ज्ञानप्रसादलाई गाली गर्नु तथा हाकिमका दुर्व्यवहारको प्रतिवाद गर्दै गाडीबाट ओर्लनु अस्तित्ववादी विद्रोह हो । यस उपन्यासमा वृक्षाले आफ्नो अस्तित्वमा बाधा पुगेका अवस्थामा त्यसको प्रतिवाद गरेकी छ तर विद्रोहलाई केन्द्रीय कथ्य बनाएको देखिँदैन ।

*बाढी* उपन्यासमा अस्तित्ववादी विद्रोहको अभिव्यक्ति प्रमुख पात्र चेतचन्द्रका माध्यमबाट भएको छ । दाजु धनुषचन्द्रको घरमा एक अतिथिका विरुद्धको उसले बोलेको यस उद्धरणले विद्रोहलाई स्पष्ट पारेको छ -"मेरो विचारमा यो घर हो, र त जुनसुकै बेला आए पनि ढोका

खुल्नुपर्दछ । यति बजेपछि आउन पाइन्न आदि त बरु होटलमै लेखिएको हुन्छ" (गौतम, २०५६/२०७५, पृ. १७९) । अतिथिका अभिव्यक्तिले आफ्नो अस्तित्वमा समस्या सिर्जना गरेको ठान्दै त्यसको प्रतिवादस्वरूपको चेतको यस अभिव्यक्तिमा विद्रोह अभिव्यञ्जित भएको छ । चेतले ईश्वर, विवाह, जातिपाति जस्ता कुराका माध्यमबाट समेत अस्तित्ववादी विद्रोह व्यक्त गरेको देखिन्छ । ऊ खानाको लाइनबाट बाहिरिनु तथा रत्नराज्यलक्ष्मी गर्ल्स कलेजकी एक छात्रासँग पिकनिक गएको भन्ने मिथ्या आरोपको प्रतिवाद गर्नु जस्ता घटनामा अस्तित्ववादी विद्रोह अभिव्यञ्जित भएको छ । यस उपन्यासमा विद्रोहलाई नै प्रमुख विषय बनाएको देखिँदैन । उपन्यासका पात्रले प्रसङ्गवश त्यस दृष्टिलाई अभिव्यक्त गरेकाले अस्तित्ववादी विद्रोहका कोणबाट यो उपन्यास मध्यम खालको रहेको छ ।

*सहस्राब्दीको अन्तिम प्रेमकथा* उपन्यासमा अस्तित्ववादी विद्रोहको अभिव्यक्ति समिधाका माध्यमबाट भएको छ । आफूसँग प्रेम गरेको पात्र विग्रहले कान्तिलाई पेन र साडी दिएको तथा उससँग यौनसम्बन्ध राखेको भन्ने कुरा विग्रहकै मुखबाट जानकारी प्राप्त गरेपछि उसको प्रतिवाद गर्नु अस्तित्ववादी विद्रोह हो । समिधाले गरेको विद्रोह क्षणिक समयमा शिथिल बनेको तथा उसले जसका विरुद्ध विद्रोह गरेकी हो उसैसँग बसेकाले त्यस विद्रोहले गहनता प्राप्त गर्न सकेको छैन । यस उपन्यासमा प्रसङ्गवश विद्रोहको अभिव्यक्ति भएकाले त्यस कोणबाट यो उपन्यास मध्यम खालको देखिएको छ ।

*तथाकथित* उपन्यासमा अस्तित्ववादी विद्रोहको अभिव्यक्ति तन्द्रिका, प्रदीप र प्रसन्नका माध्यमबाट भएको छ । प्रसन्नले अनुमतिविना तन्द्रिकाको हात समाएपछि आफूमाथि भएको अपमानका विरुद्ध ऊ विद्रोहमा प्रतिबद्ध छे भन्ने कुरालाई उसकै अभिव्यक्तिले स्पष्ट पारेको छ - "आइ हेट हिम" (गौतम, २०५९, पृ. १४१) । तन्द्रिकाको यस अभिव्यक्तिले अस्तित्ववादी विद्रोहलाई नै बोध गराएको छ । आफूहरूसँग निकट रहेकी तन्द्रिकालाई वृद्ध सीतारामले आफ्नो पिएमा नियुक्त गरेपछि प्रदीप र प्रसन्नले 'नवरत्न भवन' को जागिर छाड्नुलाई विद्रोहका रूपमा लिन सकिन्छ । यस उपन्यासमा अस्तित्ववादी विद्रोहलाई परिपाक अवस्थामा पुऱ्याउने उद्देश्य राखेको देखिँदैन । भिन्न पात्रले व्यवधानका विरुद्ध प्रतिवाद गरेका घटनालाई संयोजन गरिएकाले विद्रोहका कोणबाट यो उपन्यास मध्यम खालको छ ।

*भीमसेन-४ को खोजी* उपन्यासमा अस्तित्ववादी विद्रोहको अभिव्यक्ति 'म' पात्र र कोलम्बस-समूहका माध्यमबाट भएको छ । 'म' पात्रसहितको कोलम्बस-समूह र एकचक्रावासीले तर्कासुरको बन्धनबाट मुक्त हुनाका लागि भीमसेन-३ को खोजीका लागि जेल फोरेको घटनाका माध्यमबाट अस्तित्ववादी विद्रोह अभिव्यक्त गरिएको छ । यस उपन्यासमा कोलम्बस-समूह र एकचक्रावासीले आफ्नो अस्तित्वमा बाधा पुऱ्याउने पक्ष तर्कासुरलाई परास्त गर्नाका लागि प्रयत्न

गरिरहेका छन् । उपन्यासमा आएका सूत्रहरूले यही विषयलाई प्रस्तुत गरेकाले यस उपन्यासमा अस्तित्ववादी विद्रोहको अभिव्यक्ति सबल बनेको हो ।

*जेलिएको* उपन्यासमा लाटो, क्रान्तिकारी फौज, एक बुज्रुक, गाउँले जस्ता पात्रले आफ्नो अस्तित्वका लागि गरेको प्रतिरोधका माध्यमबाट अस्तित्ववादी विद्रोह अभिव्यक्त भएको छ । लाटाले जेलरको प्रतिवाद गर्नु र क्रान्तिकारी फौजले जेल तोड्नु अस्तित्ववादी विद्रोह हो । सोमप्रसादका विरुद्ध गाउँलेहरू विद्रोहप्रति सचेत रहेको कुरालाई यस उद्धरणले स्पष्ट पारेको छ - “ज्यान दिन्छौँ, धान दिन्नौँ” (गौतम, २०६२/२०७६, पृ. २०२) । गाउँलेहरूले एक्लो सोमप्रसादले दिएका आदेशलाई नमान्नु तथा सोमप्रसादलाई बाली नतिर्ने कुरा गरी विद्रोहको स्वर अभिव्यक्त गरेका छन् । सोमप्रसादले इमिलापुर आफ्नो नाउँमा दर्ता गरेको कुरालाई एक बुज्रुकले कानुनी प्रश्न उठाउनु, हजाम रामविलास र उसकी पत्नी नहर्नीले थोरै ज्यालामा काम गर्न छाडेको कुराले विद्रोहलाई बुझाएको छ । यस उपन्यासमा भिन्न पात्रले प्रसङ्गवश अस्तित्ववादी विद्रोह अभिव्यक्त गरेकाले त्यस दृष्टिको अभिव्यक्ति मध्यम खालको देखिएको हो ।

*घुर्मी* अनुभवन्यासमा चेतचन्द्रका माध्यमबाट विद्रोह व्यक्त गरिएको छ । आफ्नो अस्तित्वमा बाधा पुगेका अवस्थामा त्यसको विद्रोह गर्ने स्वभाव चेतमा रहेको छ । विशेष गरी प्राध्यापक बन्ने विषयमा व्यवधान सिर्जना भएका अवस्थामा त्यसको प्रतिवाद उसले गरेको छ । ऊ प्राध्यापक बन्नाका लागि योग्य पात्र हो भन्ने कुरा विशेषज्ञले व्यक्त गरेको विचारले स्पष्ट पारेको छ -“हामीले नै सिक्नुपर्ने मान्छेको के अन्तर्वार्ता लिने” (गौतम, २०६५/२०६६, पृ. १४१) ? विषयविज्ञ डा. केशवप्रसादले नै चेत प्राध्यापक बन्ने कुरा निश्चित गरे पनि नतिजा विपरीत आएपछि उसले विश्वविद्यालयबाट राजिनामा दिनु अस्तित्ववादी विद्रोह हो । यस उपन्यासमा प्रसङ्गवश विद्रोह अभिव्यक्त भएको छ ।

*एक असफल आख्यानको आरम्भ* उपन्यासमा आधार शर्मा, सुषुम्नाका माध्यमबाट अस्तित्ववादी विद्रोह अभिव्यक्त भएको छ । आधार शर्माले चक्रपथ घेर्न जाऔँ भन्ने लेखकको आग्रहलाई अस्वीकार गर्नु विद्रोह हो । सुषुम्नाले आफ्नै प्रेमी आधार शर्मालाई सुट गर्ने कुरा सपनामा देखेको सन्दर्भलाई अस्तित्ववादी विद्रोहका रूपमा लिन सकिन्छ । यसै गरी सुषुम्नाले आधार शर्मालाई स्वार्थी कुरा गर्नुभन्दा कुनै धनाढ्य केटीसँग बिहे गर भन्नु अस्तित्ववादी विद्रोह नै हो । यस उपन्यासमा भिन्न भिन्न पात्रले फरक फरक प्रसङ्गमा विद्रोहात्मक क्रिया गरेका तर त्यस मान्यतालाई नै केन्द्रीय विषय बनाएको देखिँदैन ।

*अप्रिय* उपन्यासमा केशवप्रसादका माध्यमबाट अस्तित्ववादी विद्रोह व्यक्त गरिएको छ । उसलाई लेखकले विलासी, हाकिमका छोरी र श्रीमती ताक्ने, बलात्कारी जस्तो अनैतिक चरित्रका रूपमा चित्रण गर्न थालेपछि केशवप्रसादले विद्रोह गरेको कुरालाई यस उद्धरणले स्पष्ट पारेको छ -

"म चरम उत्तेजनामा पुगेको थिएँ । मैले एक्कासि उसको कलर च्याप्प समाएँ" (गौतम, २०६७/२०६९, पृ. ६४) । केशवप्रसादले लेखकको कलर समाउनु र गालामा हिर्काउनु तथा आफूलाई समस्यामा पार्ने हाकिमलाई गालामा हिर्काउनु जस्ता घटनाका माध्यमबाट अस्तित्ववादी विद्रोह अभिव्यक्त भएको छ । यस उपन्यासमा आफ्नो स्वार्थका लागि लेखकका आग्रहलाई स्वीकार गरेको केशवप्रसादकै माध्यमबाट विद्रोह व्यक्त भएकाले त्यस मान्यताका कोणबाट यो उपन्यास सबल देखिएको छैन ।

*सातौँ ऋतु* उपन्यासमा अस्तित्ववादी विद्रोहको अभिव्यक्ति वृद्ध पात्रका छोरीहरू र केशवप्रसाद आचार्यका माध्यमबाट भएको छ । बाहुबली बस्तीमा आएका मानिसहरूले वृद्धका छोरीहरूलाई भोग गर्ने कुरा गरेपछि उनीहरू अस्तित्वप्रति सचेत रहेका भन्ने वास्तविकतालाई उपन्यासको यस साक्ष्यले स्पष्ट पारेको छ -"खतम भएर खतम हुनुभन्दा आफैँ खतम भएर खतम हुनु आदर्श स्थिति हो" (गौतम, २०६८, पृ. २२) । ती युवतीहरू आफ्नो अस्तित्व रक्षाका लागि घरेलु हतियारसहित प्रतिकारमा उत्रिएको घटनाका माध्यमबाट अस्तित्ववादी विद्रोह व्यक्त गरिएको छ । बाहुबली बस्तीको शासकको एकाधिकारलाई तोड्नका लागि शिक्षक केशवप्रसाद चुनावी मैदानमा उत्रनु अस्तित्ववादी विद्रोह हो । यस उपन्यासका पात्रले प्रसङ्गवश विद्रोह अभिव्यक्त गरेको देखिन्छ ।

*वञ्चक* अनुभवन्यासमा अस्तित्ववादी विद्रोहको अभिव्यक्ति धनुषचन्द्र, गोपालचन्द्र, श्यामप्रसाद, 'ऊ' र व्यवस्थाविरोधी साहित्यकारहरूका माध्यमबाट भएको छ । धनुषचन्द्र र गोपालचन्द्रले राणा शासकका विरुद्ध उत्रिनु अस्तित्ववादी विद्रोह हो । धनुषचन्द्र र श्यामप्रसाद शर्माले 'नेपाल क्रान्तिकारी पार्टी' खोलेर राणा शासकका विरुद्ध आवाज उठाउनुलाई विद्रोहका रूपमा लिन सकिन्छ । 'ऊ' पात्रले प्रज्ञासभाको सदस्य समेत नचाहिने कुरा गर्नु, २०४६ को आन्दोलनमा लाग्नु तथा २०६२/०६३ को आन्दोलनलाई समर्थन गर्नु जस्ता घटनाका माध्यमबाट अस्तित्ववादी विद्रोह अभिव्यक्त गरिएको छ । यस उपन्यासमा चेतका जीवनका अनुभवलाई प्रस्तुत गर्ने क्रममा विद्रोहसमेत अभिव्यक्त भएको देखिन्छ । विद्रोहलाई नै केन्द्रीय विषय यस उपन्यासमा पनि बनाएको देखिँदैन ।

ध्रुवचन्द्र गौतमका उपन्यासमा अस्तित्ववादी विद्रोहको अभिव्यक्तिको अवस्था पहिचान गर्ने उद्देश्यले गरिएको सर्वेक्षणका आधारमा उनका उपन्यासमा त्यस दृष्टिको सबल अभिव्यक्ति भएको कुरा स्पष्ट भएको छ । उनका सबै उपन्यासमा विद्रोहको अभिव्यक्ति भए पनि त्यस दृष्टिलाई नै केन्द्रीय कथ्य बनाइएका उपन्यास भने *डापी* र भीमसेन-४ को खोजी गरी दुईओटा रहेका छन् ।

ध्रुवचन्द्र गौतमका उपन्यासको अस्तित्ववादी जीवनदृष्टिका कोणबाट गरिएको सर्वेक्षणलाई तालिकाबाट समेत यहाँ प्रस्तुत गरिएको छ :

तालिका नं. २.१

| क्र. सं. | उपन्यास | निस्सारता | वरणस्वतन्त्रता | व्यक्तिसर्वोच्चता | ऐकान्तिकता | विद्रोह |
|---|---|---|---|---|---|---|
| १ | अन्त्यपछि (२०२४) | मध्यम | न्यून | न्यून | न्यून | न्यून |
| २ | बालुवामाथि (२०२८) | मध्यम | मध्यम | मध्यम | मध्यम | न्यून |
| ३ | डापी (२०३३) | **गहन** | मध्यम | मध्यम | **गहन** | **गहन** |
| ४ | कट्टेल सरको चोटपटक (२०३७) | **गहन** | मध्यम | मध्यम | न्यून | मध्यम |
| ५ | अलिखित (२०४०) | न्यून | मध्यम | न्यून | न्यून | मध्यम |
| ६ | निमित्त नायक (२०४३) | मध्यम | मध्यम | मध्यम | मध्यम | मध्यम |
| ७ | स्वर्गीय हीरादेवीको खोज (२०४५) | **गहन** | **गहन** | मध्यम | **गहन** | मध्यम |
| ८ | एक सहरमा एक कोठा (२०४६) | मध्यम | **गहन** | **गहन** | मध्यम | न्यून |
| ९ | उपसंहार अर्थात् चौथो अन्त्य (२०४८) | मध्यम | मध्यम | मध्यम | न्यून | मध्यम |
| १० | दुबिधा (२०५२) | मध्यम | मध्यम | न्यून | मध्यम | मध्यम |
| ११ | अग्निदत्त+अग्निदत्त (२०५३) | मध्यम | मध्यम | मध्यम | न्यून | मध्यम |
| १२ | फूलको आतङ्क (२०५५) (सूत्र उपन्यास) | मध्यम | मध्यम | न्यून | मध्यम | न्यून |
| १३ | बाढी (२०५६) (अनुभवन्यास) | न्यून | मध्यम | मध्यम | मध्यम | मध्यम |
| १४ | सहस्राब्दीको अन्तिम प्रेम कथा (२०५६) | मध्यम | **गहन** | **गहन** | न्यून | मध्यम |
| १५ | मौन (२०५८) (सूत्र उपन्यास) | न्यून | न्यून | न्यून | मध्यम | न्यून |
| १६ | तथाकथित (२०५९) | मध्यम | मध्यम | न्यून | मध्यम | मध्यम |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १७ | भीमसेन-४ को खोजी (२०६१) (सूत्र उपन्यास) | **गहन** | मध्यम | मध्यम | मध्यम | **गहन** |
| १८ | जेलिएको (२०६२) | मध्यम | न्यून | न्यून | न्यून | मध्यम |
| १९ | घुर्मी (२०६५) (अनुभवन्यास) | मध्यम | मध्यम | न्यून | न्यून | मध्यम |
| २० | एक असफल आख्यानको आरम्भ (२०६५) | मध्यम | मध्यम | न्यून | मध्यम | मध्यम |
| २१ | अप्रिय (२०६७) | मध्यम | मध्यम | न्यून | मध्यम | मध्यम |
| २२ | सातौं ऋतु (२०६८) | न्यून | न्यून | न्यून | मध्यम | मध्यम |
| २३ | एक पुनर्निर्मित प्रेमाख्यान (२०७०) | मध्यम | मध्यम | न्यून | मध्यम | न्यून |
| २४ | वञ्चक (२०७१) (अनुभवन्यास) | मध्यम | मध्यम | न्यून | मध्यम | मध्यम |
| २५ | विगत जस्तो केही (२०७२) (सूत्र उपन्यास) | मध्यम | मध्यम | न्यून | न्यून | न्यून |
| २६ | एकानाको जमाना (२०७४) (अनुभवन्यास) | न्यून | मध्यम | न्यून | न्यून | न्यून |
| २७ | चकमन्नमा एकान्त (२०७६) | मध्यम | मध्यम | न्यून | मध्यम | न्यून |
| २८ | सातो (२०७९) | मध्यम | न्यून | न्यून | न्यून | न्यून |

स्रोत : ध्रुवचन्द्र गौतमका उपन्यासको पठन

ध्रुवचन्द्र गौतमका उपन्यासको अस्तित्ववादी जीवनदृष्टिका कोणबाट विश्लेषण गर्नाका लागि गरिएको यस सर्वेक्षणका आधारमा छनोट गरिएका उपन्यास र तिनको छनोटको कारणका बारेमा तलको तालिकामा स्पष्ट पारिएको छ :

**तालिका नं. २.२**

| उपन्यास | सबलता | कारण |
|---|---|---|
| *डापी* | निस्सारता, ऐकान्तिकता र विद्रोह | विक्रमले भोग्नुपरेका असफलता, एक्लै सङ्घर्ष र 'कखग' पात्रका विरुद्ध विद्रोह |
| *कट्टेल सरको चोटपटक* | निस्सारता | कट्टेलले भोग्नुपरेका असफलता |
| *स्वर्गीय हीरादेवीको खोज* | निस्सारता, वरणस्वतन्त्रता र ऐकान्तिकता | कुमारले भोग्नुपरेका असफलता, निर्णय र एक्लै सङ्घर्ष |
| *एक शहरमा एक कोठा* | वरणस्वतन्त्रता र व्यक्तिसर्वोच्चता | 'म' पात्रले गरेको निर्णय र सङ्घर्ष |
| *सहस्राब्दीको अन्तिम प्रेमकथा* | वरणस्वतन्त्रता र व्यक्तिसर्वोच्चता | विग्रह र समिधाले गरेका निर्णय र सङ्घर्ष |
| *भीमसेन-४ को खोजी* | निस्सारता र विद्रोह | कोलम्बस-समूह र एकचक्रावासीले भोग्नुपरेका असफलता र तर्कासुरका विरुद्धको विद्रोह |

स्रोत : ध्रुवचन्द्र गौतमका उपन्यासको पठन

## २.७ निष्कर्ष

ध्रुवचन्द्र गौतमका उपन्यासको अस्तित्ववादी जीवनदृष्टिका कोणबाट विश्लेषण गर्नाका लागि उनका सबै उपन्यासको सर्वेक्षणात्मक अध्ययन गरिएको छ । यसरी सर्वेक्षण गर्दा उनका उपन्यासमा त्यस दृष्टिको अभिव्यक्ति भएको छ भन्ने कुरा स्पष्ट भएको छ । उनले उपन्यास लेखनको आरम्भदेखि नै अस्तित्ववादी दृष्टिलाई अभिव्यक्त गरेका र *सातो* उपन्याससम्म त्यस दृष्टिलाई अभिव्यक्त गरेका छन् भन्ने तथ्यलाई यस सर्वेक्षणले स्पष्ट पारेको छ । *अन्त्यपछि* उपन्यासदेखि *सातो*सम्म आइपुग्दा गौतमले अस्तित्ववादी दृष्टिका मूलभूत मान्यताहरूको अभिव्यक्ति कम बढी मात्रामा गरेको देखिन्छ । यस सर्वेक्षणबाट उनका *डापी, कट्टेल सरको चोटपटक, स्वर्गीय हीरादेवीको खोज, एक शहरमा एक कोठा, सहस्राब्दीको अन्तिम प्रेमकथा र भीमसेन-४ को खोजी* गरी छओटा उपन्यासमा अस्तित्ववादी जीवनदृष्टिका मूलभूत मान्यताहरू निस्सारता, वरणस्वतन्त्रता, व्यक्तिसर्वोच्चता, ऐकान्तिकता र विद्रोहको सबल अभिव्यक्ति भएको पाइएको छ । यी उपन्यासमा मूलतः प्रमुख पात्र र अंशतः सहायक पात्रले आफ्नो अस्तित्वका लागि गरेका प्रयत्नमा समस्या भोग्न परे पनि ती समस्याबाट नभागी आफूलाई कर्म, सङ्घर्ष र

विद्रोहमा सक्रिय बनाएको देखाइएको छ । *डापी* उपन्यासमा प्रमुख पात्र विक्रमले अस्तित्वका लागि प्रयत्न गर्दा असफलता भोग्नुपरेको, समस्यासँग एक्लै सङ्घर्ष गर्नुपरेको अनि 'कखग' पात्रका विरुद्ध विद्रोह गरेका घटनालाई केन्द्रीय कथ्य बनाइएको छ । *कट्टेल सरको चोटपटक*मा कट्टेलले अस्तित्वका लागि प्रयत्न गर्दा भोग्नुपरेका असफलताबाट निस्सारताको अनुभव गरेको सन्दर्भलाई मूल विषय बनाइएको छ । *स्वर्गीय हीरादेवीको खोज*मा कुमारले भोग्नुपरेका अनपेक्षित परिणाम, स्वनिर्मितिका लागि निर्णय तथा एक्लै सङ्घर्ष गर्नुपरेको विषयलाई केन्द्रीय कथ्य बनाइएको छ । *एक शहरमा एक कोठा*मा 'म' पात्रले स्वतन्त्र निर्णय र समस्या समाधानप्रति स्वयम् सक्रिय बनेको सन्दर्भलाई मुख्य विषय बनाइएको छ । *सहस्राब्दीको अन्तिम प्रेमकथा*मा विग्रह र समिधाले स्वनिर्मितिका लागि निर्णय गरेका र समस्या समाधानप्रति स्वयम् सक्रिय बनेका सन्दर्भलाई केन्द्रीय कथ्य बनाइएको छ । *भीमसेन-४ को खोजी* उपन्यासमा कोलम्बस-समूह र एकचक्रावासीले अनपेक्षित परिणामको सामना गरेका र तर्कासुरका विरुद्ध विद्रोहमा सक्रिय रहेका सन्दर्भलाई केन्द्रीय कथ्य बनाइएको छ । *डापी, कट्टेल सरको चोटपटक, स्वर्गीय हीरादेवीको खोज, एक शहरमा एक कोठा, सहस्राब्दीको अन्तिम प्रेमकथा र भीमसेन-४ को खोजी* गरी छओटा उपन्यासमा अस्तित्ववादी जीवनदृष्टिका मूलभूत मान्यतालाई मूल विषय बनाइएकाले त्यस दृष्टिका कोणबाट विश्लेषण गर्नाका निम्ति यिनलाई छनोट गरिएको हो ।

गौतमका उपन्यासको सर्वेक्षण गर्दा आख्यानमा प्रस्तुत हुने घटना, पात्र र परिवेशलाई आधार बनाइएको छ । उपन्यासको केन्द्रीय कथ्यका माध्यमबाट अस्तित्ववादका मूलभूत मान्यता अभिव्यक्त भएका उपन्यासलाई मात्र त्यस जीवनदृष्टिका कोणबाट विश्लेषण गर्नाका निम्ति छनोट गरिएको छ । यसरी सर्वेक्षण गर्दा *डापी* उपन्यासमा अस्तित्ववादी निस्सारता, ऐकान्तिकता र विद्रोहलाई केन्द्रीय कथ्य बनाएको देखिन्छ । *कट्टेल सरको चोटपटक*मा निस्सारतालाई केन्द्रीय कथ्य बनाई उपन्यासको सिर्जना गरेको देखिन्छ । *स्वर्गीय हीरादेवीको खोज* उपन्यासमा अस्तित्ववादी निस्सारता, वरणस्वतन्त्रता र ऐकान्तिकताको नाटकीकरण गर्नुलाई प्रमुख उद्देश्य बनाएको देखिन्छ । *एक सहरमा एक कोठा*मा अस्तित्ववादी वरणस्वतन्त्रता र व्यक्तिसर्वोच्चतालाई केन्द्रीय कथ्यका रूपमा ग्रहण गरी उपन्यास सिर्जना गरिएको छ । *सहस्राब्दीको अन्तिम प्रेमकथा* अस्तित्ववादी वरणस्वतन्त्रता र व्यक्तिसर्वोच्चतालाई अभिव्यक्त गर्ने उद्देश्यअनुरूप उपन्यास सिर्जना गरेको देखिन्छ । *भीमसेन-४ को खोजी*मा अस्तित्ववादी निस्सारता र विद्रोहलाई केन्द्रीय कथ्य बनाई उपन्यास सिर्जना गरेको पाइन्छ । तसर्थ अस्तित्ववादी जीवनदृष्टिका कोणबाट विश्लेषण गर्नाका निम्ति त्यस दृष्टिको सबल अभिव्यक्ति भएका *डापी, कट्टेल सरको चोटपटक, स्वर्गीय हीरादेवीको खोज, एक शहरमा एक कोठा, सहस्राब्दीको अन्तिम प्रेमकथा र भीमसेन-४ को खोजी गरी छओटा* उपन्यासलाई छनोट गरिएको हो ।

## तेस्रो परिच्छेद

# ध्रुवचन्द्र गौतमका उपन्यासमा निस्सारता

### ३.१ विषयप्रवेश

ध्रुवचन्द्र गौतमले आफ्ना उपन्यासमा अस्तित्ववादी निस्सारतालाई मूल कथ्य बनाएका छन् । मानव जीवन निरर्थक भए पनि अस्तित्वका लागि निरन्तर कर्म, सङ्घर्ष र विद्रोह गर्नुपर्छ । यसो गर्दा पनि मानिसले समस्याबाट मुक्ति पाउँदैन अस्तित्वका लागि सङ्घर्ष गर्नै पर्छ भन्ने मान्यता अस्तित्ववादी निस्सारताको रहेको छ । यस परिच्छेदमा अस्तित्ववादी निस्सारताको सैद्धान्तिक मान्यताका बारेमा स्पष्ट पारी यसै मान्यताका आधारमा गौतमका उपन्यासको विश्लेषण गरिएको छ । उपन्यासको विश्लेषण गर्दा अस्तित्ववादी निस्सारताका आधारमा निर्मित सूचकहरूलाई आधार बनाइएको छ । विश्लेषणका लागि निर्धारित सूचकहरू जीवनको निरर्थकता, अभाव र अनिश्चितता एवम् कर्म र सङ्घर्ष रहेका छन् । ती सूचकका बारेमा सम्बन्धित स्थानमा परिचय दिई तिनैका आधारमा उपन्यासको विश्लेषण गरिएको छ ।

### ३.२ निस्सारता

अस्तित्ववादी जीवनदृष्टिको एक मूलभूत मान्यता निस्सारताले जीवनलाई निस्सार, निरर्थक, विसङ्गतिपूर्ण ठान्दै यस्तो जीवनमा मानिसले केही गरेर बाँच्नै पर्छ भन्ने मान्यता राखेको छ । जर्मन दार्शनिक हेगेलले बुद्धिका माध्यमबाट नै सत्य बुझ्न सकिन्छ भन्ने मान्यता प्रस्तुत गरेका अवस्थामा किर्केगार्डले संसारमा यति धेरै विसङ्गत तत्त्व छन् तिनीहरू कुनै पनि तर्क, बुद्धिबाट व्यवस्थित गर्न र सङ्गति प्रदान गर्न सकिँदैन, विसङ्गति नै भोग्नुपर्छ भनेका छन् (त्रिपाठी, २०३०/२०४९, पृ. १२२) । किर्केगार्डले यस्तो विसङ्गत संसारमा आइपरेका सारा समस्याको समाधान कुनै तर्क र बुद्धिद्वारा गर्न नसकिने भएकाले र त्यसका कारण मानिसमा समस्या आइपर्ने भएकाले जीवन निस्सारयुक्त बनेको हुन्छ भन्ने धारणा प्रस्तुत गरेका छन् । नित्सेद्वारा प्रस्तुत हामी बाँचेको जीवनको कुनै पनि अर्थ नभएको भन्ने मान्यताले शून्यतालाई बोध गराएको छ । उनले यही शून्यताको बोधका कारण मानिसमा निस्सारताको भाव जन्मिन्छ भन्ने तर्क गरेका छन् । हाइडेगरले त्रास र शून्यताका कारण मानिसमा निस्सारताको अनुभूति भए पनि प्रामाणिक अस्तित्वका लागि यो उपयोगी हुने कुरा गरेका छन् (प्रधान, सन् १९७१, पृ. ७०) । मानिसको जन्म किन भयो भन्ने कुराको कुनै तर्क छैन । मानिस आफ्नो इच्छाविना नै यस संसारमा जन्मिएको र उसको मृत्युको कुनै तर्क नभएका कारण उसले जीवनमा निस्सारताको अनुभव गरेको हुन्छ । हाइडेगरले यस्तो निस्सार संसारमा व्यक्तिले स्वयम् उद्देश्य निश्चित गरी जीवनजगत्लाई सार्थक पार्न सक्छ भन्ने धारणा प्रस्तुत गरेका छन् (शर्मा, सन् १९९३, पृ. १०३-

१०४)। उद्देश्य निर्धारण गरेको मानिसले मात्र अस्तित्व स्थापित गर्न सक्छ। सार्त्रले छनोटको स्वतन्त्रता र जिम्मेवारी वहन गर्नुपर्ने कारणबाट मानिसमा पीडा र निराशा देखिने बताएका छन् (Sartre, 1947/2007, p. 27)। समाज, संसार र यहाँका अनुशासनको कुनै अर्थ छैन । अर्थ नभएको संसारमा अर्थ खोज्नु नै अर्थहीन छ । फेरि मृत्युको बोधले उसलाई चिन्तामा पारिदिएको छ । स्वतन्त्रताका कारण आइपर्ने अभाव र अनिश्चिताले मानिसलाई निराश बनाएको हुन्छ। मानिसले जीवनमा यस्ता समस्याको सामना गर्न परे पनि अस्तित्वका लागि गरिने सङ्घर्षबाट विचलित हुन नहुने मान्यता अस्तित्ववादको रहेको छ । मानवीय मूल्य अर्थहीन, पीडायुक्त र विसङ्गतिपूर्ण भए पनि अस्तित्ववादी चिन्तक कामुले भनेझैँ सिसिफसले झैँ सङ्घर्षपूर्ण जीवन बाँच्नुपर्छ, जीवनबाट पलायन हुनुहुँदैन भन्ने मान्यता अस्तित्ववादी निस्सारताले राख्दछ (भट्टराई, २०४९/२०६७, पृ.७३-७४)। कामुले मानव जीवन निस्सार, निरर्थक र विसङ्गतियुक्त भए पनि मूल्यका लागि सिसिफसको जीवन बाँच्नै पर्छ भन्ने धारणा प्रस्तुत गरेका छन्। निस्सार र निरर्थक जीवनमा मानिसले पलायनको मार्ग अवलम्बन नगरी कर्म र सङ्घर्षमा आफूलाई सक्रिय राख्नुपर्छ। इच्छाको पूर्तिका लागि मानिस आफैले सङ्घर्ष गर्नुपर्छ (प्रधान, २०६४, पृ. ७८)। यसो गर्दा पनि समस्याबाट त मुक्त हुन नसकिने भएकाले निस्सारतालाई भोग्नै पर्छ भन्ने मान्यता अस्तित्ववादको रहेको छ । जीवनको कुनै सार छैन । यस्तो सार नभएको जीवनमा मानिसले गरेका प्रयत्नले पनि कुनै अर्थ राख्दैनन्। यही स्थितिका कारण उसमा निस्सारताको अनुभव हुने गर्दछ । यसो भए पनि प्रामाणिक अस्तित्वका लागि मानिसले सङ्घर्ष गरिराखेको हुन्छ भन्ने मान्यता अस्तित्ववादको रहेको छ ।

### ३.२.१ जीवनको निरर्थकता

अस्तित्ववादी जीवनदर्शनले जीवनलाई अर्थहीन ठान्दछ। यस दर्शनमा प्रस्तुत शून्यवादले जीवनको निरर्थकतालाई बोध गराएको छ। नित्सेले मानिस शक्तिशाली बन्नाका लागि शून्यवादको स्थितिमा पुग्नुपर्ने तर्क प्रस्तुत गरेका छन् । हामीले मूल्यको प्राप्तिपूर्व नै शून्यवादको अनुभव गरिरहेका हुन्छौँ (Kaufman, 1956/1960, p. 110)। हामीले बाँचेको जीवनको कुनै अर्थ छैन भन्ने मान्यता शून्यवादको रहेको छ। यही शून्यताका कारण मानिसमा निराशावादी दर्शनको जन्म भएको हो। वस्तुगत सत्यलाई अस्वीकार र आत्मगत पद्धतिका माध्यमबाट नै शून्यवादको स्थापना हुने कुरा नित्सेले गरेका छन्। सबै मूल्यहरूले शून्यवादको स्थितिमा पुग्नासाथ आफ्नो अस्तित्व गुमाउने भए पनि मनुष्यमा भने त्यसलाई बुझ्ने क्षमता रहिरहने भएकाले शून्यको सामनाबाट नै मानिसले प्रामाणिक अस्तित्वको ज्ञान लिन सक्छ (पाण्डे, २०६२, पृ. ६८)। नित्सेले ईश्वरलाई अस्वीकार गर्दा मानिसमा निराशा, स्वार्थी प्रवृत्ति, जीवनजगत्प्रति व्यर्थताको भावना विकास

भएको हुन्छ भन्दै यसको सामना गर्दै जीवनमा सक्रिय मानिसले मात्र प्रामाणिक अस्तित्वलाई अवलम्बन गरेको हुन्छ भन्ने धारणा प्रस्तुत गरेका छन् ।

मानवजीवन, मानवसमाज, समाजका मान्यता र संसारका मूल्यमान्यताको कुनै अर्थ छैन भन्ने कुरा नै जीवनको निरर्थकता हो । यस्तो अर्थ नभएको जीवनमा अर्थका लागि बाँच्नुपर्दा मानिसमा जीवनप्रति वितृष्णाभाव जागृत भएको हुन्छ । हाइडेगरले मानिसले आफूलाई यस धर्तीमा फ्याँकिएको ठानेको हुन्छ भन्ने विचार प्रस्तुत गरेका छन् (सक्सेना र मिश्र, सन् १९८८, पृ. १७३) । मानिसले आफ्नो इच्छाविना नै यस धर्तीमा आउनुपर्दा जीवनलाई अर्थहीन ठानेको हुन्छ । उसले आफू जन्मिएको संसारलाई जान्न नसक्ने भएकाले जीवनलाई निरर्थक ठानेको हुन्छ (शर्मा, सन् १९९३, पृ. १०३) । उसले जन्म र मृत्युलाई बुझ्न सक्दैन अनि अस्तित्वका लागि सङ्घर्ष गरिरहेको संसारलाई पनि चिन्न सक्दैन । उसले जन्म, मृत्यु र जीवनमा गरिने प्रयत्न सबै अन्धकारमा हाम फाल्नुजस्तै भएकाले नै जीवनलाई निरर्थक ठानेको हुन्छ भन्ने मान्यता नै जीवनको निरर्थकता हो । उपन्यासमा पात्रले सङ्घर्ष गरिरहँदा भोग्नुपरेका अनपेक्षित परिणाम र असफलताका कारण उसमा जीवनप्रति वितृष्णाभाव जागृत भएको सन्दर्भलाई आख्यानीकरण गरी जीवनको निरर्थकतालाई अभिव्यक्त गरिएको हुन्छ ।

जीवनको अर्थहीनता *डापी* उपन्यासमा केन्द्रीय कथ्यका रूपमा आएको छ । यस उपन्यासमा नेपाली समाज र राजनीतिका क्षेत्रमा देखिएका विकृति र विसङ्गतिलाई आख्यानात्मक रूपमा प्रस्तुत गरिएको छ । तत्कालीन नेपाली शासकका प्रतीकका रूपमा चित्रित 'कखग' पात्रका क्रूरतापूर्ण व्यवहारबाट प्रताडित डापीवासीको पीडा नै यस उपन्यासको केन्द्रीय कथ्य रहेको छ । शासकका मनपरी, अन्याय र अत्याचारका कारण डापीवासीमा जीवनप्रति नै निस्सारताको भाव जागृत भएको सन्दर्भलाई प्रमुख महत्त्वका साथ उपन्यासमा नाटकीकरण गरिएको छ । जीवनमा आइपर्ने अनेक समस्याका कारण मानिसले आफ्नो जीवनलाई निरर्थक ठानिरहेको हुन्छ भन्ने मान्यतालाई यस उपन्यासका पात्रका क्रियाव्यापारले स्पष्ट पारेका छन् । मानिसले आफ्नो अस्तित्वका लागि सङ्घर्ष गरिरहेका अवस्थामा विपरीत परिणाम आइदिँदा उसमा विसङ्गति, निस्सारता र निरर्थकताको अनुभूति भएको हुन्छ । यस्तो नैराश्यपूर्ण अवस्थामा रहेको मानिस त्यसै कुराबाट कुण्ठित भएर नबसी आफ्नो अस्तित्व प्राप्तिको यात्रामा निरन्तर सङ्घर्ष भने गरिरहन्छ भन्ने अस्तित्ववादी निरर्थकताको मान्यतालाई *डापी* उपन्यासमा एक वृद्ध सेवक, विक्रम, डापीवासी र खर्दारसाहेबका क्रियाव्यापारले पुष्टि गरेका छन् ।

*डापी* उपन्यासको प्रमुख पात्र विक्रमले जीवनमा अपेक्षित कुराको प्राप्ति नगर्दा जीवनलाई नै अर्थहीन ठानेको कुरा प्रस्तुत गरी जीवनको निरर्थकता अभिव्यक्त गरिएको छ । विक्रम समग्र उपन्यासमा नेतृत्वदायी भूमिकानिर्वाह गर्ने पात्र हो । यसले भाइबाट सहयोग

नपाएको, पारिवारिक जिम्मेवारी बहन गर्न परेको, डेरामा बसेर सङ्घर्ष गर्न परेको, 'कखग' पात्रको आतङ्क खेप्न परेको जस्ता अनिच्छित घटना उसका जीवनमा बाध्यकारी बनेका छन् । आर्थिक समस्याका कारण एक मात्र छोरामा चित्त बुझाउने प्रयास गरेको विक्रमले अर्को छोराको कल्पना गर्दा पनि झस्किने प्रवृत्ति उसमा रहेको छ । पत्नी बीनूले 'ग' पात्रसँग निकटता नबढाओस् भन्ने विक्रमको अपेक्षाविपरीतको अवस्था उपन्यासमा घटित भएको छ । उपन्यासमा विक्रमका इच्छाविपरीतका घटित यस्ता सन्दर्भका कारणले नै उसले जीवनलाई विसङ्गत र निरर्थक ठानेको हो । डापीटोलमा सुधार गर्नाका लागि भनी स्थापित 'डापी सुरक्षा सङ्घ' को चुनावको सन्दर्भले उसलाई अरू चिन्तित तुल्याएको छ । चुनाव नजित्नुपर्नेले नलडी जितेका र तिनका विरुद्ध कोही लड्न नसकेको परिवेशको सिर्जना यस उपन्यासमा गरिएको छ । डापीटोलका यस्तै बेथितिका कारण विक्रमले जीवनप्रति निरर्थकताको बोध गरेको कुरालाई यस उद्धरणले स्पष्ट पारेको छ :

> डापी टोलमा बाँच्नु पनि के हो के हो । न अर्थ हो, न अर्थहीन हो- केवल हाँसो उठ्दो हो । .... भनिरहनु पर्दैन, दारिद्र्य त्यहाँ नाङ्गो र निर्लज्ज किसिमले उदाङ्ग भएर बसेको थियो । बूढाबूढी कमजोर थिए । आफ्नो गरिबीलाई घचेट्न तिनीहरूको हात चाउरी परिसकेको थियो । (गौतम, २०३३/२०६४, पृ. १२९)

माथि प्रस्तुत गरिएको उद्धृतांशले डापीटोलको परिवेशमा गरिबी व्याप्त रहेको वास्तविकतालाई बोध गराएको छ । डापीटोलका मानिसले आफ्नो जीवनस्तर उठाउनका लागि गरेका प्रयत्नमा 'कखग' पात्रले बाधा पुऱ्याएका दृश्यलाई विक्रमले देखिरहेको छ । यस्तो ठाउँमा बस्दा विक्रममा जीवनप्रतिको निरर्थकताको भाव जागृत गराउने प्रमुख कारण 'कखग' पात्रबाट सिर्जित समस्या नै रहेको छ । 'कखग'बाट खडा गरिएका भय, असुरक्षाले त्यस टोलमा विक्रम र डापीवासीको जीवन अर्थहीन बनेको कुरालाई विक्रमका क्रियाव्यापारले स्पष्ट पारेका छन् । जीवनमा एकपछि अर्को गर्दै अनपेक्षित समस्याको शृङ्खलाको जालोमा अल्झिनुपर्दा विक्रमले जीवनप्रति नै निरर्थकताको अनुभव गरेको कुरालाई *डापी* उपन्यासमा उससँग सम्बद्ध घटनाक्रमले सिद्ध गरेका छन् ।

*डापी* उपन्यासमा प्रमुख पात्र विक्रममा जीवनप्रति निरर्थकताको भाव सिर्जना गराउने एक प्रमुख घटना उसकी पत्नी बीनूको चारित्रिक स्वभाव पनि हो । डापीटोलमा डेरा लिएर आर्थिक सङ्कट र पारिवारिक जिम्मेवारीलाई वहन गर्दै जीवनयात्रामा सङ्घर्षरत यस पात्रले आफ्नी पत्नीको चारित्रिक स्वभावमा आशङ्का उत्पन्न भएपछि पीडाबोध गरेको छ । बीनूको कमजोर अङ्ग्रेजी सुधारका लागि 'ग' पात्रले पढाउन आउँदा गरेको कर्तुतका बारेमा बीनूकै अभिव्यक्ति प्रमाण बनेपछि विक्रममा थप निराशा उत्पन्न भएको हो । 'ग' पात्र र बीनूका बिचमा निकट सम्बन्ध रहेको वास्तविकतालाई उसकै भनाइले पुष्टि गरेको छ :

एक दिन त्यसले मेरो हात हेर्‍यो । हात हेर्दा हेर्दै के के कुरा गर्न थाल्यो । त्यसले आफ्नो प्रेम प्रकट गर्‍यो र अनि ओठमा ...। बीनूले वाक्य पूरा गरिन र आँखा निहुराई । .... मेरो कसुर यति हो कि त्यसले आफ्नो प्रेम प्रकट गर्दा म चुप लागेँ । भोलिपल्ट फेरि पढायो पनि । मैले त्यसलाई केही भन्न सकिनँ । (गौतम, २०३३/२०६४, पृ. १३९) ।

उपर्युक्त उद्धरणमा बीनू र 'ग' पात्रका बिचमा विकसित घनिष्ठ सम्बन्धका घटनाक्रमका कारण विक्रममा जीवनप्रति नै निरर्थकताको भाव जागृत भएको कुरा अभिव्यक्त भएको छ । 'ग' पात्रसँग बीनूको निकटता सम्बन्धी आशङ्का बीनूकै अभिव्यक्तिले सत्य सिद्ध गरिदिएपछि विक्रममा थप निराशा देखिएको छ । डापीटोलका गरिब महिलाहरू छाक टार्नाका लागि 'कखग' पात्रकहाँ गएर आधा घण्टा बिताएपछि चामलको पोको लिएर निस्केका घटनाका बारेमा जानकार विक्रमले महिलाहरू त्यहाँ जान डराउने र गएपछि त्यहाँ भएका कुरा भन्न डराउने वास्तकवितालाई समेत बोध गरेको छ । डापीटोलमा महिलामाथि यस्तो हर्कत गर्ने 'कखग'मध्ये 'ग' पात्रका निकट रहेर पत्नी बीनूले ट्युसन पढ्नु र 'ग' पात्रले चुम्बन गर्नुसम्मका घटनालाई बोध गरेपछि विक्रमले आफूलाई 'ग' पात्रसँग प्रतिवाद गर्न नसक्ने हुतिहारा ठान्दै जीवनका यस्ता विसङ्गत पक्षलाई भोग्नुपर्दा निरर्थकताको अनुभव गरेको हो । पत्नी बीनू र 'ग' पात्रका बिचको निकटताका कारण विक्रमले जीवनप्रति निरर्थकताको अनुभव गरेको कुरालाई उसकै अभिव्यक्तिले सिद्ध गरेको छ :

छाडिदिऊँ यसलाई भने मानिस मेरो ज्यादती देख्लान् । गसित शत्रुता गर्ने साहस छैन । गले मसित खोसेको छ यसलाई । यो... मलाई घृणा छ यससित, यो बीनूसित । मलाई कसरी विश्वास होस् कि फेरि यो यस्ती हुन्न ? आखिर अब नै उसको मेरो परिस्थितिमा के लखेश्वर लागेको छ । आत्महत्या गरुँ ? बाँच्न मन लाग्छ । केही गर्न सक्तिनँ- अर्को बिहा पनि गर्न सक्तिनँ । यसलाई बिहा गर्दा पनि के मलाई पत्तो थियो, यसले धोका देली ? (गौतम, २०३३/२०६४, पृ. १३९)

उपन्यासमा विक्रमले व्यक्त गरेको माथिको उद्धृतांशले उसमा जीवनप्रतिको निरर्थकताको अनुभव गराउने कारक बीनू हो भन्ने कुरालाई स्पष्ट पारेको छ । बीनूले 'ग' पात्रसँग देखाएको निकटता विक्रमका लागि पीडादायी बनेको छ । उसको जीवनमा यस्ता अनपेक्षित घटनाको शृङ्खलाका कारण यस पात्रमा निस्सारताको भाव जागृत भएको हो । पत्नी बीनूका क्रियाकलापका सामु आफू निरीह बन्न बाध्य भएको अनुभव विक्रमले गरेको छ । 'ग' पात्रसँग प्रतिवाद गर्न नसक्नु, बीनूलाई छाड्न नसक्नु तथा अर्को बिहे गर्ने आँट गर्न नसक्नु जस्ता परिवेशलाई उपन्यासमा संयोजन गरी जीवनको निरर्थकता अभिव्यक्त गरिएको छ । यस्तो निराशाका माझमा पनि जीवनबाट भाग्ने सोच नबनाई अस्तित्व सुरक्षित गर्ने प्रयत्न भने उसले गरिरहेको छ । यस्तो

प्रयत्नमा रहेको विक्रममा जीवनप्रति निरर्थकता अनुभव गराउने प्रमुख कारण उसकै पत्नी बीनूले विक्रमसँग वैवाहिक सम्बन्ध स्थापित गरी 'ग' पात्रसँग विस्तार गरेको निकटता नै रहेको कुरा स्पष्ट भएको छ ।

जीवनयात्रामा सङ्घर्ष गरिरहेका मानिसले भोग्नुपरेका समस्याका कारण उनीहरूले निस्सारता र निरर्थकताको बोध गर्छन् भन्ने मान्यतालाई *डापी* उपन्यासमा विक्रमले आफ्नै पत्नी बीनू र 'कखग'का खराब व्यवहारका माध्यमबाट अभिव्यक्त गरिएको छ । मानिसले चाहे जस्तो र योजना गरे जस्तो गरी जीवन परिचालित हुन सक्दैन । अनेक बिब्ल्याँटा परिस्थितिसँग सङ्घर्ष गर्नु मानिसको नियति हो । जीवनमा यस्तै परिस्थितिका कारण उपन्यासको पात्र विक्रमले दुःख, भय, अन्योल, असङ्गतिसँग सङ्घर्ष गर्न बाध्य भएको कुरालाई प्रस्तुत गरेर उपन्यासमा जीवनको निरर्थक पक्षलाई अभिव्यक्त गरिएको छ (गौतम, २०६०, पृ. ४७) । पारिवारिक जिम्मेवारी र सामाजिक सम्पर्कमा रहेर सङ्घर्ष गरिरहेको पात्र विक्रमले आफ्नो अस्तित्वको रक्षाका लागि सङ्घर्षसमेत गरिरहेको छ । यसरी सङ्घर्ष गर्दा उसलाई समस्या सिर्जना गरिएको छ भन्ने कुरा उसकै यस अभिव्यक्तिले स्पष्ट पारेको छ -"२-४ जनाले मिलेर मलाई स्लिप दिएर लडाएका छन्, अब मेरो घाँटी थिच्दै छन्, म तोरीको फूल देख्दै छु" (गौतम, २०३३/२०६४, पृ. २२५) । विक्रममा जीवनमा असफलताको अनुभव गराउने कारक अरू नै रहेको कुरालाई उपन्यासको यस उद्धरणले स्पष्ट पारेको छ । विक्रमको अभिव्यक्ति आफ्नै पत्नी बीनू र 'कखग' पात्रप्रति लक्षित रहेको छ । घरका गोप्य कुराहरूलाई 'कखग'सम्म सजिलै सञ्चार गर्ने बीनूको गलत बानीका कारण विक्रमले पटक पटक समस्या भोलेको छ । 'ग' पात्रप्रति आशक्ति देखाइरहने र विक्रमसँग जीवन बिताउने बीनूको दोहोरो चरित्रका कारण विक्रममा उसप्रति आशङ्का पैदा भएकै छ । बीनूको यही दोहोरो चारित्रिक भूमिकाका कारण विक्रम 'कखग' पात्रको नजरमा कमजोर देखिन पुगेको हो । अल्बर्ट कामुको 'मिथ अफ सिसिफस'को पात्र सिसिफसले जीवनमा सङ्घर्ष गरिरहेभैँ विक्रमले पनि सङ्घर्ष भने गरिरहेको छ । विक्रमले जीवनमा अस्तित्वका लागि सङ्घर्ष गरिरहेको तर पत्नी बीनू र 'कखग' पात्रका कारण प्रत्येक पटक असफलता भोग्नुपर्ने परिवेशका कारण नै उसमा जीवनप्रति निरर्थकताको अनुभूति भएको कुरालाई यस उपन्यासमा व्यक्त गरिएको छ ।

मानिस आफ्नो अस्तित्वका लागि गरेका सङ्घर्ष र विद्रोहले सार्थकता प्राप्त गर्न नसकेका अवस्थामा उसमा निस्सारताको बोध भए पनि अस्तित्व प्राप्तिका लागि गरिने सङ्घर्षबाट विश्राम लिएको हुन्न भन्ने मान्यतालाई *डापी* उपन्यासमा विक्रमका अभिव्यक्तिका माध्यमबाट प्रस्तुत गरिएको छ । उपन्यासको आरम्भदेखि डापीटोलमा आतङ्क, क्रूरता र भयको वातावरण सिर्जना गरेर आफ्नो प्रभुत्व स्थापना गरिरहेका 'कखग' पात्रका विरुद्ध डापीवासीले सङ्घर्ष गरिरहेका र त्यसले सार्थकता प्राप्त गर्न नसकेको अवस्थाका कारण उनीहरूमा निस्सारताको भाव जागृत

भएको हो । चौतारो भत्काउन अस्वीकार गर्दा गरिब ज्यापुले 'कखग'बाट निर्घात कुटाइ खाएकामा उसलाई न्याय गर्न नसक्दा डापीवासीमा निराशा छाएको छ । डापीवासीमा 'कखग' पात्रका कारण जीवनप्रति निरर्थकताको अनुभव भएको छ भन्ने कुरालाई तलको उद्धरणले स्पष्ट पारको छ :

> ज्यापुका लागि हामीले केही गर्न सकेनौँ । अब के गर्ने ? कसको मद्दत लिऊँ ? म आफैँलाई भन्छु, हे दुनियाँसित थर्कमान प्राणी (अर्थात् म), तिम्रो थर्किनुदेखि म थर्केको छु । आतङ्कको गह्रौं उचाल्ने पनि कति ? जब कि त्यो भारी बोकेर कतै जानु छैन, कतै पुग्न छैन, भने... मरे बाबा यिनीहरूले, सखापै पारे । एउटा जन्म, त्यो पनि व्यर्थै जान आँट्यो । (गौतम, २०३३/२०६४, पृ. २५५)

ज्यापुले विनाकारण 'कखग' को कुटाइ खाएको र त्यसको प्रतिवाद गर्न नसकेकामा डापीवासी पीडित छन् भन्ने यथार्थतालाई माथिको उद्धरणमा अभिव्यक्त गरिएको छ । डापीवासीमा न्याय गर्न नसकिए पनि न्यायप्रतिको चाहना रहेको भन्ने कुरालाई यस अभिव्यक्तिमा स्पष्ट रूपमा व्यक्त भएको छ । यसै गरी विक्रमको बाल्यकालको विद्रोही स्वभावको साथी प्रेम काठमाडौँमा आएर बसेको भन्ने जानकारी पाएपछि त्यसबाट 'कखग' पात्रका विरुद्धको विद्रोहले सार्थकता प्राप्त गर्ने अपेक्षा गरेका अवस्थामा प्रेमले आफू कमजोर रहेको भन्ने अभिव्यक्ति दिएपछि विक्रमको त्यस्तो विद्रोहात्मक सोचले मूर्तता प्राप्त गर्न नसकेका अवस्थामा उसमा निस्सारताको बोध भएको छ । विक्रमलगायत डापीवासीले आफ्नो अस्तित्वका लागि 'कखग'का विरुद्ध गरेको विद्रोहले सार्थकता प्राप्त गर्न नसकेका अवस्थामा उनीहरूमा निस्सारताको बोध भए पनि आफ्नो अस्तित्व प्राप्तिका लागि 'कखग' पात्रका विरुद्ध जागृत विद्रोहको भावले विश्राम नलिएकाले अस्तित्ववादी जीवनदृष्टि सबल बन्दै गएको छ ।

समाजमा व्याप्त क्रूरताका कारण सिर्जित समस्याबाट प्रताडित बन्न पुगेका मानिसले आफ्नो र अन्य पीडित मानिसको अस्तित्व रक्षा गर्न नसक्दाका अवस्थामा जीवनलाई व्यर्थ ठान्छ भन्ने कुरालाई *डापी* उपन्यासमा विक्रमले आफ्नो अस्तित्व रक्षाका क्रममा भोग्नुपरेका समस्या तथा माने र सन्तेलाई न्याय दिन नसकेको घटनाका माध्यमबाट व्यक्त गरिएको छ । डापीवासीमा निरर्थकताको भाव जागृत गराउने प्रमुख कारक 'कखग' नै रहेको देखिन्छ । मानेलाई ऋण बोकाउने र सन्तेको घडेरी सित्तैमा हडप्ने पात्र 'कखग' नै रहेका छन् । सन्तेलाई 'कखग' पात्रले आर्थिक रूपमा कमजोर बनाएपछि उपचारका अभावमा सन्तेकी पत्नीको मृत्यु भएको घटनाले 'कखग' पात्रको क्रूरतालाई राम्रोसँग बोध गराएको छ । डापीटोलमा लामो समयदेखि बसोबास गरेका यस्ता निरीह मानिसमाथि 'कखग'बाट भएको अमानवीय व्यवहारका विरुद्ध आवाज उठाएर उनीहरूलाई समयमा नै न्याय दिलाउन नसकेका अवस्थामा विक्रममा निराशाभाव उत्पन्न भएको छ । 'कखग' पात्रको कर्तुतका कारण सन्तेकी पत्नीको मृत्यु भएको र सन्तेका पक्षमा आवाज

उठाउन नसकेकामा पीडाको अनुभव गरेको छ भन्ने सत्यतालाई उपन्यासको यस अंशले स्पष्ट पारेको छ :

> मेरो जीउभरि कहालीलाग्दो खाल्डैखाल्डो लपक्कै टाँस्सिएको छ, जसले आफ्नै उमेर नाघ्न पनि अत्यास लाग्ने । एउटा अत्यासलाग्दो गल्लीबाट घस्रिनु पो भएको छ त अब बाँच्नु भनेको । कुनै छद्म र रित्तो दुनियाँमा बेग्लो र पन्छिएको र असहाय भएर सास फेर्नु बेइमानी र बेमाने पनि हैन ? (गौतम, २०३३/२०६४, पृ. २७३)

माथि प्रस्तुत गरिएको उद्धरणमा विक्रमले अन्यायका विरुद्ध लडेर आफ्नो अस्तित्व सुरक्षित गर्न नसकेकामा पीडाको अनुभव गरेको आशय अभिव्यक्त भएको छ । यसले लेखेको डायरीको यस अंशले उसमा जीवनप्रति निरर्थकताको भाव रहेको कुरालाई समेत पुष्टि गरेको छ । यस पात्रमा त्यस किसिमको भाव सिर्जना हुने प्रमुख कारण डापीटोलको बसाइ नै रहेको देखिन्छ । त्यस टोलमा एकपछि अर्को गर्दै 'कखग'ले अन्याय, अत्याचार र आतङ्क सिर्जना गरेका र त्यस्ता कर्तुतका विरुद्ध टोलवासीले गरेका प्रयत्न सफल हुन नसक्दा उनीहरूमा जीवनप्रति नै निरर्थकताको भाव जागृत भएको कुरालाई आख्यानात्मक रूपमा प्रस्तुत गरेर यस उपन्यासमा अस्तित्ववादी निस्सारता अभिव्यक्त गरिएको छ। यसै गरी पैतृक सम्पत्ति प्रशस्त भएर पनि विक्रमलाई डेरामा राखिनुले मानवजीवनमा आफ्नो भन्ने कुरा केही नभएको कुरालाई सङ्केत गर्दै जीवनमा बाँच्नु भनेको पीडालाई भोग्नु मात्र हो भन्दै जीवनको निरर्थकतालाई यस उपन्यासमा चित्रण गरिएको छ (गौतम, २०६०, पृ. ४७) । डापीवासीको सुरक्षार्थ निर्माण गरिएको पर्खालले उनीहरूको सुरक्षा नभई बन्दी जस्तो बनेको अनुभूति टोलवासीलाई भएको छ। त्यसलाई भत्काउने अभिलाषा राखे पनि त्यो झन् बलियो बन्दै गएकाले जीवनमा जे चाह्यो त्यसको उल्टो भइदिने प्रवृत्तिका कारण विक्रममा निस्सारताको बोध भएको छ। सन्ते र मानेलाई न्याय दिन नसक्नु, आफ्नो हकको पैतृक सम्पत्ति लिन नसक्नु र आफूहरूको असुरक्षाको प्रतीक बनेको डापीटोलको पर्खाल भत्काउन नसक्नु जस्ता विक्रमका चाहनाविपरीतका उपन्यासका घटनाका कारण उसमा जीवनको निस्सारता र निरर्थकताको बोध भएको छ ।

मानिसले आफ्नो अस्तित्व प्राप्तिका लागि गरिरहेको सङ्घर्षबाट अपेक्षित उपलब्धि हुन नसक्दा उसमा जीवनप्रति निरर्थकताको बोध हुन्छ भन्ने मान्यतालाई *डापी* उपन्यासमा 'कखग' पात्रको पुनरागमनको अभिव्यक्ति र विक्रमले देखेको सपनाका माध्यमबाट समेत प्रस्तुत गरिएको छ। डापीटोलमा क्रूरतापूर्ण शासन सञ्चालन गरेर त्यहाँका बासिन्दामाथि आफ्नो प्रभुत्व स्थापित गरेका 'कखग' पात्रका विरुद्धको विद्रोहको स्वर उपन्यासको आरम्भदेखि नै अभिव्यक्त भएको छ। एकातिर टोलवासीमाथिको क्रूरता र अर्कातिर आफ्नी पत्नी बीनूसँग 'ग' पात्रको निकटताले विक्रम चिन्तित र भयभित भएका अवस्थामा ती दुवै भयबाट मुक्तिका लागि 'कखग'लाई कमजोर

तुल्याउनुपर्ने देखिएको छ । त्यस अभियानमा निरन्तर रूपमा लागेको विक्रमले 'कखग'ले डापीटोल छाडे पनि फेरि आउने भन्ने अभिव्यक्ति दिएपछि उसमा रहेको भय, आतङ्क र असुरक्षा पूर्ण रूपमा हट्ने अवस्था देखिएको छैन । 'कखग'लाई परास्त गरी आफ्नो अस्तित्व सुरक्षित गर्ने प्रयत्न सफल हुँदै गए पनि उनीहरू पुनः आउने भन्ने अभिव्यक्तिले डापीवासी पीडित बनेका छन् भन्ने वास्तविकतालाई उपन्यासको यस अंशले स्पष्ट पारेको छ :

> तिनीहरूको अर्को भयानक षड्यन्त्रभित्र हामी पर्न थाल्यौं, म भन्न सक्छु, हामीले धोकैधोका खाएका छौँ, जुन हाम्रो भाग्य हो । तिनीहरूले हाम्रो मनमा फेरि एकएक गरी भयको बीउ छरिदिएका छन्, आघुँ बाली काट्नलाई । तिनीहरूले हामीलाई फुटाल्न फलामले हिर्काएका छन्- कसरी रोक्ने ए, खोइ, (गौतम, २०३३/२०६४, पृ. २८७)

विक्रमद्वारा अभिव्यक्त माथिको उद्धृतांशमा डापीवासीका भय र असुरक्षा सिर्जना गर्ने कारण 'कखग' पात्र नै हुन् भन्ने स्पष्ट भएको छ । उनीहरूबाट मुक्त हुने प्रयत्न सफल बन्न नसक्नुले डापीवासीमा भय र असुरक्षा बढ्दै गएको देखिन्छ। उपन्यासमा स्वप्न शैलीका माध्यमबाट समेत विक्रममा जीवित रहेको असुरक्षाको भावलाई सम्प्रेषण गरिएको छ। जीवनमा लामो समय डापीटोलमा रहेर भय, असुरक्षा र आतङ्कको पीडा भोगेर बाँचिरहेको विक्रमले 'कखग' पात्रले त्यो टोल छाडे पनि पुनः आउने भन्ने कुरा बुझेपछि यस टोलमा बसेर पुनः समस्या भोग्नुभन्दा अन्यत्रै कोठा सर्नु उपयुक्त हुने ठान्दै सुन्दर र सफा ठाउँमा डेरा सरेको छ। यस्तो अवस्थामा एक विशाल भवनमा तिनै 'कखग' पात्र देखिएका छन् । डापीवासीका लागि 'कखग' खतरा, भय, असुरक्षाका कारक हुन् भन्ने कुरालाई उपन्यासको तलको अंशले स्पष्ट पारेको छ :

> म लगलग लगलग हिल्लिँदै छु, कोल्याप्स गर्दै छु, प्राणान्त हुँदै छ मेरो; डापीमा त्यस्तरी सँगालेको साहससमेत बेपत्ता छ मेरो । मेरो हंसले ठाउँ छाडेको छ। अब यी हँसिला हिंस्रकहरूसित हात मिलाउन्जेल मेरो हात प्राणरहित भइसक्छ । कस्तो छटपट, कस्तो गरम, कस्तो पसिना - कसो गरूँ; कता जाऊँ अब, हँ ? (गौतम, २०३३/२०६४, पृ. २८९)

विक्रमद्वारा प्रस्तुत भएको माथिको उद्धृतांशले उसको अस्तित्वमा समस्या सिर्जना गर्ने 'कखग' पात्रहरू रहेको कुरालाई प्रमाणित गरेको छ। 'कखग' पात्रलाई सपनामा देख्दा पनि विक्रम भयभित हुनुले यस सत्यतालाई पुष्टि गरेको छ । जीवनमा स्वतन्त्रता, अस्तित्व, न्याय र सुशासनका पक्षमा सङ्घर्ष गरिरहँदा विक्रमले प्राप्त गरेका असफलताका कारण उसले पटक पटक निरर्थकताको अनुभव गरेको छ। उपन्यासको अन्त्यतिर 'कखग' पात्रको बहिर्गमनले आफ्नो

स्वत्व स्थापना होला भन्ने अपेक्षा गरेका अवस्थामा उनीहरूले व्यक्त गरेको पुनरागमनको कुरा तथा विक्रमले देखेको सपनामा समेत 'कखग' पात्रको उपस्थिति हुनुले उनीहरूबाट सिर्जित भयको अवशेष अझै बाँकी रहेको अनुभव गर्दै विक्रमले निस्सारताको अनुभव गरेको हो ।

मानिसले आफूले सोचेभन्दा भिन्न परिस्थितिको सिर्जना हुँदा जीवनमा निस्सारता र निरर्थकताको बोध गर्छ भन्ने कुरालाई *डापी* उपन्यासमा 'कखग' पात्रका विरुद्ध टोलवासीमा जागृत भएको प्रतिरोधी चेतनामा बाधा उत्पन्न भएको अवस्थामा अनुभव गरेका तथ्यका माध्यमबाट प्रस्तुत गरिएको छ । डापीटोलमा पर्खाल निर्माण, चौतारो विनाश, चन्दा आतङ्क, यौन दुराचार, हत्या, कुटपिट, भय जस्ता मानवका लागि घातक कर्म गरेर क्रूरतापूर्ण दुर्व्यवहार गरिरहेका 'कखग' पात्रका विरुद्ध उत्रने प्रतिबद्धता टोलवासीले गरेर एकजुट भई उनीहरूका घरमा जानुले डापीवासी आफ्नो अस्तित्व सुरक्षित गर्न प्रयत्नशील रहेका छन् भन्ने कुरा स्पष्ट भएको छ। 'कखग' पात्रले गरेको यस्तो कर्मबाट डापीवासीमा अस्तित्ववादी विद्रोहको चेतना जागृत भएको देखिन्छ । यस्तो अवस्थामा 'कखग'मा विद्रोही समूहबाट पराजित भइने भय रहेको र डापीवासीमा 'कखग' पात्रको निरङ्कुश प्रवृत्तिबाट स्वतन्त्र भइने प्रबल सम्भावना रहेका अवस्थामा टोलवासीमध्येको एक पात्र नगरकोटीले गरेको घातक अभिव्यक्ति र व्यवहारले उनीहरूले गरेको प्रयत्न तत्काल सार्थक नहुने वातावरण सिर्जना हुँदा टोलवासीमा निस्सारताको भाव उत्पन्न भएको छ भन्ने कुरालाई उपन्यासको यस उद्धरणले स्पष्ट पारेको छ -"एकचोटि सरसल्लाह गरौं भनेर' कल्ले बोल्यो हँ ? जोसुकैले बोलोस्, नगरकोटी हो क्यार-'चौतारोलाई के गर्ने हो ? पर्खालमा पनि अब अरू केही थप काम गर्नुपर्ने छ कि, बन्न त बनिसक्यो" (गौतम, २०३३/२०६४, पृ. २००) । नगरकोटीले 'कखग' पात्रका अनुकूलको अभिव्यक्ति दिएपछि टोलवासीले गरेको सङ्घर्षले सार्थकता प्राप्त गर्न नसकेका अवस्थामा उनीहरूमा निस्सारताको बोध भएको कुरालाई उपन्यासको यस उद्धृतांशले स्पष्ट पारेको छ । यसै गरी पत्रकारले 'कखग'का विरुद्ध विद्रोह गर्ने भाव भएको पत्र लेखेर टोलवासीको भावनालाई सम्मान गरे पनि पछि पत्र ढिलो दिनु, पत्रको बेहोरा फेर्नुले 'कखग' पात्रलाई नै बल पुग्न गएको छ । दलबहादुर नामक पात्रले दुई दुई पटक आउँछु भन्दै एक सय बिस रुपियाँ ठगेर जानु तर 'कखग' पात्रका विरुद्ध कुनै अभियान नचलाउनु जस्ता टोलवासीको भावनाका विपरीत कर्मका कारण उनीहरूमा निराशा छाएको सत्यतालाई उपन्यासको यस अंशले पुष्टि गरेको छ -"भात खाऊँ भन्दा माटो भयो होइन ? माटो खाऊँ भन्दा ढुङ्गो भयो, ढुङ्गो पनि खाऊँ भन्दा खरानी भयो, खरानी पनि खाऊँ भन्दा हुरीले उडाएर लग्यो" (गौतम, २०३३/२०६४, पृ. २०२-२०३) । 'कखग' पात्रलाई परास्त गर्ने अभियानमा लागेका डापीवासीको प्रयत्नमा आफ्नै साथीहरू नगरकोटी, पत्रकार र दलबहादुर प्रत्युत्पादक बन्नुले उनीहरूमा निराशाको भाव देखिएको कुरालाई उपर्युक्त उद्धृतांशले स्पष्ट पारेको छ । नगरकोटी,

पत्रकार र दलबहादुरका व्यवहार 'कखग' पात्रका अनुकूल हुनु नै डापीवासीमा निस्सारताको भाव जागृत गराउने प्रमुख कारण बनेका छन् । उपन्यासमा घटित यस्ता विसङ्गत घटनाका कारण उनीहरूमा निस्सारताको भाव जागृत भए पनि 'कखग' पात्रका क्रूरताविरुद्ध निरन्तर सङ्घर्ष गरेर अस्तित्ववादी जीवनदृष्टिलाई नै सबल तुल्याएका छन् । जीवनमा अस्तित्व प्राप्तिका लागि डापीवासीले 'कखग' पात्रका विरुद्ध निरन्तर सङ्घर्ष गरेका तर तिनीहरूको प्रतिरोधी प्रयत्नमा बाधा सिर्जना हुँदा उनीहरूमा जीवनप्रतिको  निरर्थकताको अनुभूति भएको कुरालाई उपन्यासमा प्रस्तुत गरिएको छ ।

जीवनमा सङ्घर्ष गरिरहेका अवस्थामा स्वाभाविक परिवर्तन गर्न नसक्दा मानिसमा जीवनको निरर्थकताको बोध हुन्छ भन्ने मान्यतालाई *डापी* उपन्यासको एक वृद्ध सेवक नामक पात्रका माध्यमबाट व्यक्त गरिएको छ । उपन्यासको प्रमुख पात्र विक्रमको घरमा काम गर्ने पात्र शिवेलगायतका मानिसहरू मट्टितेलको लाइनमा बसेका अवस्थामा एक वृद्ध सेवकले जीवनमा मालिकको सेवा गरिरहँदा पनि उनीहरू सन्तुष्ट नुहनु, आफूले सुख प्राप्त गर्न नसक्नु जस्ता कारणले नै उसले निरर्थकताको बोध गरेको कुरालाई यस उद्धरणले स्पष्ट पारेको छ -"एत्रोमा आएको, यो उमेर भइसक्यो, एक दिन मरिन्छ पनि, आफूचाहिँ नाङ्गाको नाङ्गै- यस्ता मोरा ठूलाठालुको पनि चाकरी गर्नु । उनीहरूको कुक्कुरलाई पनि सलाम गर्नुपर्ने, आफ्नो दशाचाहिँ कुक्कुरभन्दा बिग्रेको" (गौतम, २०३३/२०६४, पृ. २३) । वृद्ध सेवकले अरूको सेवामा जीवन समर्पण गर्दा आफ्नो अस्तित्व सुरक्षित नभएकाले ऊ निराश बनेको वास्तविकतालाई यस उद्धरणले बोध गराएको छ । उपन्यासमा यस पात्रको प्रमुख भूमिका नरहे पनि त्यस समाजमा बस्ने मानिसमाथि मालिकबाट हुने व्यवहारका कारण कामदारमा जुन असन्तुष्टि देखिएको छ, त्यसले जीवनप्रतिको निरर्थकतालाई नै बोध गराएको छ । मालिकको समुन्नतिका लागि जीवन समर्पण गरेका यस्ता सेवकले बिरामी पर्दा उपचार नपाउने, कुकुरलाई जत्तिको पनि व्यवहार नगर्ने कारणबाट यस्ता पात्रमा जीवनप्रति नै निरर्थकताको भाव जागृत भएको कुरालाई उपन्यासमा प्रस्तुत गरिएको छ । अहम्ताको मनोविज्ञान लिएर बाँचेका मालिकका व्यवहारका कारण एक वृद्ध सेवक जस्ता पात्रले जीवनमा स्वाभाविक परिवर्तन गर्न नसक्दा उसमा जीवनप्रति नै निरर्थकताको भाव जागृत भएको परिवेशलाई यस उपन्यासमा प्रस्तुत गरिएको छ ।

मानिसले जीवनलाई सङ्गतिपूर्ण बनाउने प्रयास गरिरहेका अवस्थामा आइपर्ने विसङ्गत परिस्थितिका कारण जीवनलाई निरर्थक ठान्न पुग्छ भन्ने कुरालाई *डापी* उपन्यासमा खर्दारसाहेबका माध्यमबाट समेत अभिव्यक्त गरिएको छ । डापीटोलमा पुस्तैनी घर भएको यो पात्र आफ्नो घरमा छोराबुहारीका साथमा रहेको छ । यसको निकटता विक्रमका बासँग पासा खेल्न थालेपछि बढ्दै गएको छ । बाथको रोगी यो पात्र दिनभर पासा खेलेर समय बिताए पनि राति भने रोगका कारण

ऐया र आत्थुका स्वरले कराउने गर्थ्यो । यस्तो अवस्थामा आफ्ना छोराहरूबाट सहयोग प्राप्त हुनुको सट्टा उल्टो गाली खान परेपछि निस्सारताको बोध गरेको छ । पछि त झन् आफूसँगै पासा खेलेर समय बिताउन सहयोग गरेका पात्र विक्रमका बाको मृत्युका कारण दुःखी र पीडित बन्न पुगेको र अर्कातिर रोगको पीडा र छोराबुहारीको घृणाका कारण उसमा जीवनप्रति निरर्थकताको भाव जागृत भएको छ भन्ने कुरालाई उपन्यासको यस अंशले स्पष्ट पारेको छ :

> छोराहरू गइसकेपछि खर्दारसाहेब कोठाभित्र बम्किन्थे, तर प्रायः छोराबुहारीले सुन्दैनन्, यस बखत भन्ने विचार गरेर- स्वास्नीको फरियामा बिकेका मोरामोरीहरू । रोगले बूढो केटाकेटी भन्छ ? हुँदाहुँदा - अब रुनमा समेत बन्देज ए- यस्ता मोरा सन्तान जन्माउँदा नानाथरी आस गर्नु त, कीरै पर्नु रहेछ मगजमा । (गौतम, २०३३/२०६४, पृ. २५०)

माथि प्रस्तुत भएको उद्धरणमा पारिवारिक ममत्वबाट उपेक्षित बनेको खर्दारसाहेबले जीवनप्रतिको निरर्थकताको बोध गरेको कुरा अभिव्यक्त भएको छ । उमेरले वृद्ध, रोगले अशक्त, परिवारबाट उपेक्षा, व्यथा बिसाउने ठाउँको अभावका कारण यस पात्रमा जीवनप्रतिको निस्सारता र निरर्थकताको अनुभूति भएको हो । सन्तानका कारण आफ्नो जीवनमा सुखको सञ्चार हुने अपेक्षा गरेको यस पात्रले त्यस किसिमको वातावरण प्राप्त गर्न नसक्दा जीवनप्रति नै निरर्थकताको भाव व्यक्त गरेको देखिन्छ । यो पात्र छोराबुहारीसँग डराएर बस्नुपरेको परिवेश सिर्जना गरी यस उपन्यासमा अस्तित्ववादी निस्सारता अभिव्यक्त भएको वास्तविकतालाई उपन्यासको यस उद्धरणले स्पष्ट पारेको छ :

> मैले मुतेका नाथे छाउराहरू मैलाई फूर्ति देखाउने ए, .... मेरो क्रोधमा अझै कति कसर बाँकी छ । उनी भन्थे, जुन दिन, रिसाएर पनि छोराहरू मसित नडराउलान् अथवा बुहारी मुख छाडिरहली, त्यस दिन कि जोगी भएर वृन्दावन - मथुरा जान्छु कि प्राणायाम गर्दै प्राण त्याग गर्छु । (गौतम, २०३३/२०६४, पृ. २४९)

माथिको उद्धृतांश खर्दारसाहेबले आफूलाई उपेक्षा गरेका आफ्नै परिवारका सदस्यप्रति लक्षित छ । वृद्धावस्थामा पारिवारिक ममत्व प्राप्त होला भन्ने अपेक्षाविपरीत उपेक्षा भोग्न बाध्य भएपछि खर्दारसाहेबमा जीवनप्रति वितृष्णाभाव जागृत भएको हो । आफूले खेल्ने पासा नदीमा बगाइदिने कुरा गर्नु, जोगी बन्ने कुरा गर्नु, प्रसिद्ध धार्मिक क्षेत्रमा जाने कुरा गर्नु तथा प्राण त्याग गर्ने कुरा गर्नुले उसमा अनुभूत भएको जीवनप्रतिको निरर्थकताको भावलाई बोध गराएका छन् । जीवनमा सङ्गतिका लागि प्रयत्न गरिरहेको यस पात्रले भोग्नुपरेका विसङ्गतियुक्त परिवेशको संयोजन गरी यस उपन्यासमा जीवनको निरथर्कता व्यक्त गरिएको छ ।

*कट्टेल सरको चोटपटक* उपन्यासमा जीवनको अर्थहीनतालाई प्रमुख विषय बनाई प्रस्तुत गरिएको छ । जीवनमा भोग्नुपरेका समस्यायुक्त परिवेशका कारण यस उपन्यासका पात्रले निस्सारताको बोध गरेको कुरालाई अभिव्यक्त गरिएको छ । नीतिमान् र कर्तव्यपरायण कट्टेलमाथि आइपरेका आर्थिक, पारिवारिक, नैतिक तथा शारीरिक जस्ता समस्याका कारण यस पात्रको परिवारले जीवनप्रति नै निस्सारताको अनुभूति भएको कुरालाई उपन्यासमा प्रस्तुत गरिएको छ । सङ्घर्षबाट नै अस्तित्व स्थापित गर्न सकिन्छ भन्ने कुराप्रति सचेत बन्दै यस उपन्यासका पात्रहरू सक्रिय रहँदा आइपरेका समस्याका कारण तिनले जीवनप्रति नै निरर्थकताको अनुभव गरेको कुरालाई प्रस्तुत गरिएको छ । यस उपन्यासका वासुदेव कट्टेल, सावित्री र बुढा प्रोफेसर जस्ता पात्रहरूले अस्तित्वका लागि सक्रिय रहँदा भोग्नुपरेका समस्याका कारण विसङ्गति, निस्सारता र जीवनको निरर्थकताको अनुभव गरेका छन् ।

*कट्टेल सरको चोटपटक* उपन्यासमा प्रमुख चरित्र वासुदेव कट्टेलले आफ्नो वरणस्वतन्त्रताको उपयोग गर्दै जीवनयात्रामा सक्रिय भइरहेका अवस्थामा सोचे जस्तो परिणाम प्राप्त गर्न नसक्दा जीवनलाई निरर्थक ठानेको कुरालाई आख्यानात्मक रूपमा प्रस्तुत गरिएको छ । विश्वविद्यालयको एक कलेजमा अध्यापन गरेर आफ्नो जीवननिर्वाह गर्ने क्रममा भोग्नुपरेका आर्थिक कठिनाइका कारण उसमा जीवनप्रति नै वितृष्णाभाव उत्पन्न भएको छ । चामल सकिनु, दुधको पैसा तिर्न नसक्नु, खटिराको उपचार गर्न नसक्नु, पत्नी सावित्रीले बिहेका लागि सम्पन्न परिवारका मानिसहरू माग्न आएका थिए भन्ने पूर्व सन्दर्भलाई कोट्याइरहनु जस्ता घटनाहरू उसको आर्थिक अभावका कारण नै घटित भएका हुन् । आफूसँगै अध्यापन गर्ने सत्यालको समृद्धि, आफ्नो विभागको पियनको फूर्तिका अगाडि कट्टेल निरीह बन्नुपर्ने कारण उसको कमजोर आर्थिक अवस्था नै हो । कट्टेलले घर र कलेजका मानिसका सामु आफू कमजोर बन्नुपर्दा जीवनप्रति निरर्थकताको बोध गरेको यथार्थतालाई तलको उद्धरणले स्पष्ट पारेको छ :

> यस्तोलाई बाँच्नु भन्लान् र ? यो त एउटा व्यर्थतालाई ओसार्नु हो- तर कता भन्नेचाहिँ कतै छैन । साले यो बाँच्नु, यो अभाव, यो टिउटिउले क्या खत्तम पार्दोरहेछ सबथोक, सम्बन्ध भनुँ, कुनै आशा भनुँ, कुनै हास्य वा परिचय वा आकाङ्क्षा वा स्वप्निलता वा माया-प्रीति इत्यादि क्यासित एउटा न्यास्रोपन कि विरानोपनले खाँदाखाँद यो क्रम र सास फेर्नु । (गौतम, २०३७/२०७५, पृ. २४)

माथिको उद्धरणमा कट्टेलले जीवनमा सङ्घर्ष गरिरहँदा पनि सामान्य जीवननिर्वाहमा समस्या आइदिँदा जीवनप्रति निरर्थकताको अनुभव गरेको कुरालाई अभिव्यक्त गरिएको छ । परिवारका आधारभूत आवश्यकता पूरा गर्नसमेत असक्षम रहेका अवस्थामा कट्टेलले आफूलाई नालायक, बेसोमती, निकृष्ट र लाछी ठानेको छ । आर्थिक समस्यासँग सम्बद्ध एकपछि अर्को

समस्या भोग्नुपर्दा नै कट्टेलले जीवनप्रति नै निरर्थकताको अनुभव गरेको हो । कट्टेलले आफै निर्णय गरी गरेको जागिरले जीवनमा अपेक्षित सफलता हासिल गर्न नसक्दा उसमा जीवनप्रति नै निरर्थकताको अनुभूति भएको कुरालाई यस उपन्यासमा प्रस्तुत गरिएको छ ।

*कट्टेल सरको चोटपटक* उपन्यासमा प्रमुख पात्र वासुदेव कट्टेलले आफ्नो बाबुले वृद्धा अवस्थामा भोग्नुपरेका रोग, भोक, अनेक इच्छा राख्ने प्रवृत्तिको दृश्य देख्दा जीवनप्रति नै निरर्थकताको अनुभव गरेको छ । एउटा लेक्चरको जागिरका भरमा घरपरिवार एक्लै चलाउनुपर्दा आर्थिक जटिलताले शिथिल बनेको यस पात्रले आफू पनि झन्डै पचास वर्ष पुग्न लागेको र बाको जस्तै अवस्था आउन धेरै समय नरहेको बोध उसमा भएको छ । वृद्धावस्थामा मानिसले भोग्नुपर्ने समस्याका कारण उसमा जीवनप्रति निरर्थकताको भाव जागृत हुने वास्तविकतालाई उपन्यासको यस अंशले स्पष्ट पारेको छ :

> एउटा वृद्ध मान्छे, न मान्छे मानिँदो रहेछ, न बाँच्नेलायक देखिँदो रहेछ । त्यसलाई त एउटा बेफ्वाँकमा जहाँ पनि खोते थाप्ने व्यक्तिका रूपमा स्वागत गरिन्छ । उ आफ्नो मर्जीले मर्न पनि प्रायः अशक्त छ- र केवल काल पर्खिन्छ र यो त पक्कै छ, एउटा कालमात्र पर्खिरहेको वृद्धलाई बारै महिना छत्तीसै काल, घरमा अनिकाल हुँदोरहेछ । (गौतम, २०३७/२०७५, पृ. ४७)

कट्टेलद्वारा अभिव्यक्त माथिको उद्धरणमा जीवनको उत्तरार्धमा मानिसले भोग्नुपर्ने समस्याका कारण उसमा जीवनप्रति वितृष्णाभाव जागृत हुने कुरा प्रस्तुत भएको छ । मानिसले जीवनमा अस्तित्वका लागि सङ्घर्ष गरिरहन्छ तर अन्ततः प्राप्त हुने भनेको निरर्थकता नै हो भन्ने अस्तित्ववादी दर्शनको मान्यतालाई कट्टेलका क्रियाव्यापारले स्पष्ट पारेका छन् । मानिसले जीवनमा अस्तित्वका लागि सङ्घर्ष गरिरहँदा वृद्धावस्थाका समस्याको पनि सामना गर्नै पर्छ । यस अवस्थामा भोग्नुपर्ने अभाव, अपमान, अशक्तता, बेसुरीपन जस्ता कारणले उसमा जीवनप्रति निरर्थकताको बोध हुने गर्दछ । कट्टेलका बाबु पनि जीवनको कुनै कालखण्डमा घोडामा चढेर ठाँटका साथ रैतीहरूकहाँ तमसुकको हिसाब उठाएर आफ्नो प्रभाव जमाएका पात्र आज वृद्धावस्थामा एक कोठामा कैदीजस्तै उपेक्षित भएर बस्नुपरेको दृश्य देखेर र जीवनमा त्यस्तो अवस्था आफ्नो पनि छिट्टै आउने ठान्दै कट्टेलले जीवनको कुनै अर्थ र मूल्य नभएको बोध गरेको छ । यस उपन्यासमा कट्टेलका बाबुले वृद्धावस्थामा भोग्नुपरेका समस्याग्रस्त परिवेशको चित्रण गरी त्यस्तो समस्या आफूले पनि भोग्नुपर्ने ठान्दै कट्टेलले जीवनलाई निरर्थक ठानेको कुरा व्यक्त गरिएको छ ।

*कट्टेल सरको चोटपटक* उपन्यासमा प्रमुख चरित्र कट्टेलले इमानदारीका साथ कर्ममा प्रवृत्त भएका अवस्थामा उसको लगनशीलतालाई कदर गर्नुको सट्टा जागिरबाट बर्खास्त गरिएको घटनाले उसमा जीवनप्रति निरर्थकताभाव जागृत भएको छ । कट्टेलको जेठो छोरो प्रेमले बाबुको एक

महिनाको तलब लिएर भागेको पीडा मत्थर हुन नपाउँदै मिथ्या आरोपसहित जागिरबाट बर्खास्तीमा परेपछि उसमा थप पीडाबोध भएको छ । कलेजमा राम्रोसँग जिम्मेवारी निर्वाह गरेका अवस्थामा पनि विद्यार्थीलाई भड्काएको, राम्रा विद्यार्थीले कक्षा बहिष्कार गरेको जस्ता गम्भीर आरोप लगाई तीन महिनाको तलबसहित जागिरबाट बर्खास्त गरिएको घटना उसका लागि आर्थिक समस्या बल्झाउने मात्र होइन नैतिक प्रश्नलाई पनि चुनौती दिने पीडादायी विषय बनेको छ। ऊ जागिरबाट बर्खास्तीमा परेपछि आर्थिक, राजनीतिक, सामाजिक र शैक्षिक गञ्जागोलभित्रको विसङ्गतिपूर्ण जीवनमा फसेको छ (लामिछाने, २०६३, पृ. ९६) । जागिरबाट बाहिरिनु कट्टेलका लागि रोजाइको विषय रहेको देखिँदैन । जागिर उसको आर्थिक पक्ष र सामाजिक प्रतिष्ठासँग जोडिएको छ । यसबाट नै बर्खास्तीमा परेपछि उसको जीवनमा समस्या सिर्जना भएको विषयलाई यस उपन्यासमा नाटकीकरण गरिएको छ । आर्थिक समस्याका कारण जीवनमा कठिनाइ भोगिरहेको यस पात्रले जागिरबाट बर्खास्त भएपछि थप जटिल समस्याको सामना गर्नुपर्ने कुराको बोध गरेको छ । कट्टेलले आफ्नो प्रतिष्ठासँग जोडिएको जागिरबाट बहिरिनुपर्दा जीवनप्रति नै निरर्थकताको अनुभव गरेको कुरालाई उपन्यासको यस साक्ष्यले स्पष्ट पारेको छ :

> आँखाको अगाडि अँध्यारो व्याप्त हुने कुरा कति गर्नु, मलाई लाग्यो, मेरो बाँकी उमेर वृद्ध जटायुजस्तै रगतपक्ष भएर झरेको छ, अन्तिम सास फेरेको छु, दुवै पखेटा थुतिएको छ र लागेको छ, त्यो लडाइँ, जुन लडिएको थियो, जम्मै हावामा पो लडिएछ- गलत किसिमले र गलत कुराको लागि ? (गौतम, २०३७/२०७५, पृ. १७२)

माथिको उद्धरणमा कट्टेल अकारण जागिरबाट बाहिरिनुपरेका कारण जीवनप्रति निरर्थकताको अनुभव गरेको कुरा व्यक्त भएको छ । आफूबाट कुनै अनैतिक कर्म नगर्दा पनि मिथ्या आरोपका साथ यति ठुलो समस्यामा फस्न बाध्य भएको यस पात्रले अब जीवनलाई अगाडि बढाउन नसकिने ठान्दै जीवनलाई निस्सार र निरर्थक ठान्न पुगेको छ। अठार वर्षसम्म राजनीतिशास्त्रको इमानदार प्राध्यापक भएर काम गर्दा पनि सम्मान प्राप्त हुनुका विपरीत बर्खास्तीमा पर्नुपरेको र क्याम्पस प्रमुख र सहायक डिनबाट समेत सकारात्मक जवाफ नआएपछि कट्टेलमा झनै पीडाको अनुभूति भएको छ । कर्तव्यपरायण र लगनशील पात्र कट्टेलले विनाकारण भोग्नुपरेको सजायका कारण नै उसले जीवनलाई निरर्थक ठानेको कुरालाई आख्यानात्मक रूपमा प्रस्तुत गरिएको छ ।

*कट्टेल सरको चोटपटक* उपन्यासमा प्रमुख चरित्र कट्टेलले अस्तित्वका लागि सङ्घर्ष गरिरहँदा अनपेक्षित घटनाहरूको सामना गर्नुपर्दा जीवनप्रति नै निस्सारताको अनुभव गरेको कुरालाई अभिव्यक्त गरिएको छ । आर्थिक अभावका कारण छोराको जीवनरक्षा गर्न नसक्नु, दुई

छोरीहरूको पढाइलाई निरन्तरता दिन नसक्नु, डेरालाई घरमा परिणत गर्न नसक्नु जस्ता समस्याका बिचमा पनि सङ्घर्ष गरिरहेका अवस्थामा अचानक आफैँ हृदयाघात र पक्षाघातबाट यो पात्र ग्रसित बनेको छ । जीवनमा सङ्घर्षरत रहँदा भोग्नुपरेका एकपछि अर्को समस्याका कारण कट्टेलले जीवनप्रति निरर्थकताको अनुभव गरेको कुरालाई उपन्यासको यस उद्धरणले स्पष्ट पारेको छ :

> म आफ्नो बाँच्नुदेखि वाक्क पनि हुन्छु कहिलेकाहीँ .... मचाहिँ एउटा खेर गएको गोली हुन पुगेँ, जसले भङेरो पनि मार्न सकेन जीवनमा सफलताको दृष्टिले, इत्यादि । म धेरै कुरा ल्याउन चाहन्थेँ, आफ्नो जीवनमा र आफ्नो दुनियाँमा, तर अब, उही टुलुटुलु हेर्नु र कुर्नु र सुत्दाखेरि घुर्नुबाहेक केही बाँकी देख्दिन । (गौतम, २०३७/२०७५, पृ. २३३-२३५)

कट्टेलद्वारा अभिव्यक्त माथिको उद्धरणले उसको जीवनप्रतिको व्यर्थताबोधलाई प्रतिबिम्बित गरेको छ । मानिसले जीवनमा अस्तित्वका लागि सङ्घर्ष गरिरहे पनि अन्ततः प्राप्त गर्ने त निरर्थकता नै हो । यस उपन्यासमा कट्टेलले जस्तोसुकै विषम परिस्थितिमा पनि जीवनबाट पलायन हुने मार्ग अवलम्बन नगरी जीवनप्रति आशावादी रहँदै अस्तित्वका लागि अनवरत सङ्घर्ष गरिरहेको छ । यस्तो अवस्थामा पनि उसका जीवनमा एकपछि अर्को गर्दै समस्याको शृङ्खलाका कारण नै उसमा जीवनप्रति निरर्थकताको अनुभूति भएको कुरालाई यस उपन्यासमा मुख्य विषयका रूपमा प्रस्तुत गरिएको छ । जीवनयात्राका क्रममा व्यवस्थाका लागि प्रयत्न गरिरहँदा त्यसका विपरीत परिणतिको प्राप्ति कट्टेलले गरेको छ । कट्टेलले अस्तित्वका लागि सङ्घर्ष गरेको तर उपलब्धि अनपेक्षित भइदिएका घटनाको संयोजन गरी यस उपन्यासमा जीवनको निरर्थकता अभिव्यक्त गरिएको छ ।

*कट्टेल सरको चोटपटक* उपन्यासमा कट्टेलकी जेठी छोरी रञ्जूले गरेको असामान्य र असम्भव आर्थिक क्रियाकलापको स्रोत नखुल्दा सावित्रीले जीवनप्रति नै वितृष्णाभाव व्यक्त गरेकी छ । कट्टेलकी आमाको लामो समयसम्म उपचारपछि मृत्यु र वार्षिक कर्ममा गर्नुपरेको खर्च, बाको उपचार गरिरहन पर्नु, डेरामा जीवन बिताउन पर्नु जस्ता सङ्कटका कारण आर्थिक पक्ष शिथिल बनेकाले सञ्चयकोषबाट रकम लिँदा, तलबबाट पेस्की लिँदा पनि आर्थिक सङ्कट झन् जटिल बन्दै गएका कारण सावित्रीले जीवनप्रति निरर्थकताको भाव व्यक्त गरेकी हो । यस्ता समस्याका कारण सावित्रीले जीवनप्रति निरर्थकताको अनुभव गरे पनि समस्याको समाधान हुने कुराप्रति आशावादी रहँदै सङ्घर्ष गरिरहनुले अस्तित्ववादी दृष्टिलाई नै बोध गराएको देखिन्छ । यसरी समस्यासँग सङ्घर्ष गरिरहेका अवस्थामा जेठी छोरी रञ्जूको आशङ्कायुक्त आर्थिक गतिविधिले सावित्रीमा थप निराशा उत्पन्न गराएको छ । एकातिर उमेर पुगेका छोरीको बिहे गरिदिन नसक्नु

अर्कातिर रञ्जुले साथीले दिएको भन्दै असम्भव र बहुमूल्य सामान घरमा भित्र्याउनु जस्ता गतिविधिका कारण साबी असन्तुष्ट र दुःखी बनेकी हो । छोरीहरूका विषयबाट सावित्रीमा जीवनप्रति व्यर्थताको बोध भएको कुरालाई उपन्यासको यस अंशले स्पष्ट पारेको छ :

> अब त मलाई बाँच्न पनि मन छैन । छोरीहरू यसरी बिग्रिन थालेपछि कसरी...(गाँठो परेकोले सायद वाक्य पूरा गर्न सकिन र एकै छिनपछि अर्को थाली बरु)- हजुरले गर्दा त हो नि, आज बिहा गर्नपट्टि चाख राखेर टाइममै पठाइदिन पाएको भए, यस्तो नानाथरी हुन्थ्यो ? अब त चारैतिरबाट दिक्क भैसकेँ म- परेन मलाई बाँच्न, मनमा अनेक पीर र अशान्ति बोकेर ! (गौतम, २०३७/२०७५, पृ. १३०)

माथिको उद्धरणले छोरीहरूका समस्याका कारण सावित्रीमा जीवनप्रतिको निरर्थकताको भाव जागृत भएको कुरा अभिव्यक्त भएको छ । कमजोर आर्थिक अवस्था भए पनि नैतिकता र इमानदारीका विषयमा अति सचेत यस चरित्रले छोरीका क्रियाकलापबाट पीडाबोध गरेको कुरालाई यस उपन्यासमा आख्यानात्मक रूपमा प्रस्तुत गरी जीवनप्रतिको निरर्थकताको भाव व्यक्त गरिएको छ । साबीले जीवनमा भोग्नुपरेका यस्ता समस्याबाट मुक्त हुने उपायको अनिश्चितताका कारण नै बाँच्ने कुराप्रति अरुचि देखाएकी छ । समस्याको शृङ्खलासँग सङ्घर्ष गरेकी सावित्रीले छोरी रञ्जूले गरेको अस्वाभाविक आर्थिक परिवर्तनको स्रोत नखुल्दा थप समस्यामा परेपछि उसले जीवनलाई नै निरर्थक ठानेकी हो ।

*कट्टेल सरको चोटपटक* उपन्यासमा कट्टेलसँगै कलेजमा अध्यापन गर्ने बुढा प्रोफेसरहरूले अभाव, अपमान भोगेका कारण गरेका अनुभवका सन्दर्भको प्रस्तुतिका माध्यमबाट समेत जीवनको निरर्थकतालाई व्यक्त गरिएको छ । लक्का जवानका रूपमा कलेज प्रवेश गरेर आफ्नो अस्तित्वका लागि सङ्घर्ष गर्दागर्दै वृद्ध बनेका यस्ता प्राध्यापकले मान, सम्मान र पुरस्कार प्राप्त गर्नुको सट्टा तिरष्कृत बन्नुपरेको सन्दर्भलाई उपन्यासमा प्रस्तुत गरिएको छ । यी पात्र आफैँले पढाएर उतारेका विद्यार्थीले बाटामा भेट्दा बेवास्ता गर्ने, पढिरहेका विद्यार्थीले बोर्डमा अश्लील र बुढाका चित्र कोर्ने, कागजका डल्लाले हिर्काउने जस्ता घटनाबाट दुःखी र पीडित बनेका छन् । नखदन्तविहीन बाघ जस्तैका अवस्थामा पुगेका यस्ता प्राध्यापकलाई जुनियर प्राध्यापकले केवल दया मात्र देखाउने, उनीहरूका कुरा नसुन्ने जस्ता प्रवृत्तिबाट समेत यिनीहरू पीडित बनेका छन् । आफूले बसौँ काम गरेको कलेजमा यस्तो समस्या भोगेका यी वृद्ध प्राध्यापकले घरमा समेत बुहारीको अटेरीपन र अपमान अनि नातिनातिनालाई निकट बस्न नदिएका घटनालाई पनि प्रत्यक्ष अनुभव गरेका छन् । सबैतिरबाट अपमानित हुनुपर्दा बुढा प्राध्यापकहरूमा जीवनप्रति निरर्थकताको अनुभूति भएको कुरालाई उपन्यासको यस उद्धरणले स्पष्ट पारेको छ :

तिनीहरू अहिले मझ्यौला मझ्यौला बिन्दुमा थिए । तर त्यो उपेक्षापूर्ण खतराको आभास अब थोरबहुत हुन थालेको थियो- त्यही खतरा, जसबाट प्रायः सबै डराउँथे र आफ्नो जीवन व्यर्थै खेर गएको बुझ्िन थाल्थ्यो । त्यस्तो स्थिति असह्य तब हुन्थ्यो, जब तिनीहरूको उमेरले पचपन्न नाघेर, साठीको छेउछाउतिर कतै अडेस लगाएको हुन्थ्यो । (गौतम, २०३७/२०७५, पृ. ५८)

माथिको उद्धरणमा बुढा प्राध्यापकले घर र कलेजमा भोग्नुपरेका अपमानजन्य पीडाका कारण जीवनलाई व्यर्थ ठानेको कुरा अभिव्यक्त भएको छ । आफूहरूको छनोटका कारण खाइएको जागिर र पारिवारिक सम्बन्ध विकासबाट नै उनीहरू प्रताडित बन्नुपर्दा ती पात्रले जीवनमा निस्सारता र निरर्थकताको बोध गरेका हुन् भन्ने स्पष्ट भएको छ । जीवनमा अस्तित्वका लागि सङ्घर्ष गरेका यी वृद्ध प्राध्यापकले भोगेका अभाव र अपमानका कारण जीवनको व्यर्थताको बोध गरेको विषयलाई महत्त्वका साथ उपन्यासमा नाटकीकरण गरी जीवनप्रतिको निरर्थकतालाई अभिव्यक्त गरिएको छ ।

*स्वर्गीय हीरादेवीको खोज* उपन्यासमा जीवनको निरर्थकतालाई केन्द्रीय कथ्य बनाइएको छ । अस्तित्वका लागि सङ्घर्ष गरिरहेका अवस्थामा भोग्नुपरेका समस्याका कारण यस उपन्यासका पात्रले जीवनलाई निरर्थक ठानेका छन् । यस उपन्यासमा काठमाडौँको विशाल घरको सम्भ्रान्त परिवारमा हुने गरेका यौनजन्य विकृत क्रियाकलापबाट जन्मिएका अवैध सन्तानका पीडा, भ्रष्टाचार, नारीका पीडा, शैक्षिक बेरोजगार जस्ता पक्षहरूलाई विषयबद्ध गरिएको छ । उपन्यासमा प्रस्तुत सात र सत्र भाइले राणाहरूको सत्तामोहलाई सङ्केत गरेको छ (सुवेदी, २०५३/२०६४, पृ. ३७१) । यिनै राणा जस्ता देखिने सम्भ्रान्त परिवारमा हुने गरेका यौनजन्य विकृतिका कारण अभिभावकविहीन बनेको कुमार जस्तो असहाय, एक्लो र परिचयविहीन पात्रले भोग्नुपरेका पीडा, व्यथा र सङ्घर्षलाई यस उपन्यासमा नाटकीकरण गरिएको छ । यस उपन्यासको प्रमुख चरित्र कुमार तथा सहायक पात्रहरू एक मन्त्री र आशाले आफ्नो अस्तित्वका लागि प्रयत्न गरिरहँदा विपरीत परिणामको सामना गर्न पर्दा उनीहरूले जीवनप्रति नै निस्सारताको अनुभव गरेका हुन् । आफ्नो अस्तित्वका लागि प्रयत्न गरिरहेका पात्रले समस्याको सामना गर्न बाध्य हुनुपरेको परिवेशलाई आख्यानात्मक रूपमा प्रस्तुत गरी यस उपन्यासमा जीवनको निरर्थकता व्यक्त गरिएको छ ।

*स्वर्गीय हीरादेवीको खोज* उपन्यासको प्रारम्भमा नै कुमारले जीवनमा निरर्थकताको अनुभव गरेको सन्दर्भलाई विषयबद्ध गरिएको छ । कुमार आफ्नो जीवननिर्वाहका लागि र अस्तित्व सुरक्षित गर्ने यात्रालाई जीवन्त राख्नाका लागि त्यस विशाल घरमा बसेर सङ्घर्ष गरिरहेको पात्रका रूपमा उपन्यासमा चित्रित छ । उसले त्यस घरमा हुने गरेका यौनजन्य विकृत कर्मका कारण

जन्मिएका अवैध शिशुलाई सिमेन्टको चौतारामा राखेर जन्मदिने आमा अदृश्य रहने गरेको घटनालाई देख्न थालेपछि आफू पनि त्यसरी नै जन्मेको भन्ने कुराको बोध हुन थालेपछि उसमा निस्सारता देखिएको छ । उसले आफ्नो बाबु त त्यसै घरको कुनै पुरुष होला भन्ने कुराको अनुमान त्यहाँका पुरुष पात्रका यौनजन्य क्रियाकलापले पुष्टि गरेकाले बाबुको खोजी नगरेको तर आमाको अवस्था अज्ञात रहेकाले आमाको खोजीमा लागेको देखिन्छ । अज्ञात आमाको बाध्यता र बाबुको मस्तीका कारण आफू जन्मिएको ठानेको यस पात्रले तिनकै कारण आफूले यति धेरै समस्या भोग्नुपरेकामा जीवनप्रति नै निरर्थकताको भाव अभिव्यक्त गरेको छ । परिचयहीन अवस्थामा बाँच्नुपर्दा यस पात्रले जीवनलाई व्यर्थ ठानेको कुरालाई उपन्यासको यस साक्ष्यले सिद्ध गरेको छ :

> मेरो स्वत्व, परिचय, आकार-प्रकार-अनुहार जम्मै खोसियो नि ! .... मलाई माफ गर, मेरो गैरकानुनी मातापिता, यो युद्ध म तिमीहरूविरुद्ध पनि लडिरहेको छु । तिमीहरूले गर्दा नै म एउटा प्रेतजीवन बाँच्न बाध्य भएको छु, ओढेको जीवन, बनावटी जीवन, जडाउरी जीवन, अर्काले दिएको र अर्काको लागि खपत गर्नुपर्ने जीवन । (गौतम, २०४५/२०५७, पृ. ११)

माथिको उद्धरणमा उपन्यासको प्रमुख पात्र कुमारले आफ्नो पहिचान नभएको र अर्काको सेवक बन्नुपरेकाले त्यस्तो जीवनको कुनै अर्थ नभएको ठानेको छ । जीवननिर्वाहका लागि उसले गर्नुपरेको जटिल सङ्घर्ष त एकातिर छ नै साथै त्योभन्दा पनि जटिल सङ्कट परिचयको बनेको छ । यस्तो अवस्थाका कारण नै ऊ जीवनप्रति नै निराश छ र निरर्थकताको भाव अभिव्यक्त गरेको छ । कुमारले आफ्नो परिचयको सङ्कटका कारण प्रेतजीवन व्यतीत गरिरहेको ठानेको छ । परिचयविहीन बनाउने बाआमाका कारण आफ्नो जीवन व्यर्थ भएको ठान्दै कुमारले जीवनप्रतिको निरर्थकताको भाव व्यक्त गरेको कुरालाई उपन्यासमा प्रस्तुत गरिएको छ ।

*स्वर्गीय हीरादेवीको खोज* उपन्यासको सहायक पात्रका रूपमा चित्रित एक मन्त्रीले अपेक्षित परिणाम प्राप्त गर्न नसक्दा जीवनलाई निरर्थक र निस्सार ठानेको कुराले अस्तित्ववादी निस्सारतालाई बोध गराएको छ । मन्त्री पद धारण गरेर उन्मत्त बनेको यस पात्रले घरमा दुई जना पत्नी हुँदाहुँदै अर्की युवती आशासँग निकटता देखाउनु र प्रेमसम्बन्धलाई विकसित गर्नुले उसको उन्मत्ततालाई पुष्टि गरेको छ । प्रेमिका आशासँग मोजमस्ती गर्ने मनोविज्ञान बोकेर हिँडेको यस चरित्रलाई कारबाही गर्ने कुराको सङ्केत प्राप्त भएपछि जीवनप्रतिको निस्सारताको भाव व्यक्त गरेको कुरा यसले अभिव्यक्त गरेका कुराले सिद्ध गरेका छन् । सार्वजनिक स्थलमा नै आशालाई चुम्बन गरेको विषय प्रधानमन्त्रीसम्म पुगेको र हटाउन गरेको सङ्केत उसका लागि पीडाको विषय बनेको देखिन्छ । यसै गरी आफ्नी प्रेमिका आशा कुमारसँग निकट बनेको घटनाका कारणले

समेत मन्त्रीले निस्सारताको बोध गरेको छ भन्ने यथार्थतालाई उपन्यासको यस उद्धरणले स्पष्ट पारेको छ :

> कुमार म यहाँ मर्न भनेर आएको हुँ । हामफाल्छु । तिमी गाडी लिएर फर्कनू । .... पद तुच्छ तब हुन्छ, जब केही कमाउन पाइयोस्, जोगाउन पाइयोस् । मैले त कमाएको जति सब उडाएँ । अब भोलिदेखि भीक माग्नुसाटो त चोभारसँग मुक्ति माग्नु धेरै राम्रो । मन्त्री अब रुने मुडमा आइसकेको थियो । (गौतम, २०४५/२०५७, पृ. ९५)

मन्त्रीले यस्तो अभिव्यक्ति दिएर आत्महत्याका लागि उद्यत हुनुमा जीवनप्रतिको निरर्थकताको भाव नै प्रबल बनेको छ भन्ने कुरा स्पष्ट हुन्छ । पछि सचेत बनेका अवस्थामा आशाप्रति निकटता देखाएको भन्दै कुमारप्रति आक्रामक बनेको छ । सँगै गएको पात्र कुमारप्रति मन्त्री आक्रामक बन्नुमा कुमारको आशासँग निकटता रहेको छ भन्ने बुझाइ नै प्रमुख रहेको देखिन्छ । यस कारणले आफ्नो स्वाभिमानमा बाधा पुगेको ठान्दै मन्त्रीमा जीवनप्रति निस्सारताको भाव जागृत भएको देखिन्छ । यसरी मन्त्रीले अपेक्षा गरेका मन्त्री पद र आशासँगको निकटतामा बाधा आउँदा जीवनप्रति निरर्थकताको अनुभव गरेको कुरालाई यस उपन्यासमा अभिव्यक्त गरिएको छ ।

अनेक विकल्पहरूका माझमा एउटा कुरालाई रोजेर बाँच्नुपर्ने बाध्यताका कारण मानिसमा निस्सारताको बोध हुने कुरालाई *स्वर्गीय हीरादेवीको खोज* उपन्यासमा आशा नामक पात्रका माध्यमबाट अभिव्यक्त गरिएको छ। आशा त्यही चरित्र हो जसले रूप, गुण, क्षमता र सम्पन्नताको अपेक्षा गर्दै कुमारसँग प्रेम सम्बन्ध स्थापित गरेकी थिई । उसले कुमारसँग स्थापित गरेको प्रेम तीन महिनामै टुङ्गिनुको प्रमुख कारण कुमार विपन्न छ भन्ने कुराको बोध हुनु नै हो । एक मन्त्रीसँग निकट बनेर बसेकी यस पात्रले अन्ततः आफू पनि कुनै सम्पन्न परिवारकी छोरी नभई त्यहाँ पालिएकी केटी भएको भन्ने कुराको जानकारी गराउँदै जुन घरले आफूलाई आश्रय दियो त्यही घरले आफूलाई बिगारेको कुरा गरेकी छ। यसरी बिग्रिनुमा पनि आफ्नै हात रहेको कुरा यसले गरेकी छ। जीवनमा राम्रो भन्ने कुरा केही पनि छैन । यो जीवन व्यर्थ, वाहियात र निरर्थक छ भन्ने कुराको बोध यस पात्रमा भएको छ। आशाले आफूले रोजेको कुराका कारणबाट समस्या भोग्नुपर्दा जीवनप्रति नै निस्सारताको अनुभव गरेकी छ भन्ने कुरालाई उपन्यासमा प्रस्तुत उद्धरणले स्पष्ट पारेको छ :

> निकृष्टताहरूको बीचमा एउटा त रोज्नु नै थियो । मैले यो रोजें । .... म एउटा ठूलो घरमा पालिएकी केटी अवश्य हुँ, तर कसैकी छोरी होइन । मेरा आमाबाबु कोही छैनन् । सानी हुन्जेल पालिएँ, ठूली भएपछि बिगारिएँ । त्यही घरले बिगाऱ्यो, जुन

घरले मलाई शरण दिएको थियो, तर मलाई बिग्रेको बोध अहिले भइरहेको छ, त्यस बखत भएको थिएन । (गौतम, २०४५/२०५७, पृ. ९३)

माथिको भनाइ उपन्यासकी सहायक पात्र आशाको हो । यो एउटा ठुलो घरमा पालिएकी र पछि त्यसै घरबाट बिगारिएकी पात्र हो । यसले जीवनमा सन्तुष्टि र आनन्द प्राप्त हुने केही चिज नपाउँदा निस्सारताको भाव व्यक्त गरेकी छ । सबैतिरबाट निराश बनेकी र जीवनको अर्थ नभएको ठानेकी यस पात्रका माध्यमबाट समेत यस उपन्यासमा जीवनप्रतिको निरर्थकता व्यक्त गरिएको छ । आशाले जीवनको कुनै अर्थ नभएको कुरा गरे पनि उसले जीवनबाट पलायन हुने मनस्थिति बनाएको देखिँदैन । निरर्थक जीवनभित्र एउटा कुरालाई छान्दै आफ्नो अस्तित्व स्थापित गर्ने यात्रामा आशा सक्रिय बनेको घटनाका माध्यमबाट अस्तित्ववादी जीवनदृष्टिकै अभिव्यक्ति भएको देखिन्छ ।

जीवनको निरर्थकतालाई *एक शहरमा एक कोठा* उपन्यासका पात्रले अनुभूति गरेका छन् । उपन्यासको प्रमुख 'म' पात्र र सहायक पात्र कर्णप्रसादले जीवनलाई निरर्थक ठानेको कुरालाई आख्यानात्मक रूपमा प्रस्तुत गरिएको छ । 'म' पात्र अस्पताल बसेको दृश्यका माध्यमबाट आरम्भ भएको यो उपन्यास अस्पतालमा बसेकै सन्दर्भबाट समापन भएको छ। पूर्वदीप्ति शैली, चेतनप्रवाह शैली र व्यङ्ग्यात्मक अभिव्यक्तिकला अवलम्बन गरिएको यस उपन्यासमा मूलतः 'म' पात्रकै जीवनका जटिलतालाई आख्यानात्मक ढङ्गबाट प्रस्तुत गरिएको छ । यस उपन्यासका 'म' र कर्णप्रसादले अस्तित्वका लागि प्रयत्न गरिरहँदा अनपेक्षित परिस्थितिको सामना गरेकाले जीवनलाई निरर्थक ठानेका हुन् । अस्तित्वका लागि सक्रिय रहँदा समस्याको सामना गर्नुपर्ने परिवेशका कारण यस उपन्यासका पात्रले जीवनलाई निरर्थक ठानेको कुरालाई प्रस्तुत गरिएको छ ।

*एक शहरमा एक कोठा* उपन्यासमा जागिरबाट आफ्नो अस्तित्व समृद्ध बन्छ भन्ने अपेक्षासहित राजपत्र अनङ्कित प्रथम श्रेणीको लेखा सहायक पदका रूपमा कार्यालयमा प्रवेश गरेको 'म' पात्रले त्यहाँका बेथिति र विकृतिका कारण पीडा र नैराश्यभाव व्यक्त गरेको सन्दर्भलाई आख्यानात्मक रूपमा प्रस्तुत गरिएको छ। जागिर 'म' पात्रको छनोटको विषय हो। यसको प्राप्तिपश्चात् उसको वैयक्तिक जीवनमा एकातिर आर्थिक जटिलता रहेको र अर्कातिर त्यस कार्यालयमा हुने मनपरी प्रवृत्तिका कारण नै उसले अपेक्षा गरेअनुरूपका गतिविधि नदेखिँदा पीडाको अनुभूति भएको छ । कार्यालयलाई सुव्यवस्थित, अनुशासित र मर्यादित ढङ्गले सञ्चालन गर्ने जिम्मेवारी प्राप्त गरेको एक पात्र हाकिमले गरेका अमर्यादित क्रियाकलापको दृश्यलाई 'म' पात्रले प्रत्यक्ष अनुभव गरिरहेको छ । उपन्यासमा प्रस्तुत तलको साक्ष्यले त्यस कार्यालयका गलत गतिविधिलाई स्पष्ट पारेको छ :

> हाकिमका केही बानी बेग्लै प्रकारका थिए । जस्तो ऊ अफिसमा सुत्न सक्थ्यो । फाइलहरूमा सुतीसुती हस्ताक्षर गर्न सक्थ्यो अनि कुनै पनि बेला कर्मचारीलाई बोलाएर आफ्नो कविता सुनाइदिन सक्थ्यो । ऊ मेचमा पनि पलेटी कसेरै बस्थ्यो .... ऊ आङ तान्ने, हाइ गर्ने, आँखा गऱ्हुँजस्तो बनाउने र फाइलमा सही गर्न भनेर फाइल तान्ने तर निद्राको आधिक्यले सही नगर्ने आदि क्रियाकलाप गरिरहेको थियो । (गौतम, २०४६, पृ. ९०-९१)

माथि प्रस्तुत भएको उद्धरणले कार्यालयमा हुने गरेका गलत क्रियाकलापलाई बोध गराएको छ । हाकिमका यस्ता नैतिकताहीन क्रियाकलापबाट पीडानुभव गरेको 'म' पात्रले त्यस कार्यालयका अन्य खराब प्रवृत्तिबाट समेत प्रताडित बनेको छ । अनावश्यक मिथ्या कुराको प्रचार गर्ने, पात्रलाई उचाल्ने, होच्याउने तथा जीवन नै समाप्तको अवस्थामा पुऱ्याउने जस्ता कर्तुतजन्य गतिविधि त्यस कार्यालयमा हुने गरेका र त्यसको प्रत्यक्ष सिकार सावित्री बनेको दृश्यलाई 'म' पात्रले अनुभव गरेको छ । सावित्रीले त्यस कार्यालयमा भोगेको समस्यालाई यस उद्धरणले स्पष्ट पारेको छ -"मैले दुःखी र चिन्तित हुँदै सोधेँ - 'कसको बच्चा होला त्यो ?' यसपटक ढकालले मलाई धेरैबेर गहिरो आँखाले हेऱ्यो र एक्कासि भन्यो - 'हाकिमका'" (गौतम, २०४६, पृ. १०६) । हाकिमका यस्ता कर्तुतजन्य क्रियाकलापबाट नै सावित्रीको जीवन विनष्ट भएको कुराको बोधपश्चात् 'म' पात्रमा निस्सारताको अनुभूति भएको हो । विनातथ्य मानिसलाई उडाउने तथा गिराउने प्रवृत्ति त्यस कार्यालयमा रहेको छ । विनाकसुर 'म' पात्रलाई जेलमा पुऱ्याउने कारण पनि त्यस कार्यालयमा हुने गरेका गलत प्रवृत्तिका परिणाम नै हुन् । "कर्मचारीतन्त्रमा देखिने ठगी तथा कामचोर प्रवृत्ति, चाकडी र चाप्लुसीको बिगबिगी भएको अवस्थामा 'म' पात्रको जीवनको सङ्घर्ष निरर्थक देखिनु स्वाभाविक देखिन्छ" (लामिछाने, २०६३, पृ. ९८) । कार्यालयमा हुने गरेका यस्ता विकृत क्रियाकलापको चित्रणका माध्यमबाट यस उपन्यासमा 'म' पात्रले गरेको अनुभव र भोगेको पीडाजन्य क्रियाकलापमा सन्तुष्टि अनुभव गर्ने आधार देखिएको छैन । यस पात्रलाई जेलमा पुऱ्याउने प्रमुख कारण त्यसै कार्यालयका गलत क्रियाकलाप नै हुन् । आफ्नै छनोटका कारण जागिरमा प्रवेश गरेको 'म' पात्रले त्यस कार्यालयमा हुने गरेका यस्ता अनेक बेथिति र विकृतिका कारण जीवनप्रति निरर्थकताको अनुभव गरेको तथ्यलाई नै यस उपन्यासमा नाटकीकरण गरिएको छ ।

*एक शहरमा एक कोठा* उपन्यासको एक सहायक पात्र कर्णप्रसादले आफ्नो क्षमता र योग्यताको कदर हुन नसकेकामा जीवनप्रति नै निरर्थकताको भाव व्यक्त गरेको छ । कर्णप्रसादले जीवनमा अस्तित्वका लागि गरेका प्रयत्नमा सन्तुष्टि लिने आधार प्राप्त गरेको छैन । दुई श्रीमती र आठ सन्तानको अभिभावकीय जिम्मेवारीलाई एउटाको जागिरका भरमा धान्नुपर्ने विवशता उसमा

एकातिर छँदै छ भने अर्कातिर उमेर पुगेका छोरीहरूको बिहे नहुनु तथा छोराहरूले कहिलेकाहीँ कमाए भने खर्च गर्न हतार देखाउने प्रवृत्तिका कारण यस पात्रमा जीवनप्रति नै वितृष्णाभाव जागृत भएको छ । शारीरिक रूपमा समेत दुब्लो, पातलो यस पात्रले पारिवारिक ममत्वबाट पनि उत्तिकै उपेक्षित बन्नुपरेको छ । आफ्नो योग्यता र क्षमताको उचित कदर नहुँदा पनि उसमा जीवनप्रति निरर्थकताभाव जागृत भएको कुरालाई यस उपन्यासमा प्रस्तुत यस साक्ष्यले प्रमाणित गरिदिएको छ :

> विस्तारो कर्णप्रसाद भरेङ उक्लिन थाल्यो । अफिसका हाकिमहरूबाट थाल्यो । आफ्ना साथीहरूलाई गाली गर्न थाल्यो । उसको प्रायः एउटै कुरा हुन्थ्यो, ऊ पर्याप्त योग्य व्यक्ति हो र यस अफिसमा उसको जीवन बर्बाद भइरहेको छ र योग्यताको दुरूपयोग भइरहेको छ । .... ऊ कहिलेकाहीँ रुन पनि थाल्थ्यो, आफ्नो जीवनका कैयौँ स्वर्णिम वर्ष यस 'चुतिया' अफिसमा गुमाएकोमा । (गौतम, २०४६, पृ. ९४-९५)

कर्णप्रसादद्वारा प्रस्तुत माथिको उद्धरणले ऊ जीवनमा सन्तुष्ट छैन भन्ने कुरालाई प्रमाणित गरिदिएको छ । कर्णप्रसाद एकजनाको कमाइले ठुलो परिवार पाल्न पर्नु, छोराहरूले आफ्नो क्षमता भएर पनि कमाइमा ध्यान नदिनु तथा कमाएको रकम बचत गर्ने कुरामा ध्यान नदिनु, अफिसमा आफ्नो योग्यता र क्षमताको उचित कदर नहुनु जस्ता समस्याबाट यो पात्र प्रताडित रहेको छ । कर्तव्यप्रति इमानदार कर्णप्रसादले आफ्नो क्षमता र योग्यताको कदर हुन नसकेकामा जीवनप्रति नै निरर्थकताको अनुभव गरेको कुरालाई यस उपन्यासमा प्रस्तुत गरिएको छ ।

*सहस्राब्दीको अन्तिम प्रेमकथा* उपन्यासमा जीवनको निरर्थकता अभिव्यक्त गरिएको छ । उपन्यासको पात्र विग्रहले समिधालाई प्राप्त गर्ने विषयमा भोग्नुपरेका समस्याका कारण उसले जीवनप्रति नै निरर्थकताको अनुभूति गरेको हो । काठमाडौँलाई परिवेश बनाएर लेखिएको यस उपन्यासमा प्रजातन्त्र प्राप्तिपछि नेपाली समाजमा व्याप्त विकृति र बेथितिलाई व्यङ्ग्यात्मक रूपमा प्रस्तुत गरिएको छ । सामाजिक विकृतिलाई उपन्यासको केन्द्रीय कथ्य बनाउने गौतमले यस उपन्यासमा पनि तिनै पक्षलाई प्रस्तुत गरेका छन् । समाजका यस्तै विकृतिका कारण यस उपन्यासका प्रमुख पात्रहरू विग्रह र समिधाले अस्तित्वका लागि प्रयत्न गर्दा समस्या भोग्न बाध्य भएका छन् । यसै कारण उनीहरूले जीवनलाई निरर्थक ठानेका हुन् । उनीहरूका बिचको प्रेमलाई सुरक्षित राख्नाका लागि गरेको सङ्घर्ष नै उपन्यासको मूल विषय हो । प्रेमका विषयमा विग्रहले भोग्नुपरेका समस्याका कारण उसमा जागृत जीवनप्रतिको निरर्थकताको भावलाई आख्यानात्मक रूपमा प्रस्तुत गरिएको छ । समिधालाई प्राप्त गर्नाका लागि विग्रहले गरेका प्रयत्न विफल बन्ने परिवेश निर्माण गरी यस उपन्यासमा जीवनप्रतिको निरर्थकता व्यक्त गरिएको छ ।

अस्तित्वका लागि सङ्घर्षरत मानिसले भोग्नुपरेका समस्याका कारण उसमा जीवनप्रति नै निरर्थकताभाव जागृत हुन्छ भन्ने कुरालाई *सहस्राब्दीको अन्तिम प्रेमकथा* उपन्यासमा प्रमुख पुरुष चरित्र विग्रहले प्रमुख स्त्री चरित्र समिधालाई प्राप्त गर्न नसक्दा अनुभव गरेको सन्दर्भका माध्यमबाट व्यक्त गरिएको छ । विग्रह र समिधाका बाजेहरू क्रमशः प्रेमप्रसाद र श्यामप्रसाद काठ र सिमेन्टको व्यापार गरेर आर्थिक समृद्धि प्राप्त गरेका छन् । आर्थिक सम्पन्नताका कारण समाजमा प्रतिष्ठा र मन्त्रीसम्म पहुँच पुऱ्याएका यी दुई पात्रका सन्ततिहरूमा आर्थिक समस्या भने रहेको देखिँदैन । यस्तो परिवारमा रहेका यी दुई प्रमुख चरित्रहरूमध्ये विग्रहले आफ्ना बाबुबाजेको आर्थिक उन्नति गर्ने मार्ग अवलम्बन नगरी कविता सिर्जनामा लागेको देखिन्छ । यस पात्रको रुचि सर्वगुणसम्पन्न पात्र समिधाप्रति रहेको छ । मानिस आफूले कल्पना र अपेक्षा गरेअनुरूपको सफलता प्राप्त गर्न नसक्दा समस्या र निराशामा पर्छ नै । कलेजबाट वनभोज गएका बेला देखा परेकी युवती समिधा नै अन्ततः विग्रहलाई निस्सारताको भाव सिर्जना गर्ने कारक बनेकी छ । समिधालाई प्राप्त गर्नाका लागि विग्रहले दिएको प्रेमपत्रलाई अस्वीकार गर्नु तथा उसको निकट बन्ने कुरामा विमति जनाउने समिधाको क्रियाकलाप नै विग्रहलाई निराशातर्फ लैजाने कारक बनेको छ । विग्रहमा जीवनप्रति निरर्थकताको अनुभव भएको छ भन्ने यथार्थतालाई उपन्यासको यस साक्ष्यले स्पष्ट पारेको छ :

> तर व्यक्तिगत तवरमा भने विग्रह आफूलाई अत्यन्त हारेको, टाट र एउटा अर्थविहीन मनुष्यका रूपमा प्राप्त गरिरहेको थियो । समिधा उसलाई किन वास्ता गर्दिन ? कहिलेकाहीं ऊ सोच्दथ्यो, के समिधाले वास्ता गर्नासाथ उसको अस्तित्व, वरखाको खाल्डो जस्तै अर्थले भरिन्छ त ? त्यसको उत्तर त ऊसित थिएन । अहिले ऊ केवल समिधालाई नै आफ्नो उद्देश्य बनाएर बसेको थियो । (गौतम, २०५६, पृ. ४२)

माथिको उद्धरणले विग्रहमा जीवनप्रतिको निरर्थकताको अनुभव गराउने कारक समिधा रहेको कुरालाई प्रमाणित गरेको छ । समिधाले विग्रहको चिठी स्वीकार नगर्नु, सपनामा कुनै मन्त्रीको भान्जासँग गाडीमा समिधा हिँडेको देख्नु जस्ता घटनाले विग्रह निराश बन्दै गएको देखिन्छ । विग्रह दुब्लाउँदै जानु, टोलाउन थाल्नु जस्ता विग्रहमा आएका परिवर्तनले ऊ निराशामा परेको छ भन्ने स्पष्ट हुन्छ । यस्तो निराशा उसले दिएको चिठी समिधाले ग्रहण नगर्दाका अवस्थासम्म नै रहिरहेको देखिन्छ । विग्रहमा जीवनप्रतिको निरर्थकताको भाव सिर्जना गराउने कारक पात्र समिधा नै हो । समिधालाई प्राप्त गर्ने प्रयत्नमा उपन्यासको आरम्भमा विग्रह असफल बनेका अवस्थामा उसले गरेको अनुभव, अभिव्यक्ति, व्यवहार र शारीरिक शिथिलतामा अस्तित्ववादी निस्सारता प्रस्ट रूपमा अभिव्यक्त भएको पाइन्छ ।

*सहस्राब्दीको अन्तिम प्रेमकथा* उपन्यासमा प्रमुख चरित्रहरू विग्रह र समिधाका बिचमा प्रेमसम्बन्ध स्थापित भइसकेपछि पनि समिधाले दुई महिनासम्म सम्पर्क नगर्दा विग्रहले निस्सारता र जीवनको निरर्थकताको बोध गरेको कुरालाई प्रस्तुत गरिएको छ । उसले समिधासँगकै प्रेमका कारण आफ्नो घरको वैभवलाई त्यागी झिङटीको छाना भएको घरमा डेरा लिएर बसेको देखिन्छ । जीवनमा प्रशस्त युवतीहरू आकर्षित हुँदाहुँदै पनि समिधाप्रति नै आकृष्ट भएको विग्रहले उसविनाको जीवन सारहीन ठानेको छ । आफ्नो घरको सम्पत्तिका सामु जागिरको आवश्यकता नपरे पनि समिधासँगको सहमतिअनुरूप आफ्नै खुट्टामा उभिन गरेको वाचाका कारण पियनको जागिर खान ऊ बाध्य भएको छ । तल्लो तहको पदमा न्यून पारिश्रमिक बुझेर जीवननिर्वाह गर्दा समस्या झेले पनि अपेक्षित पात्रको निकटताबाट ऊ खुसी रहेको छ । पारिवारिक विच्छेद, गृहत्याग, आर्थिक समस्या यी सबै उसले समिधाका लागि गरेकाले र समिधाको निकटता पाएकाले उसले सन्तुष्टिको अनुभव गरेको हो । विग्रह स्वयम्ले उपन्यासकी अर्की स्त्री चरित्र कान्तिसँग परिस्थितिवश शारीरिक सम्पर्क भएको भन्ने जानकारी समिधालाई दिएपछि यस पात्रले अनुभव गरेको क्षणिक सन्तुष्टि ध्वस्त भएको छ । यसै कुराबाट प्रताडित समिधाले विग्रहसँग दुई महिनासम्म सम्पर्क नगर्दा र फोन गर्दा टेलिफोनको रिसिभर नै बजारेका क्रियाकलापबाट नै विग्रहमा जीवनप्रति निरर्थकताको भाव जागृत भएको छ भन्ने कुरा स्पष्ट हुन्छ । समिधालाई प्राप्त गर्ने विषयमा असफल बन्दै गएकाले विग्रहमा पीडाको अनुभव भएको कुरालाई उपन्यासको यस साक्ष्यले स्पष्ट पारेको छ -"तर अब यो जीवन बाँच्नै मन छैन । आखिर यस्तो कार्यक्रम तिम्रै लागि गरेको हो । तिमी नै छैनौ भने यसको वास्तविकता नै कहाँ सिद्ध हुन्छ, भन त" (गौतम, २०५६, पृ. ११४) ? समिधालाई प्राप्त गर्ने प्रयत्नमा विग्रहले निकै समस्या भोगेको छ । उसले गरेको गृहत्याग, डेराको बास समिधासँगको प्रेमलाई स्थापित गर्नाका लागि नै हो । समिधाका निम्ति गरिएको प्रयत्नमा ऊ नै टाढिएपछि विग्रहमा जीवनप्रतिको निरथर्कताको भाव जागृत भएको हो । आफ्नो जीवनमा खुसीको सञ्चार समिधाले मात्र गर्न सक्छे भन्ने बोध विग्रहमा भएको तर त्यस अपेक्षामा समिधाले साथ नदिएका अवस्थामा उसमा जीवनप्रति निरर्थकताको भाव जागृत भएको कुरालाई यस उपन्यासमा प्रस्तुत गरिएको छ ।

*भीमसेन-४ को खोजी* उपन्यासमा जीवनको निरर्थकताको अभिव्यक्ति केन्द्रीय कथ्यका रूपमा भएको छ । यस उपन्यासका पात्रहरू एक वृद्ध विद्वान्, कोलम्बस-समूह र एकक्रावासीले अस्तित्वका लागि स्वतन्त्र निर्णय गर्दै जीवनमा सक्रिय रहेका अवस्थामा भोग्नुपरेका समस्या र असफलताका कारण जीवनलाई निरर्थक ठानेको कुरालाई विषयबद्ध गरिएको छ । काठमाडौँको गरिबीबाट उन्मुक्तिका लागि अमेरिका हिँडेको कोलम्बस-समूह एकचक्रामा बन्दी बनेकाले र एकचक्रावासी तर्कासुरबाट पीडित बनेकाले उनीहरूले जीवनलाई निरर्थक ठानेका हुन् ।

तर्कासुरलाई परास्त गरी आफ्नो अस्तित्व सुरक्षित गर्ने क्रममा यी पात्रले असफलता भोग्नुपर्ने परिवेशका कारण जीवनप्रति नै निरर्थकताको भाव जागृत भएको कुरालाई यस उपन्यासमा प्रस्तुत गरिएको छ ।

अस्तित्वका निमित्त गरिएको सङ्घर्षको उपलब्धि नहुँदा *भीमसेन-४ को खोजी* उपन्यासमा एक वृद्ध विद्वान्ले जीवनप्रति नै निरर्थकताको अनुभव गरेको कुरालाई प्रस्तुत गरिएको छ । एकचक्रा नगरीमा पुगेको कोलम्बस-समूह बसेको घरमा रहेको एक विद्वान् वृद्ध पात्र यस उपन्यासमा चित्रित भएको छ । सूत्रउपन्यास भएकाले यस पात्रको भूमिका लामो समयसम्म सक्रिय नरहे पनि जीवनमा अस्तित्वका लागि गरिएका सङ्घर्ष र त्यस क्रममा आफ्नै परिवारका सदस्यबाट गरिएका अपमानका कारण जीवनप्रति नै निरर्थकताको अनुभव गरेको सन्दर्भलाई यस उपन्यासमा प्रस्तुत गरिएको छ । जीवनमा लामो समय सरकारी सेवामा रहेर काम गरेको यस पात्रले निवृत्त जीवनमा सुख, शान्ति र आनन्दको अनुभव गर्न पाउने अपेक्षा गरेका अवस्थामा त्यस्तो नहुँदा यस पात्रले जीवनमा निरर्थकताको अनुभव गरेको हो । आफू पक्षाघातले शिथिल बनेकाले समयमा सम्बन्धित ठाउँमा पुग्न नसक्दा रकम सकिइसकेको हुनु, घरकाले जानीबुझी बुढो ढिलो जाने गर्छ भन्ने आरोप लगाउनु, पेन्सनका लागि कार्यालयमा प्रवेश गर्दा अपमानित हुन पर्नु जस्ता समस्या नै यस पात्रमा जीवनप्रतिको निरर्थकताको भाव जागृत गर्ने कारकहरू रहेका छन् । वृद्ध विद्वान्ले जीवनमा निरर्थकताको अनुभव गरेको छ भन्ने कुरालाई उपन्यासको यस साक्ष्यले स्पष्ट पारेको छ :

> यो सुनेर हाम्रो वृद्ध सोच्न थाल्यो- म त सधैँ पेन्सन नलिएरै जान्छु । त्यस बखत पुत्रकलत्रको मेघवर्ण अनुहार देखेर हृदय कति कालोनीलो हुन्छ ? बोल्दैनन् । आफूले सोच्नुपर्छ, अदपका कारण बोलिरहेका छन् । भात ढिलो दिन्छन्, आफूले सोच्नुपर्छ, तिनीहरूले बिहानको खाए होलान्, मलाई साजी र तात्तातो दिन ढिलो गरेका हुन् । (गौतम, २०६१, पृ. २६)

माथिको यस उद्धरणले वृद्ध पात्रले जीवनमा भोग्नुपरेका समस्यालाई बोध गराएको छ । जीवनमा अस्तित्वका लागि गरिएको सङ्घर्षपश्चात् वृद्धावस्थामा उचित सम्मान पाइएला भन्ने अपेक्षा गरेको यो वृद्ध, विद्वान्, पेन्सनजीवी पात्रले घरभित्र र बाहिर दुवैतिर भोग्नुपरेको तिरस्कार, अपमानका कारण हृदय कालोनिलो बनेको छ । अस्तित्वका निमित्त यस पात्रले गरेको सङ्घर्षको उपलब्धि नहुँदा जीवनप्रति नै निरर्थकताको अनुभव गरेको कुरालाई यस उपन्यासमा प्रस्तुत गरिएको छ ।

*भीमसेन-४ को खोजी* उपन्यासमा कोलम्बस-समूह र एकचक्रावासीले अपेक्षा गरेका कुराले सार्थकता प्राप्त गर्न नसक्दा उनीहरूले जीवनलाई निरर्थक ठानेको कुरालाई आख्यानीकरण

गरिएको छ । लामो समयदेखि आफ्ना पुर्खाको शक्तिलाई आधार बनाई एकचक्राका नागरिकको अस्तित्वमाथि प्रहार गरिरहेको तर्कासुरद्वारा सिर्जित असुरक्षालाई समाप्त पारी मानव अस्तित्व स्थापित गर्ने प्रयत्न त्यहाँका नागरिकले गरेका छन् । आफूहरूको अपेक्षालाई भीमसेनबाट सम्भव हुने ठानी त्यसै पात्रको खोजीमा उनीहरू लागेको देखिन्छ । उनीहरूले खोजेका भीममध्ये पहिलो अमेरिका गएको, दोस्रो मरेकाले अब आफ्नो उद्धार तेस्रो भीमबाट सम्भव ठानी ऊ बसेको जेल फोर्नुमा आफ्नो अस्तित्वका लागि गरेको प्रयत्न हो भन्ने स्वतः स्पष्ट भएको छ । जेलमा रहेको भीमको नाम, शरीर र भोजन द्वापरयुगीन भीमसेनसँग मिल्दोजुल्दो रहेकाले यो पात्र नै तर्कासुरलाई निस्तेज पार्न सामर्थ्यशाली रहने ठान्दै प्रफुल्लित बनेका अवस्थामा भीमले व्यक्त गरेको निरीहता र कायरपनबाट एकचक्रावासी दुःखी बनेका छन् । आफू नक्कली भीम भएको र तर्कासुर सक्कली राक्षस भएकाले उससँग भिड्न नसकिने कुरा गरी रुँदै त्यहाँबाट हिँडेको यो पात्र तीन दिनपछि एकचक्राको प्रधानमन्त्री बनेर तर्कासुरलाई नरभक्षणमा सहयोग गर्न थालेको कुरा स्वयम् भीमबाट सुनेपछि अस्तित्व स्थापित गर्नाका निम्ति आफूहरूले गरेको प्रयत्न असफल बनेको ठान्दै निराश बनेका छन् । कोलम्बस-समूह र एकचक्रावासी पीडित बनेका छन् भन्ने वास्तविकतालाई उपन्यासको यस उद्धरणले स्पष्ट पारेको छ :

> यो सुनेपछि असहाय अनुभव गर्ने तेस्रो भीमसेन, दोबाटोमै थचक्क बसेर रुन थाल्यो । .... त्यसपछि तर्कासुरबाट  एकचक्रा नगरीलाई मुक्ति दिलाउन गएको यो भीमसेन नगरीको प्रथम प्रधानमन्त्री भएर, तर्कासुरकै दैनिक मनुष्यभक्षणलाई व्यवस्थित प्रकारले सञ्चालन गर्दै बस्न थाल्यो । हामीलाई यसमा हाँसो पनि उठ्यो । त्यसमा निराशा पनि मिश्रित थियो, भनिरहन पर्दैन । (गौतम, २०६१, पृ. ५१)

माथिको उद्धरणले कोलम्बस-समूह र एकचक्रावासीको पीडालाई बोध गराएको छ । एकचक्रावासीले तर्कासुरका कारण सिर्जित समस्याबाट मुक्ति प्रदान गर्न सक्ने एक मात्र पात्र भीमसेनलाई ठान्दै त्यस पात्रलाई जेलबाट मुक्त गरेको देखिन्छ । कोलम्बस-समूह र एकचक्रावासीको अपेक्षाविपरीतका क्रियाकलापमा भीमसेन उद्यत बन्नु नै उनीहरूमा निस्सारताको भाव जागृत बनाउने कारक बनेको छ । भीमसेनले तर्कासुरसँग प्रतिवाद नगर्ने कायरतापूर्ण कुरा गरेको अनि तर्कासुरसँग निकट बनी उसलाई नरभक्षणमा सहयोग गरेको घटनाले कोलम्बस-समूह र एकचक्रावासीमा जीवनप्रति नै निरर्थकताको भाव जागृत भएको देखिन्छ । आफ्नो अस्तित्व सुरक्षित गर्ने कर्ममा सक्रिय रहँदा र त्यस प्रयत्नले सार्थकता प्राप्त गर्न नसक्दा कोलम्बस-समूह र एकचक्रावासीमा जीवनप्रतिको निरर्थकताको भाव जागृत भएको हो ।

*भीमसेन-४ को खोजी* उपन्यासमा जीवनको निरर्थकताको अभिव्यक्ति कोलम्बस-समूहले आफ्नो अस्तित्वका लागि गरेका प्रयत्न विफल बनेका अवस्थामा अनुभव गरेका सन्दर्भका

माध्यमबाट भएको छ। काठमाडौँको बसाइको विपन्नता र अनिश्चिततताबाट उन्मुक्तिका लागि सुन्दर सपना बोकेर अमेरिका हिँडेको मानव समूह नै कोलम्बस-समूह हो। यस समूहले अपेक्षित ठाउँमा पुग्नुको सट्टा द्वापरयुगदेखि नै प्रसिद्धि प्राप्त गरेको ठाउँ एकचक्रा नगरीमा तर्कासुरको अधीनमा बन्दी बन्नुपर्दा जीवनको निरर्थकताको अनुभव गरेको छ। काठमाडौँको अव्यवस्था, शासकको मनपरी, बेरोजगारी, अभावबाट दिक्क भएर अमेरिका हिँडेको यस समूहले एकचक्रा नगरीमा पनि त्यस्तै प्रवृत्ति देखेपछि एकचक्रा र काठमाडौँ कुन ठिक भन्ने कुरा छुट्ट्याउनसमेत कठिन भएको ठानेको छ। एकचक्रामा तर्कासुरका अमानवीय व्यवहारबाट दिक्क भएको यस समूहले उसलाई परास्त गर्न निकै प्रयत्न गरेको छ। भीमसेनका माध्यमबाट तर्कासुरलाई पराजित गर्ने प्रयत्न विफल भए पनि उसकै माध्यमबाट काठमाडौँ फर्कन चाहेको कुरा यस समूहले गरेको छ। उनीहरूलाई काठमाडौँ फर्कन दिनुको सट्टा एकचक्रालाई नै काठमाडौँ बनाउने काम तर्कासुरले गरी केही हदसम्म भए पनि खुसी राख्ने काम तर्कासुरले गरेको छ। काठमाडौँका सबै दृश्य बनाए पनि ठाउँको अभाव र नारयणहिटीको कलाप्रतिको अरुचिका कारण नारायणहिटी दरबार नबनाएको कुरा तर्कासुरले गरेको छ। एकचक्राको यस परिवर्तनले केही आनन्दको अनुभूति भए पनि आफन्तको अभावका कारण कोलम्बस-समूहमा पुनः निराशा बढ्दै गएको हो। यस ठाउँबाट मुक्त हुनाका लागि तर्कासुरलाई तर्कका माध्यमबाट पराजित गर्ने सोचअनुरूप आफैलाई नाघ्ने र सबै मानिसलाई एकै पटकमा खान सक्ने कुरामा असफल बनाई काठमाडौँ फर्कने वातावरण सिर्जना गर्नु कोलम्बस-समूहको अस्तित्व सुरक्षित गर्ने सफल प्रयत्न रहेको देखिन्छ। काठमाडौँ फर्कँदा जहाजबाटै पुनः एकचक्रा नै देखेपछि उनीहरूमा जीवनप्रतिको निरर्थकताको भाव जागृत भएको छ। कोलम्बस-समूह जीवनमा निराश बनेको छ भन्ने सत्यतालाई उपन्यासको यस उद्धरणले पुष्टि गरेको छ :

> हाम्रो समूहका धेरै जना बिरामी पनि परिसकेका थिए। कसै गरी औषधी नभए पनि सान्त्वनाका मात्राहरू दिँदै यहाँसम्म ल्याएका थियौँ। यो खबरले तिनको रोगमा अनपेक्षित रूपमा वृद्धि भएको थियो। तिनीहरू एक्कासि यति रुग्ण देखिए, तिनको इच्छा नै समाप्त हुने खतरा उत्पन्न हुन थालेको देखियो। यस्तोमा हामी सबै चिन्तित भएर सोच्न थाल्यौँ। (गौतम, २०६१, पृ. ६१)

माथिको उद्धरणमा कोलम्बस-समूहले भोग्नुपरेका समस्यालाई चित्रण गरिएको छ। अकारण बन्दी जीवन व्यतीत गर्नुपर्दा पीडित बनेका कोलम्बस-समूहका मानिसहरू शारीरिक, मानसिक रूपमा रुग्ण बन्दै गएका अवस्थामा काठमाडौँ पुगिने कुरा अनिश्चित बन्दै गएको परिवेश सिर्जना गरी उनीहरूमा जागृत भएको जीवनप्रतिको निरर्थकताको भावलाई प्रस्तुत गरिएको छ। तर्कासुरको मनपरी, आफन्तको अभाव, एकचक्राबाट उन्मुक्तिमा असफलता जस्ता

समस्या नै कोलम्बस-समूहलाई जीवनप्रतिको निरर्थकताको भाव सिर्जना गर्ने कारकका रूपमा रहेको कुरालाई यस उपन्यासमा अभिव्यक्त गरिएको छ । आफ्नो अस्तित्वका लागि गरेको प्रयत्न विफल बनेका कारण कोलम्बस-समूहले जीवनप्रति निरर्थकताको अनुभव गरेको कुरालाई यस उपन्यासमा प्रस्तुत गरिएको छ ।

## ३.२.२ अभाव र अनिश्चितता

मानिसमा जीवनप्रति निस्सारताको अनुभूति गराउने कारण उसले जीवनमा सामना गर्नुपर्ने अभावजन्य परिस्थिति र त्यस्ता परिस्थितिबाट मुक्त हुने कुरामा देखिने अनिश्चितता नै रहेको देखिन्छ । मानिसले आफूलाई बनाउनका लागि जीवनमा स्वतन्त्र निर्णय गर्दै सक्रिय रहेका अवस्थामा एकपछि अर्को अभावजन्य समस्याको सामना गर्न बाध्य भएको हुन्छ । उसले स्वतन्त्र निर्णय गर्दा अभाव, अनिश्चितता, सङ्कट, विसङ्गति र अन्धकार भोग्न बाध्य भएको हुन्छ (खतिवडा, २०७४, पृ. ४२) । उसले जीवनमा भोग्नुपरेका यस्ता अनपेक्षित परिणामका कारण जीवनप्रति निस्सारताको अनुभूति गरेको हुन्छ । उसले जन्म र मृत्युलाई निरर्थक ठाने पनि यस जीवनलाई सार्थक बनाउनका लागि प्रयत्न गर्दा रिक्तता मात्र भोग्न बाध्य हुन्छ (रुबिचेक, सन् १९७३, पृ. १२३) । मानिस समस्याबाट मुक्त हुन सक्दैन । जति प्रयत्न गर्दा पनि उसले अभावयुक्त जीवन बिताउनुपर्ने र त्यस समस्याको समाधानको अनिश्चितता रहिरहेको हुन्छ । अर्थहीन यस जीवनमा मानिसले आफूलाई बनाउनका लागि आफै लक्ष्य निर्धारण गरेको हुन्छ (पाण्डे, २०६२, पृ. ७७) । उसले आफ्नो मूल्यको स्थापनाका लागि प्रयत्न गरेका अवस्थामा अभावजन्य समस्यामा पर्ने भएकाले नै उसमा जीवनप्रति निस्सारताको भाव जागृत हुने हो भन्ने मान्यता अस्तित्ववादको रहेको छ । मानिसले आफूले लिएको लक्ष्यलाई सार्थक पार्ने यात्रामा प्रवृत्त भएका अवस्थामा अनेक अभावजन्य परिस्थितिको सामना गर्नुपर्दा उसमा जीवनप्रति नै वितृष्णाभाव जागेको हुन्छ । जीवनप्रतिको यसै वितृष्णालाई निस्सारताका रूपमा लिने गरिएको छ । उपन्यासमा पात्रले अस्तित्वका लागि प्रयत्न गरिरहेका अवस्थामा अभावजन्य परिस्थितिको सामना गर्दा उसमा जागृत भएको जीवनप्रतिको निस्सारताको भावलाई नाटकीकरण गरिएको हुन्छ ।

अभाव र अनिश्चिततालाई *डापी* उपन्यासमा मूल विषय बनाई अभिव्यक्त गरिएको छ । मानिसले आफ्नो अस्तित्व सुरक्षित गर्नाका निम्ति जीवनयात्रामा सक्रिय रहँदाका अवस्थामा भोग्नुपरेका अभाव र अनिश्चितताका कारण उसमा निस्सारताको बोध हुन्छ भन्ने अस्तित्ववादी जीवनदर्शनको मान्यतालाई यस उपन्यासमा पात्रका भोगाइका माध्यमबाट व्यक्त गरिएको छ । चित् भविताको सक्रियताका कारण उत्पन्न अस्तित्वप्रतिको सचेतताबाट उत्प्रेरित भएका यस उपन्यासका विक्रम, माने र सन्ते जस्ता कर्मशील र सङ्घर्षशील पात्रले अभाव र अनिश्चिततालाई भोग्नुपरेको कुरालाई आख्यानात्मक रूपमा प्रस्तुत गरिएको छ ।

मानिसले आफ्नो जीवनमा भोग्नुपरेका अभाव र अनिश्चितताका कारणबाट उसले निस्सारताको बोध गरेको कुरालाई *डापी* उपन्यासको प्रमुख पात्र विक्रमले भोग्नुपरेको आर्थिक सङ्कटका माध्यमबाट अभिव्यक्त गरिएको छ । भाइ हरिले पैतृक सम्पत्ति सबै हडपेका कारण विक्रम एकातिर पैतृक सम्पत्तिबाट वञ्चित हुन परेको छ भने अर्कातिर आफ्नो मात्र एक्लो जागिरका भरमा बाआमा, बहिनीहरूलाई डेरामा राखेर पाल्न बाध्य भएको छ। आर्थिक कमजोरीका कारण प्रेमिका बीनूको बिहे गर्ने प्रस्तावलाई समेत सार्थक बनाउन सकेको छैन । यस्तो आर्थिक शिथिलताले थिचिएको यस पात्रले आमिचन साहुले धेरै कर तिर्न परेको कुरा गर्दा आफू पनि त्यस्तै कर तिर्न चाहेको कुरा गरेको छ । विक्रमको आर्थिक अवस्था कमजोर छ भन्ने कुरालाई उसको यस अभिव्यक्तिले स्पष्ट पारको छ -"सेठजी, मेरो त जीवनमा यही इच्छा छ कि मलाई पनि भगवान्ले टेक्सले मार्ने लायक बनाइदेओस्" (गौतम, २०३३/२०६४, पृ. ३५) । ठट्टायुक्त यस अभिव्यक्तिमा विक्रमको आर्थिक अवस्था कमजोर रहेको र त्यसका कारण आफ्नो व्यवहार चलाउनसमेत समस्या परेको सन्दर्भलाई उपन्यासका घटनाले पुष्टि गरेका छन् । जीवन सञ्चालन गर्ने बलियो आधार आर्थिक पक्ष हो । यस कोणबाट विक्रम कमजोर बन्नुपर्दा उसमा जीवनप्रति नै निस्सारताको भाव जागृत भएको छ । जीवनमा विक्रम आर्थिक समस्याबाट शिथिल बनेको र त्यस समस्याको समाधानको निश्चिततासमेत नरहेको परिवेशका माध्यमबाट यस उपन्यासमा अभाव र अनिश्चितता अभिव्यक्त गरिएको छ ।

*डापी* उपन्यासको प्रमुख पात्र विक्रमले स्वतन्त्र निर्णय गर्दै जीवनमा सङ्घर्ष गरिरहेका अवस्थामा भोग्नुपरेका आर्थिक विषमताका कारण उत्पन्न समस्याबाट पीडित बन्दा निस्सारताको बोध गरेको कुरालाई आख्यानात्मक रूपमा प्रस्तुत गरिएको छ । आफ्नो भाइ हरिको समयमा नै बिहे भइसक्दा आर्थिक अभाव र भविष्यप्रतिको अनिश्चितताका कारण दाजु विक्रमको बिहे हुन सकेको छैन । बिहेपश्चात् पारिवारिक जिम्मेवारी वहन गर्न आर्थिक कमजोरीका कारण कठिनाइ पर्ने मनोविज्ञानका कारण विक्रमले समयमा बिहे गर्न नसकेको हो । यही समस्याका कारण बिहेका विषयबाट पछि परेको यो पात्र सुतेर बिहान ब्युँझँदा बीनू बिस्तारामा सँगै सुतेको सन्दर्भ प्रस्तुत गरेर अनौठो ढङ्गले बिहे भएको विषयलाई उपन्यासमा जोडिएको छ । बिहेपश्चात् जन्मिएको एक सन्तानपछि दोस्रो सन्तानका बारेमा सोचाइ बनाएको छैन । आर्थिक अभावका कारण थप सन्तानको अपेक्षा विक्रमले गरेको छैन भन्ने यथार्थलाई तर प्रस्तुत उसकै अभिव्यक्तिले स्पष्ट पारेको छ :

> तर अस्पतालनिर आइपुगुन्जेलमा बीनूको सारा उत्साह सेलाएछ । ऊ स्वाँस्वाँ गरिरहेकी थी गर्भवती स्त्रीजस्तै र कठिनाइसाथ हिँडिरहेकी थी । यद्यपि ऊ गर्भवती पटक्कै थिइन, विक्रमलाई पक्का थाहा थियो, तर यो महँगो युगमा, गर्भको कल्पनाले

समेत विक्रमलाई जिरिङ्ग पाऱ्यो । यो डापीको आतङ्कमा जुन स्वप्नमा पनि अविरल छ, कहाँ, एउटा अभागी बच्चाको वजन ओसार्ने ? (गौतम, २०३३/२०६४, पृ. ११४)

माथि प्रस्तुत उद्धरणमा विक्रममा पीडा र चिन्ता सिर्जना गर्ने कारक उसको कमजोर आर्थिक अवस्था रहेको कुरा स्पष्ट पारिएको छ । बीनू बाटामा हिँड्न नसकेका अवस्थामा कतै गर्भवती भई कि भन्ने आशङ्का प्रकट गरिएको कुरा उपन्यासमा प्रस्तुत यस सन्दर्भले आर्थिक शिथिलताका कारण विक्रममा निस्सारताको बोध भएको छ भन्ने कुरा स्पष्ट नै भएको छ। विक्रमले डेरामा जीवन चलाउनु, बहिनीहरूको बिहे गर्न नसक्नु, घर भए जग्गा छैन जग्गा भए घर छैनको स्थितिमा पुग्नु उसको आर्थिक कमजोरी नै हो । उसले डापीटोलमा बस्ने र बीनूसँग जीवन बिताउने जस्ता निर्णयका कारण आर्थिक समस्याको सामना गर्न बाध्य भएको र यस अभावयुक्त समस्याको समाधान हुने कुराको कुनै निश्चितता नभएको परिवेशलाई उपन्यासमा संयोजन गरी अभाव र अनिश्चितता अभिव्यक्त गरिएको छ ।

अस्तित्ववादी निस्सारताअन्तर्गतको अभाव र अनिश्चिततातालाई *डापी* उपन्यासमा आबद्ध विक्रमसँगका घटनासन्दर्भले पुष्टि गरेका छन् । मानिस आफ्नो अस्तित्वका लागि सङ्घर्ष गरिरहने क्रममा आइपर्ने आर्थिक जटिलता र भविष्यप्रतिको अनिश्चितताका कारण उचित मार्ग पहिल्याउन नसक्दा निस्सारताको बोध गर्न पुग्दछ । पैतृक सम्पत्ति प्रशस्त भएर पनि भाइको षड्यन्त्रको जालोमा परेर सारा सम्पत्ति गुमाई बाआमा र बहिनीहरूलाई समेत डेरामा लिएर बस्नुपर्दाका अवस्थामा विक्रमले आर्थिक सङ्कट प्रशस्त भोलेको छ । ठुलो परिवारलाई एक्लो जागिरको भरमा चलाउन पर्नु, नैतिक आचरणका कारण आम्दानीको अन्य बाटो पहिल्याउन नसक्नु जस्ता कारणले उसले आर्थिक समृद्धि प्राप्त गर्न सकेको छैन । यही समस्याका कारण परिवारप्रतिको सम्पूर्ण दायित्व पूर्ण रूपले निर्वाह गर्न असमर्थ यस पात्रले एकातिर बहिनीको बिहे र आफ्नै घरमा बस्ने पत्नीको रहरलाई पूरा गर्न त सकेको छैन नै त्योभन्दा पनि महत्त्वपूर्ण कुरा आफ्ना पिताको औषधीको उचित प्रबन्धसमेत गर्न सकेको छैन । विक्रमका अभावजन्य परिस्थितिका कारण उसमा जीवनप्रति निस्सारताको अनुभूति भएको सत्यतालाई तलको उद्धरणले स्पष्ट पारेको छ :

> यता बुबा निकै बढी बिरामी पर्न थाल्नुभएको छ । उसलाई थाहा छ । तर ओखतीमूलोचाहिँ बढी हुन पाइरहेको छैन । उसलाई यो पनि थाहा छ । पैसा छैन, तलबले पुग्दैन, सापटी तिर्न पुग्दैन, खान के पुगोस् ? ओखती गर्न झन् के पुग्ने ? .... विक्रम चाहँदैन, बुबालाई केही होस् । ऊ मनमनै बुबाको दीर्घायुको कामना गरिरहन्छ । तर लाग्छ उहाँलाई बचाउने उसको हर प्रयत्न व्यर्थ हुँदै गइरहेको छ । (गौतम, २०३३/२०६४, पृ. १५६)

माथि प्रस्तुत उपन्यासको अंशले विक्रमको कमजोर आर्थिक हैसियतलाई बोध गराएको छ । उसले बाबुको औषधिको प्रबन्ध नगर्नु पितृभक्तिको अभाव नभई आर्थिक अभाव नै प्रबल रूपमा रहेको देखिन्छ। बाआमा, बहिनीहरूलाई सँगै राख्ने कुरालाई अवलम्बन गरी डापीटोलमा बसेर सङ्घर्ष गर्दा उसले प्रशस्त आर्थिक समस्याको सामना गर्न बाध्य भएको छ । त्यस समस्याको समाधानका लागि उसले गरेका प्रयत्न व्यर्थ भएका छन् । यस्तो समस्याबाट पीडित बनेको यस पात्रले जीवनलाई निस्सार ठानेको कुरालाई यस उपन्यासमा विषयबद्ध गरिएको छ । यस्तो अनुभूति भए पनि पारिवारिक जिम्मेवारीप्रति सचेत बन्दै यस पात्रले जीर्ण डेरामा घरमालिकको कचकच सहँदै सङ्घर्ष गरिरहेको छ। विक्रम जिम्मेवारी वहन गर्दा आफै समाप्त हुँदै गएको अनुभव गरेको कुरालाई उपन्यासको यस उद्धरणले स्पष्ट पारेको छ -"म आफूलाई एउटा नैतिक व्यक्ति बनाएर संसार जोगाउने कोसिस गर्दै छु र यस कोसिसमा स्वयम् नष्ट हुँदै छु" (गौतम, २०३३/२०६४, पृ. १५५)। विक्रमले आफ्नो अस्तित्वका लागि आदर्शवादी बनेर प्रयत्न गर्दा पनि समस्याबाट मुक्त हुन नसक्दा निराश बनेको कुरालाई यस उद्धरणले स्पष्ट पारेको छ । विक्रमले आफ्नो अस्तित्वका लागि प्रयत्न गरिरहेको तर त्यस प्रयत्नमा भने सफलता प्राप्त गर्न नसकेको परिवेशलाई उपन्यासमा प्रस्तुत गरिएको छ। विक्रमको बिग्रिएको आर्थिक अवस्थाको सुधारको कुनै निश्चितता पनि देखिएको छैन । विक्रमसँग सम्बद्ध घटनाक्रमले उसले जीवनमा भोग्नुपरेका अभाव र अनिश्चितताको शृङ्खलालाई अभिव्यक्त गरेका छन् ।

पैतृक सम्पत्तिका नाममा हुने गरेका विभेदपूर्ण व्यवहारका कारण पीडित पात्रले भोग्नुपरेका आर्थिक अभावका पक्षलाई *डापी* उपन्यासमा प्रमुख पात्र विक्रमका माध्यमबाट व्यक्त गरिएको छ। पार्टीमा काम गर्ने, सर्वहारा क्रान्तिको कुरा गर्ने विक्रमको स्वभावबाट भयभित उसका बाले सबै सम्पत्ति भाइ हरिका नाममा गरिदिएका कारण आर्थिक समृद्धि प्राप्त गरेको तर दाजुलाई दिनुपर्ने बेलामा बाको उपचारमा खर्च भएको भन्ने बहानामा सबै पैतृक सम्पत्ति हडपेपछि आफ्नो स्थायी ठेगाना उल्लेख गर्ने ठाउँमा आफ्नो नाममा सियोको टुप्पो राख्ने जति पनि जमिन नहुनुले विक्रममा निस्सारताको बोध भएको छ। भाइको व्यवहारको प्रतिवाद विक्रमले नगर्नु, दाजुको सम्मान भाइले नगर्नु जस्ता समस्या पनि विक्रममा निस्सारताको भाव जागृत गराउने कारण रहेका छन्। विक्रममा जीवनप्रति निस्सारताको भाव सिर्जना गर्ने कारक आर्थिक हो भन्ने कुरा उसकै यस अभिव्यक्तिबाट स्पष्ट भएको छ -"एउटा फाल्टु मान्छे जस्तो लागिरहेको छु, हो महाशय, म आफैलाई पनि । घर मरिरहेको छ... त्यही हेर्दै छु । .... मानिस बुझ्दैनन्, आफूसित छैन । जसरी घरखर्च चलाइरहेको छु, मै जान्दछु, कि भगवान् जान्दछ" (गौतम, २०३३/२०६४, पृ. १७४)। पैतृक सम्पत्तिबाट वञ्चित हुनुपर्दा विक्रममा जागृत भएको यस अभिव्यक्तिमा अस्तित्ववादी निस्सारता अभिव्यक्त भएको छ। डापीटोलका पीडाबाट उन्मुक्तिका

लागि र पारिवारिक समस्या समाधानका लागि बाको सल्लाहबमोजिम भाइसँग सहयोगको अपेक्षासहित दोस्रो पटक आफ्नो पैतृक थलोमा गएको विक्रमले सहयोग र सम्मान पाउनुको सट्टा उल्टो ऋणको भारी बोकेर फर्केको छ । पैतृक सम्पत्तिमा गरिएको विभेदका कारण विक्रमले अभावयुक्त जीवन व्यतीत गर्नुपरेको र त्यस समस्याको समाधानको पनि कुनै निश्चितता नरहेको कुरालाई यस उपन्यासमा प्रस्तुत गरिएको छ ।

समाजमा सम्मानजनक उपस्थिति दर्साउनका लागि *डापी* उपन्यासको प्रमुख पात्र विक्रमले अनवरत रूपमा सङ्घर्ष गरिरहँदाका अवस्थामा आइपर्ने विसङ्गतिपूर्ण स्थितिका कारण उसले जीवनप्रति नै निस्सारताको भनुभव गरेको कुरालाई उसले गरेको सङ्घर्षमा प्राप्त असफलताका सन्दर्भले पुष्टि गरेका छन् । डेराको बासबाट मुक्त भई आफ्नै घरमा बसोबास गर्ने तीव्र इच्छाबमोजिम भाइसँग पैसा माग्न जानु, जग्गाका लागि बैनास्वरूप रकम दिनुले यस कुरालाई पुष्टि गरेको छ । यस्तो अवस्थामा भाइले पैसा दिन नसक्ने भन्दै ब्याजमा रु. ५०००।– खोजिदिनु, जग्गा टुक्रा पार्न नमिल्ने भन्दै 'कखग' पात्रले बैनाको पैसा आवश्यक पर्दा दिने कुरा गर्नुले विक्रमको जीवनमा विसङ्गति, अभाव, अनिश्चितता तीव्र बनेर गएको छ । विक्रमले आफ्नो कमजोर अवस्थालाई उठाउने प्रयत्न गर्दा एकपछि अर्को समस्याको सामना गर्नुपरेको यथार्थतालाई उपन्यासको यस उद्धरणले स्पष्ट पारको छ :

> त्यो जग्गा तिम्रो नाउँमा गर्नचाहिँ नमिल्ने भो । कि सबै तिमीले नै लिनु पऱ्यो, कि हामीले नै, हैन भने टुक्र्याएर लिँदा नमिल्ने । .... तिमीलाई चाहिएको बखत भन्नु, अथवा हामी नै एकै चोटि नकसे पनि, बिस्तारोबिस्तारो, तिम्रो आवश्यकतानुसार चुक्ता गर्दै गरौँला । यतातिर, त्यो जग्गा भ्याउलो नलिनु लिइहालियो (गौतम, २०३३/२०६४, पृ. १९०) ।

'क' पात्रले विक्रमसँग भनेको माथिको उद्धरणमा विक्रमले 'क' पात्रलाई दिएको रकमको प्राप्तिको सुनिश्चितता नरहेको भन्ने स्पष्ट भएको छ । आफूले भाइ हरिसँग लिएको ऋणको व्यवस्थापन गर्ने बाटो पनि नदेख्दा विक्रम निराश बनेको छ । एकातिर उसमा आर्थिक अभाव रहेको छ भने अर्कातिर भएको पैसाबाट पनि कुनै समस्याको समाधान गर्न सकिने वातावरण नरहेकाले अनिश्चितता रहेको देखिन्छ । 'कखग' ले सिर्जना गरेका समस्याका कारण विक्रमको आर्थिक समस्या झन् जटिल बनेको वास्तविकतालाई उपन्यासको यस अंशले स्पष्ट पारेको छ - "स्वत्व, स्वाधीनता, सुरक्षा, समानताजस्ता कुराहरूदेखि तिनीहरूले हामीलाई परहेज गराएर राखेका छन् तिनका साटो केही पथ्यहरू दिएको छ, हामीहरूजस्ता चिर रोगीलाई, छिनिनदेखि जोगिगन । विक्रम दारा किट्दै उपरोक्त पङ्क्ति फलाक्तै थियो" (गौतम, २०३३/२०६४, पृ. १९०) । विक्रमको यस अभिव्यक्तिले डापीटोलमा समस्या सिर्जना गर्ने कारक 'कखग' रहेको कुरालाई स्पष्ट

पारेको छ । डापीटोलका नागरिकको स्वतन्त्रतालाई 'कखग' पात्रले कुण्ठित गरेका छन् । त्यस टोलका मानिसको उन्नतिको बाधकका रूपमा परिचित 'कखग' पात्रबाट त्यहाँका मानिस र त्यस टोलको उद्धार नहुने कुराको बोध विक्रमले गरेको छ । विक्रमले आफ्नो अस्तित्वका लागि सङ्घर्ष गरिरहँदा भोग्नुपरेका असफताका कारण उसले अभावयुक्त जीवन व्यतीत गर्न बाध्य भएको र त्यस समस्याबाट मुक्त हुने सम्भावनाको पनि निश्चितता नबनेको परिवेश संयोजन गरी यस उपन्यासमा अस्तित्ववादी निस्सारता अभिव्यक्त गरिएको छ ।

*डापी* उपन्यासमा प्रमुख पात्रको भूमिकानिर्वाह गरेको पात्र विक्रमले आफ्नो अस्तित्वका लागि स्वतन्त्र निर्णय गर्दै कर्ममा सक्रिय रहेका अवस्थामा आइपरेका आशाविपरीतका परिणाम, सङ्गतिहीनता र अभावका कारण उसमा जीवनप्रति नै निरर्थकताको अनभूति भएको कुरालाई व्यक्त गरिएको छ । उपन्यासको आरम्भदेखि नै आफ्नो अस्तित्वको लडाइँमा सक्रिय रहेको यस पात्रले सोचेभन्दा विपरीत परिणामको प्राप्तिका अवस्थामा आफ्नो जीवनप्रति नै निरर्थकताको भाव प्रकट गरेको हो । विक्रमले आफ्नो डेराको बासलाई हटाएर आफ्नै घर निर्माण गर्ने योजना विफल बनेपछि आफ्नो भएको रकम र ऋणको रकम हिनामिना भएको र आफ्नो उद्देश्य अनिश्चित बनेको अनुभव गर्दै निस्सारताको बोध गरेको छ । 'कखग' पात्रले आफ्नो आर्थिक हैसियतलाई शिथिल बनाएकामा विक्रम निराश बनेको छ भन्ने सत्यतालाई यस उद्धरणले स्पष्ट पारेको छ - "म उदास र निरास छु । मलाई जग्गा पाइएन । उमेर बित्दै छ, कमाउन सकिएन । म भन्छु- तिनीहरू धेरै शक्तिशाली छन् र मलाई लाग्छ तिनीहरू तीन, दुई वा एकमा छैनन्, तिनीहरू असङ्ख्य छन्, विश्वभरि छन्" (गौतम, २०३३/२०६४, पृ. २०९) । 'कखग' पात्रको शक्तिका सामु आफ्नो अवस्था कमजोर भएकामा विक्रमले पीडाको अनुभव गरेको कुरालाई यस उद्धरणले स्पष्ट पारेको छ । विक्रमले 'कखग' जस्ता क्रूर पात्रहरू संसारमा व्याप्त रहेको र मानवहितका विपरीत कर्म गर्ने नाजी, जार, रावण, कंश जस्ता दुश्चरित्रको प्रभाव विश्वभर रहेको बोध गरेको छ । विक्रमले 'कखग' जस्ता पात्रका कारण आफ्नो जीवनमा अभाव र अनिश्चितता बढ्दै गएको अनुभव गर्दै जीवनप्रति नै निस्सारताको बोध गरेको छ । 'कखग' पात्रका कारण विक्रमको जीवन विसङ्गत बन्दै गएको र अभावको शृङ्खला बढ्दै गएकाले उसले जीवनमा निस्सारताको बोध गरेको हो ।

*डापी* उपन्यासमा सहायक पात्रका रूपमा चित्रित माने र सन्तेले आफ्नो जीवनमा स्वतन्त्र छनोटपछि आइपरेका अभाव र अनिश्चिततालाई वहन गर्नुपर्दा जीवनलाई निस्सार ठानेको कुरालाई विषयबद्ध गरिएको छ । डापीटोल जीवननिर्वाहका लागि सर्वोत्तम आधार बन्ने ठानी बसोबासका लागि रोजेका यी दुई पात्रहरूमध्ये मानेको मृत्यु र सन्तेकी पत्नीको मृत्युको घटनाले तिनका परिवारका जीवित सदस्यले निस्सारताको बोध गरेका छन् । कपिल ('क' पात्र) का

आफन्तसँग ऋण लिएर त्यसको सावा र ब्याज चुक्ता नगरेसम्म उनीहरूकहाँ काम गर्न थालेको निर्धन र पीडित पात्र मानेले आफ्नो परिवारको जीवन धान्नाका लागि अन्यत्र पनि भारी बोक्ने, दाउरा चिर्ने जस्ता काम गरेर सङ्घर्ष गरिरहेका अवस्थामा पनि उसलाई जीवन धान्न धौ धौ परेको छ । गरिबीको चपेटामा परेको यस पात्रले अन्न, लुगा, पैसा मागेरसमेत जीवन चलाउने प्रयास गरे पनि कडा रोगको उपचार गर्न नसक्दा उसको मृत्यु भएको छ । यसो हुनुको प्रमुख कारण 'कखग' पात्र बनेका र यस घटनाले टोलवासीमा पीडा र निराशा छाएको छ । उपन्यासको अर्को पात्र सन्ते जसले आर्थिक अभावका कारण अपरेसन गराउन नसक्दा पत्नीको मृत्यु भएपछि निस्सारताको बोध गरेको छ । सन्तेले दुःख गरेर जोरेको घडेरीसमेत 'कखग' पात्रले सित्तैमा आफ्नो बनाएपछि जीवनमा बिचल्ली भएको बोध गरेको यस पात्रले 'कखग' पात्रको षड्यन्त्रका कारण पत्नीको मृत्यु भएको बोध गरेको छ। सन्तेमा जीवनप्रति निस्सारताको भाव जागृत भएको कुरालाई यस उद्धरणले स्पष्ट पारेको छ -"एक दिन सन्तेले विरक्त भएर रविसित भन्यो- हरे शिव बाबु, बाँच्नु भनेको त यो दुनियाँमा खेरै जानु पो रहेछ हामी जस्ताले । उसले फेरि क्रोधसाथ भनेको थियो- यस्ता मोराहरू बस्या ठाउँमा पनि बस्नु ? जान्छु नैकाप बस्न" (गौतम, २०३३/२०६४, पृ. २७२) । सन्तेको यस भनाइले डापीटोलमा बस्नु भनेको समस्या र अभावलाई बढाउँदै लानु हो भन्ने बोध गराएको छ । स्वतन्त्र छनोटका माध्यमबाट चालिस पैँचालिस वर्षदेखि डापीटोलमा आएर खेताला-ज्यामीको काम गरेको सन्तेले त्यहाँ 'कखग' पात्रका कारण आर्थिक समस्या, पारिवारिक वियोग भोलेका अवस्थामा जीवनमा निस्सारता र निरर्थकताको बोध गरेको छ । यस उपन्यासमा माने र सन्तेले अभावयुक्त जीवन व्यतीत गरिरहेका र त्यस समस्याको समाधानको कुनै निश्चितता नहुँदा जीवनप्रति नै निस्सारताको अनुभूति गरेको कुरालाई यस उपन्यासमा प्रस्तुत गरिएको छ ।

*कट्टेल सरको चोटपटक* उपन्यासमा अभाव र अनिश्चितालाई केन्द्रीय कथ्य बनाई अभिव्यक्त गरिएको छ । यस उपन्यासका पात्रले अस्तित्वका लागि सक्रिय रहँदा भोग्नुपरेका अभावजन्य परिस्थिति र त्यस्ता परिस्थितिको समाधानको अनिश्चितताका कारण जीवनप्रति नै निस्सारताको अनुभव गरेको कुरालाई प्रस्तुत गरिएको छ । यस उपन्यासका प्रमुख चरित्र वासुदेव कट्टेल र उसकी पत्नी सावित्रीले अस्तित्वका लागि प्रयत्न गरिरहँदा अभावजन्य परिस्थितिको सामना गर्नुपर्दा जीवनप्रति जै निस्सारताको अनुभव गरेका छन् । यी पात्र कर्ममा सक्रिय रहँदा आइपरेका अभावजन्य परिस्थितिको समाधान अनिश्चित बनेको परिवेश सिर्जनाका कारण जीवनलाई निस्सार ठानेको कुरालाई यस उपन्यासमा प्रस्तुत गरिएको छ ।

*कट्टेल सरको चोटपटक* उपन्यासमा प्रमुख स्त्रीचरित्र सावित्रीले आफूले अपेक्षा गरेअनुरूपको प्राप्ति नहुँदा उसमा जीवनप्रति नै वितृष्णाभाव जागृत भएको कुरालाई उपन्यासको

आख्यान शृङ्खलासँग जोडिएको छ । सावित्रीले बिहेपूर्व सम्पन्न परिवारका उम्मेदवारलाई छाडी सुख र समृद्धिको अपेक्षासहित आफ्नो वरणस्वतन्त्रताको उपयोग गर्दै कट्टेलसँग जीवन बिताउन सहमत भएकी हो । उसले अपेक्षा गरेअनुरूपको परिवेश कट्टेलसँग जीवन व्यतीत गर्दा प्राप्त हुन नसक्नु नै उसलाई जीवनप्रति निरर्थकताको अनुभव गराउने कारण बनेको छ। बिहेपश्चात् आर्थिक कठिनाइको सामना गर्न पर्नु र पतिको पटक पटक गाली खान पर्नु जस्ता समस्याबाट ग्रस्त बनेकी सावित्रीमा पश्चात्ताप र निस्सारताभाव रहेको छ । पतिको कमाइले छाक टार्न धौ धौ हुने, कुनै मनलाग्दो वस्त्र किन्न नसकिने जस्ता दैनिक जीवनका समस्याबाट प्रताडित हुन परेको कुरालाई आख्यानात्मक रूपमा प्रस्तुत गरी यस उपन्यासमा अस्तित्ववादी निस्सारता अभिव्यक्त गरिएको छ । सावित्रीले जीवनमा निस्सारताको बोध गरेकी छ भन्ने कुरालाई उपन्यासको यस उद्धरणले स्पष्ट पारेको छ :

> एकपल्ट त, स्वास्नीले मलाई निकै आक्रमण गरी । उ सुनाउन थाली, उसलाई कुनै इन्जिनियरले माग्न आएको थियो, बलरामपुरको कुनै धनाढ्यको छोरोको अफर थियो, विराटनगरबाट एउटा लखपति (अहिलेसम्म करोडपति) को नातीसित कुरा चलेको थियो । .... त्यस दिन उसले भनी- भाग्यमा यस्तो दुःख भोग्न लेखेको रहेछ, अनि कहाँबाट हुन्थ्यो ? अर्थात् ऊ पछुताइरहेकी छ । (गौतम, २०३७/२०७५, पृ. २१)

सावित्रीमा जीवनप्रति व्यर्थताको बोध गराउने कारण कट्टेलको कमजोर आर्थिक अवस्था र उससँग जीवनयापन गर्नुपर्ने बाध्यता हो भन्ने कुरालाई माथिको उद्धरणले स्पष्ट पारेको छ । जीवन व्यतीत गर्नाका लागि योग्य उम्मेदवार छान्ने विकल्प हुँदाहुँदै पनि सावित्रीले कट्टेललाई छनोट गर्नुलाई आफ्नै भाग्य र नियतिको संज्ञा दिँदै जीवनप्रतिको असन्तुष्टिको भाव व्यक्त गरेकी छ। कमजोर आर्थिक हैसियत भएको कट्टेलसँग बिहे गरेपश्चात् भोग्नुपरेका समस्याका कारण उसले आफूलाई माग्न आएका अन्य पात्रको नाम लिनुले उसले भोगेको जीवनप्रति ऊ सन्तुष्ट छैन भन्ने कुरालाई प्रमाणित गरेको छ । सावित्रीले जीवनमा आर्थिक समस्या, पारिवारिक असन्तुष्टि जस्ता समस्या भोग्न बाध्य भएकी छ । सावित्रीका अपेक्षाभन्दा विपरीतका यस्ता कुराको सामना गर्नुपर्दा उसमा जीवनप्रति नै वितृष्णाको अनुभूति भएको कुरालाई यस उपन्यासमा व्यक्त गरिएको छ ।

आर्थिक अभाव र त्यसको समाधानको अनिश्चितताका कारण *कट्टेल सरको चोटपटक* उपन्यासका प्रमुख पात्र कट्टेल र सावित्रीले जीवनलाई निरर्थक, निस्सार र व्यर्थ ठानिरहेका छन् । घरको खर्च धान्न धौ धौ पर्नु, दुधको पैसा तिर्न नसक्नु, ऋण तिर्न नसक्नु जस्ता आर्थिक कठिनाइ भोग्न बाध्य यस उपन्यासका प्रमुख चरित्रका यस्ता समस्याको समाधान हुने बाटो कतै पनि देखिएको छैन । शिक्षक भएर पनि आर्थिक विपन्नता भोग्नुपर्ने दुर्गतिपूर्ण सामाजिक अवस्थालाई

यस उपन्यासमा व्यक्त गरिएको छ (प्रधान, २०३७/२०५२, पृ. ४१४)। अस्तित्वका लागि जीवनयात्रामा सक्रिय रहेको कट्टेलले सामान्य जीवननिर्वाहका लागि प्रयत्न गर्दा पनि ऊ समस्याको शृङ्खलामा गाँजिएको छ र त्यस समस्याको चपेटामा पत्नी सावित्रीसमेत परेकी छ। यही आर्थिक दुरवस्थाका कारण नै उपन्यासमा समस्याहरू बल्झिँदै गएका र ती समस्या समाधान हुने कुराको अनिश्चितताका कारण समग्र उपन्यासभरि नै प्रमुख चरित्रले निस्सारताको बोध गरेका छन् ।

जीवनमा अस्तित्वका लागि सङ्घर्ष गरिरहँदा सामना गर्नुपर्ने अभावका कारण मानिसमा निस्सारता बोध हुने कुरालाई *कट्टेल सरको चोटपटक* उपन्यासमा कट्टेल र उसकी पत्नी सावित्रीले गरेका अनुभवका माध्यमबाट व्यक्त गरिएको छ। कलेजको प्राध्यापक भएर पनि आर्थिक सङ्कटको सामना गरिरहेको कट्टेलले घरका न्यूनतम आवश्यकता पूर्तिका लागि समस्या झेलिरहेको छ। घरको खर्च, औषधिको खर्च तथा कोठा भाडा तिर्न पत्नीको सिक्री बेच्न बाध्य बनेको जस्ता उपन्यासका घटनाले उसको आर्थिक दुर्बलतालाई प्रतिबिम्बित गरेको छ। उपन्यासको यस साक्ष्यले कट्टेलको कमजोर आर्थिक अवस्थालाई स्पष्ट पारेको छ :

> त्यसैबखत, तिनीहरूको सानी छोरीले एक्कासि सोधी, याँबाट पनि अब त्याँबाटजस्तो निकाल्छन् कि निकाल्दैनन्, बुबा ? .... सानी छोरीले निरुत्तर र घाँटी रसाउने खालको परिस्थिति ल्याइदी । क्या प्रभाव पर्दो रहेछ केटा-केटीहरूमा यस्ता कुराको र एकदम, चिताउँदै नचिताउने खालले भनुँ अझ । कट्टेल वास्तवमा निरुत्तरित भएर घोरिन थाल्यो । एउटा अर्ध सुकुम्बासी मान्छे जस्तो भएछ झण्डै झण्डै लखेटिँदै हिँड्नुपर्ने । छोराछोरीसित मुख लुकाउनुपर्ने । (गौतम, २०३७/२०७५, पृ. ११९)

माथिको उद्धरणमा कमजोर आर्थिक अवस्थाको कट्टेलले आफ्नो परिवारका आवश्यकता पूरा गर्न नसक्दा जीवनमा निस्सारताको अनुभव गरेको कुरा व्यक्त भएको छ । उसकी सानी छोरीले व्यक्त गरेको भनाइले पनि कट्टेलको कमजोर आर्थिक अवस्थालाई प्रमाणित गरेको छ । डेरामा बस्दा भोग्नुपरेका समस्याबाट मुक्त हुन नसकेको परिवेशले उसको अभावयुक्त जीवनलाई राम्रोसँग चित्रण गरेको देखिन्छ। कट्टेलको परिवारमा पीडायुक्त वातावरण सिर्जना गरिदिने प्रमुख कारण आर्थिक समस्या नै रहेको छ। नयाँ डेरामा सरेपछि सानी छोरीले गरेको प्रश्नको उत्तर दिने सामर्थ्य कट्टेलसँग नरहनुमा उसको कमजोर आर्थिक हैसियत यथावत् रहेको कुरालाई प्रमाणित गरेको छ। उपन्यासमा वर्णित यस्ता समस्याका कारण उसको जीवनमा अभाव रहेको र त्यसको समाधानको अनिश्चितता रहेको प्रस्ट देखिएको छ। अस्तित्वका लागि सङ्घर्ष गरिरहँदा पनि कट्टेल र सावित्रीले आर्थिक अभाव भोग्न बाध्य भएका र त्यस समस्याको समाधानको निश्चितता नहुँदा

उनीहरूमा जीवनप्रतिको निस्सारताको अनुभूति भएको कुरालाई यस उपन्यासमा प्रमुख महत्त्वका साथ अभिव्यक्त गरिएको छ ।

*कट्टेल सरको चोटपटक* उपन्यासमा प्रमुख चरित्र कट्टेललाई जागिरबाट बर्खास्त गरेपछि उसले आफ्नो बाँकी जीवन झनै अभावयुक्त र अनिश्चित बनेको ठान्दै निस्सारताको बोध गरेको कुरालाई प्रस्तुत गरिएको छ । एउटाको जागिरका भरमा त्यत्ति ठुलो परिवारको जिम्मेवारी वहन गरिरहेका अवस्थामा विनाकसुर मिथ्या आरोपमा तीन महिनाको तलब दिएर जागिरबाट बर्खास्त गरेको पत्र प्राप्त गरेपछि कट्टेलको जीवनमा ठुलो परिवर्तन देखा परेको छ । एक महिनाको तलब लिएर ठुलो छोरो प्रेम भाग्दा त आर्थिक जटिलताको सामना गरेको कट्टेलले अब झन् जीवनभरि नै तलब गुमाउनुपर्ने परिवेशका कारणले आर्थिक अभाव झनै जटिल बन्दै गएको र अर्को जागिर प्राप्त गर्ने सम्भावना पनि नदेखिएकाले आर्थिक जटिलताको समाधान अनिश्चित बन्दै गएकाले निस्सारताको बोध गरेको हो । कट्टेलले जीवनमा निस्सारताको बोध गरेको छ भन्ने कुरालाई उपन्यासको यस अंशले स्पष्ट पारेको छ :

> साबू त सायद, आफ्नो बानी अनुसार, आँखाभरि आँसु ल्याएर, घाँटीमा पीरो-तातो र गाँठो अनुभव गर्दै, केही सोच्नु र आशा गर्नुको पारि पुगी तुरुन्तै यता मचाहिँ अलिकति योजना बनाउन थालेँ-तीन महिनाभित्र के गर्ने ? यो जहाज त अब हातैले तान्नु पर्लाजस्तो छ र त्यो पनि पानीमा होइन जीवनमै पल्टिदिएजस्तो छ । (गौतम, २०३७/२०७५, पृ. १७८-१७९)

जागिरबाट बाहिरिएपछि कट्टेलले जीवनमा निस्सारताको अनुभव गरेको कुरालाई यस उद्धरणमा व्यक्त गरिएको छ । उसको जागिर गुमेपछि परिवारमा थप समस्या सिर्जना भएको छ । एकपछि अर्को समस्याको शृङ्खला थपिँदै जानु र तिनका विरुद्ध सङ्घर्ष गर्दै जानु अस्तित्ववादी जीवनदर्शनको मान्यता नै हो । यस उपन्यासका प्रमुख चरित्रले आरम्भदेखि नै आर्थिक समस्या झेल्दै र त्यसको समाधान गर्ने प्रयत्न गर्दै आएका छन् । आफूले गरेका प्रयत्न एकपछि अर्को गर्दै असफल बन्दै गएका र कट्टेल जागिरबाट बर्खास्तीमा परेको घटनाले उनीहरूको अभावयुक्त जीवन झनै अनिश्चित बन्दै गएको कुरालाई यस उपन्यासका घटनाक्रमले सिद्ध गरेका छन् ।

*कट्टेल सरको चोटपटक* उपन्यासमा प्रमुख चरित्र कट्टेलले आफ्नो छोराको उपचारका क्रममा भोग्नुपरेको आर्थिक जटिलता तथा त्यसै समस्याका कारण छोराको जीवन रक्षा गर्न असमर्थ रहेका अवस्थामा आफ्नो जीवनको निरर्थकता र व्यर्थताको अनुभूति भएको छ । पाँचौँ सन्तानका रूपमा रहेको उपलब्ध एक मात्र छोरालाई मिर्गौलाको समस्याका कारण उपचार महँगो पर्ने भएकाले आफ्नो आर्थिक हैसियतले नभ्याउने अवस्था आएपछि कट्टेल निराश बनेको हो । ऊ गरिबी र विसङ्गतिको प्रभावबाट रुन्चे हाँसो हाँस्दै बाँचेको छ (बराल र एटम, २०५६/२०५८, पृ.

२६६) । छोराको उपचार गर्नाका लागि भनी कट्टेलको साथी ईश्वरीले लगेको रु. ५००।- फिर्ता नगर्नु, कुमारले अपमानपूर्वक रु. ३००।- दिनु जस्ता घटनाबाट समेत यो पात्र प्रताडित बनेको छ। आफ्नो हैसियतअनुसार छोराको उपचार गरेर बचाउन ऊ असमर्थ भएकाले जीवनलाई निरर्थक ठानेको कुरालाई उपन्यासको यस उद्धरणले स्पष्ट पारेको छ :

> साबूलाई त दाँती साँती लाग्यो क्यार र उसको अवस्था त कस्तो थियो भने, उतिर हेर्दा मलाई झन् तीखो लाग्न थाल्थ्यो, छोरो साँच्चिकै रहेन। मैले जीवन त्यति व्यर्थ र नीच र बाँच्न नहुने खालको कहिल्यै अनुभव गरिन, जति छोरोको हुन् र नहुनुको लडाइमा पर्दा, त्यस दिन गरेँ। (गौतम, २०३७/२०७५, पृ. २२३)

माथिको उद्धरणमा कट्टेलले छोराको कमजोर स्वस्थमा सुधार गर्ने आफ्नो सामर्थ्य नभएकाले जीवनलाई अर्थहीन ठानेको कुरा अभिव्यक्त भएको छ । आफ्नो एक मात्र छोरालाई लागेको जटिल रोगको उपचार कट्टेलले गर्न नसक्दा उसमा जीवनप्रति नै व्यर्थताको बोध भएको छ । डाक्टरको सल्लाहबमोजिमको उपचार हुन सम्भव अस्पतालमा पुऱ्याउन नसकेका कारण छोराले मृत्युवरण गरेको प्रत्यक्ष दृश्यानुभव गर्ने परिवेश उपन्यासमा सिर्जना गरी कट्टेलमा जागृत जीवनप्रतिको निरर्थकताको भावलाई थप सशक्त तुल्याएको देखिन्छ। कट्टेलका जीवनमा आइपरेका एकपछि अर्को गर्दै आर्थिक जटिलताका शृङ्खला थपिँदै गएका कारण उसमा अनुभूत भएको जीवनप्रतिको निस्सारता घनीभूत बन्दै गएको हो । उसले भोग्नुपरेका छोराको मृत्युको पीडा, आर्थिक पीडा र कुमारले गरेको अपमान जस्ता विषयलाई आख्यानात्मक रूपमा प्रस्तुत गरी यस उपन्यासमा जीवनको निरर्थकता प्रस्तुत गरिएको छ।

अभाव र अनिश्चिततालाई *स्वर्गीय हीरादेवीको खोज* उपन्यासमा प्रमुख विषय बनाई अभिव्यक्त गरिएको छ । प्रमुख पात्र कुमारले भोग्नुपरेका अभावजन्य परिस्थितिको समाधानको निश्चितता नभएका कारण जीवनलाई नै निस्सार ठानेको कुरालाई आख्यानात्मक रूपमा प्रस्तुत गरिएको छ । अर्काको घरमा बसेर अस्तित्वका लागि सङ्घर्ष गरिरहँदा यस पात्रले अभावजन्य परिस्थितिको सामना गर्नुपरेका कारण उसले जीवनलाई निस्सार ठानेको कुरालाई यस उपन्यासमा प्रस्तुत गरिएको छ । यसले आफ्नो अस्तित्वका लागि सङ्घर्ष गर्दा भोग्नुपरेका समस्या र प्राप्त विफलताका कारण निस्सारता बोध गरेको कुरा नै यस उपन्यासको प्रमुख विषय बनेको छ। यस पात्रले अस्तित्वका लागि स्वतन्त्र निर्णय गर्दै सङ्घर्ष गरिरहँदा एकातिर अभावको सामना गर्नुपरेको र अर्कातिर उसले गरेका अपेक्षा पूर्ण हुने कुरा अनिश्चित बनेको परिवेश सिर्जना गरी यस उपन्यासमा अस्तित्ववादी निस्सारता अभिव्यक्त गरिएको छ।

*स्वर्गीय हीरादेवीको खोज* उपन्यासमा अस्तित्वका लागि सङ्घर्ष गरिरहेको प्रमुख चरित्र कुमारले अभावको सामना गर्नुपरेको र अपेक्षित कुराको प्राप्तिको सम्भावनाको न्यूनताका कारण

समस्या समाधान हुने कुरामा अनिश्चितता बढ्दै गएको कुरालाई प्रस्तुत गरिएको छ। कुमार आफू बुझ्ने भएदेखि नै ममत्वको अभाव, आर्थिक अभावसँग जुधिरहेको छ। उसले अभावयुक्त जीवन व्यतीत गरिरहेको कुरालाई रोहिणी माइजूले गरेको सहयोगलाई सहर्ष स्वीकार गर्नुले पुष्टि गरिदिएको छ। कुमारले जीवनमा अभाव भोगेको छ भन्ने कुरालाई यस उद्धरणबाट स्पष्ट हुन सकिन्छ -"त्यस दिन रोहिणी माइजूले मलाई जुत्ता किन्ने पैसा दिँदै भनेकी थिइन्, तिम्रो जुत्ता धेरै फाटेछ। पुरानो जुत्ता मर्मत गर्न देऊ। यसले नयाँ जुत्ता एक जोर आउँदैन" (गौतम, २०४५/२०५७, पृ. ३४) ? रोहिणीको यस भनाइले कुमारको अभावयुक्त जीवनलाई बोध गराएको छ । कुमारको अभावयुक्त जीवनमा सुधार हुने कुनै सम्भावना देखिएको छैन । पढाइमा स्नातक गरेको, लगनशील, अनुशासित र चिन्तनशील हुँदाहुँदै पनि नेपालको बेरोजगारी समस्या र भनसुनको प्रभावका कारण नै यस पात्रले जीवनमा आफ्नो अभावलाई समाधान गर्न सकेको देखिँदैन। कुनै बेलाकी प्रेमिका आशाको सहायताले प्राप्त गरेको पियनको जागिरसमेत आफ्नो योग्यतासँग मेल खाने खालको नभएकाले त्यस जागिरका बारेमा कसैलाई भन्न सकिरहेको छैन। यसका साथै त्यस जागिरले आफ्नो अभावयुक्त जीवनमा सहयोग पुग्ने कुनै सम्भावना देखिएको छैन। कुमारको अर्को गम्भीर समस्या भनेको पहिचानको पनि हो। अभिभावकविहीन बनेको यस पात्रले आफू जान्ने भएदेखि नै आफ्नै कल्पनाले हीरादेवी नाम राखेर आमाको खोजी गरिरहेको छ। यस्तो अवस्थामा आफूलाई केही हदसम्म सहयोग गर्ने पात्र हीरादेवी हुन सक्ने अनुमान उसले गरेको छ। रोहिणी माइजू, आफूलाई पाल्ने बुढी तथा जुल्फी माइजूले सहयोग गरेका अवस्थामा तिनीहरूलाई केही क्षण आमा ठाने पनि त्यस अपेक्षाले निश्चितता प्राप्त गर्न सकेको छैन। पढाइमा स्नातक गरेको कुमारले त्यस विशाल घरमा कामदारको भूमिकामा रहेका अवस्थामा त्यस ठाउँबाट मुक्तिको प्रयासस्वरूप जागिर खाने निर्णय गरे पनि सन्तुष्ट बन्ने आधार देखिएको छैन। आफ्नै पूर्वप्रेमिका आशाले लगाइदिएको पियनको जागिर प्रतिष्ठाभन्दा पनि अपमान बढाउने खालको रहेको छ । कुमारले जागिर खाने रहर गर्दा पनि समस्याबाट मुक्त हुन नसकेको सन्दर्भलाई उपन्यासको यस साक्ष्यले पुष्टि गरेको छ :

> म केवल आक्कलझुक्कल वाला मानिस हुँ। जस्तो तरकारीको खाँचो छ, तरकारीका लागि दगुर्छु, केटाकेटीलाई स्कुल पुऱ्याउन मान्छे पाइएन, केहीबेर केटाकेटीलाई लिएर शैक्षिक वातावरणको आनन्द प्राप्त गर्न स्कुलतर्फ पनि जान्छु र मलाई केही फरक पर्दैन भने, यस्तो काम त म मामाहरूकहाँ पनि त गरिरहेकै थिएँ । (गौतम, २०४५/२०५७, पृ. ६८)

कुमारका लागि यो जागिर अनुकूल छैन भन्ने कुरा उसको यस अभिव्यक्तिले सिद्ध गरेको छ । आफ्नो हैसियतअनुसारको जागिरको अप्राप्ति, आफ्नो पहिचानको अनिश्चितता, पैतृक

सम्पत्तिको अभाव, आम्दानीको अन्य स्रोतको सम्भावनाको अभावका कारण उसले अभावयुक्त जीवन व्यतीत गरिरहेको छ। यसै गरी जागिर खाने विषय र आमा प्राप्तिको अपेक्षाको कुनै सुनिश्चितता नहुनु तथा तीन महिना प्रेम गरेर आशाले छाडेपछि बिहे सम्बन्धी कुरा पनि अनिश्चित बन्दै गएको छ। कुमारले अभावयुक्त जीवन व्यतीत गरिरहेको र अपेक्षित कुराहरू अनिश्चित बन्दै गएको परिवेशको संयोजन गरी यस उपन्यासमा अभाव र अनिश्चितता अभिव्यक्त गरिएको छ।

*एक शहरमा एक कोठा* उपन्यासमा अभाव र अनिश्चितताको अभिव्यक्ति भएको छ। यस उपन्यासको प्रमुख 'म' पात्रले अस्तित्वका लागि सङ्घर्षरत रहँदा अभावजन्य समस्याको सामना गर्नुपरेको र ती समस्या समाधान हुने कुरा निश्चित नहुँदा निस्सारताको अनुभव गरेको कुरालाई प्रस्तुत गरिएको छ। गौतमको वैयक्तिक जीवनका रोग, गरिबी, डेरामा बस्दाका समस्यालाई पृष्ठभूमि बनाएर यो उपन्यास लेखिएको छ (गौतम, २०५६/२०७५, पृ. ३९२)। उपन्यासकारले डेरामा भोग्नुपरेका समस्या र यस उपन्यासको 'म' पात्रले डेरामा बस्दा भोग्नुपरेका समस्यामा समानता पाइन्छ। 'म' पात्रको आर्थिक कमजोरीका कारण पत्नी गीताले भोग्नुपरेका समस्यालाई समेत यस उपन्यासमा महत्त्वका साथ प्रस्तुत गरिएको छ। आफूले स्वतन्त्र निर्णय गर्दै सहरमा सङ्घर्ष गरेको यस पात्रले अभावजन्य परिस्थितिको सामना गर्न बाध्य भएको छ। सहरमा भोग्नुपरेका अभावजन्य परिस्थितिको समाधान हुने निश्चितताको अभाव देखिएको परिवेश सिर्जना गरी यस उपन्यासमा अस्तित्ववादी निस्सारता अभिव्यक्त गरिएको छ।

*एक शहरमा एक कोठा* उपन्यासको प्रमुख 'म' पात्रले जागिर खानका लागि गरेको निर्णयपश्चात् कार्यालयमा र कोठामा भोग्नुपरेका समस्याका कारण निस्सारताको बोध गरेको छ। जागिरबाट जीवन सुरक्षित हुन्छ भन्ने अपेक्षा गरे पनि 'म' पात्रले त्यस्तो अनुभव गर्न पाएको छैन। सहरको कोठामा अभावयुक्त जीवन भोगिरहेको छ भन्ने वास्तविकतालाई उसले नै प्रस्तुत गरेको उपन्यासको साक्ष्यले प्रमाणित गरिदिएको छ :

> मेरो कोठामा, बेहिसाब भय, बेहिसाब असुरक्षाका बीच, बेहिसाब खुद्राहरू तकियामुनि छरिएर बस्थे। जब ती सकिन्थे, अनि तकिया च्यात्न मन लाग्थ्यो, किनभने, त्यसको सफा अर्थ हुन्थ्यो, कोठामा तातो पानी उमालेर एकात छाक बिताउने मौसम शुरु हुँदैछ। त्यसकारण मेरो ठोस विश्वास थियो। हामीजस्ता देशका खुद्रा प्राणीहरूको तकियामुन्तिर खुद्रा सिद्धियो कि भन्ठान्नुस् निद्रा सिद्धियो। (गौतम, २०४६, पृ. २४)

माथिको उद्धरणले 'म' पात्रको सहरको अभावयुक्त जीवनभोगाइलाई प्रतिबिम्बित गरेको छ। यस पात्रले त्यस कार्यालयमा बसेर जागिरका माध्यमबाट आफ्नो अस्तित्व सुरक्षित गर्ने प्रयत्न गरे पनि आर्थिक अभावको सामना गर्न बाध्य भइराखेको र त्यस समस्याको समाधानको कुनै

सुनिश्चितता नरहेको कुरालाई उपन्यासका घटनाक्रमले सिद्ध गरेका छन् । कार्यालयका कर्मचारीले समेत पैसा माग्दै हिँड्नु, 'म' पात्रले सिरानीमा राखेका पैसा सकिएपछि खाने कुरा किन्ने समस्या देखा पर्नु, वैवाहिक जीवनमा प्रवेश गर्ने हैसियत कमजोर बन्नु तथा बिहेपश्चात् अभावयुक्त जीवनभोगाइमा थप वृद्धि हुँदै जानु जस्ता समस्याका कारण नै 'म' पात्रले निस्सारताको बोध गरेको हो । यस उपन्यासमा वर्तमानका मानव जीवनका भोगाइहरू, बाध्यताहरू र विसङ्गतिहरू रहेका र तिनकै माझमा पनि अस्तित्वका लागि प्रयत्न गरेको सन्दर्भलाई समेटिएको छ (प्रधान, २०३७/२०५२, पृ. १९५) । जीवनलाई व्यवस्थित बनाउने प्रयत्नस्वरूप जागिरमा संलग्न रहँदा 'म' पात्रले भोग्नुपरेको मूलतः आर्थिक जटिलता र त्यस समस्याको समाधानको सुनिश्चितताको अभावका कारण नै 'म' पात्रले निस्सारताको बोध गरेको छ । 'म' पात्रले जागिर खानका लागि गरेको निर्णयपश्चात् कार्यालयमा र कोठामा भोग्नुपरेका समस्याको समाधान गर्ने प्रयत्न गरिरहँदा थप जटिलता देखा पर्दै जाँदा उसमा निस्सारताबोध भएको देखिन्छ ।

*एक शहरमा एक कोठा* उपन्यासमा प्रमुख 'म' पात्रले भोगेको अभावयुक्त जीवनको चित्रणका क्रममा उपन्यासकार गौतमले आफ्नो निजी जीवनका अभावयुक्त भोगाइलाई समेत प्रमुख स्थान दिएका छन् । उपन्यासकार गौतम धोबीधारामा डेरामा बस्दा कोठा भाडा तिर्न नसकेर लुक्दै हिँडेका थिए (गौतम, २०५६/२०७५, पृ. ३९२) । गौतमले भोग्नुपरेको यस्तो अभावयुक्त जीवनलाई यस उपन्यासको 'म' पात्रले पनि भोगिरहेको छ । ऊ डेरामा बसेका बखत कसैले ढोका हानेमा घरपट्टी भाडा माग्न आए कि भन्ने भय उसमा रहिरहेको कुरालाई उपन्यासमा चित्रण गरिनुले उपन्यासकारको निजी जीवनको प्रतिच्छाया उपन्यासको 'म' पात्रमा परेको छ भन्ने कुरा स्पष्ट हुन्छ । यस्ता अनेक समस्या र अभावबाट ग्रस्त बनेको 'म' पात्रले ती समस्याबाट उन्मुक्त हुने कुनै सम्भावना उपन्यासमा देखिएको छैन । उपन्यासकारका निजी जीवनका अभावजन्य समस्याहरू एकपछि अर्को गर्दै थपिँदै गएका र त्यस्तै समस्या उपन्यासको 'म' पात्रले समेत भोगेको देखाई अभाव र अनिश्चितता अभिव्यक्त गरिएको छ ।

*एक शहरमा एक कोठा* उपन्यासमा प्रमुख 'म' पात्रले अभावयुक्त जीवन व्यतीत गरिरहेको र त्यस्तो जटिल समस्याको समाधान हुने कुराको कुनै निश्चितता नरहेको स्थितिको चित्रण गरिएको छ । राजपत्र अनङ्कित प्रथम श्रेणीको लेखा सहायक पदको जागिरका भरमा पत्नी गीतासहित 'म' पात्र सहरमा कोठा लिएर बस्नुपर्दा उसले आर्थिक जटिलताको सामना गर्नुपरेको छ । यस उपन्यासमा नेपाली समाज र जीवनका न्यून आय भएका कर्मचारीहरूको जीवनपद्धति र उनीहरू बाँच्नुको बाध्यतालाई सचेतताका साथ प्रस्तुत गरिएको छ (सुवेदी, २०५३/२०६४, पृ. ३७२) । सहरमा एउटै कोठालाई भान्सा, बैठक, सुत्ने सबै बनाउनुपर्दा पत्नी गीताले अर्को कोठा लिने अपेक्षा राखे पनि त्यसलाई सार्थक पार्न नसक्नु उसको आर्थिक जटिलता नै हो । सहरमा

एउटै कोठामा बस्नुपर्दा भोग्नुपरेका समस्यालाई 'म' पात्रकी पत्नी गीताको यस अभिव्यक्तिले स्पष्ट पारेको छ -"धेरै वेरपछि उसले मुख उघारी- मैले उहिल्यैदेखि भनेकी होइन, यस्तो कोठामा बस्न सकिन्न ? अर्काको लागि कोठा लिइन्न, तर आफै पनि मालसामान सँगसँगै मालसामान भएर कोठामा फ्याँकिएको रूपमा जीवन खर्च गर्दा कस्तो लाग्छ" (गौतम, २०४६, पृ. ७३-७४) ? कोठाको विषयका कारण 'म' पात्रमा पीडाको अनुभव भएको छ । थप कोठाको आवश्यकता परे पनि त्यसलाई पूर्ति गर्ने सामर्थ्य 'म' पात्रमा नरहेको र त्यस्तो समस्याको समाधानको निश्चिततासमेत नरहेकाले 'म' पात्रमा जीवनप्रतिको निस्सारताको भाव जागृत भएको हो । गर्भवती पत्नीका लागि आवश्यक औषधिको प्रबन्ध गर्न नसक्नु, सासू आउने भएपछि कोठाका विषयमा थप चिन्ता थपिनु, खाने कुरा किन्नका लागि दाइजोमा आएको पङ्खा बेच्न पर्नु जस्ता उपन्यासका घटनाका माध्यमबाट उसले अभावयुक्त जीवन व्यतीत गरिरहेको छ भन्ने कुरा स्पष्ट भएको छ। 'म' पात्रले भोग्नुपरेका यी समस्याको मूल कारण आर्थिक रहेको र त्यस समस्याको समाधानको सुनिश्चितता नरहेकाले उसमा निस्सारताको अनुभूति भएको हो ।

*एक शहरमा एक कोठा* उपन्यासमा 'म' पात्रले भोगेको अभावयुक्त जीवनमा समस्याको समाधान हुने कुनै अभिलक्षण देखिएको छैन । पत्नी गीताले जागिर खानका लागि गरेको इच्छा पनि उसको बढ्दै गएको शरीर र भन्नासाथ जागिर पाइने सम्भावनाको न्यूनताका कारण त्यस विषयले सार्थकता प्राप्त गर्न सकेको देखिएको छैन । यस्तो जटिलतामा बाँचेको 'म' पात्रलाई कर्णप्रसादसँगको निकटताका कारण अनावश्यक रूपमा जेलमा कैद र अस्पतालमा भर्ना गरिएकाले उसको जीवनमा आइपरेको अभावको शृङ्खलाको समाधान गर्ने विषय अरू अनिश्चित बनेको छ । पत्नीले जागिर खाने रुचि देखाएकी र घरपट्टीले जागिर लगाइदिने आवश्वासन दिएका छन् - "उसले अनकनाएर भनी- म...नोकरी गरूँ ? मैले अलि उत्साह नै देखाएर सोधें- पाइन्छ नोकरी ? माथिकाले खोजिदिन्छन् रे ? उसले भनी" (गौतम, २०४६, पृ. १४८) । सहरको एक कोठामा जीवननिर्वाह गर्न बाध्य गीताले पति अकारण जेल परेपछि आफ्नो आर्थिक जटिलतालाई राहत दिनका लागि जागिर गर्ने रुचि देखाएकी र घरपट्टीले समेत आश्वासन दिए पनि त्यसले सार्थकता प्राप्त गर्न सकेको छैन । 'म' पात्र स्वयम् बिनाकसुर जेलमा बन्दी बन्नुपरेको र अस्पतालमा बिरामी बनेर बस्नुपरेका कारण उसको जीवनमा अभावको शृङ्खला थप जटिल बन्दै गएको र त्यस समस्याबाट मुक्त हुने सम्भावनाको न्यूनता रहेको कुरालाई उपन्यासको यस उद्धरणले पुष्टि गरेको छ -"म पर्खिरहेको छु । कुन दिनलाई भने, जब अस्पताल यहाँ रहँदैन । केका लागि पर्खिरहेको छु भने, अस्पतालबाट यिनीहरू मलाई घर पठाउँछन् कि जेल" (गौतम, २०४६, पृ. १५१) ? विनाकसुर जेलमा बसेको 'म' पात्र त्यहाँबाट उम्किने सम्भावनाको कुनै निश्चितता रहेको छैन । यिनै जटिल परिवेशको सेरोफेरोमा बाँचेको 'म' पात्र र उसकी पत्नी गीताको जीवनमा

अभाव बढ्दै गएको छ । 'म' पात्रले भोग्नुपरेका अभावजन्य समस्याको समाधानको निश्चितता नरहेको जस्ता घटनाक्रमका माध्यमबाट यस उपन्यासमा अस्तित्ववादी निस्सारता अभिव्यक्त भएको छ ।

अभाव र अनिश्चितताको अभिव्यक्ति *सहस्राब्दीको अन्तिम प्रेमकथा* उपन्यासमा भएको छ । अस्तित्वका लागि स्वतन्त्र निर्णय गर्दै जीवनमा सक्रिय रहेका यस उपन्यासका प्रमुख चरित्रहरू विग्रह र समिधाले भोग्नुपरेको अभावजन्य समस्या र ती समस्याको समाधान हुने कुरा अनिश्चित बन्दै गएका कारण जीवनलाई नै निस्सार ठानेको कुरालाई आख्यानात्मक रूपमा प्रस्तुत गरिएको छ । यी प्रमुख पात्रले प्रेम, आर्थिक, पारिवारिक आदि समस्या भोग्नुपर्ने परिस्थिति यस उपन्यासमा सिर्जना गरिएको छ । अस्तित्वका लागि यी पात्रले गरेका प्रयत्नमा समस्या सिर्जना गर्ने खालको परिवेशका कारण नै यी पात्रमा जीवनप्रति निस्सारताको भाव जागृत भएको कुरालाई यस उपन्यासमा विषयबद्ध गरिएको छ ।

*सहस्राब्दीको अन्तिम प्रेमकथा* उपन्यासमा प्रमुख चरित्रहरू विग्रह र समिधाले गरेको प्रेमलाई जीवन्त राख्नाका लागि जागिर खान प्रारम्भ गरेपछि अभावयुक्त जीवन भोग्नुपर्दा तथा आर्थिक पक्षमा सुधार हुने कुरामा अनिश्चितता र अपेक्षित विवाह सार्थक बन्ने कुरा अनिश्चित बन्दा निस्सारताको बोध गरेको कुरालाई आख्यानात्मक रूपमा प्रस्तुत गरिएको छ । विग्रह र समिधा आर्थिक रूपमा सम्पन्न परिवारका सदस्यका रूपमा उपन्यासको आरम्भमा चित्रित भएका छन् । यिनीहरूले आर्थिक समस्या भोग्नुपर्ने प्रमुख कारण आफ्नै खुट्टामा उभिनका लागि गरेको निर्णय नै रहेको देखिन्छ । आफ्नै खुट्टामा उभिने भन्दै जागिरमा संलग्न हुँदा भोग्नुपरेका आर्थिक जटिलताका कारण यस उपन्यासमा प्रमुख भूमिकानिर्वाह गर्ने यी दुई चरित्रले अभावग्रस्त जीवन व्यतीत गरेका छन् । यी दुई चरित्रमध्ये अझ विग्रहले गृहत्याग गरी डेरामा बस्दा थप आर्थिक जटिलताको सामना गर्न बाध्य भएको कुरालाई उपन्यासमा विषयबद्ध गरिएको छ । उपन्यासमा प्रस्तुत यस साक्ष्यले विग्रहको अभावजन्य परिस्थितिलाई स्पष्ट पारेको छ :

> ऊ गएर भान्छामा हेर्न थाली । देखी, चामल त छ, तर एक छाकलाई मात्र पुग्ने छ । अनि त्यसलाई साथ दिन केवल २-४ आलु बाँकी छन् । समिधाले आएर भनी- आज तिमीलाई मात्र भुजा पकाइदिन्छु, म घरमै गएर खान्छु । किन ? - मैले खाइन भने, तिमीलाई भोलि बिहानको छाकसम्मलाई पुग्छ । (गौतम, २०५६, पृ. ९८)

माथिको उद्धरणले विग्रहको कोठाको बसाइ अभावयुक्त रहेको छ भन्ने कुरालाई स्पष्ट पारेको छ । विग्रह र समिधाका बिचको संवादात्मक यस उद्धरणले विग्रहको कमजोर आर्थिक अवस्थालाई बोध गराएको छ र त्यस अवस्थामा सुधार आउने कुनै सम्भावना देखिएको छैन । आफ्नै स्वतन्त्र निर्णयका कारण गृहत्याग, झिङटीको छाना भएको घरमा डेरा, पियनको जागिर,

ऋणको भारी आदि कारणले विग्रहको जीवन अभावग्रस्त बनेको हो । समिधाले विग्रहको भन्दा केही उच्च आम्दानी हुने आइएनजिओमा जागिर खाए पनि उसले आफ्नो सम्पन्नताको प्रदर्शन उपन्यासमा गरेकी छैन । विग्रहको डेरामा चामल सकिन लाग्दा आफूले नखाई विग्रहका लागि अर्को छाकका लागि भन्दै जोगाइदिने समिधाको प्रवृत्तिका आधारमा यी दुवै पात्र आर्थिक जटिलतामा बाँचिरहेका छन् भन्ने कुराको बोध भएको छ । यो अभावग्रस्त जीवन बाँच्नुपर्ने बाध्यता उनीहरूकै स्वतन्त्र निर्णयको परिणाम नै हो । प्रेमलाई सार्थक बनाउनका लागि यी दुई पात्रले अभावको सामना गरिरहे पनि घरमा बिहेको कुरा चल्नु, आफूहरूले गरेको प्रेमका बारेमा घरमा जानकारी गराउन नसक्नु जस्ता समस्याका कारण उनीहरूले अपेक्षा गरेको परिणाम झन् अनिश्चित बन्दै गएको छ । यस्तो अवस्थामा अझ बाहिर डेरा लिएर बसेको विग्रहको अवस्था आर्थिक कोणबाट निकै कमजोर बनेको देखिन्छ । विग्रह र समिधाको एउटै लक्ष्य आफ्नो प्रेमलाई विवाहमा परिणत गरेर सुन्दर र सार्थक जीवन बिताउने नै हो भन्ने कुरालाई समिधाको अभिव्यक्ति र विग्रहको अपेक्षाले स्पष्ट पारेका छन् । समिधाको अपेक्षा उनीहरूका बिचको प्रेम वैवाहिक सम्बन्धमा स्थापित होस् भन्ने नै हो । यसो भए पनि उनीहरूले रोजेको र हिँडेको बाटाबाट गन्तव्यमा पुगिने लक्षण भने देखिएको छैन । प्रेम गरेको लामो समय हुँदा पनि विग्रह डेरामै अभावग्रस्त जीवन व्यतीत गरिरहनु, दुवै आफ्नो प्रेमका बारेमा घरपरिवारलाई अवगत नगराउनु, दुवै पात्रको घरमा बिहेको कुरा चल्नु तथा त्यस टोलमा बसेर प्रेम गर्न नपाइने भन्ने विषय चर्को रूपमा उठ्नुले उनीहरूको स्वतन्त्र छनोटबाट स्थापित प्रेम विवाहमा परिणत हुने सम्भावना अनिश्चित बन्दै गएको स्पष्ट हुन्छ । उनीहरूले अभावयुक्त जीवन बिताउन परेका कारण र अपेक्षा गरेअनुरूपको परिणाम अनिश्चित बनेका कारण यी प्रमुख चरित्रले निस्सारताको बोध गरेका कुरालाई उपन्यासमा प्रस्तुत गरिएको छ ।

*भीमसेन-४ को खोजी* उपन्यासमा अभाव र अनिश्चिता केन्द्रीय विषयका रूपमा आएको छ । यस उपन्यासको 'म' पात्रले अभावजन्य समस्याको सामना गरेको र त्यस समस्याको समाधान हुने कुरा अनिश्चित बनेका कारण जीवनलाई नै निस्सार ठानेको कुरालाई विषयबद्ध गरिएको छ । सत्चरित्रका रूपमा चित्रित यस पात्रले भोग्नुपरेका अभावजन्य परिस्थितिका कारण परिवारबाट समेत उपेक्षित बन्नुपर्दा निस्सारताको अनुभव गरेको कुरालाई यस उपन्यासमा प्रस्तुत गरिएको छ । काठमाडौँको गरिबीबाट उन्मुक्तिका लागि अमेरिका हिँडेको 'म' पात्रसहितको कोलम्बस-समूह र एकचक्रावासी तर्कासुरको क्रूरतापूर्ण शासन व्यवस्थाको पीडा भोग्न बाध्य भएका छन् । यी पात्रले असल कर्मका माध्यमबाट आफ्नो अस्तित्व स्थापित गर्ने प्रयत्न गरिरहेका अवस्थामा अभाव र अनिश्चितताको सामना गर्नुपर्ने परिवेशका कारण जीवनप्रति निस्सारताको भाव जागृत भएको कुरालाई आख्यानात्मक रूपमा प्रस्तुत गरिएको छ ।

*भीमसेन-४ को खोजी* उपन्यासमा सूत्राधार र पात्रका रूपमा समेत चित्रित 'म' का माध्यमबाट अभाव र अनिश्चिततालाई गहन रूपमा अभिव्यक्त गरिएको छ । 'म' र अमर एकै बाबुआमाका सन्तान हुन् । मूर्ति र मानिसको बिक्री गरेर समृद्धि प्राप्त गरेको दाजु अमरका सामु 'म' पात्र भने आर्थिक जटिलताका कारण निरीह बनेको छ । नैतिकता, इमानदारी, मानवीयता, कर्म र सङ्घर्षप्रति विश्वास गरी ती कुरालाई पालना गर्ने 'म' पात्रले दाजुले गरेका कर्मप्रति घृणाभाव राख्दा त्यस परिवारमा आफू कमजोर सावित भएको हो । दाजु अमरले छोराछोरी विदेशमा पढाउने कुरा गरेको, परिवारलाई रक्सीमा मस्ती दिलाएको जस्ता घटना उसका आर्थिक सम्पन्नताका चिनारी रहेका छन् । 'म' पात्रकी पत्नी भने पतिको आर्थिक समस्याका कारण हीनताभावले कुण्ठित बनेकी छ । उसकी पत्नीमा रोग, शोक, भोक रहेको छ । घरका सन्तानलाई खुवाउनका लागि अन्न नभएकाले गोला हालेर एकपटकमा एकजनालाई मात्र त्यो पनि दालतरकारीविनाकै भात खुवाउनुपर्ने बाध्यतालाई 'म' पात्रले भोगिरहेको छ । उपन्यासमा 'म' पात्रले भोगेको पीडा देशकै पीडा हो । तस्करीमा रमाउने पात्रको जीवन रङ्गीन बनेको तर इमानदारीमा बाँचेका मानिसको जीवन कष्टकर बनेको यथार्थतालाई यस उपन्यासमा चित्रण गरिएको छ । यति समस्या भोगेर पनि बाँचिरहेको 'म' पात्रले देश भ्रष्ट नेताले खाएको तर्क दिएको छ । आफ्नो घरको आर्थिक कमजोरीको अवस्था देखेपछि 'म' पात्र र उसकी पत्नीले पीडाको अनुभव गरेको कुरालाई उपन्यासको यस उद्धरणले स्पष्ट पारेको छ :

> हे ईश्वर, यति विघ्न भोक लिएर कसरी बाँच्ने ? अलिकति भोक, भोक साटासाट गरिदिए पनि त हुन्थ्यो ! .... 'के सधैँ यसै गरी चल्ने ?' स्वास्नीले सोधी । 'आधा जीवन त चल्यो ।' मैले भनेँ । 'बाँकी आधा जीवन नि ?' 'नचलाएर बिताए हुन्न ?' स्वास्नी रुन थाली । म बाहिर निक्लेँ । जीवनबारे चिन्तन गर्न । (गौतम, २०६१, पृ. ७-९)

माथिको उद्धरणले 'म' पात्र र उसको परिवारले आर्थिक जटिलता भोगिरहेको सत्यतालाई अभिव्यक्त गरेको छ । त्यस जटिलताबाट मुक्त हुने कुराको कुनै निश्चितता छैन । देशमा देखिएको भ्रष्टाचार, बेरोजगारी, दण्डहीनता, बेथिति, अव्यवस्थाका कारण 'म' पात्र जस्ता मानिसले आर्थिक जटिलताको सामना गर्नुपरेको तथ्यलाई यस उपन्यासमा प्रस्तुत गरिएको छ । यस किसिमको जटिलताबाट 'म' पात्र र उसको परिवारले मुक्ति पाउने कुनै सम्भावना देखिएको छैन । एकातिर आफ्नो आर्थिक जटिलता रहेको छ भने अर्कातिर दाजु अमरका सामु आफू निरीह बन्नुपर्दा म पात्रमा जीवनप्रति नै निस्सारता भाव जागृत भएको देखिएको हो ।

### ३.२.३ कर्म र सङ्घर्ष

मानिसले आफ्नो जीवनमा अस्तित्वका लागि निरन्तर रूपमा कर्ममा सक्रिय रहेको हुन्छ भन्ने मान्यता कर्म र सङ्घर्ष हो । यस मान्यतालाई अस्तित्ववादी जीवन दर्शनमा महत्त्वका साथ चर्चा गरेको देखिन्छ । सार्त्रले अस्तित्ववादका बारेमा चर्चा गर्दा मानिसको कर्मशीलताका बारेमा पनि विमर्श गरेका छन् । उनले स्वनिर्मितिका लागि मानिस कर्मशील बन्नुपर्छ भन्ने धारणा प्रस्तुत गरेका छन् । उनले कल्पना, ईश्वरको प्रार्थना, भाग्य वा नियतिबाट मानिसको जीवनमा परिवर्तन आउँदैन, त्यसका लागि कर्म नै गर्नुपर्छ भनेका छन् । उनले उत्तरदायित्वका कारण मानिसमा चिन्ता हुने भए पनि अस्तित्वका लागि ऊ कर्मशील हुनुपर्छ भनेका छन् । स्वतन्त्रताका कारण मानिसमा उत्पन्न पीडालाई प्रकट नगर्नु आत्मवञ्चना हो । हाइडेगरको अप्रामाणिक अस्तित्व र सार्त्रको आत्मवञ्चनामा मेल देखिन्छ (Flynn, 2006, p. 65) । मानिसले समस्यामा पनि सामान्य अवस्थामै रहेको भाव व्यक्त गर्नु आत्मवञ्चना हो । मानिसले प्रामाणिक अस्तित्वका लागि आत्मवञ्चनालाई त्याग्दै कर्ममा सक्रिय हुनुपर्छ । सार्त्रले अर्को मानिसको उपस्थितिले मानिसमा पीडा हुने बताएका छन् । अन्यको उपस्थिति नर्क हो (Sartre, 1989, p. 45) । उनले अरूको उपस्थितिले पीडा भए पनि अस्तित्वका लागि सङ्घर्ष आवश्यक हुन्छ । एक मानिसले अर्को मानिसलाई वस्तुका रूपमा लिन्छ (खेतान, सन् १९८५/१९८७, पृ. ७१) । अन्यको उपस्थितिले मानिसले गर्ने कर्ममा समस्या सिर्जना हुने भएकाले मानिसका बिचमा सङ्घर्ष रहिरहन्छ । अन्य मानिसका साथै मृत्युले समेत मानिसलाई समस्या, पीडा र चिन्ता सिर्जना गरेको हुन्छ । मानिसको छनोटमा नरहेको मृत्युलाई भोग्न ऊ बाध्य रहेको छ (Olson, 1962, p. 216) । यही मृत्युले छोटो बनाएको जीवनलाई सार्थक बनाउनका लागि मानिस स्वतन्त्र निर्णय गर्दै जीवनमा कर्मप्रति सक्रिय रहेको हुन्छ । मानिसको यही सक्रियतालाई नै अस्तित्ववादी दर्शनमा कर्म र सङ्घर्षका रूपमा चर्चा गरिएको छ ।

मानिसले अस्तित्वका लागि कर्म र सङ्घर्ष गरिरहेका अवस्थामा भोग्नुपरेका असफलताका कारणले पनि उसमा जीवनप्रति निस्सारताको भाव जागृत भएको हुन्छ । प्रामाणिक अस्तित्वका लागि मानिसले अनवरत रूपमा देखाएको सक्रियता नै कर्म र सङ्घर्ष हो । हाइडेगरले यस धर्तीमा फ्याँकिएको मानिसले प्रामाणिक अस्तित्वका लागि कर्म र सङ्घर्ष गर्छ भनेका छन् (सक्सेना र मिश्र, सन् १९८८, पृ. १७३) । जीवन र जगत्को कुनै अर्थ नभएको र मृत्युले छोटो पारेको मानव जीवनमा उसले भोग्नुपरेका समस्याका कारण उसमा निस्सारताको बोध भए पनि त्यसमा नै कुण्ठित भएर नबसी अस्तित्वका लागि आफूलाई कर्म र सङ्घर्षमा सक्रिय गराउनुपर्छ । सार्त्रले मान्छे आफ्नै कर्म र कर्मप्रतिको प्रतिबद्धताले बन्दै जान्छ भन्ने धारणा प्रस्तुत गरेका छन् (पाण्डे, २०६२, पृ. ७८) । मानिस अस्तित्वप्रति सचेत प्राणी भएकाले आफूलाई बनाउनका लागि स्वयम्

निर्णय गर्दै जीवनमा सक्रिय रहेको हुन्छ । यस्तो अवस्थामा उसले अपेक्षा गरेभन्दा भिन्न अनपेक्षित परिणामको सामना गर्नुपर्दा उसमा जीवनप्रति निस्सारताको भाव जागृत हुने गर्दछ । आफूलाई बनाउनका लागि कर्ममा प्रवृत्त रहेका अवस्थामा भोग्नुपरेका असफलता नै मानिसलाई जीवनप्रति निस्सारताको अनुभूति गराउने कारकका रूपमा रहेको हुन्छ । यसो भए पनि उसले आफूलाई बनाउने प्रक्रियाबाट पछाडि फर्कंदैन, आफूलाई बनाउनका लागि कर्म र सङ्घर्षमा सक्रिय रहेको हुन्छ भन्ने मान्यतालाई अस्तित्ववादले आत्मसात् गरेको छ । उपन्यासका पात्रले अस्तित्वका लागि प्रयत्न गरिरहेका अवस्थामा असफलताको सामना गर्न परे पनि जीवनप्रति आशावादी रहँदै कर्म र सङ्घर्षमा सक्रिय रहेको परिवेशको संयोजन गरी कर्म र सङ्घर्ष अभिव्यक्त गरिएको हुन्छ ।

ध्रुवचन्द्र गौतमको *डापी* उपन्यासमा कर्म र सङ्घर्षलाई प्रमुख विषय बनाइएको छ । यस उपन्यासका अस्तित्वशील पात्रले अस्तित्वका लागि सङ्घर्ष गरिरहँदा पनि 'कखग' पात्रबाट सिर्जित समस्याका कारण उनीहरूमा निस्सारताको अनुभूति भएको हो । यस्तो अवस्था देखिए पनि उनीहरू त्यसैमा कुण्ठित नभई आफ्नो अस्तित्वका लागि निरन्तर रूपमा सक्रिय रहेका छन् । 'कखग'ले आफ्नो स्वार्थसिद्धिका लागि त्यस टोलका मानिसलाई नै उपयोग गर्दै आफ्नो प्रभुत्व कायम गरिरहेका अवस्थामा त्यस प्रवृत्तिबाट आफ्नो स्वत्व गुमेको अनुभव टोलवासीले गर्नु अस्तित्वप्रति सचेत हुनु हो । यसै सचेतताका कारण 'कखग' पात्रका क्रूरतापूर्ण व्यवहारका विरुद्ध त्यहाँका मानिसले आफ्नो अस्तित्वका लागि सङ्घर्ष गरेको कुरालाई अभिव्यक्त गरिएको छ । यस उपन्यासमा आफ्नो स्वत्व स्थापनाका लागि उपन्यासको प्रमुख चरित्र विक्रम र डापीवासीले अनवरत रूपमा कर्म र सङ्घर्षमा क्रियाशील रहेको कुरा प्रस्तुत गरी अस्तित्ववादी दृष्टि अभिव्यक्त गरिएको छ ।

जीवनमा आइपर्ने विपत्तिसँग पराजयको अनुभव गर्दै आत्मसमर्पण गर्ने मान्यताबाट विमुख भई त्यस विपत्तिको सामना गर्दै सङ्घर्ष गर्न मानिसलाई प्रेरित गर्ने काम *डापी* उपन्यासमा प्रमुख पात्र विक्रमको जीवन भोगाइ, सङ्घर्ष, पीडा एवम् कर्मशील प्रवृत्तिका माध्यमबाट व्यक्त गरिएको छ । प्रेममा असफल भएमा आत्महत्या गर्छु भन्ने प्रेमीप्रेमिकाका कथनका विरुद्धमा प्रमुख पात्र विक्रम उपन्यासको आरम्भदेखि नै रहेको छ । विक्रम जीवनप्रति प्रवृत्त छ भन्ने कुरालाई उपन्यासको यस अंशले स्पष्ट पारको छ -"११.४५ मा भनुँला, तिमीबिना म बाँच्न सक्तिनँ, २.१० मा भनुँला, तिमीले कहिल्यै मलाई विश्वासघात गऱ्यौ भने म आत्महत्या गर्छु (यस्तो मेरो कुनै विचारचाहिँ छैन) ४.१० मा म भनुँला, आह तिम्रो साथ कति सुखद छ" (गौतम, २०३३/२०६४, पृ. २) । उपन्यासको प्रारम्भमा 'म' पात्रका रूपमा उपस्थित भई आफ्ना अनुभव प्रकट गरिरहेको विक्रमको जीवनप्रतिको सकारात्मक धारणाले ऊ जीवनमा कर्म र सङ्घर्ष गर्नुपर्छ भन्ने

मान्यतामा प्रतिबद्ध रहेको कुरा उसकै यस अभिव्यक्तिले स्पष्ट पारेको छ । उससँग सम्बद्ध उपन्यासमा विकसित घटनाक्रमलाई दृष्टिगत गर्दा यस पात्रले जीवनमा जटिल परिस्थितिको सामना गरेको, अपेक्षित उपलब्धि हुन नसकेका जस्ता प्रशस्त समस्या भोगे पनि जीवनबाट विचलित भएको छैन अनि कर्म र सङ्घर्षलाई महत्त्व दिएर अस्तित्ववादी जीवनदृष्टिलाई नै सफलीभूत बनाएको छ । विक्रमको जीवनमा आइपरेका समस्याको सामना गर्दै आफ्नो अस्तित्वका लागि कर्मप्रति देखाएको सक्रियताले जीवनको अस्तित्वशीलता, कर्मशीलता र सङ्घर्षशीलतालाई घनीभूत रूपमा महत्त्व दिएको स्पष्ट हुन्छ ।

जीवनमा आइपरेका दुःखद परिस्थितिलाई भोग्दै *डापी* उपन्यासको पात्र विक्रमले आफ्नो अस्तित्वका लागि सङ्घर्षमा प्रेरित भइरहेको छ। जीवनमा विशेष रूपमा आइपर्ने विसङ्गत परिस्थितिका कारण मानिसमा उत्पन्न हुने नैराश्यभाव तथा त्यसबाट सिर्जित जीवनप्रतिको निस्सारताका अवस्थामा पनि मानिसमा अस्तित्वप्रतिको सचेतता जागृत भएको हुन्छ। त्यही जागृतिले नै मानिसलाई कर्म र सङ्घर्षमा सक्रिय गराएको हुन्छ। *डापी* उपन्यासमा जीवनमा आइपर्ने यस्तै विसङ्गत पक्षहरू आएका छन्। ध्रुवचन्द्र गौतमले *डापी* उपन्यासमा मानिसलाई कर्मरत रहन प्रेरित गरी अस्तित्ववादी दृष्टिलाई अभिव्यक्त गरेका छन् (प्रधान, २०३७/२०५२, पृ. १९२)। मूलतः उपन्यासको प्रमुख पात्र विक्रमले घरपरिवारको सम्पन्न, हिम्मतिलो र बलशाली भाइ हरिबाट आर्थिक पक्षमा सहयोग र 'कखग' पात्रका विरुद्ध गरिने सङ्घर्षमा सहयोग प्रदान गर्ला भन्ने अपेक्षा गरेका अवस्थामा त्यसो नगरी उल्टो बाआमा, बहिनीहरूसमेत भिडाएर पठाएको छ। यसै गरी पुर्ख्यौली सम्पत्ति प्राप्त गरेर आफ्नो कमजोर आर्थिक अवस्थामा सहयोग पुग्ला भनेका अवस्थामा उल्टो बाबुको उपचारमा धेरै खर्च भएको भनी उम्किएको र उसले कमाएको सम्पत्ति आफ्नो कमाइ भनी नदिएका अवस्थामा विक्रममा निस्सारताको बोध त भएकै छ। यसका साथै कुनै अपरिचित व्यक्तिले बदला लिने धम्की दिइरहेको, कुनै व्यक्तिले बीनूसँग प्रेम नगर भन्ने धम्कीपूर्ण पत्र प्रेषित गरेको, 'कखग' पात्रले भय सिर्जना गरिरहेका जस्ता घटना उपन्यासमा आएका छन्। विक्रमले जे सोच्छ, जे गर्छ परिस्थिति ठिक विपरीत बनिदिन्छ। यस्तो परिस्थितिका कारण उसको जीवनमा सङ्गतिभन्दा विसङ्गतिको पक्ष सबल बनेको छ। यही विसङ्गतिको बोध गरेर ऊ जीवनबाट पलायन हुने सोचमा रहेका भए वा त्यस मार्गमा लागेका भए उपन्यासले पूर्ण रूपमा विसङ्गतिको मोड लिने थियो। विक्रमको जीवनमा आइपरेका यस्ता बिब्ल्याँटा परिस्थितिमा पनि ऊ कर्मबाट विचलित भएको छैन भन्ने सत्यतालाई उपन्यासको यस उद्धरणले स्पष्ट पारेको छ :

> अब हामीसित सुखी हुन पनि, दुःखी हुन पनि यस्तै घटनाहरूको खात छ, जीवनमा यस्तै घटनाहरूको खात-ग्रन्थ छ, पढ्दै गयो, ... ओठ र आँखामा केही खोज्नुको

भाव, जिन्दगीमा केही खोज्नुको भाव- केही पाउनु अलिपर मात्र रहेको, केही अर्थ हात लम्काउन मात्र बाँकी रहेको सुख रहिरहन्छ ... अनि त्यो त्रास ? त्यसले के त ? त्योसहित बाँच्न सकिन्छ, कुन ठूलो कुरा हो र" ? (गौतम, २०३३/२०६४, पृ. ७७)

विक्रमद्वारा अभिव्यक्त यस उद्धरणमा जीवनको कर्मशीलता र सङ्घर्षशीलतालाई महत्त्व दिएको स्पष्ट हुन्छ । जीवनमा उसले भोगेका अन्याय, अभाव, असुरक्षा, असफलताका कारण उसमा निस्सारता र निरर्थकताको बोध भए पनि त्यसैमा कुण्ठित भएको छैन बरु त्यसै समस्याका बिचबाट अस्तित्वका लागि कर्म र सङ्घर्ष गरिरहने सोच बनाउँदै क्रियाशील रहेको छ । जीवनको जस्तोसुकै दुःखद परिस्थितिमा पनि मानिस आफ्नो अस्तित्वका लागि कर्म र सङ्घर्षमा लागिरहनु उसको अस्तित्व प्राप्तिको सचेत प्रयास हो जुन कुरालाई विक्रमको कर्मशीलताले पुष्टि गरेको छ ।

अनेक समस्या, अभाव र अपमान भोल्दै अस्तित्वका लागि सङ्घर्ष गरिरहेको *डापी* उपन्यासको प्रमुख पात्र विक्रमले आफूमाथि चारैतिरबाट आक्रमण भएको अनुभव गर्दा निस्सारताको बोध गरे पनि कर्मबाट भने विचलित भएको छैन । उसमाथि एकातिर 'कखग'को निगरानी र अर्कातिर पारिवारिक सङ्कट पनि उत्तिकै बलशाली बनेको छ । खल्तीमा पैसा नभएर अनेक बहाना पार्दै हिँड्नु उसको विवशता बनेको छ । अफिसमा काम गरिरहेका बेला 'ख' पात्रले तुरुन्त आउनु भनी फोन गरेपछि बिदा माग्दा हाकिमको हाँसो देखेपछि विक्रमले बाल्यकालको हाँसिरहेको मूर्तिलाई लात मारेको प्रसङ्गसमेत स्मरण गरेको छ । जीवनमा समस्या आइपरे पनि भाग्नु हुन्न भन्ने कुराप्रति विक्रम सचेत रहेको कुरालाई उपन्यासको यस उद्धरणले स्पष्ट पारेको छ :

> बाँच्नु यही हो, यस्तै हो । जिन्दगीको लात खाँदै जाऊ र हाँस्दै जाऊ .... धेरै कोरकारहरू छन् मेरो चारैतिर । त्यसै गरी पेट-चर्के च्यातिएको छ । हाँस्नु जारी छ । यही जिन्दगी हो र यही मेरो जिन्दगीले मलाई त्यसै गरी खाँद्दै छ भकुन्ड्याउँदै छ । यही सायद भनिने गरेको सङ्घर्ष हो (गौतम, २०३३/२०६४, पृ. ९३) ।

विक्रमद्वारा प्रस्तुत माथिको उद्धरणले जीवनको सङ्घर्षशीलतालाई बोध गराएको छ । आफू बन्ने प्रयत्न गर्दा परिस्थिति विपरीत भइदिन्छ, सफलताले सार्थकता प्राप्त गर्न सक्दैन । यस्तो अवस्थामा मानिसमा निराशा, कुण्ठा र जीवनप्रति नै वितृष्णाभाव जागृत हुन्छ । यस उपन्यासको प्रमुख चरित्र विक्रमले आफ्नो जीवनमा अनेक प्रकारका विसङ्गत पक्षलाई भोगे पनि त्यसबाट विचलित नभई अस्तित्व प्राप्तिको प्रमुख आधार कर्म र सङ्घर्षमा सक्रिय रहेर अस्तित्ववादी चिन्तनलाई नै अभिव्यक्त गरेको छ ।

*डापी* उपन्यासमा प्रमुख पात्र विक्रमका इच्छाविपरीतका घटित घटनासन्दर्भले उसमा निस्सारताको बोध भए पनि ऊ कर्मबाट विमुख भएको देखिँदैन । ऊ जे चाहँदैन उपन्यासमा त्यही

कुरा घटित भएको छ। एकातिर आर्थिक र पारिवारिक पक्षबाट उसको सोचविपरीतको परिस्थितिको सामना गर्नुपरेको छ भने अर्कातिर डापीटोलमा 'कखग' पात्रबाट सिर्जित आतङ्कको व्यापकताले ऊ चिन्तित बन्न पुगेको छ। 'कखग'को सर्वसत्तावादी चरित्र, चन्दा आतङ्क, क्रूर व्यवहार एवम् भयग्रस्त वातावरणका कारणबाट उत्पन्न असहज परिस्थितिका कारण उसमा चिन्ता उत्पन्न भएको हो। समाजमा पठित रविप्रसाद जस्ता पात्र पनि 'कखग' पात्रकै मतियार बनेर अन्यायलाई बल प्रदान गरेका अवस्थामा तिनका विरुद्ध लड्ने सामर्थ्य नभएको सोच उसमा पलाएको छ। जीवनमा व्यवधान सिर्जना भए पनि सङ्घर्षबाट विचलित हुन नहुने कुरालाई उपन्यासमा प्रस्तुत यस अंशले स्पष्ट पारेको छ :

> तर खै... डापी टोलमा बाँच्नु पनि के हो के हो। न अर्थ हो, न अर्थहीन हो- केवल हाँसो उठ्दो हो। कमिक हो, सुखान्त हो र हामीले पेट मिचीमिची हाँस्दै घर फर्किनु छ। तर हामी अहिले जति हारे पनि हार मानेका छैनौँ। जुधिरहेका छौँ भित्रभित्रै। (गौतम, २०३३/२०६४, पृ. १२९)

विक्रमद्वारा अभिव्यक्त माथिको उद्धरणले अन्यायका विरुद्ध लड्नुपर्छ भन्ने जीवनवादी सन्देश सञ्चार गरेको छ। विक्रमले अन्यायलाई सहनु अस्तित्वलाई गुमाउनु हो भन्ने कुराप्रति सचेत बन्दै ऊ कर्म र सङ्घर्षप्रति सक्रिय बनेको कुराले अस्तित्ववादी जीवनदृष्टिलाई बोध गराएको छ। अनपेक्षित घटनाका कारण विक्रममा जीवनप्रति निस्सारताको बोध भए पनि अस्तित्वका लागि सचेत रहँदै कर्ममा देखाएको सक्रियताले अस्तित्ववादी जीवनदृष्टिलाई नै सफल बनाएको देखिन्छ।

जीवनमा व्याप्त अभाव, अनिश्चितता, विसङ्गति जस्ता पक्षबाट आक्रान्त मानिस त्यसैका कारण कुण्ठित नभई जीवनप्रति सकारात्मक बनी सङ्घर्ष गर्नु नै अस्तित्व स्थापित गर्ने आधार हो भन्ने कुरा *डापी* उपन्यासमा विक्रमले प्रस्तुत गरेको विचारले स्पष्ट पारेको छ। 'कखग' पात्रबाट घटाइएका चन्दा आतङ्क, कुटपिट, बलात्कार, भय, असुरक्षा, महिलामाथि दुर्व्यवहार जस्ता पक्षबाट पीडित डापीटोलवासीले जीवनलाई निस्सार, व्यर्थ, असङ्गत ठानेका छन्। जीवनमा समस्याहरू आइपरे पनि सङ्घर्षबाट विचलित हुन हुँदैन भन्ने अस्तित्वादी दृष्टिको मान्यतालाई उपन्यासको यस उद्धरणले स्पष्ट पारेको छ :

> जीवन केही हो लाग्छ, तर त्यो धेरै व्यर्थ कुराहरूले बेरिएको छ डापीमा। .... जीवन यस्तै सङ्घर्षको नाउँ हो, ....साँच्ची बाँच्नु केही छैन ? हैन भने किन त, सकुन्जेल बाँचिन्छ ? केही अर्थ र उद्देश्य र परिणामहरू खोजिन्छ, खोजिन्छ भने भेटिन्छ, भेटिन्छ भने, त्यो फूल, त्यो नफुलेको फूललाई टिपिन्छ, टिपिन्छ भने, त्यसको

मगमग वासनाले ओहो, बाँच्नु कति रमाइलो र सुगन्धित बनेको भेटिन्छ- भेटिन्छ ? (गौतम, २०३३/२०६४, पृ. १४२)

विक्रमद्वारा प्रस्तुत उपन्यासको यस उद्धरणमा जीवनवादी विचार अभिव्यक्त भएको छ । जीवनमा अनेक समस्याको सामना मानिसले गर्नुपर्दा उसमा निराशाको अनुभूति हुने भए पनि अस्तित्वका लागि कर्मबाट ऊ विचलित हुन नहुने अस्तित्ववादी जीवनदृष्टिको मान्यतालाई *डापी* उपन्यासमा विक्रमलगायत डापीवासीका क्रियाव्यापारले पुष्टि गरेका छन् । डापीटोलमा व्याप्त अव्यवस्थाका कारण विक्रमलगायत त्यहाँका मानिस आक्रान्त बनेका छन् । त्यस्तो अवस्थाका कारण समस्यामा परेका डापीवासीलाई अस्तित्वप्रति सचेत गराउने कुरामा विक्रमको भूमिका नेतृत्वदायी रहेको छ । अस्तित्व प्राप्तिका लागि बाँच्नु र सङ्घर्ष गर्नु नै जीवन हो भन्ने कुराको बोध विक्रममा भएको छ । विक्रम आफ्नो जीवनमा अभावका कारण समस्यामा परे पनि बाँचुन्जेल अस्तित्वका लागि सङ्घर्ष गर्ने भन्ने उसको अभिव्यक्तिमा अस्तित्ववादी जीवनदृष्टि अभिव्यञ्जित भएको छ ।

आर्थिक, पारिवारिक र सामाजिक समस्याले सिर्जना गरेको भयका कारण मानिसको मनमा पीडा र निराशाको भावले जन्म लिन पुग्छ भन्ने कुरालाई *डापी* उपन्यासमा प्रस्तुत गर्दै यस्तो अनुभूतिका क्षणमा पनि पात्रमा जीवनप्रति आशाको सञ्चार भइरहेको अभिव्यक्ति दिएर अस्तित्ववादी दृष्टिलाई अभिव्यक्त गरिएको छ । मानवजीवनमा अनिवार्य रूपमा आइरहने निस्सारता र निरर्थकतालाई नै महत्त्व दिएर जीवनलाई निष्क्रियतातर्फ डोऱ्याउने प्रवृत्ति उपयुक्त होइन बरु त्यसका विरुद्ध अस्तित्वका लागि मानिस आफैँ प्रयत्नशील रहनुपर्छ भन्ने मान्यता *डापी* उपन्यासमा व्यक्त भएको छ (प्रधान, २०३७/२०५२, पृ. १९२) । यस उपन्यासको प्रमुख पात्र विक्रमले पैतृक सम्पत्तिबाट वञ्चित भएको, भाइ सम्पन्न भएर पनि कुनै सहयोग नगरेको, पत्नी बीनूको घरजग्गा जोड्ने रहर, पत्नीको 'ग' पात्रसँगको निकटता, बाआमाको जिम्मेवारी बहन, बहिनीहरूको शिक्षा र बिहे गरिदिनुपर्ने दायित्व तथा डापीटोलमा 'कखग' पात्रको क्रूरतापूर्ण व्यवहारलाई सहनुपर्ने परिस्थितिलाई भोगेको छ । विक्रम सारा समस्याहरूबाट पीडित भए पनि अस्तित्वका लागि सक्रिय रहेको वास्तविकतालाई उसकै अभिव्यक्तिले स्पष्ट पारेको छ :

> साँच्ची भनूँ भने, म अब थाकेको छु भाइ, साफसित । ओहो, म ? यी तीन र तेरदिने दाजुभाइ, प्राण दिने साथी-सङ्गत, नाता कुटुम्ब, पुत्र-कलत्र, पत्न्यादिले घेरिएर झन् निर्धो र असहाय पो हुन पुगेँ- बाँकी थियो भने, मेरो स्वप्न ... जसमा वा जसलाई म सधैँ खोजिरहेको हुन्छु । (गौतम, २०३३/२०६४, पृ. १७५)

माथिको उद्धरणमा विक्रमले जिम्मेवारी वहन गर्नुपरेको तर कतैबाट पनि सहयोग नपाउँदा पीडाको अनुभव गरे पनि आफ्नो लक्ष्य प्राप्तिका लागि सङ्घर्षरत रहेको छ भन्ने कुरालाई

बोध गराएको छ । विक्रमले समस्याका कारण जीवनप्रति निस्सारताबोध गरे पनि ऊ आफ्नो अस्तित्व सुरक्षित गर्ने यात्राबाट विचलित भएको छैन । विक्रमको खोजी अस्तित्वको हो । जीवनमा अनेक समस्याका कारण विक्रमले पीडा र निराशाको अनुभव गरे पनि त्यसबाट विचलित नभई जीवनप्रति आशावादी रहँदै अस्तित्वका लागि उसले कर्म र सङ्घर्षलाई निरन्तरता दिने विचार व्यक्त गरेर अस्तित्ववादी दृष्टि अभिव्यक्त गरेको छ ।

*डापी* उपन्यासका विक्रमलगायतका पात्रको सक्रियता र विद्रोहका माध्यमबाट कर्म र सङ्घर्ष नै अस्तित्वप्राप्तिको प्रमुख आधार हो भन्ने कुरालाई प्रमाणित गरेको छ । मानिस अस्तित्वका लागि निरन्तर सङ्घर्ष गरिरहेका अवस्थामा आइपर्ने अनेक सङ्कट र आफ्नो योजनाविपरीतका परिस्थितिका कारण निराशा, निस्सारता र निरर्थकताको बोध गर्न पुगे पनि त्यसबाट विचलित नभई आफ्नो अस्तित्वप्रतिको यात्रामा आफूलाई सक्रिय बनाइरहन्छ भन्ने मान्यतालाई यस उपन्यासमा 'कखग' पात्रका विरोधी चरित्रका माध्यमबाट सफल रूपमा प्रस्तुत गरिएको छ । डापीटोलमा 'कखग' पात्रले आफ्नो प्रभुत्व स्थापना गर्दै भयको वातावरण सिर्जना गरिरहेका अवस्थामा तिनीहरूको क्रूरताबाट उन्मुक्तिका लागि टोलवासीले सचेत रूपमा सङ्घर्ष गरिरहेका छन् । पर्खालको निर्माण, चौताराको विनाश, ज्यापुमाथि कुटपिट जस्ता विषयलाई लिएर 'कखग' पात्रप्रति टोलवासीले विरोध गरिरहेका छन् । नगरकोटी, पत्रकार र दलबहादुर जस्ता पात्रले 'कखग' पात्रप्रतिको विद्रोहको अभियानमा धोका दिएका अवस्थामा टोलवासीले निस्सारताको बोध गरे पनि तिनका विरुद्धको विद्रोहको चेतना उनीहरूमा रहेकै छ । 'कखग' पात्रका विरुद्धका अभियानले विफलता प्राप्त गरे पनि त्यस्ता परिस्थितिबाट पीडित बनेर आफ्नो अभियानलाई कमजोर पार्ने मनस्थिति डापीवासीमा रहेको देखिँदैन । जीवनमा पराजित हुनु एउटा पक्ष हो अनि सङ्घर्ष नगरी बस्नु अर्को पक्ष हो । डापी उपन्यासका पात्रले स्वतन्त्रता प्राप्तिका लागि सङ्घर्ष गरिरहेका छन् (प्रधान, २०३७/२०५२, पृ. १९३) । डापीवासीले आफ्नो अस्तित्व प्राप्तिका लागि 'कखग' पात्रका विरुद्ध विद्रोही भाव प्रदर्शन गरी मनोवैज्ञानिक रूपमा उनीहरूलाई कमजोर सिद्ध गर्नाका लागि उनीहरूलाई सहभागी नगराई पिकनिकको आयोजना गर्नुले यस कुराको पुष्टि गरेको छ । विक्रमले आफ्नो बाल्यकालको विद्रोही स्वभावको साथी प्रेम र पहलमान भीमबहादुरको खोजी गर्नु जस्ता उपन्यासका सन्दर्भका आधारमा आफ्नो अस्तित्वका लागि डापीवासीले सङ्घर्षलाई निरन्तरता दिएका छन् भन्ने पुष्टि हुन्छ । कर्ममा सक्रिय रहँदा प्राप्त हुने विफलताले निराशा र निस्सारताको भाव सिर्जना गरे पनि त्यसैमा कुण्ठित नभई त्यहाँबाट माथि उठेर आफ्नो अस्तित्व प्राप्तिका लागि निरन्तर सङ्घर्षमा लागिरहनुपर्छ भन्ने अस्तित्ववादी मान्यतालाई टोलवासीले 'कखग' पात्रप्रति गरेको विद्रोहको अभियानले सिद्ध गरेको छ ।

*डापी* उपन्यासमा डापीवासीले आफ्नो जीवनमा आइपरेका अभाव, असुरक्षा, भय, आतङ्क र पीडाका कारण निस्सारता र निरर्थकताको बोध गरे पनि त्यसबाट विचलित नभई आफ्नो अस्तित्व प्राप्तिको यात्रामा निरन्तर कर्म र सङ्घर्ष गरिरहनुले अस्तित्ववादी कर्मशीलतालाई बोध गराएको देखिन्छ । मानिसलाई कर्मरत रहन प्रेरित गरिएकाले *डापी* उपन्यासमा अस्तित्ववादी दृष्टि अभिव्यक्त भएको छ (प्रधान, २०३७/२०५२, पृ. १९२) । उपन्यासको आरम्भदेखि नै 'कखग' पात्रले डापीटोलमा प्रभाव कायम गरी त्यहाँका मानिसमा भय, आतङ्क, क्रूरता र असुरक्षाको वातावरण सिर्जना गरेका अवस्थामा तिनका विरुद्ध डापीवासी सङ्घर्षमा निरन्तर लागिरहेका छन् । 'कखग'को सान, मान र सुरक्षाको प्रतीक बनेको पर्खाल दिनहुँ भत्कनुले मनोवैज्ञानिक रूपमा प्रथम पटक आफूलाई कमजोर ठान्न थाल्नुमा डापीवासीको सङ्घर्षको निरन्तरताको परिणाम हो । यसैको प्रभावस्वरूप 'कखग' पात्रले टोल छाड्नुले टोलवासीले आफ्नो अस्तित्वका लागि गरेको सङ्घर्षले सार्थकता प्राप्त गरेको हो । 'कखग' पात्रले टोलवासीलाई समस्या त पारेकै थिए, त्यसमा पनि 'ग' पात्रको बीनूसँगको निकटताले विक्रम थप समस्यामा परेको थियो । यस्तो अवस्थामा उनीहरूले टोल छाडेकामा विक्रमले बढी आनन्दको अनुभव गरे पनि उनीहरूले दिएको पुनरागमनको अभिव्यक्तिले 'कखग' पात्रको पराजित मानसिकतालाई थोरै भए पनि ढाक्ने प्रयास गरेको छ । यसो भए पनि टोलवासीमा 'कखग' पात्रका विरुद्धको प्रतिरोधी चेतना शिथिल भएको छैन । विक्रमलगायत डापीवासी अस्तित्वका लागि सङ्घर्ष गर्न प्रतिबद्ध छन् भन्ने कुरालाई उपन्यासको यस अंशले स्पष्ट पारेको छ :

> कि यो डापी छाड्ने हुती नभएर हो ? हैन, हुती छ, तर छाड्दिनँ- म मनलाई शान्त पार्छु । 'कखग' फेरि आऊलान् - आऊन् । अब यदि भिड्नुबाहेक उपाय छैन भने, आफूलाई पनि धारिलो त तुल्याउनै पर्‍यो । भिड्ने भनेपछि भिड्ने । धार भनेको ता भित्रैदेखि लाग्नपर्ने कुरा रहेछ । (गौतम, २०३३/२०६४, पृ. २८९-२९०)

माथिको उद्धरणमा डापीवासी 'कखग' पात्रका विरुद्ध लागिरहने भन्ने भनाइले अस्तित्ववादी सङ्घर्षशीलतालाई बोध गराएको छ । सङ्घर्ष नै अस्तित्व सुरक्षित गर्ने प्रमुख आधार हो भन्ने आशयको यस अभिव्यक्तिमा टोलवासी आफ्नो अस्तित्वका लागि सङ्घर्ष गर्न तत्पर रहेका छन् भन्ने कुरा स्पष्ट हुन्छ। पलायन र सम्झौताबाट अस्तित्व कायम गर्न सकिँदैन । आफ्नो अस्तित्वमा बाधा खडा गर्ने तत्त्वका विरुद्ध निरन्तर प्रतिवादमा उत्रनु नै अस्तित्व प्राप्तिको सर्वोत्तम आधार हो भन्ने कुराको बोध टोलवासीलाई रहेकाले उनीहरू यसैतर्फ प्रवृत्त भएका छन् । उनीहरूको कर्म र सङ्घर्षले विश्राम नलिएकाले यस उपन्यासमा अस्तित्ववादी जीवनदृष्टि गहन रूपमा अभिव्यक्त भएको हो । जीवनमा आइपर्ने विसङ्गत परिस्थिति, अभाव, अनिश्चितता, असुरक्षा, भय जस्ता कारणबाट मानिसमा निराशा, निस्सारता र निरर्थकताको बोध भए पनि

तिनबाट विचलित नभई आफ्नो अस्तित्वका लागि निरन्तर कर्म र सङ्घर्षमा लागिरहनुपर्छ भन्ने अस्तित्ववादी चिन्तनको मूलभूत मान्यतालाई मूलतः नेतृत्ववादी भूमिका खेलिरहेको उपन्यासको प्रमुख पात्र विक्रमका माध्यमबाट व्यक्त गरिएको छ ।

*कट्टेल सरको चोटपटक* उपन्यासमा कर्म र सङ्घर्षको प्रस्तुतिलाई मुख्य विषय बनाइएको छ । यस उपन्यासका पात्रहरू अस्तित्वका लागि निरन्तर सक्रिय रहँदाका अवस्थामा आशातीत प्राप्ति नहुँदा निस्सारताको बोध गरेको कुरालाई विषयबद्ध गरिएको छ। जीवनमा अस्तित्वका लागि सङ्घर्ष गरिरहँदा प्राप्त विपरीत परिणामका कारण यस उपन्यासका प्रमुख पात्रहरू कट्टेल र सावित्रीले निराशाको अनुभव गरे पनि जीवनप्रति आशावादी रहँदै गरेको सङ्घर्षले अस्तित्ववादी जीवनदृष्टिलाई नै बोध गराएको देखिन्छ । यसरी सक्रिय रहँदा पनि उनीहरूले समस्या भोग्न बाध्य हुनुपरेको परिवेश सिर्जनाका कारण यी पात्रले जीवनप्रति निस्सारताको अनुभव गरेको कुरालाई यस उपन्यासमा आख्यानात्मक रूपमा प्रस्तुत गरिएको छ ।

*कट्टेल सरको चोटपटक* उपन्यासमा कट्टेलले आफ्नो जीवनमा भोग्नुपरेका समस्याका कारण जीवनप्रति निराशा, निस्सारता र निरर्थकताको भाव व्यक्त गरे पनि आफ्नो अस्तित्वका लागि सङ्घर्षको मार्गलाई अवलम्बन गरिरहेको कुरा प्रस्तुत गरिएको छ । जीवनमा आफूसरहको पात्र सत्याल, आफूभन्दा कनिष्ठ पात्र कुमार र पियनले आर्थिक समृद्धि प्राप्त गरेका तर आफू भने सधैँ त्यसै समस्याले कुण्ठित बन्नुपरेका अवस्थामा जीवनबाट नै पलायन हुने सोच राखी पोखरीमा हाम फाले पनि अन्ततः त्यस्तो कर्म बिसुरमा गरिएको ठान्दै र पश्चात्ताप मान्दै त्यस बिसुरका कारण गरिएको आत्महत्याको प्रयासको घटनाबाट जोगिन सकेकामा आनन्दको अनुभव गर्नुमा अस्तित्ववादी जिजीविषा प्रबल रहेको छ। कट्टेलले समस्याका बिचमा पनि सङ्घर्ष गर्न प्रतिबद्ध रहेको कुरालाई उपन्यासको यस उद्धरणले स्पष्ट पारेको छ :

> सबैलाई थाहा छ, यस्तोमा कहिलेकाहीँ मासिने अर्थात् आफूलाई सखाप पार्ने विचार पनि आउँछ । .... म बिनाका स्वास्नी छोराछोरीहरू अलिक अनाथ लाग्लान्, यो पनि छ । अनि तेस्रो र चौथो कुरा- परिस्थिति आगुँ बदलिन्छ कि ? यो रमरम अथवा पिता जीवित हुँदाहुँदै पुत्रले यसरी मर्नु हुँदैन, आदि, यद्यपि पिताको निम्ति बाँच्नुमा, खर्च अलि बढी छ, मर्नुभन्दा, निश्चय नै, तै पनि ...। (गौतम, २०३७/२०७५, पृ. २०)

माथि प्रस्तुत उपन्यासको उद्धरणमा कट्टेलले जीवनमा समस्या रहे पनि ती समस्या समाधान हुने आशा व्यक्त गर्नुले अस्तित्ववादी दृष्टिलाई नै बोध गराएको छ। जीवनमा आइपरेका समस्याका कारण जीवन नै विसर्जन गर्ने सोचाइ कट्टेलमा आए पनि त्यसो नगरी ऊ जीवनप्रति नै आशावादी रहेको देखिन्छ । भविष्यमा आफ्ना समस्याको समाधान हुने आशासहित जीवनप्रति

समर्पित हुनुले अस्तित्ववादी जीवनदृष्टिलाई नै अभिव्यक्त गरेको छ । ऊ पत्नी, छोराछोरीप्रतिको जिम्मेवारी वहन गर्ने र पिताप्रति समर्पित हुने कुरा गर्नुले पारिवारिक जिम्मेवारी वहन गर्न तयार रहेको प्रस्टै देखिएको छ । यसरी जीवनमा आइपरेका समस्याका बिचमा पनि जिम्मेवारी वहन गर्दै जीवनप्रति समर्पित हुने कुरा गर्नुले कट्टेलमा कर्म र सङ्घर्ष गर्ने अभिलाषा रहिरहेको कुरालाई सिद्ध गरेको छ । कट्टेल जीवनप्रति समर्पित छ भन्ने सत्यतालाई उपन्यासको यस साक्ष्यले स्पष्ट पारेको छ :

> तर मैले प्रतिज्ञाचाहिँ गरेको छु- प्रथम त, अब अहँ, त्यस्तो गर्दिनँ तर यदि अब पनि त्यस्तो घटना घटिहाल्यो भने, मिति र आय-व्यय विचार गरेर मात्र मेरो जीवनमा घट्ला- यो मेरो वचनै भयो आफैलाई र मेरो जीवनको कुनै पाठक छ भने- पाठकलाई पनि । (गौतम, २०३७/२०७५, पृ. २७)

कट्टेलद्वारा प्रस्तुत माथिको उद्धरणले जीवनबाट नभाग्ने आशय अभिव्यक्त गरेको र त्यसले अस्तित्ववादी जीवनदृष्टिलाई बोध गराएको छ । जीवनायात्राका क्रममा आइपर्ने विसङ्गत परिस्थितिका अवस्थामा पनि जीवनबाट विचलित नहुने भन्ने अभिव्यक्तिका आधारमा ऊ कर्म र सङ्घर्षमा प्रवृत्त रहेको छ भन्ने कुरा स्पष्ट भएको छ । जीवन रहे मात्र अस्तित्वका लागि सक्रिय रहन सकिन्छ भन्ने मनोविज्ञान कट्टेलमा जागृत हुनु, आफूले आत्महत्याका लागि गरेको प्रयासप्रति पश्चात्ताप गर्नु र जीवनमा सङ्घर्ष गर्ने कुरा गर्नु अस्तित्ववादी जीवनदृष्टिका सूचकका रूपमा रहेका छन् । जीवनमा आइपरेका विषम परिस्थितिका कारण जीवनप्रति निराश बने पनि त्यसबाट विचलित नभई कर्म र सङ्घर्षमा सक्रिय रहने कट्टेलको प्रतिबद्धतामा अस्तित्ववादी जीवनदृष्टि अभिव्यक्त भएको छ ।

*कट्टेल सरको चोटपटक* उपन्यासमा वासुदेव कट्टेलमा जीवनप्रतिको निस्सारताको भाव सिर्जना गर्ने प्रमुख कारक आर्थिक दुर्बलता रहे पनि ऊ सङ्घर्षको यात्राबाट विमुख नहुनु अस्तित्ववादी कर्मशीलता नै रहेको देखिन्छ । आर्थिक अभावका कारण उसले अनेक समस्या भोग्न बाध्य भएको कुरा उपन्यासमा प्रस्तुत गरिएको छ। बसमा भाडा तिर्न समस्या पर्नु, सञ्चयकोषबाट ऋण लिनु, अठार वर्ष क्याम्पसमा सेवा गर्दा पनि आर्थिक विपन्नतामा कुनै सुधार नदेखिनु जस्ता समस्याबाट कट्टेल ग्रस्त रहेको छ। यसै गरी आफूसँगै पढाउने दुई-तीनजना शिक्षकको मृत्यु भएको घटनाका कारण आफू पनि जीवनमा घाइते बनेको अनुभव गरेको कुरालाई उपन्यासको साक्ष्यले स्पष्ट पारेको छ -"तिनीहरू सँगसँगै दुई-तीनजना पढाउनेहरू त अब मरि पनि सकेका छन् । बाँकी भएका यिनीहरू पनि अलिक घाइते नै छन्, खासगरी कट्टेल सर, जस्तो, उ त मोटामोटी रूपमा एकोहोरो सास मात्र फेरिरहेको छ" (गौतम, २०३७/२०७५, पृ. ५५) । कट्टेलले जीवनमा उन्नति गर्न नसकेकामा निस्सारताको अनुभव गरेको कुरालाई उपन्यासको यस

साक्ष्यले स्पष्ट पारेको छ । आफ्नो बचाइ सास फेर्नुबाहेक अरू उन्नति नभएको ठानेकाले ऊ जीवनप्रति निराश देखिएको हो । जीवनमा यस्ता अभावयुक्त शृङ्खलाबाट घेरिए पनि तिनबाट विचलित नभई अस्तित्वका लागि सङ्घर्ष गरिरहने प्रवृत्ति यस पात्रको रहेको छ । कट्टेलले जीवनमा समस्या भोग्नुपर्दा निस्सारताको बोध गरे पनि कर्मबाट विचलित नहुनु अस्तित्ववादी कर्मशीलता हो ।

*कट्टेल सरको चोटपटक* उपन्यासमा कट्टेलले सङ्घर्ष गरिरहेका अवस्थामा पनि जीवनस्तरलाई सुधार गर्न नसक्दा निस्सारताको बोध गरे पनि त्यसैका कारण कुण्ठित बनेर जीवनलाई नै विसर्जन गर्ने बाटामा नलागी अस्तित्वका लागि आफूलाई जीवनमा अरू सक्रिय गराएको सन्दर्भले अस्तित्ववादी जीवनदृष्टिलाई अभिव्यक्त गरेको छ । कलेजको प्राध्यापक भए पनि आर्थिक विपन्नताका कारण पुस्तक पसलमा पैसा तिर्न नसक्नु, घरका आवश्यकता पूरा गर्न नसक्नु, भयको अनुभव गरिरहनु जस्ता समस्या आर्थिक विपन्नताका कारक हुन् । यस्तो दयनीय अवस्थामा रहेको कट्टेलले जीवनबाट पलायन हुने, सन्यासी बन्ने मार्गलाई अवलम्बन गरेको छैन । छोरीहरूको बिहे गर्ने, बाबुको औषधीको बन्दोबस्त गर्ने, सानो छोरो र साबीको राम्रोसँग जीवन सञ्चालन गर्ने, आफू राजनीतिमा लाग्ने तथा भिजिटिङ प्रोफेसरका रूपमा काम गर्न चाहने जस्ता कुरा व्यक्त गरेर जीवनमा कर्म र सङ्घर्ष गर्दै आफ्नो अस्तित्व स्थापित गर्ने उसको सचेत प्रयासले अस्तित्ववादी कर्मशीलतालाई बोध गराएको देखिन्छ । समस्याको शृङ्खलालाई वहन गरेको कट्टेलले जीवनबाट पलायन हुने मनोविज्ञान बनाएको छैन भन्ने वास्तविकतालाई उपन्यासको यस उद्धरणले स्पष्ट पारेको छ :

> बरु छोरीहरूको बिहा होस्, बुबाको ओखती होस् (उहाँ बाँचुन्जेल) र यो साबू, आफ्नो सानो छोरोसित राम्ररी जीवन घचेट्न सक्ने इन्तजाम भए बरु पोलिटिक्सतिर जान सकिन्थ्यो । .... यो जहरजस्तो जीवनले दिनदिनै छटपट दिन्छ, लाग्छ, नसेलाउन्जेल यसै गरी... यसलाई लडाइँ भनिएला, तर एसकी आमा... कस्तो निर्धो भएर हतियार चलाइँदैछ भने, जित्नु पनि बेमतलबजस्तो, तर केले हो कुन्नि फेरि हार्दा हार्दै पनि जुझिरहन लगाउँछ । (गौतम, २०३७/२०७५, पृ. ९२-९३)

कट्टेलले व्यक्त गरेको यस विचारमा जीवन मूल प्रवृत्ति देखिएको छ । अस्तित्वका लागि सङ्घर्ष गरेको यस पात्रले जीवनमा पटक पटक असफलता भोगेको छ । यसो भए पनि जीवनबाट पलायन हुने वा जीवन विसर्जन गर्ने मार्ग उसले अवलम्बन गरेको छैन । पराजित मानसिकताले अस्तित्व स्थापित हुँदैन भन्ने कुराप्रति ऊ सचेत रहेको कुरा उसका क्रियाव्यापारले स्पष्ट पारेका छन् । कर्म र सङ्घर्ष गरिरहँदा पनि कट्टेलले जीवनमा अभाव र पीडाको सामना गर्नुपर्दा

निस्सारताको बोध गरे पनि आफ्नो अस्तित्वका लागि गरिने सङ्घर्षबाट विचलित नभएको कुरालाई उपन्यासमा प्रस्तुत गरिएको छ ।

*कट्टेल सरको चोटपटक* उपन्यासमा कट्टेलले जीवनमा पारिवारिक, आर्थिक एवम् जागिरका क्षेत्रमा भोग्नुपरेका समस्याका माझमा पनि अस्तित्वका लागि सङ्घर्ष गरिरहेको छ। एक जना पात्रको जागिरका भरमा त्यत्रो परिवारको जीवनरक्षा गरिरहेको यस पात्रमाथि जागिरको बर्खास्तीबाट ठुलो बज्रपात आइपरेको छ। जीवनमा आइपरेको यस्तो विपत्तिका कारण ऊ जीवनबाट पलायन हुने सोचमा रहेको छैन भन्ने कुरालाई उपन्यासको यस साक्ष्यले प्रमाणित गरेको छ :

> आशा के भने, यो तीन महिनाभित्र, पाइए आफ्नै लागि नपाए मञ्जुको लागि कुनै नोकरी, छोटोमोटो भए पनि, भनसुन गर्न पाए काम चल्छ, पछि देखा जाला नाई .... भनसुन बरु मञ्जुको लागि त थालिहाल्नु पऱ्यो, समय त लागिहाल्ला अलिकति । आफैँलाई चाहिँ, तुरुन्तै अलि लाज होला कि ? (गौतम, २०३७/२०७५, पृ. १७९)

कट्टेलमा समस्याबाट भाग्ने मनोवृत्ति छैन भन्ने कुरालाई माथिको उद्धरणले सिद्ध गरेको छ । जागिरबाट बर्खास्तीमा परेपछि ऊ त्यसकै कारण कुण्ठित भएर नबसी अस्तित्व र जिजीविषालाई सार्थक पार्नका लागि आफू र छोरीका लागि जागिर खोज्ने कुरा गर्नुले ऊ सङ्घर्षबाट विचलित नभएको भन्ने कुरा स्पष्ट भएको छ। कट्टेलको यस प्रयत्नले जीवनमा आइपर्ने व्यवधानबाट विचलित भई जीवन बरबाद गर्ने होइन बरु आफ्नो अस्तित्व सुरक्षित गर्नाका लागि सङ्घर्ष गरिरहनुपर्छ भन्ने अस्तित्ववादी जीवनदृष्टिको मूल मान्यतालाई मुखरित गरेको छ ।

अनपेक्षित घटनाहरूका कारण मानिसले आफ्नो जीवनमा निस्सारताको बोध गरे पनि अस्तित्वका लागि कर्म र सङ्घर्षमा लागिरहन्छ भन्ने कुरालाई *कट्टेल सरको चोटपटक* उपन्यासमा कट्टेलले गरेका सङ्घर्षका माध्यमबाट व्यक्त गरिएको छ। आर्थिक समस्यासँग जुधिरहेको कट्टेल जागिरबाट बर्खास्तीमा परेपछि मानसिक पीडा र सामाजिक प्रतिष्ठाको पीडा जस्ता समस्यासमेत भोग्न बाध्य भएको छ। छोरो र पत्नीको रोगको समस्या एकातिर छँदै छ भने अर्कातिर वृद्ध र रोगी बाले समाधान नै गर्न नसकिने अनेक माग राखेर थप समस्या सिर्जना गरिदिएका अवस्थामा पीडाबोध र हीनताबोधसमेत गरेको छ। कट्टेलले भोगेको आर्थिक समस्यामा उसका बाले राखेका मागले थप जटिलता थपेको छ भने अर्कातिर छोरीको समस्या पनि उत्तिकै बलशाली बन्दै गएको छ । यस्तै समस्याका कारण कट्टेलले आफ्नो जीवन नालायक ढङ्गले व्यतीत भइरहेको अनुभव गरेको छ। यस्ता समस्याको सामना गर्न परे पनि यस पात्रले जीवनमा सङ्घर्ष गर्न पछि परेको छैन भन्ने कुरालाई यस उद्धरणले पुष्टि गरेको छ :

> मञ्जुको पढाइ छुटेको छ, अब कट्टेल मञ्जुको लागि नोकरी खोज्दै छ । धेरै ठाउँमा कुरेको छ, दगुरेको छ । उताबाट त्यतिकै रेसमा दगुरेर आइरहेको अपमान कि दुर्गतिसित ठक्कर खाएको छ । बारम्बार रन्थनिएको छ र धुलो झार्दै उठेको छ, फेरि दगुर्न र ठक्कर खान भनौँ । (गौतम, २०३७/२०७५, पृ. १८५-१८६)

माथिको उद्धरणमा कट्टेल अस्तित्वका लागि सङ्घर्ष गर्न प्रतिबद्ध छ भन्ने विचार अभिव्यक्त भएको छ । जीवनमा समस्याबाट मुक्त हुन सकिने त देखिँदैन । समस्याबाट भाग्ने वा सङ्घर्ष गर्ने भन्ने प्रश्न नै अस्तित्ववादी जीवनदृष्टिसँग जोडिएको छ । कट्टेल अनेक समस्याबाट पीडित बने पनि अस्तित्वका लागि सङ्घर्ष गर्ने मार्गबाट विचलित भएको छैन । जीवनमा आइपरेका अनेक अभाव, समस्या, विसङ्गतिका कारण निस्सारताको बोध गरेको यस पात्रले आफ्नो अस्तित्वका लागि कर्म र सङ्घर्षमा लागिरहेको कुरालाई यस उपन्यासमा प्रस्तुत गरिएको छ ।

*कट्टेल सरको चोटपटक* उपन्यासमा वासुदेव कट्टेलले आफ्नो जीवनमा आइपरेका विपत्तिका माझमा पनि आफूलाई कर्म र सङ्घर्षमा समर्पित गराएका घटनाले अस्तित्ववादी कर्मशीलतालाई बोध गराएको देखिन्छ । कट्टेलको प्रमुख समस्या आर्थिक नै हो । यसै समस्याका कारण उसका जीवनमा जटिलताहरू थपिँदै गएका छन् । छोरीहरू, पत्नी र वृद्ध बाका कारणबाट समस्या भोगिरहेको कट्टेलले आफ्नो सानो छोरो जटिल रोगबाट ग्रस्त बनेपछि थप समस्यामा परेको छ । एक मात्र छोराको मिर्गौलामा समस्या आएपछि आर्थिक अभावका कारण पूर्ण उपचार गर्न कट्टेल असमर्थ बनेको छ । साथी ईश्वरीले सापटी लगेको पैसा फिर्ता नगर्नु, कुमारले कट्टेलको दुरावस्थाको फाइदा उठाउँदै अपमान र तिरष्कार गर्नु जस्ता घटनाबाट कट्टेलले जीवनको कुनै अर्थ नभएको ठान्दै आत्महत्याको विचार प्रस्तुत गरी विसङ्गतितर्फ उन्मुख हुन खोजेको छ । जीवनमा आइपरेका अनेक समस्याका कारण उसमा निराशा देखा परे पनि सङ्घर्ष गर्ने कुराप्रति ऊ सचेत रहेको छ भन्ने कुरा उसका विचारले स्पष्ट पारेका छन् । निरर्थक जीवनमा पनि अस्तित्वका लागि सङ्घर्ष गरिरहने प्रवृत्ति यस उपन्यासमा पाइन्छ (सुवेदी, २०५३/२०६४, पृ. ३६७) । जीवनमा आइपरेका सङ्कटबाट पराजित भई जीवन नै विसर्जन गर्ने मार्ग अवलम्बन गर्नु जीवनविरोधी मान्यता हो । कट्टेल त्यस्तो मान्यताबाट अलग रहँदै जीवनमा अस्तित्वका लागि सङ्घर्ष जारी राख्नुपर्छ भन्ने मान्यता वरण गरेको छ भन्ने कुरालाई उपन्यासको यस साक्ष्यले सिद्ध गरेको छ :

> सडकहरूमा यताउता भौँतारिँदै लागिरह्यो, अब घरै नफर्कुं र फर्के पनि बरु आत्महत्यै गरेर फर्कुं । यो एउटा हाँसो उठ्दो र अन्तर विरोधी विचार होला, तर त्यस बखत मेरो मनमा ठ्याक्क उठेको विचारचाहिँ यही नै थियो भने, अवास्तविकै

> त कसरी भन्नु ? यद्यपि म चाहन्न थिएँ, तर जसरी भए पनि म गएर त्यसपछि सत्यालको ढोकामा उभिन पुगेँ । हेरुँ के गर्छ ? (गौतम, २०३७/२०७५, पृ. २२१)

कट्टेलद्वारा प्रस्तुत यस उद्धरणले ऊ अस्तित्व सुरक्षित गर्नाका लागि क्रियाशील छ भन्ने वास्तविकतालाई स्पष्ट पारेको छ । जीवनमा भोग्नुपरेका समस्याका कारण कट्टेलमा जीवनप्रति नै वितृष्णा देखा परे पनि अस्तित्वका लागि गरिने सङ्घर्षमा भने ऊ लागिरहेको छ । छोराको उपचारका लागि रकमको खोजीमा कट्टेल सक्रिय रहेकै छ । जीवनमा अभाव, अपमान, तिरस्कार भोगेको कट्टेलले छोराको उपचारका लागि आर्थिक सहयोगको अपेक्षास्वरूप सत्यालको घरमा जानुले ऊ जीवनप्रति सचेत तथा कर्म र सङ्घर्षप्रति दृढ रहेको देखिन्छ । जीवनमा अनेक समस्याको सामना गर्न बाध्य भएको कट्टेलले अस्तित्वका लागि आफूलाई कर्ममा सक्रिय गराई अस्तित्ववादी जीवनदृष्टि अभिव्यक्त गरेको देखिन्छ ।

अस्तित्वका लागि कर्म र सङ्घर्ष जरुरी छ भन्ने बोध गरेको कट्टेलले हृदयघात र पक्षाघातले थला परेका अवस्थामा पनि यस मान्यतालाई आत्मसात् गरिरहेको छ। उपन्यासको आरम्भदेखि आर्थिक, पारिवारिक र जागिरका विषयमा समस्या भोगिरहेको कट्टेलले अन्ततः आफ्नै स्वास्थ्यको समस्याका कारण शिथिल बनेका कारण पीडाबोध गरेको छ । यस्ता पीडाका अवस्थामा पनि ऊ जीवनमा अझै सङ्घर्ष गर्न प्रतिबद्ध रहेको कुरालाई उपन्यासको यस उद्धरणले स्पष्ट पारेको छ :

> यो आधा बाँच्नु, एउटा ठूलो लडाइँ पो भइदिएको छ मेरो लागि महोदय- नलडी अब धेरै छैन झैँ । लड्दा पूरा बन्न सकिएला वा आफूलाई त्यस्तो लाग्ला, नलडे आधै पनि बाँकी नरहने डर छ । त्यसकारण युद्ध जरुरी छ, कायम रहने हो भने, झैँ .... सबभन्दा अर्थपूर्ण छ तिनीहरूले लड्नु । (गौतम, २०३७/२०७५, पृ. २३२-२३४)

कट्टेलद्वारा प्रस्तुत यस उद्धरणमा ऊ जीवनमा युद्ध गर्न प्रतिबद्ध छ भन्ने स्पष्ट भएको छ । जीवनमा अनेक समस्याबाट ग्रस्त यो पात्र आफ्नै स्वास्थ जस्तो गम्भीर समस्याबाट शिथिल बनेका अवस्थामा पनि सङ्घर्ष गर्ने मानसिकतालाई सुरक्षित राखेको छ। जीवनमा आइपरेका अनपेक्षित बिब्ल्याँटा परिस्थितिका कारण कतिपय परिस्थितिमा जीवनप्रति नै वितृष्णाभाव व्यक्त गरे पनि जीवनप्रतिको आशा र रहरलाई उसले तिरस्कार गरेको छैन । यस पात्रले जीवनमा रहर बोक्नै पर्ने कुरा व्यक्त गरेको छ । ऊ शारीरिक रूपमा शिथिल बने पनि मानसिक रूपमा कमजोर देखिएको छैन, आत्मबल सशक्त रहेको छ। जीवनमा पारिवारिक, आर्थिक, सामाजिक र स्वस्थ्यसम्बन्धी गम्भीर समस्याले शिथिल बनेको यस पात्रले बाल्यकालमा खेल्दा 'सी' (पराजय) उच्चारण नगरेझैँ जीवनमा पनि पराजय स्वीकार नगर्नु अस्तित्ववादी कर्मशीलता हो । कट्टेलले जीवनमा अनेक समस्याको सामना गर्नुपर्दा निस्सारताको अनुभूति भए पनि उपन्यासको

अन्त्यसम्म नै जीवनप्रति देखाएको सक्रियता र कर्मप्रतिको जागरुकताले अस्तित्ववादी कर्म र सङ्घर्षलाई घनीभूत रूपमा प्रस्तुत गरेको देखिन्छ ।

*स्वर्गीय हीरादेवीको खोज* उपन्यासमा कर्म र सङ्घर्षलाई केन्द्रीय कथ्य बनाइएको छ । उपन्यासको प्रमुख चरित्र कुमारले आफ्नो अस्तित्वका लागि स्वतन्त्र निर्णय गर्दै जीवनमा सक्रिय रहेका अवस्थामा आर्थिक, परिचय, जागिर जस्ता अनेक समस्याको सामना गर्नुपर्दा जीवनलाई निस्सार ठाने पनि अस्तित्वका लागि गरिने कर्म र सङ्घर्षबाट विचलित नभएको कुरालाई विषयबद्ध गरिएको छ । यस पात्रले गरेको सङ्घर्षका क्रममा भोग्नुपरेका समस्याका कारण जीनवप्रति निस्सारताको भाव जागृत भए पनि अस्तित्वका लागि निरन्तर सङ्घर्ष गर्ने परिवेश सिर्जना गरी यस उपन्यासमा अस्तित्ववादी जीवनदृष्टि अभिव्यक्त गरिएको छ ।

*स्वर्गीय हीरादेवीको खोज* उपन्यासमा प्रमुख चरित्र कुमार नेपाली परिचयका लागि लडिरहेको छ । उसमा गास, बास र कपासको समस्या त छ नै तर यीभन्दा पनि जटिल प्रश्न उसको स्वत्वको रिक्तता रहेको देखिन्छ । एउटा विशाल घरमा बसेर उसले त्यहाँ हुने गरेका यौनजन्य विकृत कर्म, अवैध नवजात शिशुलाई चौतारामा छाडिने गरेको दृश्य देखेपछि आफू पनि त्यहाँ फ्याँकिने गरेका शिशु जस्तै गरी फ्याँकिएको भन्ने कुरामा ऊ निश्चित बनेको हो । आफ्नो बाबु त्यसै घरको कुनै पुरुष सदस्य हुन सक्ने कुराप्रति निश्चित भएको कुमारले आफूलाई जन्म दिएर चौतारामा सुताएर जाने अपरिचित आमाको खोजी नै उसको प्रमुख समस्या रहेको छ । आमाबाबुको पहिचानको अभावका कारण आफ्नो स्वत्व गुमाएको कुमारले त्यही प्राप्तिका लागि सङ्घर्ष गरिरहेको छ । आफ्नो अस्तित्वका लागि सङ्घर्ष गर्न यो पात्र प्रतिबद्ध रहेको कुरा यसले प्रस्तुत गरेको उपन्यासको साक्ष्यले स्पष्ट पारेको छ :

> मेरो स्वत्व, परिचय, आकार-प्रकार-अनुहार जम्मै खोसियो नि ! मेरो लडाइँ भनूँ कि जे भनूँ तिनै लुटको माल, मेरो आफ्नो माल फर्काउनलाई हो, त्यो भने एउटा, बिर्सिन सकिन्न । मलाई माफ गर, मेरो गैरकानुनी मातापिता, यो युद्ध म तिमीहरूविरुद्ध पनि लडिरहेको छु । तिमीहरूले गर्दा नै म एउटा प्रेतजीवन बाँच्न बाध्य भएको छु, ओढेको जीवन, बनावटी जीवन, जडाउरी जीवन, अर्काले दिएको र अर्काको लागि खपत गर्नुपर्ने जीवन । मुक्ति छैन । यो परिस्थिति हो । लडाइँ छ । यो मेरो कुरा हो । (गौतम, २०४५/२०५७, पृ. १०-११)

माथिको उद्धरणमा कुमारले जीवनमा समस्या भोग्न बाध्य भए पनि आफ्नो अस्तित्वका लागि सङ्घर्ष जारी राख्न चाहेको छ भन्ने कुरा अभिव्यक्त भएको छ । आफ्नो जीवनको प्रमुख समस्या पहिचान नै बनेको र त्यसको प्राप्तिका लागि उसले सङ्घर्ष गरेको हो । आमाबाको मोजबाट जन्मिएको यस पात्रले परिचयहीनता, बेवारिसेपनका कारण जीवनमा आफ्नो अस्तित्वका

लागि त्यस विशाल घरका मानिसको आदेशको पालना र उपेक्षाको सामना गर्दै कर्म र सङ्घर्ष गरिरहेको छ । आमाको खोजी गरी आफ्नो परिचय र अस्तित्व सुरक्षित गर्नाका निम्ति कुमारले निरन्तर रूपमा कर्म र सङ्घर्ष गरिरहेको छ भन्ने कुरा यस पात्रसँग सम्बद्ध उपन्यासका घटनाले स्पष्ट पारेका छन् ।

*स्वर्गीय हीरादेवीको खोज* उपन्यासमा कुमारले जीवनमा भोग्नुपरेका परिचयहीनता, विपन्नता, बन्धन, कैद, अन्यायका कारणबाट निस्सारताको बोध गरे पनि आफ्नो अस्तित्वका लागि कर्म र सङ्घर्षबाट भने विचलित भएको देखिँदैन । बाआमाको ठेगान नभएको, आर्थिक समस्या भोग्न परेको, अर्काको घरमा कैदी जस्तो भएर बस्न परेको, लक्ष्मण जस्ता पात्रले गरेको अन्यायका विरुद्ध विद्रोह गर्ने सामर्थ्य नभएर त्यसै कुण्ठित भएर बस्नुपर्दा कुमारले निस्सारताको बोध गरेको छ। जीवन यही निस्सारताको बोधले चल्दैन । आफूलाई कर्ममा सक्रिय बनाउनु नै अस्तित्व सुरक्षित गर्ने आधार हो भन्ने कुरा बुझेको यस पात्रले पढाइलाई उच्च महत्त्व दिएर अध्ययनलाई पूर्णता प्रदान गरेको छ । कुमारले आफूले अपेक्षा गरेको कुराको खोजीका लागि निरन्तर सक्रिय रहेको छ भन्ने कुरा यस उद्धरणले स्पष्ट पारेको छ -"म आफ्ना तिनै कर्महरूतर्फ लागेको थिएँ, तर न नोकरी भेट्टाइरहेको थिएँ, न आमा । दुवै कुरा मेरा लागि विडम्बनापूर्ण साबित हुन लागेका थिए" (गौतम, २०४५/२०५७, पृ. ११६) । कुमारले परिचयको सङ्कट र आर्थिक सङ्कट भोग्नुपर्दा जीवनप्रति निस्सारताको अनुभव गरेको छ । उसमा यस्तो अनुभव भए पनि आफ्नो अस्तित्वका लागि आमा र जागिरको निरन्तर खोजी गरिरहनुले ऊ कर्म र सङ्घर्षबाट विमुख छैन भन्ने कुरालाई पुष्टि गरेको छ । आफ्नो योग्यताको उचित कदर होला भन्ने अपेक्षा गरेको यस पात्रले त्यस्तो सफलता प्राप्त गर्न नसक्दा निस्सारताको बोध गरेको छ। यस उपन्यासमा कुमार समस्यैसमस्याको जालोमा जेलिएको पात्रका रूपमा चित्रित भएको छ। त्यस विशाल घरमा आश्रय लिएको यस पात्रले किशोरावस्थासम्म त उपयुक्त माने पनि त्यसपछिका अवस्थामा उपयुक्त नमाने पनि त्यहाँबाट उम्कन सकेको छैन । यस्तो अवस्थामा आफूलाई अनाथ, अवैध, असफल, अजात ठानेको यस पात्रले निस्सारताको बोध गरेको छ। आमा प्राप्त गर्न नसकेको, आशाले उपेक्षा गरेकी, जागिर गुमेको जस्ता समस्याले आफ्नो खुट्टामा उभिने र आफ्नो परिचय बनाउने सपना सार्थक बन्न नस्कदा निस्सारताको बोध गरेको छ। यस्तो अवस्थामा रहे पनि ऊ त्यसै असफलताका कारण कुण्ठित भएर नबसी आफ्नो अस्तित्वका लागि आफूलाई कर्म र सङ्घर्षमा सक्रिय गराइराखेको सन्दर्भलाई उपन्यासको यस साक्ष्यले स्पष्ट पारेको छ -"कुमार अझै नोकरीविहीन नै थियो, तर उसले मामाघर छाड्ने अठोट गरिसकेको थियो । त्यसकारण नोकरी त यथावत् खोज्दै थियो, तर ... ... अब उसले स्वर्गीय हीरादेवीको खोज गर्न छाडिदिएको थियो ( गौतम, २०४५/२०५७, पृ. १२१) । यस उद्धरणले कुमार नोकरीको खोजीलाई निरन्तरता दिई

अस्तित्व सुरक्षित गर्ने प्रयत्न गरिरहेको छ भन्ने बोध गराएको छ । यस पात्रले उपन्यासको अन्त्यमा सोनाको मृत्युपश्चात् हीरादेवीको खोजीको क्रमलाई छाडेको कुरा गरे पनि त्यस विशाल घरलाई छाडी जागिरको खोजीको यात्रालाई निरन्तरता दिएर आफ्नो सङ्घर्षशील स्वभावलाई प्रस्तुत गरिरहेको छ। परिचयहीनता, विपन्नता, बन्धन, कैद, अन्याय जस्ता समस्याका बिचमा कुमारले निरन्तर रूपमा कर्म र सङ्घर्षमा देखाएको सक्रियताले ऊ आफ्नो अस्तित्वप्रति सचेत रहेको छ भन्ने कुरा स्पष्ट भएको छ।

कर्म र सङ्घर्षलाई *एक शहरमा एक कोठा* उपन्यासमा पात्रका क्रियाव्यापारका माध्यमबाट अभिव्यक्त गरिएको छ । यस उपन्यासका प्रमुख चरित्रहरू 'म' र गीताले आफ्नो अस्तित्वका लागि स्वतन्त्र निर्णय गर्दै जीवनमा सक्रिय रहँदा आइपरेका समस्याका कारण निस्सारताको बोध गरेका छन् । यी पात्रले जीवनमा निस्सारताको बोध गरे पनि आफ्नो अस्तित्वका लागि कर्म र सङ्घर्षबाट विचलित भएको देखिँदैन । कर्ममा सक्रिय रहँदा भोग्नुपरेका असफलताका कारण यस उपन्यासका पात्रमा निस्सारताको अनुभूति भएको हो । यस्तो अनुभूति भए पनि अस्तित्वका लागि गरिने कर्म र सङ्घर्षबाट विचलित नहुने परिवेश सिर्जना गरी यस उपन्यासमा अस्तित्ववादी जीवनदृष्टि अभिव्यक्त गरिएको छ।

*एक शहरमा एक कोठा* उपन्यासमा प्रमुख चरित्र 'म' र उसकी पत्नी गीताले भोग्नुपरेका समस्याका बिचमा पनि आफ्नो अस्तित्वका लागि कर्म र सङ्घर्षमा सक्रिय रहन चाहेको कुरा प्रस्तुत गरिएको छ। जागिरे जीवनमा प्रवेश गरेदेखि नै 'म' पात्रले प्रशस्त समस्या भोगिरहेको छ। मूलतः आर्थिक जटिलता नै उसको जीवनको प्रमुख समस्या बनेको छ। जीवनमा जटिल समस्याको सामना गर्न बाध्य 'म' पात्रले जीवनलाई सार्थक बनाउन चाहेको छ भन्ने यथार्थतालाई उपन्यासको यस साक्ष्यले स्पष्ट गरेको छ :

> एउटा त के भने, म जीवनमा आत्महत्या गर्ने छैन, यो धेरै अगि निश्चित गरेर बाँच्न थालेको हुँ। म आत्महत्यालाई मूलतः एउटा भगुवा कार्य ठान्दछु, जुन नोकरी जति, अझ नोकरी खोज्नु जति पनि फलदायी छैन । जबकि म एउटा यस्तो मानिस हुँ, जो पृथ्वीमा फूल झैं फक्रेका पहाडहरू देखेर लडिबुडी खेल्न चाहन्छ । (गौतम, २०४६, पृ. २७)

'म' पात्रद्वारा प्रस्तुत उपन्यासको यस उद्धरणले उसले जीवनबाट भाग्ने मनस्थिति बनाएको छैन भन्ने तथ्यलाई स्पष्ट पारेको छ । जीवनमा जतिसुकै समस्या आए पनि त्यस्ता समस्याबाट विचलित नभई आफूलाई सङ्घर्षमा सक्रिय बनाउने 'म' पात्रको लक्ष्य रहेको छ। घर जाने बेला पाँच सय रुपियाँको बन्दोबस्त गर्न उसलाई समस्या परेको उपन्यासको घटनाले उसको आर्थिक हैसियत कमजोर रहेको तथ्यलाई प्रमाणित गरिदिएको छ। आफ्नो अस्तित्वको रक्षा र

पारिवारिक स्वार्थ पूरा गर्नाका निम्ति त्यस सीमाबाट बाहिर निस्कन नसक्ने बाध्यता 'म' पात्रमा छ (पौडेल, २०६०, पृ. ७८)। बिहे गरेपश्चात् अर्को कोठा लिन नसक्नु, दाइजोका सामानको उचित व्यवस्थापन हुन नसक्नु, गर्भवती पत्नीलाई औषधीको प्रबन्ध गर्न कठिन पर्नु, सासू आउनासाथ बिरामी पर्नु, छोरीलाई जन्डिस हुनु, खानेकुराको बन्दोबस्तका लागि दाइजोको पङ्खा बेच्न पर्नु, बैंकमा राखेको पैसा सकिँदै जानु जस्ता समस्यालाई यी पात्रले भोग्न बाध्य भएका अवस्थामा उनीहरूमा जीवनप्रति नै निस्सारताको बोध भएको छ। यस्तो अनुभूति भए पनि जीवनबाट पलायन हुने मनोविज्ञान यिनीहरूमा छैन। समस्याका बिचमा पनि यस उपन्यासका प्रमुख पात्रहरू जीवनप्रति सकारात्मक र आशावादी रहँदै अस्तित्वका लागि कर्म र सङ्घर्षमा सक्रिय रहेको कुरा प्रस्तुत गरिएको छ।

*एक शहरमा एक कोठा* उपन्यासमा 'म' पात्र परिबन्धमा परी जेल र अस्पतालमा बन्दी बनाइएका अवस्थामा निस्सारताको बोध गरे पनि कर्म र सङ्घर्षप्रतिको उसको रुचि भने रहिरहेको छ। यसै गरी 'म' पात्रकी पत्नी गीताले आर्थिक जटिलताको सामना त गरेकै छ साथै पतिको नैतिक पतन हुने अभियोगबाट जेल र अस्पतालमा रहेको दृश्यसमेत देखेकी छ। यस्तो अवस्थामा उसमा निस्सारताको अनुभूति भए पनि अस्तित्वका लागि सङ्घर्ष गर्ने मनोविज्ञान बनाएकी छ। उसले जागिर गर्नाका लागि देखाएको प्रतिबद्धतामा ऊ अस्तित्वका लागि सङ्घर्षमा सक्रिय छे भन्ने कुरा स्पष्ट भएको छ। 'म' पात्र निर्दोष, असल, इमानदार रहँदारहँदै पनि उसलाई फसाइएको हो भन्ने कुरा उपन्यासका घटनाले पुष्टि गरेका छन्। यस्ता समस्याबाट उन्मुक्त भई घर-गृहस्थी गर्ने उसको अभिलाषा रहेको यथार्थतालाई उपन्यासको यस उद्धरणले स्पष्ट बनाएको छ :

> मलाई केवल यो हेर्नु छ, मैले जीवनभरि अब जेल र अस्पताल नै गरिरहनुपर्ने नियति भोग्नुपर्ने भो कि मलाई मेरो घर-गृहस्थी र स्वतन्त्रताको मर्मत गर्ने मौका पनि प्राप्त हुने हो ? अथवा अर्को कुनै उपाय ? यही त हेर्नु छ, अहिले योभन्दा बढी केही हेर्ने लायक छैन, खोजे पनि। (गौतम, २०४६, पृ. १५२)

'म' पात्रद्वारा प्रस्तुत यस उद्धरणले उसको जीवनप्रतिको आशावादी विचारलाई अभिव्यक्त गरेको छ। यस पात्रले न कर्णप्रसादलाई बेपत्ता पारेको हो न त एक करोड हिनामिनामा साथ दिएको हो। यी दुवै कुरा मिथ्या हुँदाहुँदै पनि परिबन्दमा पारेर जेल र अस्पतालमा बस्न बाध्य बनाइए पनि उसमा जीवनबाट पलायन हुने सोच देखा परेको छैन। यति धेरै समस्या भोगेको 'म' पात्रले जेल र अस्पतालबाट मुक्त भई घर गृहस्थीको व्यवस्थापनमा लाग्ने तीव्र अभिलाषा राख्नुमा ऊ कर्म र सङ्घर्षप्रति प्रतिबद्ध छ भन्ने कुरा सिद्ध हुन्छ।

*सहस्राब्दीको अन्तिम प्रेमकथा* उपन्यासमा अस्तित्ववादी जीवनदृष्टिलाई बोध गराउने कर्म र सङ्घर्षको अभिव्यक्ति भएको छ । यस उपन्यासमा प्रमुख पात्रहरू विग्रह र समिधाले आफ्नो प्रेमलाई जीवन्त राख्नाका लागि प्रयत्न गर्दा भोग्नुपरेका समस्याका कारण यिनले जीवनप्रति निस्सारताको अनुभूति गरे पनि अस्तित्वका लागि निरन्तर कर्म र सङ्घर्ष गरिरहेका छन् । "सापेक्षतः प्रणयवादी अस्तित्वलाई सन्धान गर्न यसमा कृतिकार समर्थ छन्" (गोर्खाली, २०६०, पृ. १२९) । विग्रह र समिधाले प्रेमका विषयमा भोगेको समस्या अरूले भोग्न नपरोस् र यस्तो प्रेम सहस्राब्दीको अन्तिम कथा बनोस् भन्ने अपेक्षाअनुरूप उपन्यासको नामकरण गरेको देखिन्छ । निस्वार्थ रूपमा गरिएको प्राञ्जल प्रेमलाई सार्थक पार्नाका लागि प्रमुख चरित्रले प्रयत्न गरिरहँदा आइपरेका व्यवधानका कारण उनीहरूमा निस्सारताको बोध भए पनि त्यसबाट विचलित नभई त्यस प्रेमलाई जीवन्त राख्नाका लागि निरन्तर सङ्घर्ष गरेको सन्दर्भलाई विषयबद्ध गरी अस्तित्ववादी जीवनदृष्टिलाई यस उपन्यासमा अभिव्यक्त गरिएको छ । यी पात्रले प्रेम, आर्थिक र पारिवारिक जस्ता समस्याको सामना गर्नुपर्दा जीवनप्रति निस्सारताको भाव व्यक्त गरेका छन् । यी पात्रको जीवनमा आइपरेका समस्याका कारण यिनमा जीवनप्रति निस्सारताको बोध भए पनि त्यसबाट विचलित नभई कर्म र सङ्घर्षमा सक्रिय रहेका घटनाले अस्तित्ववादी कर्म र सङ्घर्षलाई स्पष्ट पारेका छन् ।

*सहस्राब्दीको अन्तिम प्रेमकथा* उपन्यासमा प्रमुख चरित्रहरू विग्रह र समिधाले अस्तित्वका लागि निरन्तर गरेको सङ्घर्षलाई आख्यानात्मक रूपमा प्रस्तुत गरिएको छ। आर्थिक, शैक्षिक, पारिवारिक, उमेर तथा रूपका दृष्टिले समेत समान एवम् उपयुक्त विग्रह र समिधालाई यस उपन्यासमा प्रमुख भूमिकानिर्वाह गर्ने पात्रका रूपमा प्रस्तुत गरिएको छ। यी पात्रमध्ये विग्रहको समिधाप्रतिको लगाव र त्यसबाट प्रभावित समिधाका कारण यिनीहरूका बिचको प्रेम स्थापित भएको हो। यही प्रेमका कारण आफ्नै खुट्टामा उभिने निर्णय गरेपछि जागिर खोज्दा, जागिर नपाउँदा तथा पाएको जागिरबाट जीविका चलाउन कठिन पर्दा यिनमा जीवनप्रति नै वितृष्णा भाव जागृत भएको छ। विशेष गरी विग्रहले आफ्नो योग्यताको कदर नभएका अवस्थामा उसमा जीवनप्रति नै निस्सारताको भाव जागृत भएको छ। राज्य, टोल र टोलका मानिसहरू उनीहरूले गरेको प्रेमका विरुद्धमा उत्रिएका र त्यस प्रेमलाई विफल बनाउन प्रयत्न गरेका छन् भन्ने सत्यतालाई उपन्यासकै यस साक्ष्यले प्रमाणित गरेको छ :

> अहिले उसले त्यही कुरा स्मरण गऱ्यो र हाँस्यो । सोच्न थाल्यो, एउटा काँडा अड्काएर धेरै गल्ती गरिएछ । अहिले यथार्थमा, भित्रको त्यो काँडा अझै अड्केकै छ । अपरेशनले पनि झिक्न नसकिने । प्रेमको त्यो काँडाले अब आफ्नो धर्म फेरेछ, त्यो सांसारिकताको काँडा बनेछ। त्यसले गर्दा सांसारिकताले मानिसलाई खाँदेर

राख्दा, त्यो आफैँले निर्माण गरेको काँडाले आफूलाई दिनदिनै भित्र घाइते बनाउने पो रहेछ । (गौतम, २०५६, पृ. १२१)

माथिको उद्धरणमा विग्रह प्रेमका विषयमा असफल बन्दै गएकामा पीडाको अनुभव गरेको छ भन्ने कुरा अभिव्यक्त भएको छ । समिधासँग गरिएको प्रेम सार्थक बन्ला भन्ने अपेक्षा विग्रहले गरे पनि त्यस प्रेमलाई निरर्थक तुल्याउनका लागि गरिएका प्रयत्नका कारण नै विग्रहमा जीवनप्रति नै निरर्थकताको भाव देखिएको हो । विग्रह र समिधाले गरेको प्रेमको विषयका कारण सिर्जित अवरोधले तिनमा निस्सारताको बोध भए पनि त्यसकै कारण कुण्ठित भई जीवन विसर्जन गर्ने यात्रामा यिनीहरू लागेका छैनन् । आफ्नो स्वतन्त्र निर्णयका माध्यमबाट दुवै पात्रले गरेको त्यस प्रेमसम्बन्धी निर्णयका कारण जीवनमा आइपरेका जटिलतासँग उपन्यासको अन्त्यसम्म सङ्घर्ष गरिरहनु अस्तित्ववादी जीवनदृष्टिको प्रमुख पहिचान रहेको देखिन्छ । कुनै कार्यालयमा जिम्मेवारी समालेका सावित्रीका ६ जना सन्तानसँग प्रेमलाई जीवन्त राख्न गरेको प्रयत्नसमेत असफल भएपछि आफैँले लडेर लिने अठोट यिनीहरूले गरेका छन् भन्ने कुरालाई उपन्यासको यस उद्धरणले स्पष्ट पारेको छ -"यो देश प्रेम गर्ने लायक छ कि छैन, यो रहस्यको पत्ता लगाउन जाँदै हौँ । रहस्य पत्ता लाग्नासाथ हामी फर्केर आउँछौँ" (गौतम, २०५६, पृ. १५०) । यस्तो बेहोरा लेखी दुवै पात्रले दायाँबायाँ औँठाछाप लगाई प्रमाणस्वरूप छाडेको पत्रमा उनीहरूले आफूले गरेको प्रेमलाई जीवन्त राख्नाका लागि सङ्घर्षरत छन् भन्ने स्पष्ट भएको छ । उपन्यासको मूल विषय प्रेम नै हो । त्यसैलाई स्थायित्व दिने विषयमा यी प्रमुख चरित्रले गरेको निरन्तरको कर्म र सङ्घर्षका माध्यमबाट यस उपन्यासमा अस्तित्ववादी दृष्टि अभिव्यञ्जित भएको देखिन्छ ।

*भीमसेन-४ को खोजी* उपन्यासमा प्रमुख विषयका रूपमा कर्म र सङ्घर्ष अभिव्यक्त भएको छ । यस उपन्यासको 'म' पात्रले अस्तित्वका लागि सङ्घर्ष गरिरहँदा भोग्नुपरेका समस्याका कारण जीवनप्रति निस्सारताको अनुभव गरे पनि जीवनप्रति प्रवृत्त रहँदै आफूलाई कर्म र सङ्घर्षमा सक्रिय बनाएको कुरालाई प्रस्तुत गरिएको छ । यसरी सक्रिय रहँदा यस पात्रले आर्थिक र सुरक्षा जस्ता समस्याको सामना गर्नुपर्ने परिवेश यस उपन्यासमा सिर्जना गरिएको छ । यस्ता समस्याका कारण यस पात्रमा जीवनप्रति नै निस्सारताको भाव जागृत भए पनि अस्तित्वका लागि गरिने कर्म र सङ्घर्षबाट विचलित नभएको कुराका माध्यमबाट यस उपन्यासमा अस्तित्वादी जीवनदृष्टि अभिव्यक्त गरिएको छ ।

*भीमसेन-४ को खोजी* उपन्यासमा 'म' पात्रले जीवनमा भोग्नुपरेका जटिलताका कारण जीवनप्रति निस्सारताको अनुभव गरे पनि आफ्नो अस्तित्व प्राप्तिका लागि कर्म र सङ्घर्षबाट विचलित भएको देखिँदैन । सूत्रउपन्यास भएकाले सूत्रात्मक रूपमा मानव जीवनका अभाव, जटिलता र सङ्कटका बारेमा विभिन्न पात्रका माध्यमबाट प्रस्तुत गरिए पनि उपन्यासको

आरम्भदेखि अन्त्यसम्म नै निरन्तर रूपमा क्रियाव्यापारमा सक्रियता देखाउने पात्र मूलतः 'म' नै रहेको छ । प्रमुख चरित्रको भूमिकानिर्वाह गरेको यस पात्रलाई उपन्यासकारले सूत्राधार र पात्र दुवैको भूमिका प्रदान गरेका छन् । मानव जीवनका जटिल समस्याहरूको द्रष्टा र भोक्ता पात्रका रूपमा यस उपन्यासमा 'म' पात्र आएको छ। नैतिकता, इमान्दारी, मानवीयतालाई आत्मसात् गरेको यस पात्रले आफ्नो दाजु अमरको समृद्धिका अगि निरीह बनेको छ। देशभित्र देखिएका भ्रष्टाचार, तस्करी, अनैतिकता, बेइमानी जस्ता पक्ष मौलाइरहेका र त्यस्तै कर्ममा लिप्त रहने पात्रको प्रशंसा गर्ने वातावरण देशभित्र रहेको वास्तविकतालाई अमरको प्रशंसा गरिने गरेको सन्दर्भका माध्यमबाट व्यक्त गरिएको छ। यस्तो परिवेशमा नैतिकता र इमान्दारीलाई आत्मसात् गर्दै अस्तित्वका लागि सङ्घर्ष गरेको 'म' पात्रले पत्नी र छोराछोरीका न्यूनतम आवश्यकता पूर्तिका निम्ति समेत असमर्थ रहेका अवस्थामा निस्सारताको बोध गरेको कुरालाई उपन्यासमा चित्रण गरिएको छ। यस्तो समस्या भोगेको 'म' पात्रले कर्म र बाँच्ने कुरालाई जीवनको महत्त्वपूर्ण पक्षका रूपमा लिएको छ। उपन्यासमा प्रसङ्गवश वर्णित अर्को पात्रले भोग्नुपरेका समस्याका कारण जीवनप्रति नै वितृष्णा भाव दर्साएका अवस्थामा 'म' पात्रले उसलाई बाँच्ने सल्लाह दिएको छ। उपन्यासको यस उद्धरणले यस कुरालाई स्पष्ट पारेको छ -"तिम्रो समस्या त तिमी बाँच्ने कि नबाँच्ने हो । मैले भनें - तिमी नै बाँचेनौ भने तिमी आफ्नो समस्या भन्ने लायक पनि रहँदैनौ । त्यस कारण पहिले आफू बाँच्ने कुरा गर, अनि अन्य समस्या देखाऊ" (गौतम, २०६१, पृ. ४)। यस्तो अभिव्यक्ति दिएको 'म' पात्रले जीवनमा निस्सारताका कारण कुण्ठित भएर बसेमा जीवनप्रति नै वितृष्णा भाव जागृत हुन्छ। यस पात्रले कर्म र सङ्घर्षका माध्यमबाट नै अस्तित्व स्थापना गर्न सकिन्छ भन्ने कुराको बोध गरेको र उपन्यासको अन्त्यसम्म नै अस्तित्वका लागि निरन्तर सङ्घर्ष गरिरहेको कुरालाई उपन्यासमा प्रस्तुत गरिएको छ। इमानदारी र नैतिकतालाई आत्मसात् गर्दा समृद्धि प्राप्त गर्न नसकिने परिवेश रहे पनि आफ्नो त्यस आचरणबाट विचलित नभई काठमाडौँमा रहँदा पनि अस्तित्वका लागि सङ्घर्ष गरिरहेको 'म' पात्रले अमेरिकाको यात्रामा निस्कँदा, एकचक्रा नगरीमा बन्दी बन्नुपर्दाका अवस्थामा भोग्नुपरेका समस्यासँग सङ्घर्ष गरिरहेको छ । जीवनमा यस्ता समस्या भोग्नुपर्दा 'म' पात्रमा जीवनप्रति निस्सारताको भाव जागृत भए पनि कर्म र सङ्घर्षलाई निरन्तरता दिएर अस्तित्ववादी दृष्टिलाई सफलीभूत बनाएको छ।

## ३.३ निष्कर्ष

ध्रुवचन्द्र गौतमका उपन्यासमा अस्तित्ववादी निस्सारता गहन रूपमा अभिव्यक्त भएको छ। जीवन निस्सार, निरर्थक छ र जीवनमा आइपर्ने समस्याको समाधान गर्न सकिँदैन भन्ने कुराको बोध भए पनि मानिसलाई जीवनप्रति आशावादी रहँदै अस्तित्वका लागि कर्म र सङ्घर्षमा प्रेरित गर्ने अस्तित्ववादी जीवनदर्शनको मान्यतालाई गौतमले आफ्ना उपन्यासमा अभिव्यक्त गरेका

छन् । उनले मूलतः नेपाली समाजमा व्याप्त गरिबी, अन्याय, शोषण, भ्रष्टाचार, यौन दुराचार, शासकका मनपरी जस्ता विसङ्गतिका कारण मानवमा सिर्जित जीवनप्रतिको निस्सारतालाई आफ्ना उपन्यासमा कुशलतापूर्वक संयोजन गरेका छन् । मानव जीवनमा आइपर्ने जटिलता, अनपेक्षित घटना तथा अभावयुक्त जीवन बाँच्नुपर्ने बाध्यताका कारण नै उनका उपन्यासका पात्रमा जीवनप्रति निस्सारता र निरर्थकताको भाव जागृत भएको कुरालाई प्रस्तुत गरिएको छ । उनका उपन्यासका पात्रहरू अस्तित्वका लागि सङ्घर्ष गरिरहेका तर ती सङ्घर्षले अपेक्षित उपलब्धि प्राप्त गर्न नसक्दा नै तिनमा जीवनप्रतिको निस्सारताको भाव जागृत भएको कुरालाई विषयबद्ध गरेको देखिन्छ । गौतमले उपन्यासका पात्रका जीवनमा आइपरेका अनपेक्षित परिणामका कारण तिनमा जीवनप्रति निस्सारताको भाव जागृत भए पनि त्यसैबाट कुण्ठित नभई अस्तित्वका लागि कर्म र सङ्घर्षमा सक्रिय भएका घटनालाई संयोजन गरेर अस्तित्ववादी जीवनदृष्टिलाई सशक्त रूपमा अभिव्यक्त गरेका छन् ।

गौतमका उपन्यासका पात्रले अस्तित्वका लागि सङ्घर्ष गर्दा भोग्नुपरेका असफलताका कारण जीवनप्रति वितृष्णा दर्साउने, जीवनबाट पलायन हुने, मृत्युवरणलाई महत्त्व दिने तथा अदृश्य ईश्वरीय सत्ताप्रति आत्मसमर्पण गर्ने जस्ता जीवनविरोधी मान्यतालाई अवलम्बन नगरी जीवनमा आशावादी रहँदै व्यवधानका विरुद्ध सङ्घर्ष गर्ने मूल प्रवृत्तिलाई अवलम्बन गरेका छन् । उनका *डापी, कट्टेल सरको चोटपटक, स्वर्गीय हीरादेवीको खोज* र *भीमसेन-४ को खोजी* उपन्यासमा केन्द्रीय विचारका रूपमा अस्तित्ववादी निस्सारता आएको छ भने अन्य उपन्यासमा प्रसङ्गवश यो मान्यता अभिव्यक्त भएको छ । *डापी* उपन्यासमा विक्रम र डापीवासीले अस्तित्वका लागि गरेको सङ्घर्षमा असफल बनेका अवस्थामा निस्सारताको बोध गरेका छन् । *कट्टेल सरको चोटपटक* उपन्यासमा कट्टेल र सावित्रीले जीवनमा भोग्नुपरेका समस्याका कारण जीवनप्रति वितृष्णाभाव व्यक्त गर्नु अस्तित्वादी निस्सारता नै रहेको देखिन्छ । *स्वर्गीय हीरादेवीको खोज* उपन्यासमा कुमारले अस्तित्वका लागि गरेका सङ्घर्षका क्रममा प्राप्त विपरीत परिणामका कारण जीवनप्रति निस्सारताको बोध गरेको कुरालाई विषयबद्ध गरिएको छ । *एक शहरमा एक कोठा* उपन्यासमा 'म' पात्र र गीताले भोग्नुपरेका अभाव र असफलताका कारण उनीहरूमा जीवनप्रति नै निस्सारताभाव जागृत भएको कुरालाई व्यक्त गरिएको छ । *सहस्राब्दीको अन्तिम प्रेमकथा*मा विग्रह र समिधाले अस्तित्वका लागि गरेका सङ्घर्षमा व्यवधान सिर्जना हुँदा जीवनमा निस्सारताको अनुभव गरेका छन् । *भीमसेन-४ को खोजी* उपन्यासमा 'म' पात्रसहित कोलम्बस-समूह र एकचक्रावासीले जीवनमा भोग्नुपरेका समस्याका कारण निस्सारताको अनुभव गरेको कुरालाई विषयबद्ध गरिएको छ । गौतमका उपन्यासका पात्रले अपेक्षित कुराको अप्राप्ति, दमन, आर्थिक सङ्कट, परिचयको सङ्कट, प्रेममा व्यवधान जस्ता पीडाका कारण जीवनप्रति

निस्सारताको बोध गरेका छन् । उनका उपन्यासका पात्रमा जीवनप्रति निस्सारताको बोध भए पनि समस्याबाट विचलित नभई अस्तित्वका लागि सङ्घर्षमा सक्रिय रहेका छन् । समस्याका कारण मानिसमा जीवनप्रति निस्सारताको भाव जागृत भए पनि अस्तित्वका लागि कर्म र सङ्घर्षमा लाग्नुपर्ने कुरालाई उनका उपन्यासमा अभिव्यक्त हुनुले अस्तित्ववादी दृष्टिलाई बोध गराएको देखिन्छ ।

चौथो परिच्छेद

# ध्रुवचन्द्र गौतमका उपन्यासमा वरणस्वतन्त्रता र व्यक्तिसर्वोच्चता

## ४.१ विषयप्रवेश

ध्रुवचन्द्र गौतमले आफ्ना उपन्यासमा अस्तित्ववादी जीवनदृष्टिका मूलभूत मान्यताहरू वरणस्वतन्त्रता र व्यक्तिसर्वोच्चतालाई केन्द्रीय विषय बनाएका छन् । मानिसले आफ्नो अस्तित्वका लागि स्वतन्त्र निर्णय गरेको हुन्छ । सोही निर्णयका कारण उसले समस्या भोग्न बाध्य भएको हुन्छ । यस्ता समस्या आए पनि ऊ जिम्मेवारीबाट मुक्त हुन पाउँदैन भन्ने मान्यता अस्तित्ववादी वरणस्वतन्त्रताको रहेको छ । यस परिच्छेदमा अस्तित्ववादी वरणस्वतन्त्रताको सैद्धान्तिक मान्यताका बारेमा स्पष्ट पारी यसै मान्यताका आधारमा गौतमका उपन्यासको विश्लेषण गरिएको छ । उपन्यासको विश्लेषण गर्दा अस्तित्ववादी वरणस्वतन्त्रताका आधारमा निर्मित सूचकहरूलाई आधार बनाइएको छ । विश्लेषणका लागि निर्धारित सूचकहरू वैयक्तिक स्वतन्त्रता, स्वतन्त्रताको पीडा र उत्तरदायित्व वहनको अनिवार्यता रहेका छन् । ती सूचकका बारेमा सम्बन्धित स्थानमा परिचय दिई तिनैका आधारमा उपन्यासको विश्लेषण गरिएको छ । यसै गरी अस्तित्ववादी जीवनदृष्टिको अर्को मूलभूत मान्यता व्यक्तिसर्वोच्चताले स्वनिर्मितिका लागि व्यक्ति स्वयम् सक्रिय हुनुपर्छ भन्ने मान्यता वरण गर्दछ । मानिसको जीवनमा आइपरेका सारा समस्यासँग सङ्घर्ष र विद्रोह गरी आफ्नो अस्तित्व सुरक्षित गर्ने जिम्मेवारी उसमा नै रहेको हुन्छ । यस परिच्छेदमा वरणस्वतन्त्रताका कोणबाट गौतमका उपन्यासको विश्लेषणपश्चात् व्यक्तिसर्वोच्चताको सैद्धान्तिक मान्यताका बारेमा स्पष्ट पारी यसै मान्यताका आधारमा उनका उपन्यासको विश्लेषण गरिएको छ । उपन्यासको विश्लेषण गर्दा यसै मान्यताका आधारमा निर्मित सूचक मानवसत्ताको अङ्गीकारलाई आधार बनाइएको छ । उक्त सूचकका बारेमा सम्बन्धित स्थानमा परिचय दिई त्यसैका आधारमा गौतमका उपन्यासको विश्लेषण गरिएको छ ।

## ४.२ वरणस्वतन्त्रता

अस्तित्ववादी जीवनदृष्टिको एक मूलभूत मान्यता वरणस्वतन्त्रताले मानिसले आफ्नो अस्तित्वका लागि स्वतन्त्रता र उत्तरदायित्वलाई वहन गर्नुपर्छ भन्ने मान्यता प्रस्तुत गरेको छ । यस मान्यतालाई किर्केगार्ड र सार्त्रले महत्त्वका साथ व्याख्या गरेका छन् । किर्केगार्डले मानवलाई निर्णय गर्ने स्वतन्त्रता रहेको र त्यस निर्णयपश्चात् आइपर्ने दुःख, वेदना, अभाव र समस्याप्रति पनि ऊ आफै जिम्मेवार बन्नुपर्छ भन्ने मान्यता प्रस्तुत गरेका छन् । निर्णयशक्ति नै मान्छेको

अस्तित्व वा सत्ता हो (त्रिपाठी, २०३०/२०४९, पृ. १२१) । किर्केगार्डले स्वतन्त्र निर्णयले गर्दा नै मानिसले अभाव, अनिश्चितता, सङ्कट, विसङ्गति र अन्धकार भोग्न परे पनि आफ्नो वैयक्तिक अस्मिताका लागि यस्तो निर्णय मानिसले गर्छ भन्ने धारणा प्रस्तुत गरेका छन् । आफ्नो रोजाइविना र प्रयोजनविना यस धर्तीमा फ्याँकिएको मानिसले धर्म, परम्परा, मूल्य, मान्यता, निश्चितता आदि पूर्वस्थापित मान्यताबाट स्वतन्त्र भई आफ्नो इच्छाअनुसार कर्ममा सक्रिय रहेको हुन्छ । मानिसले आफ्नो जीवनको कुनै प्रयोजन नदेख्दानदेख्दै पनि यसै जीवनमा नै केही बन्नाका लागि ऊ स्वतन्त्र निर्णय गर्छ । मानिस स्वतन्त्र हुन बाध्य छ र हरेक कुराको जिम्मेवारी उसले लिनै पर्छ (Sartre, n.d., p. 554) । मानिसले छनोट गरेका कुराको पूर्णताको अनिश्चितता रहेको हुन्छ । यसो भए पनि आफ्नो छनोटको स्वतन्त्रताबाट ऊ मुक्त हुन सक्दैन । मानवीय व्यक्तित्वको केन्द्रमा स्वतन्त्रता रहेको हुन्छ । यसलाई हरेक व्यक्तिले हरेक क्षण उपयोग गरिरहेको हुन्छ । स्वतन्त्रता आत्मनिर्णयसँग सम्बन्धित छ र चेतनशील प्राणी मानिस आफैमा मुक्त छ । केही हुनाका लागि गरेको मुक्तिको प्रयास नै स्वतन्त्रता हो (प्रधान, सन् १९७१, पृ. ७५) । आफ्नो अस्तित्व सुरक्षित हुने कुनै निश्चितता नरहे पनि मानिसले स्वतन्त्र निर्णय गरेको हुन्छ । मानिसले आफूलाई बनाउनका लागि चाहेको कुरा छान्नुपर्ने भएकाले स्वतन्त्रताको भूमिका रहेको हुन्छ । स्वतन्त्रता सबै मूल्यहरूको आधार हो (Sartre, 1947/2007, p. 48) । मानिसले जीवनमा छान्ने अवसर प्राप्त गरेकाले केही कुरा नरोज्नु पनि उसको स्वतन्त्रता नै रहेको हुन्छ । यथास्थितिलाई स्वीकार नगर्ने प्रवृत्तिका कारण पीडा भए पनि मानिसले स्वतन्त्रतालाई अवलम्बन गरेको हुन्छ (खेतान, १९८५/१९८७, पृ. ६१-६२) । स्वतन्त्र निर्णयपश्चात् आइपर्ने सारा परिस्थितिप्रति ऊ उत्तरदायी बन्नुपर्छ । यो जिम्मेवारी केवल आफ्ना लागि मात्र नभई समग्र मानिसप्रतिको नै रहेको हुन्छ (Sartre, 1957/2011, p. 8) । मानिसले गरेको निर्णय केवल उसका लागि मात्र नभई समग्र मानव जातिका लागि हुनुपर्छ भन्ने मान्यता अस्तित्ववादको रहेको छ । उसले आफूलाई बनाउनका लागि निर्णय त गरेको हुन्छ नै तर त्यस निर्णयले अन्यका लागि पनि सहयोग गरेको हुनुपर्छ । मानिसले निर्णय गर्ने स्वतन्त्रताका कारण आइपर्ने विसङ्गति, चिन्ता र समस्यालाई वहन गर्दै जीवनमा सक्रिय रहन्छ भन्ने मान्यता अस्तित्ववादी जीवनदर्शनको रहेको छ ।

### ४.२.१ वैयक्तिक स्वतन्त्रता

मानिसले आफ्नो अस्तित्वका लागि स्वतन्त्र निर्णय गरेको हुन्छ । स्वनिर्मितिका लागि उसले गर्ने निर्णयले वैयक्तिक स्वतन्त्रतालाई बोध गराएको हुन्छ । मानिस अस्तित्वमा आएपछि मात्र उसले सङ्घर्ष गरी आफैलाई परिभाषित गर्छ (Sartre, 1957/2011, p. 8) । सार्त्रले मान्छेको अस्तित्वको प्रधानतालाई महत्त्व दिएका छन् । मानिसले प्रयोजनहीन जीवनमा आफूलाई बनाउनका लागि स्वतन्त्र निर्णय गर्छ । मानिस स्वतन्त्र हुन बाध्य छ र हरेक कुराको जिम्मेवारी

उसले लिनै पर्छ (Sartre, n.d., p. 554)। मानवीय व्यक्तित्वको केन्द्रमा रहेको स्वतन्त्रताबाट मानिस मुक्त हुन सक्दैन । आफ्नो अस्तित्व सुरक्षित हुने कुनै निश्चितता नरहे पनि मानिसले स्वतन्त्र निर्णय गरेको हुन्छ । सार्त्रले भविता र शून्यताको चर्चा गर्दै भविताअन्तर्गतका जड र चित् भविताभित्र नै शून्यता रहने बताएका छन् । उनले शून्यताका कारण मानिसले आफू हुनुको खोजी गरेको अवस्थालाई चेतना भनेका छन् (Sartre, n. d., p. 617)। यसै चेतनाले नै मानिसलाई अस्तित्वशील बनाएको हुन्छ । चेतना भनेको मानिसमा आफू हुनुका बारेको सचेतता हो (खेतान, सन् १९८५/१९८७, पृ. ५७)। यो वैयक्तिक, परिवर्तनशील, गतिशील र अस्थिर प्रकृतिको हुन्छ । जड र चित्को बिचमा रहेको शून्यताको बोधपश्चात् नै मानिसले अस्तित्वका लागि स्वतन्त्र निर्णय गर्दै जीवनमा सक्रिय भएको हुन्छ ।

अस्तित्वमा आएको मानिसले आफूलाई बनाउनका लागि स्वतन्त्र निर्णय गर्ने अवसर प्राप्त गरेको हुन्छ भन्ने मान्यता अस्तित्ववादी जीवनदृष्टिको रहेको छ । प्रत्येक व्यक्तिमा निहित यसै स्वतन्त्रताको अवसरको उपयोग गरी मानिसले आफ्नो जीवनमा निर्णयहरू गर्दै जान्छ । मानिसले स्वतन्त्रता रोज्न बाध्य छ (Sartre, n.d., p. 439)। सार्त्रले प्रस्तुत गरेको यस भनाइले मानिस छनोटको स्वतन्त्रताबाट अलग रहन सक्दैन भन्ने कुरालाई बोध गराएको छ । छान्नु या नछान्नु दुवै मानिसका स्वतन्त्रताका विषय हुन् । सार्त्रले कुनै कुरा नछान्दा पनि मानिसले आफ्नो वैयक्तिक स्वतन्त्रताको उपयोग गरी छनोट गरिरहेको हुन्छ भन्ने तर्क प्रस्तुत गरेका छन् । मानिसले आफ्नो निर्मितिका लागि जीवनमा पटक पटक छनोट गरिरहेको हुन्छ । मानिसले छनोटलाई आफ्नो जीवनमा आवश्यक ठानेपछि नै यसलाई उपयोग गरेको हुन्छ (प्रधान, सन् १९७१, पृ. ७५) । स्वतन्त्र निर्णय गर्दा नै स्वनिर्मिति हुन सक्छ भन्ने कुराप्रतिको सचेततासँगै मानिसले वैयक्तिक स्वतन्त्रताको उपयोग गरेको हुन्छ । मानिसको निर्णयशक्ति नै मान्छेको अस्तित्व वा सत्ता हो (त्रिपाठी, २०३०/२०४९, पृ. १२१)। यसै निर्णयका कारण मानिस बन्ने प्रक्रियामा रहेको कुरालाई बोध गराएको हुन्छ । निर्णय गर्ने मानिस नै अस्तित्वशील हो । यस्तो निर्णय गर्ने स्वतन्त्रता मानिसका लागि प्राप्त भएको हुन्छ । कुनै कुराको छनोट नगर्नु पनि उसको वैयक्तिक स्वतन्त्रता नै हो । उपन्यासका पात्रले अस्तित्वका लागि स्वतन्त्र निर्णय गरेका सन्दर्भको प्रस्तुतिका माध्यमबाट वैयक्तिक स्वतन्त्रता अभिव्यक्त गरिएको हुन्छ ।

*डापी* उपन्यासमा वैयक्तिक स्वतन्त्रताको अभिव्यक्ति भएको छ । मूलतः प्रमुख पात्र विक्रमले गरेको निर्णयले सिङ्गो उपन्यासलाई प्रभाव पारेकाले यही पात्रले गरेको निर्णयका आधारमा वरणस्वतन्त्रताको अध्ययन गरिएको छ । डापीटोलमा 'कखग' पात्रले सिर्जना गरेको भय र आतङ्कबाट मुक्तिका लागि विक्रमले गरेको प्रयत्नमा डापीवासीसमेत सक्रिय बनेको कुरालाई आख्यानात्मक रूपमा प्रस्तुत गरिएको छ । आफू बन्नाका लागि मानिसले स्वतन्त्रताको उपयोग

गर्दै जीवनमा सक्रिय रहेको हुन्छ भन्ने मान्यतालाई यस उपन्यासको प्रमुख पात्र विक्रमले गरेको निर्णयले स्पष्ट पारेको छ । यस उपन्यासमा विक्रमलाई स्वतन्त्र निर्णय गर्नुपर्ने परिवेश सिर्जना गरी वैयक्तिक स्वतन्त्रता अभिव्यक्त गरिएको छ ।

*डापी* उपन्यासमा प्रमुख चरित्र विक्रम आफ्नो पैतृक थलो छाडी डापीटोलमा बस्नाका लागि गरेको निर्णयमा उसको वैयक्तिक स्वतन्त्रता अभिव्यक्त भएको छ । प्रशस्त पैतृक सम्पत्ति भएको यस पात्रले आफ्नो पैतृक घरमा बसेर जीवननिर्वाह गर्ने प्रबल विकल्प रहँदा रहँदै पनि सानो जागिरलाई स्वीकार गरी डापीटोलमा बस्ने निर्णय गरेको कुराले वैयक्तिक स्वतन्त्रतालाई अभिव्यञ्जित गरेको छ । त्यस टोलमा बस्दा भोग्नुपरेका आर्थिक जटिलताको सामना गर्न बाध्य भएको यस पात्रले केही आर्थिक राहत प्राप्त गर्ने अपेक्षास्वरूप आफ्नो पैतृक थलोमा गएको छ । त्यस ठाउँबाट केही सहयोगको अपेक्षा गरे पनि त्यसो नभई उल्टै भाइ हरिले बाआमा, बहिनीहरूलाई समेत पाल्नाका लागि जिम्मा लगाउनु र अंशबण्डा गर्नुले पीडा भए पनि ती कुरालाई स्वीकार गर्नु विक्रमको वैयक्तिक स्वतन्त्रता रहेको देखिन्छ । विक्रमले स्वतन्त्र निर्णय गर्न बाध्य रहेको कुरालाई तलको उद्धरणले स्पष्ट पारेको छ :

> तर तिमी जानुअघि नै केही सरसल्लाहा गर्नु जरुरी छ । ....ऊ भन्छ- बुबाआमालाई अब तिमी नै लगेर राख । यतिका दिन मैले पालेँ । मेरो खर्च धेरै बढेको छ (आम्दानीको हिसाब बेपत्ता) तिमीले देखिहाल्यौ, यस्तोमा ...तिमी एक्लै छौ, तिमीलाई त केही बोझ पनि पर्दैन । फेरि तिमी आफू केही गर्न सक्ने होइनौ, घरमा यताउति गर्नलाई बहिनीहरू पनि भइहाल्छन् .... अब यसै मौकामा हामी कागतसागत पनि तयार गराइहालौँ । .... राम्रोसँग छुट्टिनु राम्रो हुन्छ । जति पछि भो, हुन सक्छ उति नराम्रो होस् । (गौतम, २०३३/२०६४, पृ. १७)

माथिको उद्धरणमा विक्रम भाइ हरिको आग्रहलाई स्वीकार गर्न बाध्य भएको देखाइएको छ । भाइ हरिले आफूलाई आर्थिक सहयोग गर्ला भन्ने अपेक्षा राखेर पैतृक थलोमा गएको विक्रमलाई उल्टै बाआमा र बहिनीहरू जिम्मा लगाउनुका साथै अंशबण्डासम्बन्धी कागत गर्ने विषयसमेत उठाएको छ । यसका साथै बाबुको उपचारमा प्रशस्त रकम खर्च भएकाले पैतृक सम्पत्तिमा आश नगर्न र आफूले मिहिनेत गरेर कमाएको सम्पत्तिको समेत आश नगर्नाका लागि गरेको आग्रहलाई विक्रमले स्वीकार गरेको छ । विक्रमले पैतृक स्थल र त्यहाँको सम्पत्तिलाई छाडी डापीटोलमा बसेको घटनाले वैयक्तिक स्वतन्त्रतालाई बोध गराएको छ ।

*डापी* उपन्यासमा वैयक्तिक स्वतन्त्रताको अभिव्यक्ति विक्रमले बीनूसँग गरेको प्रेम र दाम्पत्य जीवनलाई स्वीकार गरेको सन्दर्भबाट समेत व्यक्त गरिएको छ । डापीटोलमा डेरामा बसेर सामान्य जागिरका भरमा जीवननिर्वाह गरिरहेको यस पात्रसँग बीनूको निकटता रहेको कुरालाई

प्रस्तुत गरिएको छ । आर्थिक जटिलताका कारण वैवाहिक सम्बन्ध स्थापित गर्न नसकेको यस पात्रलाई कुनै अपरिचित व्यक्तिले बीनूसँग प्रेम गर्न छाड भन्ने धम्कीपूर्ण पत्र लेखे पनि आफ्नो स्वतन्त्रताको उपयोग गर्दै प्रेमबाट विचलित नहुनु उसको वैयक्तिक स्वतन्त्रता रहेको स्पष्ट देख्न सकिन्छ । आफ्नो कमजोर आर्थिक अवस्थाका कारण दाम्पत्य जीवनमा प्रवेश गर्ने हैसियत यस पात्रमा रहेको छैन भन्ने सत्यतालाई उपन्यासको यस साक्ष्यले स्पष्ट पारेको छ :

> विक्रम यहाँबाट उहाँ दगुर्‍यो, जस्तो छिटोछिटो बूढो हुन थालेको होस्, अब दगुरेर मात्र भ्याइन्छ र ... पाँचौं बिहान, यी सब थकाइबाट थाकेको ऊ, जब बिउँझ्यो- उसले देख्यो ऊ त प्रेमीबाट एकै रातमा बीनूको पति पो बनिसकेछ । छेउमै बीनू सुतेकी छे, लस्तपस्त, उसकी पत्नी बनेर । अब हतार र अत्यास छैन । (गौतम, २०३३/२०६४, पृ. ७५-७६)

माथिको उद्धरणले विक्रमको बाध्यतालाई बोध गराएको छ । बीनूसँग गरिएको प्रेममा बाधा खडा गरिए पनि त्यसप्रति विक्रम सचेत बन्दै प्रेमबाट विमुख नहुनु उसको स्वतन्त्रता रहेको देखिन्छ । प्रेम गरे पनि बिहे गर्नै पर्ने बाध्यता मानिसमा नहुने कुरा त स्पष्ट नै छ । यसका साथै बीनूसँग सुतेकै भरमा अप्रत्याशित एवम् षड्यन्त्रपूर्वक पति बनेको घटनालाई स्वीकार गर्नु पनि उसको स्वतन्त्रता रहेको देखिन्छ । प्रेममा बाधा, अप्रत्याशित बिहेका दृश्यले विक्रमको निजी जीवनमा बाह्य षड्यन्त्र छ भन्ने कुरा त स्पष्ट नै रहेको छ । अप्रत्याशित रूपमा पति बन्नुपरेको कुरालाई अस्वीकार गर्ने प्रबल सम्भावना रहँदा रहँदै पनि बीनूलाई पत्नीका रूपमा विक्रमले स्वीकार गरेको घटनाको संयोजन गरेर यस उपन्यासमा वैयक्तिक स्वतन्त्रता अभिव्यक्त गरिएको छ ।

*डापी* उपन्यासमा विक्रमले ‘कखग’ पात्रका विरुद्ध लाग्न गरेको निर्णयका माध्यमबाट समेत वैयक्तिक स्वतन्त्रता अभिव्यक्त गरिएको छ । डापीटोलमा भय, आतङ्क, भ्रष्टाचार, असुरक्षा, हत्या, बलात्कारका घटनाका माध्यमबाट ‘कखग’ पात्र कुख्यात बनेका छन् । शक्तिका माध्यमबाट त्यस टोलमा प्रभुत्व स्थापित गरेका यस्ता चरित्रका विरुद्धमा विक्रम लाग्नु उसको स्वतन्त्रता रहेको देखिन्छ । चोरडाँकाबाट डापीटोललाई सुरक्षित राख्नाका लागि भन्दै डापीवासीलाई जम्मा गरी ‘कखग’ पात्रले पर्खाल निर्माण गर्ने विषयमा गरेको सहमतिप्रति विक्रमले त्यस बेलामा मौनता देखाए पनि एक वृद्ध पात्रका माध्यमबाट त्यस कुराप्रति व्यक्त गरेको असहमतिका माध्यमबाट ऊ ‘कखग’ पात्रका विरुद्ध लाग्ने निर्णयमा प्रतिबद्ध छ भन्ने कुरा स्पष्ट भएको छ । विक्रम ‘कखग’ पात्रको प्रतिवादमा लागेको छ भन्ने कुरालाई उपन्यासको यस साक्ष्यले स्पष्ट पारेको छ -“विक्रमले पनि, तिनीहरूसित बिदा माग्यो र बाहिर निस्क्यो, हूल बाहिर । जाँदाजाँदै, उसले तिनीहरूसित त केही भनेन, तर अघिका ती वृद्धको कानमा आफ्नो कुरो फुकाएर गयो- तर मलाई चाहिँ यो कुरा

मन परेन है बाजे" (गौतम, २०३३/२०६४, पृ. ४८) । एक वृद्ध मानिससँग विक्रमले गरेको कुरामा ऊ 'कखग' पात्रको विरोधी रहेको पुष्टि हुन्छ । 'कखग' पात्रले त्यस टोलमा गर्ने विकास उनीहरूको स्वार्थसँग जोडिएको छ भन्ने कुराप्रति विक्रम सचेत रहेको देखिन्छ । व्यक्तिको अस्तित्वमाथि आक्रमण गरी स्वार्थ सिद्धि गर्ने 'कखग' पात्रका विरुद्ध आवाज उठाउनु त्यति सहज नरहे पनि विक्रम भने तिनका विरुद्ध लाग्ने निर्णयप्रति प्रतिबद्ध रहेको छ । भय, आतङ्क, क्रूरता जस्ता टोलवासीका हितविपरीतका 'कखग' पात्रका गतिविधिबाट उन्मुक्तिका लागि कोही न कोहीले नेतृत्व लिनुपर्ने कुराको बोध विक्रममा भएको छ । विक्रममा 'कखग' पात्रका विरुद्ध प्रतिरोधी भावनाको विकास हुनु चित् भविताको सक्रियता नै रहेको देखिन्छ । यसकै सक्रियताका कारण नै विक्रमले 'कखग' पात्रका विरुद्धमा आवाज उठाएर नेतृत्वदायी भूमिकासमेत निर्वाह गरेको देखिन्छ । डापीटोलमा क्रूरताका प्रतीक 'कखग' पात्रका विरुद्ध उभिने निर्णयमा विक्रम प्रतिबद्ध बनेको घटनाको संयोजन गरी यस उपन्यासमा वैयक्तिक स्वतन्त्रता अभिव्यक्त गरिएको छ ।

*कट्टेल सरको चोटपटक* उपन्यासमा वैयक्तिक स्वतन्त्रताको अभिव्यक्ति पात्रका स्वतन्त्र निर्णयका माध्यमबाट भएको छ । यस उपन्यासमा प्रमुख चरित्र कट्टेल र सावित्रीले गरेका निर्णयलाई आख्यानात्मक रूपमा प्रस्तुत गरी वैयक्तिक स्वतन्त्रता व्यक्त गरिएको छ । उपन्यासकार र उपन्यासका पात्रको जीवन भोगाइका बिचमा मेल देखिन्छ । रोग, ऋण, गरिबी, घरबेटीलाई समयमा भाडा तिर्न नसक्दा लुक्नुपर्ने बाध्यता, डेरा सरिहनुपर्ने बाध्यताले शिथिल बनेका उपन्यासकारका वैयक्तिक जीवनका समस्याको प्रभाव यस उपन्यासमा पनि परेको देखिन्छ (गौतम, २०५६/२०७५, पृ. ३९४) । उपन्यासकारको निजी जीवनका पीडा र कट्टेलका जीवनका पीडामा समानता देखिन्छ । जीवनमा भोग्नुपरेका पीडामा पनि कट्टेलले स्वतन्त्र निर्णय गर्दै कठिन परिस्थितिमा पनि उपन्यासको अन्त्यसम्म नै अस्तित्वका लागि सङ्घर्ष गरिरहेको छ । अस्तित्वका लागि पात्रले स्वतन्त्र निर्णय गर्नुपर्ने परिवेश सिर्जना गरी यस उपन्यासमा वैयक्तिक स्वतन्त्रता अभिव्यक्त गरिएको छ ।

*कट्टेल सरको चोटपटक* उपन्यासमा वैयक्तिक स्वतन्त्रताको अभिव्यक्ति प्रमुख स्त्री चरित्र सावित्रीका माध्यमबाट भएको छ । सावित्रीले बिहे गर्नुपूर्व सम्पन्न परिवारका पात्रहरू बिहेको प्रस्ताव लिएर आउँदा पनि थप सम्पन्नताको अपेक्षासहित कट्टेलसँग बिहे गर्नुमा उसको वैयक्तिक स्वतन्त्रता प्रबल बनेको देखिन्छ । उपन्यासमा कट्टेलसँग कुनै मायाप्रेमको सम्बन्ध प्रगाढ भएर अन्य पात्रलाई छाडेको नभई सुखपूर्वक जीवन बिताउन सहज हुने ठान्दै कट्टेललाई रोजेको देखिन्छ । उपन्यासको साक्ष्यले यस कुरालाई पुष्टि गरेको छ :

> उसका आमाबाबुले सायद, अन्धविश्वासमा मसित बिहे गरिदिए; के भने, कट्टेलहरू हामीलाई फाप्छन् । एकपल्ट त, स्वास्नीले मलाई निकै आक्रमण गरी । उ सुनाउन

> थाली, उसलाई कुनै इन्जिनियर माग्न आएको थियो, बलरामपुरको कुनै धनाढ्यको छोरोको अफर थियो, विराटनगरको एउटा लखपति (अहिलेसम्ममा करोडपति) को नातीसित कुरा चलेको थियो । (गौतम, २०३७/२०७५, पृ. २१)

माथिको उद्धरणमा सावित्रीले कट्टेलसँग बिहे गर्नाका लागि मौन समर्थन जनाउनु पनि उसको स्वतन्त्रता रहेको कुरालाई प्रमाणित गरेको छ । सम्पन्न परिवारका पात्रहरू सावित्रीसँग बिहे गर्ने प्रस्तावसहित माग्न आएका अवस्थामा कट्टेलहरू फाप्ने र थप सम्पन्नता प्राप्त हुने अपेक्षासहित कट्टेलसँग सावित्रीका बाआमाले बिहे गरिदिन गरेको प्रस्तावलाई सावित्रीले स्वीकार गरेर बिहे गर्नुमा उसको वैयक्तिक स्वतन्त्रता रहेको छ । आफूले पतिलाई स्वीकार गर्ने विषयलाई किटानका साथ उपन्यासमा प्रस्तुत नगरिए पनि फाप्ने परिवारसँग बिहे गर्ने परम्परित संस्कारका कुरालाई मौन स्वीकृति जनाएको कुराका आधारमा कट्टेलसँग बिहे गर्नु उसको वरणस्वतन्त्रता रहेको देखिएको हो । यद्यपि तत्कालीन परिवेशमा अभिभावकका आग्रहलाई स्वीकार गर्नुपर्ने वातावरण भए पनि अरू उम्मेदवारलाई अस्वीकार गर्ने सावित्रीले कट्टेललाई पनि अस्वीकार गर्न सक्ने थिई तर त्यसो नगरी उसैसँग बिहे गर्नुमा उसको वैयक्तिक स्वतन्त्रता प्रबल बनेको छ भन्ने कुरा स्पष्ट भएको छ ।

व्यक्ति आफ्नो जीवनमा आइपर्ने हरेक परिस्थितिमा निर्णय गर्न स्वतन्त्र छ भन्ने मान्यतालाई *कट्टेल सरको चोटपटक* उपन्यासमा वासुदेव कट्टेल र उसकी पत्नी सावित्री कट्टेलको किशोरावस्थादेखिको साथी कुमारले आमन्त्रण गरेको भोजमा गएको घटनाका माध्यमबाट व्यक्त गरिएको छ । कुमार बैंकको वरिष्ठ सहायक भएर काम गरी आर्थिक समृद्धि प्राप्त गरेको पात्र हो । यसले यसअघि पनि कतिपय ठाउँमा कट्टेललाई अपमान गर्दै आएको छ । यस्तो कुरो अनुभव गरेको कट्टेलले अब उसका निकट रहन अनुपयुक्त ठान्दा ठान्दै पनि पत्नी र सानो छोरालाई त्यस भोजमा लिएर जानुमा उसको वैयक्तिक स्वतन्त्रता प्रबल बनेको छ । उसलाई कुमारले आमन्त्रण गरेको छ भन्ने कुरालाई उपन्यासको यस उद्धरणले स्पष्ट पारेको छ -"पर्सि बिहान आइज न त, लन्च राखेको छु, चार-पाँचजना अरू पनि आउँछन् । हुन्छ । विथ भाभीजी एन्ड चिल्डेन । ओ के" (गौतम, २०३७/२०७५, पृ. ७३) । कुमारले कट्टेललाई आमन्त्रण गरेको छ भन्ने कुरालाई यस उद्धरणका माध्यमबाट स्पष्ट पारिएको छ । कुमारले गरेको यस आमन्त्रणलाई स्वीकार गर्नु कट्टेलको वैयक्तिक स्वतन्त्रता रहेको देखिन्छ । कुमार अहङ्कारी र खराब पात्र हो भन्ने कुराको बोध भए पनि कट्टेल भोजमा गएको छ । अर्को पात्र एकनाथले कुमारलाई साथ दिँदै कट्टेलको मन दुखाउने क्रियाकलाप पटक पटक गर्दै आएका कारण अब यी दुवै पात्रसँग नबस्ने प्रतिबद्धता कट्टेलले गरे पनि आफूले गरेको प्रतिबद्धतालाई तोड्दै ऊ कुमारकहाँ उपस्थिति जनाएको छ । कुमारले भोजका निम्ति आमन्त्रण गरेका अवस्थामा कट्टेल उत्सुक बन्नु र त्यहाँ आफ्नो

परिवारसहितको उपस्थिति दर्साउनु उसको र पत्नी सावित्रीको वैयक्तिक स्वतन्त्रता रहेको देखिन्छ ।

*कट्टेल सरको चोटपटक* उपन्यासमा प्रमुख चरित्र कट्टेलले आफ्नो साथी कुमारले दिएको सुट लगाएर एक भोजमा जानका लागि गरेको निर्णयलाई पनि उसको वैयक्तिक स्वतन्त्रताका रूपमा लिन सकिन्छ । एक बिहान पाहुनाका रूपमा परिवारसहित आएको रोशन नामक पात्रले पार्टीमा जानका लागि निम्तो दिएपछि कट्टेलले एकातिर खुसी र अर्कातिर तनावको अनुभव गरेको छ । केही समयअघि मात्र स्वास्नीमा आँखा लगाएको आरोपसहित चक्कु ताकेको साथी कुमारले कुनै बखत राम्रो आम्दानी भएको मौकामा राम्रो सुट कट्टेललाई दिएको थियो । कुनै एक दिनको कुमारको अमर्यादित व्यवहारबाट सम्बन्ध बिग्रिएपछि उसले दिएको सुटप्रति पनि कट्टेलमा वितृष्णाभाव जागृत भएको छ । यसो भए पनि विकल्पको अभावका कारण कट्टेलले उक्त सुट लगाएर जानु उसको स्वतन्त्रता रहेको कुरालाई उपन्यासको यस साक्ष्यले स्पष्ट पारेको छ -"अब कट्टेल घरबाट निस्किन्छ । सुटको भव्यता र दोधार लिएर घर बाहिर आएको छ । सुटलाई लिएर अपमान भै हाल्यो भने ? कुमार जे पनि गर्न सक्छ" (गौतम, २०३७/२०७५, पृ. २०८) । कट्टेलले भोजमा जानका लागि लगाउने उपयुक्त अन्य सुटको अभाव आफ्नो घरमा रहेको छ । कुमारले दिएको सुट लगाउने इच्छा नभएकाले पत्नी सावित्रीले समेत भोजमा नजाने विकल्प प्रस्तुत गरेकी छ । अन्य विकल्प हुँदाहुँदै पनि कट्टेलले कुमारले दिएको सुट लगाएर भोजमा जाने निर्णय गर्नुमा उसको वैयक्तिक स्वतन्त्रता रहेको प्रस्ट देखिन्छ ।

वैयक्तिक स्वतन्त्रता *स्वर्गीय हीरादेवीको खोज* उपन्यासमा केन्द्रीय कथ्यका रूपमा प्रस्तुत भएको छ । प्रमुख चरित्र कुमार नेपालीले आफ्नो अस्तित्वका निम्ति स्वतन्त्र निर्णयमा सक्रिय रहेको कुरालाई आख्यानात्मक रूपमा प्रस्तुत गरी वैयक्तिक स्वतन्त्रता अभिव्यक्त गरिएको छ । आमा, अस्तित्व र आर्थिक पक्षको सुधारको खोजीको विषय नै उसको जीवनको प्रमुख लक्ष्य बनेको कुरालाई उपन्यासमा विषयबद्ध गरिएको छ । यस पात्रले गरेको निर्णय उसको अस्तित्वका लागि नै रहेको देखिन्छ । यस पात्रले आफ्नो अस्तित्वका लागि स्वतन्त्र निर्णय गर्नुपर्ने परिवेश सिर्जना गरी यस उपन्यासमा वैयक्तिक स्वतन्त्रता व्यक्त गरिएको छ ।

*स्वर्गीय हीरादेवीको खोज* उपन्यासमा वैयक्तिक स्वतन्त्रताको अभिव्यक्ति प्रमुख चरित्र कुमारले आफ्नो पहिचान सुरक्षित गर्नाका लागि आफैले नामकरण गरेकी पात्र हीरादेवीको खोजीमा लागेको सन्दर्भका माध्यमबाट व्यक्त गरिएको छ । त्यस विशाल घरमा हीरादेवी जस्ता नारीहरूलाई यौन शोषण गरी अलप गराउने गरेका घटनालाई कुमारले राम्रोसँग बुझेको छ । त्यसैले उसलाई थाहा छ कि हीरादेवीलाई जीवनमा प्राप्त गर्न सकिँदैन तर पनि उसको सशरीर रूप प्राप्त नगरे पनि पहिचान भने अवश्य प्राप्त गर्न सकिन्छ भन्ने मनोविज्ञान उसमा रहेको छ ।

त्यही विशाल घरछेउको चौतारामा फ्याँकिने गरेका शिशुजस्तै फ्याँकिएको कुमारबहादुर नेपालीको नामकरणमा कुनै तर्क छैन । कुमारमा आफ्नी आमाको पहिचान गरी आफ्नो समेत परिचय सुरक्षित गर्ने तीव्र अभिलाषा रहेको देखिन्छ । कुमारले आफ्नो परिचयका लागि स्वतन्त्र निर्णय गरेको कुरालाई उपन्यासको यस उद्धरणले स्पष्ट पारेको छ :

> मेरी आमाको ठेगाना बताइदे, नाउँ र आकृति बताइदे अथवा टाढैबाट देखाइदे, को हुन् मेरी आमा ? मेरो त्यो बाबु यिनै मामा भनाउँदाहरूभित्र पर्छ, तर मेरी आमा, माइजूहरूभित्र नपर्न सक्छिन् । पर्न पनि सक्छिन् । मैले भनिसकेँ, माइजूहरूको अवैध सन्तान पनि त्यसै गरी त्यहीँ अवतार दिने गर्दछन्, जसरी, जहाँ मैले अवतार लिएको थिएँ । त्यही चौतारोमा । (गौतम, २०४५/२०५७, पृ. २०)

माथि प्रस्तुत भएको उपन्यासको अंशले कुमारको अस्तित्वप्रतिको सचेततालाई बोध गराएको छ । मृत भइसकेकी नै भए पनि कुमारले आमाको खोजी गर्नुको एउटा कारण आमा को थिइन् भन्ने कुराको बोधका लागि हो भने अर्कातिर आफ्नो परिचय र अस्तित्वको रक्षाका लागि नै हो भन्ने कुरा उसका अभिव्यक्तिले स्पष्ट पारेका छन् । आफूले नै नामाकरण गरेकी अज्ञात आमाको खोजीका लागि कुमार प्रयत्नशील रहेको घटनालाई प्रस्तुत गरेर यस उपन्यासमा वैयक्तिक स्वतन्त्रता अभिव्यक्त भएको छ ।

*स्वर्गीय हीरादेवीको खोज*मा उपन्यासमा कुमारबहादुर नेपालीले जागिर खानाका लागि गरेको प्रयत्नका माध्यमबाट समेत वैयक्तिक स्वतन्त्रता व्यक्त गरिएको छ । कुमार शिशु अवस्थादेखि नै आमाबाबुबाट परित्यक्त भई त्यस विशाल घरमा आश्रय लिएर हुर्किएको पात्र हो । त्यस घरको चौबिस भाइको यौनदुराचारका कारण कुमार जस्ता थुप्रै शिशुले आफ्नो पहिचान गुमाउन बाध्य भएका छन् । आमाबाबु त्यही घरमै भए पनि कुमारलाई ज्ञात हुन सकेको छैन । कुमारले गास, बास, कपासको आश्रय त्यसै घरमा लिएर त्यहाँको नियमानुसार स्नातकसम्मको अन्तिम परीक्षा दिएको छ । जड भविताका अवस्थासम्म त कुमारले त्यस घरको बसाइलाई उपयुक्त नै मानेको छ । उसमा त्यस घरमा बस्नु उपयुक्त छैन, ममत्व पाइँदैन, एक्लो अनुभव गर्न परिरहेको छ भन्ने कुराको ज्ञात हुँदाहुँदै पनि आफ्नो जीविकोपार्जनको सहारा प्राप्त नहुँदा त्यस घरलाई त्याग गर्ने सामर्थ्य उसमा रहेको देखिँदैन । पछि भने उसमा त्यस घरप्रति वितृष्णा देखा परेको छ । त्यस घरमा बसेर आफ्नो निजत्व, स्वाभिमान र प्रतिष्ठा प्राप्त हुने कुनै लक्षण उसले देखेको छैन । यस्तो कुराको बोध हुनु चित् भविताको सक्रियता हो । आफ्नो अध्ययनको उपयोग, जीवनको सुरक्षा, स्वाभिमान र अस्तित्वको रक्षा गर्नाका निम्ति त्यस घरलाई छाड्नु नै उपयुक्त हुने कुरा कुमारले ठानेको छ । त्यसको उत्तम विकल्प जागिर खाने नै हो भन्ने कुराको बोध उसलाई भएको छ भन्ने कुरालाई उपन्यासको यस साक्ष्यले स्पष्ट पारेको छ :

> अब प्रश्न नोकरीको छ । नोकरी गरेर अलग्ग बस्ने छुट मलाई छ । मलाई मात्र होइन, सबलाई छ । नोकरी नगरे पनि अलग्ग बस्न पाइन्छ, तर त्यस अवस्थामा अलग्ग बस्ने को ? .... नोकरी नगरुँ भने त्यही हण्डी जस्तो खाऊ, बस । सारा मामा छन्, माइज्यू छन् तर खानलाई हण्डी मात्र छ ? (गौतम, २०४५/२०५७, पृ. ३०)

माथिको उद्धरणमा कुमार आफूलाई बनाउने कुरामा सक्रिय रहेको छ भन्ने कुरा अभिव्यक्त भएको छ । कुमारको जन्मको अवस्था ज्ञात नभए पनि जुन ठाउँमा हुर्केको थियो त्यसै ठाउँलाई छाडेर जागिरको खोजीमा लाग्नु उसको वैयक्तिक स्वतन्त्रता हो । त्यस विशाल घरमा बसेर उनीहरूको सेवामा सक्रिय रहँदा आफ्नो स्वाभिमान सुरक्षित हुन नसकेको अनुभव कुमारले गरेको छ । आफ्नो अध्ययनको सदुपयोग र अस्तित्वको रक्षाका लागि जागिर खानु नै सर्वोत्तम आधार हो भन्ने बोध गर्दै त्यसको प्राप्तिका लागि प्रयत्न गर्नुमा उसको वैयक्तिक स्वतन्त्रता रहेको देखिन्छ । यस स्वतन्त्रताको उपयोगले त्यस घरको सास्ती भोग्न नपर्ने र आफ्नो अस्तित्व सुरक्षित गर्न सकिने सोचले नै कुमारले जागिर गर्ने निर्णय गरेको हो ।

*स्वर्गीय हीरादेवीको खोज* उपन्यासमा कुमारले आशाले उपलब्ध गराएको जागिर खान गरेको निर्णयका माध्यमबाट मानिसले आफ्नो अस्तित्व सुरक्षित गर्नाका निम्ति निर्णय गर्ने स्वतन्त्रता प्राप्त गरेको हुन्छ भन्ने मान्यतालाई व्यक्त गरिएको छ । आफूले आर्जन गरेको शिक्षाको सदुपयोग र आफ्नो आर्थिक कमजोरीलाई सुधार गर्ने तथा त्यस विशाल घरमा अस्तित्वविहीन भएर कुण्ठित जीवन बिताउनु पर्दाका समस्याबाट मुक्तिका लागि कुमारले जागिर खाने विकल्पलाई उत्तम ठान्नुले चित् भविताको सक्रियतालाई बोध गराएको छ । आफ्नो हैसियतअनुसारको जागिरको अपेक्षा गरे पनि त्यस्तो सम्भावना टरेपछि अन्ततः आशाले लगाइदिएको नोकरी गर्नु उसको स्वतन्त्रता रहेको कुरालाई यस उद्धरणले स्पष्ट पारेको छ -"अब केही-न- केही त गर्नै पनि त पर्‍यो, आफूलाई जोगाउन वा भनूँ इज्जत जोगाउन । वास्तविकता के हो भने, म मन्त्रीको प्रोक्योइमेन्ट अफिसर हुँ अर्थात् कि किनमेल अधिकृत, नोकर भन्न पाइन्न, इमान्दारीले भन्छु, (गौतम, २०४५/२०५७, पृ. ६८) । कुमारले जागिर खानु उसको स्वतन्त्रता रहेको कुरालाई यस उद्धरणले स्पष्ट पारेको छ । उच्च शिक्षा हासिल गरेको, अनुशासित, परिश्रमी र अनुकूल स्वभावको कुमारले पियनको जागिर खाने निर्णय गरेको सन्दर्भले नेपालको बेरोजगारी समस्यालाई स्पष्ट रूपमा चित्रित त गरेको छ साथै उसले आफ्नो अस्तित्वका लागि जागिर खानका लागि गरेको स्वतन्त्र निर्णयका माध्यमबाट अस्तित्ववादी जीवनदृष्टिलाई समेत गहन रूपमा सम्बोधन गरेको छ । आफ्नो अस्तित्वका लागि गरेको निर्णय नराम्रै भए पनि पात्रले

त्यसलाई वरण गर्नुपर्ने अस्तित्ववादी मान्यताअनुरूप नै कुमारले निम्नकोटिको जागिर स्वीकार गरेको वातावरण संयोजन गरी यस उपन्यासमा वैयक्तिक स्वतन्त्रता अभिव्यक्त गरिएको छ ।

वैयक्तिक स्वतन्त्रतालाई *एक शहरमा एक कोठा* उपन्यासमा केन्द्रीय कथ्य बनाई अभिव्यक्त गरिएको छ । 'म' पात्रले गरेको निर्णयका आधारमा उपन्यासको आख्यानात्मक संरचना तयार भएको देखिन्छ । यो उपन्यास मूलतः उपन्यासकारको जीवनका घटनासँग सम्बद्ध रहेको छ । "पछि, एक शहरमा एक कोठा' लेख्दा यस्ता अनुभवले काम गरे । डेराको दुःख, उसले पनि चरम सीमामा भोगेको थियो । उसका कति कथा उपन्यासमा डेरा सम्बन्धी कुराहरू आएका छन् भने त्यसै आएका होइनन्" (गौतम, २०५६/२०७५, पृ. ३९२) । उपन्यासकारको यस आत्मस्वीकृतिका आधारमा पनि उनले जीवनमा भोगेका समस्यालाई यस उपन्यासमा अभिव्यक्त गरेको स्पष्ट हुन्छ । उपन्यासको प्रमुख 'म' पात्रले गरेको स्वतन्त्र निर्णयलाई वैयक्तिक स्वतन्त्रताका रूपमा लिन सकिन्छ । आफू बन्नाका लागि स्वयम् निर्णयमा सक्रिय बन्नुपर्छ भन्ने कुराप्रति यो पात्र सचेत बनेको देखिन्छ । आफ्नो अस्तित्वका लागि यस पात्रलाई स्वतन्त्र निर्णयमा सक्रिय बन्नुपर्ने परिवेशको सिर्जना यस उपन्यासमा गरिएको छ ।

*एक शहरमा एक कोठा* उपन्यासमा अस्तित्ववादी जीवनदृष्टिअन्तर्गतको वैयक्तिक स्वतन्त्रताको अभिव्यक्ति 'म' पात्रले जागिर खानका लागि गरेको निर्णयका माध्यमबाट गरिएको छ । नेपालको ग्रामीण क्षेत्रको 'म' पात्रले आफ्नो जीवनको प्रमुख लक्ष्य जागिर खाने कुरालाई बनाएको छ । पठित पात्र बेकम्मा भई प्रकृतिमा विचरण गरिरहँदा मनमा पीडाबोध भएको, आफ्नो योग्यताको उपयोग नभएको र जीवननिर्वाहका लागि समेत समस्या भएकाले नै आफ्नो अस्तित्वका लागि 'म' पात्रले जागिर खाने निर्णय गरेको हो । 'म' पात्रले गरेको यस्तो निर्णयमा अस्तित्ववादी वैयक्तिक स्वतन्त्रता अभिव्यक्त भएको छ। उसले गरेको निर्णयका बारेमा उपन्यासको यस साक्ष्यले स्पष्ट पारेको छ :

> मर्नुभन्दा दुई-चार दस मिनेटै अगि भए पनि कुनै अफिसको कर्मचारी रजिष्टरमा मेरो नाउँ दर्ता होस् र एक महिनाको तलब एडभान्स कै रुपमा भए पनि मेरो हातमा परोस् । त्यसपछि बरु त्यो रकम खोसे पनि हुन्छ, कुन अर्थमा भन्नौं भने, मैले यी कामहरू, मर्नु १०-१५ मिनट अगि मात्र भए पनि घटित होस् भनेर कल्पना गरेको थिएँ । (गौतम, २०४६, पृ. २७)

'म' पात्रको यस अभिव्यक्तिमा अस्तित्ववादी जीवनदृष्टि अभिव्यक्त भएको छ । जीवनमा बाँचेर मात्र अस्तित्व सुरक्षित गर्न सकिन्छ भन्ने अस्तित्ववादी जीवनदर्शनको मान्यताअनुरूप यस पात्रले बाँच्ने कुरालाई प्रमुख महत्त्व दिएको छ। आफूले अपेक्षा गरेअनुरूप जागिरमा सक्रिय गराएर आफ्नो अस्तित्व सुरक्षित गर्ने अभिलाषा 'म' पात्रमा रहेको देखिन्छ। यस उपन्यासमा

जागिरबाट आफ्नो अस्तित्व सुरक्षित हुने अपेक्षासहित 'म' पात्रले जागिर खानका लागि गरेको निर्णयका माध्यमबाट वैयक्तिक स्वतन्त्रता अभिव्यक्त गरिएको छ ।

*एक शहरमा एक कोठा* उपन्यासको 'म' पात्रले गीतासँग बिहे गर्नाका लागि गरेको निर्णयका माध्यमबाट समेत वैयक्तिक स्वतन्त्रता अभिव्यक्त गरिएको छ । उपन्यासको आरम्भदेखि नै औपन्यासिक घटना र अन्य पात्रसँग सम्बद्ध रही आख्यानको विकासमा प्रमुख भूमिकानिर्वाह गरेको 'म' चरित्रले अपेक्षा गरेको जागिर खाने रुचिमा सफलता प्राप्त गरे पनि आर्थिक पक्षमा भने आशातीत प्रगति गर्न नसकेको कुरालाई उपन्यासमा विषयबद्ध गरिएको छ । कार्यालयमा सँगै काम गर्ने स्त्री पात्र सावित्रीले खाने कुरा दिने गरेकी, सँगै हिँड्ने गरेका तथा रुमालसमेत दिएका घटनाले 'म' पात्रको निकटता उससँग रहेको प्रस्ट भएको छ । उपन्यासमा प्रस्तुत यस्ता तथ्यका आधारमा यी दुई पात्रका बिचमा वैवाहिक सम्बन्ध स्थापित हुन सक्ने प्रबल सम्भावना रहेकै थियो । 'म' पात्रकै यस अभिव्यक्तिले यस कुरालाई पुष्टि गरेको छ :

> ऊ मलाई ज्यादै राम्रो लाग्न थाली । म सोच्न थालें, मेरो राम्रो लगाइको यही बृद्धि रह्यो र यो फेला परी भने म यसैसित बिहे नै गर्थें । यद्यपि जातभातको झंझट घरमा उफ्रिन सक्थ्यो, केही दिन । तर म त्यसमाथि अलि भावुकताले सोच्न थालेँ, अलिकति विद्रोहले पनि । (गौतम, २०४६, पृ. १७-१८)

'म' पात्र सावित्रीसँग निकट रहेको छ भन्ने कुरालाई उपन्यासको यस साक्ष्यले स्पष्ट पारेको छ । यस पात्रका मनस्थितिमा जागृत सावित्रीप्रतिको आकर्षणको भावनाले यिनीहरूका बिचमा प्रेम सम्बन्ध स्थापित हुन सक्ने सम्भावना पनि प्रबल रहेको स्पष्ट हुन्छ । सावित्रीसँग बिहे गरेपछिको जीवन पनि आर्थिक रूपमा समृद्ध रहन सक्ने सम्भावना पनि उत्तिकै रहेको देखिन्छ । यस्तो सम्भावना रहँदारहँदै पनि आफ्नै अभिभावकको आग्रह, रोजाइ र परिस्थिति (बहिनीको बिहे गर्नुपर्ने बाध्यता) लाई स्वीकार गर्दै गीतासँग वैवाहिक सम्बन्धमा बाँधिएको छ । 'म' पात्रले अन्य स्त्रीसँग वैवाहिक सम्बन्ध स्थापित गर्ने सम्भावना रहँदारहँदै पनि ग्रामीण क्षेत्रकी पात्र गीतासँग बिहे गर्नुपर्ने परिवेश सिर्जना गरी यस उपन्यासमा वैयक्तिक स्वतन्त्रता अभिव्यक्त गरिएको छ ।

*एक शहरमा एक कोठा* उपन्यासमा प्रमुख 'म' पात्रलाई सहायक पात्र कर्णप्रसादले रक्सी खानका लागि गरेको आग्रहलाई स्वीकार गर्न लगाई वैयक्तिक स्वतन्त्रता अभिव्यक्त गरिएको छ । उपन्यासको आरम्भदेखि नै 'म' पात्रले गरेका स्वतन्त्र निर्णयका कारण एकपछि अर्को सङ्कटको शृङ्खला सिर्जना भएको र यस उपन्यासमा उसको यो पछिल्लो निर्णयले थप जटिलता र समस्या सिर्जना गरेको कुरालाई उपन्यासका घटनाले पुष्टि गरेका छन् । कर्णप्रसाद 'म' पात्रका लागि अपरिचित व्यक्ति होइन । कर्णप्रसाद घरपरिवारप्रति असन्तुष्ट, जागिरप्रति असन्तुष्ट, योग्यता र क्षमताको कदर नभएको अनुभव गर्ने, वर्षमा एक-दुई महिना हराउने, रक्सी अति सेवन गर्ने,

श्रीमतीलाई समेत आक्रमण गर्ने पात्र हो भन्ने कुराको ज्ञात हुँदाहुँदै पनि उसले रक्सी खानका लागि गरेको आग्रहलाई 'म' पात्रले स्वीकार गर्नु उसको वैयक्तिक स्वतन्त्रता रहेको देखिन्छ। घरपट्टी र पत्नी गीताको भय देखाउँदै उसको आग्रहलाई अस्वीकार गरी उम्कने प्रशस्त विकल्प हुँदाहुँदै पनि 'म' पात्रले ती विकल्पलाई बेवास्ता गर्नु र कर्णप्रसादको आग्रहलाई स्वीकार गरेको कुराका माध्यमबाट यस उपन्यासमा वैयक्तिक स्वतन्त्रता अभिव्यक्त गरिएको छ। उपन्यासमा प्रस्तुत यस साक्ष्यले 'म' पात्रको वैयक्तिक स्वतन्त्रतालाई स्पष्ट पारेको छ :

> ढोकामा कर्णप्रसाद देख्नासाथ म खुसी भएँ। उसको हातमा पोलिथिनको थैलो र थैलोभित्र केही माल देखेर झन् खुसी भएँ। एक्लै पट्यार मानिरहेकै थिएँ। कर्णप्रसाद आज निकै उचित समयमा आएको थियो। सबथोक लिएरै आएको रहेछ। उसलाई थाहा थियो, म एक्लो र मेरा अल्छी बानीहरूका साथ एक्लो भएकोले, यहाँ केही पाक्न सक्तैन। (गौतम, २०४६, पृ. १३४)

'म' पात्रद्वारा प्रस्तुत माथिको उद्धरणमा उसले गरेको निर्णयलाई बोध गराइएको छ। कर्णप्रसादलाई देख्नासाथ प्रफुल्ल बनेको यस पात्रले उसको आग्रहलाई स्वीकार गर्ने निर्णयका कारण नै समस्यामा परेको हो। यस पात्रकै केन्द्रीयतामा उपन्यासका घटनाक्रम विकसित भएका र यसले नै पटक पटक गरेका निर्णयबाट सङ्कटमा परिरहेको वास्तविकतालाई उपन्यासमा प्रस्तुत गरिएको छ। 'म' पात्रले कर्णप्रसादलाई विश्वास गर्नु, उसको आग्रहलाई स्वीकार गर्नु र उम्कन सकिने विकल्पलाई नरोज्नु जस्ता विषयलाई नाटकीकरण गरी यस उपन्यासमा वैयक्तिक स्वतन्त्रता अभिव्यक्त गरिएको छ।

*सहस्राब्दीको अन्तिम प्रेमकथा* उपन्यासमा वैयक्तिक स्वतन्त्रतालाई मुख्य विषय बनाइएको छ। प्रमुख चरित्रहरू विग्रह र समिधा तथा सहायक पात्र प्रेमप्रसादले आफ्नो अस्तित्वका लागि स्वतन्त्र निर्णय गरेको कुरालाई आख्यानात्मक रूपमा प्रस्तुत गरी वैयक्तिक स्वतन्त्रता अभिव्यक्त गरिएको छ। यी पात्रले आफू बन्नाका लागि स्वतन्त्र निर्णयमा सक्रिय बनेको देखिन्छ। आफ्नो अस्तित्वका लागि यी पात्रलाई स्वतन्त्र निर्णयमा सक्रिय बन्नुपर्ने परिवेश यस उपन्यासमा सिर्जना गरिएको छ।

*सहस्राब्दीको अन्तिम प्रेमकथा* उपन्यासमा वैयक्तिक स्वतन्त्रताको अभिव्यक्ति विग्रहले समिधाप्रति आकर्षण भाव व्यक्त गरेका घटनाका माध्यमबाट भएको छ। विग्रह आर्थिक, बौद्धिक र रूपको कोणबाट सम्पन्न पात्र भएकाले यसलाई प्राप्त गर्नाका लागि धेरै युवतीहरू आतुर देखिए पनि तिनीहरूप्रति बेवास्ता गर्नु उसको स्वतन्त्रता नै रहेको देखिन्छ। रूप र गुणले सम्पन्न युवतीको खोजीमा रहेको यस पात्रले कलेजकी नवआगन्तुक युवती छात्रा समिधालाई देखेपछि उसैप्रति आकर्षित भएको कुरा प्रस्तुत गरेर यस उपन्यासमा वैयक्तिक स्वतन्त्रता अभिव्यक्त

गरिएको छ । आफूले अपेक्षा गरेअनुसारको पात्र समिधाका बारेमा अर्की साथी कान्तिबाट जानकारी प्राप्त गरेको विग्रहले समिधालाई असाधारण, अद्‌भूत र अद्वितीय ठानेको छ । व्यक्ति आफ्नो चाहनाअनुसारको विषय छान्नका लागि स्वतन्त्र छ भन्ने अस्तित्ववादी जीवनदर्शनको मान्यतालाई विग्रहले समिधालाई छनोट गरेको घटनाका माध्यमबाट पुष्टि गरिएको छ । आई.ए. पढ्दै गरेको युवक विग्रहले उमेरअनुरूपकी युवतीको खोजी गर्नु जैविक आवश्यकता पनि हो भने अर्कातिर पारिवारिक जीवनमा प्रवेश गर्ने रुचि पनि हो भन्ने कुरा स्पष्ट नै बुझिन्छ । उपयुक्त पात्रको अप्राप्तिका कारण उदास र अस्तव्यस्त बनेको विग्रहले समिधा देखेपछि उसप्रति आकर्षणयुक्त भाव देखाएर यस उपन्यासमा वैयक्तिक स्वतन्त्रता अभिव्यक्त गरिएको छ । उपन्यासको साक्ष्यले यस कुरालाई थप प्रमाणित गरेको छ :

> विग्रह त्यो केटीसँग आत्मादेखि प्रेम गर्न थाल्यो र शरीरको चाहना राख्न थाल्यो । ऊ सोच्न थाल्यो, ईश्वरले समिधालाई उसैको उदास र अस्तव्यस्त जीवनलाई तह लगाउन पठाइदिएका हुन् । पहिलेभन्दा पनि अब यो केटी देखेपछि लाग्न थाल्यो, यो केटी नभएकी भए उसले आत्महत्या गर्नु उचित हुन्थ्यो । अब, यो केटी नपायो भने पनि आत्महत्या नै गर्नेछु भन्ने दृढ अठोटका साथ जीवन बिताउन थाल्यो । (गौतम, २०५६, पृ. ३०)

विग्रह समिधालाई प्राप्त गर्न उद्यत रहेको कुरालाई माथिको उद्धरणले स्पष्ट पारेको छ । विग्रहलाई प्रेमप्रति आकर्षित गराउनका लागि रूपवती समिधाको उपस्थितिको परिवेश सिर्जना गर्दै त्यसै परिवेशका कारण उसप्रतिको आकर्षण भाव अभिव्यक्त गरेको देखिन्छ । विग्रह समिधाप्रति आकर्षित भएको घटनाको संयोजनका माध्यमबाट यस उपन्यासमा वैयक्तिक स्वतन्त्रता अभिव्यक्त गरिएको छ ।

*सहस्राब्दीको अन्तिम प्रेमकथा* उपन्यासका प्रमुख चरित्र विग्रह र समिधाले स्नातक उत्तीर्णपश्चात् आफ्नै खुट्टामा उभिनका लागि गरेको निर्णयलाई उनीहरूको वैयक्तिक स्वतन्त्रताका रूपमा लिन सकिन्छ । काठको व्यापारी प्रेमप्रसादको नाति विग्रह र सिमेन्टको व्यापारी श्यामप्रसादकी नातिनी समिधा दुवै चरित्र आर्थिक रूपमा समृद्ध छन् । महलमा बसेर आनन्दपूर्वक जीवन बिताउन सक्ने प्रबल सम्भावना हुँदाहुँदै पनि यी दुई पात्रले त्यस सम्भावनालाई तिरस्कार गरी आफ्नै खुट्टामा उभिने कुरालाई महत्त्व दिनु उनीहरूको वैयक्तिक स्वतन्त्रता रहेको छ । यी पात्रले आफ्नो अस्तित्वका लागि नोकरी गर्ने निर्णय गरेका छन् भन्ने तथ्यलाई उपन्यासको यस साक्ष्यले स्पष्ट पारेको छ :

> उनीहरू एउटा विषयमा केही दिनदेखि तीव्र रूपमा सोचिरहेका थिए । गरिबी र संघर्षको अनुभव प्रेमको एक अपरिहार्य भाग हो । त्यसकालागि उनीहरू नोकरी गर्न

चाहन्थे । घरको एक पैसा नलिएर बाँच्न चाहन्थे । उनीहरूले सुनिरहेका थिए, तलबको पैसाले यस देशमा केही पुग्दैन, त्यसकारण नोकरी गऱ्यो भने र आत्म-निर्भर हुन खोज्यो भने, परम अभावलाई उनीहरू पनि भोल्न पाउने छन् । (गौतम, २०५६, पृ. ७६)

माथिको उद्धरणमा विग्रह र समिधा आफ्नै खुट्टामा उभिन चाहेका छन् भन्ने कुरालाई अभिव्यक्त गरिएको छ । विग्रहका बाले यस्तो सम्पन्न परिवारको सदस्यले जागिर खोज्दै हिँड्दा प्रतिष्ठामा आँच आएको कुराको बोध गराएको र अर्को कुनै सर्वसाधारणको जागिर खोसिने कुराप्रति सचेत गराएका अवस्थामा पनि ऊ आफ्नो निर्णयबाट विचलित नहुनुमा ऊ आफूले गरेको स्वतन्त्र निर्णयमा दृढ छ भन्ने कुरा स्पष्ट भएको छ । घरपरिवारका सदस्यलाई आफ्नो निर्णयले बाधा पुगेको कुरा बोध गरेपछि भिङटीको छाना भएको साधारण घरमा डेरा लिएर आफ्नो घरलाई छाड्ने अर्को निर्णय गर्नुमा पनि उसको वैयक्तिक स्वतन्त्रता प्रबल रहेको देखिन्छ । विग्रह र समिधाले आफ्नो अस्तित्वका लागि गरेको निर्णयलाई उपन्यासको यस उद्धरणले पुष्टि गरेको छ -"त्यस दिन गएर दुवैले आ-आफ्नो घरमा घोषणा गरिदिए, अब म आफ्नै खुट्टामा उभिन्छु । म पढेलेखेको व्यक्तिमा गनिने भइसकें । म नोकरी गर्छु । त्यसपछि दुवै बेग्लाबेग्लै, नोकरी खोज्न थाले" (गौतम, २०५६, पृ. ८०) । यी दुई पात्रले जागिर गर्ने विषय यिनीहरूकै रोजाइ भएको कुरालाई यस उद्धरणले स्पष्ट पारेको छ । स्नातक उत्तीर्ण, पठित र सम्पन्न पात्रहरू विग्रह र समिधालाई जीवननिर्वाहका लागि जागिरको आवश्यकता नरहे पनि आफ्नै खुट्टामा उभिनका लागि गरेको निर्णयले उनीहरूको वैयक्तिक स्वतन्त्रतालाई बोध गराएको छ । आफ्नो पैतृक सम्पत्तिको उपयोगका माध्यमबाट जीवनलाई सुखमय ढङ्गबाट सञ्चालन गर्ने विकल्प रहँदारहँदै पनि यी पात्र जागिरप्रति आकर्षित भएका छन् । उपन्यासका यिनै प्रमुख पात्रले आफ्नो पढाइको सदुपयोग गर्ने प्रबल मनसाय र आफ्नै खुट्टामा उभिने लक्ष्यसहित जागिरको खोजीमा निरन्तर लागिरहेको घटनालाई प्रस्तुत गरेर यस उपन्यासमा वैयक्तिक स्वतन्त्रता अभिव्यक्त गरिएको छ ।

प्रेमसँग सम्बन्धित विषयलाई आख्यानात्मक रूपमा प्रस्तुत गरिएको *सहस्राब्दीको अन्तिम प्रेमकथा* उपन्यासमा वैयक्तिक स्वतन्त्रताको अभिव्यक्ति प्रमुख चरित्र विग्रह र समिधालाई एकअर्कासँग प्रेम गर्ने विषयमा स्वतन्त्र रूपमा निर्णय गर्न लगाएर व्यक्त गरिएको छ । आर्थिक रूपमा सम्पन्न परिवारका यी दुई सदस्यलाई प्रेम र विवाहका निम्ति अन्यत्रबाट प्रस्ताव आइरहे पनि ती विकल्पलाई छाडेर यी दुई पात्र प्रेम गर्ने कुरामा सहमत देखिनु यिनीहरूको वैयक्तिक स्वतन्त्रता रहेको देखिन्छ । व्यक्ति आफ्नो रुचिको विषय छनोट गर्न स्वतन्त्र छ भन्ने अस्तित्ववादी मान्यताअनुरूप नै समिधाले सुरुमा विग्रहको प्रेम प्रस्तावलाई अस्वीकार गरे पनि पछि विग्रहको

रोग र दारीबाट प्रभावित बन्दै उसप्रति सहानुभूति प्रकट गरी उसको प्रेमसम्बन्धी प्रस्तावलाई स्वीकार गर्नु समिधाको वैयक्तिक स्वतन्त्रता रहेको छ । समिधाले गरेको निर्णयलाई उपन्यासको साक्ष्यले प्रमाणित गरेको छ :

> म पक्कै चिन्तित छु । त्यति मात्र होइन, म तिम्रो रोगप्रति अत्यन्त उत्सुक पनि छु, किनभने तिम्रो यो दारी पनि तिम्रै रोगको परिणाम हो । तर म तिम्रो यो दारीका आश्चर्ययुक्त प्रशंसा गर्दछु, .... तिनीहरू प्रेम गर्न थाले । तर कैयौं वर्षसम्म तिनीहरू एउटा कुरामा दोधारमा भइरहे र झगडा गरिरहे, के भने, तिनको प्रेम टाइफाइडका कारण थालियो कि दारीका कारण ? (गौतम, २०५६, पृ. ५९)

समिधाद्वारा व्यक्त माथिको उद्धरणले उसको रोजाइको स्वतन्त्रतालाई बोध गराएको छ । विग्रहले समिधासँग प्रेम सम्बन्ध स्थापित गर्ने प्रयत्नमा आरम्भमा समिधाले वितृष्णाभाव देखाए पनि अन्ततः उसको रोग र दारीप्रतिको आकर्षणका कारण उसको प्रेमप्रस्तावलाई समिधाले स्वीकार गरेको घटनाको संयोजन गरी वैयक्तिक स्वतन्त्रता अभिव्यक्त गरिएको छ । यसै गरी विग्रहले पनि समिधाप्रति नै आकर्षण भाव व्यक्त गरेको छ । समिधासँग प्रेमसम्बन्ध स्थापित गर्नाका लागि विग्रहले कक्षामा बौद्धिक बहस गर्ने, अर्की साथी कान्तिसँग सहयोग लिने जस्ता गतिविधि आफ्नो स्वतन्त्र निर्णयलाई सार्थक पार्नाका लागि गरिएका प्रयत्न हुन् भन्ने स्पष्ट भएको छ । समिधालाई प्राप्त गर्नाका लागि विग्रह कक्षाका केटा साथीहरूसँग भिड्नसमेत सक्रिय हुनुले ऊ आफ्नो स्वतन्त्र निर्णयमा दृढ रहेको देखिन्छ । यसै गरी कक्षाका अरू केटा साथीका प्रेम प्रस्तावलाई स्वीकार गर्ने सम्भावना रहँदारहँदै पनि विग्रहको पत्र र प्रेमप्रस्तावलाई स्वीकार गर्नुमा समिधाको वैयक्तिक स्वतन्त्रता प्रबल बनेको स्पष्ट भएको छ । विग्रह र समिधाका बिचको प्रेमलाई सार्थक बनाउनका लागि उचित परिवेशको संयोजन गरी यस उपन्यासमा वैयक्तिक स्वतन्त्रता अभिव्यक्त गरिएको छ ।

*सहस्राब्दीको अन्तिम प्रेमकथा* उपन्यासको पात्र प्रेमप्रसादले आफूलाई अनुकूल हुने कुराको छनोट गरेको कुराका माध्यमबाट वैयक्तिक स्वतन्त्रता अभिव्यक्त गरिएको छ । स्त्रीप्रति आकर्षित हुने, अविवाहित अवस्थामा पनि युवतीका लागि प्रशस्त पैसा खर्च गरेको, खर्दारको जागिर खाएपछि त्यस पैसाले नपुगेकाले राजिनामा दिएर मन्त्रीको सेवामा समर्पित भएपछि काठको काम गर्ने अनुमति पाएको यस पात्रले राधा नामक युवती र सावित्री नामक सन्यासिनीलाई पत्नीका रूपमा घरमा भित्र्याएको छ । प्रेमप्रसादले गरेको निर्णयलाई उपन्यासको यस साक्ष्यले थप पुष्टि गरेको छ -"प्रेमप्रसादले भन्यो- 'नियतीका अगिल्तिर कहिले कसको के लागेको छ र ? त्यस कारण म यो आदेश शिरोधार्य गर्दछु । तर देवी, म यसअगि नै एकात वैवाहिक बन्धनमा बाँधिइसकेको जीव हुँ, त्यो पनि विचारणीय छ" (गौतम, २०५६, पृ. १३) । घरमा राधा नामकी

पत्नी र सन्तानहरू रहेकाले अब सावित्रीसँग बिहे गर्न नसकिने विकल्पलाई उपयोग गर्न सकिने सम्भावना रहँदारहँदै पनि उसलाई पत्नीका रूपमा स्वीकार गर्नु प्रेमप्रसादको वैयक्तिक स्वतन्त्रता रहेको देखिन्छ । चारित्रिक, नैतिक र सामाजिक मर्यादाका दृष्टिले समेत यो पतित कार्य भए पनि सन्यासिनीको दिव्यताबाट पग्लिएर चुम्बन गरेपछि उसकै आग्रहमा दोस्री पत्नीका रूपमा घरमा भित्र्याएको देखिन्छ । प्रेमले सावित्रीलाई पत्नीका रूपमा स्वीकार गरेको घटनाले वैयक्तिक स्वतन्त्रतालाई बोध गराएको छ ।

*भीमसेन-४ को खोजी* उपन्यासमा वैयक्तिक स्वतन्त्रताको अभिव्यक्ति भएको छ । प्रमुख पात्र 'म' एवम् अन्य पात्रहरू कोलम्बस-समूह र एकचक्रावासीले अस्तित्वका लागि गरेका स्वतन्त्र निर्णयलाई उपन्यासका सूत्रहरूसँग आबद्ध गरी वैयक्तिक स्वतन्त्रता अभिव्यक्त गरिएको छ । यी पात्रले एकचक्रा नगरीमा भोग्नुपरेका समस्याबाट उन्मुक्तिका लागि गरेको प्रयत्नले वैयक्तिक स्वतन्त्रतालाई बोध गराएको छ । आफ्नो निजत्वलाई सुरक्षित गर्नाका लागि यी पात्रले निर्णय गर्दै जीवनमा सक्रिय बनेका घटनाको संयोजन यस उपन्यासमा भएको छ । आफ्नो अस्तित्व सुरक्षित गर्नाका लागि यी पात्रलाई स्वतन्त्र निर्णय गर्ने परिवेश यस उपन्यासमा सिर्जना गरी वैयक्तिक स्वतन्त्रता अभिव्यक्त गरिएको छ ।

*भीमसेन-४ को खोजी* उपन्यासमा 'म' पात्रले आफ्नो दाजु अमरले गरेको अनैतिक कर्मलाई महत्त्व नदिने कुरा गर्नुमा उसको वैयक्तिक स्वतन्त्रता रहेको देखिन्छ । सूत्रउपन्यास भएकाले यस उपन्यासमा पात्रका क्रियाव्यापारलाई सघन रूपमा प्रस्तुत नगरिए पनि सूत्रात्मक र साङ्केतिक रूपमा प्रस्तुत गरिएका क्रियाव्यापारमा पनि वैयक्तिक स्वतन्त्रतालाई महत्त्व दिइएका सन्दर्भ प्राप्त गर्न सकिन्छ । उपन्यासको आरम्भदेखि आएको 'म' पात्र आर्थिक रूपमा समस्यामा परेको छ । यस पात्रले सानोतिनो जागिरका भरमा आफ्नो आर्थिक जटिलतालाई समाधान गर्ने प्रयत्न गरे पनि ठुलो परिवार र सानो जागिरका भरमा त्यसो हुन सकेको देखिँदैन । उता मानव र मूर्तिको व्यापार गरेर आफ्नो दाजु अमरले सम्पन्नता र प्रसिद्धि प्राप्त गरेको छ । 'म' पात्रले अनैतिक कर्म नगर्ने निर्णय गरेको कुरालाई उपन्यासको यस साक्ष्यले स्पष्ट पारेको छ -"अमर निर्जीव मूर्ति र जीवित मूर्ति दुवै सप्लाई गर्दथ्यो । मलाई बताउनेले त्यही बतायो । कालो बजारिया बन्छ । दलाल बन्छ । म केही पनि बन्न सकेको थिइनँ । मलाई मेरो आदर्शले खत्तम पार्‍यो" (गौतम, २०६१, पृ. ७) । यस उद्धरणले 'म' पात्र खराब कर्ममा रुचि राख्दैन भन्ने कुरा स्पष्ट पारेको छ । 'म' पात्रको प्रमुख समस्या आर्थिक नै रहेको छ । यस्तो समस्याबाट शिथिल बनेको यस पात्रले दाजु अमरले गरेको अनैतिक कर्मको अनुकरण गरेर त्यस समृद्धिको यात्रामा आफूलाई समाहित गर्ने प्रबल सम्भावना रहँदारहँदै पनि मानवहितभन्दा विपरीतका त्यस्ता कर्म अस्वीकार गर्ने निर्णय गर्नु उसको वैयक्तिक स्वतन्त्रता रहेको देखिन्छ । 'म' पात्रले आफ्नो जीवनमा

विपन्नता झेल्न तयार भएको तर अनैतिक कर्मलाई महत्त्व भने दिएको छैन । यसरी नैतिकता, मर्यादा, मानवीयतालाई महत्त्व दिने कुरालाई स्वीकार गर्नु 'म' पात्रको वैयक्तिक स्वतन्त्रता रहेको देखिन्छ ।

*भीमसेन-४ को खोजी* उपन्यासमा आर्थिक समृद्धिका लागि 'म' पात्र र अमरसहितको समूह अमेरिकातिर हिँडेको सन्दर्भका माध्यमबाट वैयक्तिक स्वतन्त्रता व्यक्त गरिएको छ । देशभित्र नै अनैतिक कर्मका माध्यमबाट आर्थिक उन्नति गरेको अमर जस्ता पात्रका लागि अमेरिकाको यात्रा आवश्यक नदेखिए पनि 'म' जस्ता आर्थिक रूपमा दुर्बल चरित्रका लागि स्वाभाविक नै देखिएको छ। देशभित्रको गरिबी, बेरोजगारी, प्राप्त रोजगारीले जीवन धान्न कठिनाइ जस्ता जटिलताका कारण अमेरिका जाने नेपालीहरूको प्रवृत्तिलाई यस समूहको यात्राले प्रतिनिधित्व गरेको छ। यस समूहले अमेरिका जाने निर्णय गरेको कुरालाई उपन्यासको यस उद्धरणले थप स्पष्ट बनाएको छ :

> एक दिन ती सबैले निर्णय गरे- हामी पनि कोलम्बस जस्तै यात्रा गरौँ । कोलम्बसलाई त भिसा चाहिएको थिएन होला ! हामी कोलम्बसकै जस्तो लुगा हालौँ, डुङ्गा खोजौँ । यो संसारका लागि एउटा उदाहरण, एउटा कौतुकको विषय पनि हुनेछ ।
>
> - 'विदूषक भन्दैनन् ?'
>
> -'भनेर के भयो, अमेरिका त पुगिन्छ' । (गौतम, २०६१, पृ. ११)

माथि प्रस्तुत भएको उद्धरणले कोलम्बस-समूहको निर्णयलाई बोध गराएको छ । अमेरिकाका लागि निस्केको यस समूहलाई कोलम्बस-समूह नामाकरण गरिएको छ। देशभित्र बस्दाका आर्थिक जटिलताका कारण भोग्नुपरेका समस्याबाट उन्मुक्तिका लागि यस समूहले अमेरिका जाने निर्णय गरी त्यतातिरको यात्रा आरम्भ गरेर आफ्नो वैयक्तिक स्वतन्त्रता उपयोग गरेको छ। देशभित्र बसेर आर्थिक कोणबाट आफ्नो निजत्व सुरक्षित हुन नसकेको अनुभव गर्दै अस्तित्वका लागि कोलम्बस-समूहले अमेरिका जाने निर्णय गरेको हो । यो समूह अस्तित्वका लागि अमेरिका हिँडेको घटनाका माध्यमबाट यस उपन्यासमा वैयक्तिक स्वतन्त्रताको अभिव्यक्त गरिएको छ ।

*भीमसेन-४ को खोजी* उपन्यासमा कोलम्बस-समूह र एकचक्रावासीले आफ्नो अस्तित्व सुरक्षित गर्नाका निम्ति भीमको खोजी गर्न गरेको निर्णयमा वैयक्तिक स्वतन्त्रता व्यक्त भएको छ। एकचक्रा नगरीमा शासक तर्कासुरका कारण त्यहाँका नागरिकमा रोजगारको प्राप्ति, उद्योगव्यवसाय सञ्चालन तथा स्वतन्त्र रूपमा जिउने मानवको नैसर्गिक अधिकारलाई कुण्ठित गरिएको छ । तर्कासुरको एकछत्र मनोमानीपूर्ण शासनबाट त्यहाँका बासिन्दा प्रताडित अवस्थामा

रहेका छन् भन्ने कुरालाई फार्ममा पालिएका हाँस, माछा, परेवा विनाश हुनुले पुष्टि गरेको छ। भीमको खोजी गर्नुपर्ने कारण तर्कासुरका यस्तै कर्तुत रहेको वास्तविकतालाई उपन्यासको यस साक्ष्यले स्पष्ट पारेको छ :

> गएर हेऱ्यो । सारा परेवा मरिरहेका । भोलि दस दर्जन परेवा सप्लाइ गर्नु थियो शान्तिकामनासहित उडाउन । यी त तर्कासुरले झार्नुअगि नै झारिदिए .... प्रत्येक दिन एकएक थरी पालिएका जीवजन्तु मरेर शून्य भएको फार्महाउसमा त्यो भयका कारण बस्न नसक्ने भयो । जीवजन्तु हुँदा कमसेकम जीवितहरू वरिपरि छन् भन्ने आड थियो । (गौतम, २०६१, पृ. ३९)

माथिको उद्धरणमा कोलम्बस-समूह र एकचक्रावासीले तर्कासुरलाई परास्त गर्न खोज्नुको कारणसँग सम्बन्धित रहेको छ । एकचक्रावासीले आफ्नो उद्यम र सिर्जनशीलताका माध्यमबाट जीवननिर्वाह गर्ने प्रयत्न गरिरहेका अवस्थामा तर्कासुरको क्रूरतापूर्ण व्यवहारले उनीहरूको अस्तित्वमाथि गम्भीर सङ्कट आएको परिवेशलाई उपन्यासमा संयोजन गरिएको छ । यसै गरी निष्ठावान् र इमान्दार बनेर कर्म गरेको सङ्कलक जस्तो पात्रलाई भोजनका निम्ति आमन्त्रण गर्ने तर्कासुरको निर्णयले त्यहाँका मानिसमा थप पीडा उत्पन्न गराएको छ। कोलम्बस-समूह र एकचक्रावासीमा चित् भविताको जागृतिका कारण खराब पात्र तर्कासुरका विरुद्ध सक्रिय बन्नुपर्ने भावनको विकास भएको देखिन्छ । आफ्ना पुर्खाको सामर्थ्यको इतिहासबाट लाभ लिँदै तर्कासुरले गरेको मनोमानी, अराजकता, यौनदुराचार, नरभक्षणबाट त्यहाँका मानिस आजित भइसकेका छन् । यसै समस्याका कारण कोलम्बस-समूह र एकचक्रावासीले भीमसेनको खोजी गर्ने निर्णय गरेको कुरालाई यस उद्धरणले स्पष्ट पारेको छ -"हुन सक्छ । चित्त बुझ्यो । लौ अब यसका लागि एउटा नयाँ भीमसेन खोज्नुपऱ्यो । सब भीम खोज्न थाले । पूरा एकचक्रा नगरी भीम खोज्न थाल्यो । सङ्कलक जस्तो निर्दोषको प्राण जोगाउनैपर्दछ" (गौतम, २०६१, पृ. ४०) । तर्कासुरले गरेका मानवहितका विपरीत कर्मका कारण कोलम्बस-समूह र एकचक्रावासीले आफ्नो अस्तित्वमा गम्भीर समस्या आएको अनुभव गरेका छन् । आफूहरूको अस्तित्वमाथि तर्कासुरले खडा गरेको गम्भीर सङ्कटबाट उन्मुक्तिका लागि भीम नै सहयोगीसिद्ध बन्ने देखिएको छ । भीमबाट नै आफूहरूको उद्धार हुने ठान्दै त्यसकै खोजीमा लाग्ने निर्णयका माध्यमबाट यस उपन्यासमा वैयक्तिक स्वतन्त्रता अभिव्यक्त गरिएको छ ।

## ४.२.२ स्वतन्त्रताको पीडा

स्वनिर्मितिका लागि मानिसले गरेको स्वतन्त्र निर्णयका कारण उसको जीवमा आइपरेका समस्या, पीडा र चिन्ता स्वतन्त्रताको पीडा हो । मानिसले प्रामाणिक अस्तित्वका लागि स्वतन्त्र निर्णय गर्नुपर्छ भन्ने मान्यता अस्तित्ववादको रहेको छ । आफ्नो अस्तित्वको बोध मानिसमा मात्र

हुने भएकाले त्यसका लागि उसले सक्रियता देखाएको हुन्छ । मानिसले प्रामाणिक जीवन व्यतीत गर्नुपर्छ (रुबिचेक, सन् १९७३, पृ. १३३) । हाइडेगरले प्रामाणिक अस्तित्वका लागि सक्रिय मानिस मात्र अस्तित्वशाली हो भन्ने धारणा राखेका छन् । मानिसले रोजेको प्रामाणिक अस्तित्वका लागि त्रास, पीडा, चिन्ता, वेदनासँग जुध्दै जीवनमा सक्रियता देखाइरहेको हुन्छ । यस्तो मानिस नै अन्य साधारण मानिसभन्दा भिन्न रूपमा चिनिएको हुन्छ । मृत्यु आधारभूत रूपमै सत्य भएकाले यसले मानिसलाई अस्तित्व प्राप्तिका लागि प्रेरित गर्छ (Habib, 2011, p. 211) । मानिसमा मृत्युको त्रासका कारण शून्यता जागृत भएको हुन्छ । मानिस कहाँबाट आयो, किन आयो र मृत्युपछि कहाँ जान्छ भन्ने कुरामा अनभिज्ञ छ र यो अनभिज्ञता नै शून्यता हो । यसै शून्यताका कारण उसमा त्रास उत्पन्न हुन्छ । हाइडेगरले मानिसले यसै रिक्तता र त्रासका बिचबाट नै अस्तित्वका लागि स्वतन्त्र निर्णय गर्ने भएकाले यो जीवनलाई अस्तित्वयुक्त तुल्याउने प्रेरणादायी आधारसमेत हो भनेका छन् ।

मानिसले गरेको स्वतन्त्र निर्णयका कारण उसको जीवनमा पीडा, चिन्ता र समस्या आइपरेका हुन्छन् । उसले आफूलाई बनाउनका लागि गरेको स्वतन्त्र निर्णयपश्चात् अनेक समस्याको सामना गर्नुपर्छ । यिनै समस्याका कारण नै मानिसले पीडाको अनुभव गरेको हुन्छ । भविष्यको निर्मितिका लागि स्वतन्त्रताको वरण गर्दा मानिसले त्रासको सामना गर्नुपर्छ (प्रधान, सन् १९७१, पृ. ७०) । स्वतन्त्र निर्णयका कारण मानिस पीडित भए पनि आफूलाई बनाउने प्रक्रियाबाट ऊ पछि पर्दैन । आफ्नो आधार कोही नभएको एक्लो मानिसले आफूलाई बनाउनका लागि गरेको निर्णयका कारण वेदनामा पर्छ (सक्सेना र मिश्र, सन् १९८८, पृ. २०४) । स्वतन्त्रता मानिसका लागि वेदनाको कारक भए पनि उसले यसलाई अवलम्बन गरिरहेको हुन्छ । यही स्वतन्त्रताको उपयोगका कारण मानिसले भोग्नुपरेको पीडा नै स्वतन्त्रताको पीडा हो । यही पीडाका कारण मानिस चिन्तामा पर्छ र निराशा भोग्न बाध्य हुन्छ । उपन्यासका पात्रले अस्तित्वका लागि स्वतन्त्र निर्णय गरेकै कारण तिनले समस्या भोग्नुपरेको सन्दर्भको प्रस्तुतिका माध्यमबाट स्वतन्त्रताको पीडा अभिव्यक्त गरिएको हुन्छ ।

*डापी* उपन्यासमा स्वतन्त्रताको पीडालाई पात्रसँग सम्बद्ध गराई अभिव्यक्त गरिएको छ । उपन्यासको प्रमुख पात्र विक्रमले गरेको स्वतन्त्र निर्णयका कारण उसले आर्थिक, पारिवारिक र भय जस्ता समस्या भोगेको कुरालाई विषयबद्ध गरिएको छ । आफ्नो अस्तित्व स्थापनाका लागि स्वतन्त्र निर्णय गर्दै जाँदा आइपर्ने समस्याले मानिसलाई चिन्तित र पीडित बनाएको हुन्छ भन्ने अस्तित्ववादी जीवनदृष्टिको मान्यतालाई विक्रमकै जीवन भोगाइले स्पष्ट पारेको छ । *डापी* उपन्यासमा विक्रमले आफ्नो अस्तित्वका लागि गरेको निर्णयपश्चात् समस्या भोग्नुपरेको परिवेश सिर्जना गरी स्वतन्त्रताको पीडा व्यक्त गरिएको छ ।

*डापी* उपन्यासमा प्रमुख चरित्र विक्रमले डापीटोलमा बस्ने निर्णय गरेपश्चात् आर्थिक, पारिवारिक तथा सामाजिक समस्याको सामना गर्नुपरेको कुरालाई प्रस्तुत गरी स्वतन्त्रताको पीडा अभिव्यक्त गरिएको छ । डापीटोलमा विक्रम आफ्नो एक्लो जागिरको भरमा जीवननिर्वाह गरिरहेका अवस्थामा भाइ हरिले बाआमा र बहिनीहरूको बोझसमेत बोकाएपछि आर्थिक जटिलताको सामना गर्न यो पात्र बाध्य भएको छ । बाबुको औषधीको प्रबन्ध गर्नुपर्ने, बहिनीहरूको पढाइको व्यवस्था गर्नुपर्ने तथा उनीहरूको बिहेका लागि खर्च गर्न नसक्ने समस्या डापीटोलमा बस्नाका लागि गरेको निर्णयका कारण सिर्जित भएका हुन् । छोराका लागि कपडा किन्न पेस्की लिनुपर्ने बाध्यताले उसको कमजोर आर्थिक हैसियतलाई स्पष्ट पारेको छ । ऊ आर्थिक रूपमा दुर्बल छ भन्ने सत्यतालाई उपन्यासको यस उद्धरणले प्रमाणित गरेको छ -"यता बुबा निकै बढी बिरामी पर्न थाल्नुभएको छ । उसलाई थाहा छ । तर ओखतीमुलोचाहिँ बढी हुन पाइरहेको छैन । उसलाई यो पनि थाहा छ । पैसा छैन, तलबले पुग्दैन, सापटी तिर्न त पुग्दैन, खान के पुगोस् ? ओखती गर्न झन् के पुग्ने" (गौतम, २०३३/२०६४, पृ. १५६) ? उपन्यासको यस अंशले विक्रमले आर्थिक र पारिवारिक समस्याको सामना गरेको सन्दर्भलाई राम्रैसँग प्रतिबिम्बित गरेको छ । डापीटोलमा बस्नाका लागि विक्रमको रुचि र निर्णयका कारण नै उसले एकपछि अर्को गर्दै समस्यालाई भोग्न विवश भएको कुरालाई प्रस्तुत गरिएको छ । यसै गरी भाइ हरिसँग छुट्टिनु, पैतृक सम्पत्तिबाट विमुख हुनु तथा पारिवारिक जिम्मेवारीलाई वहन गर्नुपर्ने बाध्यता उसमा आइपरेको छ । यसका साथै त्यस टोलमा बस्दा पत्नी बीनूसँगको शङ्कास्पद सम्बन्धले पनि पारिवारिक समस्यालाई नै सम्बोधन गरेको देखिन्छ । 'कखग' पात्रबाट सिर्जित आतङ्क एवम् भयबाट पीडित बन्नुपरेको घटनाले सामाजिक समस्यालाई बोध गराएको छ । आफ्नो पैतृक थलोमा बस्ने विकल्प रहे पनि त्यसलाई स्वीकार नगरी डापीटोलमा बस्ने कुरालाई स्वीकार गर्दा विक्रमले यति धेरै समस्याको सामान गर्नुपरेको प्रस्टै देखिन्छ । डापीटोलमा बस्नाका लागि विक्रमले गरेको निर्णयका कारण नै उसले आर्थिक, पारिवारिक एवम् सामाजिक समस्याको सामना गर्नुपरेको छ ।

*डापी* उपन्यासमा विक्रमले बीनूसँगको प्रेम र दाम्पत्य जीवनलाई स्वीकार गर्ने निर्णय गरेपश्चात् प्रशस्त समस्या झेलेको कुरालाई विषयबद्ध गरिएको छ । बीनूसँग विकसित सम्बन्धका कारण आर्थिक समस्या त उसले भोगेको छ नै साथै भय र आतङ्कयुक्त समस्याबाट समेत यो पात्र प्रताडित बनेको छ । डेरामा बसेर ठुलो परिवारलाई पाल्नुपर्दा आर्थिक समस्या झेलेको विक्रमले बीनूसँग बिहे गरेपछि त्यो समस्या अरू बढ्दै गएको छ । त्यसमा पनि बीनूको घर किन्ने विषयले उसलाई थप पीडा दिएको छ । विक्रमको कमजोर आर्थिक अवस्थालाई उसकै पत्नी बीनूको यस अभिव्यक्तिले पुष्टि गरेको छ :

> जेसुकै होस् एउटा घर त हुनै पर्छ । .... तिमी केही पनि गर्दैनौ, अलिक जोरजाम त जसले पनि गर्छ तिमीबाहेक । भाइचाहिँ देख्यौ, कस्ता चङ्ग छन् ? तिमी दाइचाहिँ... यस्तालाई मूर्ख भन्छन् बुझ्यौ, सोझो पनि हैन । भाइजस्तै हुनुपर्छ, आजको जमानामा बुझ्यौ ? तिमीजस्तो बोल्न नसक्ने गर्न नसक्ने भएर के हुन्छ, के भएको छ ? (गौतम, २०३३/२०६४, पृ. ११३)

उपन्यासमा वर्णित यस अंशले पत्नी बीनूसँग बिहेपश्चात् विक्रमले प्रशस्त आर्थिक समस्यासँग सङ्घर्ष गर्नुपरेको कुरा प्रस्तुत गरेको छ । विक्रमले प्रशस्त अर्थ आर्जन गरोस् भन्ने बीनूको अपेक्षा पूरा नहुँदा विक्रमप्रति असन्तुष्टि व्यक्त गरेकी छ । बीनूसँग बिहे गर्नुपूर्व प्रेम स्थापित गरेका बेलामा समेत एक अपरिचित व्यक्तिले पत्रमार्फत् बारम्बार दिएको धम्कीलाई विक्रमले सामना गर्न बाध्य भएको छ । आफूसँग बारम्बार बदला लिने व्यक्तिलाई तह लगाउन 'कखग' पात्रकहाँ जाँदा त्यो धम्की दिने व्यक्ति 'ग' पात्र नै रहेको स्पष्ट भएपछि विक्रम अरू भयभित बनेको छ । बीनूको 'ग' पात्रसँगको निकटता, आफ्नो छोराको जन्मदिनमा 'ग' पात्रले उपहार ल्याइदिएको तथा 'ग' पात्रसँग ट्युसन पढ्न जाँदा उसले चुम्बन गरेको कुरा बीनूले नै बताएपछि विक्रम थप समस्यामा परेको छ । बीनूसँग निकट बन्दा विक्रमले भोग्नुपरेको पीडालाई यस उद्धरणले थप स्पष्ट पारेको छ -"एक दिन त्यसले मेरो हात हेऱ्यो । हात हेर्दाहेर्दै केके कुरा गर्न थाल्यो । त्यसले आफ्नो प्रेम प्रकट गऱ्यो र अनि ओठमा...। बीनूले वाक्य पूरा गरिन र आँखा निहुराई । म उम्लिन थालेँ । यो बीनू मोरीलाई के भएको हँ" (गौतम, २०३३/२०६४, पृ. १३९) ? उपन्यासमा प्रस्तुत यस अशंले विक्रमसँग बिहे हुनुपूर्व नै बीनूसँग 'ग' पात्रको निकटता रहेको कुरा स्पष्ट पारेको छ । आफूसँग प्रेम र बिहे गरेकी बीनूले बिहेपूर्व 'ग' पात्रसँग स्थापित गरेको सम्बन्ध र बिहेपश्चात् पनि उससँग बढाएको निकटताले विक्रमलाई थप पीडित बनाएको कुरालाई यस उपन्यासमा आख्यानात्मक रूपमा प्रस्तुत गरिएको छ । आफू अनुपस्थित रहेका बेला 'ग' पात्रले बीनू र बहिनीसँग घण्टौँ कुरा गर्ने, विक्रमले डेरा सर्ने र घडेरी किन्ने जस्ता घरका अति गोप्य कुराहरू 'कखग' पात्रले तुरुन्तै जानकारी प्राप्त गर्ने जस्ता समस्या बीनूका कारण विक्रमले भोग्न बाध्य भएको छ । बीनूसँग मूलतः 'ग' पात्रले विस्तार गरेको सम्बन्धका कारण नै विक्रम पीडित बनेको छ । विक्रमले बीनूसँगको प्रेम र दाम्पत्य जीवनलाई स्वीकार गर्दा डापीटोलमा भय सिर्जना गर्ने पात्रमध्येको 'ग' पात्रसँग बढी समस्या भोग्न बाध्य भएको कुरा उपन्यासका घटनाक्रमले स्पष्ट पारेको देखिन्छ ।

*डापी* उपन्यासमा विक्रमले 'कखग' पात्रका विरुद्ध लाग्ने निर्णय गरेपश्चात् प्रशस्त समस्या भोग्न बाध्य भएको कुरालाई प्रस्तुत गरिएको छ । 'कखग' पात्रले डापीटोलमा पर्खाल निर्माण गर्न लागेको कुराप्रति एक वृद्ध पात्रमार्फत विमति जाहेर गरी तिनका विरुद्ध लाग्ने निर्णयको प्रारम्भ

गरेको छ । 'कखग' पात्रले टोलको सुरक्षाका लागि पर्खाल निर्माण गर्ने अभिव्यक्ति दिएका तर त्यो पर्खाल निर्माणका क्रममा चन्दा उठाउनुपर्ने भएकाले टोलवासीलाई क्षति हुने अनि 'कखग' पात्रका कर्तुत गोपनीय रहने भएकाले उनीहरूलाई लाभ हुने कुरा विक्रमलाई बोध भएकाले नै उसले विमति जनाएको हो । उसले 'कखग' पात्रका कतुर्तका विरुद्ध लाग्ने कुराको निर्णय गरेपछि पटक पटक समस्या झेल्न बाध्य भएको छ । आफूहरूका विरुद्धमा विक्रम लागेको कुराप्रति 'कखग' पात्र सचेत बनेकाले उसलाई मनोवैज्ञानिक रूपमा कमजोर बनाउने प्रयत्नमा उनीहरू रहेकै छन् । विक्रमलाई 'ख' पात्रले बाबुको राम्रो रेखदेख गर भन्ने तथा उसलाई अर्को राम्रो जागिर लगाइदिन्छु भन्ने अभिव्यक्तिमा षड्यन्त्र लुकेको प्रस्टै देखिन्छ । विक्रमप्रति यस्तो षड्यन्त्रपूर्ण व्यवहार गर्नुपर्ने कारण 'कखग' पात्रका विरुद्ध विक्रमले गरेको व्यवहार नै रहेको देखिन्छ । 'ग' पात्रले विक्रमका विरुद्ध धम्कीपूर्ण अभिव्यक्ति दिएर र बीनूसँग निकटता देखाएर अनि 'ख' पात्रले विक्रमको पारिवारिक समस्याप्रति सचेतता देखाएर उसलाई कमजोर बनाउने प्रयत्न गरेको देखिन्छ । विक्रमका घरपरिवारका समस्या एकातिर रहँदारहँदै पनि उसलाई अनेक बहानामा भुलाउने प्रवृत्ति 'कखग' पात्रमा रहेको छ भन्ने सत्यतालाई उपन्यासको यस उद्धरणले प्रमाणित गरेको छ :

> बुबाको औषधी किन्नु छ विक्रम निकै नरम छ र बनावटी हाँसो झिकेर भन्छ- "अलि हतार छ ।" "आऊ आऊ, तिम्रो बुबालाई केही हुँदैन । आऊ न, एकछिन खोला बगेको हेरौँ, रोग त कति देखिया छ, आउँछ जान्छ, यो प्रकृतिको अवलोकन गर्ने समय कहाँ पाइन्छ । यस्सो अलिकति फुर्सद झिकेर प्रकृतिमा नभिजे त के सार बाँच्या । सधैँ पैसा, सधैँ व्यवहार, मानिस बिग्रेकै यसैले छ... के भन्नु । (गौतम, २०३३/२०६४, पृ. ६०)

माथिको उद्धरणले 'कखग' पात्रले विक्रमको अस्तित्वमा समस्या सिर्जना गरेका छन् भन्ने कुरालाई प्रमाणित गरेको छ । 'कखग' पात्रले विक्रमको समस्या बोध गर्नुको सट्टा आफ्नो स्वार्थ पूरा गरेका छन् भन्ने कुरा यस उद्धरणमा प्रतिबिम्बित भएको छ । बुबाको औषधी जस्तो गम्भीर विषयलाई सामान्य ढङ्गले हेर्ने र उसको समयलाई बर्बाद गर्ने उनीहरूको प्रयत्नमा विक्रमलाई कमजोर बनाउने ध्येय रहेको देखिन्छ । उपन्यासमा विक्रमले डापीटोलमा बसेर यति धेरै समस्याको सामना गर्नुपर्ने प्रमुख कारण 'कखग' पात्रका विरुद्ध उभिनका लागि उसले गरेको निर्णय नै प्रमुख रहेको छ ।

*कट्टेल सरको चोटपटक* उपन्यासमा स्वतन्त्रताको पीडा अभिव्यक्त गरिएको छ । यस उपन्यासका पात्रले गरेका निर्णयपश्चात् समस्या भोग्न बाध्य भएका छन् । प्रमुख पात्रहरू कट्टेल र सावित्रीले अस्तित्वका लागि स्वतन्त्र निर्णय गरेपश्चात् आर्थिक, पारिवारिक, सामाजिक, नैतिक र स्वास्थ्य जस्ता समस्या भोग्न बाध्य भएका छन् । अस्तित्वका लागि गरेका निर्णयपश्चात् यी

पात्रले समस्या भोग्नुपर्ने परिवेश सिर्जना गरी यस उपन्यासमा स्वतन्त्रताको पीडा अभिव्यक्त गरिएको छ ।

*कट्टेल सरको चोटपटक* उपन्यासकी प्रमुख स्त्री चरित्र सावित्रीले आफ्नो वैयक्तिक स्वतन्त्रताको उपयोग गरी सुख र सम्पन्नताको अपेक्षासहित कट्टेलसँग बिहे गरे पनि जीवनमा त्यसका विपरीत परिस्थिति सिर्जना हुँदा पीडाको अनुभव गरेकी छ । उसले कट्टेल एक जनाको जागिरका भरमा त्यत्रो परिवारलाई डेरामा राखेर जीवन चलाउने प्रयत्न गर्दा कठिनाइको अनुभव गरेकी छ । सावित्रीले त्यस घरमा समस्या भोगेकी छ भन्ने यथार्थतालाई उपन्यासको यस साक्ष्यले पुष्टि गरेको छ :

> उसका आमाबाबुले सायद, अन्धविश्वासमा मसित बिहे गरिदिए; के भने कट्टेलहरू हामीलाई फाप्छन् । त्यस दिन उसले भनी- भाग्यमा यस्तो दुःख भोग्न लेखेको रहेछ, अनि कहाँबाट  हुन्थ्यो ? अर्थात् ऊ पछुताइरहेकी छे । र थाहा छ ? एक दिन त आएर भनी, सुन्नु भो, त्यो इन्जिनियर त तीँ नजिक आएर बसेको रहेछ ? (गौतम, २०३७/२०७५, पृ. २१)

माथिको उद्धरण सावित्रीले अभिव्यक्त गरेकी हो । सावित्रीको पीडायुक्त यस अभिव्यक्तिको प्रमुख कारण उसले कट्टेलसँग बिहे गर्नाका लागि गरेको स्वतन्त्र निर्णय नै हो । लोग्नेको जागिरबाट बर्खास्तीपश्चात् आर्थिक जटिलता अरू बढ्नुका साथै सामाजिक प्रतिष्ठामा समेत समस्या आइपरेको छ । पारिवारिक समस्या, मानसिक पीडा पनि उत्तिकै जटिल बन्दै गएका छन् । सावित्रीले जीवनमा यति धेरै कठिनाइ भोग्नुपर्ने प्रमुख कारणका रूपमा उसले कट्टेलसँग जीवन बिताउने कुरामा स्वीकृति जनाउनु रहेको देखिन्छ ।

वैयक्तिक स्वतन्त्रताको उपयोगपछि अपेक्षित परिणाम प्राप्त नहुने र त्यसका कारण मानिसले चिन्ता र पीडा भोग्नुपर्छ भन्ने कुरालाई *कट्टेल सरको चोटपटक* उपन्यासमा प्रमुख पात्र वासुदेव कट्टेल र उसकी पत्नी सावित्रीले कुमारले आमन्त्रण गरेको भोजमा जाँदा भोग्नुपरेका पीडाका माध्यमबाट व्यक्त गरिएको छ । आर्थिक दुर्बलता हुँदाहुँदै पनि बस र ट्याक्सीमा जान पर्नु, बसमा सिटका विषयमा अपरिचित व्यक्तिसँग झगडा पर्नु, आर्थिक कमजोरीका कारण कुमारहरू खेलेको तासको खालमा कट्टेल बस्न नसक्नु, काम गराउनका लागि बोलाएको पत्तो पाएपछि सावित्री रुन पर्नु, कट्टेलले विनासितान थोरै रक्सीमा चित्त बुझाउन पर्नु, एकनाथसँग उसको घरको तला थप्ने विषयमा झगडा पर्नु, बच्चाले विस्तारामा पिसाब फेरेका कारण कुमारकी पत्नीको गाली खानु, बच्चालाई कट्टेलले कुट्न पर्नु जस्ता उपन्यासमा घटित घटनामा कट्टेल र सावित्रीले आफ्नो वैयक्तिक स्वतन्त्रताको उपयोग गरेपछि भोग्नुपरेका पीडाहरू हुन् । यी पात्रले गरेका

निर्णयका कारण पीडा भोग्न बाध्य भएका छन् भन्ने वास्तविकतालाई उपन्यासको यस साक्ष्यले प्रमाणित गरेको छ :

> कट्टेल तुरुन्तै उठेर जाओस्, त्यो पनि अलि भएन । बस्न पनि कठिन । यस्तैमा उसले स्वास्नीतिर हेर्ने बरु बल्ल फुर्सत पायो । तर त्यहाँ झन् अर्कै पो चमत्कार देखियो । कट्टेल्नी बिचरी त, आँखाभरि आँसुहरूको फुल टल्पलाएर बसिरहेकी रहिछ । - के भो ? बेर्थै आएको यहाँ । ऊ अझै रुन्चेपनसित बोली । छोरो डाइनिङ टेबिलमै निदाइदिएछ । (गौतम, २०३७/२०७५, पृ. ८०)

माथिको उद्धरणले कट्टेल र सावित्रीले कुमारको घरमा भोग्नुपरेका समस्यालाई स्पष्ट पारेको छ । कुमार र उसकी पत्नी अञ्जनाले कट्टेलको परिवारलाई कुनै कदर गरेको देखिँदैन । आफ्नो स्वार्थ सिद्धिका लागि उनीहरूलाई आमन्त्रण गरेको कुराको बोधपछि सावित्रीमा निकै पीडाको अनुभूति भएको देखिन्छ । कट्टेल र सावित्रीले गरेका स्वतन्त्र निर्णयपछि भोग्नुपरेका यिनै पीडाका माध्यमबाट समेत यस उपन्यासमा स्वतन्त्रताको उपयोगपछि आइपर्ने पीडा अभिव्यक्त गरिएको छ ।

*कट्टेल सरको चोटपटक* उपन्यासमा कट्टेलले उसको साथी कुमारले दिएको सुट लगाएर भोजमा जाँदा भोग्नुपरेको पीडाका माध्यमबाट मानिसले वैयक्तिक स्वतन्त्रताको उपयोग गरेपश्चात् आइपर्ने समस्याको सामना गर्नुपर्छ भन्ने कुरालाई अभिव्यक्त गरिएको छ । कट्टेल र कुमारका बिचमा पहिला सुमधर सम्बन्ध रहेको थियो । पछि एक दिन भट्टीमा बसेर खाइरहेका बेला एक्कासि कुमारले आफ्नी पत्नीमा आँखा लगाएको आरोपमा कठालो समात्दै चक्कु ताकेपछि यिनीहरूको सम्बन्ध बिग्रिएको हो । यिनीहरूका बिचमा सुमधुर सम्बन्ध रहेका बेला साथी कुमारले प्राप्त गरेको आर्थिक समृद्धिको खुसीमा कट्टेललाई सुट दिएको थियो । कट्टेलसँग भएका सुटमध्ये भोजमा लगाएर जान उपयुक्त हुने खालको त्यही एउटा सुट रहेको छ । पत्नी सावित्रीले सम्बन्ध बिग्रिएको व्यक्तिले दिएको सुट लगाएर भोजमा जानुभन्दा नजानु उपयुक्त हुने सल्लाह दिएकी छ । पत्नीको यस आग्रहलाई तिरस्कार गरी भोजमा जाँदा कट्टेल कुमारबाट लुक्न बाध्य भएको छ । कुमारसँग पिठ्युँ फर्काएर हिँड्न पर्नु, चिटचिट पसिना बगेको सहनु तथा कुमार आफ्नै सामुन्ने उपस्थित हुँदा आफूलाई देख्यो कि भन्ने जस्ता पीडा भोग्नुपर्ने कारण उसको वैयक्तिक स्वतन्त्रता नै हो । उपन्यासको यस उद्धरणले कट्टेलको पीडालाई स्पष्ट पारेको छ :

> परिणाम यो भयो कि कुमार र कट्टेलको बीचमा कोही पनि रहेन । त्यस तुरुन्तको समयमा कट्टेललाई केवल लङौटी लगाएर उभिएजस्तो अनुभव भयो, त्यसभन्दा न धेरै न कम । कुमारले पुलुक्क हेऱ्यो । .... कट्टेल लागेजस्तो गर्दै, रक्सी निलेर,

एकोहोरो अर्कातिर हेर्न थाल्यो । कुमारले मान्छेको कानमा केही भन्यो । (गौतम, २०३७/२०७५, पृ. २०९)

माथिको उद्धरण कट्टेलले साथी कुमारले दिएको सुट लगाएर भोजमा जाँदा भोग्नुपरेका समस्यामा केन्द्रित रहेको छ । कुमारसँग कट्टेल निकट नरहने प्रयत्न गर्दागर्दै पनि अनपेक्षित घटना घट्नुले कट्टेलमा पीडाको अनुभूति भएको हो । कुमारले अरूसँग कुरा गर्दा पनि आफ्नै बारेमा कुरा गरेको अनुमान कट्टेलले लगाउनु तथा त्यस भोजमा पूरा समय बस्न असमर्थ रहनु जस्ता पीडा भोग्नुपर्ने प्रमुख कारण उसको वैयक्तिक स्वतन्त्रता नै रहेको देखिन्छ । कट्टेललाई भोजमा नजाने विकल्प हुँदाहुँदै पनि त्यहाँ जाने निर्णय गर्दा नै उसले पीडा भोग्न बाध्य भएको कुराका माध्यमबाट यस उपन्यासमा स्वतन्त्रताको पीडा व्यक्त गरिएको छ ।

स्वतन्त्रताको पीडा *स्वर्गीय हीरादेवीको खोज* उपन्यासमा केन्द्रीय विषयका रूपमा प्रस्तुत भएको छ । प्रमुख चरित्र कुमार नेपालीले आफ्नो अस्तित्वका लागि गरेको निर्णयपश्चात् परिचय, आर्थिक, जागिर जस्ता विषयमा भोग्नुपरेका पीडालाई आख्यानसँग सम्बद्ध गराई स्वतन्त्रताको पीडा अभिव्यक्त गरिएको छ । विशाल घरको सम्भ्रान्त परिवारमा हुने गरेका यौनजन्य विकृत क्रियाकलापबाट जन्मिएको र आफ्नो परिचयको अभावले अस्तित्व सङ्कटमा परेको अनुभूति गरेको यस पात्रले निर्णय गर्दा पीडाको सामना गर्नुपरेको कुरालाई विषयबद्ध गरिएको छ । चित् भविताको जागृतिसँगै आफ्नो अस्तित्वका लागि यस पात्रले गरेको निर्णय नै उसका लागि पीडा सिर्जना गर्ने कारक बनेको छ । अस्तित्वका लागि निर्णय गर्दा यस पात्रले समस्या भोग्नुपर्ने परिवेश सिर्जना गरी यस उपन्यासमा स्वतन्त्रताको पीडा प्रस्तुत गरिएको छ ।

*स्वर्गीय हीरादेवीको खोज* उपन्यासमा कुमारले आफ्नी आमाको खोजी गर्नाका लागि गरेको निर्णयका कारण अनेक समस्या भोग्नुपरेको कुरालाई उपन्यासमा अभिव्यक्त गरिएको छ । आफूप्रति सहयोग र प्रेमभाव व्यक्त गर्ने कुनै स्त्री चरित्र देख्नासाथ कतै यिनै त होइनन् आफूले खोज गरेकी हीरादेवी अर्थात् आफ्नी आमा भन्ने कुराको अनुभव गरिरहन पर्नु उसकै स्वतन्त्र निर्णका कारण सिर्जित पीडा हो । सन्तानलाई जन्म दिएर आफ्नो प्रतिष्ठाका लागि अलग रहने थुप्रै हीरादेवीहरू समाजमा छन् । तिनका कारण कुमार जस्ता पात्रहरू अनाथ, परिचयविहीन र अपमानित अवस्थामा बाँच्न विवश रहेका छन् । त्यस विशाल घरका मामामाइजूहरू नै त्यस्ता घटनाको कारक बनेको दृश्य कुमारले देखेको छ । कुमारले हीरादेवीलाई मृत भन्ने प्रमुख दुई कारणमा जन्माउनासाथ सन्तानलाई बेवारिस बनाइनु पहिलो कारण हो भने त्यस विशाल घरमा कुनै पुरुषस्त्रीलाई पागल र कैदी घोषणा गरेर मृत्युको मुखमा पुऱ्याइने गरिएका घटना दोस्रो कारण रहेको देखिन्छ । यिनै कारणबाट नै उसले खोजेकी हीरादेवी मरेकी होलिन् भन्ने कुराको

अनुमान कुमारले गरेको छ । आमाको खोजी गर्ने निर्णय गरेका कारण कुमारले भोग्नुपरेको समस्यालाई उपन्यासको यस साक्ष्यले स्पष्ट पारेको छ :

> म हीरादेवीलाई आफ्नी आमा भन्छु, तर के हो हीरादेवी ? एउटा काल्पनिक नाउँ । पहिले एउटा काल्पनिक नाउँलाई आफ्नी आमा भनेर मान्न खोज्नू । त्यसपछि त्यो नाउँबाट एउटी सही आमा प्राप्त गर, अब भन्ने हो भने, यसभन्दा हाँसोउठ्दो कुरो के होला ? यो दिइएको नाउँ स्व. छ भने, सही आमा दिवङ्गत छिन् कि छैनन्, त्यो पनि पत्ता लगाउ, .... आमाछोराको कहिल्यै भेटै नहोस् भनेर, योजनै गरेर राखिएको एक काल्पनिक नाउँ, स्वर्गीय हीरादेवी । (गौतम, २०४५/२०७५, पृ. ११६)

कुमारद्वारा प्रस्तुत माथिको उद्धरणमा यस पात्रले आमाको खोजी गर्नाका लागि गरेको निर्णयका कारण भोग्नुपरेको पीडालाई अभिव्यक्त गरिएको छ । अपरिचित अवस्थाकी आमाको खोजीमा कुमार सक्रिय रहँदा उसले त्यस विशाल घरका यातना र बाहिरका विकृत क्रियाकलापलाई भोग्न र देख्न बाध्य भएको छ । हीरादेवीलाई जीवित भेट्न सकिन्न भन्ने कुरा अनुभव गरेको कुमारले एक वृद्धा, रोहिणी माइजू, आफूलाई पाल्ने बुढी र जुल्फी माइजूलाई कतै हीरादेवी हुन् कि भन्ने ठान्दाका अवस्थामा गरेको पीडाबोध उसले हीरादेवीलाई खोज्नाका लागि गरेको स्वतन्त्र निर्णयका कारण हो भन्ने कुरा उपन्यासमा विकसित घटनाक्रमले सिद्ध गरेका छन् । मखनमा वेश्यालय चलाएर बसेकी वेश्या हीरादेवी, उसकै बहिनी जो विशाल घरमा कामका लागि आएकी हीरादेवी, त्यही वेश्यालयमा आउने अर्की वेश्या हीरादेवी तथा बिहेपछि सोना बनेकी हीरादेवीलाई नै आफैले खोजेकी हीरादेवी हो कि भन्ने ठान्दै खोजीमा लाग्नुपर्दा कुमारले समस्या भोगेको छ । हीरादेवीको खोजीका लागि गरेको स्वतन्त्र निर्णयका कारण नै कुमारले यस्ता समस्या भोग्न बाध्य भएको देखिन्छ । कुमारले जीवनमा आफ्नो अस्तित्वका लागि जे जे प्राप्त गर्नाका लागि निर्णय गरेको छ ती कुरा प्राप्तिको प्रयत्न गर्दा उसले समस्या र पीडा भोग्नुपरेको कुरालाई उपन्यासमा प्रस्तुत गरिएको छ ।

*स्वर्गीय हीरादेवीको खोज* उपन्यासमा स्वतन्त्रताको पीडाको प्रस्तुति प्रमुख चरित्र कुमारबहादुर नेपालीले जागिर खानाका लागि गरेको निर्णयपश्चात् त्यसको प्राप्तिको सुनिश्चितता नहुँदाका अवस्थामा भोग्नुपरेको पीडाका माध्यमबाट गरिएको छ । जन्मेपछि त्यही विशाल घरमा आश्रय पाएको यस पात्रले काम गर्ने अवस्थामा पुगेपछि त्यस घरको कामदारको परिचय प्राप्त गरेको छ । अर्काको घरमा काम गरेर जीवननिर्वाह गरे पनि स्नातकसम्मको अध्ययनले उसमा जागिर खाने आत्मबलको विकास भने भएको छ । उसले जागिर खानका लागि गरेको प्रयत्नमा सफलता प्राप्त गर्न नसक्दा पीडाको अनुभूति भएको कुराका माध्यमबाट स्वतन्त्रताको उपयोगका कारण भोग्नुपर्ने पीडालाई व्यक्त गरिएको छ । एक जी.एम.ले सबै खाले प्रश्न सोधेर अन्त्यमा

आश्वासन मात्र दिएको तर जागिर नदिएको, आफू बसेको घरका मामाहरूले समेत जागिर लगाइदिने आश्वासन मात्र दिएका कारण उसले पीडाको अनुभव गरेको छ । कुमारले अनुभव गरेको पीडालाई उपन्यासको यस उद्धरणले थप पुष्टि गरेको छ :

> एक्लो छ, आवश्यक छ र बेरोजगार छ भने सारा देश बन्द लाग्न थाल्छ । कतै केही खुलेको हुँदैन । विज्ञापन त खुलेको हुन्छ, आफ्नो आँखा हुन्छ । नोकरी एउटा खुलेको हुँदैन । नोकरी नगरुँ भने त्यही हण्डी जस्तो खाऊ, बस । सारा मामा छन्, माइज्यू छन्, तर खानलाई हण्डी मात्र छ । (गौतम, २०४५/२०५७, पृ. ३०)

माथिको उद्धरणले कुमारले आफ्नो अस्तित्वका लागि जागिर गर्ने निर्णय गर्दा भोग्नुपरेका समस्याका बारेमा स्पष्ट पारेको छ । त्यस विशाल घरको खाना खाएर बस्ने कुराको विकल्पका रूपमा जागिरलाई देखेर त्यसको प्राप्तिका लागि कुमारले स्वतन्त्र निर्णय गरेको हो । आफूले गरेको निर्णयले सफलता प्राप्त गर्न नसक्दा उसले पीडाको अनुभव गरेको हो । जागिरबाट आफ्नो अस्तित्व सुरक्षित गर्ने प्रयत्न सुनिश्चित नहुँदा कुमारले पीडाको अनुभव गरेको कुरालाई विषयबद्ध गरी यस उपन्यासमा स्वतन्त्रताको पीडा अभिव्यक्त गरिएको छ ।

*स्वर्गीय हीरादेवीको खोज* उपन्यासमा प्रमुख चरित्र कुमारले आशाले उपलब्ध गराएको जागिर खानका लागि गरेको निर्णयपछि भोग्नुपरेका समस्याका माध्यमबाट मानिसले अस्तित्वका लागि स्वतन्त्र निर्णय गरेपछि अनेक समस्याको सामना गर्न बाध्य हुन्छ भन्ने मान्यतालाई बोध गराएको छ । आशा त्यही चरित्र हो जसले कुमारलाई बलियो, सुन्दर, जेहेन्दार, अध्ययनशील, चिन्तकका रूपमा देखेर प्रेमप्रस्ताव गरेकी थिई । अन्ततः आशाले कुमारसँगको प्रेमलाई सार्थक पार्ने यात्राबाट अलग रहेकी छे भन्ने कुरालाई उपन्यासको यस साक्ष्यले स्पष्ट पारेको छ -"आशाले अनकनाउँदै भनी- ती ..तिम्रा.. मामाहरू होइनन् रे, अनि तिमी.." (गौतम, २०४५/२०५७, पृ. ५२) ? कुमारलाई पीडाको अनुभव गराउने कारण प्रेममा असफलता पनि रहेको देखिन्छ । कुमारको वास्तविकताको पहिचानपश्चात् प्रेम आरम्भ गरेको तीन महिनामै आशाले उक्त प्रेमसम्बन्धलाई विच्छेद गरेकी छे । त्यही चरित्रले उपलब्ध गराएको निम्नकोटिको जागिर खाँदा नै कुमारमा पीडाबोध भएको छ । दिनहुँ आशालाई अभिवादन गर्नुपर्ने, उसका आदेशलाई पालना गर्नुपर्ने जस्ता समस्या उसले जागिर खानका लागि गरेको स्वतन्त्र निर्णयका कारण सिर्जित भएका हुन् । योभन्दा पनि गम्भीर समस्या मन्त्रीले गरेको अपमानका कारण कुमारले भोग्नुपरेको समस्यालाई उपन्यासमा प्रस्तुत गरिएको छ । उक्त कुरालाई उपन्यासको यस उद्धरणले स्पष्ट पारेको छ :

> आशासँग तेरो के सम्बन्ध छ भन्, नत्र अहिले, यही चोभारको भीरबाट तँलाई घचेटिदिन्छु । यो भनेपछि ऊ साँच्चीकै कुमारलाई भीरतिर घिच्च्याउन थाल्यो ।

> कुमारले आफूलाई छुटाउने प्रयत्न गऱ्यो । यस पटक आफू फसेकाले, सकेन । ऊ अगि मन्त्रीको आत्महत्याको भयले जति डराएको थियो, त्यसभन्दा कैयौँ गुना बढी अहिले हुन लागेको यो हत्याले थर्केको थियो । (गौतम, २०४५/२०५७, पृ. ९६)

कुमारमा पीडाको अनुभव गराउने कारण उसले आशासँग स्थापित गरेको निकट सम्बन्ध रहेको कुरालाई यस उद्धरणले स्पष्ट पारेको छ । आफ्नी पूर्वप्रेमिका आशासँग निकटता बढाएकामा आक्रोशित बनेको मन्त्रीले कुमारको ज्यानै लिनेसम्मको योजनाबाट कुमार पीडित बनेको कुरालाई उपन्यासमा विषयबद्ध गरी स्वतन्त्रताको पीडा अभिव्यक्त गरिएको छ । आफ्नो योग्यताअनुसारको जागिर नपाउँदा, निम्नकोटिको भए पनि जागिरलाई स्वीकार गर्दा कुमारले अनेक समस्या भोग्न बाध्य भएको कुराका माध्यमबाट स्वतन्त्रताको पीडा अभिव्यक्त गरिएको छ ।

*एक शहरमा एक कोठा* उपन्यासमा स्वतन्त्रताको पीडालाई प्रमुख विषय बनाई अभिव्यक्त गरिएको छ । यस उपन्यासमा 'म' पात्रले गरेको स्वतन्त्र निर्णयपश्चात् भोग्नुपरेका समस्यालाई आख्यानसँग सम्बद्ध गराई स्वतन्त्रताको पीडा अभिव्यक्त गरिएको छ । आफूले गरेका निर्णयका कारण यस पात्रले सहरमा आर्थिक, पारिवारि एवम् नैतिक समस्या भोग्न बाध्य भएको कुरालाई यस उपन्यासमा विषयबद्ध गरिएको छ । अस्तित्वका लागि यस पात्रले गरेका निर्णयका कारण पीडाको सामना गर्नुपरेको परिवेश सिर्जना यस उपन्यासमा गरिएको छ ।

*एक शहरमा एक कोठा* उपन्यासमा 'म' पात्रले जागिर खानाका लागि गरेको निर्णयपश्चात् कार्यालय र कोठामा भोग्नुपरेका समस्याका माध्यमबाट स्वतन्त्रताको पीडा व्यक्त गरिएको छ । लेखा सहायकका रूपमा त्यस कार्यालयमा प्रवेश गर्नासाथ त्यहाँका कर्मचारीले कम उमेरमा जागिर खाएको देखी ईर्ष्या भाव व्यक्त गरेका छन् । एक मानिसको उन्नतिमा अर्को मानिसले ईर्ष्या गर्ने मानवीय प्रवृत्तिबाट 'म' पात्र पनि अलग रहन सकेको छैन । एम. ढकाल नामक पात्रले कार्यालयमा गरेको अपमानलाई 'म' पात्रले भोग्न बाध्य भएको छ । 'म' पात्रले पीडा भोगेको कुरालाई उपन्यासको यस साक्ष्यले स्पष्ट पारेको छ -"पहिलो दिन ढकाल निकै ढिलो आयो । आउनासाथ सोध्यो -तपाईं कुन सोर्सबाट आउनुभएको" (गौतम, २०४६, पृ. १४) ? उपन्यासमा वर्णित यस्ता पीडा 'म' पात्रकै निर्णयका कारण भएको देखिन्छ । ढकालको अभिव्यक्तिले 'म' पात्रलाई अपमान त भएकै छ साथै नेपालको कर्मचारी प्रशासनमा हुने गरेका भनसुन जस्तो दुश्प्रवृत्तिलाई समेत राम्रोसँग प्रतिबिम्बित गरेको छ । आफ्नो सामर्थ्यका माध्यमबाट जागिरमा प्रवेश गरेको 'म' पात्रका लागि भने ढकालको अभिव्यक्ति वेदनादायी नै बनेको छ । 'म' पात्रलाई कार्यालयका कर्मचारी दुष्ट र नीच लाग्नु, सावित्री नामक कर्मचारीलाई मनमनै हिडम्बा, राड भनी सम्बोधन गर्न पर्नु जस्ता समस्या जागिरे जीवनमा प्रवेश गरेको पहिलो दिनमा नै भोगेको छ । आफू एक्लो र अविवाहित भए पनि प्राप्त जागिरले सहरमा जीवन धान्न धौ धौ पर्नु

पनि 'म' पात्रले जागिर खानका लागि गरेको निर्णयका कारण सिर्जित पीडा नै रहेको देखिन्छ । 'म' पात्रले जागिर खानका लागि गरेको निर्णयका कारण कार्यालयमा साथीसँगको सम्बन्धगत समस्या र कोठामा आर्थिक समस्या भोग्नुपरेका जस्ता कुरालाई संयोजन गरी स्वतन्त्रताको पीडा अभिव्यक्त गरिएको छ ।

'म' पात्रले गीतासँग बिहे गरेपछि सहरको एक कोठामा बसेर आर्थिक समस्यासँग जुध्नु परेको घटनाका माध्यमबाट *एक शहरमा एक कोठा* उपन्यासमा स्वतन्त्र निर्णयपछि भोग्नुपर्ने पीडा अभिव्यक्त गरिएको छ । सहरको कोठामा बस्ने रहरपछि मानिसमा आइपर्ने प्रमुख समस्या आर्थिक र घरपट्टीको असहयोग रहेको देखिन्छ । यस्ता समस्यामध्ये 'म' पात्र पहिलो समस्याबाट नराम्रोसँग आक्रान्त बन्न बाध्य भएको छ । उपन्यासकार गौतमले स्वस्तिकासँग बिहे गर्दा लिएको ऋणले समस्या सिर्जना गरे जस्तै यस उपन्यासको 'म' पात्रले समेत गीतासँग बिहे गरेपछि त्यस्तै समस्या भोगेको छ । 'म' पात्रले खाने कुरा किन्न नसक्नु, दाइजोमा आएका सामानको उचित व्यवस्थापन गर्न नसक्नु, एउटै कोठालाई बिस्तारा, बैठक र भान्सा बनाउन पर्नु जस्ता समस्या उसकै स्वतन्त्र निर्णयबाट सिर्जित भएका हुन् । श्रीमती गीताले अर्को कोठाको अपेक्षा गरे पनि आर्थिक समस्याका कारण त्यसलाई सार्थक पार्न सकिरहेको छैन । गर्भवती बनेकी गीताको रेखदेखका लागि आमाको आवश्यकता परे पनि सुत्ने ठाउँको अभावले अर्को समस्या परेको वास्तविकतालाई उपन्यासमा प्रस्तुत गरिएको छ । आमा र कोठा दुवै आवश्यक छन् तर कोठा असम्भव भएकाले आमा ल्याउन उत्तिकै जटिलता देखिएको छ । सहरको कोठामा बस्ने रहर गर्दा 'म' पात्रले भोग्नुपरेका पीडालाई उपन्यासको यस साक्ष्यले थप स्पष्ट पारेको छ :

> ऊ यति उदास र चुपचाप देखिन थाली कि मलाई शंका लाग्यो ऊ मनमनै रून्ने अथवा (बाहिर फुट्न थालेको) न्वाइलाई छेक्ने अभ्यासमा लागेकी छे । धेरै बेरपछि उसले मुख उघारी -मैले उहिल्यैदेखि भनेकी होइन, यस्तो कोठामा बस्न सकिन्न ? अर्काको लागि कोठा लिइन्न, तर आफै पनि मालसामान सँगसँगै मालसामान भएर कोठामा फ्याँकिएको रूपमा जीवन खर्च गर्दा कस्तो लाग्छ ? (गौतम, २०४६, पृ. ७३-७४)

'म' पात्रद्वारा प्रस्तुत यस उद्धरणमा उसले भोग्नुपरेका समस्या प्रतिबिम्बित भएको छ । एउटा कोठामा जीवननिर्वाह गर्नुपर्दा पत्नी गीताले व्यक्त गरेको यस अभिव्यक्तिले 'म' पात्रले सहरमा अभावयुक्त जीवन व्यतीत गरिरहेको देखिन्छ । अर्को कोठा लिन नसक्नु, गीताका लागि डाक्टरले लेखिदिएका नाना थरी औषधी किन्न नसक्नु जस्ता समस्या भोगेको छ । उसले ओ. हेनरीको कथा जस्तो समस्या भोग्न परेको कुरालाई यस उद्धरणले स्पष्ट पारेको छ -"यो भए, त्यो छैन, त्यो भए, यो छैन" (गौतम, २०४६, पृ. १२४) । उपन्यासमा प्रस्तुत यस उद्धरणले 'म' पात्रको

कमजोर आर्थिक अवस्थालाई बोध गराएको छ । 'म' पात्रलाई सीमित आम्दानीका भरमा सहरमा जीवन चलाउन समस्या भएको छ । 'म' पात्रका कोठा, आमा, औषधी, खाना, भाडा जस्ता सबै समस्या आर्थिक पक्षसँग जोडिएका छन् । 'म' पात्रले यी सबै समस्या गीतासँग बिहे गरेपछि सिर्जना भएका हुन् । 'म' पात्रले गीतासँग बिहे गरेपछि सहरको कोठामा भोग्नुपरेका समस्याले स्वतन्त्रताको उपयोगपश्चात् भोग्नुपर्ने पीडा अभिव्यक्त गरेको देखिन्छ ।

*एक शहरमा एक कोठा* उपन्यासमा 'म' पात्रले कर्णप्रसादले रक्सी खानका लागि गरेको आग्रहलाई स्वीकार गरेपछि भोग्नुपरेका समस्याको चित्रण गरी स्वतन्त्रताको पीडा अभिव्यक्त गरिएको छ। पत्नी, सासू, कोठा, नवजात छोरी जस्ता एकपछि अर्को समस्यालाई क्रमशः समाधान गर्दै लगे पनि अन्ततः कर्णप्रसादको रक्सी खान गरेको आग्रहलाई स्वीकार गरेपछि यस पात्रको जीवनमा थप जटिलता आइपरेको छ। कर्णप्रसादको आचरणका बारेमा बोध भएपछि उसको आग्रहलाई अस्वीकार गर्नुपर्ने र स्वीकार गरे पनि आफू केही समयका लागि बाहिर जान लागेको विषयमा परिवारका सदस्यलाई समेत जानकारी नगराएको भन्ने कुरा कर्णप्रसादकै मुखबाट सुनेपछि उसका परिवारका सदस्यलाई जानकारी गराउनुपर्नेमा उल्टो भोलिपल्ट कार्यालयमा अनुपस्थित हुनुले 'म' पात्रप्रति आशङ्का हुनु स्वाभाविक देखिएको छ । कर्णप्रसादले गरेको एक करोड रुपियाँको हिनामिनामा 'म' पात्रको संलग्नता रहेको भन्ने विषयमा उसको खोजी हुनु, दुईजना पुलिस जस्तामध्ये एकले सोधपुछ गर्नु, अर्काले पसलमा बसेर निगरानी गरी भयभित तुल्याउनु जस्ता समस्या 'म' पात्रकै वैयक्तिक स्वतन्त्रताका कारण भोग्न परेका हुन् । 'म' पात्रकै सुरक्षाका लागि भन्दै जेलमा हाल्नु, जीवनमा जटिल समस्याको भागीदार बन्न पर्नु जस्ता समस्या उसकै स्वतन्त्र निर्णयबाट सिर्जित भएका हुन् । 'म' पात्रले गरेको निर्णयका कारण सिर्जित समस्यालाई यस उद्धरणले थप स्पष्ट पारेको छ -"एकदिन ढकाल आयो र भन्यो -तिमीलाई यहाँ राखेको कारण अर्कै छ । .... कुन्नि, मैले त सुनेको, कर्णप्रसाद समातियो भने तिमी छुट्छौ, नत्र तिमीलाई नै अभियुक्त मानेर केस चलाइन्छ" (गौतम, २०४६, पृ. १४६) । ढकालले दिएको यस जानकारीले 'म' पात्र थप समस्यामा परेको छ। यस्ता मिथ्या आरोपबाट पीडित बन्नु, सामान्य जरो आएको बहानामा अस्पताल पुऱ्याइनु, कुनै रोग नभए पनि विनाआदेश छाड्न नमिल्ने भन्दै अस्पतालमा पीडायुक्त जीवन बाँच्दै बस्नुपर्ने समस्या 'म' पात्रले भोगेको छ । कर्णप्रसादले रक्सी खानका लागि गरेको आग्रहलाई 'म' पात्रले स्वीकार गरेपछि यस्ता समस्या भोग्नुपरेको कुराका माध्यमबाट स्वतन्त्रताको पीडा अभिव्यक्त गरिएको छ ।

स्वतन्त्रताको पीडालाई *सहस्राब्दीको अन्तिम प्रेमकथा* उपन्यासमा प्रमुख विषय बनाइएको छ । यस उपन्यासका प्रमुख पात्रहरू विग्रह र समिधा एवम् सहायक पात्र प्रेमप्रसादले अस्तित्वका लागि स्वतन्त्र निर्णय गर्दा भोग्नुपरेका समस्यालाई आख्यानात्मक रूपमा प्रस्तुत गरी स्वतन्त्रताको

पीडा व्यक्त गरिएको छ । आफूलाई बनाउनका लागि यी पात्रले गरेका निर्णयका कारण आर्थिक, पारिवारिक एवम् जागिरका विषयमा समस्या भोग्न बाध्य भएको देखिन्छ । अस्तित्वका लागि यी पात्रले गरेको निर्णयका कारण समस्या भोग्नुपर्ने परिवेशको निर्मिति यस उपन्यासमा भएको छ ।

*सहस्राब्दीको अन्तिम प्रेमकथा* उपन्यासमा विग्रहले समिधालाई प्राप्तिका लागि गरेको प्रयत्न र समिधाले त्यस प्रस्तावलाई स्वीकार नगरेका कारण भोग्नुपरेका पीडाको प्रस्तुतिका माध्यमबाट स्वतन्त्रताको पीडा व्यक्त गरिएको छ । विग्रहले अपेक्षा गरेअनुरूप उसको प्रेमप्रस्तावलाई समिधाले स्वीकार गरेका भए ऊ एक्लो रहँदा जुन पीडा अनुभव गरेको छ त्यो समस्या भोग्नुपर्ने अवस्था आउने थिएन । विग्रहको प्रस्तावलाई अस्वीकार गरेपछि चुरोट खाएर बस्ने, राति घण्टौँ चन्द्रमा हेरेर समय बिताउने जस्ता समस्या उसले गरेको स्वतन्त्र निर्णयका कारण आइपरेका हुन् । समिधाप्रतिको एकोहोरो आकर्षणका कारण कक्षाका अरू केटा साथीसँग झगडा गर्नु, सपनामा क्षितिज नामक पात्रसँग समिधा हाँस्दै हिँडेको दृश्य देख्नु जस्ता समस्या समिधासँग निकट बन्न विग्रहले राखेको रुचिका कारण सिर्जना भएका हुन् । समिधाले विग्रहको प्रेमप्रस्तावलाई अस्वीकार गरेकै कारण विग्रह उदास, दुब्लो बन्दै गएको तथा घरमा बाआमासमेत छोराको यस्तो अवस्थाबाट पीडित बनेको देखिन्छ । विग्रह आफ्नै निर्णयका कारण समस्यामा परेको कुरालाई उपन्यासको यस अंशले प्रमाणित गरेको छ :

> विग्रह दुब्लाउन थाल्यो । एक्लो नभए पनि कान्छो छोरो थियो । आमाबाबु, उसको स्कूलका दिनहरूमा उसलाई रुघा लाग्ने कुनै पनि लक्षण निकै परतिर देखियो भने पनि गलबन्दी बेरेर मात्र स्कूल पठाउँथे । त्यस्तरी हुर्काएको छोरो एक्कासी दुब्लाउन थाल्यो । उदास देखिन थाल्यो । आमाबाबु सोध्न हच्किरहेका थिए, (गौतम, २०५६, पृ. ४०)

विग्रहको स्वास्थ्यमा कमजोरी आउनु उसकै निर्णय रहेको कुरा उपन्यासको यस उद्धरणमा अभिव्यक्त गरिएको छ । विचार, व्यवहार र शारीरिक स्वरूपमा निराशाजनक भिन्नता आउने कारण समिधा नै रहेको देखिन्छ । आफूले अपेक्षा गरेकी पात्र समिधाले देखाएको वितृष्णाभावका कारण विग्रह प्रताडित बनेको घटनाको संयोजन गरी यस उपन्यासमा स्वतन्त्रताको पीडा अभिव्यक्त गरिएको छ । विग्रहले समिधा अर्कै केटासँग हिँडेको सपना देखेपछि विपनामा उससँग विग्रह बोल्न छाड्नु, समिधालाई नपाउँदा आफू पराजित, टाट र अर्थहीन भएको ठान्दै जानु, समिधाको नाम लिने युवकसँग भिड्न पर्नु, उसलाई प्राप्त नगरे आत्महत्या गर्छु भन्ने जस्ता विचार उसमा आउनु जस्ता पीडाको प्रस्तुतिका माध्यमबाट यस उपन्यासमा स्वतन्त्रतापछि भोग्नुपर्ने पीडा र चिन्तालाई व्यक्त गरिएको छ । यी सबै समस्या विग्रहले समिधाप्रति आकर्षण

भाव व्यक्त गर्नु र समिधाले उसको प्रस्तावलाई अस्वीकार गर्ने निर्णयका कारण सिर्जित भएका हुन् ।

*सहस्राब्दीको अन्तिम प्रेमकथा* उपन्यासमा विग्रह र समिधाले आफ्नै खुट्टामा उभिनका लागि गरेको निर्णयपछि भोग्नुपरेका समस्याका माध्यमबाट समेत स्वतन्त्रताको पीडा व्यक्त गरिएको छ । आर्थिक रूपमा सम्पन्न परिवारका यी सदस्यका लागि बाहिरको जागिर आवश्यकताको विषय नरहे पनि आफ्नो शिक्षाको उपयोग गर्न र प्रेमलाई सशक्त बनाउनका लागि उनीहरूले जागिर गर्ने विषयलाई प्राथमिकतामा राखेको देखिन्छ । उनीहरूले गरेको जागिर खाने निर्णयका कारण अपेक्षित उपलब्धि प्राप्त नहुँदा यस कार्यलाई व्यर्थ ठाने पनि आफ्नो अस्तित्वका लागि गरेको यस निर्णयबाट भने पछि हटेको देखिँदैन । कामुको पात्र सिसिफसले ढुङ्गालाई पहाडको चुचुरामा पुऱ्याउन असफल बनेझैँ विशेष गरी विग्रह पनि जागिर प्राप्तिका विषयमा यस्तै असफल बनेको छ । यस्तो अवस्थामा विग्रहले गरेको पीडा र चिन्ताको अनुभूति उसकै स्वतन्त्र निर्णयका कारण सिर्जित हो भन्ने स्पष्ट भएको छ । यसै गरी विग्रहका बाले यस्तो सम्पन्न परिवारको मानिसले जागिर खोज्दै हिँड्दा प्रतिष्ठामा आँच आएको भन्ने कुरा गरेपछि घर नै छाडेर झिँगटीको छाना भएको घरमा डेरा लिन पर्नु जस्ता समस्याको कारक आफ्नै खुट्टामा उभिनका लागि गरेको निर्णय नै रहेको देखिन्छ । विग्रहले गरेको निर्णयका कारण आइपरेका समस्याका बारेमा तलको उद्धरणले थप स्पष्ट पारेको छ :

> एउटा झिङटीको छानो भएको घर खोज्न हिंड्यो । दिनभरिमा त्यस्तो एउटा घर पायो पनि । घरमा एउटा कोठा पायो । त्यहाँ सबथोक सार्वजनिक थियो । साझा योजना चलाएजस्तै । झिङटीको छानो भएको पुरानो घर भए पनि, त्यहाँ, टेलिफोन र टेलिभिजन समेत थिए । रमाइलो के भने, त्यहाँ ती पनि सार्वजनिक थिए । तिनको खर्च गृहस्वामीले, प्रत्येकको बाहलमै गाभिदिएको थियो । (गौतम, २०५६, पृ. ८४)

विग्रहका लागि यस्तो डेरा आवश्यक नभए पनि आफूले गरेको जागिर खाने निर्णयका कारण यस्ता समस्यासँग सङ्घर्ष गर्न परेको कुरालाई यस उपन्यासमा प्रस्तुत गरिएको छ । नोकरी खानुपर्ने आवश्यकता नै नभएको परिवारको सदस्यले त्यसको प्राप्तिको निर्णय गरेर अगाडि बढ्दा शारीरिक, मानसिक, सामाजिक प्रतिष्ठामा आँच जस्ता समस्या भोग्न यी दुवै प्रमुख चरित्र बाध्य भएका छन् । एकातिर दिनहुँ नोकरी खोज्ने विषयलाई नै तालिका बनाउँदा शारीरिक पीडा भएको छ भने अर्कातिर जागिर नपाउँदा मानसिक समस्यासमेत भोग्न परेको छ । यसै गरी जागिरको आवश्यकता नपरेका मानिसले साधारण जागिरको खोजीमा हिँड्ने कार्यले सामाजिक प्रतिष्ठामा समेत धक्का लागेको कुरा विग्रहका बाले दिएको अभिव्यक्तिले स्पष्ट पारेको छ । विग्रह र समिधाले

गरेको छनोटको स्वतन्त्रताको उपयोगका कारण नै अनेक समस्या भोग्न बाध्य भएको कुराको प्रस्तुतिका माध्यमबाट यस उपन्यासमा स्वतन्त्रताको पीडा अभिव्यक्त गरिएको छ ।

*सहस्राब्दीको अन्तिम प्रेमकथा* उपन्यासका प्रमुख चरित्र विग्रह र समिधाले एकअर्कासँग प्रेममा आबद्ध हुने कुरामा निर्णय गरेपछि अनेक समस्या भोग्न बाध्य भएको कुरालाई प्रस्तुत गरेर स्वतन्त्रतापछिको पीडा अभिव्यक्त गरिएको छ । प्रेममा आबद्ध भएपछि नै यी दुई पात्रका बिचमा पटक पटक झगडा परेको छ । समिधाले विग्रहलाई दुर्बल र छद्म भन्ने आरोप लगाएकी तथा विग्रहले समिधालाई छुल्याई भनी आरोप लगाउँदै गर्नुपरेको झगडाका माध्यमबाट स्वतन्त्रतापछिको पीडा अभिव्यक्त गरिएको छ । प्रेम गर्ने निर्णयका कारण विग्रहले भोगेको समस्यालाई यस उद्धरणले स्पष्ट पारेको छ -"प्रेमको त्यो काँडाले अब आफ्नो धर्म फेरेछ, त्यो सांसारिकताको काँडा बनेछ । त्यसले गर्दा सांसारिकताले मानिसलाई खाँदेर राख्दा, त्यो आफैँले निर्माण गरेको काँडाले आफूलाई दिनदिनै भित्र घाइते बनाउने पो रहेछ" (गौतम, २०५६, पृ. १२१) । विग्रहको जीवनमा एकपछि अर्को समस्याको कारण प्रेम रहेको वास्तविकतालाई यस उद्धरणमा अभिव्यक्त गरिएको छ । समिधासँग प्रेम गरेपछि नै विग्रहले घर छाड्न पर्नु, जीवन धान्नाका लागि न्यून स्तरको जागिर खान पर्नु, ऋण बढ्दै जानु, प्रेम नगर्नाका लागि आएका सल्लाह र धम्कीलाई सामना गर्न पर्नु जस्ता समस्या यस पात्रले गरेका स्वतन्त्र निर्णयका कारण सिर्जना भएको देखिन्छ । यसै गरी समिधा दिनहुँ विग्रहको कोठामा जान पर्नु, विग्रहको कमजोर आर्थिक अवस्था, न्यून स्तरको जागिर र विरक्तलाग्दो कोठा देखिरहन पर्नु, विग्रहलाई ऋण दिन पर्नु, विग्रहकै कल्याणका लागि आफ्नो जागिर साट्न पर्नु, विग्रहले कान्तिलाई साडी दिएको र शारीरिक सम्पर्क गरेको घटनाबाट पीडित बन्न पर्नु, बिहे नहुँदै विग्रहको गर्भधारण गरी छोरी जन्माउन पर्नु जस्ता समस्या यस पात्रले भोग्न बाध्य भएकी छ । यी सारा समस्या समिधाले विग्रहसँग प्रेम गर्नाका लागि स्वीकार गरेको घटनाका कारण सिर्जित भएको देखिन्छ ।

*सहस्राब्दीको अन्तिम प्रेमकथा* उपन्यासमा प्रेमप्रसादले गरेको दुई वटा विवाहका कारण सिर्जित समस्याका माध्यमबाट स्वतन्त्रताको पीडा व्यक्त गरिएको छ । प्रेमप्रसाद आफ्नो सम्पत्तिको ख्याल नगरी अविवाहित अवस्थादेखि नै युवती भोगमा सक्रिय रहेको पात्रका रूपमा उपन्यासमा चित्रित रहेको छ । घरमा पत्नीका रूपमा राधालाई भित्र्याएपछि र काठको काम गर्ने अनुमति पाएपछि एकै पटक सन्तान र सम्पत्तिको वर्षा भएर प्रफुल्ल बनेको यस पात्रको जीवनमा एकाएक सन्यासिनीको प्रवेशले समस्या उत्पन्न गरिदिएको छ । जीवन सुमधुर र सुखमय रूपमा सञ्चालन गरेका अवस्थामा सन्यासिनी सावित्रीलाई चुम्बन गर्दै बिहे गर्ने उसको स्वतन्त्र निर्णयका कारण समस्यामा परेको छ । ध्यान र साधनाले दीप्त बनेकी सावित्रीका सामु अति भोग र वृद्ध उमेरका कारण रोगीसमेत बनेको प्रेमप्रसादले यौनसन्तुष्टि प्रदान गर्न नसक्दा पीडाको अनुभव गरेको छ ।

आफूले सावित्रीलाई सन्तुष्टि दिन नसक्नु, अरू कसैले आँखा लगाउँछन् कि भन्ने भय रहनु उसकै स्वतन्त्र निर्णयका कारण सिर्जित समस्याहरू हुन् । प्रेमप्रसादले भोगेका समस्याका बारेमा यस उद्धरणले थप स्पष्ट पारेको छ :

> प्रेमप्रसाद डरायो, यससित म सक्तिन यसरी । यसलाई एउटै चिन्ता, भय जे भनुँ थियो, के भने, यो मेरी स्वास्नी हो । अब कारणवश मैले यसलाई भोगिन भने तापनि कोही अन्यले पनि उसको भोग नगरिदेओस् । जमाना खराब छ । इज्जत जोगाउनै गाह्रो छ । .... उसको दिनरातको चिन्ता थियो, आफ्नो जीवन वा जीवनको शेषपछि पनि, कसैले यसको शरीर प्राप्त नगरिदेओस् । (गौतम, २०५६, पृ. १६)

प्रेमप्रसादको पीडाको कारक युवती पत्नी सावित्री रहेको कुरालाई उपन्यासको यस साक्ष्यले स्पष्ट पारेको छ । उसले एकातिर सावित्रीलाई सन्तुष्ट बनाउन नसक्दा पीडामा परेको छ भने अर्कातिर पहिली पत्नी राधाले विरोध गर्छे कि भन्ने भय पनि भोगेकै छ । यी सबै पीडा उसकै स्वतन्त्र निर्णयका कारण सिर्जित भएका छन् । आफ्नो उमेर, क्षमता र आवश्यकताको पहिचान नगरी स्त्री जातिलाई केवल भोग्या र मनोरञ्जनको विषयका रूपमा मात्र बोध गरी स्वतन्त्र निर्णय गरेको प्रेमप्रसादले अन्ततः पीडाको अनुभव गरेको छ । दुई जना पत्नीलाई स्वीकार गर्ने निर्णय गर्दा प्रेमप्रसादले समस्याको सामना गर्नुपरेको कुरालाई आख्यानसँग सम्बद्ध गराई स्वतन्त्रताको पीडा अभिव्यक्त गरिएको छ । विवाहका कारण सिर्जित समस्याका सन्दर्भलाई प्रस्तुत गरेर यस उपन्यासमा स्वतन्त्रताको उपयोगपश्चात् आइपर्ने समस्यालाई प्रस्तुत गरिएको छ ।

*भीमसेन-४ को खोजी* उपन्यासमा स्वतन्त्रताको पीडा पात्रकै क्रियाव्यापारका माध्यमबाट अभिव्यक्त भएको छ । 'म' पात्र, कोलम्बस-समूह र एकचक्रावासीले अस्तित्वका लागि गरेको निर्णयपश्चात् भोग्नुपरेका भयग्रस्त समस्यालाई आख्यानका सूत्रमा आबद्ध गरी स्वतन्त्रताको पीडा अभिव्यक्त गरिएको छ। द्वापरयुगमा प्रसिद्धि प्राप्त गरेको एकचक्रा नगरीलाई मिथकका रूपमा प्रस्तुत गरी त्यसका माध्यमबाट मूलतः नेपालको काठमाडौं सहरमा देखिने अभाव, गरिबी, असुरक्षालाई यस उपन्यासमा व्यक्त गरिएको छ । यस उपन्यासका पीडित पात्रले भोगेका आर्थिक समस्याबाट उन्मुक्तिका लागि स्वतन्त्र निर्णय गर्दा थप पीडाको सामना गर्न बाध्य भएको देखिन्छ । आफ्नो अस्तित्वका लागि गरेको निर्णयका कारण यी पात्रले समस्या भोग्नुपर्ने परिवेश यस उपन्यासमा सिर्जना गरी स्वतन्त्रताको पीडा प्रस्तुत गरिएको छ ।

*भीमसेन-४ को खोजी* उपन्यासमा 'म' पात्रले आफ्नो दाजु अमरले गरेको तस्करी कार्यलाई महत्त्व नदिँदा भोग्नुपरेका आर्थिक विपन्नता र पारिवारिक समस्याको अभिव्यक्तिका माध्यमबाट स्वतन्त्रताको पीडा व्यक्त गरिएको छ। एउटै बाआमाका सन्तानमध्ये दाजु अमरले गरेको आर्थिक उन्नतिका कारण चारैतिर सम्मान र चर्चा प्राप्त गरेको छ। आफ्ना घरका

सदस्यलाई रक्सीमा रल्लिनेसम्मको छुट प्रदान गरेको छ। छोराछोरीलाई विदेश पठाउने कुरा गरेको छ। 'म' पात्र भने पत्नी, छोराछोरीका अगि मुख देखाउन नसक्ने बन्न बाध्य भएको छ। 'म' पात्रले गरेको निर्णयका कारण उसले भोग्नुपरेको समस्यालाई यस उद्धरणले थप स्पष्ट पारेको छ -"गोला हाल्ने भइयो, जसको कागतमा 'भात' लेखेको हुन्छ, त्यसैले खाने। हालियो। एउटाको नाउँमा पऱ्यो पनि। त्यसले छाडिदियो। अरूको करुणा आफ्नै ठाउँमा थियो। करुणा नै करुण दृष्टिले भातलाई हेरिरहेको थियो" (गौतम, २०६१, पृ. ८)। 'म' पात्रले गरिबी भोगेको छ। आफू र श्रीमती भोकै बसी गोला हालेर चार छोराछोरीमध्ये एक पटकमा एक जनालाई मात्र विनादालतरकारीको भात खुवाउन बाध्य भएको छ। देशभित्रका राजनीतिक विकृतिका कारण रोजगारी गुमेको, भ्रष्टाचार मौलाएको, बेथिति चरमचुलीमा पुगेको अवस्थाका कारण 'म' पात्र जस्तो इमान्दारले सङ्कट भोग्नुपरेको तथ्यलाई उपन्यासमा प्रस्तुत गरिएको छ। 'म' पात्रकी पत्नीको रोग, भोक, शोक, हीनताभाव र छोराछोरीको अभाव तथा उसको आफ्नै जीवनको जटिलताको प्रमुख कारक यही 'म' पात्रको अनैतिक कर्म नगर्न गरेको निर्णय नै हो भन्ने कुरा उपन्यासका घटनाक्रमले सिद्ध गरेका छन्।

*भीमसेन-४ को खोजी* उपन्यासमा कोलम्बस-समूहले अमेरिका जानका लागि गरेको स्वतन्त्र निर्णयपछि भोग्नुपरेका समस्याको प्रस्तुतिका माध्यमबाट समेत स्वतन्त्रताको पीडा व्यक्त गरिएको छ। कोलम्बस-समूहको अपेक्षा रोजगारी, प्रशस्त आम्दानी र जीवनमा सन्तुष्टि प्राप्त गर्ने नै रहेको देखिन्छ। यिनै कुराको प्राप्तिका लागि अमेरिका जाने निर्णयपश्चात् स्वाभाविक परिणति ननिस्कँदा उनीहरूले समस्या भोग्न बाध्य भएका छन्। कोसी नदीबाट यात्रारम्भ गरेको यस समूहले अनपेक्षित रूपमा एकचक्रा नगरीमा उत्रन बाध्य भएको छ। यात्राका क्रममा खानपिनको समस्या त थियो नै साथै अनपेक्षित ठाउँमा उत्रनुपर्दा उनीहरूमा पीडानुभूति भएकै छ। द्वापरयुगमा नै राक्षसले दुःख दिएको र भीमसेनले मुक्त गरेको इतिहास बोकेको एकचक्रा नगरीमा पुगेको यस समूहमाथि त्यस नगरीको शासक तर्कासुरको सिपाहीले बन्दी बनेको सूचना दिँदै अब तर्कासुरको सिकार बन्नुपर्ने जानकारी गराएपछि थप पीडा उत्पन्न भएको छ। कोलम्बस-समूहले अमेरिका जानका लागि गरेको स्वतन्त्र निर्णयका कारण नै यस समूहले समस्या भोग्न बाध्य भएको कुरालाई उपन्यासमा प्रस्तुत यस साक्ष्यले स्पष्ट पारेको छ :

> एकदिन आएर सिपाहीहरूले तर्कासुरको हुकुम सुनाए- 'तपाईंहरू यहाँ आउनु हुँदैनथ्यो।'
>
> -'गल्तीले यहाँ आएका हौं।'
>
> -'अब यो गल्ती मात्र रहेन, अपराध पनि भयो।'
>
> -'कसरी ?'

-'दानवराजका हुकुमले । त्यस कारण अब आइसकेपछि तपाईंहरू यहाँबाट जान पाउनुहुन्न ।'

-'कारण ?'

-'कहिलेकाहीँ दानवराजलाई स्वाद फेर्ने इच्छा हुन्छ' । (गौतम, २०६१, पृ. २३-२४)

माथिको उद्धरणमा कोलम्बस-समूहले गरेको निर्णयका कारण समस्या भोग्न परेको कुरालाई अभिव्यक्त गरिएको छ । तर्कासुरले त्यस नगरीमा नरभक्षण गरेको, यौन दुराचार गरेको, आफ्नो स्वार्थसिद्धिका लागि रूपवती युवती लिएर केही समय हराउने गरेको जस्ता कुरा सुन्दैदेख्दै आएको कोलम्बस-समूहले कतै आफूहरू पनि त्यसको सिकार बन्न पर्ने हो कि भन्ने भयबोध गरिरहेको छ। त्यस ठाउँमा आएदेखि नै उन्मुक्तिको जटिलता देखापर्नु जस्ता समस्या त्यस समूहले भोग्नुमा उनीहरूले गरेको स्वतन्त्र निर्णय नै कारक बनेको छ ।

*भीमसेन-४ को खोजी* उपन्यासमा कोलम्बस-समूह र एकचक्रावासीले त्यहाँको अव्यवस्था र तर्कासुरको बन्धनबाट उन्मुक्तिका लागि भीमसेनको खोजी गर्नाका निम्ति गरेको निर्णयका कारण अनेक समस्या भोग्न बाध्य भएको घटनालाई प्रस्तुत गरिएको छ। ऐतिहासिक भूमि एकचक्रा नगरी र पौराणिक ग्रन्थ महाभारतको सन्दर्भलाई आधार बनाई लेखिएको यस उपन्यासका घटना र पात्रका क्रियाव्यापारले वर्तमान नेपाली समाजमा व्याप्त रहेका अव्यवस्था, सत्ता र शक्तिमा रहेका व्यक्तिको मनपरी प्रवृत्तिका कारण सर्वसाधारण नागरिकले भोग्नुपरेका समस्यालाई समेत प्रतिबिम्बित गरेको छ । एकचक्रा नगरीमा व्यवसाय गर्दा असुरक्षा, जिउधनको असुरक्षा, न्याय माग्ने ठाउँको अभाव, तर्कासुरको दैनिक भोजन बन्नुपर्ने बाध्यताबाट उन्मुक्तिका लागि भीमको खोजी गरेका छन् । जसरी द्वापरयुगमा एकचक्रा नगरीमा राक्षसले आतङ्क सिर्जना गर्दा भीमसेन उद्धारक बनेका थिए, त्यसरी वर्तमानमा आतङ्क सिर्जना गर्ने तर्कासुर असुरलाई पनि भीमसेनबाट नै सम्भव हुने अपेक्षास्वरूप यहाँका मानिसले त्यसको खोजी गरेका हुन् । यसो गर्दा पहिलो अमेरिका हिँडेको, दोस्रो मरेको र अब आफ्नो उद्धारक तेस्रो भीम बन्ने भन्दै खोजी गर्दा पीडित पक्ष थप समस्या भोग्न बाध्य भएको छ । कोलम्बस-समूह र एकचक्रावासीले खोजेको पात्र भीमले तर्कासुरलाई परास्त गर्न नसक्ने भनी निरीहता देखाएको सन्दर्भलाई तलको उद्धरणमा प्रस्तुत गरिएको छ :

> हजुरहरू, मेरो शरीर, भोजनको मात्रा र भीमसेन नाउँसित पाण्डुपुत्र भीमसेनको न कुनै सरोकार छ न तुलना । यसरी त त्यति भोजन ग्रहण गर्ने म, स्वयम् भोजन बन्नेछु । त्यस कारण आफ्नो मुक्तिको कुनै अन्य मार्ग खोज्नुहोस् र निर्धोलाई मुक्त गरिदिनुहोस् । कारण, तर्कासुर र मेरा बीच केही पनि तुलनीय छैन । (गौतम, २०६१, पृ. ४९-५०)

कोलम्बस-समूह र  एकचक्रावासीले गरेको निर्णयले सार्थकता प्राप्त गर्न नसक्ने कुरालाई माथिको उद्धरणले स्पष्ट पारेको छ । आफूहरूले खोजेको भीम जेलमा परेको पत्तो पाएपछि जेल फोड्न पर्नु, विशाल शरीर र प्रशस्त भोजन गर्ने यस पात्रलाई भोजनको प्रबन्ध गर्न असमर्थ देखिनु, आफ्नो सङ्कटमोचनका लागि त्यस भीमका लागि भोजनको प्रबन्ध गर्न पर्नु, त्यस भीमले आफू नक्कली भीम भएको र तर्कासुर सक्कली राक्षस भएको कुरा गर्दै आफूले केही गर्न नसक्ने प्रतिक्रिया दिनुले कोलम्बस-समूह र एकचक्रावासी थप चिन्तित बनेका छन् । प्रशस्त प्रयत्नपश्चात् प्राप्त भीमले तर्कासुरका विरुद्ध सङ्घर्ष गर्नाका निम्ति देखाएको असक्षमताका कारण कोलम्बस-समूह र एकचक्रावासी समस्यामा परेको देखिन्छ । तर्कासुरको बन्धनबाट उन्मुक्तिका लागि भीमको खोजी गर्ने निर्णय गरेपश्चात् कोलम्बस-समूह र एकचक्रावासीले समस्या भोग्न परेको कुरालाई आख्यानसूत्रमा आबद्ध गरी स्वतन्त्रताको पीडा अभिव्यक्त गरिएको छ ।

### ४.२.३ उत्तरदायित्व वहनको अनिवार्यता

अस्तित्वका लागि क्रियाशील मानिसले गरेको स्वतन्त्र निर्णयका कारण सिर्जित समस्या, भय र चिन्ताप्रति स्वयम् निर्णयकर्ता नै जिम्मेवार बन्नुपर्छ भन्ने मान्यता नै उत्तरदायित्व वहनको अनिवार्यता हो । मानव अस्तित्वलाई महत्त्व दिने अस्तित्ववादी दर्शनले ईश्वरको सत्तालाई अस्वीकार गरेको छ । मानिसलाई निर्णय र जिम्मेवारीप्रति सचेत गराउने यो मानवकेन्द्री दर्शनका रूपमा चिनिएको छ । अस्तित्ववाद ईश्वरीय सत्तालाई सर्वोच्च महत्त्व दिने मान्यताका विरुद्ध आएको हो (Solomon, 1974/2005, p. xi) । ईश्वरलाई अस्वीकार गरेर स्वतन्त्र निर्णय गर्ने मानिस उत्तरदायित्वप्रति सचेत बनेको हुन्छ । आत्मिकता र व्यक्तिपरकतालाई उच्च महत्त्व दिँदै यस दर्शनको आरम्भ भएको हो (Sartre, 2008, p. 144) । यस दर्शनले व्यक्तिको निजत्वलाई नै प्रमुख मानेको छ । आफ्नो लागि सोच्ने मानिसले गरेका निर्णयबाट अलग रहन पाउँदैन । मानिसले आफ्नो जीवनमा अस्तित्वका लागि स्वतन्त्र निर्णय गर्न बाध्य छ र उत्तरदायित्वबाट उम्कन पाउँदैन । किर्केगार्डले स्वतन्त्र निर्णय गरेपछि आइपर्ने अभाव, अनिश्चितता, भयबाट सिर्जित विसङ्गतिबाट नै मानिसमा आत्मचेत जागृत हुन्छ भनेका छन् । आत्मचेतको जागृतिबाट ऊ आफू केही बन्नाका लागि सक्रिय रहेको हुन्छ । मानिसमा देखापर्ने यसै सक्रियताले मानिस उत्तरदायित्वप्रति सक्रिय रहेको कुरालाई बोध गराएको हुन्छ ।

मानिसले गरेको स्वतन्त्र निर्णयका कारण पीडा, चिन्ता र समस्या आइपरे पनि त्यस्ता समस्याप्रति जिम्मेवार बन्नुपर्छ भन्ने मान्यतालाई अस्तित्ववादी जीवनदृष्टिले अवलम्बन गरेको छ । मानिसले आफूलाई बनाउनका लागि छनोट गर्नुपर्ने बाध्यतामा परेको हुन्छ । आफूले गरेका प्रत्येक कुराको जिम्मेवारी लिन मानिस बाध्य छ (Sartre, n.d., p. 556) । जिम्मेवारीबाट अलग रहने मानिस अस्तित्वशील हुन सक्दैन । स्वतन्त्रता रोज्दा त्रासजन्य समस्याको सामना गर्नुपरे पनि

मानिसले कृत्रिम अस्तित्वबाट अलग रहनका लागि यसलाई वहन गर्नै पर्छ (प्रधान, सन् १९७१, पृ. ७०) । समाजका मूल्य, मान्यतालाई स्वाभाविक ठान्ने र तिनबाट सन्तुष्ट बन्ने मानिसले प्रामाणिक अस्तित्वलाई अवलम्बन गर्न सकेको हुँदैन । मानिसको चेतनामा आफू बन्नुपर्छ भन्ने भावनाको विकाससँगै उसले स्वतन्त्र निर्णय गर्छ अनि समस्यामा पर्छ । स्वनिर्मितिका लागि गरेको निर्णयबाट सिर्जित समस्याप्रति उत्तरदायी नहुनु जीवनबाट पलायन हुनु हो भन्ने मान्यता अस्तित्ववादी जीवनदृष्टिको रहेको छ । जीवनबाट पलायन हुने कुरालाई उपयुक्त ठान्ने मानिस अस्तित्वशील हुन सक्दैन । जीवनमा उसले गरेका निर्णयका कारण सिर्जित समस्याप्रति जिम्मेवार बन्नु नै अस्तित्वशील मानिसको चिनारी हो । उपन्यासका पात्रले अस्तित्वका लागि गरेको स्वतन्त्र निर्णयका कारण आइपरेका समस्याप्रति उत्तरदायी बनेका सन्दर्भको प्रस्तुतिका माध्यमबाट स्वतन्त्रताको पीडा अभिव्यक्त गरिएको हुन्छ ।

*डापी* उपन्यासमा उत्तरदायित्व वहनको अनिवार्यतालाई प्रमुख पात्र विक्रमले वहन गरेको जिम्मेवारीका माध्यमबाट व्यक्त गरिएको छ । यस उपन्यासमा आफ्नो अस्तित्वका लागि गरेको निर्णयका कारण आइपरेका समस्याप्रति निर्णयकर्ता नै उत्तरदायी बनेका घटनालाई आख्यानसँग सम्बद्ध गराई उत्तरदायित्व वहनको अनिवार्यता अभिव्यक्त गरिएको छ । मानिसले आफ्नो अस्तित्वका लागि वैयक्तिक स्वतन्त्रताको उपयोग गर्दा आइपर्ने अभाव, अनिश्चितता, पीडा जस्ता पक्षप्रति स्वयम् जिम्मेवार बन्नुपर्छ, ती समस्याबाट भाग्न पाउँदैन भन्ने अस्तित्ववादी जीवनदृष्टिको मान्यतालाई विक्रमले अवलम्बन गरेको छ । यस उपन्यासमा प्रमुख पात्र विक्रम आफूले गरेका निर्णयका कारण सिर्जित समस्याप्रति जिम्मेवार बन्नुपर्ने परिवेश सिर्जना गरी उत्तरदायित्व वहनको अनिवार्यता अभिव्यक्त गरिएको छ ।

वैयक्तिक स्वतन्त्रताको उपयोगपश्चात् आइपर्ने समस्याप्रति *डापी* उपन्यासको पात्र विक्रम उत्तरदायी बनेको छ । डापीटोलमा बस्ने निर्णय उसको छनोटको विषय रहेको देखिन्छ । आफूले गरेको निर्णयका कारण सिर्जित समस्याप्रति यो पात्र उत्तरदायी बनेको छ । पैतृक सम्पत्तिबाट वञ्चित भए पनि बाआमालाई पाल्ने कुराबाट यो पात्र भागेको छैन । विक्रम उत्तरदायित्व वहनप्रति सचेत छ भन्ने कुरालाई उपन्यासको यस साक्ष्यले प्रमाणित गरेको छ :

> कति पटक यस्तो भएको छ । ऊ बुबाका लागि औषधी लिन हिँडेको छ बुबा भित्र छटपट गरिरहनुभएको छ र तिनीहरू भेटिन्छन् । 'काँ जान लाग्या । मसित आऊ न एकछिन् ।' त्यसले भन्छ । 'बुबाको औषधी किन्नु छ' विक्रम निकै नरम छ र बनावटी हाँसो झिकेर भन्छ- 'अलि हतार छ' । (गौतम, २०३३/२०६४, पृ. ६०)

माथिको उद्धरणमा विक्रम आफ्नो बुबाको जीवनरक्षाका लागि गर्नुपर्ने कर्तव्यप्रति सचेत छ भन्ने कुरा स्पष्ट देख्न सकिन्छ । बहिनीहरूको शिक्षादीक्षा र उनीहरूको बिहेका बारेमा सचेत

रहेको तथा पत्नी बीनू र छोराहरूप्रति ऊ जिम्मेवार रहेको घटनाहरूको संयोजन यस उपन्यासमा गरिएको छ । एकजना पात्रको साधारण जागिरका भरमा त्यत्रो परिवारलाई डेरामा राख्ने विषय सामान्य नभए पनि डापीटोलमा बस्नाका लागि गरेको निर्णयबाट विक्रम विमुख नहुनुले ऊ आफूले गरेको निर्णयप्रति जिम्मेवार रहेको छ भन्ने कुरा स्पष्ट भएको छ ।

*डापी* उपन्यासमा विक्रमले बीनूसँग प्रेम र दाम्पत्य जीवन बिताउनका लागि गरेको निर्णयका कारण आर्थिक, पारिवारिक, भय जस्ता समस्या भोग्न बाध्य भए पनि आफूले गरेको निर्णयबाट ऊ विचलित भएको छैन । बीनूसँगको सम्बन्धका कारण 'कखग' पात्रबाट सिर्जित भयको सामना गर्दै तिनका विरुद्धको अभियानमा त यो पात्र सक्रिय नै रहेको छ । यसका साथै आफ्नो पारिवारिक जिम्मेवारीप्रति पनि सचेत नै रहेको छ । घरमा आर्थिक समस्या रहँदारहँदै पनि पत्नी बीनूको सल्लाहबमोजिम घरजग्गा जोड्ने कुरा गरेकाले घरपरिवारका विषयमा यो पात्र जिम्मेवार रहेको देखिन्छ । उपन्यासमा समाविष्ट यस उद्धरणले विक्रमको पारिवारिक जिम्मेवारी बोधलाई स्पष्ट पारेको छ :

> बिहे गर्न त अहिले बितिहाल्दो के छ र ? पढ्दै त हुनुहुन्छ नानी ?' ऊ तर्क दिन्छे र चित्त बुझ्ने गरी नै दिन्छे- 'जग्गाको भाउ त हेर, अहिले लिइएन भने, कहिल्यै लिन सकिन्न । त्यस कारण ऋण-पान गरेर भए पनि एक टुक्रा त लिनैपर्छ । (गौतम, २०३३/२०६४, पृ. १५६)

माथिको उद्धरणमा विक्रम पत्नी बीनूको घरजग्गा जोड्ने अभिलाषा पूरा गर्नप्रति सचेत रहेको छ भन्ने कुरालाई स्पष्ट पारिएको छ । नन्दको बिहे तत्काल जरुरी नभएको र जग्गा जरुरी रहेको भन्ने बीनूको सल्लाहलाई स्वीकार गरी जग्गा किन्नका लागि बैनासमेत दिनुले विक्रम पत्नी बीनूका आकांक्षाप्रति जिम्मेवार रहेको स्पष्ट भएको छ । विक्रममा पत्नीप्रति आशङ्काभाव रहेको र पत्नीकै कारण 'ग' पात्रबाट भय भए पनि आफूले पत्नीका रूपमा स्वीकार गरेपछि उसको भावनाको कदर गर्ने प्रयत्न गरेको देखिन्छ । यसले बीनूसँग प्रेम र दाम्पत्य जीवन बिताउनका लागि गरेको निर्णयका कारण आर्थिक, पारिवारिक, भय जस्ता समस्या भोगे पनि ती समस्याको सामना गर्दै अस्तित्वका लागि सङ्घर्ष गरेका कारण ऊ उत्तरदायित्वबाट विमुख नभएको स्पष्ट भएको छ ।

*डापी* उपन्यासमा विक्रमले 'कखग' पात्रका विरुद्ध लाग्ने निर्णय गरेपश्चात् आइपरेका समस्याप्रति उत्तरदायी रहेको छ । 'कखग' पात्रका प्रस्तावप्रति विमति जनाउने विक्रमसँग पटक पटक बदलाको अभिव्यक्ति दिने 'ग' पात्र भएको खुलेपछि उससँग सम्झौताको प्रस्ताव नराखी तिनका विरुद्धको सङ्घर्षको अभियानलाई तीव्रता प्रदान गरेको छ । सुरुमा पर्खाल निर्माणका विषयमा विमति जाहेर गर्दा विक्रम एक्लो परे पनि अन्ततः 'कखग' पात्रका विरुद्धको आफ्नो

विद्रोहको अभियानमा टोलवासीलाई एकत्रित गर्न सफल रहेको देखिन्छ । *डापी* उपन्यासको आरम्भदेखि नै विक्रमले 'कखग'का विरुद्धको प्रतिरोधी चेतनालाई अभिव्यक्त गरेको र उसको त्यसै चेतनाका कारण उनीहरूबाट पटक पटक समस्या उत्पन्न भए पनि तिनका विरुद्धको अभियानबाट ऊ विचलित नभई उत्तरदायित्वलाई वहन गरेको कुरा देखाइएको छ । 'कखग' पात्रले टोल छाड्ने कुराले खुसी बनेका टोलवासीमा उनीहरूको पुनरागमनको कुराले पुनः दुःखी भएका र विक्रमले सपनामा टोल छाडेको देखे पनि विपनामा भने उसमा त्यही टोलमा बसेर सङ्घर्ष गर्ने योजना बनाएको छ। विक्रम 'कखग' पात्रका विरुद्ध सक्रिय छ भन्ने तथ्यलाई उपन्यासको तल प्रस्तुत गरिएको साक्ष्यले स्पष्ट पारेको छ -"क ख ग फेरि आऊलान्- आऊन् । अब यदि भिड्नुबाहेक उपाय छैन भने, आफूलाई पनि धारिलो त तुल्याउनै पऱ्यो । भिड्ने भनेपछि भिड्ने" (गौतम, २०३३/२०६४, पृ. २८९-२९०) । विक्रमको यस भनाइका आधारमा ऊ 'कखग' पात्रका विरुद्ध सक्रिय रहेको छ भन्ने कुरा स्पष्ट भएको छ। 'कखग' पात्रका विरुद्धको अभियानमा लाग्दा समस्या आइपरे पनि त्यसबाट विचलित नभई सङ्घर्ष गर्ने प्रतिबद्धतामा स्थिर रहनुले ऊ उत्तरदायित्वप्रति सचेत छ भन्ने स्पष्ट भएको छ । भय र क्रूरताका प्रतीक 'कखग' पात्रलाई सामान्य प्रयत्नबाट पराजित गर्न सकिँदैन भन्ने कुराको बोध विक्रममा भएको छ। यसो भए पनि आफ्नो अस्तित्वका लागि तिनका विरुद्ध लाग्नुपर्छ भन्ने कुराप्रति ऊ सचेत रहेको देखिन्छ । 'कखग' पात्र नै त्यस टोलमा आतङ्क सिर्जना गर्ने पात्र भएकाले तिनलाई परास्त नगरेसम्म टोलवासीको अस्तित्व सुरक्षित रहँदैन भन्ने कुराप्रति सचेत रहेको विक्रमले तिनका विरुद्ध लाग्दा आइपरेका समस्यालाई सामना गरी उत्तरदायित्व वहन गरेको प्रस्टै देखिएको छ ।

*कट्टेल सरको चोटपटक* उपन्यासमा पात्रले वहन गरेको जिम्मेवारीलाई अभिव्यक्त गरिएको छ । प्रमुख चरित्र कट्टेल र सावित्रीले गरेका स्वतन्त्र निर्णयका कारण आइपरेका समस्याप्रति जिम्मेवार बनेको कुराले उत्तरदायित्व वहनको अनिवार्यता अभिव्यक्त गरेको छ । मानिसमा देखिएको आडम्बरी प्रवृत्ति, नैतिकताको ह्रास, अपमान गर्ने प्रवृत्ति, सामान्य मानिसलाई जीवनयापन गर्न कठिनाइ बन्दै गएको जस्ता विषयलाई आख्यानात्मक रूपमा यस उपन्यासमा अभिव्यक्त गरिएको छ । यस्तो जटिल परिवेशमा पनि यस उपन्यासका प्रमुख पात्रले आफ्नो अस्तित्वका लागि स्वतन्त्र निर्णय गरेपश्चात् आइपरेका समस्याप्रति उत्तरदायी बनेको देखिन्छ। यी पात्रले आफ्नो अस्तित्वप्रति सचेत बन्दै सक्रिय बनेका अवस्थामा आइपरेका समस्याबाट विचलित भएको देखिँदैन । आफूले गरेका निर्णयका कारण सिर्जित समस्याप्रति जिम्मेवार बन्नुपर्ने परिवेश यस उपन्यासमा सिर्जना गरेको देखिन्छ।

*कट्टेल सरको चोटपटक* उपन्यासमा सावित्रीले आफ्नो वैयक्तिक स्वतन्त्रताको उपयोग गर्दै कट्टेलसँग बिहे गरेपश्चात् आइपरेका समस्याबाट अलग नरही जिम्मेवारी वहन गरेको देखिन्छ ।

सावित्रीले कलेजको एक प्राध्यापक वासुदेव कट्टेलसँग जीवन बिताउने निर्णयमा स्वीकृति जनाएर वैवाहिक जीवनमा प्रवेश गरेपश्चात् नै कठिनाइका दिनहरूको आरम्भ भएको छ । आफूले इच्छा गरेअनुसारका कुरा खानलगाउन नपाउने समस्या त एकातिर छन् नै, त्यसभन्दा पनि ठुला पारिवारिक, आर्थिक, सामाजिक, मानसिक समस्याहरू झन् प्रगाढ बनेर बसेका छन् । यस्ता समस्या आइपरे पनि सावित्री जिम्मेवारीबाट अलग नरहेको कुरालाई उपन्यासको यस साक्ष्यले स्पष्ट पारेको छ -"एकाबिहानै सानो हाम्रो छोरोलाई माया गर्दै, गाला मुसार्दै, सिकाइरहेकी थी, 'बाबुले, धेरै पैछा कमाउनु पल्छ, ठूली ठूली हुन पल्छ, बुबा जस्तो ओइन" (गौतम, २०३७/२०७५, पृ. १४५) । सावित्री उत्तरदायित्वप्रति सचेत छ । जीवनमा पीडा, निराशाको अनुभव गरे पनि सावित्रीले जीवनबाट पलायन हुने, कट्टेलसँगको सम्बन्ध विच्छेद गर्ने तथा पारिवारिक जिम्मेवारीबाट अलग रहने जस्ता सोचाइ बनाएकी छैन । कट्टेलसँग बिहे गरेपश्चात् उसले भोग्नुपरेका समस्याको समाधान नभए पनि छोराबाट सुख प्राप्त हुने अपेक्षा सावित्रीले गर्नुले ऊ पारिवारिक उत्तरदायित्वप्रति सचेत छे भन्ने कुरा स्पष्ट भएको छ । जीवनमा आइपरेका समस्यामा सुधार हुने अपेक्षासहित सङ्घर्ष गर्दै पारिवारिक जिम्मेवारीलाई उसले वहन गरिरहेकी छ । सावित्रीले कट्टेलसँग बिहे गर्ने निर्णय गरेका कारण समस्या भोगे पनि जिम्मेवारीबाट अलग नरहेको सन्दर्भलाई उपन्यासमा प्रस्तुत गरिएको छ ।

*कट्टेल सरको चोटपटक* उपन्यासमा वासुदेव कट्टेल र सावित्रीले कुमारले आमन्त्रण गरेको भोजमा जाँदा भोग्नुपरेका समस्याप्रति जिम्मेवार बनेको सन्दर्भ प्रस्तुत गरिएको छ । कुमारले आमन्त्रण गरेको त्यो भोज सभ्य र भव्य होला भन्ने अपेक्षासहित ठाँटका साथ त्यहाँ जाने क्रममा बाटामा भोग्नुपरेका पीडा, कुमारको घरमा भोग्नुपरेका समस्या, कुमार र एकनाथबाट गरिएको अपमान, कुमारकी पत्नी अञ्जनाको अपमान र दुर्व्यवहारलाई भोग्न बाध्य भएका छन् । आफ्नै निर्णयका कारण आइपरेका समस्याप्रति कट्टेल जिम्मेवार रहेको सत्यतालाई यस उद्धरणले स्पष्ट पारेको छ -"कट्टेलले जसोतसो आफूलाई सान्त्वना दियो । अरु जेसुकै भए पनि त्यसले ठट्टैले यो वाक्य रचेको हो, षड्यन्त्र वा उपेक्षा अथवा अपमानले होइन । त्यसकारण कुरा नबढाउँ, हाललाई, यस निष्कर्षमा ऊ पुग्यो" (गौतम, २०३७/२०७५, पृ. ८६) । कट्टेल र सावित्रीले कुमारको घरमा भोग्नुपरेका समस्या उनीहरूकै निर्णयका कारण घटित भएको स्पष्ट भएको छ । आफ्नै कमजोरीका कारण आइपरेका समस्याप्रति उत्तरदायी बनेको कुरा कट्टेलको अभिव्यक्तिले सिद्ध गरेको छ । यस उपन्यासका प्रमुख चरित्रले स्वनिर्णयका कारण भोग्नुपरेका यस्ता समस्याबाट उम्कनका लागि उनीहरूले कसैलाई दोष नदिई ती पीडाप्रति स्वयम् जिम्मेवार बनेको सन्दर्भलाई उपन्यासमा प्रस्तुत गरिएको छ ।

*कट्टेल सरको चोटपटक* उपन्यासमा प्रमुख चरित्र कट्टेल कुमारले दिएको सुट लगाएर एक भोजमा जाने निर्णय गरेपश्चात् भोग्नुपरेका अपमान र हीनताको बोधबाट पीडित बनेको छ । आफ्नो अस्तित्वका लागि त्यो सुट लगाएर गएका अवस्थामा स्वयम् कुमारसमेत उपस्थित हुँदा कट्टेलले पीडाको बोध गरेको छ । पार्टीमा नजाने विकल्प हुँदाहुँदै पनि आफ्नै निर्णयका कारण यी समस्या झेलेको हो । यी समस्या आफ्नै कारणबाट सिर्जित भएको ठान्दै ती समस्याप्रति स्वयम् जिम्मेवारसमेत देखिएको छ भन्ने कुरालाई उपन्यासको यस साक्ष्यले स्पष्ट पारेको छ -“यो सुट कि त बेचिदिन्छु खास हानि छैन, जति सस्तोमा भए पनि र कसैलाई पत्तो पनि हुँदैन, कतै अपमान पनि हुँदैन । यो यदि अपमान हो भने, यस अपमानलाई बिक्रीमा राखि दिनु नै महान कार्य होला” (गौतम, २०३७/२०७५, पृ. २१०) । कट्टेलले त्यस भोजमा जाँदा भोग्नुपरेको पीडाको कारण कोट रहेको देखिन्छ । तसर्थ त्यसलाई व्यवस्थापन गर्ने मनोविज्ञान बनाउनु, कुमारसँग जोगिनु र छिट्टै घरमा फर्कनुले ऊ आफूले गरेको निर्णयप्रति उत्तरदायीसमेत बनेको छ भन्ने कुरा स्पष्ट हुन्छ । भोजमा जाने निर्णय गरेपश्चात् कट्टेलले भोग्नुपरेका अपमान र हीनताको अनुभव उसले नै गरेकाले ऊ आफूले गरेको निर्णयप्रति उत्तरदायी बनेको स्पष्ट भएको छ ।

*स्वर्गीय हीरादेवीको खोज* उपन्यासमा उत्तरदायित्व वहनको अनिवार्यतालाई केन्द्रीय कथ्य बनाइएको छ । प्रमुख चरित्र कुमार नेपालीले आफ्नो अस्तित्वका लागि गरेको निर्णयप्रति उत्तरदायी बनेको कुरालाई विषयबद्ध गरिएको छ । आफूले गरेका निर्णयका कारण यस पात्रले समस्या भोगेको छ । जीवनमा अस्तित्वका लागि आफूले गरेका निर्णयका कारण सिर्जित समस्याप्रति उत्तरदायी बन्दै आफूलाई सक्रिय बनाएका सन्दर्भले ऊ उत्तरदायित्व वहनप्रति सचेत छ भन्ने कुरा स्पष्ट भएको छ ।

*स्वर्गीय हीरादेवीको खोज* उपन्यासमा कुमारले आमा हीरादेवीको खोजीका लागि गरेको स्वतन्त्र निर्णका कारण भोग्नुपरेका समस्याप्रति उत्तरदायी बनेको सन्दर्भका माध्यमबाट उत्तरदायित्व वहनको अनिवार्यलाई पुष्टि गरिएको छ । उपन्यासको आरम्भदेखि नै आफैले कल्पना गरी नामाकरण गरेकी आमा हीरादेवीको खोजीमा कुमार रहेको छ । आफ्नो निजत्व र परिचयलाई स्थापित गर्नाका लागि उसले गरेको यस किसिमको प्रयत्नमा अस्तित्ववादी दर्शनको प्रभाव परेको छ । जुन घरमा बसेर उसले सङ्घर्ष गरिरहेको छ त्यस घरमा हुने गरेका यौनजन्य विकृति, अवैध सन्तान जन्माई चौतारामा राख्ने गरेका दृश्य कुमारले देखेको छ । त्यस विशाल घरको प्रतिष्ठामा आँच पुऱ्याउने खालका पात्रलाई पागल र कैदी घोषणा गरी हलकोठामा लगेर जीवन समाप्त पार्ने गरेका कुरालाई छोरीको खोजीमा आई कैदी जीवन व्यतीत गरेको एक वृद्ध र लक्ष्मणकी पत्नी सोनाको मृत्युको घटनाले पुष्टि गरेका छन् । माइत गएर बसेकी सोनाले त्यस विशाल घरको मर्यादालाई घात गरेको भन्दै पागल घोषित गरी हलकोठामा कैद गरी षड्यन्त्रपूर्वक मृत्युको

मुखमा पुऱ्याइएको दृश्य कुमारले देखेको छ । सोनाप्रतिको यस्तो व्यवहार नहुँदासम्म आमा हीरादेवीको खोजीका लागि सक्रिय रहेको कुमारले यस घटनापछि भने आमा नपाइने कुराप्रति निश्चित बनेको छ भन्ने कुरालाई उपन्यासको यस साक्ष्यले प्रमाणित गरेको छ :

> म जीवनभरि हीरादेवीलाई खोजिरहेँ, अहिले मेरा पाखुरामा एउटी हीरादेवी मरिरहेकी थिई । म त्यो वृद्धलाई सम्भिmन थालेँ, ककसलाई सम्भिmन थालेँ । त्यसपछि यो मरिरहेकी हीरादेवीलाई हेर्न थालेँ । मलाई लाग्यो, हरेक मानिस हीरादेवी खोजिरहेको छ, तर पाइरहेको छैन । हीरादेवी केवल मेरी आमा होइन । .... त्यसकारण, हीरादेवी जहिले पनि स्वर्गीय हीरादेवीका रूपमा देखिन्छे । जस्तो मेरो माम्लोमा थियो । यही नै प्रत्येक हीरादेवीको कथा हो, किन थाहा छ ? किनभने हीरादेवी र म दुवै जना, एउटै सिकारीका सिकार थियौँ । (गौतम, २०४५/२०५७, पृ. १२०)

कुमारद्वारा प्रस्तुत माथिको उद्धरणमा उसले हीरादेवीको खोजी गर्ने कुराबाट अलग हुनुपरेको कुरालाई स्पष्ट पारिएको छ । कुमार उपन्यासभरि हीरादेवीको खोजी गरेर आफ्नो स्वतन्त्र निर्णयप्रति उत्तरदायी बनेको छ । कुमारले त्यस विशाल घरकी शिक्षित र सभ्य बुहारी सोना (हीरादेवी) लाई समेत सजिलै समाप्त गर्छन् भने आफैले नामाकरण गरेकी हीरादेवीको पत्तो पाइने सम्भावना नदेखेको र सोनाले जस्तै पीडा भोग्ने सबै हीरादेवी हुन् भन्ने निष्कर्ष निकाली खोजी कार्यबाट अलग भएको तार्किक कारण दिएर उत्तरदायित्वलाई वहन गरेको देखिन्छ ।

*स्वर्गीय हीरादेवीको खोज* उपन्यासमा प्रमुख चरित्र कुमारले जागिर खोज्नाका लागि गरेको निर्णयका कारण भोग्नुपरेका समस्याप्रति उत्तरदायी बनेको सन्दर्भका माध्यमबाट उत्तरदायित्व वहनको अनिवार्यता व्यक्त गरिएको छ । कुमारलाई बलियो, जेहेन्दार, चिन्तनशील, बौद्धिक र आकर्षक पात्रका रूपमा उपन्यासमा चित्रण गरिएको छ । उसको पठन र लेखन कौशलबाट प्रभावित भई नेपाली र अङ्ग्रेजी विषयका शिक्षकले गरेको प्रशंसाले पनि उसको बौद्धिक र लगनशील सामर्थ्यको पुष्टि गरेका छन् । बाहिरी दृश्यमा भव्य देखिए पनि भित्री मार्मिक पीडा भने उसका रहेकै छन् । त्यस विशाल घरमा सेवकका रूपमा रहेर आफ्नो शिक्षालाई पूर्णता दिएको यस पात्रले आफ्नो परिचयको सङ्कटको पीडाबाट भने ग्रस्त बनेको छ । यी सारा समस्या एकातिर रहँदारहँदै पनि अध्ययनको सदुपयोग र आफ्नो निजत्वको सुरक्षाका लागि जागिर खानका लागि गरेको स्वतन्त्र निर्णयपश्चात् जागिर नपाउँदा अत्यन्त पीडा बोध गरेको छ । यसो भए पनि ऊ आफ्नो अस्तित्वका लागि गर्नुपर्ने सङ्घर्षबाट अलग नरहेको कुरालाई उपन्यासको यस उद्धरणले पुष्टि गरेको छ -"हरेस नखानु एउटा राम्रो मानवोचित कार्य हो, यो विचार गरेर मैले नोकरीबाट हरेस खाएको थिइनँ । नत्र भने नोकरी खोज्दाखोज्दा अब जुत्ता त के पाइताला खिइने तरखरमा थियो" (गौतम, २०४५/२०५७, पृ. ४९) । कुमार जागिरका लागि अनवरत सक्रिय रहेको छ भन्ने

कुरालाई उपन्यासको यस उद्धरणले स्पष्ट पारेको छ । जागिरको खोजीमा लागिरहेको यस पात्रले अपेक्षा गरेको कुरा प्राप्त नगर्दाका अवस्थामा पीडा र निराशाको अनुभव गरे पनि त्यसबाट विचलित नभई जागिरप्रति आशावादी बन्दै खोजी कार्यमा निरन्तरता दिनुले आफूले गरेको निर्णयका कारण भोग्नुपरेका पीडाप्रति उत्तरदायी रहेको छ भन्ने कुरा स्पष्ट हुन्छ । कुमारको त्यस घरको बसाइले चौबिस मामालाई त प्रशस्त लाभ छ नै तर कुमारका लागि भने समस्या नै भएकाले जागिर गरी स्वतन्त्र जीवनयापन गर्ने अभिलाषा राखेर त्यसको खोजी गरिरहरेको छ । कुमार आफूले गरेको निर्णयप्रति जिम्मेवार रहेको कुरालाई उपन्यासको यस साक्ष्यले स्पष्ट पारेको छ -"नोकरी आफूले सोचेजस्तो सस्तो हुँदो रहेनछ आशा, हामी जस्तालाई, जससँग आशा हजारौं रूपमा बिदा लिन आउने गर्दछन् । .... नोकरी खोज्न" (गौतम, २०४५/२०५७, पृ. ६०-६२) । कुमार आफूले गरेको निर्णयका कारण आइपरेका समस्याप्रति उत्तरदायी बन्दै उपन्यासको अन्त्यसम्म नै जागिरको खोजी गरिरहेको छ । आफूले गरेको निर्णयका कारण समस्या आए पनि त्यसबाट विचलित नभई जागिरको खोजीलाई निरन्तरता दिनुले ऊ उत्तरदायित्व वहनप्रति सचेत रहेको छ भन्ने कुरा स्पष्ट भएको छ ।

*स्वर्गीय हीरादेवीको खोज* उपन्यासमा प्रमुख चरित्र कुमारले आफ्नी पूर्वप्रेमिका आशाले उपलब्ध गराएको पियनको जागिर खानका लागि गरेको निर्णयबाट सिर्जित समस्याप्रति ऊ स्वयम् उत्तरदायी बनेको सन्दर्भका माध्यमबाट समेत उत्तरदायित्व वहनको अनिवार्यता व्यक्त गरिएको छ । कुमारले आफूले छनोट गरेको जागिर खाने निर्णय उसले आफ्नो अस्तित्वका लागि हो भन्ने कुरा उपन्यासका घटनाक्रमले सिद्ध गरेका छन् । आफ्नो उच्च अध्ययनको सदुपयोग तथा त्यस विशाल घरमा सधैँ काम गरिरहँदा परजीवी जस्तो बनेका अवस्थामा आफ्नो निजत्व सुरक्षित गर्नाका लागि उसले जागिर खाने विषयलाई प्रधान ठानेको कुरा उसका अनुभूति र उपन्यासका घटनाक्रमले पुष्टि गरेका छन् । स्नातक उत्तीर्ण कुमारका निम्ति पियनको जागिर स्वाभाविक नभए पनि त्यस जागिरलाई स्वीकार गर्दा प्रतिष्ठा र आर्थिक जटिलता तथा पूर्वप्रेमिका आशालाई गर्नुपर्ने कदरका कारण पीडाबोध भए पनि त्यस जागिरलाई निरन्तरता दिएर उत्तरदायित्वपूर्ण भूमिकानिर्वाह गरिरहेको छ । जागिरमा रहँदा आशासँगको निकटताका कारण प्रताडित बनेको मन्त्रीलाई आशासँगको निकटताका बारेमा बताएको छ । कुमार जिम्मेवारीबाट भाग्ने पात्र होइन भन्ने तथ्यलाई यस उद्धरणले प्रमाणित गरेको छ :

> म भन्छु, मन्त्रीज्यू । आशाले नै मसँग सम्बन्ध राखेकी हो, मैले होइन । मन्त्रीले सुनेर एकछिन स्वाँ-स्वाँ गऱ्यो । अनि उसले कुमारलाई घिच्च्याउन छाड्यो । त्यसपछि कठालो छाड्यो । त्यसपछि चुप लागेर गाडीमा बस्यो । कुमार एकछिन अगिको

आतङ्कलाई सम्झेर आफैं त्रस्त थियो । त्यसकारण बिस्तारै गएर सिटमा बस्यो । (गौतम, २०४५/२०५७, पृ. ९६)

कुमारद्वारा प्रस्तुत माथिको उद्धरणले उसको जिम्मेवारीबोध गर्ने प्रवृत्तिलाई स्पष्ट पारेको छ । आशासँग कुमारको निकटताका कारण आक्रोशित बनेको मन्त्रीले कुमारलाई आक्रमणको प्रयास गरेको देखिन्छ । यस्तो समस्या भोग्नुपर्ने कारण आशासँग कुमारको निकटता र उसले उपलब्ध गराएको जागिर खानु नै रहेको देखिन्छ । आशाले उपलब्ध गराएको जागिर खाँदा भोग्नुपरेका समस्याप्रति कुमार नै जिम्मेवार देखिएको छ । ऊ मन्त्रीको आक्रमणबाट जोगिएको र जागिरलाई समेत सुरक्षित गर्ने प्रयत्न गरेको घटनाको संयोजन गरी यस उपन्यासमा उत्तरदायित्व वहनको अनिवार्यतालाई अभिव्यक्त गरिएको छ ।

*एक शहरमा एक कोठा* उपन्यासमा उत्तरदायित्व वहनको अनिवार्यतालाई केन्द्रीय विषय बनाइएको छ । 'म' पात्रले गरेको स्वतन्त्र निर्णयका कारण भोग्नुपरेका समस्याप्रति उत्तरदायी बनेको घटनालाई संयोजन गरी उत्तरदायित्व वहनको अनिवार्यता व्यक्त गरिएको छ । सहरमा बसेर आफ्नो अस्तित्वका लागि सक्रिय बनेका अवस्थामा यस पात्रले आर्थिक, पारिवारिक एवम् नैतिक समस्याको सामना गर्न बाध्य भएको छ । आफ्नै निर्णयका कारण आइपरेका समस्याप्रति यो पात्र जिम्मेवार बन्नुपर्ने परिवेश सिर्जना गरी यस उपन्यासमा उत्तरदायित्व वहनको अनिवार्यता प्रस्तुत गरिएको छ ।

*एक शहरमा एक कोठा* उपन्यासमा 'म' पात्रले आफ्नो अस्तित्वका लागि जागिर खान गरेको निर्णयपश्चात् त्यस कार्यालयमा भोग्न परेका समस्याप्रति उसलाई स्वयम् उत्तरदायी बनाई उत्तरदायित्व वहनको अनिवार्यता व्यक्त गरिएको छ । कार्यालयमा प्रवेश गरेको पहिलो दिनमा नै उसले साथीहरूबाट भोग्नुपरेको अपमानबाट दिक्क भए पनि आफूले गरेको निर्णयबाट विचलित नहुनु उत्तरदायित्वलाई वहन गर्नु हो । 'म' पात्रले उत्तरदायित्व वहन गरेको छ भन्ने कुरालाई उपन्यासको यस साक्ष्यले प्रमाणित गरेको छ :

> मलाई पनि त्यस अफिसको बानी पर्न थाल्यो । लाग्यो, यही बानी सार्थक पार्नका लागि पनि तलबको केही अंश दिइएको हो । त्यो अफिस र त्यहाँका अव्यवस्था वा व्यवस्था सामान्य लाग्न थाले, भनुँ जरुरी समेत लाग्न थाले । त्यसपछि म पनि जीवनलाई नीरस बन्नुदेखि जोगाउन केही ठट्टा, केही मेलजोल र कम्तीमा एक थान प्रेमिकाको चाहना राख्न थालें अब त । (गौतम, २०४६, पृ. १५)

'म' पात्र त्यस कार्यालयमा प्रवेश गरेपछि त्यो ठाउँ सुध्रिएको नभई त्यहाँका अव्यवस्थाप्रति नै ऊ अभ्यस्त हुन थालेको छ भन्ने कुरा उसकै यस अभिव्यक्तिले सिद्ध गरेको छ । 'म' पात्रलाई त्यस कार्यालयका कर्मचारीहरू मन नपरे पनि तिनीहरूसँग सम्बन्ध विकास गर्नुले उसले आफूले

जागिर खानाका लागि गरेको निर्णयप्रति उत्तरदायी बनेको छ भन्ने कुरा स्पष्ट भएको छ । सावित्रीसँग हिँड्नु, उससँग बिहे गर्ने भावना आउनु, ढकाललाई पैसा सापट दिनु, सेवन्तराजसँग कुरा गर्नु जस्ता 'म' पात्रका क्रियाकलापबाट त्यस कार्यालयमा जेजस्ता समस्या र बेथिति भए पनि आफूले गरेको निर्णयबाट पछि नहटी उत्तरदायित्वलाई वहन गर्ने प्रयत्न हुन् भन्ने कुराको बोध भएको छ। जागिर खानाका लागि गरेको निर्णयबाट त्यस कार्यालयका अव्यवस्था, साथीहरूको गलत प्रवृत्ति, आफ्नो आर्थिक जटिलता जस्ता समस्या 'म' पात्रले भोगे पनि त्यसबाट ऊ विचलित नभई त्यस जागिरलाई निरन्तरता दिनुले ऊ आफूले गरेको निर्णयप्रति उत्तरदायी बनेको छ भन्ने कुरा स्पष्ट भएको छ ।

वैयक्तिक स्वतन्त्रताको उपयोगपश्चात् आइपर्ने अभाव र समस्याप्रति स्वयम् निर्णयकर्ता नै जिम्मेवार बन्नुपर्ने अस्तित्ववादी जीवनदृष्टिको मान्यतालाई *एक शहरमा एक कोठा* उपन्यासमा 'म' पात्रले गीतासँग बिहे गरेपश्चात् भोग्नुपरेका समस्याबाट विचलित नभई तिनको सामना गरिरहेको सन्दर्भलाई आख्यानात्मक शृङ्खलाका माध्यमबाट व्यक्त गरिएको छ । अभिभावकको आग्रह, रोजाइ र परिस्थितिका कारण गीतासँग वैवाहिक सम्बन्धमा बाँधिएपछि एक्लो व्यक्तिको कमाइका भरमा सहरको कोठामा जीवन धान्न जटिल बन्दै जानु 'म' पात्रको प्रमुख समस्या बनेको छ । शिक्षित र रोजगार 'म' पात्रले बेरोजगार पात्र गीतासँग बिहे गर्नु स्वाभाविक त थिएन नै तर पनि आफ्नै वैयक्तिक स्वतन्त्रताको उपयोग गरी यस निर्णयमा पुगेपश्चात् नै समस्याका शृङ्खला थपिँदै गएका हुन् । गीतालाई गाउँमै नराख्नु र सहरमा सहज रूपमा राख्न नसक्नु नै 'म' पात्रका प्रमुख समस्या रहेका छन् । यस उपन्यासमा 'म' पात्रले भोग्नुपरेका जटिलता उसकै निर्णयका कारण नै सिर्जना भएका हुन् । उचित व्यवस्था नमिलाउँदै पत्नीलाई काठमाडौँको डेरामा ल्याउँदा 'म' पात्रले जटिल समस्याको सामना गरेको हो । समस्यामाथि समस्या चुलिँदै जाने प्रमुख कारक 'म' पात्रकै निर्णय हो । ऊ सहरमा बसेर समस्या भोगेको छ भन्ने कुरालाई उपन्यासको यस उद्धरणले स्पष्ट पारेको छ -"हजार रूपियाँ लिएर जुन दिन म घर आएँ, म ज्यादै रमाइलो मानिरहेको थिएँ । आउनासाथ भनें- अब लडाइदेऊ चामलको बोरा र दालको पोको, अरू के चाहियो" (गौतम, २०४६, पृ. १२२-१२३) ? 'म' पात्र जिम्मेवारीबाट अलग नरहेको कुरालाई यस उद्धरणले प्रमाणित गरेको छ । आफूले गरेको निर्णयका कारण थपिँदै गएका समस्यालाई यस पात्रले सामना गर्दै पारिवारिक जिम्मेवारी वहन गरेको छ । कोठाको समस्या, खानाको समस्या, सासूआमा ल्याउने विषयको समस्या जस्ता जटिलतालाई 'म' पात्रले भोगेको र यी सबै समस्या आफ्नै निर्णयका कारण सिर्जना भएकाले ती समस्याबाट विचलित नभई उसले उत्तरदायित्व वहन गरिरहेको छ । 'म' पात्र आफ्नो निर्णयका कारण सिर्जना भएका समस्याको समाधानका लागि

सक्रिय रहेका घटनालाई आख्यान शृङ्खलाका माध्यमबाट प्रस्तुत गरी उत्तरदायित्व वहनको अनिवार्यतालाई अभिव्यक्त गरिएको छ ।

*एक शहरमा एक कोठा* उपन्यासमा कर्णप्रसादसँगको निकटताका कारण 'म' पात्रले भोग्नुपरेका समस्याप्रति उसलाई नै उत्तरदायी बनाई उत्तरदायित्व वहनको अनिवार्यतालाई अभिव्यक्त गरिएको छ । कर्णप्रसादले एक करोडको हिनामिना गरेको घटनामा 'म' पात्रको समेत मिलेमतो रहेको आरोपमा जेल हालिएको र अस्पताल राखिएको छ । विनाकसुर जेल र विनारोग अस्पताल बस्नुपर्ने बाध्यता 'म' पात्रमा आइपर्नु उसकै स्वतन्त्र निर्णयका परिणाम रहेको देखिन्छ । आफ्ना घरपरिवारका जटिल समस्यासँग सङ्घर्ष गरिरहँदा शिथिल बनेको 'म' पात्रलाई साथी कर्णप्रसादसँग सँगै बसेर खानपिन गर्ने जस्ता साधारण विषयमा सरिक गराई गम्भीर षड्यन्त्रमा पारिएको छ। जीवनमा हुने सामान्य कमजोरीका कारण ठुलो सङ्कट आउन सक्छ भन्ने सन्देशलाई यस घटनाले व्यक्त गरेको छ । साथीसँगको मित्रतालाई प्रगाढ बनाउँदा नै आफ्नो अस्तित्व सुरक्षित गर्न सकिन्छ भन्ने मनोविज्ञान एकातिर 'म' पात्रमा रहेको र अर्कातिर जीवनका जटिलताबाट शिथिल बनेका अवस्थामा केही समयका लागि भए पनि आनन्द भोग गरौँ भन्ने तीव्र मनसायका कारण 'म' पात्रले कर्णप्रसादको रक्सी खाने आग्रहलाई स्वीकार गरेको हो । यही निर्णयका कारण 'म' पात्रले जेल र अस्पतालको पीडादायी बसाइलाई भोग्न बाध्य भएको छ । 'म' पात्रले जेल, अस्पतालका पीडा र पत्नीका समस्यालाई बोध गर्दै अस्पतालबाट उन्मुक्तिपश्चात् पारिवारिक जिम्मेवारीलाई वहन गर्ने मनसाय प्रकट गरेर उत्तरदायित्व वहन गरेको कुरालाई उपन्यासको साक्ष्यले स्पष्ट पारेको छ -"मलाई केवल यो हेर्नु छ, मैले जीवनभरि अब जेल र अस्पताल नै गरिरहनुपर्ने नियति भोग्नुपर्ने भो कि मलाई मेरो घर-गृहस्थी र स्वतन्त्रताको मर्मत गर्ने मौका पनि प्राप्त हुने हो ? अथवा अर्को कुनै उपाय" (गौतम, २०४६, पृ. १५२) ? 'म' पात्र जेलमुक्त भई पारिवारिक जिम्मेवारी वहन गर्ने अभिलाषामा उत्तरदायित्व वहन गर्ने कुरा अभिव्यक्त भएको छ । जीवनमा यति धेरै समस्याको सामना गरेको 'म' पात्रले जीवनबाट पलायन हुने कुनै सोचाइ बनाएको छैन । आफूले गरेको निर्णयका कारण आफू र घरपरिवारका सदस्यले समेत समस्या भोग्न बाध्य भएको कुराप्रति ऊ सचेत छ । पत्नी गीतालाई जागिरका लागि अनुमति दिनु तथा आफू पनि जेल र अस्पतालबाट उन्मुक्तिपश्चात् पारिवारिक जिम्मेवारीलाई वहन गर्ने अभिलाषा व्यक्त गर्नु जस्ता कुरालाई प्रस्तुत गरी यस उपन्यासमा उत्तरदायित्व वहनको अनिवार्यतालाई व्यक्त गरिएको छ ।

*सहस्राब्दीको अन्तिम प्रेमकथा* उपन्यासमा उत्तरदायित्व वहनको अनिवार्यतालाई केन्द्रीय विषय बनाइएको छ । उपन्यासका प्रमुख चरित्रहरू विग्रह, समिधा र सहायक पात्र प्रेमप्रसादले अस्तित्वका लागि गरेको निर्णयका कारण सिर्जित समस्याप्रति उत्तरदायी बनेको कुरालाई

उपन्यासको आख्यानसँग सम्बद्ध गराई अभिव्यक्त गरिएको छ । आफू बन्ने कुराप्रति सचेत बन्दै स्वतन्त्र निर्णयमा सक्रिय बनेका अवस्थामा आइपरेका समस्याको सामना यी पात्रले गरेका छन् । आफ्नै निर्णयका कारण आइपरेका समस्याप्रति यी पात्र जिम्मेवार बन्नुपर्ने परिवेश यस उपन्यासमा सिर्जना गरी उत्तरदायित्व वहनको अनिवार्यता अभिव्यक्त गरिएको छ ।

*सहस्राब्दीको अन्तिम प्रेमकथा* उपन्यासमा विग्रहले समिधाप्रति दर्साएको प्रेमभावलाई जीवन्त बनाउन गरेको प्रयत्नका माध्यमबाट समेत उत्तरदायित्व वहनको अनिवार्यता व्यक्त गरिएको छ । सयौँ युवतीमध्ये विग्रहको रोजाइमा परेकी युवती भने समिधा नै रहेको देखिन्छ । अन्य युवतीले गरेको प्रस्ताव र उनीहरूको आकर्षणबाट प्रभावित नभएको विग्रहले समिधालाई मात्र आफ्नो जीवनको उपयोगी जीवनसाथी बन्ने ठानी प्रेमपत्र दिन चाहेको हो । उसको प्रेमपत्रलाई अस्वीकार गरेपछि उसमा उत्पन्न भएका शारीरिक, मानसिक तथा पारिवारिक समस्याको सामना गर्दै समिधालाई प्राप्त गर्ने यात्राबाट ऊ विचलित नहुनुले ऊ आफूले गरेको स्वतन्त्र निर्णयप्रति जिम्मेवार रहेको छ । उपन्यासमा प्रस्तुत यस अंशले विग्रहले उत्तरदायित्व वहन गरेको छ भन्ने स्पष्ट हुन्छ :

> जतिसुकै चिन्तित र चिन्तक भए पनि उसले, समिधाप्रति निराशावादी दृष्टिकोण कहिल्यै लिएन । सधैँ, एक योजना बिग्रेपछि अर्को योजनाको तर्जुमा गर्न तत्पर रहन्थ्यो । ऊ देशका अनेक नेताहरू झैँ, अत्यन्त जोसिलो भाषण मनमनै आफूलाई दिएर, ताली पिट्ने गर्दथ्यो । फरक यति थियो, नेताहरू देशमा एक दिन स्वर्णिम बिहान आउँछ आउँछ भनेर बाजी ठोक्न तयार रहन्थे । त्यही शैलीमा, उसको प्रेममा पनि एक स्वर्णिम क्षण आउँछ भनेर ऊ आफैसित बाजी ठोक्न तयार थियो । (गौतम, २०५६, पृ. ४४)

माथिको उद्धरणले विग्रहले समिधालाई प्राप्त गर्नाका लागि गरेको प्रयत्नमा समस्या भोग्न परे पनि त्यसबाट अलग नरहेको यथार्थतालाई बोध गराएको छ । समिधालाई प्रभाव पार्नाका लागि कक्षामा शिक्षकसँग बौद्धिक बहस गर्नु, पानी परेको र रुघा लागेको दिनमा मात्र पत्र लिने समिधाको आग्रहलाई शिरोधार्य गर्नु, जति प्रयत्न गर्दा पनि समिधाले उसको प्रस्तावलाई स्वीकार नगरेपछि विग्रह दुःखी बनेको छ । टाइफाइडले अर्धचेत भएका अवस्थामा समेत समिधाकै नाम जपिरहेकाले उसले समिधालाई प्राप्त गर्नाका लागि गरेको निर्णयबाट विचलित नभएको स्पष्ट भएको छ । विग्रहले समिधाप्रति दर्साएको प्रेमभावलाई जीवन्त बनाउने प्रयत्न गर्दा समस्यासँग सङ्घर्ष गरिरहेको सन्दर्भले उसले उत्तरदायित्वलाई वहन गरेको छ भन्ने कुरालाई स्पष्ट पारेको छ ।

*सहस्राब्दीको अन्तिम प्रेमकथा* उपन्यासमा प्रमुख चरित्र विग्रह र समिधाले आफ्ना खुट्टामा उभिनका लागि गरेको स्वतन्त्र निर्णयका कारण भोग्नुपरेका समस्याप्रति उत्तरदायी बनेको कुरालाई अभिव्यक्त गरिएको छ । आर्थिक सम्पन्नताका कारण जागिर खानुपर्ने आवश्यकता नपरे पनि आफ्नै खुट्टामा उभिनका लागि गरेको निर्णयका कारण यी दुई पात्रले जागिर खोज्दा र नपाउँदा समस्यामा परेका छन् । आफूहरूले गरेको निर्णय नै उपयुक्त नभएको अनुभवसमेत गरेका तर यस्तो अनुभव गरे पनि आफ्नो खुट्टामा उभिनका लागि गरेको निर्णयबाट भने पछि हटेका छैनन् । आफूले गरेको निर्णयका कारण विग्रहले त घर छाडेको र साधारण झिँगटीको छानो भएको घरमा डेरा लिन परेको छ । त्यत्रो वैभवशाली परिवारको सदस्यले त्यस्तो साधारण ठाउँमा डेरा लिनुपर्दा स्वाभाविक रूपमा समस्या परेको छ । विग्रह र समिधाले गरेका निर्णयका कारण समस्या भोगे पनि उत्तरदायित्वबाट अलग नरहेको कुरालाई उपन्यासको यस साक्ष्यले स्पष्ट पारेको छ -"ऊ नोकरी खोजेर साँच्चिकै थाकेकी थिई । तिनीहरूले आफ्नै खुट्टामा उभिने प्रतिज्ञा गरेदेखि घरबाट पैसा लिन छाडिदिएका थिए । अब यति दिन, यी उभिनेहरूका खुट्टा हावामा हल्लिरहेका बुझिन्थे" (गौतम, २०५६, पृ. ८१) । यी पात्रले समस्या भए पनि आफ्नै खुट्टामा उभिने प्रयत्नबाट अलग भएका छैनन् भन्ने कुरालाई यस उद्धरणले स्पष्ट पारेको छ । यस्ता समस्या आफ्नै स्वतन्त्र निर्णयका कारण सिर्जना भएका हुन् भन्ने कुराप्रति उनीहरू स्वयम् सचेत रहेका छन् । उनीहरू दुवै पात्रले जागिर नपाउँदा र पाएपछि पनि त्यसले जीवन धान्न धौ धौ परेका कारण पीडाको अनुभव गरे पनि आफ्नो निर्णयबाट उनीहरू पछि हटेका छैनन्, उत्तरदायित्वलाई वहन गरिराखेका छन् । यी दुई पात्रको रोजाइको विषय जागिर रहेको र त्यसको प्राप्तिका लागि गरेको सङ्घर्ष र जागिर प्राप्तिपश्चात् पनि गर्नुपरेका सङ्घर्ष र पीडाप्रति जिम्मेवार बनेको कुराको प्रस्तुतिका आधारमा यी दुई पात्रले उत्तरदायित्वलाई वहन गरेका छन् भन्ने कुरा स्पष्ट भएको छ ।

*सहस्राब्दीको अन्तिम प्रेमकथा* उपन्यासमा विग्रह र समिधाले प्रेम गर्ने निर्णय गरेपछि भोग्न परेका पीडाप्रति स्वयम् जिम्मेवार बनेको सन्दर्भका माध्यमबाट उत्तरदायित्व वहनको अनिवार्यता व्यक्त गरिएको छ । यी दुई पात्रले स्वतन्त्र निर्णय गर्दै प्रेममा आबद्ध भएपछि आर्थिक, पारिवारिक, जागिर जस्ता विषयमा समस्या त झेलेकै छन्, यिनका अतिरिक्त गम्भीर सङ्कट भनेको प्रेमकै सङ्कट रहेको देखिन्छ । तिनीहरूको बस्ती रहेको टोलमा प्रेम गर्न निषेध गरिएको विषयलाई आनन्द, विग्रहका बा, मन्त्री, प्रधानमन्त्री, योगी, मन्त्रीपरिषद्, बेपारी, अन्य टोलबासी जस्ता पक्षबाट समाप्त गर्नाका लागि गरिएको प्रयास र दिइएको धम्कीबाट उनीहरू विचलित नहुनुले उत्तरदायित्व वहनप्रति सचेत छन् भन्ने कुरा स्पष्ट भएको छ । "समग्रतः विग्रह र समिधाको प्रेम जलरेखा नभई शिलास्तम्भमा उत्कीर्ण स्वर्णाक्षर रहेकाले यी दुई एकदम गहिरिएर परम्परालाई महसुस गरेको भेटिन्छ" (गोर्खाली, २०६०, पृ. १२९) । सिङ्गो राज्य, समाज

उनीहरूको प्रेमलाई अन्त्य गर्नाका लागि लागिरहेका छन् भने यी दुई पात्र त्यस टोलबाट हराएरसमेत आफ्नो प्रेमलाई जीवन्त राख्न प्रतिबद्ध बनेका छन् । उनीहरूले गरेको प्रेममा व्यवधान सिर्जना भए पनि उत्तरदायित्वबाट अलग नरहेको वास्तविकतालाई उपन्यासको यस साक्ष्यले सिद्ध गरेको छ :

> ढुङ्गानिर पुगे । ढुङ्गो सुनसान थियो । विग्रह र समिधाको सारा परिवार थियो । टोलेहरू थिए, कसैले कुनै चिन्ह फेला पारेन त्यहाँ विग्रह र समिधा बसेको । ..... यो देश प्रेम गर्न लायक छ कि छैन, यो रहस्यको पत्ता लगाउन जाँदैछौँ । रहस्य पत्ता लाग्नासाथ हामी फर्केर आउँछौँ । (गौतम, २०५६, पृ. १४९-१५०)

माथि प्रस्तुत भएको उपन्यासको उद्धरणले विग्रह र समिधा प्रेममा अडिग छन् भन्ने कुरालाई बोध गराएको छ । प्रेमलाई सुरक्षित राख्ने बेहोराको पत्र लेख्नुले उनीहरूले प्रेम गर्ने निर्णयका कारण जतिसुकै समस्या भोले पनि त्यसबाट विचलित नभई त्यस प्रेमलाई जीवन्त राख्न प्रतिबद्ध रहेको देखिएको छ । उनीहरू जीवनबाट पलायन हुने सोचबाट अलग रहँदै आफूहरूको प्रेमलाई जीवन्त बनाउनका लागि प्रयत्न गरिरहेकाले उत्तरदायित्वप्रति सचेत छन् भन्ने कुरा स्पष्ट भएको देखिन्छ ।

*सहस्राब्दीको अन्तिम प्रेमकथा* उपन्यासमा सहायक पात्रका रूपमा भूमिकानिर्वाह गरेको प्रेमप्रसादले आफूले गरेको निर्णयबाट सिर्जित समस्याप्रति ऊ स्वयम् उत्तरदायी बनेको घटनालाई विषयबद्ध गरिएको छ । चारित्रिक रूपमा निकृष्ट, भ्रष्ट, खल र चाकरीमा विश्वास गर्ने यो पात्र अनुकरणीय नरहे पनि यसले गरेका निर्णय र वहन गरेको उत्तरदायित्वका माध्यमबाट अस्तित्ववादी जीवनदृष्टिको अभिव्यक्तिको खोजी गर्न भने सकिन्छ । राधासँग वैवाहिक सम्बन्ध स्थापित गरेर सन्तानवृद्धि गरेको यस पात्रले त्यसप्रति उत्तरदायित्व वहन गरेकै छ । यसै गरी सन्यासिनी सावित्रीको दिव्य रूप र सौन्दर्यबाट प्रभावित भएर चुम्बन गरेको यस पात्रले त्यसप्रतिको जिम्मेवारी वहन गरेको छ । यसले जिम्मेवारी वहन गरेको कुरालाई उपन्यासको यस साक्ष्यले थप स्पष्ट पारेको छ -"प्रेमप्रसादले भन्यो- नियतिका अगिल्तिर कहिले कसको के लागेको छ र ? त्यस कारण म यो आदेश शिरोधार्य गर्दछु । तर देवी, म यसअघि नै एकान्त वैवाहिक बन्धनमा बाँधिइसकेको जीव हुँ, त्यो पनि विचारणीय छ" (गौतम, २०५६, पृ. १३) । प्रेमप्रसादले सावित्रीलाई घरमा ल्याउनुले ऊ जिम्मेवारीबाट अलग नरहेको प्रमाणित गरेको छ । ध्यान बसेको आठौँ दिनमा देखा पर्ने प्रथम पुरुषसँग बिहे गर्नैपर्ने बाध्यता व्यक्त गरेकी सावित्रीको अभिव्यक्तिलाई प्रेमप्रसादले शिरोधार्य गरेर घरमा भित्र्याएको छ । यस्ता कैयौँ युवतीलाई भोग गरेको प्रेमप्रसादले सावित्रीलाई पनि त्यसरी नै भोग्ने योजना बनाए पनि सावित्रीको अडान र आग्रहलाई स्वीकार गरेर घरमा पत्नीका रूपमा भित्र्याउनुले उत्तरदायित्वलाई वहन गरेको छ भन्ने

स्पष्ट भएको छ । प्रेमप्रसादले सावित्रीको जवानीलाई शान्त पार्न नसकेका कारण उसले घर छाडेकी छ । पछि पुनः भेटिएकी सावित्रीसँग प्रेमप्रसादले रात बिताएको देखिन्छ । सोही कारण भोलिपल्टबाट प्रेमप्रसादको घाँटी दुखेको र त्यसैका कारण मृत्यु हुन लाग्दा पनि आनन्दित बनेको छ । प्रेमप्रसादले सावित्रीसँगको निकटताका कारण अनेक समस्या भोगे पनि आफ्नै निर्णयका कारण आइपरेका समस्यालाई यसले सामना गरेकाले उत्तरदायित्वप्रति सचेत रहेको प्रस्टै देखिएको छ ।

*भीमसेन-४ को खोजी* उपन्यासमा पात्रले जिम्मेवारी वहन गरी उत्तरदायित्व वहनको अनिवार्यता व्यक्त गरिएको छ । 'म' पात्र, कोलम्बस-समूह र एकचक्रावासीले अस्तित्वका लागि गरेको निर्णयका कारण आइपरेका समस्याप्रति जिम्मेवार बनेको कुरालाई आख्यानका सूत्रमा आबद्ध गरी अभिव्यक्त गरिएको छ। आफ्नो अस्तित्वका लागि प्रयत्न गरेका अवस्थामा यी पात्रले तर्कासुरबाट सिर्जना गरिएका समस्याको सामना गर्न बाध्य भएका छन् । यी पात्रले गरेका निर्णयका कारण आइपरेका समस्याको सामना गर्नुपर्ने परिवेश सिर्जना गरी यस उपन्यासमा उत्तरदायित्व वहनको अनिवार्यता प्रस्तुत भएको छ ।

*भीमसेन-४ को खोजी* उपन्यासमा 'म' पात्रले गरेको स्वतन्त्र निर्णयका कारण भोग्नुपरेका समस्याप्रति ऊ स्वयम् उत्तरदायी बनेको कुरा प्रस्तुत भएको छ। यस पात्रले घरमा आर्थिक समस्या हुँदाहुँदै पनि आफ्नो अस्तित्वलाई सुरक्षित गर्नाका निम्ति अनैतिक कर्म नगर्ने निर्णय गरेपश्चात् आफू र आफ्नो परिवारमा आइपरेका रोग, भोक, शोक, अपमान र कमजोर सामाजिक प्रतिष्ठालाई सामना गर्दै आफूले गरेको निर्णयप्रति उत्तरदायी बनेको छ । 'म' पात्र उत्तरदायित्वबाट अलग छैन भन्ने कुरालाई उपन्यासको यस साक्ष्यले स्पष्ट पारेको छ -"एक असल पति हुने प्रयासमा म उसलाई जीवित राख्ने हरसम्भव प्रयास गरिरहेको थिएँ । साँच्चीकै ऊ वर्षौंदेखि जीवित पनि थिई" (गौतम, २०६१, पृ. ७) । 'म' पात्रको व्यङ्ग्यात्मक भनाइयुक्त यस उद्धरणले उत्तरदायित्वबोधलाई बुझाएको छ । आर्थिक कमजोरीका कारण 'म' पात्रलाई परिवार धान्न धौ धौ परेको परिवेशलाई उपन्यासमा प्रस्तुत गरिएको छ । आफ्नो परिवार रोग र भोकले शिथिल बनेका अवस्थामा पनि अनैतिक कर्मप्रति वितृष्णा देखाउनु, परिवारप्रति जिम्मेवार बन्नु तथा समस्याबाट भाग्ने नभई भोग्ने मार्गलाई अवलम्बन गर्नुले 'म' पात्र आफ्नो निर्णयप्रति उत्तरदायी रहेको देखिन्छ । उपन्यासको आरम्भमा उसले जुन निर्णय गरेर मार्ग अवलम्बन गरेको छ, त्यस कर्मबाट ऊ विचलित भएको छैन । इमान्दार र सत्चरित्रले यस देशमा भोग्ने नियतिलाई 'म' पात्रले यस उपन्यासमा पनि भोगेको छ। यस कुराको बोध 'म' पात्रलाई भए पनि आफूले अनैतिक कर्म गर्दिनँ भनी गरेको निर्णयबाट ऊ विचलित नहुनुले उसले उत्तरदायित्वलाई वहन गरेको छ भन्ने कुरा स्पष्ट भएको छ ।

*भीमसेन-४ को खोजी* उपन्यासमा कोलम्बस-समूहले अमेरिका जानाका लागि गरेको निर्णयका कारण भोग्नुपरेका पीडाप्रति उत्तरदायी बनेको औपन्यासिक घटना सन्दर्भका माध्यमबाट समेत उत्तरदायित्व वहनको अनिवार्यता अभिव्यक्त गरिएको छ। एकचक्रा नगरीका मानिसले भोगेका अभाव, गरिबी, भय, असुरक्षा जस्ता समस्यालाई कोलम्बस-समूहले पनि देखे भोगेको छ। आफ्नै निर्णयका कारण त्यस सङ्कटमा उनीहरू परेका र त्यहाँबाट निस्कन जटिल बनेका अवस्थामा त्यस समस्यालाई आफ्नै निर्णयका कारण भोग्नुपरेको कुरातर्फ यो समूह सचेत रहेकै छ। तर्कासुर नै आफूहरूको अस्तित्व र स्वतन्त्रतामा बाधा सिर्जना गर्ने पात्र रहेको र आफूहरूकै निर्णयका कारण यस्ता समस्या भोग्न यिनीहरू बाध्य भएकाले त्यसप्रति उत्तरदायी बनेको कुरालाई उपन्यासमा प्रस्तुत गरिएको छ। कोलम्बस-समूहले उत्तरदायित्व वहन गरेको कुरालाई उपन्यासको यस अंशले प्रमाणित गरेको छ -"हुन सक्छ। चित्त बुझ्यो। लौ अब यसका लागि एउटा नयाँ भीमसेन खोज्नुपऱ्यो। सब भीम खोज्न थाले। पूरा एकचक्रा नगरी भीम खोज्न थाल्यो। सङ्कलक जस्तो निर्दोषको प्राण जोगाउनैपर्दछ" (गौतम, २०६१, पृ. ४०)। भीमको खोजी र सङ्कलकको जीवनरक्षाका प्रसङ्गले उत्तरदायित्वबोधलाई स्पष्ट पारेको छ । कोलम्बस-समूहले अमेरिका जानाका लागि गरेको निर्णयका कारण आइपरेका समस्याप्रति उनीहरू उत्तरदायी बनेका छन् । कसैप्रति दोष र आरोप प्रत्यारोप नलगाई आफ्नै निर्णयका कारण यी समस्या आइपरेका र तिनको समाधान आफ्नै तरिकाले गर्न यो समूह प्रयत्नशील रहेको कुरा प्रस्तुत गरेर यस उपन्यासमा उत्तरदायित्व वहनको अनिवार्यतालाई सफलीभूत पारिएको छ।

*भीमसेन-४ को खोजी* उपन्यासमा कोलम्बस-समूह र एकचक्रावासीले आफ्नो अस्तित्व रक्षाका लागि भीमको खोजीका निम्ति गरेको निर्णयका कारण भोग्नुपरेका समस्याप्रति उत्तरदायी बनेको सन्दर्भलाई प्रस्तुत गरिएको छ। असुरराज तर्कासुरले एकचक्रा नगरीमा गरेको क्रूरतापूर्ण व्यवहारका कारण त्यसप्रति त्यहाँका बासिन्दामा वितृष्णा भाव जागृत भएको छ। तर्कासुरले गरेका क्रियाकलाप स्वाभाविक लाग्ने बेलासम्म त ती मानिसमा उसप्रतिको विद्रोहको भाव जागृत भएको थिएन। जब तर्कासुरले आफूहरूको अस्तित्वमाथि नै गम्भीर समस्या खडा गरेको, स्वतन्त्र रूपमा व्यवसाय गर्ने अवसरबाट वञ्चित गरेको, सम्पत्तिको संरक्षणमा बाधा पुऱ्याएको, महिलाहरूको अस्मितामाथि सङ्कट पुऱ्याएको, मान्छेको बाँच्न पाउने नैसर्गिक अधिकारलाई दिनहुँ कुण्ठित गरेको तथा समग्र एकचक्रा नगर र त्यहाँका नागरिकको अस्तित्व र उन्नतिमाथि गम्भीर आक्रमण भएको अनुभूति त्यहाँका नागरिकमा हुनु नै अस्तित्वप्रतिको सचेतता हो। यही सचेतताका कारण नै उनीहरूले आफ्नो उन्नति र अस्तित्वका बाधकका रूपमा आएको पात्र तर्कासुरलाई समाप्त पार्नाका लागि भीमको खोजी गर्न थालेका हुन्। यस क्रममा पहिला अपेक्षित भीम नभेटिनु, भेटिएको भीमले उनीहरूको अपेक्षा पूरा गर्न असमर्थता जनाउनु, तेस्रो भीमले प्रधानमन्त्री बनेर

तर्कासुरलाई नरभक्षणमा सहयोग पुऱ्याउनु जस्ता क्रियाकलापले पीडित बनेका कोलम्बस-समूह र एकचक्रावासी तर्कासुरलाई परास्त गर्ने अभियानबाट विचलित भएका छैनन् । तर्कासुरलाई तर्कका माध्यमबाट र भीमसेन ४ का माध्यमबाट परास्त गर्ने अभियानमा उनीहरू लाग्नुले उत्तरदायित्व वहन गरेको देखिन्छ । कोलम्बस-समूहले तर्कासुरलाई आफैलाई नाघ्ने र एकै गासमा सबैलाई खाने जस्ता दुई प्रश्नमा परास्त गरेको छ । तर्कासुरलाई परास्त गर्ने यात्रामा निरन्तर लाग्नुले कोलम्बस-समूहले उत्तरदायित्वलाई वहन गरेको छ भन्ने कुरालाई यस उद्धरणले स्पष्ट पारेको छ :

> म जीवनमा पहिलो पटक तिमीहरूबाट पराजित भएँ । बिनायुद्ध, बिनाहतियार, बिनाशक्ति, बिनामल्लयुद्ध । पहिलो पटक यस्तो पराजय भोगेँ मैले । बुद्धिले दिने पराजय, झन् भयानक हुँदो रहेछ । त्यसकारण मैले केही निर्णयहरू गरेको छु ध्यानले सुन ।'....'आजदेखि म तिमीहरूलाई पूर्ण मुक्त गर्दछु । तिमी मन लागे यहीँ बस, मन लागे घर फर्केर जाओ । (गौतम, २०६१, पृ. ५७)

माथिको उद्धरण कोलम्बस-समूह र एकचक्रावासीको मुक्तिसँग सम्बन्धित छ । यिनीहरूले तर्कासुरलाई तर्कका माध्यमबाट पराजित गर्न सफल भएका छन् । यसका साथै आफ्नो अस्तित्वका लागि भीमसेन-४ को खोजीको क्रमलाई पनि निरन्तरता दिएकै छन् । उनीहरूले भीमको खोजी गरी तर्कासुरलाई शक्तिहीन तुल्याउने प्रयत्न गर्दा समस्याको सामना गर्न परे पनि त्यसबाट विचलित नभई त्यस पात्रको खोजीमा लाग्नुले उत्तरदायित्वबाट विचलित नभएको देखिन्छ ।

## ४.३ व्यक्तिसर्वोच्चता

अस्तित्ववादी जीवनदृष्टिको एक मूलभूत मान्यता व्यक्तिसर्वोच्चताले मानव नै सर्वोच्च हो भन्ने कुरालाई स्पष्ट पारेको छ । किर्केगार्डले आफूपूर्वका दार्शनिकहरू देकार्त र हेगेलले ईश्वरीय सत्तालाई सर्वोच्च महत्त्व दिँदै मानव अस्तित्वलाई कमजोर स्थापित गरेका अवस्थामा मानवको अस्तित्व र सामर्थ्यलाई सर्वोच्च महत्त्व दिँदै यस दर्शनको प्रारम्भ गरेका हुन् (Camus, 1956/1991, p. n.d.) । उनले मानिस नै सर्वोच्च हो भन्ने धारणा प्रस्तुत गरेका छन् । जर्मन दार्शनिक नित्से नास्तिक अस्तित्ववादी चिन्तक हुन् । यिनले आफ्ना पिताको प्रभावस्वरूप क्रिस्चियन धर्मको व्याख्या गरेको देखिन्छ (Gravil, 2007, p. 82) । यिनले पछि ईश्वरमृत्युको घोषणा गरी आफूलाई नास्तिक व्यक्तिका रूपमा चिनाएका छन् । नित्सेले ईश्वरको मृत्युको घोषणा गरी त्यसको स्थान मानिसले लिनुपर्छ भन्ने धारणा प्रस्तुत गरेर मानिसलाई नै सर्वोच्च महत्त्व दिएको देखिन्छ । सार्त्रले मानिसलाई निर्देशन गर्ने अरू कुनै सत्ता, मूल्य र आदर्श नभएकाले ऊ नै सर्वोच्च हो भन्ने धारणा प्रस्तुत गरी मानिसलाई विशेष महत्त्व दिएका छन् (Harder, 1953, p. 540) । उनले अस्तित्वमा आएको मानिसले आफूलाई बनाउनका लागि स्वतन्त्र निर्णय गर्दै सक्रिय रहने भएकाले ऊ नै सर्वोच्च हो भन्ने दृष्टिकोण प्रस्तुत गरेका छन् । ईश्वरको

अभावमा नै मान्छे केही हुन र बन्नाका लागि स्वतन्त्र र सम्पन्न बनेको हुन्छ (प्रधान, सन् १९७१, पृ. ७६) । ईश्वरप्रतिको आकर्षण र समर्थनले उसलाई जीवनमा निष्क्रिय र पलायन गराएको हुन्छ । सार्त्रले आफ्नो जीवनमा आइपर्ने सारा पीडा र समस्यासँग ऊ आफै जुध्नु र जीवनमा सक्रिय रहनुले उसको अस्तित्व प्रमाणित गरिरहेको हुन्छ भन्ने मान्यता प्रस्तुत गरेका छन् ।

सार्त्रले कर्मले नै मानिसलाई बनाउने भएकाले कल्पना, ईश्वरको प्रार्थना, भाग्य वा नियतिबाट उसको जीवनमा परिवर्तन आउँदैन भन्ने विचार प्रस्तुत गरेका छन् । मानिसलाई निराशा र मौनतातिर अग्रसर गराउने दर्शन भनी साम्यवादीहरूले लगाएको आक्षेप र जीवनको उज्यालो पक्षलाई छाडी दुःख र निराशाको मात्र चर्चा गर्ने दर्शन भनी ईसाईहरूले लगाएको आक्षेपको प्रतिवादस्वरूप सार्त्रले यसलाई मानववादी दर्शनका रूपमा समेत प्रमाणित गरेका हुन् (Sartre, 1947/2007, p. 17) । उनले मानवजीवनका यथार्थ पक्षको चित्रण गर्दा दुःख निराशाका कुरा आए पनि त्यो मानव अस्तित्व सुरक्षित गर्ने प्रयत्न हो भन्ने धारणा प्रस्तुत गरेका छन् । मानिसले राखेको निश्चित उद्देश्य नै मूल्य हो (शर्मा, सन् १९९३, पृ. १०७) । मानिसले गर्ने स्वतन्त्र निर्णय र सङ्घर्षबाट नै उसले छानेको मूल्य स्थापित हुन्छ । कामुले विसङ्गति र निरर्थकताका विरुद्ध विद्रोह गरी मूल्य स्थापना गर्नुपर्छ भन्ने दृष्टिकोण प्रस्तुत गरेका छन् (प्रधान, सन् १९७१, पृ. ७८-८०) । मानिस आफू बन्ने प्रक्रियाबाट विमुख हुनु, छनोटमा रुचि नराख्नु त विसङ्गतिवाद हो । मानिसले नै जीवनलाई अर्थ र मूल्य प्रदान गर्ने भएकाले यसका लागि ऊ बाँच्नै पर्छ । मान्छे नै अन्तिम हो र मान्छेको सर्वोच्च मूल्य र महत्त्व छ । (Sartre, 1947/2007, p. 51) । अस्तित्वका लागि मान्छे नै सक्रिय हुनुपर्छ भन्ने मान्यता यस दर्शनले राखेको छ । मानिसलाई परेको सङ्कटबाट मुक्तिका लागि ईश्वर वा अन्य कुनै शक्तिको सहयोग प्राप्त हुँदैन, अस्तित्वका लागि स्वतन्त्र निर्णय, उत्तरदायित्व, कर्म, सङ्घर्ष र विद्रोहमा मानिस नै लाग्नुपर्छ भन्ने मान्यता राखेकाले यस दर्शनले मानवसत्तालाई अङ्गीकार गरेको देखिन्छ ।

नित्सेले व्यक्तिसर्वोच्चतालाई महत्त्व दिएका छन् । उनले ईश्वरको मृत्यु भइसकेको र त्यसलाई हामीले मारिदिएकाले त्यो कतै पनि भेटिँदैन भन्ने धारणा प्रस्तुत गरेका छन् (Kaufman, 1956/1960, p. 105) । ईश्वर न इतिहासमा थियो न प्रकृतिमा छ अनि यसलाई स्वीकार गर्नु भनेको दासत्वलाई स्वीकार गर्नु हो । अस्तित्ववादले मान्छेको अस्तित्वलाई नै महत्त्व दिन्छ (Harvey and Heseltine, 1959/1961, p. 261) । अन्य प्राणी तथा वनस्पतिले आफूलाई बनाउने कुरामा सचेतता देखाउँदैनन् । मानिसले आफूलाई बनाउँछ (Grene, 1948, p. 1) । नित्सेले अब ईश्वरको मृत्यु भएकाले त्यसको स्थान मानिसले लिनुपर्छ र महामानव बन्नुपर्छ भन्ने धारणा प्रस्तुत गरेका छन् । उनले ईश्वरको अवसानपछि रिक्तताका कारण देखिन सक्ने अराजक स्थितिलाई मानवले नै समन पार्न सक्छ भनेका छन् । उनका दृष्टिमा सत्, निडर मानिस नै

महामानव हो (Durant, 2010, p. 453/पाण्डे, २०६२, पृ. ६५ मा उद्धृत)। उनले शक्तिशाली मानिसको सङ्घर्षले नै उसलाई महामानव बनाउँछ भनेका छन्।

अस्तित्वका लागि सक्रिय मानिसले जीवनमा आइपरेका समस्याका विरुद्ध उसलाई नै कर्म, सङ्घर्ष र विद्रोहमा सक्रिय गराउनुपर्छ भन्ने अस्तित्ववादी जीवनदृष्टिको मान्यता नै मानवसत्ताको अङ्गीकार हो । ईश्वरीय सत्तालाई सर्वोच्च महत्त्व दिएका अवस्थामा त्यसका विरुद्धको जगमा आरम्भ भएको अस्तित्ववादले मानवसत्तालाई महत्त्व दिएको छ । नित्सेले ईश्वरमृत्युको घोषणा गरेको कुरालाई सार्त्रले महत्त्वका साथ ग्रहण गर्दै अब ईश्वरको स्थान मानिसले लिनुपर्छ भन्ने धारणा प्रस्तुत गरेका छन् । उनले मानिसले आफ्नो मूल्यका लागि स्वतन्त्रतालाई वरण गर्नुपर्छ भनेका छन् (प्रधान, सन् १९७१, पृ. ७६) । मानिस आफू के बन्ने र के गर्ने भन्ने कुरामा स्वतन्त्र छ । उसलाई नियन्त्रण र निर्देशन गर्ने कुनै अर्को शक्ति नभएकाले ऊ नै सर्वोच्च हो । सार्त्रले ईश्वर नभएको यस संसारमा स्वतन्त्र इच्छाशक्तिका माध्यमबाट आफ्नो उद्देश्य निर्धारण गर्नुपर्छ भनेका छन् (शर्मा, सन् १९९३, पृ. १०५) । मानिस आफू बन्ने कुराप्रति स्वयम् जिम्मेवार बन्नुपर्छ । ऊ जीवनमा सक्रिय रहेका अवस्थामा आइपरेका समस्याबाट नभागी तिनको समाधान गर्नाका लागि उसको नै क्रियाशीलता रहनुपर्छ भन्ने अस्तित्ववादको मान्यताले मानवसत्तालाई नै सर्वोच्च महत्त्व दिएको स्पष्ट हुन्छ । मानिसलाई साथ र सहयोग गर्ने अर्को कुनै शक्ति र सत्ता छैन । अतित्वका लागि ऊ नै सक्रिय बन्नुपर्छ । उपन्यासका पात्रले अस्तित्वका लागि गरेको स्वतन्त्र निर्णयका कारण आइपरेका समस्याका विरुद्ध तिनलाई नै कर्म, सङ्घर्ष र विद्रोहमा सक्रिय बनाइएका घटनाको संयोजन गरी मानवसत्ताको अङ्गीकार अभिव्यक्त गरिएको हुन्छ ।

*डापी* उपन्यासमा पात्रलाई नै कर्म, सङ्घर्ष र विद्रोहमा सक्रिय गराई मानवसत्ताको अङ्गीकार अभिव्यक्त गरिएको छ । डापीटोलमा 'कखग' पात्रले सिर्जना गरेका भय र आतङ्कबाट मुक्तिका लागि विक्रमले गरेको प्रयत्नलाई डापीवासीले साथ दिएका छन् । मूल्य स्थापनाका लागि सक्रिय रहँदा आइपरेका विसङ्गति तथा व्यवधानसँग आत्मसमर्पण नगरी तिनका विरुद्ध यी पात्रले गरेको विद्रोह मानवसत्ताको अङ्गीकार हो । अस्तित्ववादी जीवनदर्शनको यस मान्यतालाई *डापी* उपन्यासमा प्रमुख पात्र विक्रम र डापीवासीलाई सक्रिय गराई अभिव्यक्त गरिएको छ ।

*डापी* उपन्यासको प्रमुख पात्र विक्रमले आफ्नो मूल्यका लागि डापीटोलमा बसेर गरेको सङ्घर्षका माध्यमबाट मानवसत्ताको अङ्गीकार अभिव्यक्त गरिएको छ । यस पात्रले प्रशस्त पैतृक सम्पत्ति भएर पनि डापीटोलमा डेरामा सानो जागिरका भरमा पारिवारिक दायित्वलाई वहन गर्ने कुरालाई स्वीकार गर्दा आर्थिक, पारिवारिक, सामाजिक जस्ता विविध समस्यालाई झेल्न बाध्य भएको कुरालाई उपन्यासमा विषयबद्ध गरिएको छ । भाइले पैतृक सम्पत्ति र आफूले कमाएको पैसा नदिनु, बाआमा जिम्मा लगाउनु, बहिनीहरूको जिम्मेवारी लिनु तथा पत्नी बीनूको 'ग'

पात्रसँगको निकटतालाई सामना गर्नुपर्ने बाध्यताको मूल कारण ऊ डापीटोलमा बस्नाका लागि गरेको निर्णयका कारण सिर्जित भएका समस्या हुन् । यस यथार्थलाई उपन्यासको यस उद्धरणले स्पष्ट पारेको छ :

> जिन्दगीमा केही खोज्नुको भाव- केही पाउनु अलिपर मात्र रहेको, केही अर्थ हात लम्काउनु मात्र बाँकी रहेको सुख रहिरहन्छ... त्यस बखत, जब अन्तिम... त्यो खातबाट अन्तिम पाना पल्टाइरहिएको होइन्छ... अनि त्यो त्रास ? त्यसले के त ? त्योसहित बाँच्न सकिन्छ, कुन ठूलो कुरा हो र ? (गौतम, २०३३/२०६४, पृ. ७७)

माथिको उद्धरणले विक्रमले डापीटोलमा बसेर समस्याको सामना गर्न बाध्य भएको यथार्थतालाई बोध गराएको छ । बीनूसँग बिहे गरेपछि विक्रमको जीवनमा आर्थिक, पारिवारिक एवम् भय जस्ता समस्यासमेत उसले भोगेको छ । आफूले गरेको निर्णयका कारण सिर्जित यस्ता समस्याप्रति उसलाई नै उत्तरदायी बनाइएको सन्दर्भमा मानवसत्तालाई अङ्गीकार गर्ने दृष्टि अभिव्यञ्जित भएको छ । विक्रमका जीवनमा आइपरेका यी समस्याको समाधान गर्ने अर्को कुनै शक्ति सत्ताको उपस्थिति यस उपन्यासमा देखिएको छैन । आफ्नो जीवनमा आइपरेका यस्ता विसङ्गतियुक्त पक्षका सामु आत्मसमर्पण गर्ने र जीवन विसर्जन गर्ने मनोविज्ञान यस पात्रमा रहेको देखिँदैन । जीवन रहे मात्र मूल्य स्थापित गर्न सकिन्छ भन्ने अस्तित्ववादी चिन्तनको मान्यताप्रति यो पात्र सचेत रहेको छ । जीवनप्रति आशावादी रहँदै अस्तित्वका लागि यस पात्रले सङ्घर्ष गर्नुपर्ने परिवेश सिर्जना गर्नु व्यक्तिलाई सर्वोच्च महत्त्व दिनु नै रहेको देखिन्छ । डापीटोलमा परिवारसहित बस्दा विक्रमले प्रशस्त समस्या भोगेको छ । विक्रमले आफ्नो मूल्यका लागि रोजेको निर्णयका कारण सिर्जित समस्याबाट विचलित नभई उसलाई नै उत्तरदायी बनाउँदै सङ्घर्षमा सक्रिय गराएको घटनाका माध्यमबाट यस उपन्यासमा मानवसत्ताको अङ्गीकार अभिव्यक्त गरिएको छ ।

*डापी* उपन्यासको पात्र विक्रम डापीटोलमा बस्ने निर्णय गरेपश्चात् आइपरेका व्यवधानका विरुद्ध उसलाई नै विद्रोहमा सक्रिय गराउनु मानवसत्ताको अङ्गीकार हो । त्यस ठाउँमा बस्दा आर्थिक र पारिवारिक समस्यासँग त यो पात्र जुधेकै छ साथै योभन्दा पनि जटिल 'कखग' पात्रबाट सिर्जित समस्याको सामना गर्नसमेत बाध्य भएको छ । उपन्यासमा दुश्चरित्रका रूपमा परिचय बनाएका 'कखग' पात्रले समाजका अतिरिक्त विक्रमको निजी जीवनमा समेत गम्भीर समस्या सिर्जना गरेका छन् । विक्रमकी पत्नी बीनूसँग 'ग' पात्रले विस्तार गरेको निकटता, घरका गोप्य कुरा 'कखग' पात्रले तुरुन्तै जानकारी प्राप्त गर्ने समस्या, उसलाई 'ख' पात्रले जागिरबाट हटाउनका लागि गरेको प्रयत्न जस्ता अनेक समस्या 'कखग'बाट सिर्जित भएका छन् । विक्रमले नै त्यस टोलमा बस्नाका लागि गरेको छनोटका कारण यस्ता समस्या भोग्न परेको कुराप्रति ऊ

सचेत रहनु उत्तरदायित्वलाई वहन गर्नु रहेको देखिन्छ । आफूले गरेको निर्णयका कारण आइपरेका समस्याप्रति सचेत बन्दै यो पात्र अस्तित्वका लागि सङ्घर्ष र विद्रोहमा सक्रिय रहेको कुराको अभिव्यक्तिमा मानवसत्ताको अङ्गीकार अभिव्यक्त भएको छ । 'कखग' पात्रहरू समाजका लागि घातक हुन् भन्ने कुराको चेतना यस पात्रमा जागृत भएको छ भन्ने वास्तविकतालाई उपन्यासको यस उद्धरणले स्पष्ट पारेको छ -"अदबको पराकाष्ठा आतङ्क हो आतङ्कको पराकाष्ठा विद्रोह हो... तर कता हो, कता हो...। मैले केही भन्नै पर्छ, नत्र यसरी हुँदैन । अन्याय भन्ने कुरालाई जति सह्यो त्यति भेडो होइँदै जाइन्छ । अन्याय ब्वाँसो बन्दै जान्छ" (गौतम, २०३३/२०६४, पृ. ९५) । विक्रम 'कखग' पात्रका क्रूरतापूर्ण व्यवाहारको प्रतिवाद गर्न प्रतिबद्ध छ भन्ने कुरामा यस उद्धरणबाट स्पष्ट हुन सकिन्छ । 'कखग' पात्रबाट सिर्जित समस्याको समाधान सम्झौताबाट हुन सक्दैन भन्ने कुराप्रति समेत सचेत बनेको विक्रमले तिनलाई परास्त गर्नाका लागि प्रेम, भीमबहादुर जस्ता पात्रको खोजी गर्नु, टोलवासीलाई सचेत बनाउने कुरामा नेतृत्व लिनु, 'कखग' पात्रलाई सहभागी नगराई वनभोजको आयोजना गर्नु जस्ता कुरामा विक्रमको सक्रियता रहेको छ । आफ्नो अस्तित्वका लागि गरेको निर्णयमा बाधा सिर्जना गरिएपछि त्यसका विरुद्ध विक्रमलाई सङ्घर्ष र विद्रोहमा सक्रिय बनाउनुले मानवसत्तालाई अङ्गीकार गरेको देखिन्छ । विक्रम विद्रोहका लागि सचेत छ भन्ने कुरालाई उपन्यासको यस साक्ष्यले प्रमाणित गरेको छ :

> गोरख त मैलाई पो डाक्दै छ । नजानु कि ? किन नजानु । बीनूबारे पो केही भन्छ कि क्या हो । भन्यो भने त, गएपछि पनि आगो सल्काएरै जान्छ, पाजी । तर यसरी आत्तिने त किन र ? अब त केही बोल्यो त्यस्तै र उही पहिलेजस्तै गरेर निहुँ खोज्यो भने त बङ्गारै झारिदिनुपर्ला । (गौतम, २०३३/२०६४, पृ. २८६)

माथिको उद्धरणले विक्रम कर्म, सङ्घर्ष र विद्रोह गर्न प्रतिबद्ध छ भन्ने यथार्थतालाई बोध गराएको छ । यस पात्रले 'ग' पात्रका विरुद्ध दिएको उक्त अभिव्यक्तिले आफू त्यस टोलमा बस्न निर्णय गरेपश्चात् 'कखग' पात्रबाट सिर्जित अन्याय र समस्याप्रति सचेत रहेको र तिनका कारण आफ्नो मूल्य स्थापनामा बाधा आएको भन्ने कुराप्रति सचेत रहेको देखिएको छ । आफ्नो मूल्य स्थापनामा बाधा खडा गर्ने पक्षका विरुद्ध विक्रमलाई नै विद्रोहका निम्ति सक्रिय गराइएको घटनाले मानवसत्तालाई अङ्गीकार गरेको कुरा पुष्टि गरेको छ ।

*डापी* उपन्यासमा विक्रमका अतिरिक्त डापीवासीले 'कखग' पात्रका विरुद्ध गरेको विद्रोहका माध्यमबाट समेत मानवसत्ताको अङ्गीकार अभिव्यक्त गरिएको छ । पर्खाल निर्माण, चौतारो विनाश, हत्या, बलात्कार, हैजाका कीटाणुको सङ्क्रमण जस्ता मानवविरोधी गतिविधि गरेर त्यस टोलमा भय र आतङ्क सिर्जना गरेका 'कखग' पात्रका विरुद्ध डापीवासीलाई नै सचेत गराउनु मानवसत्ताको अङ्गीकार रहेको देखिन्छ । आफ्नो टोलमा 'कखग' पात्रबाट सिर्जित समस्याको

समाधान अन्य कुनै शक्तिबाट हुँदैन भन्ने कुराप्रति सचेत बन्दै डापीवासी तिनका विरुद्ध विद्रोहमा सक्रिय बनेका छन् । डापीवासीको सक्रियतालाई यस उद्धरणले पुष्टि गरेको छ -"अब यसरी भएन हेर,' बूढो खर्दार बोल्दै छ- अब तिनीहरू अचाक्ली गर्न थाले । डापीका लागि यो असह्य छ । .... ठोक गोली यसलाई, -रिटायर्ड कप्तानसाहेब जङ्गिन्छन् र एक्कासि गोली ठोक्नेजस्तै मुद्रामा उभिन्छन्" (गौतम, २०३३/२०६४, पृ. १९७) । डापीवासी आफ्नो मूल्य स्थापनामा बाधा पुऱ्याउने 'कखग' पात्रका विरुद्ध विद्रोहका निम्ति सचेत छन् भन्ने कुरालाई तिनका अभिव्यक्तिले स्पष्ट पारेका छन् । 'कखग' पात्रको स्वाभिमान र प्रतिष्ठाको प्रतीक पर्खाल दिनहुँ भत्कनु, डापीवासीले 'कखग' पात्रलाई सहभागी नगराई वनभोजको आयोजना गर्नु, डापीवासीको प्रतिष्ठाको प्रतीक चौतारो भत्काउने 'कखग' पात्रको प्रस्तावप्रति विमति जनाउनु जस्ता डापीवासीका क्रियाकलाप 'कखग' पात्रका विरुद्ध गरिएको सङ्घर्ष र विद्रोहका परिचायक रहेका छन् । आफ्नो अस्तित्व सुरक्षित गर्नाका लागि आफै क्रियाशील हुनुपर्छ भन्ने कुरामा डापीवासीलाई सचेत गराइएको कुरालाई आख्यानात्मक रूपमा प्रस्तुत गरी यस उपन्यासमा मानवसत्ताको अङ्गीकार अभिव्यक्त गरिएको छ ।

*कट्टेल सरको चोटपटक* उपन्यासमा मानवसत्ताको अङ्गीकार अभिव्यक्त भएको छ । प्रमुख चरित्र कट्टेल र सावित्रीले आफ्नो अस्तित्वका लागि स्वयम् सक्रिय भई निरन्तर गरेको सङ्घर्षलाई आख्यानात्मक रूपमा प्रस्तुत गरी मानवसत्ताको अङ्गीकार अभिव्यक्त गरिएको छ । कट्टेल र सावित्रीका जीवनमा आइपरेका आर्थिक, पारिवारिक, सामाजिक, मानसिक अन्ततः शारीरिक समस्याका बिचमा पनि मूल्यका लागि स्वयम् यी पात्र सक्रिय देखिएका छन् । आफ्नो जीवनमा आइपरेका समस्याको समाधान अन्य कुनै शक्ति र सत्ताबाट नहुने ठान्दै उनीहरू आफै क्रियाशील हुनुले मानवसत्ताको अङ्गीकारलाई बोध गराएको छ । अस्तित्वका लागि सङ्घर्ष गरिरहँदा आइपरेका व्यवधान र विसङ्गतिका कारण यी पात्रमा पीडाको अनुभूति भए पनि त्यसबाट विचलित नभई आफ्नो मूल्यका लागि यिनीहरू नै सक्रिय बनेका घटनालाई यस उपन्यासमा विषयबद्ध गरिएको छ । अस्तित्वका लागि यी पात्र स्वयम् सङ्घर्ष र विद्रोहमा सक्रिय बन्नुपर्ने परिवेश सिर्जना गरी यस उपन्यासमा मानवसत्ताको अङ्गीकार अभिव्यक्त गरिएको छ ।

*कट्टेल सरको चोटपटक* उपन्यासको वासुदेव कट्टेल जीवनमा आइपरेका समस्यासँग आफै सङ्घर्ष गरिरहेको घटनाले मानवसत्तालाई अङ्गीकार गरेको कुरालाई बोध गराएको छ । यस उपन्यासमा आफ्नो अध्ययनको उपयोग, आर्थिक सुविधा, सामाजिक मर्यादाका निम्ति कलेजमा जागिर गर्ने निर्णय गरेपश्चात् अनेक समस्यासँग कट्टेल नै जुध्न परेको कुरालाई आख्यानात्मक रूपमा प्रस्तुत गरिएको छ । कलेजमा अध्यापन गर्दा प्रशासनिक तहबाट लगाइने गम्भीर आरोपको सामना गर्नुपर्ने बाध्यता उसले झेलेको छ । राजिनामा दिने मनस्थिति बनाए पनि त्यसो नगरी

अस्तित्वका लागि सङ्घर्ष गरिरहेको छ । आफ्ना समस्याका लागि आफै सक्रिय बन्नुपर्छ भन्ने मान्यतालाई यस पात्रको सङ्घर्षले सार्थक पारेको छ । क्याम्पसको प्रमुखसँग प्रतिवाद गरेकाले ऊ आफ्नो अस्तित्वप्रति सचेत रहेको कुरालाई उपन्यासको यस साक्ष्यले पुष्टि गरेको छ -"सर पोलिटिकल साइन्स पढाउँदा, अलिकति पोलिटिक्सको कुरा त गरिहालिन्छ" (गौतम, २०३७/२०७५, पृ. ३१) । आफ्नो स्वाभिमानमा बाधा पुऱ्याउने क्याम्पस प्रमुखलाई कट्टेलले दिएको यस अभिव्यक्तिले ऊ नै आफ्नो मूल्यप्रति सचेत छ भन्ने कुरा स्पष्ट भएको छ । यसरी व्यक्तिले गरेको निर्णयका कारण आइपरेका समस्याका विरुद्ध उसलाई नै सचेत र सक्रिय गराउनु मानवसत्ताको अङ्गीकार रहेको देखिन्छ । उपन्यासको यस उद्धरणले कट्टेल आफ्नो समस्या समाधान गर्न सक्रिय छ भन्ने कुरा प्रमाणित गरेको छ -"यो तीन महिनाभित्र, पाइए आफ्नै लागि नपाए मञ्जुको लागि कुनै नोकरी छोटोमोटो भए पनि, भनसुन गर्न पाए काम चल्छ" (गौतम, २०३७/२०७५, पृ. १७९) । कट्टेलले जागिरको खोजी गर्नुमा समस्याप्रति स्वयम् सक्रिय हुनु हो । आफूले गरेको जागिरबाट बर्खास्तीमा परेपछिको विसङ्गतिका कारण जीवनबाट पलायन हुने मनस्थिति नबनाई अर्को जागिरको खोजीमा उसलाई सक्रिय बनाइएको छ । कट्टेलले जागिरबाट बर्खास्तीमा परेपछि आइपरेका आर्थिक समस्या, सामाजिक प्रतिष्ठा जस्ता समस्याको समाधान अन्य कुनै पक्षबाट नहुने कुराप्रति सचेत रहेको कुरा ऊ जागिरको खोजीमा हिँडेको सन्दर्भले पुष्टि गरेको छ । यस उपन्यासमा आफ्नो निजत्वका लागि स्वयम् कट्टेललाई सचेत बनाई सक्रिय बनाइएको घटनाका माध्यमबाट मानवसत्ताको अङ्गीकारलाई अभिव्यक्त गरिएको छ ।

*कट्टेल सरको चोटपटक* उपन्यासमा कट्टेलले सावित्रीसँग पारिवारिक जीवनमा प्रवेश गरेपश्चात् आइपरेका समस्यासँग उसलाई नै सङ्घर्षमा सक्रिय गराई मानवसत्ताको अङ्गीकारलाई अभिव्यक्त गरिएको छ । बढेका छोरीहरूको जागिर र बिहेको प्रबन्ध गर्न नसक्नु, पत्नीले सम्पन्न पात्र बिहेका लागि आएका थिए भन्ने कुरा सुनाइरहनु, छोरो प्रेम हराउनु, बाबु बिरामी पर्नु, सानो छोरो मिर्गौला रोगका कारण मर्नु तथा आफू नै हृदयाघात र पक्षाघातले शिथिल बन्नु जस्ता एकपछि अर्को समस्या भोग्न यो पात्र बाध्य भएको छ । समस्याका बिचमा पनि सङ्घर्ष गरिरहने कट्टेलको स्वभावलाई उपन्यासको यस साक्ष्यले स्पष्ट पारेको छ :

> अब त केही नगर्दा पनि एउटा निरन्तर भिड्नु जस्तै लागिरहेको छ बाँच्नु, वा सायद बाँच्नु नै एउटा वास्तविक लडाईं हो, .... मचाहिँ, तिनताक, एउटा यस्तो खेलाडी थिएँ, जो लछारिन्थ्यो, पछारिन्थ्यो, रगतपक्ष हुन्थ्यो, उकुसमुकुस हुन्थ्यो, तर जीवनमा कहिल्यै 'सी' को उच्चारण गर्दैन थियो...। (गौतम, २०३७/२०७५, पृ. २३७-२३८)

माथिको उद्धरणमा कट्टेल अस्तित्वका लागि सक्रिय रहन चाहेको कुरालाई अभिव्यक्त गरिएको छ । उसको जीवनमा अनेक समस्याहरू बल्भिँदै गएका छन् । त्यस्ता विसङ्गतिका

कारण उसमा पीडाबोध भए पनि अस्तित्वका लागि उसले नै सङ्घर्ष गरिरहेको छ । जीवनमा आइपरेका समस्याबाट विचलित भई जीवन नै विसर्जन गर्ने कार्य अवलम्बन गर्नु विसङ्गतिप्रति आत्मसमर्पण हो भन्ने बोध गरेको यस पात्रले बाल्यकालमा खेल्दा पराजयबोधक 'सी' उच्चारण नगरेझैँ पराजय स्वीकार नगरी सङ्घर्षरत रहेको देखिन्छ । आफ्नो अस्तित्वका लागि स्वतन्त्र निर्णय गरी पारिवारिक जीवनमा अनुबन्धित भएपछि आइपरेका समस्यामा कट्टेललाई नै उत्तरदायी बनाउनु र समस्यासँग सङ्घर्षमा सक्रिय गराउनु मानवसत्ताको अङ्गीकार रहेको देखिन्छ ।

*कट्टेल सरको चोटपटक* उपन्यासमा अस्तित्ववादी मानवसत्ताको अङ्गीकारको अभिव्यक्ति सावित्रीका माध्यमबाट समेत भएको छ । यस पात्रसँग बिहे गर्नाका लागि सम्पन्न परिवारका पात्रहरू तयार भए पनि सुखद जीवन बिताउने तीव्र अभिलाषाबमोजिम कट्टेलसँग बिहे गरेपश्चात् यस पात्रले आर्थिक, पारिवारिक, सामाजिक, मानसिक जस्ता अनेक समस्या भोग्न बाध्य भएकी छ । यस उपन्यासमा सावित्रीले गरेका निर्णयका कारण भोग्न परेका यस्ता समस्याको समाधान अन्य कुनै पक्षबाट नहुने भएकाले ऊ आफै सङ्घर्ष गरी अस्तित्व स्थापनाका लागि सक्रिय रहेको कुरालाई प्रस्तुत गरी मानवसत्ताको अङ्गीकार अभिव्यक्त गरिएको छ । आफ्ना निर्णयका कारण सिर्जित यस्ता विसङ्गतिप्रति आत्मसमर्पण गरी जीवन विसर्जन गर्ने वा जिम्मेवारीबाट अलग्गिने मनेविज्ञान यस पात्रमा रहेको छैन । दुःख भए पनि मूल्यका लागि बाँच्नै पर्ने र सङ्घर्ष गर्नै पर्ने भएकाले यस पात्रले सङ्घर्ष गरिरहेकी हो । जीवनमा अस्तित्वका लागि निर्णय गर्दै सक्रिय रहँदा आइपरेका समस्याप्रति यस पात्रलाई नै उत्तरदायी बनाएका घटनाका माध्यमबाट मानवसत्ताको अङ्गीकार अभिव्यक्त गरेको देखिन्छ ।

*कट्टेल सरको चोटपटक* उपन्यासमा कट्टेलको साथी कुमारले आमन्त्रण गरेको भोजमा जाने निर्णयपश्चात् आइपरेका समस्याप्रति सावित्रीले गरेको विद्रोहमा मानवसत्ताको अङ्गीकार अभिव्यक्त भएको देखिन्छ । सावित्रीले कुमारकी पत्नी अञ्जनाले गरेको अपमान र दुर्व्यवहारको प्रतिकार गर्नु अस्तित्वका लागि गरिएको प्रयत्न हो भन्ने कुरा स्पष्ट भएको छ । सावित्री अस्तित्वका लागि सचेत छे भन्ने कुरा उपन्यासको यस साक्ष्यले प्रमाणित गरेको छ -"अब सावित्री रिसाई- यो कस्तो तरिका हो ? त्यत्रो बच्चोलाई केको ज्ञान हुन्छ ? चाहिँदैन सभ्यता, मेरो छोरो बेसोमती भए पनि होस् । जानेर होइन क्यार । यति मैले गरिदिएकी छु, कुन्नि तन्नै साटिदिनुपर्ने हो कि" (गौतम, २०३७/२०७५, पृ. ८६) ? आफूलाई आमन्त्रण गरेको ठाउँका मानिससँग प्रतिवाद गर्दा समस्या आइपर्छ भन्ने कुराको चेतना हुँदाहुँदै पनि आफ्नो अस्तित्वमाथि गरिएको गम्भीर आक्रमणको प्रतिवाद अन्य पक्षबाट हुन सक्दैन भन्ने कुराप्रति सचेत रहँदै सावित्रीलाई नै अञ्जनाका विरुद्ध आवाज उठाउनुपर्ने परिवेश सिर्जना गरिनुले मानवसत्तालाई नै अङ्गीकार गरेको देखिन्छ । व्यक्तिको अस्तित्व नै सर्वोच्च हो, त्यसमा बाधा, व्यवधान आएमा त्यसप्रति आत्मसमर्पण

नगरी उसलाई नै प्रतिवादमा उतार्नु व्यक्तिलाई सर्वोच्च महत्त्व दिनु हो । यस उपन्यासमा सावित्रीले आफ्नो अस्तित्वमाथि आइपरेका समस्याका विरुद्ध उसलाई नै विद्रोहमा सक्रिय गराएको घटनाका माध्यमबाट मानवसत्ताको अङ्गीकारलाई अभिव्यक्त गरिएको छ ।

*स्वर्गीय हीरादेवीको खोज* उपन्यासमा मानवसत्ताको अभिव्यक्तिलाई केन्द्रीय कथ्य बनाइएको छ । प्रमुख पात्र कुमारबहादुर नेपाली र सहायक पात्र सोना अस्तित्वका लागि सङ्घर्ष र विद्रोहमा सक्रिय बनेको घटनाको संयोजन गरी मानवसत्ताको अङ्गीकार व्यक्त गरिएको छ । यी पात्र आर्थिक, आश्रय, परिचय र पारिवारिक सङ्कटबाट पीडित बने पनि अस्तित्वका लागि आफैले सङ्घर्ष गरेका छन् । यी पात्रले अस्तित्वका लागि प्रयत्न गरिरहँदा समस्याको सामना गर्नुपरे पनि त्यसबाट विचलित नभई आफ्नो मूल्यका लागि सक्रिय बनेको कुरालाई यस उपन्यासमा विषयबद्ध गरिएको छ । आफ्नो मूल्यका लागि यी पात्र नै कर्म, सङ्घर्ष र विद्रोहमा सक्रिय बन्नुपर्ने परिवेशको संयोजन गरी यस उपन्यासमा मानवसत्ताको अङ्गीकार अभिव्यक्त गरिएको छ ।

*स्वर्गीय हीरादेवीको खोज* उपन्यासमा प्रमुख भूमिकानिर्वाह गरेको पात्र कुमार नेपालीले अस्तित्वका लागि गरेका निर्णयका कारण आइपरेका समस्याप्रति उसलाई नै सचेत बनाउँदै सङ्घर्षमा सक्रिय गराई अस्तित्ववादी मानवसत्ताको अङ्गीकार अभिव्यक्त गरिएको छ । पहिचानको प्राप्तिका लागि आमाको खोजी गर्ने निर्णय तथा आफ्नो अध्ययनको सदुपयोग र आर्थिक समस्याको समाधान गर्नाका निम्ति यस पात्रले जागिर गर्ने निर्णय गरेपश्चात्का समस्याप्रति यसलाई नै उत्तरदायी बनाइएको छ । निजत्व सुरक्षित गर्नाका निम्ति आफैले नामाकरण गरेकी स्वर्गीय हीरादेवीको खोजी गर्ने निर्णय गरेपश्चात् भोग्नुपरेका समस्याप्रति उसलाई नै जिम्मेवार बनाइएको र सङ्घर्षमा सक्रिय गराइएको घटनाको संयोजन गरी यस उपन्यासमा मानवसत्ताको अङ्गीकार अभिव्यक्त गरिएको छ । यसै गरी त्यस विशाल घरमा कामदारका रूपमा रहँदा आफ्नो अस्तित्वमा गम्भीर समस्या आएको, आफ्नो अध्ययनको कुनै सदुपयोग नभएको तथा सधैं अर्काको आशमा मात्र बाँच्नुपर्ने बाध्यता रहेको जस्ता समस्याबाट उन्मुक्तिका लागि यस पात्रले जागिर खाने निर्णय गरेपश्चात् पनि समस्या भोग्न परेको छ । उपयुक्त जागिर नपाइनु, पाइएको जागिर पनि निम्नस्तरको हुनु, पछि त्यही जागिरबाट समेत निस्कन पर्नु जस्ता समस्या उसले झेल्न परेको छ । व्यक्तिले गरेको निर्णयप्रति ऊ स्वयम् जिम्मेवार रहनुपर्ने अस्तित्ववादी मान्यताअनुरूप नै कुमार आफूले गरेको निर्णयप्रति सचेत रहेको छ । यस वास्तविकतालाई उपन्यासको यस साक्ष्यले थप स्पष्ट पारेको छ -"कुमार अझै नोकरीविहीन नै थियो, तर उसले मामाघर छाड्ने अठोट गरिसकेको थियो । त्यसकारण नोकरी त यथावत् खोज्दै थियो, तर ... ... अब उसले स्वर्गीय हीरादेवीको खोज गर्न छाडिदिएको थियो" (गौतम, २०४५/२०५७, पृ. १२१) । कुमार आफ्नो जिम्मेवारीप्रति सचेत छ भन्ने कुरालाई

उपन्यासको यस साक्ष्यले पुष्टि गरेको छ । आफूले गरेका निर्णयका कारण कुमारले समस्या भोगे पनि त्यसबाट विचलित नभई आफ्नो मूल्यका लागि उपन्यासको अन्त्यसम्म ऊ नै सक्रिय रहेको घटनालाई संयोजन गरी व्यक्तिसर्वोच्चता अभिव्यक्त गरिएको छ । अस्तित्वप्रतिको सचेतता मानिसमा नै हुने, मूल्य प्राप्तिका लागि मानिसले नै सङ्घर्ष गर्नुपर्ने भन्ने अस्तित्ववादी चिन्तनको मान्यतास्वरूप नै कुमारले आफ्नो मूल्यका लागि स्वतन्त्र निर्णय र उत्तरदायित्वलाई वहन गरेको हो । जीवनमा आर्थिक सङ्कट तथा अपमान झेलेको यस पात्रका समस्याको समाधान अन्यत्र कुनै पक्षबाट नभएको र ऊ स्वयम्लाई आफ्ना समस्याप्रति जिम्मेवार बनाई मूल्यका लागि निरन्तर सङ्घर्षमा सक्रिय गराइनु अस्तित्ववादी मानवसत्ताको अङ्गीकार नै रहेको देखिन्छ । यसरी कुमारलाई उसको मूल्यप्रति सचेत बनाइएको घटनाको संयोजन गरी यस उपन्यासमा अस्तित्ववादी मानवसत्ताको अङ्गीकार अभिव्यक्त गरिएको छ ।

*स्वर्गीय हीरादेवीको खोज* उपन्यासमा अस्तित्ववादी मानवसत्ताको अङ्गीकारको अभिव्यक्ति सहायक पात्र सोनाले अस्तित्वका लागि गरेको निर्णयका कारण आइपरेका समस्याप्रति उत्तरदायी बनाई अभिव्यक्त गरिएको छ । सोना त्यस विशाल घरमा बुहारीका रूपमा भित्रिएकी पात्र हो । अर्थशास्त्रमा विद्यावारिधिका लागि नामसमेत दर्ता गराएकी पठित यस पात्रले त्यस घरमा बुहारीका रूपमा भित्रिएसँगै विशेष गरी पति लक्ष्मणबाट भोग्नुपरेका समस्याप्रति निकै सचेत देखिएकी छ । त्यस घरमा अध्ययन र सिर्जनामा प्रतिबन्ध लगाइए पनि आफ्नो अस्तित्वका लागि सिर्जनामा लागिरहने निर्णय गरेकी छ । विशेष गरी आफ्नो अध्ययनप्रतिको रुचि र त्यसको सदुपयोगका लागि उसले ती कार्य गर्दा पतिबाट झेल्नुपरेका यातनाबाट यो पात्र पीडित रहेको कुरालाई प्रस्तुत गरिएको छ । आफूले सिर्जना गर्ने निर्णय गरेका कारण सिर्जित यस्ता विसङ्गतिबाट प्रताडित भई निर्णयबाट विमुख हुने, जीवनबाट पलायन हुने र आफ्नो समस्याको समाधान अन्यत्रबाट होला भन्ने अपेक्षा यस पात्रले गरेकी छैन । पति लक्ष्मणको यातना झेल्नुपर्ने कारण उसको पढाइप्रतिको रुचि नै रहेको देखिन्छ । आफूले गरेको निर्णयबाट सिर्जित समस्याबाट मुक्त हुनाका लागि यसले सम्झौतासमेत गरेकी छैन । सोनाले आफ्नो अस्तित्वका लागि सङ्घर्ष र विद्रोहमा सक्रिय रहेकी छ भन्ने कुरालाई उपन्यासको यस उद्धरणले प्रमाणित गरेको छ :

> माइजूले भनेकी थिइन् -हजुरको जीवन मेरो नीचताले गर्दा नर्क बनेको हो भने, म आफ्नो नीचता आफूसितै लिएर जान्छु नि त ?- बाबुबाजेले आर्जन गरेको प्रतिष्ठाको भय नभएको भए तँजस्तालाई उहिल्यै घोक्रेछुत्ती लगाइसक्थैँ, तर... । लक्ष्मणले यति भन्नासाथ माइजू हाँस्न थालिन् । बाबुबाजेको प्रतिष्ठामा त हजुरहरूले वृद्धि नै गरिबक्सिएको छ । अझै पनि चौतारो जिउँदै छ । (गौतम, २०४५/२०५७, पृ. ९९)

माथिको उद्धरणबाट सोना आफ्नो अस्तित्वका लागि ऊ आफै सक्रिय बनेकी छ भन्ने कुरा बोध भएको छ । सोनाले आफ्नो पति लक्ष्मणका विरुद्ध प्रस्तुत गरेको यस अभिव्यक्तिबाट ऊ आफ्नो अस्तित्वका लागि विद्रोहमा उद्यत रहेकी छ भन्ने कुरा स्पष्ट हुन्छ । त्यस विशाल घरमा निषेध गरिएको लेखन कार्यलाई निरन्तरता दिनु र अस्तित्वका लागि घर छाड्नु जस्ता सोनाका क्रियाकलापमा अस्तित्ववादी विद्रोह अभिव्यञ्जित भएको छ । यस पात्रले विद्रोह गर्नुपर्ने कारण आफ्नो मूल्यप्रतिको सचेतता नै रहेको देखिन्छ । यस उपन्यासमा सोनालाई नै आफ्नो मूल्यप्रति सचेत बनाइनुले व्यक्तिलाई नै सर्वोच्च महत्त्व दिएको स्पष्ट भएको छ । उपन्यासको अन्त्यमा यस पात्रलाई पागल र कैदी घोषित गरी हलकोठामा पुऱ्याइनु, अन्ततः मृत्युवरण गरे पनि विसङ्गतिका साम् आत्मसमर्पण गरेकी छैन । मूल्यको लडाइँमा सक्रिय रहँदा अनेक व्यवधान भोग्नुपरे पनि जीवनको अन्तिम समयसम्म सम्झौता नगरी सङ्घर्ष र विद्रोहमा यस पात्रलाई सरिक गराइनु मानवसत्ताको अङ्गीकार नै रहेको देखिन्छ ।

*एक शहरमा एक कोठा* उपन्यासमा मानवसत्ताको अङ्गीकारलाई केन्द्रीय विषय बनाइएको छ । 'म' पात्रले गरेको निर्णयपश्चात् आइपरेका समस्याका विरुद्ध उसलाई नै सङ्घर्षमा सक्रिय गराएको कुरालाई आख्यानात्मक रूपमा प्रस्तुत गरी मानवसत्ताको अङ्गीकार अभिव्यक्त गरिएको छ । यस पात्रले आफ्नो जीवनमा आइपरेका समस्याको समाधान आफैले गर्नुपर्ने कुराप्रति सचेत रहँदै आफ्नो मूल्य स्थापनाका लागि सङ्घर्षमा सक्रिय रहनु मावनसत्ताको अङ्गीकार हो । मूल्यका लागि प्रयत्नशील रहँदा सिर्जित विसङ्गतिका सामु आत्मसमर्पण नगरी यो पात्र निरन्तर सङ्घर्षमा सक्रिय रहेको देखिन्छ । यस पात्रले आफ्नो मूल्यका लागि आफै सक्रिय बन्नुपर्ने परिवेश सिर्जना गरी यस उपन्यासमा मानवसत्ताको अङ्गीकार व्यक्त गरिएको छ ।

एक *शहरमा एक कोठा* उपन्यासमा आद्यान्त सक्रियता देखाई प्रमुख भूमिकानिर्वाह गरेको 'म' पात्रका माध्यमबाट अस्तित्ववादी मानवसत्ताको अङ्गीकार अभिव्यक्त गरिएको छ । यस पात्रले गरेका तीनओटा निर्णय नै यसको जीवनमा गम्भीर समस्या सिर्जना गर्ने कारकका रूपमा रहेका छन् । यस पात्रले जागिर खानका लागि गरेको निर्णयका कारण एकपछि अर्को समस्या बल्झिँदै गए पनि आफ्नो निर्णयप्रति जिम्मेवार देखिएको छ । आफ्नो अध्ययनको उपयोग र जीविकाको आधार जागिर ठान्दै त्यसको प्राप्तिबाट आफ्नो अस्तित्व सुरक्षित हुन्छ भन्ने अपेक्षास्वरूप त्यसका लागि उद्यत बन्दा आर्थिक जटिलता र साथीभाइको उपहास झेल्न बाध्य भए पनि त्यस्ता विसङ्गतिसँग सम्झौता नगरी मूल्य स्थापनाका लागि उसलाई नै सङ्घर्षमा सक्रिय गराइनु मानवलाई नै महत्त्व दिनु रहेको देखिन्छ । यस पात्रले ग्रामीण क्षेत्रकी गीता नामक पात्रसँग वैवाहिक सम्बन्ध स्थापना गरी सहरको एक कोठामा जीवननिर्वाह गर्ने निर्णय गरेपश्चात् उसले भोगिरहनु परेको आर्थिक समस्यामा थप जटिलताप्रति पनि उसलाई नै उत्तरदायी बनाइनु

मानवसत्ताको अङ्गीकार रहेको छ । आफ्नै कार्यालयकी कर्मचारी सावित्रीसँग बिहे गर्ने प्रबल सम्भावना रहे पनि त्यसो नगरी गीतासँग बिहे गर्ने निर्णय गरेपश्चात् समस्याको शृङ्खलामा वृद्धि भएको छ । यस्ता समस्याको समाधानका लागि 'म' पात्र नै सक्रिय रहेको कुरालाई उपन्यासको यस अंशले स्पष्ट पारेको छ :

> त्यसकारण मैले भनेँ–"सुन गीता अर्को कोठा खोज्नुपर्छ, यो मैले मानें । तर त्यो कोठा यो घरमा पाइँदैन । त्यसका लागि हामीले घर सर्नुपर्छ । घर सर्न हामीलाई मिल्ने खालको घर खोज्नुपऱ्यो । त्यसअगि यस कोठाको बाँकी बाहाल चुक्ता गर्नु पऱ्यो । अलिक दिन यसैबाट काम चलाऊ, म कोठा हेर्दै गर्छु, हुन्न' ? (गौतम, २०४६, पृ. ४५)

'म' पात्रद्वारा प्रस्तुत यस अभिव्यक्तिबाट ऊ उत्तरदायित्वप्रति सचेत रहेको प्रमाणित हुन्छ । पत्नी गीताले भोग्नुपरेका समस्या म पात्रकै आर्थिक कमजोरीसँग सम्बन्धित रहेका छन् । आफूले गरेका निर्णयका कारण सिर्जित समस्याप्रति उसलाई नै जिम्मेवार बनाउँदै कर्म र सङ्घर्षमा सक्रिय गराई यस उपन्यासमा मानवसत्ताको अङ्गीकार अभिव्यक्त गरिएको छ । बिहेपश्चात् खर्चमा वृद्धि हुनु, अर्को कोठाको आवश्यकता पर्नु, खाने कुरा किन्न दाइजोको पङ्खा बेच्न पर्नु, सासूआमा आउँदा समस्या पर्नु जस्ता अनेक समस्याको सामना उसले गरेको छ । आफूले गरेको निर्णयका कारण सिर्जित समस्याबाट 'म' पात्र भाग्ने, उत्तरदायित्वबाट पन्छिने, अरू कुनै अदृश्य शक्तिको सहयोगको अपेक्षा गर्ने तथा विसङ्गतिसँग आत्मसमर्पण गर्ने जस्ता गतिविधि नगरी अस्तित्वका लागि निरन्तर सङ्घर्षमा सक्रिय गराइनु मानवसत्ताको अङ्गीकार रहेको देखिन्छ । मानिसले अस्तित्वका लागि गरेको निर्णयका कारण आइपरेका समस्याप्रति उसलाई उत्तरदायी बनाउनुपर्ने अस्तित्ववादी जीवनदृष्टिको मान्यतालाई *एक शहरमा एक कोठा* उपन्यासमा 'म' पात्रले गरेको निर्णय र सङ्घर्षले पुष्टि गरेको छ ।

*एक शहरमा एक कोठा* उपन्यासमा मानवसत्ताको अङ्गीकारको अभिव्यक्ति मूलतः प्रमुख 'म' पात्र र अंशतः सहायक पात्र कर्णप्रसादका माध्यमबाट समेत भएको छ । 'म' पात्रले कर्णप्रसादको रक्सी खान गरेको आग्रहलाई स्वीकार गर्दा जेल र अस्पतालमा बस्नुपरेको बाध्यतालाई प्रस्तुत गरिएको छ । कर्णप्रसाद हराएको तथा आर्थिक हिनामिना गरेकामा 'म' पात्रको संलग्नता देखाई परिबन्धमा पारी उसलाई जेल जानु पर्नाको कारण कर्णप्रसादसँगको निकटता नै रहेको देखिन्छ । आफूले गरेको निर्णयबाट सिर्जित यस समस्याको समाधान कुनै अदृश्य शक्तिबाट हुने सम्भावना पनि देखिएको छैन । आफूले गरेको निर्णका कारण सिर्जित यस्तो गम्भीर समस्याप्रति 'म' पात्रलाई नै उत्तरदायी बनाइनु मानवसत्ताको अङ्गीकार रहेको देखिन्छ । 'म' पात्र आफ्नो समस्याको समाधान गर्नाका लागि स्वयम् सक्रिय छ भन्ने कुरालाई उपन्यासको यस

साक्ष्यले सिद्ध गरेको छ -“मैले जीवनभरि अब जेल र अस्पताल नै गरिरहनुपर्ने नियति भोग्नुपर्ने भो कि मलाई मेरो घर-गृहस्थी र स्वतन्त्रताको मर्मत गर्ने मौका पनि प्राप्त हुने हो ? अथवा अर्को कुनै उपाय” (गौतम, २०४६, पृ. १५२) ? ‘म’ पात्रले कर्णप्रसादको आग्रहलाई स्वीकार गरेबापत परिबन्धमा पारी जेल र अस्पतालमा बस्न बाध्य भए पनि आफ्नै कमजोर निर्णयका कारण यस्ता समस्या भोग्नुपरेको कुराप्रति यो पात्र सचेत रहेको छ। जेलबाट मुक्त भई आफ्नो मूल्य स्थापनाका लागि सङ्घर्ष गरिरहने उसको मनस्थितिको अभिव्यक्तिका माध्यमबाट अस्तित्ववादी मानवसत्ताको अङ्गीकार अभिव्यक्त गरिएको छ । यसै गरी सहायक पात्र कर्णप्रसादले आफ्नो अस्तित्व सुरक्षित गर्नाका लागि जागिर खाने निर्णय गरेपछि आर्थिक र अपमानजन्य समस्या भोग्न बाध्य भएको छ। जागिरबाट परिवार पाल्न समस्या पर्नु, आफ्नो योग्यता र क्षमताको कदर नहुनु जस्ता समस्याका कारणबाट यो पात्र प्रताडित छ । आफ्नो अस्तित्वप्रति कर्णप्रसाद सचेत रहेको कुरालाई उपन्यासको यस अंशले प्रमाणित गरेको छ -“म ? म जलाइदिन्छु त्यो अफिसलाई एक दिन, म्या ... के ठान्याछन् मलाई ? हाकिमलाई मेचमा बाँधेर गोली ठोकिदिन्छु, भ्याक्नेहरू, मसँग जोरी खोज्ने ? मसँग ? उसले आफ्नो आवेश जसरी प्रकट गर्ने गर्थ्यो त्यसरी नै गऱ्यो” (गौतम, २०४६, पृ. ९५) ? कर्णप्रसादद्वारा व्यक्त यस उद्धरणले ऊ आफ्नो समस्या समाधानका लागि सचेत रहेको पुष्टि गरेको छ । आफ्नो पदोन्नतिमा बाधा सिर्जना गरी निजत्वमाथि चोट पुऱ्याउने पात्र कार्यालयको हाकिम नै हो भन्ने ठान्दै त्यस पात्रप्रति प्रकट गरेको आक्रोशले ऊ आफ्नो मूल्यप्रति सचेत रहेको कुरा स्पष्ट भएको छ । यसरी यस उपन्यासका प्रमुख र सहायक पात्र आफ्नो मूल्यप्रति सचेत बन्नुपर्ने परिवेश सिर्जना गरी मानवसत्ताको अङ्गीकार अभिव्यक्त गरिएको छ।

*सहस्राब्दीको अन्तिम प्रेमकथा* उपन्यासमा मावनसत्ताको अङ्गीकारलाई केन्द्रीय विषय बनाइएको छ । प्रमुख चरित्रहरू विग्रह र समिधाले आफ्नो अस्तित्वका लागि गरेको निर्णयबाट सिर्जित समस्याका विरुद्ध उनीहरूलाई नै सङ्घर्षमा सक्रिय बन्न प्रेरित गर्ने खालका घटनालाई आख्यानसँग सम्बद्ध गराई मानवसत्ताको अङ्गीकार अभिव्यक्त गरिएको छ। यी पात्रले अस्तित्वका लागि स्वतन्त्र निर्णय गर्दै जीवनमा सक्रिय रहँदा भोग्नुपरेका अभाव, पीडा एवम् विसङ्गतिका विरुद्ध उनीहरू नै सचेत बन्दै सङ्घर्ष र विद्रोहमा सक्रिय बनेका घटनालाई यस उपन्यासमा विषयबद्ध गरिएको छ। अस्तित्वका लागि सक्रिय रहँदा आइपरेका समस्याका विरुद्ध यी पात्र नै सङ्घर्ष र विद्रोहमा सक्रिय बन्नुपर्ने परिवेश सिर्जना गरी यस उपन्यासमा मानवसत्ताको अङ्गीकार अभिव्यक्त गरिएको छ।

*सहस्राब्दीको अन्तिम प्रेमकथा* उपन्यासमा केन्द्रीय भूमिकानिर्वाह गर्ने पात्र विग्रहले गरेको स्वतन्त्र निर्णयका कारण आइपरेका समस्याप्रति उसलाई नै उत्तरदायी बनाउँदै तथा कर्म र सङ्घर्षमा सक्रिय गराई अस्तित्ववादी मानवसत्ताको अङ्गीकार अभिव्यक्त गरिएको छ। विग्रहसँग

प्रेम र विवाहका निम्ति अन्य पात्रहरू आए पनि समिधाप्रति आकर्षित हुनु उसको स्वतन्त्रता रहेको देखिन्छ । आरम्भमा समिधाले उसको आग्रहलाई अस्वीकार गर्दा प्रशस्त पीडा र समस्या भोग्न बाध्य भएको कुरालाई यस उपन्यासमा प्रस्तुत गरिएको छ । सम्पन्न र शिक्षित यस पात्रलाई जागिरको आवश्यकता नपरे पनि आफ्नै खुट्टामा उभिनका लागि गरेको निर्णय स्वाभिमान सुरक्षित गर्नाका लागि गरेको प्रयत्न हो भन्ने कुरा स्पष्ट भएको छ। यस खालको निर्णयका कारण विग्रहको बाबुले व्यवधान पुऱ्याएपछि डेरामा बस्ने निर्णय गरेपछि थप जटिलता सिर्जना भएको छ । विग्रहले समिधासँग प्रेम गर्ने र जागिर गर्ने निर्णय उसको छनोटसँग सम्बन्धित रहेको छ । आफूले गरेको निर्णयका कारण आइपरेका आर्थिक, पारिवारिक, सामाजिक जस्ता अनेक समस्यासँग यो पात्र जुध्दै अस्तित्वका लागि उसलाई नै निरन्तर सङ्घर्षमा सक्रिय गराइएको छ । प्रेम र जागिरका विषयमा गरेका निर्णयका कारण आइपरेका समस्याप्रति विग्रह नै सक्रिय बनेको छ भन्ने कुरालाई उपन्यासको यस उद्धरणले स्पष्ट पारेको छ :

> भोलिपल्ट, ऊ नोकरी खोज्न हिंडेन । दिनभरिमा त्यस्तो एउटा घर पायो पनि । घरमा एउटा कोठा पायो । त्यहाँ सबथोक सार्वजनिक थियो । साझा योजना चलाएजस्तै । झिङटीको छानो भएको पुरानो घर भए पनि, त्यहाँ, टेलिफोन र टेलिभिजन समेत थिए । रमाइलो के भने, त्यहाँ ती पनि सार्वजनिक थिए । (गौतम, २०५६, पृ. ८४)

माथिको उद्धरणले विग्रह आफूले गरेको निर्णयप्रति जिम्मेवार बन्दै सङ्घर्ष गर्न प्रतिबद्ध रहेको छ भन्ने कुरा स्पष्ट पारेको छ । अस्तित्वका लागि गरेका निर्णयबाट भोग्नुपरेका समस्याको समाधान कुनै दैवी वा अदृश्य शक्तिबाट हुने कुराप्रति विश्वस्त नहुनु, समस्याबाट भाग्ने प्रयत्न नगर्नु, विसङ्गतिका सामु सम्झौता गर्ने जस्ता पलायनवादी विचारबाट मुक्त हुनु तथा आफ्नो मूल्यका लागि ऊ आफै सक्रिय बन्नु जस्ता घटनाको संयोजन यस उपन्यासमा गरिएको छ। यस उपन्यासमा विग्रहले गरेको निर्णयका कारण आइपरेका समस्याप्रति उसलाई नै सचेत बनाउँदै सङ्घर्षमा सक्रिय गराई अस्तित्ववादी मानवसत्ताको अङ्गीकार अभिव्यक्त गरिएको छ।

*सहस्राब्दीको अन्तिम प्रेमकथा* उपन्यासमा प्रमुख स्त्री चरित्र समिधाले गरेको निर्णय र सङ्घर्षका माध्यमबाट मानिसले गरेको निर्णयप्रति ऊ नै जिम्मेवार हुनुपर्ने र आफ्नो अस्तित्वका लागि ऊ नै कर्ममा सक्रिय हुनुपर्ने कुरालाई बोध गराएको छ । समिधासँग प्रेम र बिहे गर्नाका लागि योग्य र उत्तम उम्मेदवारको विकल्प रहे पनि विग्रहको प्रस्तावलाई स्वीकार गर्दा आर्थिक, पारिवारिक तथा सामाजिक जस्ता विविध समस्यासँग ऊ जुध्न बाध्य भएकी छ । यसका साथै विग्रहले कान्तिसँग स्थापित गरेको यौन सम्पर्कको विषयले आफ्नो स्वाभिमानमा गम्भीर चोट पुगेको अनुभव गर्दै यस पात्रलाई विद्रोहमा सक्रिय गराउनुले ऊ आफ्नो मूल्यप्रति सचेत छ भन्ने

कुरा स्पष्ट भएको छ । समिधा आफ्ना समस्याप्रति ऊ स्वयम् सचेत रहेकी छ भन्ने कुरालाई उपन्यासको यस उद्धरणले स्पष्ट पारेको छ -"केही दिन अरू पर्खेर बस्न सक्तैन ? तिमीले मभन्दा अगि उसलाई उपहार दिएर मेरो अपमान गरेका छौ । सारी जस्तो कुराद्वारा मूल्याङ्कन गरेर तिमीले त्यसलाई स्तरहीन बनाइदियौ ।' .... तिम्रो कुरा म सुन्दै सुन्दिन । म तिमीसित भेट्न पनि चाहन्न ।....त्यहाँबाट जुरुक्क उठेर हिँडी" (गौतम, २०५६, पृ. ६३) । आफ्नो प्रतिष्ठामा समस्या सिर्जना भएपछि समिधाले विद्रोह गरेकी हो । समिधाले विश्वास गरेको पात्रबाट नै सिर्जित जटिल समस्याबाट यो पात्र पीडित भएकी र आफ्नो अस्तित्वका लागि ऊ स्वयम् प्रयत्नशील रहेकी छ । विग्रहबाट भएका यस्ता खराब कृत्यप्रति आफूले गरेको विद्रोहका माध्यमबाट उसलाई सचेत गराउने काममा ऊ नै सक्रिय भएकी छ । मूल्य स्थापनाका लागि आफू बाँच्नै पर्ने तथा सङ्घर्ष गर्नै पर्ने अस्तित्ववादी मान्यतालाई यस पात्रले अवलम्बन गरेकी छ । विग्रहका कारण पीडित बनेकी यो पात्र जीवनबाट पलायन होइन, आफूलाई सङ्घर्षमा सक्रिय बनाएकी छ । समिधाले गरेको निर्णयका कारण सिर्जित समस्यासँग सङ्घर्ष गर्दै मूल्य स्थापनाका लागि उसलाई नै सक्रिय गराउनु मानवसत्ताको अङ्गीकार रहेको देखिन्छ ।

*सहस्राब्दीको अन्तिम प्रेमकथा* उपन्यासका प्रमुख चरित्रहरू विग्रह र समिधाको प्रेममा बाधा सिर्जना गर्ने पक्षका विरुद्ध उनीहरूलाई सङ्घर्षमा सक्रिय गराई अस्तित्ववादी मानवसत्ताको अङ्गीकार अभिव्यक्त गरिएको छ । प्रेम गर्ने निर्णयका कारण सिर्जित समस्याप्रति यी पात्र उत्तरदायी बन्दै गएका छन् । मिथकलाई आधार बनाई त्यस ठाउँमा प्रेम गर्न नपाइने भन्दै उनीहरूका बिचको प्रेममा प्रतिबन्ध लगाउने प्रयत्नका विरुद्ध यी पात्रलाई नै सङ्घर्षमा सक्रिय बनाउनु मूल्यप्रतिको सचेतता रहेको देखिन्छ । अभिभावक, छिमेकी र राज्य नै उनीहरूले गरेको प्रेमलाई निस्तेज गराउनका लागि प्रयत्नशील रहेका बेला आफ्नो अस्तित्वका लागि यस प्रेमलाई निरन्तरता दिने प्रयत्नबाट यी पात्र विमुख भएका छैनन् । आफ्ना निर्णयका कारण सिर्जित समस्याको समाधान गर्न यी दुवै पात्र सक्रिय रहेका छन् भन्ने कुरालाई उपन्यासको यस उद्धरणले स्पष्ट पारेको छ -"यो देश प्रेम गर्ने लायक छ कि छैन, यो रहस्यको पत्तालगाउन जाँदैछौं । रहस्य पत्ता लाग्नासाथ हामी फर्केर आउँछौं" (गौतम, २०५६, पृ. १५०) । यी पात्रलाई परेको सङ्कटको समाधान कुनै अदृश्य शक्तिबाट पनि सम्भव छैन, आफ्नो अस्तित्वका लागि बाँच्नै पर्ने कुराप्रति पनि यी पात्र सचेत रहेकै छन् । आफूहरूको प्रेमका विरुद्ध उभिएका पक्षका विरुद्ध यी पात्रलाई नै सचेत गराउँदै मूल्यका लागि सङ्घर्षमा सक्रिय गराउनु अस्तित्ववादी मानवसत्ताको अङ्गीकार रहेको देखिन्छ ।

*भीमसेन-४ को खोजी* उपन्यासमा मानवसत्ताको अभिव्यक्ति भएको छ । यस उपन्यासमा 'म' पात्र, कोलम्बस-समूह र एकचक्रावासी आफ्नो मूल्यका लागि आफै सक्रिय बनेको कुरालाई

आख्यानका सूत्रसँग सम्बद्ध गराई मानवसत्ताको अङ्गीकार प्रस्तुत गरिएको छ । मूल्यका लागि जीवनमा सक्रिय रहेका यी पात्रले भोग्नुपरेका समस्याका विरुद्ध यिनीहरू नै सङ्घर्ष र विद्रोहमा सक्रिय बनेको देखिन्छ । आफ्नो अस्तित्वका लागि गरेको निर्णयका कारण सिर्जित समस्याको समाधान अन्य कुनै पक्षबाट नहुने कुराप्रति सचेत बन्दै यस उपन्यासका पात्रहरू सङ्घर्ष र विद्रोहमा सक्रिय बन्नुपरेको परिवेश सिर्जना गरी मानवसत्ताको अङ्गीकार अभिव्यक्त गरिएको छ ।

*भीमसेन-४ को खोजी* उपन्यासमा प्रमुख पात्रको भूमिकानिर्वाह गरेको 'म' पात्र र कोलम्बस-समूहले आर्थिक समस्याबाट मुक्त हुनाका लागि अमेरिका जाने निर्णय गरेपश्चात् भोग्नुपरेका समस्याप्रति उनीहरूलाई नै सचेत गराई सङ्घर्ष र विद्रोहमा सक्रिय रहेका घटनाहरूलाई सूत्रमा संयोजन गरी अस्तित्ववादी मानवसत्ताको अङ्गीकार अभिव्यक्त गरिएको छ । 'म' पात्रले दाजु अमरले जसरी मानव र मूर्तिको तस्करी गरेर समृद्धि प्राप्त नगर्ने निर्णयमा पुग्दा परिवारबाट उपेक्षित भए पनि आफूले गरेको निर्णयबाट विचलित भएको छैन । आफूले गरेको निर्णयका कारण सिर्जित समस्याप्रति यो पात्र सचेत रहेको कुरा प्रस्ट देखिन्छ । आर्थिक समृद्धिका लागि अमेरिका हिँडेको म पात्रसहितको कोलम्बस-समूहले एकचक्रा नगरीमा भोग्नुपरेका समस्याप्रति उनीहरू नै उत्तरदायी बनेको घटनामा मानवसत्ताको अङ्गीकार अभिव्यक्त भएको छ । एकचक्रा नगरीको असुर सम्राट तर्कासुरले त्यहाँ गरेका कर्तुतका कारण बन्धनमा परेका कोलम्बस-समूह र एकचक्रावासीमा चिन्ता, पीडा, निराशा, विसङ्गतिको अनुभूति भएको प्रस्टै देखिन्छ । जीवनमा आइपरेका यस्ता विसङ्गत र निरर्थक पक्षका सामु आत्मसमर्पण गर्ने मनोविज्ञान त्यहाँका बासिन्दामा देखिएको छैन । आफ्नो मूल्य स्थापनाका लागि तर्कासुरलाई परास्त गर्ने अभियानमा सक्रिय बन्ने उनीहरूको निर्णय र त्यसप्रति वहन गरेका उत्तरदायित्वमा मानव अस्तित्व सुरक्षित गर्ने प्रबल प्रयत्न प्रतिबिम्बित भएको स्पष्ट रूपमा देख्न सकिन्छ । अजेय शक्ति सञ्चय गरेर एकचक्रावासीको हुर्मत लिएको तर्कासुरलाई परास्त गर्न भीम नै उपयोगी बन्ने अपेक्षासहित त्यसको खोजीमा सक्रिय हुनुमा उनीहरू आफ्नो अस्तित्व सुरक्षित गर्न प्रतिबद्ध छन् भन्ने कुरा स्पष्ट भएको छ । उपन्यासको साक्ष्यले यस कुरालाई थप स्पष्ट पारेको छ :

> तिनैताक हो । कसैले एउटा गम्भीर खबर ल्यायो, तेस्रो भीमसेन कारागारमा छ । थुनामा । अब त त्यसलाई मुक्त तुल्याउनु हाम्रो प्रथम कर्तव्य थियो । अनि मात्र त्यसले हामीलाई मुक्त गर्ने सम्भावना हुन सक्थ्यो । एक दिन हामीले जेलको भित्तामा एक ठाउँमा फोरिदियौँ । यसअगि भीमसेनलाई चिन्न एक जना विशेषज्ञ झिकाइएको थियो । (गौतम, २०६१, पृ. ४७)

भीमसेनको खोजीबाट मात्र तर्कासुरलाई परास्त गर्न सकिन्छ भन्ने कुरालाई माथिको उद्धरणले स्पष्ट पारेको छ । तर्कासुरबाट सिर्जित समस्याबाट मुक्त गरिदिने अरू कुनै शक्ति र

सत्ता नरहेको तथा त्यसका लागि आफूहरू नै सक्रिय बन्नुपर्छ भन्ने कुराप्रति त्यहाँका बासिन्दा सचेत भई उनीहरूलाई नै भीमको खोजीमा सक्रिय गराउनु अस्तित्ववादी मानवसत्ताको अङ्गीकार रहेको देखिन्छ । आफूहरूले गरेको निर्णयबाट समस्या आए पनि एकचक्रावासी तर्कासुरलाई कमजोर बनाउने विषयबाट पछि नहट्नुमा उनीहरू आफ्नो अस्तित्वप्रति सचेत छन् भन्ने कुरा स्पष्ट भएको छ । एकपछि अर्को गर्दै नरभक्षण गरेर मानव अस्तित्व नै सङ्कटमा पारेका अवस्थामा मानव मूल्यको रक्षाका लागि तर्कासुरलाई कमजोर बनाउने प्रयत्नमा एकचक्रावासी लागेको घटनालाई संयोजन गरी यस उपन्यासमा मानवसत्ताको अङ्गीकार अभिव्यक्त गरिएको छ ।

*भीमसेन-४ को खोजी* उपन्यासमा आफ्नो अस्तित्वमा बाधा खडा गरेको पात्र तर्कासुरलाई परास्त गर्ने निर्णय गरेपश्चात् एकचक्रावासीले अनेक समस्या भोग्न बाध्य भए पनि आफ्नै निर्णयका कारण सिर्जित समस्याबाट उन्मुक्तिका लागि सङ्घर्षमा सक्रिय रहेको घटलाई संयोजन गरी अस्तित्ववादी मानवसत्ताको अङ्गीकार अभिव्यक्त गरिएको छ । भीम नै आफूहरूलाई समस्याबाट पार लगाउने पात्र बन्न सक्छ भनी उनीहरू त्यसकै खोजीमा लागेका छन् । आफूहरूले खोजेको भीमसेनले घात गरेको कुरालाई यस उद्धरणले स्पष्ट पारेको छ -“त्यसपछि तर्कासुरबाट एकचक्रा नगरीलाई मुक्ति दिलाउन गएको यो भीमसेन नगरीको प्रथम प्रधानमन्त्री भएर, तर्कासुरकै दैनिक मनुष्यभक्षणलाई व्यवस्थित प्रकारले सञ्चालन गर्दै बस्न थाल्यो” (गौतम, २०६१, पृ. ५१) । एउटा भीमले धोका दिए पनि कोलम्बस-समूह र एकचक्रावासी आफ्नो अस्तित्वका लागि सक्रिय रहेकै छन् । भीमको निरन्तरको खोजी गर्ने क्रममा प्राप्त भएको तेस्रो भीमले उल्टै तर्कासुरको प्रधानमन्त्री बनेर उसलाई नरभक्षणमा साथ दिन थालेपछि उनीहरूको अपेक्षामा समस्या आएको प्रस्ट देखिन्छ । यसो भए पनि आफ्नै उन्मुक्तिका लागि गरिएको प्रयत्नमा आइपरेका यस्ता अस्वाभाविक र विसङ्गतियुक्त घटनाबाट प्रताडित भई आफ्नो उद्देश्य प्राप्तिको यात्राबाट एकचक्रावासी विचलित नहुनु आफ्नो उद्देश्यप्रति सचेत हुनु हो । एकचक्रावासी कुनै अदृश्य शक्तिद्वारा आफ्ना समस्याको समाधान होस् भन्ने पक्षमा पनि छैनन् र अजेय शक्ति सञ्चय गरेको तर्कासुरलाई परास्त गर्न भीमसेन नै सम्भव हुन्छ भनी त्यसको खोजीमा उनीहरू नै लागेका हुन् । उनीहरूले भीमको खोजीमा लागेका छन् भन्ने कुरालाई यस उद्धरणले स्पष्ट पारेको छ -“के भने, अब यस्तोमा हामीले पहिले आफन्तहरू खोज्ने कि, तर्कासुरलाई खोज्नुपर्‍यो कि अर्को चौथो भीमसेन अर्थात् भीमसेन-४ को खोजी गर्न हिँड्नु उचित छ” (गौतम, २०६१, पृ. ६१) ? यस उद्धरणले कोलम्बस-समूह र एकचक्रावासी तर्कासुरबाट सिर्जित समस्याबाट उन्मुक्त नभएसम्म आफ्नो अस्तित्व सुरक्षित रहँदैन भन्ने कुराप्रति सचेत रहेका छन् भन्ने कुरा स्पष्ट पारेको छ । आफ्नो अस्तित्वका लागि आफै सक्रिय बन्नुपर्छ भनी यिनीहरूले तर्कासुरका विरुद्ध

गरेको सङ्घर्ष र विद्रोह अस्तित्ववादी मान्यताअनुरूप नै रहेको छ । भीमसेनको खोजी गर्दा प्रशस्त समस्या भोग्न यिनीहरू बाध्य भए पनि आफ्नो अभियानमा विचलित नहुनुमा उनीहरू आफ्नो मूल्यप्रति सचेत रहेको देखिन्छ । एकचक्रावासी तर्कासुरको बन्धनबाट मुक्त हुनाका लागि गरेको निर्णयका कारण समस्या भोग्न बाध्य भए पनि आफ्नो मूल्यका लागि उनीहरू नै सङ्घर्ष र विद्रोहमा सक्रिय रहेको घटनालाई संयोजन गरी अस्तित्ववादी मानवसत्ताको अङ्गीकार अभिव्यक्त गरिएको छ ।

## ४.४ निष्कर्ष

ध्रुवचन्द्र गौतमले आफ्ना उपन्यासमा अस्तित्ववादी वरणस्वतन्त्रतालाई महत्त्वका साथ अभिव्यक्त गरेका छन् । उनका उपन्यासमा मूलतः प्रमुख पात्रहरूलाई स्वतन्त्र निर्णयमा सक्रिय गराई अस्तित्ववादी जीवनदृष्टिको यस मान्यताको अभिव्यक्ति भएको छ । छनोटको स्वतन्त्रता प्राप्त गरेको मानिसले त्यसबाट आइपर्ने समस्या र पीडाप्रति उत्तरदायी बन्नुपर्छ भन्ने अस्तित्ववादी जीवनदृष्टिको मान्यतालाई उनले आफ्ना उपन्यासमा पात्रका क्रियाव्यापारका माध्यमबाट अभिव्यक्त गरेका छन् । उनका उपन्यासमा पात्रहरू अस्तित्वका लागि स्वतन्त्र निर्णय गरेका र उक्त निर्णयका कारण पीडा भोग्न बाध्य भएका कुरालाई आख्यानसँग सम्बद्ध गराई प्रस्तुत गरिएको छ । स्वतन्त्र निर्णयपश्चात् आइपरेका समस्याप्रति पात्रलाई उत्तरदायी बनाई गौतमले आफूलाई अस्तित्ववादी उपन्यासकारका रूपमा स्थापित गरेका छन् । उनले *स्वर्गीय हीरादेवीको खोज, एक शहरमा एक कोठा* र *सहस्राब्दीको अन्तिम प्रेमकथा* उपन्यासमा केन्द्रीय कथ्य बनाई वरणस्वतन्त्रता अभिव्यक्त गरेका छन् । उनका अन्य उपन्यासमा प्रसङ्गवश यो मान्यता अभिव्यक्त भएको छ । *डापी* उपन्यासको प्रमुख पात्र विक्रम आफ्नो अस्तित्वका लागि गरेको निर्णयका कारण भोग्नुपरेका समस्याप्रति उत्तरदायी बनेको छ । *कट्टेल सरको चोटपटक* उपन्यासमा कट्टेल र सावित्री आफ्नो निर्णयप्रति उत्तरदायी देखिएका छन् । *स्वर्गीय हीरादेवीको खोज* उपन्यासको प्रमुख पात्र कुमारले अस्तित्वका लागि गरेको निर्णयप्रति उत्तरदायित्व वहन गरेको छ । *एक शहरमा एक कोठा* उपन्यासको प्रमुख 'म' पात्रले आफ्नो अस्तित्वका लागि गरेको निर्णयप्रति जिम्मेवार देखिएको छ । *सहस्राब्दीको अन्तिम प्रेमकथा*मा विग्रह र समिधाले स्वतन्त्र निर्णयका कारण सिर्जित समस्याप्रति उत्तरदायी देखिएका छन् । *भीमसेन-४ को खोजी*मा 'म' पात्रसहितको कोलम्बस-समूहले अस्तित्वका लागि स्वतन्त्र निर्णय गरेका र ती निर्णयका कारण सिर्जित पीडाप्रति उत्तरदायी बनेको कुरालाई आख्यानात्मक रूपमा प्रस्तुत गरेको देखिन्छ । गौतमले मूलतः प्रमुख पात्रका माध्यमबाट र अंशतः सहायका पात्रका माध्यमबाट समेत अस्तित्ववादी वरणस्वतन्त्रता अभिव्यक्त गरेका छन् । उनका उपन्यासमा पात्रले गरेका स्वतन्त्र निर्णयका कारण आर्थिक, पारिवारिक, सामाजिक, नैतिक, प्रेम जस्ता विषयमा समस्या भोग्न बाध्य

भएका र आफ्नै निर्णका कारण सिर्जित भएकाले ती समस्याप्रति पात्रले जिम्मेवारी वहन गरेको कुरालाई आख्यानसँग सम्बद्ध गराई वरणस्वतन्त्रता अभिव्यक्त गरिएको छ । गौतमले आफ्ना उपन्यासमा मानिसले अस्तित्वका लागि गर्ने स्वतन्त्र निर्णयका कारण सिर्जित समस्याप्रति उत्तरदायी बन्दै अस्तित्वको यात्रामा क्रियाशील बन्नुपर्छ भन्ने आशावादी र जीवनवादी विचारलाई आख्यानात्मक रूपमा प्रस्तुत गरेका छन् ।

ध्रुवचन्द्र गौतमले अस्तित्ववादी जीवनदृष्टिको मान्यता व्यक्तिसर्वोच्चतालाई आफ्ना उपन्यासमा महत्त्वका साथ अभिव्यक्त गरेका छन् । उनले आफ्ना उपन्यासमा मूलतः प्रमुख पात्रहरूलाई अस्तित्वका लागि स्वतन्त्र निर्णय गरेपश्चात् आइपरेका समस्यामा उनीहरूलाई नै सचेत गराई सङ्घर्षमा क्रियाशील गराएका छन् । अस्तित्वप्रतिको सचेतता मानिसमा हुने, आफू बन्ने प्रक्रियामा मानिस नै रहने तथा मूल्य प्राप्तिको चाहना पनि मानिसले नै गर्छ भन्ने अस्तित्ववादी चिन्तनको मान्यतालाई गौतमले आफ्ना उपन्यासका पात्रकै सक्रियताका माध्यमबाट अभिव्यक्त गरेका छन् । उनका उपन्यासका पात्रहरू अस्तित्वका लागि आफै सचेत र सक्रिय बनेका छन् । उनका *एक शहरमा एक कोठा* र *सहस्राब्दीको अन्तिम प्रेमकथा* उपन्यासमा केन्द्रीय कथ्य बनाई व्यक्तिसर्वोच्चता अभिव्यक्त भएको छ । उनका अन्य उपन्यासमा प्रसङ्गवश यो मान्यता अभिव्यक्त भएको छ । *डापी* उपन्यासमा विक्रम र डापीवासी आफ्नो अस्तित्वका लागि उनीहरू नै सक्रिय बनेका छन् । *कट्टेल सरको चोटपटक*मा कट्टेल र सावित्रीले आफ्नो मूल्यका लागि सक्रियता देखाएका छन् । *स्वर्गीय हीरादेवीको खोज* उपन्यासमा आफ्नो अस्तित्वका लागि कुमारले गरेको सङ्घर्ष र सोनाले गरेको विद्रोहले व्यक्तिसर्वोच्चतालाई बोध गराएको छ । *एक शहरमा एक कोठा* उपन्यासमा 'म' पात्र र कर्णप्रसादले आफ्नो अस्तित्वका लागि गरेको सङ्घर्ष र विद्रोहमा व्यक्तिसर्वोच्चता अभिव्यञ्जित भएको छ । *सहस्राब्दीको अन्तिम प्रेमकथा*मा विग्रह र समिधाको सङ्घर्षका माध्यमबाट व्यक्तिसर्वोच्चता अभिव्यक्त गरिएको छ । *भीमसेन-४ को खोजी* उपन्यासमा 'म' पात्र, कोलम्बस-समूह र एकचक्रावासीले आफ्नो अस्तित्वका लागि सङ्घर्ष र विद्रोह गर्नु अस्तित्ववादी व्यक्तिसर्वोच्चता रहेको देखिन्छ । उनका उपन्यासका पात्रमा आफ्नो निर्णयका कारण सिर्जित समस्याका कारण जीवनबाट भाग्ने, आत्मसमर्पण गर्ने, अन्य कुनै अदृश्य शक्ति र सत्ताको सहयोगबाट उन्मुक्तिको अपेक्षा गर्ने तथा जीवन विसर्जन गर्ने जस्ता पलायनवादी सोच रहेको देखिँदैन । आफ्नो मूल्य स्थापनाका लागि पात्रहरू सङ्घर्षमा सक्रिय बनेका कुरालाई उपन्यासमा आख्यानसँग सम्बद्ध गराई गौतमले अस्तित्ववादी व्यक्तिसर्वोच्चता अभिव्यक्त गरेका छन् ।

## पाँचौं परिच्छेद

# ध्रुवचन्द्र गौतमका उपन्यासमा ऐकान्तिकता र विद्रोह

## ५.१ विषयप्रवेश

ध्रुवचन्द्र गौतमले आफ्ना उपन्यासमा अस्तित्ववादी जीवनदृष्टिका मूलभूत मान्यताहरू ऐकान्तिकता र विद्रोहलाई केन्द्रीय कथ्य बनाएका छन् । अस्तित्वका लागि क्रियाशील मानिसले आफ्नो जीवनमा आइपरेका समस्यासँग एक्लै सङ्घर्ष गर्नुपर्छ भन्ने मान्यता अस्तित्ववादी ऐकान्तिकताको रहेको छ । यस परिच्छेदमा अस्तित्ववादी ऐकान्तिकताको सैद्धान्तिक मान्यताका बारेमा स्पष्ट पारी यसै मान्यताका आधारमा उपन्यासको विश्लेषण गरिएको छ । उपन्यासको विश्लेषण गर्दा अस्तित्ववादी ऐकान्तिकताका आधारमा निर्मित सूचकहरूलाई आधार बनाइएको छ । विश्लेषणका लागि निर्धारित सूचकहरू स्वतन्त्रता र उत्तरदायित्वको एकल वहन एवम् एकल सङ्घर्ष रहेका छन् । ती सूचकका बारेमा सम्बन्धित स्थानमा परिचय दिई तिनैका आधारमा उपन्यासको विश्लेषण गरिएको छ । यसै गरी अस्तित्ववादी जीवनदृष्टिको अर्को मूलभूत मान्यता विद्रोहले अस्तित्वका लागि प्रयत्न गरेका अवस्थामा आइपरेका व्यवधानको प्रतिवादमा मानिस सक्रिय हुनुपर्छ भन्ने मान्यता राखेको छ । यस परिच्छेदमा ऐकान्तिकताका कोणबाट गौतमका उपन्यासको विश्लेषणपश्चात् विद्रोहको सैद्धान्तिक मान्यताका बारेमा स्पष्ट पारी यसै मान्यताका आधारमा उनका उपन्यासको विश्लेषण गरिएको छ । उपन्यासको विश्लेषण गर्दा यसै मान्यताका आधारमा निर्मित सूचकहरू अस्तित्वप्रतिको सचेतता र स्वतन्त्रता प्राप्तिका निम्ति सङ्घर्षलाई आधार बनाइएको छ । ती सूचकका बारेमा सम्बन्धित स्थानमा परिचय दिई तिनैका आधारमा गौतमका उपन्यासको विश्लेषण गरिएको छ ।

## ५.२ ऐकान्तिकता

अस्तित्ववादी जीवनदृष्टिको एक मूलभूत मान्यता ऐकान्तिकताका सम्बन्धमा किर्केगार्ड, हाइडेगर, सार्त्र र कामुले महत्त्वका साथ चर्चा गरेका छन् । अस्तित्वका लागि प्रयत्नशील मानिसले सङ्घर्ष गर्दा भोग्नुपरेको एक्लोपना ऐकान्तिकता हो । कसैको सहयोगविना नै मानिस आफ्नो जीवनमा सक्रिय रहेको हुन्छ (Kaufman, 1956/1960, p. 295) । किर्केगार्डले मानिसले अस्तित्वका लागि एक्लै निर्णय गर्नुपर्छ भन्ने धारणा राखेका छन् । हाइडेगरले व्यक्तिगत घटना मृत्युलाई मानिसले एक्लै सामना गर्नुपर्ने भएकाले उसले जीवनमा एक्लो अनुभव गरिरहेको हुन्छ भन्ने मान्यता प्रस्तुत गरेका छन् (Habib, 2011, p. 211) । जन्म र मृत्युको एक्लै सामना गर्नुपर्ने र जीवनमा आइपरेका सारा समस्यासँग एक्लै सङ्घर्ष गर्नुपर्ने कारणले नै मानिसले आफूलाई एक्लो ठानेको हुन्छ । सार्त्रले मानिसले आफ्नो अस्तित्व प्रमाणित गर्नाका लागि स्वतन्त्रता र

उत्तरदायित्वलाई वहन गर्दै जीवनमा एक्लै सङ्घर्ष गर्नुपर्ने मान्यता प्रस्तुत गरेका छन् । मानिस आफूबाहेक अन्य कसैमा निर्भर हुन सक्दैन (त्रिपाठी, २०३०/२०४९, पृ. १२५) । यस संसारमा एक्लै आएको मानिसले आफ्नो अस्तित्वका लागि ऊ एक्लै उद्देश्य निश्चित गर्नुपर्छ । सार्त्रले एक्लै सङ्घर्ष गर्नुपरेकाले मानिसले ऐकान्तिकताको अनुभूति गरेको हुन्छ भन्ने धारणा प्रस्तुत गरेका छन् (शर्मा, सन् १९९३, पृ. १०५) । यसै एक्लोपनाका कारण मानिसमा निस्सारताको अनुभूतिसमेत भएको हुन्छ । अर्का दार्शनिक कामुले मानिसको जीवनमा आइपर्ने सारा समस्याको समाधान कुनै ईश्वर वा अन्य शक्तिबाट नहुने र त्यसको जिम्मेवारी ऊ एक्लै लिनुपर्छ भन्ने मान्यता राखेका छन् । एउटा मानिसले आफूलाई अरूभन्दा पृथक् मान्दै आफू एक्लो भएकामा हतास महसुस गरेको हुन्छ । त्यस्तो अवस्थाको मानिसले सौहार्दपूर्ण वातावरणको खोजीका लागि कला, लेखन र दर्शनका माध्यमबाट विद्रोह गरेको हुन्छ भन्ने मान्यता यस दर्शनको रहेको छ (Solomon, 1974/2005, p. xiii) । कामुले स्वाभाविक रूपमा मानिसको जीवन एक्लो छ, जीवनमा आइपरेका समस्यासँग भाग्नु पलायनवादी कार्य हो भनेका छन् । उनले जीवनमा ऐकान्तिकाताको अनुभव भए पनि आफ्नो मूल्यका लागि विद्रोह गर्नुपर्ने बताएका छन् । यस धर्तीमा एक्लै आएको मानिसले जीवनमा अस्तित्वका लागि एक्लै सङ्घर्ष गर्नुपर्छ । उसको जीवनमा आइपरेका जटिल परिस्थितिको सामना गर्ने सामर्थ्यशाली पात्र ऊ एक्लै हो । यस्तो अवस्थामा उसले ऐकान्तिकताको अनुभव गरिरहेको हुन्छ ।

### ५.२.१ स्वतन्त्रता र उत्तरदायित्वको एकल वहन

मानिसले स्वनिर्मितिका लागि स्वतन्त्र निर्णय गर्दै जीवनमा सक्रिय रहेका अवस्थामा आइपरेका समस्याको एक्लै सामना गर्नुपर्दा ऐकान्तिकताको अनुभव गरेको हुन्छ भन्ने अस्तित्ववादी जीवनदृष्टिको मान्यता स्वतन्त्रता र उत्तरदायित्वको एकल वहन हो । स्वतन्त्रता र उत्तरदायित्वलाई एक्लै वहन गर्नुपर्ने कारणले मानिसमा एक्लोपन आउँछ (Sartre, n.d., p. 556)। आफ्नै निर्णयका कारण आइपरेका समस्याका क्षणमा मानिसलाई सहयोग र साथ दिन अरू कोही नआउने भएकाले उसले एक्लोपनको अनुभव गरेको हुन्छ । मनुष्य एक्लो छ (सक्सेना र मिश्र, सन् १९८८, पृ. १९२) । मानिसले आफूलाई बनाउनका लागि गरेका निर्णयका कारण जीवनमा जटिल क्षणको पनि उसले एक्लै सामना गर्नुपर्ने भएकाले यथार्थमा उसले एक्लो अनुभव गर्नुपरेको हो । सार्त्रले मानिस संसारमा एक्लो भए पनि आफ्नो निर्मितिका लागि उद्देश्य निर्धारण गर्दै जीवनमा सक्रिय रहनुपर्छ भनेका छन् (शर्मा, सन् १९९३, पृ. १०५) । समस्याबाट भाग्नु पलायनवादी विचार र व्यवहार हो । यस्तो स्वभावको मानिसले आफ्नो अस्तित्वको यात्रालाई सक्रिय बनाउन सक्दैन । जीवनमा सक्रिय रहँदा एक्लोपनको अनुभूति भए पनि स्वतन्त्रता र उत्तरदायित्वबाट मानिस अलग रहन हुँदैन । मानिसले स्वतन्त्र निर्णय पनि एक्लै गर्छ अनि त्यसका कारण आइपरेका समस्याप्रति

पनि एक्लै जिम्मेवारी वहन गर्नुपर्दा उसले एक्लोपनको अनुभव गरेको हुन्छ । उपन्यासका पात्रले अस्तित्वका लागि गरेको स्वतन्त्र निर्णयका कारण आइपरेका समस्याप्रति एक्लै जिम्मेवार बन्नुपर्दा ऐकान्तिकताको अनुभव गरेको सन्दर्भलाई प्रस्तुत गरी स्वतन्त्रता र उत्तरदायित्वको एकल वहन अभिव्यक्त गरिएको हुन्छ ।

*डापी* उपन्यासमा स्वतन्त्रता र उत्तरदायित्वको एकल वहनलाई केन्द्रीय कथ्य बनाई अभिव्यक्त गरिएको छ । गौतमले आफ्ना अनुभवन्यासमा चेतचन्द्र पात्रका माध्यमबाट व्यक्त गरेका निजी जीवनका एक्लोपनालाई यस उपन्यासमा आख्यानीकरण गरेका छन् । चेतचन्द्र दाजु धनुषचन्द्रको एकलास ठाउँमा रहेको घरमा बसेका अनि त्यहीँको सेरोफेरोलाई *डापी*को आधार बनाइएको छ (गौतम, २०५६/२०७५, पृ. ४०९) । उपन्यासकारको यस भनाइले गौतमका जीवनमा घटित कतिपय घटनालाई यस उपन्यासका घटनासँग सम्बद्ध गराउन सकिन्छ । यस उपन्यासका प्रमुख चरित्र विक्रम र एक वृद्ध पात्रले गरेका निर्णयका कारण सिर्जित समस्याको एक्लै सामना गर्नुपरेको कुरालाई विषयबद्ध गरिएको छ । यी पात्रले गरेका निर्णयका कारण आइपरेका समस्यासँग एक्लै सङ्घर्ष गर्नुपर्ने परिवेशको सिर्जना यस उपन्यासमा गरेको देखिन्छ ।

*डापी* उपन्यासको प्रमुख पात्र विक्रमले आफ्नो स्वतन्त्रताको उपयोग गरेपश्चात् आइपरेका समस्याको एक्लै सामना गरेका सन्दर्भले स्वतन्त्रता र उत्तरदायित्वको एकल वहनलाई बोध गराएको देखिन्छ । यस पात्रले बाआमालाई आफूसँगै राख्नु, भाइसँग छुट्टिनु तथा बीनूसँग प्रेम गर्नु जस्ता उपन्यासका सन्दर्भमा उसको वरणस्वतन्त्रता रहेको छ । यस स्वतन्त्रताको उपयोगबाट आइपरेका समस्याको एक्लै सामना गरेको कुरालाई उपन्यासमा व्यक्त गरिएको छ । एकातिर पारिवारिक जिम्मेवारीलाई पूरा गर्न बाध्य छ भने अर्कातिर प्रेमिकाप्रतिको जिम्मेवारीबाट पनि ऊ विमुख हुन भएको छैन । प्रेमिका बीनू आफ्नो पूर्वप्रेमीसँग निकट बनेकी होली भन्ने आशङ्का पनि उसमा रहेकै छ । यी सबै सङ्कटका माझमा उसले आफ्नो अस्तित्व सुरक्षित गर्ने दायित्व बोकेकाले एकल सङ्घर्ष गरिरहेको छ । यसै गरी डापीटोलमा 'कखग' पात्रका दमन र 'ग' पात्रले बदला लिने कुरा गरिरहेकाले पीडासमेत भोगको छ । विक्रमले गरेका निर्णयका कारण आइपरेका समस्याको एक्लै सामना गर्नुपर्दा पीडा र ऐकान्तिकताको बोध गरेको वास्तविकतालाई उपन्यासको यस उद्धरणले स्पष्ट पारेको छ :

> यहाँ आएर एकाएक उसको रमाइलोको ज्वार स्वात्तै घटिदियो, ज्वरोजस्तै घटिदियो र ऊ यस्तो फजुल कुरा सोच्न थालेको थियो कि यस विशाल ब्रह्माण्डमा म एक्लो छु (कुन्नि अर्थहीन छु पनि हो कि ?) जब कि कति मानिस उसलाई घचेट्दै उसको छेवैबाट पास भएका थिए । ऊ संसारसित आफूलाई लहस्याउन नसक्ने पीडा पो

खेप्न थाल्यो वा । तर सोच गरेर भए पनि उभिरह्यो । (गौतम, २०३३/२०६४, पृ. ६४)

विक्रमद्वारा प्रस्तुत भएको माथिको उद्धरणमा उसमा बोध भएको एक्लोपनालाई अभिव्यक्त गरिएको छ । बीनूसँग बिहे गरेपछि र दुई छोरा जन्मेपछिका अवस्थामा पारिवारिक दायित्वको वृद्धि, आर्थिक समस्याको वृद्धि त भएकै छ, त्यसका साथै बीनूको 'ग' पात्रसँगको निकटताका कारण पनि पीडित बनेको यस पात्रले आफू असहाय बनेको ठान्दै एक्लो भएको ठानेको छ । विक्रमले गरेको निर्णयका कारण सिर्जित आर्थिक, पारिवारिक, सामाजिक समस्यालाई एक्लै वहन गरी स्वतन्त्रता र उत्तरदायित्वको एकल वहनलाई अभिव्यक्त गरेको देखिन्छ ।

*डापी* उपन्यासमा विक्रम 'कखग' पात्रको निमन्त्रणामा जाने निर्णयपश्चात् त्यस ठाउँमा अनुभव गरेको एक्लोपनाले स्वतन्त्रता र उत्तरदायित्वको एकल वहनलाई अभिव्यञ्जित गरेको छ । उपन्यासको आरम्भदेखि नै आफ्नो अस्तित्वका लागि सङ्घर्ष गरिरहेको यस पात्रले विसङ्गत पक्षहरूको सामना गरिरहेको छ । 'कखग' पात्रबाट सिर्जित क्रूरतापूर्ण व्यवहारबाट प्रताडित र आक्रोशित विक्रमले तिनका विरुद्ध विद्रोहको स्वर प्रकट गरेको छ । आफ्नो वैयक्तिक स्वतन्त्रताको उपयोग गर्दै 'कखग' पात्रका विरुद्धको विद्रोहको स्वर व्यक्त गर्दा आइपरेका समस्याप्रति ऊ जिम्मेवारसमेत रहेको छ । त्यस टोलमा व्याप्त क्रूरताबाट मुक्तिका लागि सङ्घर्ष गरेको यो पात्र 'कखग' पात्रले आयोजना गरेको भोजमा जानु उसको वैयक्तिक स्वतन्त्रता रहेको र त्यस स्वतन्त्रताको उपयोग गरेपश्चात् त्यहाँ जाँदा कोही पनि परिचित नभएका अवस्थामा भोग्नुपरेको पीडाप्रति ऊ स्वयम् जिम्मेवार बनेको छ । विक्रमले अनुभव गरेको एक्लोपनालाई उपन्यासमा प्रस्तुत तलको उद्धरणले थप स्पष्ट पारेको छ :

> म आफूलाई रोकिरहेको छु ढल्नदेखि, मेरो आँखाअघिल्तिर केही छैन, किनकि आँखाहरू मुदित छन्, म एक्लो र असहाय छु र निरस्त्र छु, अब अघिभन्दा धेरै नै गतिमा भित्रभित्र रिङ्न थालेको छु, गति बढ्दै छ, मेरो हातमा गिलास छ, दुनियाँ रिङ्दै छ, र लौ, अब हातको गिलास पनि ढल्न थाल्यो र अब ...म भन्न सक्तिनँ । (गौतम, २०३३/२०६४, पृ. २२०)

अपरिचितहरूको माझमा बस्दा विक्रमले अनुभव गरेको एक्लोपनालाई माथि प्रस्तुत भएको उपन्यासको साक्ष्यले स्पष्ट पारेको छ । 'कखग' पात्रहरू आफ्ना विरोधी हुन् भन्ने कुराको ज्ञात भएर पनि तिनका निकटमा जाने विक्रमको निर्णयका कारण उसले आफूलाई असहाय र एक्लो अनुभव गरेको हो । विक्रम 'कखग' पात्रको निमन्त्रणामा जाने निर्णय गरेको र त्यसप्रतिको उत्तरदायित्व वहन गर्नुपर्ने कारणबाट उसले यस उपन्यासमा ऐकान्तिकताको अनुभव गरेको कुरालाई प्रस्तुत गरिएको छ ।

वैयक्तिक स्वतन्त्रताका कारण सिर्जित समस्याप्रति व्यक्ति स्वयम् जिम्मेवार बन्दा एक्लो अनुभव गर्न पुग्छ भन्ने कुरालाई *डापी* उपन्यासमा एक वृद्ध पात्र खर्दारसाहेबको अनुभवका माध्यमबाट समेत व्यक्त गरिएको छ। पारिवारिक सम्बन्धबाट जीवनमा रमणीयता प्राप्त हुने अभिलाषाले मानिस वैवाहिक जीवनमा प्रवेश गरेको हुन्छ। यसका साथै सन्तानको प्राप्तिबाट आनन्द अनुभव हुन्छ भन्ने अपेक्षासमेत मानिसले गरेको हुन्छ तर परिणाम विपरीत भइदिँदा उसले निराशा र एक्लो अनुभव गरेको हुन्छ। *डापी* उपन्यासको पात्र खर्दारसाहेबले पनि जीवनमा पारिवारिक पूर्णताका कारण आनन्द प्राप्त हुने अपेक्षा गरेका अवस्थामा एकाएक पत्नीको मृत्यु हुनु, आफू बाथ रोगले पीडित बन्नु, आफूसँगै पासा खेल्ने साथी विक्रमका बाको मृत्यु हुनु तथा आफ्ना परिवारका छोराबुहारीले बेवास्ता र गाली गर्नु जस्ता कारणले उसले एक्लो अनुभव गरेको देखिन्छ। पारिवारिक सम्बन्ध रोज्नु उसको वैयक्तिक स्वतन्त्रता रहेको र त्यसपछि आइपरेका समस्याप्रति उत्तरदायी बन्दै सङ्घर्ष गरिरहेको यस पात्रले एक्लो अनुभव गरिरहेको छ । खर्दारसाहेबले अनुभव गरेको ऐकान्तिकतालाई तलको उद्धरणले अरू स्पष्ट बनाएको छ :

> बाथले पिरेको त्यो ऐया-आत्थुको बखत उनी एक्लै हुन्थे, स्वास्नी नभएका हुनाले । कहिलेकाहीँ छोराहरू आउँथे । तर तिनीहरू धेरैजसो भोलिपल्ट बिहान, रोग साम्य भइसकेपछि आउँथे र भन्थे- थाकेका थियौँ, त्यसैले पत्तै पाइएन । तर कहिलेकाहीँ तिनीहरू हान्निँदै आउँथे र झपार्थे- के तपाईं बूढो भएर पनि केटाकेटीजस्तो चिच्च्याउनुहुन्छ। (गौतम, २०३३/२०६४, पृ. २५०)

खर्दारसाहेब पारिवारिक ममत्वबाट एक्लिनुपर्दा ऐकान्तिकताको अनुभव गरेको कुरा माथिको उद्धरणमा आएको छ । आफूलाई समस्या परेका घडीमा परिवारका सदस्यबाट साथ र सहयोगको अपेक्षा गरेको यस वृद्ध पात्रले त्यस्तो अवसरबाट वञ्चित हुनुपर्दा आफूलाई असहाय र एक्लो ठानिरहेको छ । यस्तो अनुभव गरे पनि आफू परिवारसँग बस्नाका लागि गरेको निर्णयबाट विचलित नभई एक्लै सङ्घर्ष गरिरहेको छ । वृद्ध पात्र खर्दारसाहेबले गरेको निर्णयका कारण सिर्जित समस्याप्रति जिम्मेवार बन्दा उसले एक्लो अनुभव गरेको कुरालाई यस उपन्यासमा अभिव्यक्त गरिएको छ।

*कट्टेल सरको चोटपटक* उपन्यासमा प्रमुख चरित्र कट्टेलले स्वतन्त्रता र उत्तरदायित्वलाई एक्लै वहन गर्नुपरेको कुरालाई आख्यानात्मक रूपमा प्रस्तुत गरी स्वतन्त्रता र उत्तरदायित्वको एकल वहन अभिव्यक्त गरिएको छ। यसले जागिर गर्दा र नगर्दा पनि पारिवारिक जिम्मेवारीलाई एक्लै वहन गरेको छ । आफू बन्नाका लागि गरेको निर्णयका कारण आइपरेका समस्यासँग यस पात्रले एक्लै सङ्घर्ष गरेको देखिन्छ। अस्तित्वका लागि गरेका निर्णयका कारण सिर्जित समस्यासँग

यस पात्रले एक्लै सङ्घर्ष गनुपर्ने परिवेश सिर्जना गरी यस उपन्यासमा स्वतन्त्रता र उत्तरदायित्वको एकल वहन व्यक्त गरिएको छ ।

*कट्टेल सरको चोटपटक* उपन्यासमा कुमार र एकनाथले रेस्टुराँमा बस्न गरेको आग्रहलाई प्रमुख चरित्र वासुदेव कट्टेलले स्वीकार गर्दा भोग्नुपरेका पीडाका माध्यमबाट स्वतन्त्रता र उत्तरदायित्वको एकल वहन व्यक्त गरिएको छ । कलेजबाट बर्खास्तीमा परेपछि जागिरको खोजीमा भौँतारिएको कट्टेललाई पूर्वविद्यार्थीले जागिरको आश्वासन दिए पनि समाधान नगरेकाले अन्य पात्रहरूबाट सहयोग प्राप्त हुने अपेक्षासहित एक मन्त्रीको नातेदार र शक्तिशाली व्यक्ति श्यामनिधिसँग भेट्ने प्रयत्न असफल बनेपछि सोही स्थानमा रहेका आफ्ना साथीहरू कुमार र एकनाथले रेस्टुराँमा जाने आग्रहलाई कट्टेलले आफ्नो वरणस्वतन्त्रताको उपयोग गर्दै स्वीकार गरेको छ । यस स्वतन्त्रताको उपयोगपश्चात् कुमारले आफ्नी पत्नीलाई आँखा लगाएको आरोपमा कठालो समात्ने र चक्कु ताक्ने काम गरेकाले कट्टेलले पीडा भोग्न बाध्य भएको छ । सँगै गएको अर्को साथी एकनाथले यस घटनालाई साम्य पार्नुको सट्टा कुमारकै पक्षमा उभिएपछि झनै एक्लो अनुभूति भएको कुरालाई यस उपन्यासमा व्यक्त गरिएको छ । कट्टेलले एक्लोपनको अनुभव गरेको कुरालाई उपन्यासको यस साक्ष्यले स्पष्ट पारेको छ -“एकनाथ अझै तटस्थजस्तो देखिएको छ, तर पऱ्यो भने पछि हट्दैन आफूलाई उघार्न, कुमारको पक्षमा । सकुन्जेल धान्छ । यस्तोमा मैले आफूलाई नितान्त एक्लो, असहाय र छलिएको ठानेँ भने, त्यसलाई एक्कासि मान्नुहुँदैन” (गौतम, २०३७/२०७५, पृ. १९४) । असहाय र निर्दोष कट्टेललाई कुमारले लगाएको मिथ्या आरोपमा एकनाथले समेत समर्थन जनाएपछि कट्टेलले आफूलाई एक्लो ठानेको हो । समस्यामा परेका अवस्थामा साथीहरूबाट सहयोग पाइने अपेक्षाविपरीत मिथ्या आरोपबाट प्रताडित बन्नुपर्ने कारण कट्टेलकै स्वतन्त्र निर्णय नै रहेको देखिन्छ । कुमारले लगाएको यो झुटो आरोपबाट मुक्तिका लागि पत्नी सावित्रीसँग उपाय खोज्ने प्रयत्न गर्नुमा ऊ उत्तरदायित्व वहनका लागि प्रयत्नशील रहेको छ भन्ने स्पष्ट भएको छ । कुमार र एकनाथले रेस्टुराँमा बस्न गरेको आग्रहलाई कट्टेलले स्वीकार गर्दा सिर्जित समस्याको सामना एक्लै गर्नुपर्ने परिवेश उपन्यासमा प्रस्तुत गरी स्वतन्त्रता र उत्तरदायित्वको एकल वहन अभिव्यक्त गरिएको छ ।

*स्वर्गीय हीरादेवीको खोज* उपन्यासमा स्वतन्त्रता र उत्तरदायित्वको एकल वहनलाई केन्द्रीय कथ्य बनाइएको छ । यस उपन्यासको प्रमुख पात्र कुमारले अस्तित्वका लागि स्वतन्त्रता र उत्तरदायित्वलाई एक्लै वहन गर्नुपर्ने परिवेश सिर्जना गरी स्वतन्त्रता र उत्तरदायित्वको एकल वहन प्रस्तुत गरिएको छ । आफ्नै निर्णयबाट निजत्व सुरक्षित गर्न सकिन्छ भन्ने कुराप्रति सचेत बनी सङ्घर्ष गर्दा आइपरेका समस्यासँग यस पात्रले एक्लै सङ्घर्ष गरेको देखिन्छ । आफू बन्नाका लागि

गरेको निर्णयका कारण आइपरेका समस्यासँग यस पात्रले एक्लै सङ्घर्ष गर्नुपर्ने परिवेश सिर्जना गरी यस उपन्यासमा स्वतन्त्रता र उत्तरदायित्वको एकल वहन अभिव्यक्त गरिएको छ ।

*स्वर्गीय हीरादेवीको खोज* उपन्यासमा कुमारले अस्तित्वका लागि स्वतन्त्र निर्णय र उत्तरदायित्वलाई समेत एक्लै वहन गरेको कुरा यस पात्रका क्रियाव्यापारले स्पष्ट पारेका छन् । कुमार उपन्यासको आद्यान्त त्यस विशाल घरका कर्तुतलाई देख्ने र भोग्ने पात्र हो । अभिभावकविहीन र आश्रयविहीन बनेको यस पात्रले त्यस विशाल घरमा बसेर आफ्नो जीवननिर्वाह गरेकै छ । साथै आफ्नो अध्ययनलाई समेत निरन्तरता दिएकै छ । त्यस विशाल घरमा बसेर सङ्घर्ष गरेको कुमारले त्यस ठाउँमा आफ्नो अस्तित्व सुरक्षित नभएको अनुभव गरी जागिर खाने निर्णय गर्दा पनि समस्याबाट मुक्त हुन सकेको छैन । यिनै समस्याका कारण उसले एक्लोपनको अनुभव गरेको कुरालाई तलको उद्धरणबाट थप स्पष्ट भएको छ :

> म केवल आक्कलझुक्कल वाला मानिस हुँ । जस्तो तरकारीको खाँचो छ, तरकारीका लागि दगुर्छु, केटाकेटीलाई स्कुल पुऱ्याउन मान्छे पाइएन, केहीबेर केटाकेटीलाई लिएर शैक्षिक वातावरणको आनन्द प्राप्त गर्न स्कुलतर्फ पनि जान्छु र मलाई केही फरक पर्दैन भने, यस्तो काम त म मामाहरूकहाँ पनि त गरिरहेकै थिएँ । (गौतम, २०४५/२०५७, पृ.६८)

माथिको उद्धरणमा कुमारले भोग्नुपरेको एक्लोपन आफैले जागिर खानका लागि गरेको निर्णयका कारण रहेको स्पष्ट भएको छ । त्यस विशाल घरमा बसेर काम गर्दा आफ्नोपन नरहेको, परिचय स्थापित हुन नसकेको, आफ्नो अध्ययनको उपयोग हुन नसकेको जस्ता समस्याका कारण जागिर खाने मनस्थिति बनाउनु, जागिरको खोजीमा निस्कनु अनि जागिर खानु जस्ता कुरामा स्वतन्त्र निर्णय गरी उत्तरदायित्वलाई समेत एक्लै वहन गरिरहेको छ । आफ्नो पहिचानको अभावका कारण परिचय गुमाएको यस पात्रले निजत्व स्थापित गर्नाका निम्ति एक्लै प्रयत्न गरिरहेको छ । आफूलाई केही माया देखाउने पात्र वृद्धा, रोहिणी माइजू, उसलाई बाल्यकालमा पाल्ने बुढी जुल्फी माइजू नै आफूले खोजेकी हीरादेवी हुन् कि भन्ने अनुमान विफल भएपछि मखनमा यौनधन्दा चलाउने हीरादेवी, उसकी बहिनी हीरादेवी तथा उसकहाँ आउने हीरादेवी तथा सोनाका पीडा नबुझ्दासम्म आमा हीरादेवीको खोजीका लागि एक्लै सङ्घर्ष गरिरहेको छ । अन्त्यमा ती हीरादेवीका कारुणिक कथा र व्यथा बोध गरेको कुमारले आमा, आश्रय र आश्रमको खोजी गर्ने कुरामा स्वतन्त्र निर्णय गरेको र उत्तरदायित्वलाई समेत एक्लै वहन गरेको देखिन्छ । यस उपन्यासमा कुमारले गरेका निर्णयलाई सफल बनाउनका लागि ऊ एक्लै सङ्घर्ष गरिरहेको विषयलाई आख्यानात्मक रूपमा प्रस्तुत गरी स्वतन्त्रता र उत्तरदायित्वको एकल वहनलाई अभिव्यक्त गरिएको छ ।

*एक शहरमा एक कोठा* उपन्यासमा स्वतन्त्रता र उत्तरदायित्वको एकल वहनलाई अभिव्यक्त गरिएको छ । 'म' पात्रले अस्तित्वका लागि स्वतन्त्रता र उत्तरदायित्वलाई एक्लै वहन गर्नुपरेको कुरालाई आख्यानात्मक रूपमा प्रस्तुत गरिएको छ । आफूलाई बनाउनका लागि सहरमा बस्ने यस पात्रको निर्णयका कारण आइपरेका आर्थिक, पारिवारिक, नैतिक जस्ता समस्यासँग एक्लै सङ्घर्ष गर्न बाध्य भएको छ । आफ्नै निर्णयका कारण आइपरेका समस्याबाट मुक्तिका लागि यस पात्रले एक्लै सङ्घर्ष गर्नुपर्ने परिवेश सिर्जना गरी यस उपन्यासमा स्वतन्त्रता र उत्तरदायित्वको एकल वहन अभिव्यक्त गरिएको छ ।

*एक शहरमा एक कोठा* उपन्यासमा प्रमुख भूमिकानिर्वाह गर्ने 'म' पात्रले गरेका निर्णयका कारण आइपरेका समस्याप्रति एक्लै उत्तरदायी बनेको कुरा प्रस्तुत गरिएको छ । अस्तित्वका लागि एकल निर्णय गर्दै जीवनयात्रामा सक्रिय 'म' पात्रले जागिरे जीवन र दाम्पत्य जीवनमा भोग्नुपरेका समस्याको नाटकीकरण नै यस उपन्यासको प्रमुख कथ्य रहेको छ । 'म' पात्रलाई केन्द्रमा राखी औपन्यासिक संरचना तयार पारिएको यस उपन्यासमा उसले गरेका निर्णयका कारण ऊ आफै समस्याग्रस्त जीवन व्यतीत गर्न बाध्य भएको र ती समस्याको समाधानमा अरू कसैको साथ र सहयोग नदेखिएकाले एक्लै सङ्घर्ष गर्नुपर्दा यस पात्रले एक्लो अनुभव गरेको छ। वैयक्तिक स्वतन्त्रतालाई प्रमुख महत्त्व दिने अस्तित्ववादी जीवनदर्शनको मूल मर्मलाई प्रस्तुत गर्नाका निम्ति उपन्यासकारले 'म' पात्रलाई प्रमुख भूमिका प्रदान गर्दै आख्यानको संरचना तयार पारेका हुन् । उपन्यासको सिङ्गो आख्यानको संरचना 'म' पात्रको स्वतन्त्र निर्णयबाट सिर्जित समस्या र ती समस्याप्रति ऊ एक्लै उत्तरदायी बनेको सन्दर्भका माध्यमबाट तयार भएको छ। कार्यालयमा सहकर्मी, परिवारमा अन्य सदस्य हुँदाहुँदै पनि सहरमा बसेर जागिर गर्ने रहरलाई आफ्नै निर्णयले स्वीकार गर्दा भोग्नुपरेका समस्याको समाधानका लागि 'म' पात्र एक्लै सङ्घर्षरत रहेको सन्दर्भलाई आख्यान शृङ्खलासँग सम्बद्ध गराई ऐकान्तिकता अभिव्यक्त गरिएको छ। मानिसले आफ्नो अस्तित्वका लागि गरेको निर्णयबाट सिर्जित जटिलताको एक्लै सामना गर्नुपर्छ भन्ने अस्तित्ववादी जीवनदृष्टिको मान्यताअनुरूप नै यस उपन्यासमा 'म' पात्रले गरेका निर्णयका कारण आइपरेका समस्याप्रति ऊ एक्लै उत्तरदायी बनेको कुरा प्रस्तुत गरिएको छ ।

*सहस्राब्दीको अन्तिम प्रेमकथा* उपन्यासमा स्वतन्त्रता र उत्तरदायित्वको एकल वहनलाई अभिव्यक्त गरिएको छ । प्रमुख चरित्र विग्रह र समिधाले अस्तित्वका स्वतन्त्रता र उत्तरदायित्वलाई एक्लै वहन गर्नुपरेको कुरालाई आख्यानात्मक रूपमा प्रस्तुत गरिएको छ । स्वतन्त्र निर्णयबाट मात्र आफूलाई बनाउन सकिन्छ भन्ने कुराप्रति सचेत यी पात्रमाथि आइपरेका आर्थिक, पारिवारिक, जागिर, नैतिक जस्ता समस्यासँग एक्लै सङ्घर्ष गर्न बाध्य भएको देखिन्छ । अस्तित्वका लागि

गरेका स्वतन्त्र निर्णयका कारण आइपरेका सारा समस्याको सामना यी पात्रले एक्लै गर्नुपर्ने परिवेश सिर्जना गरी यस उपन्यासमा स्वतन्त्रता र उत्तरदायित्वको एकल वहन अभिव्यक्त गरिएको छ ।

*सहस्राब्दीको अन्तिम प्रेमकथा* उपन्यासमा स्वतन्त्रता र उत्तरदायित्वलाई उपन्यासका प्रमुख चरित्रले एक्लै वहन गर्नुपरेको कुरालाई प्रस्तुत गरेर अस्तित्ववादी ऐकान्तिकता अभिव्यक्त गरिएको छ । उपन्यासको प्रमुख विषय प्रेम रहेको छ । यस उपन्यासको चरित्र विग्रहले समिधालाई देखेपछि नै उसप्रति आकृष्ट भएको हो । यसै सन्दर्भबाट आरम्भ भएको यस उपन्यासको मूल विषयले समिधाले विग्रहको प्रेमप्रस्तावलाई स्वीकार गरेपछि अरू झाँगिने वातावरण बनेको छ । यी दुई पात्रले प्रेमका विषयमा गरेको स्वतन्त्र निर्णयका कारण मूलतः विग्रहले डेरा लिन परेको, दुवै पात्र आर्थिक रूपमा सम्पन्न हुँदाहुँदै पनि आफ्नै खुट्टामा उभिनका लागि भन्दै जागिर खोज्ने र न्यून स्तरको जागिर खाने कुरालाई स्वीकार गर्दै जीवनमा सङ्घर्ष गरिरहेका छन् । पारिवारिक, आर्थिक, मानसिक, सामाजिक समस्यासँग यिनीहरू जुधेका छन् । राजनीतिमा सक्रिय रहेको विग्रहको आफन्त पात्र आनन्दले समेत विग्रहको कोठामा आएर प्रेम नगर्न आग्रह गरेको छ । विग्रहलाई एक्लोपनको अनुभव गराउने कारणलाई तलको उपन्यासको साक्ष्यले स्पष्ट पारेको छ :

> म हार्दिक रिक्वेस्ट गर्दछु, तिमी अरू सबथोक गर, प्रेम एउटा नगरिदेउ । यो टोलको मर्यादा भङ्ग हुनदेखि जोगाइदेउ । आजसम्म टोलमा कसैले प्रेम गरेन । तिमी एउटाले प्रेम गर्दा, टोलको अनिष्ट हुन्छ भने, के तिमीले टोलकालागि आफ्नो स्वार्थ त्याग्नु उचित होइन, तिमी त पढेलेखेका मानिस हौ । (गौतम, २०५६, पृ. १२६)

माथिको वाक्य आनन्दले व्यक्त गरेको हो । त्यस टोलमा बसेर प्रेम गर्न नपाइने मान्यतालाई सार्थक पार्नाका लागि आनन्दलगायत समग्र सत्ता र समाज एकातिर लागेर विग्रह र समिधाको प्रेमलाई समाप्त पार्न गरेको प्रयत्नको सामना उनीहरू एक्लै गरेका छन् । यी सबै समस्या उनीहरूकै स्वतन्त्र निर्णयका कारण सिर्जित भएका र ती समस्याप्रति यिनीहरू उत्तरदायी बनेको देखाई यस उपन्यासमा स्वतन्त्रता र उत्तरदायित्वलाई एक्लै वहन गर्नुपर्ने अस्तित्ववादी जीवनदृष्टिको मान्यतालाई सार्थक पारिएको छ ।

*भीमसेन-४ को खोजी* उपन्यासमा स्वतन्त्रता र उत्तरदायित्वको एकल वहन अभिव्यक्त भएको छ । कोलम्बस-समूहले स्वतन्त्रता र उत्तरदायित्वलाई एक्लै वहन गर्नुपरेको कुरालाई उपन्यासका आख्यानसूत्रका माध्यमबाट व्यक्त गरिएको छ । यो उपन्यास प्रकाशन हुँदा नेपालमा प्रजातन्त्र प्राप्तिपश्चात्का बेथिति बढेको देखिन्छ । त्यसै गलत प्रवृत्तिका कारण नेपाली जनता नितान्त एक्लो बनेको कुराप्रति उपन्यास लक्षित रहेको छ। उपन्यासमा तर्कासुरका विकृत क्रियाकलापले नेपालको तत्कालीन अवस्थालाई बोध गराएको छ । यस्तो शासकको बन्धनबाट मुक्तिका लागि पात्रले गरेको निर्णयका कारण आइपरेका समस्याको एक्लै सामना गरेका छन् ।

आफ्नो मूल्यका लागि गरेको निर्णय कारण सिर्जित समस्यासँग यस उपन्यासका पात्रहरूले एक्लै सङ्घर्ष गर्नुपर्ने परिवेश सिर्जना गरी यस उपन्यासमा स्वतन्त्रता र उत्तरदायित्वको एकल वहन अभिव्यक्त गरिएको छ ।

*भीमसेन-४ को खोजी* उपन्यासमा कोलम्बस-समूहले आफ्नो र एकचक्रावासीको अस्तित्वका लागि भीमको खोजी गर्नाका लागि गरेको निर्णय र त्यसप्रति उनीहरू उत्तरदायी बन्नुपर्दा एक्लो अनुभूति भएको सन्दर्भलाई प्रस्तुत गरिएको छ । एकचक्रा नगरीमा रहेर त्यहाँका बासिन्दामाथि क्रूरतापूर्ण, अमानवीय व्यवहार गरेको तर्कासुरले कोलम्बस-समूहलाई समेत बन्दी बनाएर मानव अस्तित्वमाथि गम्भीर आक्रमण गर्ने आफ्नो प्रवृत्तिलाई अझ सशक्त बनाउँदै लगेको देखिन्छ । यस्तो अवस्थाबाट मुक्तिका लागि कोलम्बस-समूहले भीमको खोजी गर्ने कुरा गरी उसको प्राप्तिका लागि जेल फोरेको घटनालाई उपन्यासमा विषयबद्ध गरिएको छ । आफूले खोजेको पात्र प्राप्त भए पनि अपेक्षा गरेको कार्य उसबाट सम्पन्न नहुने कुरा भीमले गरेपछि यिनीहरू निराश बनेका छन् । कोलम्बस-समूहले एकचक्रा नगरीमा एक्लोपनको अनुभव गरेका छन् भन्ने कुरालाई उपन्यासको यस साक्ष्यले थप स्पष्ट पारेको छ :

> हामीमध्ये केही नेता जस्ता पनि थिए । ती पनि यहाँ एक्लो अनुभव गर्न थाले । हामी सबै एक्लो अनुभव गर्न थालेका थियौँ काठमाडौँको सम्झनाले नराम्ररी सताउन थालेको थियो । हामीले सम्पन्न हुन यात्रा गरेका थियौँ । अब आफ्नो त्यो निर्धनता नै अत्यन्त प्रिय लाग्न थालेको थियो । (गौतम, २०६१, पृ. ५१)

कोलम्बस-समूहद्वारा व्यक्त माथिको उद्धरणमा ऐकान्तिकता व्यक्त भएको छ । कोलम्बस-समूहले आर्थिक विपन्नताबाट मुक्तिका लागि निर्धारण गरेको अमेरिकाको यात्रा विफल बनिरहेको पीडा एकातिर रहेकै छ भने अर्कातिर भीमको प्राप्तिपश्चात् तर्कासुरको बन्धनबाट मुक्त हुने प्रयत्नसमेत विफल बन्दै गएका अवस्थामा एक्लो अनुभव गर्न बाध्य भएको देखिन्छ । आफ्नो जीवनमा आइपरेका समस्याको समाधान कतैबाट नभएको, कतैबाट सहयोग प्राप्त नभएको तथा तर्कासुरको बन्धनबाट मुक्तिका लागि उनीहरू नै सक्रिय रहन परेको वातावरणको संयोजन यस उपन्यासमा गरिएको छ । कोलम्बस-समूहले भीमसेनको खोजी गर्नाका लागि गरेको निर्णयपश्चात् सङ्घर्षका क्रममा प्राप्त विफलताका कारण निराश बन्दै आफूहरू एक्लो बन्दै गएको कुराको अनुभूति यस समूहलाई भएको कुरालाई संयोजन गरी यस उपन्यासमा स्वतन्त्रता र उत्तरदायित्वको एकल वहन गर्नुपर्ने अस्तित्ववादी जीवनदृष्टिको मान्यता प्रस्तुत गरिएको छ ।

### ५.२.२ एकल सङ्घर्ष

मानिसले जन्म र मृत्युको एक्लै सामना गर्नुपर्छ अनि जीवनमा आइपरेका सारा समस्यासँग एक्लै सङ्घर्ष गर्नुपर्दा ऐकान्तिकताको अनुभव गरेको हुन्छ भन्ने अस्तित्ववादी

जीवनदृष्टिको मान्यता एकल सङ्घर्ष हो । मानिसले आफूलाई अन्य मानिससरह राख्न चाहन्छ (Blackham, 1952/2002, p. 21) । यस्तो अवस्थामा अरूबाट साथ र सहयोग नपाउँदा उसले आफूलाई एक्लो ठानेको हुन्छ । यस संसारमा एक्लै फ्याँकिएको मानिसले मानिसको समूहमा रहेर पनि एक्लोपनबाट अलग रहन सक्दैन, स्वनिर्मितिका लागि एक्लै सङ्घर्ष गरिरहनुपर्छ । मानिसले अस्तित्वका लागि एक्लै सङ्घर्ष गर्नुपर्छ (Sartre, n.d., p. 579) । घर, परिवार, समाज यी सबैका माझमा रहेर पनि जीवनका जटिल परिस्थितिसँग एक्लै जुध्नुपर्ने नियति मानिसले भोग्नुपर्दा नै उसमा ऐकान्तिकताको अनुभूति हुने गर्दछ । हाइडेगरले मृत्युले मानिसको जीवनलाई छोटो पारिदिएको छ र यसको सम्झनाले उसमा चिन्ता थपिएको छ भनेका छन् । यसलाई मानिसले एक्लै सामना गर्नुपर्छ । यसो भए पनि मानिसले प्रामाणिक अस्तित्वका लागि यसप्रति चिन्ता नगरी सङ्घर्ष गर्नुपर्छ भन्ने धारणा प्रस्तुत गरेका छन् (सक्सेना र मिश्र, सन् १९८८, पृ. १७७) । हाइडेगरले मानिसले जीवनमा आइपरेका समस्यासँग एक्लै सङ्घर्ष गर्नुपर्ने भएकाले उसमा भय उत्पन्न भए पनि प्रामाणिक अस्तित्वका लागि सङ्घर्षबाट अलग हुन नहुने धारणा प्रस्तुत गरेका छन् । एक्लै जन्मिएको मानिसले जीवनका सारा समस्यासँग एक्लै सङ्घर्ष गर्नुपर्छ । यसका साथै मानिसका लागि सबैभन्दा भय ठानिएको मृत्युको सामना पनि उसले एक्लै गर्नुपर्छ । जीवनका जटिल परिस्थितिसँग एक्लै जुध्न पर्नु मानिसको नियति हो । उपन्यासका पात्र जीवनमा आइपरेका समस्यासँग नभागी त्यस्ता समस्यासँग एक्लै सङ्घर्ष गर्नुपरेको कुरालाई आख्यानात्मक रूपमा प्रस्तुत गरी एकल सङ्घर्ष अभिव्यक्त गरिएको हुन्छ ।

*डापी* उपन्यासमा केन्द्रीय कथ्यका रूपमा एकल सङ्घर्ष अभिव्यक्त भएको छ । डापीटोलमा 'कखग' पात्रबाट सिर्जित भय, क्रूरता, आतङ्कका कारण टोलवासीले एक्लोपनको अनुभव गरेको कुरालाई उपन्यासमा विषयबद्ध गरिएको छ । आफ्नो अस्तित्वका लागि प्रयत्न गरेको मानिसमाथि आइपरेका समस्याको समाधान अन्य शक्तिबाट नहुने भएकाले ऊ एक्लै सङ्घर्षमा सक्रिय हुनुपर्छ भन्ने मान्यतालाई यस उपन्यासका अस्तित्वशील पात्रले सार्थक बनाएका छन् । यस उपन्यासमा प्रमुख चरित्र विक्रम र सहायक चरित्र हर्कबहादुरले एक्लै सङ्घर्ष गरेका कुरालाई आख्यानात्मक रूपमा प्रस्तुत गरिएको छ । जीवनमा आइपरेका सारा समस्यासँग यी पात्रले एक्लै सङ्घर्ष गर्नुपर्ने परिवेश सिर्जना गरी यस उपन्यासमा एकल सङ्घर्ष अभिव्यक्त गरिएको छ ।

*डापी* उपन्यासमा विक्रमले अस्तित्वका लागि परिवार र समाजसँग एक्लै सङ्घर्ष गर्नुपरेको सन्दर्भका माध्यमबाट एकल सङ्घर्ष व्यक्त गरिएको छ। घरको पैतृक सम्पत्तिबाट वञ्चित यस पात्रले आफ्नो जागिरका भरमा डेरामा बसेर जीवननिर्वाह गरिरहेको छ । आर्थिक समृद्धि प्राप्त गरेको भाइ हरिले पैतृक सम्पत्ति हडपेको, बाआमा र बहिनीहरू दाजुको जिम्मा

लगाएको, दाजुका समस्याप्रति बेवास्ता गरेको जस्ता उपन्यासका घटनाका कारण विक्रमले आफूलाई कतैबाट सहयोग नभएको ठान्दै एक्लो अनुभव गरेको छ । "जीवनका पीडा, निराशा, विसङ्गति, भय, सन्त्रास, अस्तित्व र ऐकान्तिकतालाई डापीमा प्रस्तुत गरिएको छ" (त्रिपाठी, २०३६, पृ. ५) । परिवारप्रतिको दायित्व र डापीटोलमा भएका विसङ्गत पक्षका कारण विक्रमले निराशाको अनुभव गरे पनि यस्तो अवस्थामा कुण्ठित बनेर नबसी आफ्नो अस्तित्वका लागि एक्लै सङ्घर्ष गरिरहेको छ । विक्रम अरूसँग नमिल्नु र एक्लो दुनियामा रोएर बाँच्नुमा उसको नियति बनेको छ (गौतम, २०६०, पृ. ४७) । विवाहपछि पत्नी बीनूका चाहना पूर्तिका लागि विक्रमले गरेको प्रयत्न तथा बीनूले 'ग' पात्रसँग देखाएको निकटताका कारण भोग्नुपरेका समस्यासँग यस पात्रले एक्लै सङ्घर्ष गरेको छ । पैतृक सम्पत्तिबाट वञ्चित विक्रमले आफ्नो अस्तित्व र पारिवारबाट सिर्जित समस्यालाई एक्लै सङ्घर्ष गर्नुपरेको कुरालाई यस उपन्यासमा अभिव्यक्त गरिएको छ ।

जन्म र मृत्युको एक्लै सामना गर्नुपर्दा अनि अस्तित्वका लागि एक्लै सङ्घर्ष गर्नुपर्दा *डापी* उपन्यासको पात्र विक्रमले अनुभव गरेको एक्लोपनका माध्यमबाट अस्तित्ववादी चिन्तनको मूलभूत मान्यता ऐकान्तिकतालाई व्यक्त गरिएको छ । डापीटोलमा बसेर एक्लै सङ्घर्ष गरिरहेको विक्रममाथि पर्खाल निर्माणका निम्ति चन्दा नदिन भन्दै मानिसहरूलाई उक्साएको मिथ्या आरोप 'ख' पात्रले लगाएपछि अन्ततः आफ्नो प्रतिरोधी सामर्थ्यको अभावका कारण माफी माग्न पर्दा आफू एक्लो भएको ठानेको छ । विक्रमले समस्यासँग एक्लै सङ्घर्ष गर्नुपरेको यथार्थतालाई तलको उद्धरणबाट थप स्पष्ट भएको छ :

> म बिजुलीको नाङ्गो तारमा बसेको कुनै चरो जतिकै एक्लो भएको छु चुपचाप र खुला वातावरण, वरपर कुहिरो भरिएको बिहान छ र तलतिर नाङ्गो तारबाट विद्युत् बग्दै छ बाँच्नुको, सायद जिन्दगीको विद्युत् यसै गरी बग्छ । त्यो विद्युत् बग्दै छ, तर त्यसको शक लागेर ढल्नु छैन, बग्नु छ- तर कहिले ? (गौतम, २०३३/२०६४, पृ. ९६)

माथिको उद्धरणमा विक्रमले पीडा भोगेको र एक्लै सङ्घर्ष गरेको कुरा प्रस्तुत भएको छ । विक्रमले जीवनमा एक्लै सङ्घर्ष गरिरहेको र मिथ्या आरोपको सामना गर्नुपरेका कारण उसमा एक्लो अनुभूति भएको हो । भाइसँग मिल्ने वातावरण नहुनु, पत्नीप्रति आशङ्का रहिरहनु, 'कखग' पात्रसँग प्रतिवाद गरिरहनुपर्ने उपन्यासमा प्रयुक्त परिवेशका कारण विक्रमले एक्लो अनुभव गरेको छ । जीवनमा आर्थिक, पारिवारिक, 'कखग' पात्रबाट सिर्जित भय जस्ता समस्यासँग यस पात्रले एक्लै सङ्घर्ष गर्नुपर्दा ऐकान्तिकताको अनुभव गरेको कुरालाई यस उपन्यासमा प्रस्तुत गरिएको छ ।

*डापी* उपन्यासमा एक वृद्ध पात्र हर्कबहादुरले कुखुरा पाल्दै सङ्घर्ष गरेको घटनाले मानिसको भिडमा रहेर पनि आफ्नो अस्तित्वका लागि एक्लै सङ्घर्ष गर्नुपरेको कुरालाई स्पष्ट पारेको देखिन्छ । यस पात्रकी पत्नीको कुखुरा पाल्ने रहरलाई बुहारीको कलह र अवरोधका कारण पूरा हुन नपाएपछि मर्नुपूर्व कुखुरा पाल्न आग्रह गरेबमोजिम बुढाले पत्नीका नाममा कुखुरा पालेर बसेको छ । यस वृद्ध पात्रले परिवारमा बसेर पनि आफ्ना समस्यासँग एक्लै सङ्घर्ष गरेको कुरालाई उपन्यासको यस उद्धरणबाट स्पष्ट पार्न सकिन्छ :

> बुढो आफूलाई संसारमै एक्लो ठान्थ्यो, एक्लै बस्थ्यो र चुपचाप बुढीको सम्झनामा आँसु चुहाउँथ्यो । ऊ घरमा कसैसँग बोल्दैनथ्यो .... बूढोलाई एउटा छुट्टै कोठा दिइएको थियो, जसलाई खोल्दा प्रत्येक बिहान ती दुई दम्पती पालैसित डराएका हुन्थे, किनभने बूढो फुलसुल खाएर पनि दिनपरदिन दुब्लो हुँदै गइरहेको थियो । (गौतम, २०३३/२०६४, पृ. ८६)

माथिको उद्धरणमा वृद्ध पात्र हर्कबहादुर कमजोर बन्दै गएको र एक्लो अनुभव गरेको छ भन्ने कुरा अभिव्यक्त भएको छ । बुढो दुब्लाउँदै गएको कुरा उसका छोराबुहारीले देखिरहेका छन् । यसरी बुढो दुब्लो हुँदै जानुको कारण जीवनमा आइपरेका सारा समस्याको एक्लै सामना गर्नुपर्ने परिवेश सिर्जना हुनु नै रहेको देखिन्छ । वृद्धावस्थामा पनि यसरी सङ्घर्ष गरिरहन परेका कारण नै यस पात्रले पीडा, निराशा र एक्लो अनुभव गरेको कुराका माध्यमबाट समेत यस उपन्यासमा अस्तित्ववादी ऐकान्तिकता व्यक्त गरिएको छ । उपन्यासमा प्रस्तुत घटनालाई दृष्टिगत गर्दा हर्कबहादुर परिवारको समूहमा रहेर पनि एक्लो अनुभव गरिरहेको छ भन्ने कुरा स्पष्ट भएको छ । जीवनभर सङ्घर्ष गरेको यस पात्रले जीवनका अन्तिम घडीमा पनि एक्लै सङ्घर्ष गरेको कुरा देखाएर अस्तित्ववादी ऐकान्तिकताको अभिव्यक्ति यस उपन्यासमा गरिएको छ ।

*कट्टेल सरको चोटपटक* उपन्यासमा एकल सङ्घर्षको अभिव्यक्ति भएको छ । कट्टेलले आफ्नो जीवनमा आइपरेका सारा समस्यालाई एक्लै वहन गर्न बाध्य भएको कुरालाई आख्यानसँग सम्बद्ध गराई एकल सङ्घर्ष प्रस्तुत गरिएको छ । आफ्नो निजत्व सुरक्षित गर्नाका लागि प्रयत्न गरिरहँदा आइपरेका आर्थिक, पारिवारिक, नैतिक एवम् स्वास्थ्य जस्ता विषयमा सिर्जित समस्याको सामना यो पात्र एक्लै वहन गर्न बाध्य भएको देखिन्छ । जीवनमा आइपरेका सारा समस्याको एक्लै सामना गर्नुपर्ने परिवेश सिर्जना गरी यस उपन्यासमा एकल सङ्घर्ष अभिव्यक्त गरिएको छ ।

*कट्टेल सरको चोटपटक* उपन्यासमा प्रमुख पात्र कट्टेलले अस्तित्वका लागि पारिवारिक जिम्मेवारीलाई एक्लै वहन गरेको सन्दर्भले मानिस अस्तित्वका लागि एक्लै सङ्घर्षमा लागिरहनुपर्छ भन्ने कुरालाई बोध गराएको छ । ठुलो परिवारलाई एक्लो जागिरका भरमा चलाएको यस पात्रले जीवनमा एकपछि अर्को समस्या भोगिरहेको छ । इमानदारीका साथ कलेजमा जिम्मेवारी निर्वाह

गरेका अवस्थामा अनावश्यक आरोप लगाउँदै जागिरबाट बर्खास्तीको पत्र थमाइदिएपछि आर्थिक, नैतिक सङ्कट भोग्नुपरेका अवस्थामा निराशाको अनुभव गरे पनि त्यसैबाट प्रताडित भई जीवनलाई विसर्जन गर्ने मार्गमा यो पात्र लागेको छैन । जीवनमा आइपरेका विपत्तिको सामना गर्दै अस्तित्व सुरक्षित गर्नाका लागि प्रतिबद्ध यस पात्रले अर्को जागिरको खोजी गर्ने सोच बनाउनुमा ऊ सङ्घर्षको यात्राबाट पलायन हुने सोचमा नरहेको स्पष्ट हुन्छ । कट्टेलले जीवनमा निस्सारता र एक्लोपनको अनुभव गरेको कुरालाई उपन्यासको यस साक्ष्यले स्पष्ट पारेको छ :

> साबू त सायद, आफ्नो बानी अनुसार, आँखाभरि आँसु ल्याएर, घाँटीमा पीरो-तातो र गाँठो अनुभव गर्दै, केही सोच्नु र आशा गर्नुको पारि पुगी तूरुन्तै यता मचाहिँ अलिकति योजना बनाउन थालेँ-तीन महिनाभित्र के गर्ने ? यो जहाज त अब हातैले तान्नुपर्ला जस्तो छ र त्यो पनि पानीमा होइन जीवनमै पल्टिदिएजस्तो छ । (गौतम, २०३७/२०७५, पृ.१७८-१७९)

कट्टेलले आफ्नो जीवनमा आइपरेका समस्यासँग एक्लै सङ्घर्ष गरेको कुरालाई माथिको उद्धरणले स्पष्ट पारेको छ । जीवनमा आइपरेका सङ्कटको समाधानका लागि ऊ एक्लै प्रयत्न गर्ने कुरा गर्नुमा अस्तित्ववादी एकल सङ्घर्ष अभिव्यञ्जित भएको छ । उपन्यासको आरम्भदेखि नै अस्तित्वका लागि एक्लै सङ्घर्ष गर्दै आइरहेको यस पात्रले त्यस सङ्घर्षबाट विचलित हुने सोच नबनाएको सन्दर्भलाई प्रस्तुत गरेर यस उपन्यासमा अस्तित्ववादी एकल सङ्घर्ष व्यक्त गरिएको छ ।

*कट्टेल सरको चोटपटक* उपन्यासमा कट्टेलले अस्तित्वका लागि एक्लै सङ्घर्ष गरिरहेको कुरालाई उसकै क्रियाव्यापारले पुष्टि गरेका छन् । अस्तित्वका लागि सङ्घर्ष गरिरहँदा आइपरेका जटिल परिस्थितिको एक्लै सामना गरिरहेको यो पात्र अन्ततः हृदयाघात र पक्षाघातले थला परेपछि झनै आफूलाई एक्लो पाएको छ । कट्टेलले जीवनमा आइपरेका समस्यासँग एक्लै सङ्घर्ष गर्नुपर्दा ऐकान्तिकताको अनुभव गरेको वास्तविकतालाई तलको उद्धरणले स्पष्ट पारेको छ :

> एउटा रोगी मानिस एउटा बिरामी संसारमा लगातार बाँच्दै जाओस् र तमासाजस्तै उसको परिस्थिति होस् भने लाग्छ, दुनियाँ र दुनियाँदारको बीचमा एउटा अस्पताल जस्तो अनौठो नाता हुँदोरहेछ, के भने, लागि दिन्छ, म बिना सिङ्गै दुनियाँ एक्लो भएको छ र यता म दुनियाँविना ...। (गौतम, २०३७/२०७५, पृ. २३६)

कट्टेलद्वारा प्रस्तुत माथिको उद्धरणमा ऊ मानिसहरूको माझमा रहेर पनि एक्लै सङ्घर्ष गर्नुपरेको कुरालाई प्रस्तुत गरिएको छ । जन्म र मृत्युको कुनै कारण नभएको र तिनलाई एक्लै सामना गर्नुपर्ने बाध्यता मानिसमा रहेको छ । कट्टेललाई परिस्थिति र नियतिले समेत ठगिरहेको छ । जीवनभर एक्लै सङ्घर्ष गरेको यस पात्रले जीवनको उत्तरार्धमा रोगले आक्रान्त बनेका

अवस्थामा पनि उसले आफूलाई एक्लो पाएको छ । जीवनका हरेक जटिल परिस्थितिमा मानिसले एक्लै सङ्घर्ष गर्नुपर्ने कुरालाई यस पात्रका अनुभूतिले स्पष्ट पारेका छन् । यस उपन्यासमा घरपरिवारका सदस्य सँगै रहे पनि आफ्नो जिम्मेवारी उसले एक्लै वहन गरेको देखाई अस्तित्ववादी एकल सङ्घर्ष अभिव्यक्त गरिएको छ ।

*स्वर्गीय हीरादेवीको खोज* उपन्यासमा मुख्य विषय बनाई एकल सङ्घर्ष अभिव्यक्त गरिएको छ । उपन्यासको प्रमुख चरित्र कुमार परिचयविहीन, आश्रयविहीन, शक्तिविहीन र सम्पत्तिविहीन बनेका अवस्थामा आफ्नो अस्तित्वका लागि एक्लै सङ्घर्ष गरेको छ । कुमारका साथै सहायक पात्र रामबाबुले आफूहरूमाथि आइपरेका सारा समस्यासँग एक्लै सङ्घर्ष गर्नुपरेका घटनालाई आख्यानसँग सम्बद्ध गराई एकल सङ्घर्ष व्यक्त गरिएको छ । आफूलाई बनाउनका लागि प्रयत्न गर्दा आइपरेका आर्थिक, परिचय, जागिर जस्ता समस्यासँग यी पात्रले एक्लै सङ्घर्ष गर्न बाध्य भएको देखिन्छ । अस्तित्वका लागि प्रयत्नरत रहँदा आइपर्ने समस्या र व्यवधानबाट मुक्तिका लागि यी पात्रले एक्लै सङ्घर्ष गर्नुपर्ने परिवेश सिर्जना गरी यस उपन्यासमा एकल सङ्घर्ष अभिव्यक्त गरिएको छ ।

*स्वर्गीय हीरादेवीको खोज* उपन्यासको कुमारबहादुर नेपालीले आफ्नो अस्तित्व र जीवननिर्वाहका लागि त्यस विशाल घरमा बसी एक्लै सङ्घर्ष गरिरहेको सन्दर्भलाई मूल विषयका रूपमा प्रस्तुत गरिएको छ । आफ्नो जन्म, बाआमा र त्यस विशाल घरमा प्रवेशका बारेमा ज्ञात नभएको यस पात्रले आफ्नो अस्तित्व खोजिरहेको छ । त्यस समाजमा सभ्रान्त कहलिएका मानिसका कामुक दुष्प्रवृत्तिका कारण कैयौँ युवतीहरू गुमनाम हुन परेको र कैयौँ नवजात शिशुहरूलाई आमाको परिचयबाट वञ्चित हुन बाध्य पारिएको कुरालाई उपन्यासमा प्रस्तुत गरिएको छ । त्यस्तै आफ्नो अभिभावकीय ममत्वबाट वञ्चित हुन बाध्य भएको पात्र कुमारले ठुलाबाजेको घरमा कामदारको भूमिकामा रहेर जीवननिर्वाह गरिरहेको छ । यस्तो अवस्थामा रहेर अठार वर्ष बिताइसकेको यस पात्रले आफ्नो अस्तित्व र अभिभावकको पहिचानका लागि प्रयत्न गरेको तर अप्राप्तिका कारण पीडित, दुःखी बन्नुपरेको तथ्यलाई उपन्यासमा प्रस्तुत गरिएको छ । त्यस घरका परिवारले उपेक्षा गरेका, यन्त्रको गतिमा काम गराएका कारण यो पात्र पीडित त छ नै साथै आफ्नो अभिभावकको पहिचान हुन नसकेको समस्याबाट समेत मुक्त हुन सकेको छैन । यस्तो अवस्थामा रहेको कुमारले आफ्नो अस्तित्वका लागि एक्लै सङ्घर्ष गर्नुपरेको कुरालाई तल प्रस्तुत उपन्यासको साक्ष्यले स्पष्ट पारेको छ - “म यस घरमा कुनै एउटा अनाथ किसिमको हैसियत राख्दछु । सायद त्यसभन्दा पनि निकृष्ट । अनाथलाई ज्ञान हुन्छ, उसको टाउकाबाट आमाबाबुको हात उम्केको छ, त्यसकारण ऊ एक्लो छ । म भने चारैतिर आफ्ना मानिसहरूले घेरिएर एक्लो भएको छु ।” (गौतम, २०४५/२०५७, पृ. ३) । अभिभावकीय ममत्वबाट वञ्चित

कुमारले त्यस विशाल घरमा बस्ने कुराप्रति रुचि नराखे पनि त्यहाँबाट बाहिरिने विकल्पसमेत देखेको छैन । कुमारले त्यस घरबाट उम्कन नसक्नु, त्यस घरमा उपेक्षित भएर बस्न पर्नु, अभिभावकको पहिचान हुन नसक्नु, त्यस घरमा केवल कामदारको भूमिकामा रहिरहन पर्नु र आफ्नो अस्तित्वका लागि एक्लै सङ्घर्ष गरिरहन पर्नु जस्ता समस्याको सामना गरिरहेको छ । कुमारको जीवनमा आइपरेका सारा समस्याका विरुद्ध ऊ एक्लै सङ्घर्षरत रहेको परिवेश सिर्जना गरी यस उपन्यासमा एकल सङ्घर्ष अभिव्यक्त गरिएको छ ।

*स्वर्गीय हीरादेवीको खोज* उपन्यासमा अस्तित्ववादी ऐकान्तिकताको अभिव्यक्ति कुमारले बाल्यकालमा गरेका अनुभवका माध्यमबाट समेत भएको छ । कुमार शिशुअवस्थादेखि नै अभिभावकबाट अलग्गिएको पात्र हो । आफूलाई गरेको माया र घृणाका बारेमा मानिसलाई बाल्यकालदेखि नै ज्ञात भएको हुन्छ । कुमार जस्ता ससाना बालबालिकालाई त्यस विशाल घरको ठुलो कोठामा राखिन्थ्यो तर उपयुक्त स्याहार भने गरिँदैनथ्यो । यस्तो अवस्थामा बाल्यकाल व्यतीत गर्दा कुमारले एक्लो रहेको अनुभव गरेको कुरालाई उपन्यासमा प्रस्तुत तलको उद्धरणले स्पष्ट पारेको छ :

> दिनभरि हामीलाई एउटा ठूलो कोठामा खेल्न भनेर छाडिन्थ्यो । वास्तवमा त्यो खेल्न होइन, यो अनुभव दिलाउन छाडिन्थ्यो कि हामी अनाथ वा त्यस्तै केही हौँ । अनि साँच्चिकै त्यसै गरी खेल्दाखेल्दै ममा जुन पहिलो चेतना आएको थियो, त्यो के थियो भने मेरो यस संसारमा कोही छैन । म अनाथ हुँ । म अवैध/जारज हुँ, जसको अस्तित्व ... ...अब भइगो, यति गहिरोतिर नजाऊँ । (गौतम, २०४५/२०५७, पृ. ३५)

माथिको उद्धरणले कुमारले बाल्यकालमा अनुभव गरेको एक्लोपनलाई बोध गराएको छ । बाल्यकालमा आफूले अनुभव गरेको उपेक्षा र अपमानको बोध हुनुमा कुमारको चित् भविताको सक्रियता नै रहेको देखिन्छ । आफू बुझ्ने अवस्थामा पुग्दासम्म कतैबाट ममत्वभाव र सहयोग प्राप्त गर्न नसकेको कुमारले आफूलाई नितान्त एक्लो ठान्दै जीवनमा आफ्नो अस्तित्वका लागि एक्लै सङ्घर्ष गर्नुपर्ने कुराको बोध गरेको छ ।

*स्वर्गीय हीरादेवीको खोज* उपन्यासमा कुमारले आफ्नो अस्तित्वका लागि एक्लै सङ्घर्ष गर्नुपर्दा ऐकान्तिकताको अनुभव गरेको छ । जन्मदेखि नै यस पात्रले आफू जीवनमा सधैँ एक्लै रहिरहेको पाएको छ । कुमारले केटाकेटी र किशोरावस्थासम्म त त्यस विशाल घर र त्यहाँका मामामाइजू, धाईसुसारे, लक्ष्मण, आफू जस्ता अवैध सन्तान, वातावरण र आफूले जीवन धान्न उनीहरूको सेवा गरेका कुराहरू उपयुक्त नै ठानेको थियो । चित् भविताको जागृतिसँगै यी सब व्यर्थ ठान्दै आफू कसैको पनि सहयोग नपाउने एक्लो पात्र भएको ठानेको छ । आफैले कल्पना

गरेकी आमा स्वर्गीय हीरादेवीको पत्तो नलागेको, आफूले प्रेम गरेकी आशाको आशा हराएको, आफ्नै खुट्टामा उभिने प्रयास सार्थक नभएको, सानै भए पनि पाएको जागिर मन्त्री हिँडेपछि सकिएको अनि त्यस घरमा समस्या पर्दा सहयोग गर्ने पात्र सोनाले घर छाडेर माइत गएकी जस्ता समस्याका कारण नै कुमारले आफूलाई एक्लो ठानेको र आफ्नो अस्तित्वका लागि एक्लै सङ्घर्ष गर्नुपर्ने कुरा अनुभव गरेको हो । कुमारले एक्लै सङ्घर्ष गर्नुपरेको कुरालाई उपन्यासको यस साक्ष्यले स्पष्ट पारेको छ -"म नयाँ क्रमले एक्लो र यथार्थबाट काटिएको र उही चौतारोमा फ्याँकिँदा जस्तो अश्लील वा घृणा वा दयाको वा हाँसोको पात्र देखिएँ हुँला, त्यस्तै देख्न थालेको छु आफूलाई । एक पटक होइन, दिनमा कैयौँ पटक" (गौतम, २०४५/२०५७, पृ. १०९) । कुमारले जीवनमा सङ्घर्ष गरेर आफ्नो अस्तित्वलाई सुरक्षित राख्ने प्रयत्न गरिरहँदा प्राप्त गरेका असफलताका कारण अब आफ्नो सहयोगी र सहारा कोही नभएको ठान्दै नितान्त एक्लो अनुभव गरेको कुरालाई यस उद्धरणमा अभिव्यक्त गरिएको छ । कुमारले आफ्नो अस्तित्व सुरक्षित गर्ने प्रयत्न गर्दा आइपरेका समस्यासँग एक्लै सङ्घर्ष गर्नुपर्दा ऐकान्तिकताको अनुभूति भएको देखिन्छ ।

*स्वर्गीय हीरादेवीको खोज* उपन्यासमा प्रमुख चरित्र कुमार र त्यस्तै हैसियतको अर्को सहायक पात्र रामबाबुले लक्ष्मणको बिहेका क्षणमा गरेको अनुभूतिका माध्यमबाट एकल सङ्घर्षलाई अभिव्यक्त गरिएको छ । लक्ष्मण एक गरिब पात्र रामबहादुरको घरमा पालिएको पात्र भए पनि ऊ ठुलो बाबुको कान्छो छोरो हो । कुमार र रामबाबु लक्ष्मणसँग सँगै खेल्दै हुर्केका पात्र हुन् । आफूसँगैको साथीको यति भव्यताका साथ बिहे हुँदाको दृश्यले कुमार र रामबाबुलाई एक्लोपनको अनुभूति भएको छ । यता कुमार भने आशा नामक पात्रले उपेक्षा गरेकी, जागिरको अभावले शिथिल बनेको, पाएको जागिर पनि पियनको भएकाले स्तर नमिलेको ठान्दै निकै पीडाको अनुभव गरिरहेको छ । शिक्षा र उमेर पुगेका अवस्थामा पनि जीवनको अनिश्चितता कारण कुमारले आफूलाई एक्लो ठानेको छ । सँगै खेल्दै हुर्केको साथीको बिहेमा बाजा बजेका छन् । आफूले सङ्घर्ष गरिरहेको घरमा कुनै अस्तित्व नहुँदा कुमारले एक्लोपनको अनुभव गरेको कुरालाई उपन्यासको यस साक्ष्यले स्पष्ट पारेको छ -"कुमार बिहेको बाजा बज्दा अवसादले भरिन्छ, किन-किन ! भीड, उत्साह, लुगा, गहना र हाँसोका बीच ऊ आफूलाई कताकता एक्लो, असुरक्षित र करुण स्थितिमा पाइरहेको हुन्छ । यस्तो बाहिर हुँदैन । भित्र कतै, अवचेतनमा भइरहेको हुन्छ नजानिँदो गरी" (गौतम, २०४५/२०५७, पृ. ७२) । कुमारले गरेको यस अनुभवमा अस्तित्ववादी ऐकान्तिकता अभिव्यञ्जित भएको छ । यसै गरी त्यसै बिहेका कारण रामबाबु नामक पात्रले आफ्नो जीवनमा समेत कतैबाट सहारा नपाएको अनुभव गरेको कुरालाई उपन्यासको यस साक्ष्यले स्पष्ट पारेको छ -"रामबाबु धेरैबेरसम्म उदास देखियो । ऊ केही पनि बोलेन र कसैसँग पनि नभेटेर एक्लै गएर त्यसै गरी एउटा मेचमा टाउको झुन्ड्याउँदै लड्यो, जसरी केहीबेरअघि

रमिताको बीचमा एक्लो र अनाथ अनुभव गर्दै लडेको थियो" (गौतम, २०४५/२०५७, पृ. ७४)। त्यस विशाल घरमा सङ्घर्ष गर्दा कसैको सहयोग नपाएकामा रामबाबुले एक्लोपनको अनुभव गरेको कुरालाई यस उद्धरणले स्पष्ट पारेको छ। जीवनमा सचेतताको अनुभूतिसँगै अर्काको घरमा कामदारको रूपमा रहेर जीवननिर्वाह गरिरहेका यी दुई पात्रले आफ्नो सहयोगी र समस्याको समाधान कतैबाट पनि नदेखेका र जीवनमा आइपर्ने जटिलतासँग एक्लै सङ्घर्ष गर्नुपर्ने बाध्यताका कारण एक्लोपनको अनुभव गरेका हुन्। आफूहरू हुर्के जस्तै गरी हुर्किएको पात्र लक्ष्मणले जसरी अभिभावकको संरक्षण र सहयोग पायो त्यस्तै अवस्था आफूहरूको जीवनमा आउने सम्भावना देखिएको छैन। पराजित र हतास मनोविज्ञान बोकेर हिँडेका यी दुई चरित्रले जीवनमा एक्लो अनुभव गरेका र अस्तित्वका लागि एक्लै सङ्घर्ष गरेको कुरालाई उपन्यासमा विषयबद्ध गरिएको छ।

*एक शहरमा एक कोठा* उपन्यासमा एकल सङ्घर्ष अभिव्यक्त भएको छ। 'म' पात्रले अस्तित्वका लागि एक्लै सङ्घर्ष गर्नुपरेको कुरालाई आख्यानसँग सम्बद्ध गराई एकल सङ्घर्ष व्यक्त गरिएको छ। यस पात्रले भोग्न परेका आर्थिक, पारिवारिक, न्यायिक समस्यासँग एक्लै सङ्घर्ष गर्नुपरेको कुरा यस उपन्यासमा व्यक्त भएको छ। उपन्यासकारका जीवनानुभवलाई यस उपन्यासमा आख्यानसँग सम्बद्ध गराई व्यक्त गरिएको छ। "दूध छैन, लीटो छैन, आफैँले खान चामल छैन, यस्तै धपेडीमा दिक्क लग्दोगरी जीवन बित्न थालेको थियो" (गौतम, २०५६/२०७५, पृ. ३९२)। अस्तित्वका लागि जीवनमा एक्लै सङ्घर्ष गरेका भोक्ता गौतमको प्रभाव स्रष्टा गौतममा पनि परेको छ। तसर्थ यस उपन्यासको 'म' पात्रले आफ्नो जीवनमा आइपरेका आर्थिक, पारिवारिक, नैतिक जस्ता समस्यासँग एक्लै सङ्घर्ष गरेको देखिन्छ। आफ्नो जीवनमा आइपरेका समस्यासँग यस पात्रले एक्लै सङ्घर्ष गर्नुपर्ने परिवेश सिर्जना गरी यस उपन्यासमा एकल सङ्घर्ष अभिव्यक्त गरिएको छ।

*एक शहरमा एक कोठा* उपन्यासको प्रमुख 'म' पात्रले आफ्नो अस्तित्वका लागि एक्लै सङ्घर्ष गरेको कुरालाई विषयबद्ध गरिएको छ। काठमाडौँमा बसेर जीवननिर्वाह गर्दा 'म' पात्रको जीवनमा आइपरेका समस्यासँग ऊ एक्लै सङ्घर्षरत रहेको देखिन्छ। बाआमा, दाजुभाइ, दिदीबहिनी जस्ता पारिवारिक सम्बन्धमा गाँसिएको यस पात्रमाथि आइपरेका जटिलतामा उनीहरूको साथ र समर्थन रहेको देखिँदैन। 'म' पात्रका जीवनमा आइपरेका जटिल परिस्थितिमा पनि उसको परिवारका सदस्यले कुनै सरोकार र सम्बोधन गरेको पाइँदैन। सँगै बसेकी पत्नी गीताले कोठामा भोग्नुपरेका अभाव र आवश्यकताको मात्र कुरा गर्ने तर 'म' पात्रले भोग्नुपरेका समस्याको समाधानका निम्ति सक्षम नदेखिने परिवेश यस उपन्यासमा सिर्जना गरिएको छ। गीताले जागिर खानका लागि गरेको कुरा सफल बन्न नसकेको कुराले ऊ आफ्नो पतिले

भोग्नुपरेका समस्या समाधानका लागि सक्षम छैन भन्ने कुरा पुष्टि गरेको छ। 'म' पात्रले एक्लोपनको अनुभव गरेको कुरालाई यस उपन्यासको यस उद्धरणले स्पष्ट पारेको छ -"अलिक निरूपायता, अलिक असहायता उसको आवाजबाट असस्त्र स्त्रोतजस्तै फुटिरहेको थियो; जसबाट लाग्दथ्यो दुनियाँमा हामी जति एक्ला छौँ त्यति कोही छैन" (गौतम, २०४६, पृ. ७२)। 'म' पात्रले व्यक्त गरेको यस वाक्यमा उसले सहरमा भोग्नुपरेको एक्लोपनलाई बोध गराएको छ। पत्नी गीता सुत्केरी हुने बेला आइपुगेका अवस्थामा पनि कतैबाट सहयोग नपाएको तथा आर्थिक जटिलता थपिँदै गएका अवस्थामा 'म' पात्रले आफूलाई एक्लो ठाने पनि सङ्घर्षबाट भने पछि हटेको छैन। ग्रामीण क्षेत्रमा बसोबास गरेको 'म' पात्रलाई सहरमा जागिरमा सक्रिय गराउनु, त्यहाँ डेरामा बसाउनु र त्यहाँ आइपरेका जटिलतासँग एक्लै सङ्घर्षमा सक्रिय गराउनु जस्ता परिवेशका माध्यमबाट यस उपन्यासमा अस्तित्ववादी एकल सङ्घर्ष व्यक्त गरिएको छ। मानिसले आफ्नो जीवनमा अस्तित्वका लागि एक्लै सङ्घर्ष गर्नुपर्छ भन्ने अस्तित्ववादी मान्यतालाई अभिव्यक्त गर्नाका लागि यस उपन्यासमा 'म' पात्रलाई एक्लै सङ्घर्षमा सक्रिय गराएको देखिन्छ।

*सहस्राब्दीको अन्तिम प्रेमकथा* उपन्यासमा एकल सङ्घर्ष अभिव्यक्त भएको छ। प्रमुख चरित्रहरू विग्रह र समिधाले आफ्नो जीवनमा आइपरेका सारा समस्याको एक्लै सामना गर्नुपरेको कुरालाई आख्यानात्मक रूपमा प्रस्तुत गरी एकल सङ्घर्ष व्यक्त गरिएको छ। अर्थहीन यस जीवनलाई सार्थक बनाउनका लागि प्रयत्न गर्दा यी पात्रले एक्लो अनुभव गरेका छन्। जीवनमा आइपरेका सारा समस्यासँग एक्लै सङ्घर्ष गर्नुपर्दा यी पात्रले ऐकान्तिकताको अनुभव गरेको कुरालाई यस उपन्यासमा अभिव्यक्त गरिएको छ।

*सहस्राब्दीको अन्तिम प्रेमकथा* उपन्यासका पात्रहरू विग्रह र समिधालाई केन्द्रमा राखी तिनले आफ्नो अस्तित्वका लागि एक्लै सङ्घर्ष गरिरहेका घटनालाई प्रस्तुत गरेर अस्तित्ववादी ऐकान्तिकता अभिव्यक्त गरिएको छ। प्रमुख चरित्र विग्रहले उपन्यासमा उपस्थित भएदेखि नै आफ्नो अस्तित्वका लागि एक्लै सङ्घर्ष गरिरहेको छ। प्रेम विषयलाई महत्त्व दिइएको यस उपन्यासमा सोही प्रेम स्थापनाका लागि विग्रह एक्लै प्रयत्नशील रहेको कुरा उपन्यासमा देखाइएको छ। आर्थिक रूपमा सम्पन्न, शिक्षित, रूपवान् यस पात्रलाई प्राप्तिका लागि प्रशस्त युवतीले अपेक्षा राखे पनि यसको रुचिको पात्र समिधा नै रहेकी छ। समिधा पनि सम्पन्न, शिक्षित र रूपवती भएकाले यी दुई पात्रको स्तर मिल्ने नै देखिन्छ। यति हुँदाहुँदै पनि आरम्भमा समिधाले विग्रहको प्रेमप्रस्तावलाई अस्वीकार गरेका अवस्थामा पनि विग्रहले आफ्नो उद्देश्य प्राप्तिका लागि एक्लै प्रयत्न गरेको छ। यसै गरी समिधा र विग्रहका बिचमा स्थापित भइसकेको प्रेमलाई जीवन्त राख्नाका लागि अन्यत्रबाट सहयोग प्राप्त भएको छैन। उनीहरूले एक्लै सङ्घर्ष गरेका छन् भन्ने कुरालाई उपन्यासको तलको अंशले स्पष्ट पारेको छ :

> सबैले देखे, त्यसको हातमा केही थियो । कागत रहेछ । विग्रहको बाबुले लियो । विग्रह र समिधाको बेहोराबाट लेखिएको सम्बोधन रहित चिठी थियो । त्यसमा यति मात्र थियो : यो देश प्रेम गर्ने लायक छ कि छैन, यो रहस्यको पत्तालगाउन जाँदैछौँ । रहस्य पत्ता लाग्नासाथ हामी फर्केर आउँछौँ । (गौतम, २०५६, पृ. १५०)

माथिको उद्धरणमा विग्रह र समिधाले बस्दै गरेको ठाउँलाई छाड्नुको कारण उनीहरूमाथि आइपरेको समस्यामा कसैको सहयोग नहुनु रहेको देखिन्छ । प्रेमलाई असफल बनाउनका लागि आफन्त, अभिभावक, सन्यासी र राज्यसंयन्त्र नै सशक्त रूपमा सक्रिय रहेका कारण उनीहरू समस्यामा परेको कुरालाई प्रस्तुत गरिएको छ । आफूहरूमा आइपरेको समस्यामा सहयोग गर्ने कोही नहुँदा विग्रह र समिधाले एक्लो अनुभव गर्दै आफ्नो अस्तित्वका लागि एक्लै सङ्घर्ष गरेको कुरालाई यस उपन्यासमा विषयबद्ध गरिएको छ । प्रेमलाई जीवन्त राखी आफ्नो अस्तित्व सुरक्षित गर्नाका लागि विग्रह र समिधाले बिनासम्बोधनको एक पत्र लेखी अन्यत्र हिँड्नुले यिनीहरू आफ्नो अस्तित्वका लागि प्रतिबद्ध रहेका छन् भन्ने कुरा स्पष्ट भएको छ । आफूहरूले गरेको प्रेमलाई सार्थक पार्नाका लागि उनीहरू एक्लै सङ्घर्ष गरिरहेका घटनालाई यस उपन्यासमा प्रस्तुत गरिएको छ । प्रेमलाई सफल पार्नाका लागि विग्रहले गरेको एकल प्रयत्न र समिधाले आफ्नो ठाउँबाट देखाएको एकल सक्रियताका माध्यमबाट यस उपन्यासमा अस्तित्ववादी एकल सङ्घर्ष अभिव्यक्त भएको छ ।

*भीमसेन-४ को खोजी* उपन्यासमा एकल सङ्घर्ष अभिव्यक्त भएको छ । उपन्यासको 'ऊ' पात्रले आफ्नो जीवनमा आइपरेका सारा समस्यासँग एक्लै सङ्घर्ष गर्नुपरेको कुरालाई आख्यानसूत्रका माध्यमबाट व्यक्त गरिएको छ । निरर्थक, निस्सार र मूल्यहीन मानव जीवनलाई सार्थक बनाउनका लागि यो पात्र उपन्यासको प्रारम्भमा क्रियाशील रहेको देखिन्छ । जीवनमा आइपरेका सारा समस्याको सामना यस पात्रले एक्लै गर्नुपर्ने परिवेश सिर्जना गरी यस उपन्यासमा एकल सङ्घर्ष अभिव्यक्त गरिएको छ ।

*भीमसेन-४ को खोजी* उपन्यासको आरम्भमा 'म' पात्रद्वारा वर्णित 'ऊ' पात्रले गर्नुपरेको सङ्घर्ष, झेल्नुपरेका अभावको चित्रण गरी एकल सङ्घर्ष व्यक्त गरिएको छ । सामान्य आम्दानीको भरमा पारिवारिक दायित्वलाई एक्लै पूरा गर्नुपर्दा यस पात्रले आफूलाई एक्लो अनुभव गरिरहेको छ । घुस र अनैतिक कर्मप्रति वितृष्णा भाव व्यक्त गर्ने इमानदार यस पात्रको सीमित आम्दानीले पारिवारिक जिम्मेवारी वहनमा कठिनाइ आएको छ । परिवारमा आमाबा, दाजुभाइ, दिदीबहिनी सबै भएको यस पात्रसँग उनीहरूले सन्तुष्ट बन्ने अपेक्षा राखेका तर सोझो कमाइका भरमा त्यत्रो परिवारलाई एक्लै सन्तुष्ट पार्न सकिने सम्भावना नरहेका अवस्थामा झनै उनीहरूको मागले नयाँ रूप लिएर आउने गरेको कुरा गर्दै तिनका निम्ति आफूले एक्लै सङ्घर्ष गर्नुपरेको कुरा उसले

अनुभव गरेको छ । प्रेमिका मञ्जु पनि उसको कमाइबाट सन्तुष्ट बन्ने अपेक्षा राखेकी र उसका पनि इच्छा पूरा गर्न असमर्थ रहेको यस पात्रले आफू नितान्त एक्लो भएको अनुभव गरेको छ । 'ऊ' पात्रले गरेको एक्लोपनको अनुभवलाई उपन्यासको यस साक्ष्यले स्पष्ट पारेको छ :

> जति पुरानो कुरो भए पनि परिवारलाई पाल्नुपर्ने हुन्छ, त्यो त सधैँ नयाँ रूप लिएर आइरहन्छ । .... परिवारमा अशक्त पनि हुन्छन्, केटाकेटी पनि हुन्छन्, ती त आफ्नो जिम्मा लिन सक्तैनन् । ती यहाँ आएर काम पनि गर्न सक्तैनन् अनि .... उसले मैसित सोधिदियो- सर, तपाईं आफ्नो परिवार पाल्नुहुन्छ कि हुन्न ? यसको पूरा उत्तर मसित अहिले थिएन । किन ? (गौतम, २०६१, पृ. ४-५)

'ऊ' पात्रद्वारा व्यक्त गरिएको माथिको उद्धरणले पारिवारिक जिम्मेवारीलाई एक्लै वहन गुर्नपरेको बाध्यतालाई बोध गराएको छ । सङ्कटका घडीमा पनि परिवारका सदस्य र प्रेमिकाबाट जुन अपेक्षा 'ऊ' पात्रले गरेको छ, ती कुनै पनि अपेक्षा सार्थक नभएका कारण अस्तित्वका लागि एक्लै सङ्घर्ष गर्न विवश रहेको कुरा उपन्यासमा प्रस्तुत गरेर अस्तित्ववादी एकल सङ्घर्षलाई अभिव्यक्त गरिएको छ । आफूले आर्जन गरेको कमाइ परिवारका सदस्यलाई बुझाउन पर्नु, आफूले खर्च गर्ने पैसाको अभाव हुनु, परिवारका सदस्य र प्रेमिकासमेत आफूसँग सन्तुष्ट नहुनु जस्ता समस्या भोग्य बाध्य भएको 'ऊ' पात्रले पीडाको अनुभव गरिरहेको छ । पारिवारिक जिम्मेवारीलाई एक्लै वहन गरिरहेको यस पात्रले दिक्क मान्दै घरसमेत छाड्न बाध्य भएको छ । परिवारका सदस्य र प्रेमिकाले उसले गरेको सङ्घर्षको पीडा नबुझ्नु तर माग बढाउँदै जाने जस्ता प्रवृत्तिका कारण यो पात्र दिक्क बनेको हो । उपन्यासको आरम्भमा आएको 'ऊ' पात्रले उपन्यासको सूत्राधारसमेत रहेको 'म' पात्रलाई यस्ता प्रश्न सोध्नुले उसले पारिवारिक जिम्मेवारीलाई पूरा गर्न एक्लै प्रयत्न गरेको छ भन्ने कुरा स्पष्ट हुन्छ । जीवनमा आइपरेका यस्ता समस्याबाट भाग्नु जीवनबाट पलायन हुनु हो । अस्तित्ववादको मान्यता जीवनबाट पलायन होइन जीवनमा सङ्घर्ष हो । तसर्थ उपन्यासमा आरम्भका सूत्रमा उपस्थिति देखाएको 'ऊ' पात्रले सूत्राधारसँग गरेका सङ्घर्षका कुराका माध्यमबाट अस्तित्ववादी एकल सङ्घर्षलाई प्रस्तुत गरिएको छ । परिवारका सदस्यबाट सहयोग नपाएको यस पात्रको अनुभूतिका माध्यमबाट मानिसले आफ्नो अस्तित्वका लागि जीवनमा एक्लै सङ्घर्ष गर्नुपर्ने अस्तित्ववादी मान्यतालाई अभिव्यक्त गरेको देखिन्छ ।

## ५.३ विद्रोह

अस्तित्ववादी जीवनदृष्टिमा विद्रोहका सम्बन्धमा महत्त्वका साथ चर्चा गरिएको छ । हाइडेगरले मानव अस्तित्वलाई चिनाउन 'दाजाइन' (dasein) शब्दको प्रयोग गरेका छन् । मानिसले आफ्नो अस्तित्वका लागि उसको उपस्थिति र अन्यसँगको सम्पर्क आवश्यक रहेको हुन्छ भन्ने नै 'दाजाइन' सँग सम्बन्धित रहेको देखिन्छ । हाइडेगरले अस्तित्वशील मानिसले आफ्ना कुरा

समाजका अन्यलाई अभिव्यक्त गर्दा द्वन्द्वात्मक खालको सम्बन्धको समेत विकास भएको हुन्छ भनेका छन् (Heidegger, 1962, p. 155)। जगत्सँगको सम्पर्कका कारण नै मानिसका बिचमा सकारात्मक र नकारात्मक खालको सम्बन्धको विकास भएको हुन्छ । यस्तो अवस्था रहे पनि उसले अस्तित्वका लागि सङ्घर्ष गर्नुपर्ने कुरा बताएका छन् ।

कामुले स्वतन्त्रता प्राप्तिको सही र छोटो बाटो विद्रोह हो भन्ने मान्यता प्रस्तुत गरेका छन् । मानिसले एउटा सीमासम्म हुन्छ भने पनि सीमा नाघेपछि अस्वीकार गर्ने भएकाले विद्रोहको जग अस्वीकृतिमा रहेको छ । मानिसको चेतनामा व्यवधानका विरुद्ध प्रतिवाद गर्नुपर्छ भन्ने विचार आउनु र त्यसलाई व्यवहारमा परिणत गर्नुलाई विद्रोहका रूपमा लिइन्छ । मानिसमा 'म ठिक छु' भन्ने भावनाको विकास नभएसम्म यो भावना जन्मेको हुँदैन । एउटा नोकरले सीमासम्म मालिकका आदेशलाई पालना गरेको हुन्छ र सीमा नाघेपछि नाइँ भन्छ । विद्रोहको स्थिति यस्तै हुन्छ । जसमा नाइँ भन्ने क्षमता छ, त्यो नै विद्रोह हो । कामुले विद्रोहको स्थिति यस्तै हुन्छ भन्ने धारणा प्रस्तुत गरेका छन् । (Camus, 1956/1991, p. n. d.)। उनले अरूका सामु आफू पनि मानिस नै भएको महसुस गरेका अवस्थामा विद्रोहको भावना जागृत हुन्छ भन्ने धारणा प्रस्तुत गरेका छन् । जीवनजगत् निस्सार, विसङ्गत र निरर्थक भए पनि त्यसैमा कुण्ठित भएर बस्नु वा आत्महत्या गर्नु विसङ्गतिप्रतिको आत्मसमर्पण हो । यस्तो अवस्थामा मानिसले आफ्नो अस्तित्व स्थापित गर्न सक्दैन । कामुले यस्ता विसङ्गतिका माझमा नै आफ्नो अस्तित्व प्रमाणित गर्नाका लागि मानिसले विद्रोह गर्नुपर्ने मान्यता प्रस्तुत गरेका छन् (सक्सेना र मिश्र, सन् १९८८, पृ. २४१)। मानिसले आफ्नो अस्तित्व स्थापित गर्नाका लागि विसङ्गतिका विरुद्ध विद्रोह गर्नुपर्छ र यही विद्रोहबाट नै उसले स्वतन्त्रता प्राप्त गरेको हुन्छ । कामुले विद्रोह स्वनिर्मितिका लागि भएकाले यसले अराजकता ल्याउन नहुने भन्दै यसलाई सदुपयोग गर्नुपर्ने धारणा राखेका छन् । विद्रोहलाई अवलम्बन गर्न नसक्ने मानिस अस्तित्वशील हुँदैन । जीवनमा आइपरेका व्यवधानसँग सम्झौता गर्नु तथा तिनका सामु आत्मसमर्पण गर्नु जीवनबाट पलायन हुनु हो । अस्तित्वशील मानिसले सम्झौता गर्दैन प्रतिवाद गरेको हुन्छ ।

### ५.३.१ अस्तित्वप्रतिको सचेतता

अस्तित्वप्रतिको सचेतताका सम्बन्धमा अस्तित्ववादी जीवनदर्शनमा महत्त्वका साथ चर्चा गरिएको छ । अस्तित्वका लागि प्रयत्नशील मानिसले जीवनमा निरर्थकता भोग्दा विसङ्गति अनुभव गर्छ (प्रधान, सन् १९७१, पृ. ७९)। कामुले मानिसले मानिसका जीवनमा आइपर्ने यस्ता विसङ्गतिलाई स्वीकार नगरी त्यसका विरुद्ध विद्रोह गर्नुपर्छ भनेका छन् । उनले निरर्थक जीवनमा सिसिफसले झैँ निरन्तर सङ्घर्ष गरेर बाँच्नुपर्छ भन्ने सन्देश दिएका छन् । उनले मानिसका समस्याको समाधान ईश्वर वा अन्य कुनै सत्ताबाट सम्भव नभएकाले आफ्नो समस्याको समाधान

ऊ आफै गर्नुपर्ने कुरा गरेका छन् । उनले विसङ्गतिका विरुद्ध विद्रोह गरी मानिसले मूल्य स्थापना गर्नुपर्ने बताएका छन् । उनले मानिसले एक्लै सङ्घर्ष गरेर स्थापित गरेको मूल्य समग्र मानवजातिका लागि हुनुपर्छ भन्ने मान्यता राखी आफूलाई मानववादी चिन्तकका रूपमा समेत चिनाएका छन् ।

मानिस अस्तित्वका लागि प्रयत्नरत रहेका अवस्थामा अन्य पक्षबाट सिर्जित समस्याको प्रतिवाद गर्नुपर्छ भन्ने कुराप्रति देखाएको सचेतता अस्तित्वप्रतिको सचेतता हो । अस्तित्वशील मानिसमा अरूले सिर्जना गरेको समस्या असह्य छ र त्यसलाई अस्वीकार गर्नुपर्छ भन्ने भावना र सोचाइ जागृत भएको हुन्छ । एक विद्रोहीको मनमा व्यवधानका विरुद्ध सक्रिय रहनुपर्छ र त्यसको प्रतिवाद गर्नुपर्छ भन्ने भावना आउनु अस्तित्वप्रतिको सचेतता हो (Camus, 1956/1991, p. n. d.) । मानिसको निजत्व, मूल्य र उसको निजी सत्तामाथि समस्या सिर्जना गरिएका अवस्थामा त्यसका विरुद्ध लाग्नुपर्छ भन्ने सोचाइ आउनुले ऊ आफ्नो अस्तित्वप्रति सचेत छ भन्ने कुराको बोध हुन्छ । विद्रोहका निम्ति सचेत नहुने व्यक्तिले अस्तित्व सुरक्षित गर्न सक्दैन । स्वनिर्मितिका लागि प्रयत्न गरेका अवस्थामा आइपरेका व्यवधानका विरुद्ध लाग्नुपर्छ भन्ने कुरातर्फ मानिस सचेत बनेको अवस्था नै अस्तित्वप्रतिको सचेतता हो । उपन्यासका पात्रले आफ्नो अस्तित्वमा अन्य पक्षबाट समस्या सिर्जना गरिँदा तिनको प्रतिवाद गर्नुपर्छ भन्ने कुराप्रति सचेत बनेको सन्दर्भलाई नाटकीकरण गरी अस्तित्वप्रतिको सचेतता अभिव्यक्त गरिएको हुन्छ ।

*डापी* उपन्यासमा अस्तित्वप्रतिको सचेततालाई केन्द्रीय विषय बनाइएको छ । मानिसमा आफ्नो अस्तित्वमाथि अन्य पक्षबाट बाधा पुगेको छ भन्ने चेतना जागृत भएपछि ऊ अस्तित्वप्रति सचेत बनेको हुन्छ भन्ने अस्तित्ववादी जीवनदृष्टिको मान्यतालाई *डापी* उपन्यासका पात्रका क्रियाव्यापारका माध्यमबाट व्यक्त भएको छ । विद्रोही स्वभावका उपन्यासकारको प्रभाव यस उपन्यासमा परेको छ । “सास फेर्न नसकेर प्राणै जालाजस्तो भयो । तैपनि उसले ‘सी’ बोलेन । अन्त्यमा तिनीहरूले नै हार खाएर, गाली गर्दै उसलाई छाडिदिए” (गौतम, २०५६/२०७५, पृ. ७७) । केटाकेटीमा कबड्डी खेल्दाको यस घटनाले गौतमको सङ्घर्षशील व्यक्तित्वलाई चित्रित गरेको छ । निरङ्कुशताका प्रतीक ‘कखग’ पात्रका आतङ्क, भय र क्रूरताबाट मुक्तिका लागि यस उपन्यासका अस्तित्वशील पात्रले विद्रोह गरेका छन् । व्यक्ति र समाजका मूल्य-मान्यताले आफ्नो निजत्वमाथि सङ्कट सिर्जना भएको कुराको बोध मानिसमा भएपछि मात्र ऊ आफ्नो अस्तित्वप्रति सचेत बनेको हुन्छ भन्ने मान्यता अस्तित्ववादी जीवनदृष्टिको रहेको छ । अस्तित्ववादी जीवनदर्शनको यस मान्यतालाई सार्थक पार्नाका लागि *डापी* उपन्यासका विक्रम, एक वृद्ध सेवक, रविबहादुर, बुढो सुब्दार, पत्रकार एम.के. मल्ल, टोलवासी आदि पात्रहरू ‘कखग’ पात्रका विरुद्ध विद्रोह गर्नुपर्ने कुराप्रति सचेत बन्नुपर्ने परिवेश सिर्जना यस उपन्यासमा गरिएको छ ।

*डापी* उपन्यासमा विक्रमले अस्तित्व सुरक्षित गर्न गरेको सचेततापूर्ण सङ्घर्षले अस्तित्वप्रतिको सचेततालाई बोध गराएको छ। मानिस आफ्नो अस्तित्व, निजत्व र स्वतन्त्रतामा बाधा सिर्जना गर्ने पक्षका विरुद्ध उत्रिनु नै अस्तित्ववादी विद्रोहका रूपमा रहेको छ। *डापी* उपन्यासमा क्रूरतापूर्ण शासन सञ्चालन गरिरहेका 'कखग' पात्रका विरुद्धमा त्यहाँका बासिन्दा सक्रिय बन्नुमा उनीहरू आफ्नो अस्तित्व र स्वतन्त्रताका निम्ति सक्रिय बनेका छन् भन्ने कुरा स्पष्ट भएको छ । आरम्भमा मिठा कुरा गरेर स्वार्थ सिद्ध गरिरहेका 'कखग' पात्रका कर्तुतका बारेमा टोलवासीमा विद्रोहको भावना विकास नभए पनि विक्रममा भने आरम्भदेखि नै तिनका विरुद्धको भावना जागृत भएको देखिन्छ । यस कुरालाई 'कखग' पात्रले निर्माण गर्न लागेको पर्खालका विषयमा उसले जाहेर गरेको विमतिले नै पुष्टि गरेको छ। आरम्भमा विक्रमले गरेका 'कखग' पात्रका विरुद्धका अभिव्यक्तिले उनीहरूलाई खासै असर नगरे पनि ऊसँग बदला लिने कुरा गरेर, टोलवासीलाई चन्दा नदिन उक्साएको आरोप लगाएर र पत्नी बीनूसँग निकटता देखाएर 'ग' पात्रले विक्रमलाई कमजोर बनाउने प्रयास गरे पनि सफल बन्न भने सकेको देखिँदैन। विक्रममा अस्तित्वप्रतिको सचेतता रहेको कुरालाई उपन्यासको यस साक्ष्यले स्पष्ट पारेको छ :

> यो अदब पनि भएन । आतङ्क हो । अदबको पराकाष्ठा आतङ्क हो आतङ्कको पराकाष्ठा विद्रोह हो... तर कता हो, कता हो...। मैले केही भन्नै पर्छ, नत्र यसरी हुँदैन । अन्याय भन्ने कुरालाई जति सह्यो त्यति भेडो होइँदै जाइन्छ। अन्याय ब्वाँसो बन्दै जान्छ । तर एक्कासि त्यसलाई यो कुरा कसरी भन्न सकिएला ? (गौतम, २०३३/२०६४, पृ. ९५)

माथिको उद्धरणका आधारमा विक्रममा 'ग' पात्रका विरुद्ध विद्रोह गर्नुपर्छ भन्ने चेतना जागृत भएको देखिन्छ । अन्यायलाई सहनु निजत्वलाई समाप्त गर्नु हो भन्ने कुराको चेतना विक्रममा भएकै छ । यसै कारण नै उसले 'कखग' पात्रसँग सम्झौता होइन सङ्घर्षको बाटो अवलम्बन गरेको हो । उसले अवलम्बन गरेको यस विद्रोहको मार्गलाई डापीवासीले समेत साथ दिनुमा उनीहरू अस्तित्वप्रति सचेत रहेका छन् भन्ने कुरा स्पष्ट भएको छ । 'कखग' पात्रको प्रभुत्व कायम रहँदासम्म त्यस टोलका मानिसको स्वतन्त्रता कुण्ठित हुने कुराको बोध भएकाले तिनका विरुद्ध सङ्घर्ष गर्नुपर्छ भन्ने कुराको चेतना विक्रममा जागृत हुनु अस्तित्वप्रतिको सचेतता रहेको देखिन्छ ।

*डापी* उपन्यासमा विक्रमले आफ्नो निजत्व, अस्तित्व, स्वत्व र स्वतन्त्रताको प्राप्तिका लागि गरेको निरन्तर सङ्घर्षले अस्तित्वप्रतिको सचेततालाई बोध गराएको छ। पैतृक सम्पत्तिबाट वञ्चित यस पात्रले डापीटोलमा डेरामा बसेर आफ्नो पारिवारिक जिम्मेवारी बहन गर्दै र त्यस टोलमा 'कखग' पात्रबाट सिर्जित अन्यायपूर्ण व्यवहारबाट मुक्तिका लागि सङ्घर्ष गर्दै जीवन

व्यतीत गरिरहेको छ । उपन्यासको आरम्भदेखि अविश्राम रूपमा अस्तित्वका लागि सङ्घर्ष गरेको यस पात्रले त्यस अभियानमा नेतृत्वदायी भूमिकासमेत निर्वाह गरिरहेको छ । डापीटोलमा बसोबास गर्ने करिब दुई सय जनामाथि 'कखग' तीन जनाले निकै क्रूरतापूर्ण व्यवहार गरेको देखिन्छ । 'कखग' पात्रले मानिसलाई नपुंसक बनाउने, गर्भपतन गराउने, कुकुरलाई बहुलाहा बनाउने, हैजाका कीटाणु सङ्क्रमण गराउने जस्ता मानवका लागि खतराजन्य काम गर्ने तर देखावटी रूपमा भने विकासप्रेमी जस्तै बन्ने गरेर जनप्रियसमेत देखिने प्रयत्न गरिरहेका छन् । डापीवासीमा चित् भविताको सक्रियतासँगै 'कखग' पात्रका विरुद्ध विद्रोह गरी आफ्नो अस्तित्व र स्वतन्त्रतालाई सुरक्षित गर्न प्रतिबद्ध भएको देखिन्छ । यस कार्यमा विक्रमले नतृत्वदायी भूमिकानिर्वाह गरेको छ । शासकबाट भोग्नुपरेका पीडा, क्रूरता र आतङ्कबाट मुक्तिका लागि सजगता र दायित्वपूर्ण सचेतता *डापी* उपन्यासमा अभिव्यक्त भएको छ (बराल र एटम, २०५६/२०५८, पृ. १५१) । टोलवासीमा चित् भविताको जागृतिसँगै त्यस टोलमा भएका आतङ्क, हत्या, कुटपिट 'कखग' पात्रका कारणबाट नै भएका हुन् भन्ने कुरामा उनीहरूले निश्चित गरेपछि नै तिनका विरुद्धको विद्रोहले सशक्तता प्राप्त गर्न थालेको देखिन्छ । पर्खाल भत्काइको क्रमलाई रोक्न असफल भएपछि त्यस टोलको बसाइ आफ्ना लागि घातक हुने भन्दै त्यहाँबाट फेरि आउने भन्दै हिँडेका 'कखग' पात्रसँग अब फेरि आए पनि सम्झौता नगर्ने प्रतिबद्धता डापीवासीले गर्नु आफ्नो अस्तित्वप्रति सचेत बन्नु हो । उपन्यासको यस साक्ष्यले विक्रममा जागृत अस्तित्वप्रतिको सचेततालाई स्पष्ट पारेको छ -"बीनूबारे पो केही भन्छ कि क्या हो । भन्यो भने त, गएपछि पनि आगो सल्काएरै जान्छ, पाजी । तर यसरी आत्तिने त किन र ? अब त केही बोल्यो त्यस्तै र उही पहिलेजस्तै गरेर निहुँ खोज्यो भने त बङ्गारै झारिदिनुपर्ला" (गौतम, २०३३/२०६४, पृ. २८६) । विक्रमद्वारा अभिव्यक्त गरिएको यस उद्धरणले ऊ आफ्नो अस्तित्व रक्षाका लागि सचेत बनेको छ भन्ने कुरालाई स्पष्ट गरेको छ । विक्रमले यस्तो अभिव्यक्ति दिनुले डापीवासी आफ्नो अस्तित्वप्रति सचेत रहेका छन् भन्ने कुरासमेत स्पष्ट भएको छ । आफ्नो निजत्वमाथि बाधा पुऱ्याउने पक्षका विरुद्ध लाग्ने विक्रमको कुराले यस उपन्यासमा अस्तित्वप्रतिको सचेततालाई द्योतन गरेको छ ।

*डापी* उपन्यासमा रविबहादुरले 'कखग' पात्रले चौतारी भत्काउन गरेको प्रस्तावप्रति अस्वीकृति जनाएको कुराका माध्यमबाट समेत अस्तित्वप्रतिको सचेतता अभिव्यक्त भएको छ । समाजमा भएगरेका गतिविधिलाई उपयुक्त ठान्दासम्म मानिसमा अस्तित्वप्रतिको सचेतता जागृत भएको हुँदैन । समाजका त्यस्ता गतिविधिप्रति मानिसले विमतिको प्रयास गर्दा नै उसको चित् भविताको जागृति भएको देखिन्छ । यसै अवस्थामा उसले अन्यायका विरुद्ध आवाज बुलन्द गरेको हुन्छ । *डापी* उपन्यासमा 'कखग' पात्रले गरेका अन्याय, अत्याचार, हत्या र स्वार्थ जस्ता गतिविधिले चरम रूप लिइरहेको अवस्था देखिन्छ । घर्तिनी बुढीको छोराको मृत्यु, वाग्लेकी छोरी

लङ्गडी बन्नु जस्ता घटना 'कखग' पात्रकै षड्यन्त्रका उपज हुन् भन्ने कुरा उनीहरूले त्यस टोलमा गरेका कर्तुतबाट सिद्ध भएको छ । पर्खाल निर्माणका क्रममा चन्दा आतङ्क सिर्जना गरेका 'कखग' पात्रले पछि आफ्नो घरमा मोटर जान बाधा पुऱ्याएकाले चौतारो भत्काउने विषयलाई उठाएर टोललाई आतङ्कित पार्ने काम गरेका कारणले टोलवासीमा असन्तुष्टिको भावना प्रबल बन्दै गएको छ। मानवस्वतन्त्रता, अस्मिता र अहम्माथि प्रतिबन्ध तुल्याउने परिवेशका कारण *डापी* उपन्यासमा भवितावादी दर्शन प्रबल बन्दै गएको छ (सुवेदी, २०५३/२०६४, पृ. ३६५)। चौतारो टोलवासीको स्वाभिमानको प्रतीक बनेका अवस्थामा त्यसलाई विनाश गर्ने 'कखग' पात्रको प्रस्तावप्रति रविबहादुरले विमति जनाउनु अस्तित्वप्रतिको सचेतता नै रहेको देखिन्छ । रविबहादुरको यस अभिव्यक्तिमा अस्तित्वप्रतिको सचेतता अभिव्यक्त भएको छ :

> के गर्ने नि । हामीले निर्माण गरेको वस्तुको हामीले रक्षा नगरे कसले गर्छ ? यो चौताराको मात्र प्रश्न हो र, यो त प्रश्न हो हाम्रो आफ्नै मूल्यको रवि बोल्छ, सब एकाग्र भएर सुन्छन्- यस्तै भो भने तिनीहरूले हामीलाई मोलभाउ नै नभएको पार्छन् एक दिन । त्यसका लागि के गर्ने त ? त्यही त सोच्नु छ, अब यसरीचाहिँ काम चल्ने भएन । (गौतम, २०३३/२०६४, पृ. १९८)

माथिको उद्धरणले डापीवासी 'कखग' पात्रका विरुद्ध लागी आफ्नो अस्तित्व सुरक्षित गर्नुपर्छ भन्ने कुराप्रति सचेत रहेका छन् भन्ने कुरा स्पष्ट पारेको छ । डापीटोलका नागरिकमाथि अन्याय गरेर आफ्नो स्वार्थ पूरा गर्न तल्लीन 'कखग' पात्रबाट प्रताडित डापीवासीमा अस्तित्वप्रतिको सचेतता जागृत भएको छ । यसै सचेतताका कारण उनीहरू 'कखग' पात्रका विरुद्ध विद्रोहको आवाज बुलन्द पार्न प्रतिबद्ध भएका छन् । 'कखग' पात्रबाट आफूहरू हेपिएको अनुभव गर्दै तिनका विरुद्ध विद्रोह गर्न डापीवासी उद्यत बनेको कुरालाई रविबहादुरको अभिव्यक्तिले स्पष्ट पारेको छ ।

डापीटोलमा 'कखग' पात्रबाट सिर्जित कुटपिट, बलात्कार, क्रूरता र असुरक्षाका कारण टोलवासीमा तिनका विरुद्धको प्रतिरोधी चेतनाको विकास विस्तारै हुन थालेको कुरालाई *डापी* उपन्यासमा रविबहादुर, बुढो सुब्दार र पत्रकार एम.के. मल्लका 'कखग' पात्रका विरुद्धका अभिव्यक्तिका माध्यमबाट व्यक्त गरिएको छ। 'कखग' पात्रका दुर्व्यवहारलाई जति सह्यो त्यति क्षति हुने कुराप्रति टोलवासी सचेत बन्न थालेको कुरा 'डापी सुरक्षा सङ्घ' को चौथो सदस्य रविबहादुरले टोलको हितविपरीतका 'कखग' पात्रका प्रस्तावलाई अस्वीकार गर्ने खालको अभिव्यक्ति दिएको सन्दर्भले पुष्टि गरेको छ । उपन्यासको यस उद्धरणले रविमा अस्तित्वप्रतिको सचेतता देखिएको स्पष्ट भएको छ -"रवि मिटिङमा कुनै प्रस्ताव अनुचित आएको छ भने 'कखग'लाई भन्ने गर्थ्यो- 'तिमीले भनेर मात्र कसरी भयो र ? अरूको पनि त राय बुझौँ ?' यस्तो ऊ भन्छ भने,

यस्तो ऊ कसरी टिक्न सक्छ त" (गौतम, २०३३/२०६४, पृ. १४५) ? 'कखग' पात्रबाट डापीटोल असुरक्षित छ भन्ने कुराको बोध भएपछि नै रविबहादुरले दिएको यस अभिव्यक्तिमा अस्तित्वप्रतिको सचेतता अभिव्यञ्जित भएको कुरा स्पष्ट भएको छ । टोलवासीमा जड भविताको अवस्था रहेका बेलामा 'कखग' पात्रका चिप्ला र मिठा कुरालाई स्वाभाविक ठाने पनि अन्ततः तिनका बोली र व्यवहारमा विपरीत स्थिति छ र आफूहरू तिनीहरूबाट प्रताडित छौँ भन्ने भावनाको विकास भएको छ त्यो चित् भविता हो । यही चित् भविताको जागृतिका अवस्थाका कारणले नै टोलवासी आफ्नो अस्तित्वप्रति सचेत बनेका हुन् । "डापी उपन्यासमा अस्तित्वप्रतिको चेतना सक्रिय रहेको छ" (लामिछाने, २०६३, पृ. १०८) । यसै चेतनाका कारण नै रविबहादुरले 'कखग' पात्रका विरुद्ध मिटिङमा बोलेको छ । पछि उसले निर्घात कुटाइ खाएपछि बुढो सुब्दारले तिनका विरुद्ध मुद्दा हाल्ने कुरा गर्नु तथा 'कखग' पात्रले गरेका अनुचित निर्णयप्रति पत्रकार एम.के. मल्लले चुनौतीपूर्ण अभिव्यक्ति दिनुमा उनीहरू आफ्नो अस्तित्वप्रति सचेत बनेका छन् भन्ने कुरा बुझिन्छ -"मैले त भनिदिएँ, यस्तो निर्णय गर्न थाल्यौ तिमीहरूले भने, यो टोलमा टिक्न सक्दैनौ । तिमीहरू नै सर्वेसर्वा त हैनौ ? तिमीहरूको यो नाजायज कामको रिपोर्ट विशेष पुलिसलाई गरिदिऊँ ?' मल्लले भन्यो" (गौतम, २०३३/२०६४, पृ. १४७) । निरङ्कुशताका प्रतीक 'कखग' पात्रका विरुद्ध बोल्नु जोखिम निम्त्याउनु हो भन्ने कुराको बोध हुँदाहुँदै पनि पत्रकार मल्लले यस खालको अभिव्यक्ति दिनुले अब टोलवासी आफ्नो अस्तित्वप्रति सचेत बन्न थालेका छन् भन्ने कुरा स्पष्ट भएको छ । 'कखग' पात्रका खराब प्रवृत्ति टोलका हितविपरीत छन् भन्ने कुराको बोध टोलवासीमा हुन थालेको कुरालाई यहाँका पात्रका क्रियाव्यापारले सिद्ध गरेका छन् । यसो हुँदाहुँदै पनि पुलिस ठानामा 'कखग' पात्रका विरुद्ध उजुरी गर्दागर्दै उनीहरूको उपस्थिति भएपछि रविबहादुरले बोली फेर्दै प्रेमबहादुरले आफूमाथि आक्रमण गरेको भनी आत्मवञ्चनापूर्ण अभिव्यक्ति दिनुमा उनीहरूबाट सिर्जित भय पूरै नहटेको देखिन्छ। फकाउने, कुटपिट गर्ने जस्ता कर्मबाट मान्छेलाई आफ्नो अधीनमा राख्न सिपालु 'कखग' पात्रले आयोजना गरेको होटलको भोजमा रविबहादुर गएर उनीहरूप्रति समर्पित भए जस्तो देखिए पनि उपन्यासको अन्त्यतिर प्रमुख पात्र विक्रमको 'कखग' पात्रका विरुद्धको विद्रोहको अभियानलाई साथ दिएकाले ऊ पनि आफ्नो अस्तित्वप्रति सचेत रहेको छ भन्ने कुरा स्पष्ट भएको छ । 'कखग' पात्रका विरुद्ध टोलवासीले दिएको विद्रोहात्मक अभिव्यक्तिले उनीहरू आफ्नो अस्तित्वप्रति सचेत छन् भन्ने कुरा स्पष्ट भएको छ ।

मानिसले आफ्नो अस्तित्वमाथि आक्रमण भएको छ भन्ने कुराको बोध गरेपछि त्यसका विरुद्ध प्रतिवाद गर्न सचेत बन्दछ भन्ने कुरालाई *डापी* उपन्यासमा डापीटोलवासीमा 'कखग' पात्रका विरुद्ध जागृत चेतनाका माध्यमबाट व्यक्त गरिएको छ । उपन्यासको आरम्भदेखि नै आफ्नो स्वार्थसिद्धिका लागि टोलवासीमाथि अन्याय गर्दै आएका खलपात्रका रूपमा परिचित 'कखग' पात्रले

गरेका हरेक काम समाजका हितविपरीत रहेका छन् । धन, बल, पहुँच सबैतिरबाट प्रभाव पार्ने सामर्थ्य राख्ने यी पात्रका विरुद्ध लाग्ने प्रयास टोलवासीले गरेका छन् । टोलवासीको यस्तो प्रयासलाई अस्तित्वप्रतिको सचेतताका रूपमा लिन सकिन्छ । 'डापी सुरक्षा सङ्घ' को चुनावमा 'सुपथ मूल्य पसल' खोलेर पैसा र सामान सित्तैमा दिने 'कखग' पात्रले पछि सावा र ब्याज असुल्ने गरेका, कुपन आफूअनुकूल वितरण गर्ने गरेका जस्ता कर्तुतबाट कुख्यात बन्न पुगेका 'कखग' पात्रका बारेमा आइमाई केटाकेटीलाई समेत जानकारी गराउनुमा टोलवासी अब आफ्नो अस्तित्वप्रति सचेत बनेका छन् भन्ने स्पष्ट भएको छ । उपन्यासको यस साक्ष्यले डापीवासीमा अस्तित्वप्रतिको सचेतता जागृत भएको कुरालाई स्पष्ट पारेको छ -"अबलाई... अति नै भयो है ।' सुब्दार भन्छन् । 'अब जाऊँ हूलै बाँधेर- तिनीहरूलाई जति छाड्यो यस्तै हुन्छ ।" पत्रकार भन्छ । 'अब हुँदाहुँदा देवी-देउतासमेतमा हात हालिन थालेपछि, टोलमा के बाँकी रह्यो" (गौतम, २०३३/२०६४, पृ. २७७) ? सुब्दार र पत्रकारका यी अभिव्यक्तिले डापीवासीको अस्तित्वप्रतिको सचेततालाई बोध गराएको छ । टोलवासीको आस्थाको प्रतीक देवीको मूर्ति चोरी भएपछि 'कखग' पात्रका विरुद्धको आवाज अरू सशक्त बनाउन टोलवासी सचेत बनेका छन् भन्ने कुरा सुब्दार र पत्रकारको अभिव्यक्तिले स्पष्ट पारेको छ । बन्धनमा परेका डापीवासी त्यस त्रासबाट मुक्त हुन चाहेका छन् (सञ्जय, २०३३/२०६४, पृ.) । डापीवासीले विद्रोही स्वभावको पात्र प्रेम र बलशाली पात्र भीमबहादुरमार्फत् 'कखग' पात्रलाई पराजित गर्न खोजेको सन्दर्भले उनीहरू बन्धनबाट मुक्त हुन चाहेको कुरालाई पुष्टि गरेको छ। प्रेम र भीमबहादुरबाट आफ्नो उद्धारको सम्भावना नदेखेपछि अस्तित्वका लागि उनीहरू आफैँ सक्रिय बनेका छन् । डापीवासीको अस्तित्वप्रतिको सचेततालाई यस उद्धरणले समेत स्पष्ट पारेको छ :

> हामीलाई समेत सखाप पार्ने जाल रचेका हुन् । तिनीहरूको जालमा हामी अल्झिन थालेजस्ता छौँ । 'अब के गर्ने ?' 'जे परे पर्ला, भिड्नेभिड्ने ?' निरस्त्र र निरुपाय भएपछि यही अब उपाय छ । विक्रम उत्साहमा छ। सबै उत्साहमा छन्। च्यातिएका ज्यामीहरू उम्लेका छन्। डापी रन्न रन्केको छ । भने, यो के हो ? (गौतम, २०३३/२०६४, पृ. २७८)

माथिको उद्धरणले डापीवासी आफ्नो स्वाभिमानको रक्षाका लागि 'कखग' पात्रका विरुद्ध लाग्ने कुराप्रति सचेत बन्दै गएका छन् भन्ने कुरा स्पष्ट पारेको छ । डापीवासीको आस्था, संस्कृति र उनीहरूको अस्तित्वलाई समाप्त पारेर आफ्नो स्वार्थ सिद्धिका लागि लागेका क्रूर चरित्र 'कखग' पात्रका विरुद्धको आक्रोशपूर्ण भावना त्यस टोलका बासिन्दामा जागृत हुनुमा उनीहरू आफ्नो अस्तित्वप्रति सचेत छन् भन्ने कुरा स्पष्ट भएको छ ।

डापीवासी आफ्नो अस्तित्वप्रति सचेत रहेका छन् भन्ने कुरा उनीहरू 'कखग' पात्रका विरुद्ध सङ्गठित बनेको कुराले समेत पुष्टि गरेको छ । टोलमा आतङ्क सिर्जना गर्ने पात्रहरू पराजित हुनुमा टोलवासी सङ्गठित बन्नु र आफ्नो अस्तित्वप्रति सचेत बन्नु नै रहेको देखिन्छ । 'कखग' पात्रको पुनरागमनको अभिव्यक्तिले भय कायम रहेकै छ । यस्तो अवस्थामा रहेका डापीवासी अस्तित्वप्रति सचेत रहेका कुरालाई यस उद्धरणले थप स्पष्ट पारेको छ -"कखग' फेरि आऊलान् - आऊन् । अब यदि भिड्नुबाहेक उपाय छैन भने, आफूलाई पनि धारिलो त तुल्याउनै पऱ्यो । भिड्ने भनेपछि भिड्ने" (गौतम, २०३३/२०६४, पृ. २८९-२९०) । विक्रमको यस अभिव्यक्तिले टोलवासी अब 'कखग' पात्रसँग सम्झौता होइन सङ्घर्षका निम्ति प्रतिबद्ध रहेका छन् भन्ने कुराको बोध भएको छ । टोलवासी 'कखग' पात्रका विरुद्ध सङ्गठित बन्नु र प्रतिरोधी भावनाको विकास हुनुमा उनीहरूमा जागृत अस्तित्वप्रतिको सचेतता नै प्रमुख कारकका रूपमा रहेको देखिन्छ ।

स्वतन्त्रता मानिसले आफ्नो अस्तित्व स्थापित गर्ने प्रमुख आधार भएकाले त्यसको प्राप्तिका निम्ति बुढो खर्दार, रविबहादुरलगायत टोलवासी सक्रिय रहेको कुरालाई *डापी* उपन्यासमा प्रस्तुत गरिएको छ । समाजमा प्रभुत्व कायम गरेका व्यक्तिबाट त्यहाँका नागरिक पीडित र उपेक्षित बनेका अवस्थामा त्यस्तो बन्धनबाट मुक्तिको अपेक्षा मानिसले गरिरहेका हुन्छन् भन्ने अस्तित्ववादी जीवनदृष्टिको मान्यतालाई यस उपन्यासमा त्यस टोलका मानिसमा अस्तित्व सुरक्षित गर्नाका लागि आएको सचेतताले पुष्टि गरेको छ । 'कखग' पात्रले विकासका नाममा कहिले पर्खाल निर्माण त कहिले चौतारो विनाश गर्ने काम र कुरा गर्दै टोलवासीका हितविपरीतका व्यवहार गर्दै आफ्नो स्वार्थसिद्धि गरिरहेका छन् भन्ने कुराप्रति टोलवासी सचेत हुन थालेका छन् भन्ने कुरा उपन्यासको यस उद्धरणले स्पष्ट पारेको छ :

> अब यसरी भएन हेर, बूढो खर्दार बोल्दै छ- 'अब तिनीहरू अचाक्ली गर्न थाले । डापीका लागि यो असह्य छ । तिनीहरू आफै व्यभिचारी छन् र हाम्रा छोरीबेटीहरूमाथि शङ्का गर्छन् । थाहा छ, त्यो तिनीहरूकहाँकी आइमाई को हो ? तिनीहरूकै नातामा पर्छ रे, तर चालामाला देखिहाल्यौ । (गौतम, २०३३/२०६४, पृ. १९७)

माथिको उद्धरण बुढो खर्दारद्वारा व्यक्त भएको हो । यस अभिव्यक्तिले टोलवासीमा 'कखग' पात्रको क्रूरतापूर्ण चक्रव्यूहबाट उन्मुक्त हुने चाहना तीव्र रहेको कुरालाई बोध गराएको छ । टोलवासी आफ्नो अस्तित्व र स्वतन्त्रताका लागि सङ्घर्ष गर्नुपर्छ भन्ने कुराप्रति सचेत बन्दै गएका छन् । 'कखग' पात्रलाई शक्तिबाट च्युत नगरेसम्म आफ्नो स्वतन्त्रता प्राप्ति नहुने ठहर यिनीहरूले

गरेका छन् र टोलवासी 'कखग' पात्रबाट उन्मुक्तिका लागि सचेत बनेका छन् भन्ने कुरालाई उपन्यासको यस उद्धरणले थप स्पष्ट पारेको छ :

> यो युद्ध हो, नगण्यका विरुद्ध असङ्ख्यको, कैदका विरुद्ध स्वतन्त्रताको, शोषणका विरुद्ध सङ्घर्ष र न्यायको । डापी स्थिर छ, यो युद्ध क्रान्तिका लागि हो, भने जित हुन्छ हुन्छ । .... यस्तो कहिल्यै पनि भएको छैन कि यत्रो विशाल समूह तिनीहरूको घरतिर लम्किरहेको होस्, त्यो पनि आवेशमा, विद्रोहमा । भय माथिसम्म, ज्यादै माथिसम्म, चरममा पुगेपछि यस्तै हुन्छ कि कसो, भिड्नुबाहेक उपाय नभएपछि बाघलाई समेत झम्टिनुपर्छ । (गौतम, २०३३/२०६४, पृ. १९९)

रविबहादुरद्वारा व्यक्त माथिको अभिव्यक्तिमा पनि उनीहरू आफ्नो अस्तित्वका लागि सङ्घर्ष जरुरी छ भन्ने कुराप्रति सचेत बनेका छन् भन्ने कुरा अभिव्यक्त भएको छ । यसरी स्वतन्त्रता प्राप्तिका लागि गरिएको सङ्घर्षका क्रममा नगरकोटी, रविबहादुर र दलबहादुरले केही समयलाई घात गरे पनि रविबहादुरले भने पछि विक्रमले स्वतन्त्रता प्राप्तिका लागि नेतृत्व गरेको सङ्घर्षमा साथ दिएकै छ । उपन्यासमा एक दुई पात्रले सङ्घर्षका क्रममा कहिलेकाहीँ कमजोरी देखाए पनि स्वतन्त्रताका निम्ति गरिएको सङ्घर्षको मूल प्रभाव शिथिल भएको छैन । बुढो खर्दार, रविबहादुरलगायत डापीवासीमा देखिएको 'कखग' पात्रका विरुद्धको सचेतताले तिनीहरूलाई पराजित गर्नाका निम्ति सहयोगी सिद्ध देखिएको छ ।

*डापी* उपन्यासमा एक वृद्ध सेवकले आफ्नो अस्तित्वमाथि बाधा उत्पन्न भएको छ भन्ने चेतनाको जागृति हुनुलाई अस्तित्वप्रतिको सचेतताका रूपमा लिन सकिन्छ । जड भविता रहेका बेलासम्म यस पात्रले मालिकको सेवा गरिरहँदा आनन्दको अनुभव गरे पनि जब वृद्ध हुँदै गएको छ त्यस्तो अवस्थामा आफू मालिकबाट अपमानित र तिरष्कृत बन्न थालेपछि मात्र उसमा अस्तित्वप्रतिको सचेतता जागृत भएको हो -"एत्रोमा आएको, यो उमेर भइसक्यो, एक दिन मरिन्छ पनि, आफूचाहिँ नाङ्गाको नाङ्गै- यस्ता मोरा ठूलाठालुको पनि चाकरी गर्नु । उनीहरूको कुक्कुरलाई पनि सलाम गर्नुपर्ने, आफ्नो दशाचाहिँ कुक्कुरभन्दा बिग्रेको" (गौतम, २०३३/२०६४, पृ. २३) । वृद्ध सेवकको यस अभिव्यक्तिमा अस्तित्वप्रतिको सचेतता जागृत भएको देखिएको छ । जीवनभर अर्काको सेवा गरेर बसेको यस पात्रले अन्ततः आफ्नो निजत्व गुमेको अनुभव गरेको छ । पात्रका मनमा जागृत हुने यस्तो अनुभूतिले अस्तित्वप्रतिको सचेततालाई नै बोध गराएको छ । चित् भविताको जागृतिका कारण नै यस वृद्ध पात्रमा मालिकप्रतिको असन्तुष्टिको भाव प्रकट भएको हो । मालिकबाट आफ्नो अस्तित्व लुटिएको बोध यस पात्रमा भएसँगै अस्तित्वप्रति सचेत पनि रहेको छ तर तिनका विरुद्धको विद्रोहको आवाजलाई उनीहरूसम्म पुऱ्याउन भने सकेको देखिँदैन । मालिकको व्यवहार र मनोविज्ञानलाई राम्रोसँग बुझेको यस वृद्ध पात्रले आफू ठगिएको,

हेपिएको र उनीहरूबाट प्रयोग मात्र भएको भन्ने कुराको बोध भएपछि नै उनीहरूप्रति आक्रोशपूर्ण अभिव्यक्ति दिनुले अस्तित्वप्रतिको सचेततालाई बोध गराएको छ ।

*डापी* उपन्यासमा बुद्धिजीवी नामक पात्रले 'कखग' पात्रका विरुद्ध लड्ने भन्ने कुरामा अस्तित्वप्रतिको सचेतता अभिव्यञ्जित भएको छ । नगरकोटी, पत्रकार, दलबहादुर, रविबहादुर जस्ता पात्रले टोलवासीले स्वतन्त्रता प्राप्तिका लागि गरेको सङ्घर्षको अभियानमा केही कमजोरी देखाएर घात गरेका अवस्थामा आफ्नो प्रभुत्व अझ बलियो बन्ने अनुमान गर्दै 'कखग' पात्रले चन्दा उठाएर टोलको विकास गर्ने नाममा आफ्नो स्वार्थ पूरा गर्ने योजना बनाएका छन् । यस्तो अवस्थामा टोलमा एक मान्छेको मृत्यु भएको, 'कखग' पात्रले चौतारो भत्काउने कुरा गरेकाले तिनका विरुद्धको विद्रोहको आवाज बुलन्द गर्ने उपयुक्त अवसर ठान्दै गरेका अवस्थामा केही मानिसबाट 'कखग' पात्रका अनुकूलका व्यवहार गरेपछि विद्रोहको अभियान केही क्षणका लागि पछि परेको छ । यसो भए पनि बुद्धिजीवी जस्ता अस्तित्वशील पात्र अस्तित्वप्रति सचेत छन् भन्ने कुरा उपन्यासको यस साक्ष्यले स्पष्ट पारेको छ :

> हामीले पुलिसलाई भन्ने मात्र साहस जुटाउनुपर्छ, अनि त तिनीहरूलाई गोर्खेलौरी कसेको हेर जति हेर्छौ । त्यसपछि बिस्तारै सान्त्वना दिन्छ -किन आत्तिन्छौ, तिनीहरू जतिसुकै जना हुन्, हामी जति त छैनन्, अनि हामी किन नलड्ने, हामी किन हार्ने, जब कि हामी हाम्रो आफ्नो छुटकारालाई लड्ने हो ? (गौतम, २०३३/२०६४, पृ. २१०)

माथिको उद्धरण उपन्यासको सहायक पात्र बुद्धिजीवीले अभिव्यक्त गरेको हो । यो पात्र आफ्नो अस्तित्वका लागि सङ्घर्ष गर्नुपर्छ भन्ने कुराप्रति सचेत देखिएको छ । 'कखग' पात्रबाट आफूहरूको अस्तित्वमा समस्या आएको र केही मानिसले उनीहरूको प्रयत्नलाई साथ दिए पनि आम डापीवासी भने मुक्तिका निम्ति तिनका विरुद्ध लाग्नुपर्छ भन्ने कुराप्रति सचेत नै रहेका छन् । 'कखग' पात्रको क्रूरताबाट मुक्त नभएसम्म सङ्घर्षलाई निरन्तरता दिने कुरा बुद्धिजीवीले गर्नुले डापीवासी आफ्नो अस्तित्वप्रति सचेत छन् भन्ने स्पष्ट भएको छ ।

*कट्टेल सरको चोटपटक* उपन्यासमा अस्तित्वप्रतिको सचेतता अभिव्यक्त भएको छ । यस उपन्यासको प्रमुख चरित्र कट्टेलले आफ्नो अस्तित्वमा बाधा पुऱ्याउने पक्षका विरुद्ध विद्रोह गर्नुपर्ने कुराप्रति सचेत बनेको कुरालाई आख्यानात्मक रूपमा प्रस्तुत गरिएको छ । चित् भविताको जागृतिसँगै यस पात्रले आफ्नो अस्तित्वमा बाधा सिर्जना गर्ने पक्षका विरुद्ध विद्रोह गर्नुपर्ने कुराप्रति सचेत बनेको देखिन्छ । आफ्नो अस्तित्वका लागि यस पात्रलाई विद्रोहका निम्ति सचेत बन्नुपर्ने परिवेश सिर्जना गरी यस उपन्यासमा अस्तित्वप्रतिको सचेतता व्यक्त गरिएको छ ।

*कट्टेल सरको चोटपटक* उपन्यासमा प्रमुख चरित्र कट्टेलले आफ्नो अस्तित्वमाथि बाधा खडा भएपछि क्याम्पसमा बुझाउन खोजेको राजिनामा पत्रका माध्यमबाट अस्तित्वप्रतिको सचेतता व्यक्त गरिएको छ । चाकडीका भरमा पदमा पुगेको, विद्यार्थी र अन्य व्यक्तिबाट भयभित हुने, शिक्षकलाई भने झपार्ने क्याम्पस प्रमुखले कट्टेलको अध्यापनप्रति असन्तुष्टि व्यक्त गरेको छ । विगत अठार वर्षदेखि राजनीतिशास्त्रको प्राध्यापकका रूपमा इमान्दारिताका साथ कर्म गरेको कट्टेलमाथि कक्षामा राम्रो नपढाएको, राजनीति गरेको जस्ता गम्भीर आरोप लगाएका अवस्थामा त्यसबाट आफ्नो अस्तित्वमाथि गम्भीर सङ्कट उत्पन्न भएको अनुभव कट्टेलले गरेको छ । राजनीतिशास्त्रको प्राध्यापकले राजनीतिक विषयमा छलफल गर्नु प्रसङ्गभन्दा बाहिरको कुरा नभएको अभिव्यक्ति दिएर क्याम्पस प्रमुखका षड्यन्त्रका विरुद्ध सङ्घर्षको प्रारम्भ गरेको छ । यसका अतिरिक्त क्याम्पस प्रमुखबाट लगाइएका मिथ्या आरोपका कारण स्वाभिमानमा चोट पुगेको ठान्दै राजिनामा पत्र तयार पार्नुमा स्वतन्त्रता प्राप्तिको चाहना प्रबल रहेको देखिन्छ । उपन्यासको यस उद्धरणले कट्टेलमा रहेको अस्तित्वप्रतिको सचेततालाई बोध गराएको छ -"अब त ऊ दाह्रै किट्न थाल्यो, त्यो म्यास्साले क्याम्पस चीफ, आइ विल सुट हिम । म त्यसको सारा तन्त्रलाई नै बालिदिन्छु । सालेहरू, आलोचना गऱ्यो रे, पोलिटिक्स गऱ्यो रे" (गौतम, २०३७/२०७५, पृ. ३४) ! कट्टेलको यस अभिव्यक्तिमा ऊ आफ्नो अस्तित्वप्रति सचेत बनेको छ भन्ने स्पष्ट हुन्छ । अठार वर्षदेखि प्राध्यापन गरेको कट्टेलमाथि लागेको गम्भीर आरोपका कारण उसमा चित् भविताको जागृति भएको र त्यसकै परिणामस्वरूप त्यस खराब आचरणका पात्रको सङ्गतबाट मुक्तिका लागि प्रयास गरेको छ । आफ्नो इमानदार स्वभावमा प्रश्न उठाइएपछि कट्टेलले आफ्नो अस्तित्वमाथि बाधा खडा भएको अनुभव गर्दै क्याम्पसमा बुझाउन खोजेको राजिनामा पत्रका माध्यमबाट अस्तित्वप्रतिको सचेतता व्यक्त गरिएको छ ।

*स्वर्गीय हीरादेवीको खोज* उपन्यासमा अस्तित्वप्रतिको सचेतता अभिव्यक्त भएको छ । प्रमुख पात्र कुमारले आफ्नो निजत्वमाथि बाधा पुऱ्याउने पक्षका विरुद्ध प्रतिवाद गर्नुपर्छ भन्ने कुराप्रति सचेत बनेको कुरालाई उपन्यासको आख्यानसँग सम्बद्ध गराई अस्तित्वप्रतिको सचेतता व्यक्त गरिएको छ । चित् भविताको जागृतिसँगै आफ्नो अस्तित्व सुरक्षित गनुपर्छ भन्ने कुराको चेतना विकसित भएपछि नै यस पात्रले विद्रोहका निम्ति सचेत बनेको हो । उपन्यासमा सहायक पात्र सोना अस्तित्वप्रति सचेत देखिएकी छ । जीवनको अन्तिम समयसम्म विद्रोहको स्वरलाई उजागर गरेकी सोनाको मृत्यु जीवनबाट पलायन हुनका लागि नभई षड्यन्त्रका कारण भएको छ । आफ्नो मूल्य सुरक्षित गर्नाका निम्ति विद्रोहप्रति सचेत बन्नुपर्ने परिवेश सिर्जना गरी यस उपन्यासमा अस्तित्वप्रतिको सचेतता अभिव्यक्त गरिएको छ ।

*स्वर्गीय हीरादेवीको खोज* उपन्यासमा अस्तित्वप्रतिको सचेतता कुमार नामक पात्रका माध्यमबाट व्यक्त गरिएको छ । कुमार त्यही चरित्र हो जो त्यस विशाल घरका पुरुष पात्रबाट हुने गरेका यौनजन्य कर्तुतबाट जन्मिएको छ । त्यस घरमा जन्मिए पनि आमाबाबुको परिचयबाट वञ्चित यो पात्र जान्ने भएदेखि नै त्यही घरमा बसेर काम गरिरहेको छ । जड भविताका अवस्थामा रहँदासम्म यस पात्रले त्यस घरको बसाइलाई स्वाभाविक नै ठानेको छ । त्यस घरमा आफ्नो कोही र केही नभएको अनुभूति उसमा हुनु शून्यताको अवस्था हो । यही रिक्तताको बोधपश्चात् नै उसमा चित् भविताको जागृति भएको देखिन्छ । कुमार अस्तित्वप्रति सचेत रहेको कुरालाई यस उद्धरणले स्पष्ट पारेको छ -"अब प्रश्न नोकरीको छ । नोकरी गरेर अलग्ग बस्ने छुट मलाई छ । मलाई मात्र होइन, सबलाई छ । नोकरी नगरे पनि अलग्ग बस्न पाइन्छ" (गौतम, २०४५/२०५७, पृ. ३०) । कुमारमा चित् भविताको सक्रियतासँगै त्यस घरप्रति वितृष्णा देखा परेको छ । त्यस घरमा बसेर आफ्नो निजत्व सुरक्षित हुँदैन भन्ने कुराको बोध हुनु नै अस्तित्वप्रतिको सचेतता हो । नोकरी गर्ने, त्यस घरलाई छाड्ने जस्ता विचार यस पात्रमा आउनुले ऊ आफ्नो अस्तित्वप्रति सचेत बनेको छ र विद्रोहका निम्ति प्रयत्न गरिरहेको छ भन्ने तथ्यलाई पुष्टि गरेको छ ।

*एक शहरमा एक कोठा* उपन्यासमा अस्तित्वप्रतिको सचेतता व्यक्त भएको छ । उपन्यासको सहायक पात्र कर्णप्रसादले आफ्नो अस्तित्वमा समस्या सिर्जना गर्ने पक्षका विरुद्ध विद्रोह गर्नुपर्ने कुराप्रति सचेत बनेको कुरालाई आख्यानात्मक रूपमा प्रस्तुत गरिएको छ । आफ्नो अस्तित्वमा समस्या सिर्जना गर्ने पक्षका विरुद्ध यस पात्रले देखाएको सक्रियताले अस्तित्वप्रतिको सचेततालाई बोध गराएको छ । विद्रोहबाट मात्र आफ्नो अस्तित्व सुरक्षित गर्न सकिन्छ भन्ने कुराप्रति यो पात्र सचेत बन्ने परिवेश सिर्जना गरी यस उपन्यासमा अस्तित्वप्रतिको सचेतता अभिव्यक्त गरिएको छ ।

*एक शहरमा एक कोठा* उपन्यासमा एक सहायक पात्र कर्णप्रसादले आफूले काम गर्ने कार्यालयमा उचित कदर नभएका कारण आफ्नो अस्तित्वमा समस्या र अपमान भएको अनुभव गर्दै विद्रोहको स्वर अभिव्यक्त गरेको छ । आफ्नो योग्यता र क्षमताको उचित कदर नभएकामा यस पात्रले असन्तुष्टि त पटक पटक पोखेकै छ । ठुलो परिवार रहेको र परिवारका सदस्यले सही मार्ग अवलम्बन नगरेका कारण यस पात्रमा जीवनप्रतिको निरर्थकताको अनुभूति हुँदै गएको छ । त्यसका अतिरिक्त आफ्नो योग्यता र क्षमताको उचित कदर कार्यालयमा नहुँदा थप पीडानुभव भएको छ । उसका जीवनमा आइपरेका यस्ता कारणबाट नैराश्यभाव जागृत भए पनि कर्म र सङ्घर्षबाट विचलित भएको छैन । आफूले काम गर्ने कार्यालयमा सुरुका क्षणमा त उसलाई स्वाभाविक लागे पनि चाकडी गर्नेहरूको सम्मान हुनु, आफ्नो भने बसौँसम्म पदोन्नति नहुनु,

आफ्नो योग्यता र क्षमताको उचित कदर नहुनु जस्ता कुराको बोध भएपछि उसमा अस्तित्वप्रतिको सचेतता जागृत भएको हो -"म ? म जलाइदिन्छु त्यो अफिसलाई एक दिन, म्या ... के ठान्याछन् मलाई ? हाकिमलाई मेचमा बाँधेर गोली ठोकिदिन्छु, भ्याक्नेहरू, मसँग जोरी खोज्ने ? मसँग ?' ऊसले आफ्नो आवेश जसरी प्रकट गर्ने गर्थ्यो त्यसरी नै गऱ्यो .... 'त्यस्तै छन् भनेर हुन्छ ? मेरा छोराछोरीहरू मान्छन्" (गौतम, २०४६, पृ. ९५) ? उपन्यासमा कर्णप्रसादमा विद्रोहात्मक चेत जागृत हुने कारण उसको क्षमताको उचित कदर नहनु नै रहेको देखिन्छ । उपन्यासमा कर्मचारीतन्त्रमा देखा परेका अव्यवस्था, मनपरी, हाम्रालाई च्याप्ने र राम्रालाई फ्याँक्ने जस्ता गलत प्रवृत्तिबाट कर्णप्रसाद जस्ता सत्, इमान्दार र क्षमतावान् कर्मचारी प्रताडित बन्नुपरेको वास्तविकतालाई उपन्यासमा नाटकीकरण गरिएको छ । यस उपन्यासमा अस्तित्वप्रतिको सचेतता अभिव्यक्त हुने बाह्य कारणमा देशभित्रको कर्मचारीतन्त्रको अव्यवस्था र आन्तरिक कारणमा कर्णप्रसादमाथि हुने गरेका अन्यायलाई लिन सकिन्छ । आफ्नो अस्तित्वमाथि अपमान भएको छ भन्ने कुराप्रति कर्णप्रसाद सचेत भएर नै हाकिम र कार्यालयप्रति आक्रोश प्रकट गरेको देखिएको छ । यसले विद्रोहका लागि अभिव्यक्ति दिए पनि विद्रोहात्मक कार्य भने गरेको छैन । आफ्नो निजत्वमाथि समस्या सिर्जना गर्ने कार्यालयभित्रका क्रियाकलापका कारण कर्णप्रसाद विद्रोह गर्नुपर्ने कुराप्रति सचेत बनेको देखिन्छ ।

*सहस्राब्दीको अन्तिम प्रेमकथा* उपन्यासमा अस्तित्वप्रतिको सचेतता अभिव्यक्त भएको छ । उपन्यासकी प्रमुख स्त्री चरित्र समिधाले आफ्नो निजत्वमा बाधा सिर्जना भएपछि त्यसका विरुद्ध प्रतिवाद गर्ने कुराप्रति सचेत बनेको कुरालाई आख्यानसँग सम्बद्ध गराई अस्तित्वप्रतिको सचेतता व्यक्त गरिएको छ । जड भविताबाट माथि उठेर चित् भविताका अवस्थामा पुगेपछि नै यस पात्रमा आफ्नो अस्तित्व सुरक्षित गर्नुपर्ने कुराप्रति सचेतता देखिएको हो । विद्रोहबाट मात्र आफ्नो अस्तित्व सुरक्षित गर्न सकिन्छ भन्ने कुराप्रति यो पात्र सचेत बन्ने परिवेश सिर्जना गरी यस उपन्यासमा अस्तित्वप्रतिको सचेतता अभिव्यक्त गरिएको छ ।

अस्तित्वमाथि सङ्कट आउने खालका गतिविधिका कारण मानिसमा विद्रोहको सोचाइ जागृत हुन्छ भन्ने अस्तित्ववादी जीवनदृष्टिको मान्यतालाई *सहस्राब्दीको अन्तिम प्रेमकथा* उपन्यासमा प्रमुख स्त्रीचरित्र समिधाले विग्रहका विरुद्ध व्यक्त गरेको प्रतिक्रियाका माध्यमबाट अभिव्यक्त गरिएको छ । समिधाको रूप र सौन्दर्यबाट प्रभावित विग्रहले उसलाई प्राप्त गर्नाका लागि गरेको प्रयत्न उसको एक्लै हो भन्ने कुराको बोध समिधालाई रहेको देखिन्छ । जड भविताका अवस्थामा रहँदाका अवस्थामा विग्रहले गरेको प्रयत्नलाई समिधाले स्वाभाविक नै ठानेकी छ । पछि विग्रह स्वयम्ले समिधालाई प्राप्त गर्नाका लागि कान्तिको सहयोग लिएको अनि उसलाई पेन र साडी उपहार दिएको भन्ने कुराको अभिव्यक्तिले निकै सचेत बनाएको छ । यसै कुराको बोधका

कारण समिधामा चित् भविताको जागृति भएको छ । आफ्नो अस्तित्व, स्वाभिमान र नैतिकता जस्ता पक्षलाई समाप्त पार्नाका लागि अर्कै पात्र कान्तिलाई उपयोग गरिएको घटना उसका लागि पेचिलो बनेको छ । केही समय पर्खन नसकेको, आफूभन्दा पहिले अरूलाई उपहार दिएको तथा प्रेमको अवमूल्यन गरेको अनुभूति समिधामा हुनुले उसमा चित् भविताको सक्रियता रहेको देखिन्छ । यसैको सक्रियताका कारण आक्रोशित बनेकी समिधालाई शान्त पार्नाका लागि विग्रहले प्रयत्न गरे पनि समिधाले उसको कुरालाई विश्वास गरेकी छैन :

> साडी किन दिएको भन ? तिमीलाई लाज लाग्दैन, अरू केटीलाई साडी जस्तो उपहार दिँदै हिंड्न ? .... केही दिन अरू पर्खेर बस्न सक्तैन ? तिमीले मभन्दा अगि उसलाई उपहार दिएर मेरो अपमान गरेका छौ । सारी जस्तो कुराद्वारा प्रेमको मूल्याङ्कन गरेर तिमीले त्यसलाई स्तरहीन बनाइदियौ । .... 'तिम्रो कुरा म सुन्दै सुन्दिनँ । म तिमीसित भेट्न पनि चाहन्न । (गौतम, २०५६, पृ. ६३)

माथिको उद्धरण समिधाले अभिव्यक्त गरेकी हो । मानिसको स्वाभिमानमा चोट पुग्ने खालका गतिविधिले नै ऊ अस्तित्वप्रति बढी सचेत बन्ने गर्दछ । समिधाले विग्रहलाई स्वीकार नगर्ने अनेक प्रयत्न गरिरहँदा पनि विग्रहले निरन्तर गरेको प्रयासबाट प्रभावित बनेकी समिधाले अन्ततः आफूलाई प्राप्त गर्नाका लागि अर्कै पात्रलाई उपहारसमेत दिएर उपयोग गरेको घटनाले उसको स्वाभिमानमा चोट पुगेको छ । परिणामस्वरूप विग्रहलाई भेट्न नचाहनुमा ऊ आफ्नो अस्तित्वप्रति सचेत छ भन्ने कुरा स्पष्ट भएको छ । एउटी युवतीलाई प्रभाव पार्नाका लागि विग्रहले गरेको प्रयत्न उसका कोणबाट उपयुक्त नै देखिए पनि समिधाका कोणबाट सर्वथा अनुपयुक्त नै हो । तसर्थ विग्रहले गरेको कर्मले आफ्नो अस्तित्वमाथि गम्भीर समस्या उत्पन्न भएको छ भन्ने कुराको बोध समिधामा हुनु अस्तित्वप्रतिको सचेतता रहेको देखिन्छ । विग्रहले गरेका गलत कर्मबाट आफ्नो स्वाभिमानमा समस्या आएको अनुभव गर्दै समिधाले त्यसका विरुद्ध व्यक्त गरेको प्रतिक्रियाका माध्यमबाट अस्तित्वप्रतिको सचेतता अभिव्यक्त गरिएको छ ।

*भीमसेन-४ को खोजी* उपन्यासमा अस्तित्वप्रतिको सचेततालाई केन्द्रीय कथ्य बनाइएको छ । एक विद्रोही, एक युवक, कोलम्बस-समूह र एकचक्रावासीले आफ्नो अस्तित्वमा समस्या सिर्जना गर्ने पक्षका विरुद्ध विद्रोह गर्नुपर्ने कुराप्रति सचेत बनेका छन् । यी पात्र तर्कासुरले गरेको क्रूरतापूर्ण, अमानवीय व्यवहारबाट दिक्क बनेका र ती समस्याबाट उन्मुक्त हुन चाहनु अस्तित्वप्रतिको सचेतता हो । चित् भविताको सक्रियतासँगै यी पात्र आफ्नो अस्तित्वप्रति सचेत बनेका हुन् । अस्तित्वका लागि प्रयत्न गरिरहँदा समस्या सिर्जना गर्ने पक्षका विरुद्ध विद्रोह गर्ने कुराप्रति सचेत बन्नुपर्ने परिवेश सिर्जना गरी यस उपन्यासमा अस्तित्वप्रतिको सचेतता अभिव्यक्त गरिएको छ ।

*भीमसेन-४ को खोजी* उपन्यासमा कोलम्बस-समूहका एक विद्रोही र एक युवक पात्रले एकचक्रा नगरीबाट उन्मुक्तिका लागि विद्रोह गर्ने कुराप्रति सचेत बनेको सन्दर्भका माध्यमबाट अस्तित्वप्रतिको सचेतता अभिव्यक्त गरिएको छ । आर्थिक समुन्नतिका माध्यमबाट सुखपूर्ण जीवन व्यतीत गर्ने तीव्र मनसायका साथ अमेरिका हिँडेको कोलम्बस-समूहले कोसी नदीबाट यात्रारम्भ गरेपश्चात् एकचक्रा नगरी प्रवेश गरेपछि उनीहरूमा समस्या उत्पन्न भएको हो । तर्कासुर नरभक्षण गर्ने, शान्तिका प्रतीक परेवा उडाएर वाण हानी खसाल्ने, युवतीहरूसँग सात तारे होटलमा समय बिताउने, उनीहरूलाई गर्भवती बनाउने जस्ता आतङ्क, अन्याय, अत्याचार र अमानवीय व्यवहार गरेर एकचक्रामा आफ्नो प्रभावलाई बलियो बनाएर बसेको पात्रका रूपमा यस उपन्यासमा देखिएको छ । यसले बौद्धिक, लेखक, विद्रोहीलाई आफ्नो आहार नबनाउने नीति अवलम्बन गरेको छ । कोलम्बस-समूहमा पनि त्यस्तै प्रकृतिका मानिसहरूसमेत भएकाले आफूहरू उसको आहार बन्न नपर्ने कुरामा ढुक्क भए पनि एकचक्रावासीलाई दिनहुँ भक्षण गरेका दृश्यबाट भने उनीहरू प्रताडित रहेका छन् । तर्कासुरद्वारा सिर्जित भयलाई कति दिनसम्म सहने भन्ने कुरा नै मूल प्रश्न बनेर बसेको छ । यसै क्रममा कोलम्बस-समूहको एक वृद्धले दुर्वाश्रय ऋषिसँग सम्बन्धित कथा सुनाएको छ । ती ऋषि श्रीखण्डको लोभमा परेर आफ्नो आश्रय रहेको जङ्गल छाडेपछि गएको जङ्गलको राक्षसले उसको सिद्धिको फलको अपेक्षा गरेको, त्यसो नभए बाहिर निस्कन नदिने र ऋषिको आहार दुवो पनि सखाप पारिदिने चेतावनी दिएपछि ती ऋषिले पुरानो जङ्गललाई स्मरण गरेको कुरालाई प्रस्तुत गरेपछि एक विद्रोहीले विद्रोह गर्ने कुरा गरेको छ :

> त्यसमा एउटा विद्रोही बोल्यो- 'यसरी कथा मात्र हालेर हाम्रो मुक्ति सम्भव छैन । विद्रोह भएन भने, त्यो आफ्नो मनुष्यजन्म व्यर्थ तुल्याएर बस्छ । त्यसबाट विद्रोह गर्नुपऱ्यो ।' -'त्यसमा हाम्रो आवाजलाई शान्त पार्ने तागत छ ।' -'त्यसैले त विद्रोह चाहियो, नत्रभने त विद्रोह पनि चाहिन्नथ्यो ।' युवकले भन्यो । त्यसपछि हामी मुक्तिको उपाय सोच्दै समय बिताउन थाल्यौँ । (गौतम, २०६१, पृ. ३६)

माथिको उद्धरण एक विद्रोही स्वभावको युवकले अभिव्यक्त गरेको हो । एकचक्रा नगरीमा तर्कासुरद्वारा बन्दी बनाइएको कोलम्बस-समूहले त्यहाँबाट उन्मुक्ति पाइएला भन्ने अपेक्षा गरिरहे तर दिनप्रतिदिन त्यसका कर्तुतजन्य गतिविधिका दृश्यले अब आफूहरूको उन्मुक्ति स्वाभाविक छैन भन्ने कुराको बोध तिनीहरूलाई हुन थालेको छ । आफ्नो अस्तित्व सुरक्षित गर्नाका लागि तर्कासुरका विरुद्ध विद्रोह गर्नुपर्छ भन्ने कुराको चेतना त्यस समूहमा जागृत हुन थालेको छ । कोलम्बस-समूहमध्येका एक विद्रोही र एक युवक पात्रले एकचक्रा नगरीको शासक तर्कासुरको बन्धनबाट मुक्त हुनका लागि विद्रोह गर्नै पर्ने कुरा गर्नुले उनीहरू आफ्नो अस्तित्वप्रति सचेत रहेका छन् भन्ने कुरा स्पष्ट भएको छ ।

*भीमसेन-४ को खोजी* उपन्यासमा कोलम्बस-समूह र एकचक्रावासीले आफ्नो अस्तित्व सुरक्षित गर्नाका लागि भीमको खोजी गर्ने कुरा गरेको सन्दर्भका माध्यमबाट अस्तित्वप्रतिको सचेतता प्रस्तुत भएको छ । एकचक्रा नगरीमा माछा, हाँस, परेवाका फार्म रित्तो पारेर व्यवसाय गर्न नसकिने वातावरण बन्नु, अनुसन्धान नहुनु जस्ता समस्याका कारण मानिसको अधोगति भइरहेको थियो । मान्छेका अस्तित्वमाथि तर्कासुरले एकछत्र आक्रमण गरिरहेको दृश्यलाई कोलम्बस-समूहले प्रत्यक्ष अवलोकन गरिरहेको थियो । सङ्कलक जस्तो एक्लो सन्तान जसले इमानदारीका साथ कडा परिश्रम गरेर वृद्ध बाआमालगायत आठजनाको परिवारको जीवनरक्षा गरिरहेको र एक बहिनीको कुलीन घरमा बिहेको समेत बन्दोबस्त गरिरहेको थियो । त्यस परिवारका लागि अत्यावश्यक पात्र सङ्कलकलाई आफ्नो आहार बनाउने सूचनाका बारेमा यस समूहले जानकारी प्राप्त गरेपछि उनीहरूमा तर्कासुरका विरुद्ध विद्रोह गर्नुपर्छ भन्ने भावना अझ घनीभूत बनेको छ :

> निकै समय सोचेपछि उही पहिलेकै विद्रोही युवकले भन्यो- 'यस राक्षसका लागि पनि त कुनै भीमसेन होला, जसरी ऊ राक्षसका लागि थियो ?' हुन सक्छ । चित्त बुझ्यो । लौ अब यसका लागि एउटा नयाँ भीमसेन खोज्नुपऱ्यो । सब भीम खोज्न थाले । पूरा एकचक्रा नगरी भीम खोज्न थाल्यो । सङ्कलक जस्तो निर्दोषको प्राण जोगाउनैपर्दछ । (गौतम, २०६१, पृ. ४०)

माथिको उद्धरण एक विद्रोही युवकले अभिव्यक्त गरेको हो । द्वापरयुगमा एकचक्रा नगरीमा आतङ्क मच्चाउने असुरलाई भीमसेनले समाप्त पारेजस्तै यस युगमा पनि सोही किसिमको आतङ्क सिर्जना गर्ने तर्कासुरलाई समाप्त पार्नाका निम्ति अर्को भीमसेनको खोजी गर्नुपर्ने कुराप्रति कोलम्बस-समूह र एकचक्रावासी सचेत देखिएका छन् भन्ने कुरा यस विद्रोही युवकको अभिव्यक्तिले स्पष्ट पारेको छ । कोलम्बस-समूह र एकचक्रावासीले भीमका माध्यमबाट आफ्नो अस्तित्व सुरक्षित हुने अपेक्षासहित त्यस पात्रको खोजी गर्ने कुरा गरेको सन्दर्भले अस्तित्वप्रतिको सचेतता अभिव्यञ्जित गरेको छ ।

### ५.३.२ स्वतन्त्रता प्राप्तिका निम्ति सङ्घर्ष

मानिस अस्तित्वका लागि प्रयत्नरत रहेका अवस्थामा समस्या सिर्जना गरिएमा त्यसको प्रतिवाद गरेको हुन्छ भन्ने अस्तित्ववादी जीवनदृष्टिको मान्यता स्वतन्त्रता प्राप्तिका निम्ति सङ्घर्ष हो । अस्तित्वशील मानिसले आफ्नो जीवनमा आइपरेका विसङ्गत पक्षका विरुद्ध प्रतिवाद गरेको हुन्छ । किर्केगार्डले मानिसका जीवनमा आइपर्ने विसङ्गतिपूर्ण र निराशाजनक कुरालाई नियममा बाँध्नु तर्कपूर्ण हुँदैन भन्ने धारणा प्रस्तुत गरेका छन् (Camus, 1942/1979, p. 9) । उनको यस अभिमतले मानवस्वतन्त्रतालाई बोध गराएको छ । मानिसले आफ्नो अस्तित्वका लागि जीवनमा

आइपर्ने विसङ्गत पक्षका विरुद्ध उसले प्रतिवाद गर्नुपर्छ । मानिसको अस्तित्वमा बाधा सिर्जना गर्ने आखिर मानिस नै भएकाले यिनीहरूका बिचमा द्वन्द्वात्मक खालको सम्बन्ध रहेको हुन्छ । मानिसले अरूका बारेमा चासो राख्ने, ईर्ष्या गर्ने तथा उन्नतिका क्षणमा पीडाको अनुभूति गर्ने गर्दछ । उसले नै अस्तित्वशील मानिसको अस्तित्वमा बाधा सिर्जना गरेको हुन्छ । मानिसले आफ्नो अस्तित्वमा बाधा सिर्जना भएपछि त्यसका विरुद्ध गरेको प्रतिवाद स्वतन्त्रताका निम्ति सङ्घर्ष हो । विद्रोही मानिसका हरेक कार्यमा विद्रोहको भाव देखिएको हुन्छ । विद्रोहीको आवाज अस्वीकृतिसँग जोडिएको हुन्छ । मानिसले आफ्नो मूल्यका लागि विसङ्गति र व्यवधानका विरुद्ध विद्रोह गरेको हुन्छ (Camus, 1956/1991, p. n. d.) । अस्तित्वशील मानिसले विद्रोहका माध्यमबाट मात्र आफ्नो अस्तित्व सुरक्षित हुन्छ भन्ने कुराको बोध गर्दै व्यवधानका विरुद्ध आफूलाई सक्रिय बनाएको हुन्छ । कामुले हिंसात्मक क्रियालाई अस्वीकार गरेका छन् । उनले मानिसले आफ्नो स्वतन्त्रताको उपयोग गरी अपमानका विरुद्ध आवाज उठाउनुपर्छ भनेका छन् (सक्सेना र मिश्र, सन् १९८८, पृ. २५६) । उनले आफ्नो निर्मितिका लागि व्यवधानका विरुद्ध सक्रिय बन्दा अरूलाई आघात पुऱ्याउन नहुने तर्क गरेका छन् । मानिसले आफ्नो अस्तित्वका लागि प्रयत्न गरेका अवस्थामा उसको स्वाभिमानमा आघात पुऱ्याएमा त्यसका विरुद्ध प्रतिवादमा लाग्नुपर्छ । यस प्रतिवादलाई स्वतन्त्रता प्राप्तिका लागि गरिएको सङ्घर्षका रूपमा लिइएको छ । उपन्यासका पात्रले आफ्नो अस्तित्वमा अन्य पक्षबाट समस्या सिर्जना गरिँदा तिनको प्रतिवाद गरेका घटनालाई आख्यानात्मक रूपमा प्रस्तुत गरी स्वतन्त्रता प्राप्तिका निम्ति सङ्घर्ष अभिव्यक्त गरिएको हुन्छ ।

*डापी* उपन्यासमा स्वतन्त्रता प्राप्तिका निम्ति सङ्घर्षलाई केन्द्रीय कथ्य बनाइएको छ । मानिसले आफ्नो अस्तित्वमाथि बाधा सिर्जना भएपछि त्यसका विरुद्ध गर्ने सङ्घर्ष नै स्वतन्त्रता प्राप्तिका निम्ति सङ्घर्ष हो भन्ने अस्तित्ववादी जीवनदृष्टिको मान्यतालाई *डापी* उपन्यासमा आख्यानात्मक रूपमा प्रस्तुत गरिएको छ । मानिसले आफ्नो अस्तित्वका लागि गरेको प्रयत्नमा अन्य पक्षबाट गरिएको व्यवधानका विरुद्ध उसले गरेको प्रतिवादले स्वतन्त्रता प्राप्तिका निम्ति सङ्घर्षलाई बोध गराएको हुन्छ भन्ने मान्यता यस जीवनदृष्टिको रहेको छ । अस्तित्ववादी जीवनदृष्टिको यस मान्यतालाई सार्थक पार्नाका निम्ति *डापी* उपन्यासमा एक वृद्ध दम्पतीको छोरो, विक्रम, डापीवासी र ज्यापुले सङ्घर्ष गर्नुपर्ने परिवेश सिर्जना गरी अभिव्यक्त गरेको देखिन्छ ।

स्वतन्त्रता प्राप्तिका लागि डापीवासीले निरन्तर सङ्घर्ष गरिरहेका छन् भन्ने कुरा *डापी* उपन्यासमा 'कखग' पात्रलाई परास्त गर्नाका निम्ति विक्रमले सामर्थ्यवान् व्यक्तिको खोजी गरिरहेको घटनाले पुष्टि गरेको छ । डापीटोलमा आतङ्क सिर्जना गरेर आफ्नो प्रभुत्व स्थापना गरिरहेका 'कखग' पात्रका विरुद्धको अभियानमा नगरकोटी, दलबहादुर, पत्रकार जस्ता पात्रबाट टोलवासीका इच्छाविपरीतका कार्य गरिए पनि समग्र टोलवासीको विद्रोहको भावना भने मत्थर

भएको देखिँदैन । अस्तित्व प्राप्तिका लागि गरिएका प्रयत्नमा विफलता प्राप्त हुँदा जीवनप्रति निरर्थकता भाव जागृत भए पनि त्यसै निरर्थकतामा कुण्ठित नभई आफ्नो अस्तित्वको लडाइँलाई निरन्तरता दिने नेतृत्वदायी भूमिकाको निर्वाह उपन्यासको प्रमुख चरित्र विक्रमका माध्यमबाट भएको छ । उसले 'कखग' पात्रलाई परास्त गर्नाका लागि अन्य बलशाली पात्रको खोजी गरेको छ भन्ने कुरालाई तलको साक्ष्यले स्पष्ट पारेको छ :

> बाल्यकालको नायक यहीँ आएको छ, त्यो पनि हाम्रो यस्तो परिस्थितिमा, मलाई निकै उत्साह जागेर आयो । योसित भेट्नैपर्छ, यो आफ्नो पुरानो नाइकेसित हुन सक्छ, प्रेमले नै मेरो मुख हेरेर केही गरोस् । नसक्नु के छ र ? एउटा पुरानो घटनाको सम्झना भएर आयो । प्रेमले एक पटक कस्तो बहादुरी देखाएको थियो । (गौतम, २०३३/२०६४, पृ. २५७)

विक्रमद्वारा व्यक्त भएको यस उद्धरणले उसमा स्वतन्त्रता प्राप्तिको चाहना रहेको छ भन्ने कुरा स्पष्ट पारेको छ । बाल्यकालको यस्तो सामर्थ्यवान् पात्र प्रेमबाट 'कखग' पात्रलाई परास्त गर्ने अपेक्षा विक्रमले राख्नु उसमा जागृत विद्रोही चेतना हो । बाल्यकालमा आफूसँगै खेल्ने विद्रोही स्वभावको साथी प्रेम काठमाडौँ आएको खबरसँगै उसैबाट 'कखग' पात्रलाई परास्त गर्न सकिने अपेक्षा राखेको विक्रमले उसबाट सम्भावना नदेखेपछि निराश बने पनि त्यसैमा कुण्ठित नभई आफ्नो प्रतिरोधी चेतनालाई अरू सशक्त तुल्याएको छ । सङ्घर्षका क्रममा पटक पटक विफलता झेले पनि विक्रम आफ्नो स्वतन्त्रता र निजत्वका लागि सङ्घर्ष गरिरहेको छ । विक्रमलगायतका टोलवासीको सङ्घर्षका कारण 'कखग' पात्रमा विस्तारै भयको वातावरण सिर्जना भए पनि तत्काल टोललाई छाड्ने मनोविज्ञान नबनाएका ती खलपात्रलाई परास्त गर्नाका लागि पहलमान भीमबहादुर उपयोगी हुने ठान्दै उसका सामु चौतारो, पर्खाल र ज्यापुका विषयमा कुरा गरेर 'कखग' पात्रका विरुद्धको विद्रोह र आफ्नो स्वतन्त्रता प्राप्तिको सङ्घर्षलाई तीव्र बनाउने प्रयत्न विक्रमले गरेको छ । भीमबहादुरले 'कखग' पात्रलाई परास्त गर्ने भने पनि 'कखग' पात्रका सामु ऊ पनि कमजोर देखिएकाले तत्काल उनीहरूको विद्रोहले सार्थकता प्राप्त गर्न सकेको देखिँदैन । यस्तो अवस्थाबाट विचलित नभई 'कखग' पात्रलाई परास्त गर्नाका निम्ति विक्रमले शक्तिशाली मान्छे खोजी गरिरहेको घटनाले ऊ स्वतन्त्रता प्राप्तिका लागि सङ्घर्षरत रहेको स्पष्ट भएको छ ।

अन्याय, अत्याचार, दमनले जहाँ चरम रूप लिन्छ त्यहाँका मानिसमा अस्तित्वका लागि सङ्घर्ष गर्नुपर्छ भन्ने चेतना जागृत हुन्छ भन्ने मान्यतालाई *डापी* उपन्यासमा एक वृद्ध दम्पतीको छोराले 'क' पात्रका विरुद्ध दिएको अभिव्यक्तिका माध्यमबाट व्यक्त गरिएको छ । जीवनभरको कमाइबाट जोडिएको खेतलाई नक्कली तमसुक निर्माण गरेर कब्जा गरेपछि वृद्ध दम्पती जीवननिर्वाहका लागि नाङ्लो पसल थापेर बसेका छन् । उनीहरूबाट 'कखग' पात्रले उधारो

खाएको रकम तिर्नुको सट्टा चुनाव जित्न बाँडेको पचास रुपियाँ फिर्ता मागेका र तिर्न नसकेकामा वृद्धलाई निर्घात कुट्दै घोडा चढाएको घटनाले उनीहरूको छोरो दुःखी बनेको छ । 'कखग' पात्रले आफ्नो बाबुमाथि निर्घात आक्रमण गरेर आफूहरूको अस्तित्वमा समस्या पुऱ्याएको बोध त्यस बालकमा भएको देखिन्छ । यसै कारण वृद्ध दम्पतीको छोरामा 'कखग' पात्रका विरुद्धको विद्रोहको भावना जागृत भएको देखिन्छ । 'कखग' पात्रको व्यवहारले आफूहरूको अस्तित्वमाथि गम्भीर आक्रमण भएको, आफूहरू पशुसरहसमेत हुन नसकेको बोध भएपछि तिनका विरुद्ध लाग्नुपर्छ भन्ने भावनाको विकास त्यस दम्पतीपुत्रमा भएको छ भन्ने कुरालाई उपन्यासको यस साक्ष्यले स्पष्ट पारेको छ -"एक दिन कले छोरोचाहिँसित सोध्यो- 'तिम्रो नाउँ के हो बाबू ?' केटोले जो डराउन त तिनीहरूसित डराउँथ्यो, त्यस बखत बाबुमाथिको अत्याचारको झोकमा भनिदियो- 'तेरो बाउ" (गौतम, २०३३/२०६४, पृ. १३३) । त्यस केटाले 'क' पात्रका विरुद्ध निन्दाजनक पदावलीको प्रयोगका माध्यमबाट विद्रोहको भाव व्यक्त गरेको छ । आफू र आफ्नो परिवार अन्यायमा परेको अनुभूतिपश्चात् त्यस वृद्ध दम्पतीको पुत्रमा अस्तित्वप्रतिको सचेतता जागृत भएको हो । यही सचेतताका कारण नै वृद्ध दम्पतीको छोराले समाजमा प्रतिष्ठा प्राप्त पात्रबाट नै आफ्नो परिवारमाथि गरेको अमानवीय व्यवहार सहनु उचित नठानी तिनका विरुद्ध विद्रोह गर्नुपर्ने आशयसहितको अभिव्यक्ति दिनु स्वतन्त्रताका निम्ति गरिएको सङ्घर्षपूर्ण अभिव्यक्ति हो भन्ने कुरा स्पष्ट भएको छ ।

मानिस आफ्नो निजत्वमाथि आक्रमण भएपछि त्यसबाट सचेत बन्दै आफ्नो अस्तित्व रक्षाका लागि अग्रसर बन्ने कुरालाई *डापी* उपन्यासमा डापीटोलवासीमा 'कखग' पात्रप्रति जागृत विद्रोहको भावनाले पुष्टि गरेको छ । उपन्यासको आरम्भदेखि अन्त्यसम्म नै खराब काम गरी खलपात्रका रूपमा कुख्यात बनेका 'कखग' पात्रका विरुद्धमा लाग्नुपर्ने चेतना त्यहाँका बासिन्दामा जागृत भएको छ । 'कखग' पात्रका आतङ्क, क्रूरता, हत्या, बलात्कार, कुटपिट जस्ता कर्तुतबाट प्रताडित डापीवासीमा आफ्नो अस्तित्वका लागि सङ्घर्ष गर्नुपर्छ भन्ने चेतनाको विकास भएको छ । पर्खाल निर्माणका विषयमा अज्ञानतावश समर्थन जनाए पनि चौतारो भत्काउने विषयमा तीव्र विमति जाहेर गर्दै आफ्नो अस्तित्वप्रतिको सचेततालाई प्रस्तुत गरेका छन् । पर्खाल भत्काइएको छ भन्ने उपन्यासको यस उद्धरणले डापीवासी स्वतन्त्रताका निम्ति सङ्घर्षमा सक्रिय रहेका छन् भन्ने कुरा स्पष्ट भएको छ :

> पर्खाल टालियो । तर अचम्म के भने भोलिपल्ट फेरि त्यो त्यसै ठाउँमा भत्केको देखियो । दुई-तीन फेर टालियो, दुई-तीन फेरै भत्कियो । हार भएर त्यहाँ एउटा पाले राखे । भोलिपल्ट अलि परतिर अर्को ठाउँमा भत्कियो । क ख ग झन्झन् चर्किन्थे ।

पर्खालसँगसँगै, तर तिनीहरूको क्रोध देखेर अब भय होइन, केही सीमासम्म हाँसोको भावना आउँथ्यो । (गौतम, २०३३/२०६४, पृ. २७९)

माथिको उद्धरणले डापीवासीमा 'कखग' पात्रका विरुद्ध विद्रोहात्मक क्रियाकलाप सशक्त बन्न थालेको स्पष्ट भएको छ । प्रतिष्ठा र सुरक्षाको प्रतीक बनेको पर्खाल दिनहुँ भत्काइएपछि कमजोर अनुभव गरेका 'कखग' पात्र अन्ततः टोल नै छाड्न बाध्य भएका छन् । पर्खाल भत्काउने व्यक्ति अदृश्य रहे पनि 'कखग' पात्रबाट प्रताडित डापीवासीबाट नै त्यो कर्म भएको भन्ने अनुमान सहजै गर्न सकिन्छ । उपन्यासमा घटित 'कखग' पात्रको प्रतिष्ठामा आँच पुऱ्याउने खालका घटनाको निरन्तरताले डापीवासी स्वतन्त्रता प्राप्तिका लागि सङ्घर्षरत रहेका छन् भन्ने कुरा स्पष्ट भएको छ ।

*डापी* उपन्यासमा डापीवासी आफ्नो अस्तित्वका लागि 'कखग' पात्रका विरुद्ध सक्रिय बनेका घटनालाई प्रस्तुत गरिएको छ । 'कखग' पात्र हत्या, अन्याय र आतङ्कका प्रतीक बनेका छन् । तिनले सिर्जना गरेका भयका विरुद्ध सङ्घर्ष गरी आफ्नो अस्तित्व सुरक्षित गर्ने प्रयत्नमा डापीवासी रहेका छन् । डापीवासीले आयोजना गरेको पिकनिकमा 'कखग' पात्रलाई सहभागी नगराइनु स्वतन्त्रताका लागि गरिएको सङ्घर्ष हो भन्ने कुरा स्पष्ट भएको छ । आफूहरूले गरेको विद्रोहात्मक कर्मका कारण मनोवैज्ञानिक रूपमा 'कखग' पात्र कमजोर बनेका छन् । चौतारो भत्काउनका लागि 'कखग' पात्रले गरेको आग्रह सफल नहुनु, डापीवासीले आयोजना गरेको पिकनिकमा 'कखग' पात्रलाई सहभागी नगराइनु जस्ता डापीवासीका क्रियाकलापले 'कखग' पात्रका विरुद्धको सङ्घर्षलाई प्रतिबिम्बित गरेका छन् । डापीवासी आफ्नो अस्तित्वका लागि 'कखग' पात्रका विरुद्ध सक्रिय बनेका घटनाले उनीहरू आफ्नो अस्तित्व सुरक्षित गर्ने प्रयत्नमा रहेका छन् भन्ने स्पष्ट भएको छ ।

चरम दमनका कारण आफ्नो अस्तित्व र स्वतन्त्रतामा गम्भीर सङ्कट उत्पन्न भएपछि त्यसको प्रतिरोधमा मानिस उत्रनु अस्तित्वप्रति सचेत बन्नु रहेको देखिन्छ । *डापी* उपन्यासमा टोलवासीको सुरक्षार्थ निर्मित भनिएको पर्खालको भत्काइ र टोलवासीले 'कखग' पात्रका विरुद्ध गरेका सङ्घर्षले उनीहरू आफ्नो अस्तित्व सुरक्षित गर्नाका निम्ति प्रतिबद्ध रहेका छन् भन्ने कुरा स्पष्ट भएको छ । टोलवासीमाथि कुटपिटको शृङ्खला चलाइरहेका 'कखग' पात्रले पुनः एक मजदुरमाथि आक्रमण गरेर भयको वातावरणलाई कायमै राखी आफ्नो प्रभुत्वलाई जोगाइराखेका छन् । 'कखग' पात्रको स्वाभिमानको प्रतीक बनेको पर्खाल दिनहुँ चर्किने र भत्किने गरेको घटना नै यिनलाई कमजोर सिद्ध गर्ने पहिलो घटना बनेको छ । पर्खाल भत्किनु डापीवासीको 'कखग' पात्रका विरुद्धको विद्रोहको अभिव्यक्ति र स्वतन्त्रता प्राप्तिको सङ्घर्षको सफलताको क्रम पनि रहेको देखिन्छ । यस उपन्यासमा निस्सार र निरूपाय मानवजीवनमा केवल स्वतन्त्रता, अस्तित्व र

मूल्यसम्बन्धी कुरा मात्र गरिएको छैन, बरु अस्तित्वका लागि मानिसलाई कर्ममा सक्रिय गराई सङ्घर्ष र विद्रोह गर्नाका लागि प्रेरित गरिएको छ (प्रधान, २०३७/२०५२, पृ. १९२) । उपन्यासका अस्तित्वशील पात्रले दमनका विरुद्ध गरेको प्रतिवादमा स्वतन्त्रता प्राप्तिको अपेक्षा रहेको छ भन्ने कुरा स्पष्ट भएको छ । उपन्यासको प्रारम्भसँगै आरम्भ भएको 'कखग' पात्रका विरुद्धको विद्रोहको स्वरले पर्खालको भत्काइसँगै चर्को रूप लिन पुगेको छ भन्ने कुरालाई उपन्यासको यस साक्ष्यले स्पष्ट पारेको छ :

> अर्थहीनतामा अर्थ खोज्नु अनिवार्यता हो मान्छेको । अर्थ हुनुको प्रश्न कतै छैन, मात्र अर्थ हात लाग्नुको छ । विक्रमलाई प्रश्न र समाधान उत्तिकै तगडा लाग्दछन्- साँच्ची भनूँ भने दुवैको तनावमा विक्रम बाँच्छ । तर मान्छे बाँच्छ, बाँच्नलाई लड्छ, लड्नलाई बाँच्छ । विक्रम अठोटका साथ बोल्छ- हामी जाने सरासर तिनीहरूकहाँ र सोझै घिसारेर ल्याएर पहिले पछार्ने, अनि जहाँ बुझाउनुपर्छ बुझाउने ? (गौतम, २०३३/२०६४, पृ. २७९)

विक्रमको यस अभिव्यक्तिमा जीवनमा जतिसुकै समस्यासँग जुध्न परे पनि आफ्नो अस्तित्व र स्वतन्त्रता प्राप्तिका निम्ति सङ्घर्ष गरिरहनुपर्छ भन्ने अस्तित्ववादी जीवनदृष्टिको मान्यतालाई प्रतिबिम्बित गरेको छ । डापीवासीले लामो समय 'कखग' पात्रबाट समस्या झेले पनि अब तिनका विरुद्ध सङ्घर्ष गर्नुपर्छ भन्ने चेतनाको विकाससँगै विद्रोहको रूप चर्को बन्दै गएको छ। टोलवासी एकजुट भई 'कखग' पात्रका विरुद्ध सङ्घर्षमा उत्रिएका कारण नै उनीहरूले पहिलोपल्ट आफूलाई कमजोर अनुभव गरेका छन् । यही अनुभवका कारण टोलवासीले अपेक्षा गरेको स्वतन्त्रता प्राप्तिको प्रयत्नले सार्थकता प्राप्त गर्ने लक्षण उपन्यासमा देखिएको छ । डापीवासीको अस्तित्व र स्वतन्त्रतामा गम्भीर सङ्कट उत्पन्न भएपछि त्यसको प्रतिरोधपश्चात् 'कखग' पात्रलाई टोल छाड्न बाध्य बनाउनु डापीवासीले स्वतन्त्रताका लागि गरेको सङ्घर्षले सार्थकता प्राप्त गर्नु हो भन्ने स्पष्ट भएको छ ।

*डापी* उपन्यासमा ज्यापु, डापीटोलवासी र विक्रमले आफूहरूको अस्तित्वमाथि समस्या उत्पन्न भएका अवस्थामा त्यसको प्रतिवाद गरेका सन्दर्भले अस्तित्ववादी विद्रोहलाई बोध गराएको छ । जीवननिर्वाहका लागि मार्खुबाट आएको गरिब पात्र ज्यापुले 'कखग' पात्रको खेत कमाएर जीवननिर्वाह गरिरहेको छ। यही गरिब पात्रका माध्यमबाट स्वार्थ सिद्ध गर्ने योजनाबमोजिम 'कखग' पात्रले राम्रै रकम दिएर चौतारो भत्काउन आग्रह गरेका छन् । ज्यापुले उक्त आग्रहलाई अस्वीकार गरेको कुरालाई यस उद्धरणले स्पष्ट पारेको छ :

> चौतारो भत्काउन नम्र भएरै भए पनि कोही सहमत भएन, त्यस कारण चौतारो रहिरह्यो । क ख ग चुप लागे । ज्यापूलाई यो थाहा थियो । त्यसले भन्यो- 'मबाट

हुन्न हजुर यस्तो काम ।' 'पैसा पाउँछस् मोरा ।' तिनीहरूले भने । ज्यापूले जवाफ दियो- तेस्तो काम गरेर पैसा कमाउन पऱ्या छैन । (गौतम, २०३३/२०६४, पृ. २५२)

माथिको उद्धरणले ज्यापु आफ्नो अस्तित्वप्रति सचेत बन्दै 'कखग' पात्रका विरुद्ध विद्रोह गरेको कुरालाई स्पष्ट पारेको छ । गरिब पात्र ज्यापुले दिएको यस अभिव्यक्तिमा 'कखग' पात्रको योजनालाई विफल बनाउने प्रयत्न मात्र अन्तरनिहित छैन, यसका साथै डापीवासी आफ्नो स्वाभिमान सुरक्षित गर्नसमेत सचेत बन्न थालेका छन् भन्ने कुरा स्पष्ट भएको छ । सबैको उपयोगी चौतारो विनाश गरेर आफ्नो अस्तित्व र स्वाभिमान गुमाउनु उपयुक्त हुँदैन भन्ने चेतना एकातिर रहेको अनि अर्कातिर 'कखग' पात्रका कर्तुतका विरुद्ध आवाजसमेत उठाएको अभिव्यक्ति ज्यापुले दिएर ऊ स्वतन्त्रता प्राप्तिका लागि सचेत रहेको कुरा सिद्ध गरेको छ । उसले गरेको विद्रोहका कारण 'कखग' पात्रबाट आक्रमणमा परे पनि टोलवासीलाई एकजुट बनाएको छ । डापीवासी अस्तित्वप्रति सचेत रहेको कुरालाई उपन्यासको यस साक्ष्यले थप स्पष्ट पारेको छ - "एउटा कुरोचाहिँ हो । हामी केही अघि अवश्य सरेर आएका छौँ । हामी आतङ्कित भए पनि सेलाएका रहेनछौँ, हाम्रो स्वर अब साउतीभन्दा चर्को भएको छ । यसले मन पनि हलौँ हुँदो रहेछ" (गौतम, २०३३/२०६४, पृ. २५३) । प्रमुख चरित्र विक्रमले दिएको यस अभिव्यक्तिमा 'कखग' पात्रका विरुद्ध डापीवासी सङ्गठित हुन थालेका र आफ्नो अस्तित्व सुरक्षित गर्नाका लागि सचेत बन्न थालेका भन्ने कुरा स्पष्ट हुन्छ । 'कखग' पात्रबाट सिर्जित आतङ्कका विरुद्ध प्रतिवाद गरी आफ्नो अस्तित्व स्थापित गर्नुपर्छ भन्ने कुरामा विक्रम र ज्यापुसहित अन्य डापीवासी सचेत रहेका छन् भन्ने कुरा तिनले 'कखग' पात्रका विरुद्ध दिएका अभिव्यक्तिले सिद्ध गरेका छन् ।

*कट्टेल सरको चोटपटक* उपन्यासमा स्वतन्त्रता प्राप्तिका निम्ति सङ्घर्ष अभिव्यक्त भएको छ । उपन्यासका पात्रहरू कट्टेल, सावित्री र उनीहरूको जेठो छोरो प्रेमले आफ्नो अस्तित्वमा बाधा सिर्जना भएपछि त्यसका विरुद्ध प्रतिवाद गरेको कुरालाई उपन्यासको आख्यानसँग सम्बद्ध गराई स्वतन्त्रताका निम्ति सङ्घर्ष व्यक्त गरिएको छ । अस्तित्वका लागि सचेत यस उपन्यासका चरित्रमाथि भएका अन्यायका विरुद्ध आवाज बुलन्द गर्दा विद्रोहको स्वर अभिव्यञ्जित भएको छ । जड भविताबाट माथि उठेर आफ्नो अस्तित्व रक्षाका लागि यी पात्र सङ्घर्षमा सक्रिय भएको कुरालाई यस उपन्यासमा प्रस्तुत गरिएको छ । आफ्नो अस्तित्वका लागि यी पात्रले सङ्घर्ष गर्नुपर्ने परिवेश सिर्जना गरी यस उपन्यासमा स्वतन्त्रताका निम्ति सङ्घर्ष अभिव्यक्त गरेको देखिन्छ ।

*कट्टेल सरको चोटपटक* उपन्यासमा प्रमुख स्त्री चरित्र सावित्रीले आफ्नो अस्तित्वमाथि कुमारकी पत्नी अञ्जनाले गरेको अपमानको प्रतिवादलाई स्वतन्त्रता प्राप्तिका निम्ति सङ्घर्षका रूपमा लिन सकिन्छ । कट्टेलको किशोरावस्थादेखिकै साथी कुमारले आमन्त्रण गरेको भोजमा कट्टेल र सावित्री जाँदा त्यहाँ अपमान भएको अनुभव यिनीहरूले गरेका छन् । उनीहरूलाई आमन्त्रण

गर्नुको कारण कदर नभई काम गर्ने मान्छेको अभावलाई पूर्ति गर्ने प्रयत्न रहेको ज्ञात सावित्रीमा भएपछि पीडानुभव गर्दै उसले आँसु झारेकी छ । यति बेलासम्म कुमारहरूको सम्पन्नताका सामु आफ्नो विरोध गर्ने सामर्थ्य नभएको अनुभव गरेकी सावित्रीमा त्यति बेला मात्र चित् भविताको जागृति हुन्छ, जतिबेला कुमारकी पत्नी अञ्जनाले सावित्रीको बच्चालाई सभ्यताको पाठ सिकाउन आग्रह गरेकी छ । भोजमा सँगै ल्याएको सावित्रीको छोराले कुमारको घरको विस्तारामा पिसाब फेरेपछि आक्रोशित बन्दै अञ्जनाले बच्चालाई सभ्यताको पाठ सिकाउनुपर्ने कुरा गरी उनीहरूप्रति घृणाभाव व्यक्त गरेकी छ । अञ्जनाको यस अभिव्यक्तिमा आफ्नो समृद्धिका कारण उसमा घमण्ड चुलिएको रहेछ भन्ने कुराको बोध सावित्रीले त गरेकै छ साथै अञ्जनाका कारण आफ्नो अस्तित्वमा गम्भीर समस्या आएको अनुभूतिसमेत उसमा भएको छ । सावित्रीमा विकसित भएको यस अनुभूतिले ऊ आफ्नो अस्तित्वप्रति सचेत बनेकी भन्ने कुरालाई प्रमाणित गरेको छ । सावित्री आफ्नो अस्तित्वप्रति सचेत बन्दै स्वतन्त्रताका निम्ति सङ्घर्ष गर्न प्रतिबद्ध रहेकी छ भन्ने वास्तविकतालाई उपन्यासको यस साक्ष्यले स्पष्ट पारेको छ :

> अब सावित्री रिसाई- यो कस्तो तरिका हो ? त्यत्रो बच्चोलाई केको ज्ञान हुन्छ ? चाहिँदैन सभ्यता, मेरो छोरो बेसोमती भए पनि होस् । जानेर होइन क्यार । यति मैले गरिदिएकी छु, कुन्नि तन्नै साटिदिनुपर्ने हो कि ? .... कट्टेल र कट्टेल्नी काम्ने हिसाबसम्म रन्थनिए । चोटपटक लागेर उभिए । जानलाई (अस्पताल होइन, डेरा अब त) । कट्टेल असहाय भएर हेर्न थाल्यो चारैतिर । (गौतम, २०३७/२०७५, पृ. ८६)

माथिको उद्धरण सावित्रीले व्यक्त गरेकी हो । अञ्जनाले धनका आडमा आफ्नो स्वाभिमानमाथि आक्रमण भएको बोध भएपछि सावित्रीले गरेको यो प्रतिवादमा अस्तित्ववादी विद्रोह अभिव्यञ्जित भएको छ । कुमारकहाँ बस्दा कट्टेल र सावित्रीले आफ्नो स्वाभिमान कुण्ठित भएको अनुभव गरेकाले विद्रोहस्वरूप भोजमा सरिक नै नभई डेरामा फर्किनुमा अस्तित्व सुरक्षित गर्नाका लागि गरेको प्रयत्न हो भन्ने कुरा स्पष्ट भएको छ ।

*कट्टेल सरको चोटपटक* उपन्यासमा सावित्रीले आफ्नो घरमालिकका विरुद्ध गरेको प्रतिवादलाई स्वतन्त्रताका निम्ति सङ्घर्षका रूपमा लिन सकिन्छ । वृद्ध र रोगी कट्टेलका बाले घरमालिककी बुहारीको कोठामा प्रवेश गरेपछिको घटनाका कारण त्यस घरमा बस्ने अनुकूल वातावरण रहेको देखिँदैन । त्यसै अवस्थामा घरमालिकले कोठा खाली गर्नाका लागि गरेको कुरा सुनेपछि यस्तो घरमा बस्न उपयुक्त नभएको प्रतिक्रियामा सावित्रीको विद्रोही चेत् अभिव्यञ्जित भएको छ । अझ घरमालिकका छोराले कट्टेलका कोठाका सामान बाहिर फ्याँकेपछि रातभरि नै आँगनमा बसेको घटनाबाट प्रताडित बनेका र भोलिपल्ट सिक्री बेचेर कोठाभाडा तिर्ने बेलामा बुढाले झ्याल फुटाएको भन्दै थप पैसा लिएपछि सावित्रीले आक्रोश व्यक्त गरेकी छ :

> सावित्रीले भनी, 'कसाई मोराहरू । त्यो ऐना थाहा छ, पहिलादेखि नै फुट्याथ्यो, मानिस आउने-जाने नै हुने गरी । बुबाले त एक टुक्रा मात्रै उप्काउनुभएको थियो ।'....'होत्त नि, बुबाले जम्मै फोरेको भए त त्यहाँ सबै टुक्राहरू हुनुपर्ने नि तर एक टुक्राबाहेक देख्नुभो कतै ? नीचहरू ।' सावित्री कट्टेलले घृणाले भरिएर बोल्दा बोल्दै एक-दुई फेर पिच्च पिच्च थुकिदी । (गौतम, २०३७/२०७५, पृ. ११८)

माथिको उद्धरणमा सावित्रीको घरमालिकका विरुद्धको आक्रोशपूर्ण अभिव्यक्ति देखिएको छ । आर्थिक रूपमा दुर्बल भए पनि आस्तित्वप्रति सचेत सावित्रीले घरमालिकले गरेको अपमानपूर्ण व्यवहारबाट आक्रोशित बनेकी छ । घरमालिकले सावित्रीको परिवारमाथि गरेको दुर्व्यवहारले उनीहरूको अस्तित्वमा गम्भीर समस्या सिर्जना गरेको बोध सावित्रीलाई भएको छ । तसर्थ घरमालिकका विरुद्ध आक्रोशित बनेकी सावित्रीले गरेको प्रतिवादमा विद्रोहको भाव व्यक्त भएको देखिन्छ ।

मानिसले आफ्नो अस्तित्वमाथि आक्रमण भएको स्थितिको बोध गरेपछि त्यसका विरुद्ध विद्रोह गर्नुपर्छ भन्ने कुरामा सचेत बन्छ भन्ने मान्यतालाई *कट्टेल सरको चोटपटक* उपन्यासमा प्रमुख चरित्र कट्टेलले कुमारले दिएको रकमलाई अस्वीकार गरेको घटनाका माध्यमबाट व्यक्त गरिएको छ । आफ्नो एक मात्र छोरालाई लागेको मिर्गौलाको जटिल रोगको उपचारका लागि आर्थिक समस्या प्रबल बनेका अवस्थामा त्यसको समाधानका लागि कट्टेलले प्रयत्न गरेको छ । जीवनमा आर्थिक, सामाजिक, मानसिक समस्यासँग सङ्घर्ष गर्दै आएको कट्टेलमाथि आइपरेको छोराको कडा रोगको समस्याले थप चिन्तित बनाएको छ । यस्तो अवस्थामा छोराको जीवनरक्षाको प्रयत्नस्वरूप ईश्वरीबाट रकम प्राप्त नभएपछि पहिला विवाद परे पनि किशोरावस्थादेखिको साथी हो भन्दै कुमारको घरमा कट्टेल पुग्नुमा ऊ आफ्नो छोराको जीवनरक्षाप्रति सचेत रहेको छ भन्ने कुरा स्पष्ट भएको छ । छोराको उपचारका लागि सहयोग पुग्ला भन्ने अपेक्षाले कुमारको घरमा गएको कट्टेललाई कुमारले भेट्न नदिनु, केवल तीन सय रूपैयाँ दिँदै आवश्यक परे अरू पनि दिने प्रतिबद्धता व्यक्त गरेको जानकारी एक युवकमार्फत् पठाएपछि आफ्नो स्वाभिमानमाथि गम्भीर आक्रमण भएको अनुभव गरेको छ । उपन्यासको यस उद्धरणले कट्टेलमा स्वतन्त्रताको चाहना रहेको स्पष्ट हुन्छ -"ठिटोले फेरि सोध्यो, 'माथि गएर के भनिदिउँ त ?' यति सुन्नासाथ, खै कुन्नि के भैदियो मलाई, ती नोटहरू त मैले त्यसको खल्तीमा घुसारिदिएँ र ठिटोलाई बेस्सरी घचेटिदिएर भने, 'गधा, के ठान्याछस् तैँले मलाई" (गौतम, २०३७/२०७५, पृ. २२१) ? कट्टेलले आफ्नो अस्तित्वमाथि कुमारले आक्रमण गरेको छ भन्ने कुराको बोध गरेको कुरालाई यस उद्धरणले स्पष्ट पारेको छ । कुमारले गरेको व्यवहार आफ्नो स्वाभिमानमाथि गम्भीर चोट पुऱ्याउने खालको रहेको अनुभव गरी कट्टेलले प्रतिवाद गर्नु अस्तित्वका लागि गरिएको विद्रोह हो भन्ने कुरासमेत स्पष्ट

भएको छ । कुमारले दिएको नोटले आफ्नो छोराको जीवनरक्षाभन्दा बढी उसको स्वाभिमानमा चोट पुगेको अनुभूति कट्टेललाई भएको छ । परिणामस्वरूप ती नोट त्यसै केटाको खल्तीमा घुसारिदिनु अस्तित्वका लागि गरिएको विद्रोहका रूपमा बुझ्न सकिन्छ । पैसाको अति जरुरी परेका बेला प्राप्त रकमलाई स्वीकार गरेर छोराको उपचारमा संलग्न हुनुले आफ्नो निजत्व सङ्कट पर्ने ठान्दै त्यसको रक्षाका लागि गरेको व्यवहारमा अस्तित्ववादी विद्रोह अभिव्यक्त भएको छ ।

*कट्टेल सरको चोटपटक* उपन्यासमा कट्टेलको छोरो प्रेमले आफ्नो स्वतन्त्रतामा बाधा सिर्जना भएपछि त्यसको प्रतिवादस्वरूप गृहत्याग गरेको घटनालाई स्वतन्त्रताका निम्ति सङ्घर्षका रूपमा लिन सकिन्छ । विद्यालयको किताबी ज्ञानभन्दा पनि स्वतन्त्र रूपमा विचरणमा रुचि राख्ने स्वभावको प्रेमलाई महिना दिनसम्म विद्यालय अनुपस्थिति रहेको र झोला, किताब हराएको अभियोगमा कट्टेलले कुटपिट गरेपछि आफ्नो स्वतन्त्रतामा बाधा भएको अनुभव गरेको छ । आफ्नो रुचिअनुसारको कर्म गर्न नपाएको प्रेम घरमै कुण्ठित भएर बस्न नचाही त्यसबाट मुक्त हुनका लागि आफ्नो वरणस्वतन्त्रताको उपयोग गर्दै गृहत्यागको बाटो रोजेको छ । उपन्यासको यस साक्ष्यले विद्रोहको भाव बोध गराएको छ -“अब केही बनेर मात्र फर्कन्छु” (गौतम, २०३७/२०७५, पृ. १५२) । प्रेमले लेखेको यस पत्रमा आफ्नो स्वतन्त्रताको रक्षा र विद्रोहको स्वर एकसाथ अभिव्यक्त भएको देखिन्छ । सामान्य दृष्टिबाट हेर्दा अभिभावकको आज्ञालाई शिरोपर नगरी घर छाड्नु अनुशासन र मर्यादाविपरीत जस्तो देखिए पनि व्यक्तिको स्वतन्त्रतामा बाधा उत्पन्न भएपछि त्यसको प्राप्तिमा स्वतन्त्र निर्णय गर्दा सामाजिक मर्यादाभन्दा पनि व्यक्तिको अस्तित्वलाई उच्च ठान्ने भएकाले प्रेमको गृहत्यागको निर्णय अस्तित्ववादी कोणबाट भने स्वाभाविक नै देखिन्छ । कट्टेलको पिटाइ खाएको चार पाँच वर्षसम्म त प्रेम शान्त र ज्ञानी स्वभाव प्रदर्शन गरेर कट्टेलअनुकूल देखिए पनि अन्त्यमा उसमा स्वतन्त्रता प्राप्तिको चाहना तीव्र रहेको र त्यसका लागि घरको बसाइ अनुपयुक्त ठानी घरै छाड्नु अस्तित्ववादी विद्रोह रहेको देखिन्छ ।

*स्वर्गीय हीरादेवीको खोज* उपन्यासमा स्वतन्त्रता प्राप्तिका निम्ति सङ्घर्ष अभिव्यक्त भएको छ । उपन्यासकी सहायक पात्र सोनाले आफ्नो अस्तित्वमा समस्या सिर्जना भएपछि त्यसका विरुद्ध प्रतिवाद गरेको कुरालाई उपन्यासको आख्यानसँग सम्बद्ध गराई स्वतन्त्रताका निम्ति सङ्घर्ष व्यक्त गरिएको छ । अन्य पक्षबाट आफ्नो निजत्वमा बाधा सिर्जना भएको बोधसँगै यो पात्र विद्रोहका निम्ति सक्रिय बनेको देखिन्छ । आफ्नो अस्तित्वका लागि यस पात्रले विद्रोह गर्नुपर्ने परिवेश सिर्जना गरी यस उपन्यासमा स्वतन्त्रताका निम्ति सङ्घर्ष अभिव्यक्त गरिएको छ ।

*स्वर्गीय हीरादेवीको खोज* उपन्यासमा सोनाले आफ्नो परिवारका विरुद्ध दिएको अभिव्यक्तिले मानिस आफ्नो अस्तित्वमाथि समस्या खडा भएमा त्यसको प्रतिवादमा उत्रन्छ भन्ने कुरालाई बोध गराएको छ । सोना शिक्षित, सभ्य, शान्त प्रकृतिकी नारी हो । यसले लक्ष्मणसँग

बिहे गरेको रातमा नै पतिबाट यौनजन्य बर्बरताको पीडा भोग्न बाध्य भएकी छ । लक्ष्मणमा सोनाप्रतिको आक्रोश र ईर्ष्याको विषय पत्नीले आर्जन गरेको उच्च शिक्षा नै रहेको देखिन्छ । सोनाले पनि त्यस घरमा प्रवेश गरेदेखि नै उच्च खालको बौद्धिक कुरा गर्ने, पुस्तकका बारेमा परिचर्चा गर्ने एक मात्र पात्र कुमार देखेकाले उससँग पढाइलेखाइका विषयमा सहयोग लिएकी छ । सोनाको पढाइ र कुमारसँगको निकटताका विषयमा ईर्ष्याभाव राख्ने लक्ष्मणले उसलाई आफ्नो आश्रयमा बस्ने निच आइमाई भन्दै हेप्न थालेपछि सोनाले गरेको प्रतिवादमा विद्रोह अभिव्यञ्जित भएको छ -"हजुरको जीवन मेरो नीचताले गर्दा नर्क बनेको हो भने, म आफ्नो नीचता आफूसितै लिएर जान्छु नि त ? ...बाबुबाजेको प्रतिष्ठामा त हजुरहरूले वृद्धि नै गरिबक्सिएको छ । अझै पनि चौतारो जिउँदै छ" (गौतम, २०४५/२०५७, पृ. ९९) । आफ्ना बाबुबाजेको प्रतिष्ठाको आड लिएर पत्नी सोनामाथि अक्रमण गर्ने, दुर्व्यवहार गर्ने, खराब वचनले प्रहार गर्ने जस्ता लक्ष्मणका कर्तुतका विरुद्ध सोनाले दिएको अभिव्यक्तिले स्वतन्त्रता प्राप्तिका निम्ति गरेको सङ्घर्षलाई बोध गराएको छ । जड भविताको स्थितिसम्म त सोनाले सहेर बसे पनि जब उसमा चित् भविताको जागृति हुन्छ तब आफ्नो अस्तित्वका लागि सचेत बनेकी छ । आफ्नो निजत्वमा बाधा सिर्जना गर्ने पति लक्ष्मण र त्यस विशाल घरका विरुद्ध सोनाले प्रस्तुत गरेको विद्रोहको स्वरका माध्यमबाट स्वतन्त्रता प्राप्तिका निम्ति सङ्घर्ष व्यक्त भएको छ ।

*स्वर्गीय हीरादेवीको खोज* उपन्यासमा सोनाले आफ्नो रुचिको विषय कविता सिर्जना गर्नु स्वतन्त्रताका निम्ति सङ्घर्ष हो । त्यस घरमा कविता सिर्जना गर्न निषेध गरिएको छ । सोनाले आफ्नो रुचिको विषयलाई निरन्तरता दिएर त्यस घरमा विशेष गरी पति लक्ष्मणका विरुद्धको विद्रोहलाई सशक्त बनाएकी छ । उसले कविता सिर्जनामा सक्रिय भएर आफ्नो अस्तित्वमाथि बाधा खडा गर्ने पक्षका विरुद्ध गरेको प्रतिवादलाई स्वतन्त्रताका निम्ति सङ्घर्षका रूपमा लिन सकिन्छ । सोनाको अस्तित्व सुरक्षित गर्नाका लागि आवश्यक देखिएकाले उपन्यासकारले उसलाई विद्रोहका लागि सक्रिय गराएका हुन् । अर्थशास्त्रमा स्नातकोत्तर गरी विद्यावारिधिका लागि समेत भर्ना गराइसकेकी पात्र सोनामाथि स्नातकसमेत अनुत्तीर्ण पति लक्ष्मणले गरेका क्रूरतापूर्ण व्यवहारबाट उन्मुक्तिका लागि उसले गरेको प्रयत्नमा विद्रोहको स्वर अभिव्यञ्जित भएको छ । अर्काको जीवन चुसेर सम्पन्नता कायम गरेको त्यस विशाल घरको वैभवबाट सोना सन्तुष्ट छैन भन्ने कुरा कुमारसँग गरेका संवाद र आफ्नो पति पढाइमा कमजोर रहेको कुराको बोधपश्चात् नै उसले देखाएका प्रतिक्रियाले पुष्टि गरेका छन् । त्यस घरमा कापीकलम बर्जित छ भन्ने कुराको बोध कुमारले गराए पनि सोनाले ती वस्तुलाई घरमा भित्र्याउनुलाई अस्तित्ववादी विद्रोहको सुरुआतका रूपमा रहेको छ । कापीकलम भित्र्याउन नहुने नियम बनाइएको घरमा तिनै वस्तुको प्रयोग गरेर सोनाले कविता लेखेकी छ । लक्ष्मणमा सोनाको ज्ञान र सिर्जनाप्रति ईर्ष्याभाव छ । लक्ष्मणमा

आक्रोशपूर्ण भाव जागृत भएको कुरालाई यस उद्धरणले स्पष्ट पारेको छ -"कागत च्यातेर मिल्काइदियो । भन्यो- कविता यो घरमा चल्दैन । तिम्रा लागि धेरै काम छन्, लेखपढ गरेर समय काट्नु जरुरी छैन । बुझिराख, आइन्दा म आउने समयमा, तिमीले मलाई पर्खेर बसेको देखूँ" (गौतम, २०४५/२०५७, पृ. ८२) । सोनाको विद्रोही स्वभाव नै पति लक्ष्मणमा आक्रोशको भावना जागृत हुने कारण बनेको देखिन्छ । सोनाले पतिको स्याहारका लागि समय बिताउन उपयुक्त नमान्नु उसमा निहित विद्रोहात्मक चेत् हो । त्यस घरमा कविता लेख्न निषेध गरेर आफ्नो स्वाभिमानमा चोट पुऱ्याउने काम पति लक्ष्मणले गरेपछि त्यसबाट पछाडि नहटी पति र त्यस घरका कर्तुतका विरुद्धबाट उन्मुक्तिका लागि निरन्तरको सङ्घर्षबाट सोना पछि नहट्नुमा अस्तित्ववादी विद्रोह नै सशक्त बन्न पुगेको छ । उपन्यासको उद्धरणले यस कुरालाई थप पुष्टि गरेको छ -"तर गर्न के सकिन्छ, जहाँ नियम मान्नुपर्नेहरू एक्ला र अनाथ पनि छन् ?' मैले भनेँ । माइजूले भनिन्- 'केही सकिँदैन भनेर, केही पनि नगर्ने त ? घर कैद जस्तो बनेपछि, घर के र घरको नियम के" (गौतम, २०४५/२०५७, पृ. ९१) ? सोनाले प्रस्तुत गरेको यस अभिव्यक्तिमा आफ्नो ज्ञान र सिर्जना क्षमतामा बाधा पुऱ्याउने पक्षका विरुद्ध आवाज उठाउन आवश्यक ठान्दै त्यस घरमा बसेर लेखिएका कविता पतिबाट नै च्यातिए पनि आफ्नो सिर्जना कार्यलाई बगैँचाको कपुरको बोटमुनि बसेर निरन्तरता दिनुले पतिको निरङ्कुश आदेश र क्रूरतापूर्ण व्यवहारप्रति उसको असन्तुष्टि रहेको छ भन्ने कुरा स्पष्ट भएको छ । त्यस विशाल घरमा निषेध गरिएका सिर्जनात्मक कर्मलाई निरन्तरता दिएर सोनाले अस्तित्ववादी विद्रोह अभिव्यक्त गरेको देखिन्छ ।

*स्वर्गीय हीरादेवीको खोज* उपन्यासमा आफ्नो अस्तित्वका लागि सोनाले घर छाडेको सन्दर्भलाई प्रस्तुत गरेर अस्तित्ववादी विद्रोह अभिव्यक्त गरिएको छ । सोनाको ज्ञान, इज्जत, मान, प्रतिष्ठामाथि उसकै पति लक्ष्मणले बारम्बार आक्रमण गरिरहेको छ । चरित्रहीन नारीलाई गाली गर्ने खालका रन्डी र फुँडी जस्ता अपशब्दले दुत्कार्ने, भौतिक आक्रमणमा उत्रने, पत्नीलाई सहयोगी नभई सेवकको भूमिकामा राख्न चाहने, पत्नीले बौद्धिक क्षमताको प्रयोग गरेको देख्न नसक्ने प्रवृत्तिबाट दिक्क बनेकी सोना आफ्नो अस्तित्वका लागि सचेत त बनेकै छ । पछि लक्ष्मणले घरबाट नै निस्कन आदेश दिएपछि त्यस घरमा बसेर आफ्नो स्वाभिमान गुमाउनुभन्दा आफ्नो अस्तित्वका लागि घर नै छाड्नु उत्तम विकल्प ठान्दै घर छाड्न लाग्दा सासू नै आएर अश्रुधारा बगाउँदै रोकेपछि सासूको मान र त्यस घरको मर्यादालाई ख्यालमा राखेर घर छाड्ने कुरालाई रोकेकी हो । सोनाको यो त्याग, सहनशीलता र घरको मर्यादाप्रतिको कर्तव्यबोधलाई लक्ष्मणले भने कमजोरीका रूपमा लिएको छ । लक्ष्मणको स्वभावमा कुनै परिवर्तन नआएपछि आफ्नो अस्तित्वका लागि सासूलाई समेत थाहा नदिई सोनाले घर छाड्नुलाई स्वतन्त्रताका लागि गरिएको सङ्घर्ष हो भन्ने स्पष्ट भएको छ :

> यस पटक सोना नसोधेर गएकी थिई । सासूलाई पनि नभनेर । लक्ष्मण रातभरि कोठामा दारा किटिरह्यो । अपमानलाई बालुवाको फाँकोझैँ चपाइरह्यो । यस पटक ऊ साँच्चीकै हारेको थियो । ऊ त्यत्तिकै निश्चित भएर घर पसेको थियो, जति पहिले, तर यस पटक स्वास्नी मुक्त भएकी थिई र ऊ कैदी थियो, स्वास्नीले दिएको पराजयको । भोलिपल्ट सोनाले खबर पठाएकी थिई, ऊ माइतीमा छे र अब कहिल्यै लक्ष्मणकहाँ फर्किन्न । (गौतम, २०४५/२०५७, पृ. १०७-१०८)

माथिको उद्धरणमा सोनाले गरेको विद्रोहको भाव व्यक्त भएको छ । सोनाले त्यस घरमा बसेर पनि सङ्घर्ष गर्न सक्ने थिई तर पैसाको पछि दौडने, रक्सी र अन्य महिलालाई महत्त्व दिने चरित्रहीन पतिको आश्रयमा बस्नुभन्दा आफ्नो स्वतन्त्र जीवन बिताउने मार्ग अवलम्बन गर्नु नै उत्तम हुन्छ भन्ने सोचाइ सोनामा आएको देखिन्छ । त्यस विशाल घरको मर्यादाभन्दा पनि आफ्नो स्वाभिमानलाई उच्च ठान्दै सोनाले घर छाड्नुले अस्तित्ववादी विद्रोहलाई नै अभिव्यक्त गरेको देखिन्छ ।

*स्वर्गीय हीरादेवीको खोज* उपन्यासमा सोनाले आफ्नो जीवनको अन्तिम समयसम्म नै त्यस विशाल घरका कतुर्तका विरुद्ध देखाएको सक्रियताका माध्यमबाट विद्रोहको स्वर व्यक्त गरिएको छ । पति लक्ष्मणको कुकृत्यबाट प्रताडित यस चरित्रले घर छाडेर विद्रोहको स्वरलाई अभिव्यक्त त गरेकै छ साथै माइतमा गएर बस्दा उसलाई लिनका लागि घरबाट पठाइएका खबर र पात्रलाई तिरस्कार गरेर आफूले गरेको विद्रोहप्रति अडिग बनेकी छ :

> यस पटक त लक्ष्मणकी आमाले भनिन्- सात पटक त खबर पठाइयो, मान्छे पठाइयो, आउँदिन, अब हामी के भन्नु ? एक त सोधेर नजाने, त्यसमाथि उसैको यत्रो तुजुक ? .... सोना यस पटक कुनै किसिमले पनि आउन मानिरहेकी थिइन । कता-कता कुमारलाई यो रमाइलो पनि लागिरहेको थियो । .... तिनीहरू जति कराएर सोनालाई गाली गर्थे, कुमारलाई तिनीहरू त्यति असहाय भएर चिच्याएझैँ लाग्थ्यो । लक्ष्मणको चिठीलाई पनि सोनाले च्यातिदिएकी थिई । (गौतम, २०४५/२०५७, पृ. ११४-११५)

माथिको उद्धरणमा सोनाले गृहत्याग गर्नुको कारण अस्तित्वका लागि हो भन्ने कुरा स्पष्ट भएको छ । सोनाले अन्याय, कर्तुत र भय सिर्जना गरेर आफ्नो प्रभुत्व कायम गरेको त्यस परिवारलाई एकपटक गम्भीर ढङ्गले सोच्न बाध्य बनाइदिएकी छ । एउटी बुहारीलाई सुरक्षित रूपमा राख्न नसक्ने अपयश भोग्न त्यो परिवार बाध्य हुनुको कारक सोनाले गरेको विद्रोह नै रहेको देखिन्छ । आफ्नो लोग्नेले पठाएको पत्रलाई समेत च्यातेर विद्रोहको स्वरलाई अरू घनीभूत बनाएकी छ । परिवारका सबै सदस्यलाई सोच्न बाध्य पारेकी सोनालाई कुमार लिन गएपछि मात्र

फर्केकी छ । त्यस परिवारका सदस्यले गरेको पटक पटकको आग्रह र आमन्त्रणका कारण नै आफ्नो दायित्व र सच्चरित्रताको चिनारीका लागि नै सोना घर फर्केकी हो । यही कमजोर बुझाइका कारण नै उसले गरेको विद्रोह सशक्त बन्न सकेको छैन । सोनाको लक्ष्य लक्ष्मणलाई छाडेर अर्कैसँग घरजम गर्ने खालको देखिँदैन । मात्र लक्ष्मणको अहङ्कारलाई शमन पार्न सकिन्छ कि भन्ने नै उसको मनसाय रहेको देखिन्छ । सोनाको कोमलता र परिवारप्रतिको जिम्मेवारी बोधका कारण घरमा फर्किनु नै उसले गरेको विद्रोहलाई शिथिल बनाउने प्रमुख कारण बनेको छ । महिलालाई चरम शोषण गरेर पागल र कैदी बनाउने त्यस घरको पहिलेदेखिको गलत परम्पराको सिकार सोना पनि बनेकी छ । पतिलाई खुसी नराखेकी, घर छाडेकी जस्ता कुराबाट दोषी ठहऱ्याइएकी सोनालाई माइतबाट घर बोलाउने कारण उसका समस्या समाधान गर्ने नभई त्यस घरको प्रतिष्ठा जोगाउने रहेछ भन्ने कुरा सोनाले आफू त्यस्तो होइन भन्दाभन्दै पनि जबर्जस्ती पागल र कैदी घोषणा गरेपछिका घटनाले पुष्टि गरेका छन् । सोना सङ्घर्ष र विद्रोहबाट पराजित भएर घर फर्केकी होइन तर घर फर्केलगत्तै हलकोठामा राखिनु, त्यहाँ रोहिणी र जुल्फी माइजूलाई पठाइनु तथा सोनाको मृत्युपश्चात् उनीहरू आफ्नै कोठामा फर्कनुले उपन्यास बढी रहस्यमय बनेको छ । कुमार र रोजीलाई तलब दिएर नै हलकोठामा रहेकालाई खाना पकाउने जिम्मा दिएपछि पनि रोहिणी र जुल्फी माइजूलाई पठाउनुले सोनालाई मन्द विष सेवन गराइएको आशङ्का गर्न सकिन्छ । सोनाले जीवनको अन्तिमसम्म पनि आफू पागल नभएको कुरा गरी विद्रोहको स्वर उजागर गर्न महत्त्वपूर्ण भूमिकानिर्वाह गरेको देखिन्छ ।

*एक शहरमा एक कोठा* उपन्यासमा स्वतन्त्रता प्राप्तिका निम्ति सङ्घर्ष अभिव्यक्त भएको छ । उपन्यासको प्रमुख 'म' पात्रले आफ्नो अस्तित्वमा बाधा पुऱ्याउने पक्षका विरुद्ध प्रतिवाद गरेको कुरालाई उपन्यासको आख्यानसँग सम्बद्ध गराई स्वतन्त्रताका निम्ति सङ्घर्ष व्यक्त गरेको देखिन्छ । कार्यालयका सहकर्मी साथीहरू नै यस पात्रको स्वाभिमानमा समस्या सिर्जना गर्ने कारक बनेका छन् । आफ्नो अस्तित्वमाथि बाधा पुऱ्याउने पक्षका विरुद्ध यस पात्रले विद्रोह गर्नुपर्ने परिवेश सिर्जना गरी यस उपन्यासमा स्वतन्त्रताका निम्ति सङ्घर्ष अभिव्यक्त गरिएको छ ।

मानिसको अस्तित्वमा बाधा पुऱ्याइएका अवस्थामा त्यसको प्रतिवाद गरी आफ्नो अस्तित्व सुरक्षित गर्न प्रतिबद्ध हुनुपर्छ भन्ने कुरालाई *एक शहरमा एक कोठा* उपन्यासमा प्रमुख पात्र 'म' ले गरेको प्रयासका माध्यमबाट अभिव्यक्त गरिएको छ । करिब छ महिनाको प्रयत्नपश्चात् बैंकमा लेखा सहायकको नियुक्ति पाएर जागिरे जीवनमा प्रवेश गरेको यस पात्रमाथि कार्यालयमा प्रवेश गरेको पहिलो दिनमा नै अस्तित्वमा बाधा पुऱ्याउने खालका क्रियाकलाप त्यस कार्यालयकै कर्मचारीबाट हुँदा पीडाको अनुभव गरेको छ । त्यस कार्यालयको कर्मचारी एम. ढकालले 'म' पात्रको नियुक्तिलाई लिएर आशङ्का र ईर्ष्या व्यक्त गरेको छ :

> तपाईं कुन सोर्सबाट आउनुभएको ? .... त्यसले पिनकुशनमा सिउरेको आलपित झिकेर दाँत कोट्याउँदै भन्यो- 'त्यसो भए यस्तो होला । तपाईंको अनुहार नै यस्तो देखिएको हुँदो हो कि नोकरी पाइएन भने अहिल्यै हस्पिटलाइज्ड हुनुहुन्छ ।' ऊ हाँस्न थाल्यो- 'कहिलेकाहीं यसरी पनि दया गर्छन् तिनीहरू । र तपाईंको अनुहार अलिअलि त्यस्तै छ पनि' । (गौतम, २०४६, पृ. १४)

एम. ढकालको यस अभिव्यक्तिमा 'म' पात्रले जागिर पाउनुको कारण कुनै सोर्स वा उसको निरीह स्वरूप रहेको कुराप्रति लक्षित गरेको छ । जागिर खाएर आफ्नो अस्तित्व सुरक्षित गर्ने प्रयत्नस्वरूप गरेको परिश्रमबाट प्राप्त जागिरका विषयमा सहकर्मी साथीले गरेको आशङ्का र उपेक्षापूर्ण अभिव्यक्तिका कारण 'म' पात्रले आफ्नो अस्तित्वमा समस्या सिर्जना भएको अनुभव गरेको छ । नेपालको कुनै ग्रामीण क्षेत्रमा जन्मेहुर्केको यस पात्रले जागिरका माध्यमबाट आफ्नो अस्तित्व सुरक्षित गर्ने प्रयत्नमा सफलता प्राप्त गरेका अवस्थामा एम. ढकालले गरेको आशङ्का र ईर्ष्याले 'म' पात्रको अस्तित्वमा प्रहार भएको ठानेको छ । यस पात्रमा जागृत भएको चित् भविताका कारण नै एम. ढकालका अपमानजन्य अभिव्यक्तिका विरुद्ध प्रतिवाद गरी आफ्नो अस्तित्व सुरक्षित गर्न प्रयत्न गरेको देखिन्छ -"यो उत्ताउलो जस्तो प्रश्न छिटो सोध्यो । एकछिन त मैले कुनै जवाफ फ्याँक्न पाइन । अनि भनें –'मलाई थाहा छैन । म इण्टर्व्यू लिनेमध्ये एक जनालाई पनि चिन्दिन" (गौतम, २०४६, पृ. १४) । आफ्नो स्वाभिमानमा चोट पुऱ्याउने पक्षका विरुद्धको 'म' पात्रको यस अभिव्यक्तिमा ऊ आफ्नो स्वतन्त्रताका निम्ति सङ्घर्ष गर्न प्रतिबद्ध रहेको देखिन्छ । 'म' पात्रले आफ्नो क्षमताले प्राप्त गरेको जागिरका विषयमा गरिएको आशङ्काले नेपालमा कर्मचारी नियुक्ति गर्दा गरिने भनसुनलाई प्रतिबिम्बित त गरेको छ नै साथै 'म' पात्रको स्वाभिमानमा समेत गम्भीर आक्रमण भएको देखिएको छ । यस्तो अवस्थामा जड भवितालाई नै महत्त्व दिनु आफ्नो निजत्वलाई कमजोर तुल्याउनु हो भन्ने कुराप्रति 'म' पात्र सचेत देखिएको छ । चित् भविताको जागृतिसँगै उसले एम. ढकालका अभिव्यक्तिका विरुद्ध प्रतिवाद गरी विद्रोहको स्वर अभिव्यक्त गरेको छ । यस उपन्यासमा 'म' पात्रले गरेको यस विद्रोहलाई स्वतन्त्रताका निम्ति सङ्घर्षका रूपमा लिन सकिन्छ । आफूहरूले उचित जागिर नपाएका, उमेर घर्किसकेको र पदोन्नतिको सम्भावना क्षीण बन्दै गएका जस्ता समस्याका कारण पीडित बनेका साथीहरूले गरेको ईर्ष्या र अपमानका विरुद्ध 'म' पात्रले दिएको अभिव्यक्तिले ऊ आफ्नो स्वतन्त्रताका लागि सक्रिय रहेको छ भन्ने कुरालाई बोध गराएको छ ।

*सहस्राब्दीको अन्तिम प्रेमकथा* उपन्यासमा स्वतन्त्रता प्राप्तिका निम्ति सङ्घर्ष अभिव्यक्त भएको छ । उपन्यासकी प्रमुख स्त्री चरित्र समिधाले आफ्नो निजत्वमा बाधा पुऱ्याउने पक्षका विरुद्ध सङ्घर्ष गरेको कुरालाई आख्यानात्मक रूपमा प्रस्तुत गरी स्वतन्त्रताका निम्ति सङ्घर्ष व्यक्त

गरिएको छ । चित् भविताको जागृतिसँगै आफ्नो अस्तित्व सुरक्षित गर्नुपर्छ भन्ने कुरामा सचेत बनेकी यस पात्रले आफूलाई विद्रोहमा सक्रिय बनाएको देखिन्छ । अस्तित्वका लागि यस पात्रले सङ्घर्ष गर्नुपर्ने परिवेश सिर्जना गरी यस उपन्यासमा स्वतन्त्रताका निम्ति सङ्घर्ष अभिव्यक्त गरिएको छ ।

*सहस्राब्दीको अन्तिम प्रेमकथा* उपन्यासमा प्रमुख स्त्री चरित्र समिधाले आफ्नो स्वाभिमानमा चोट पुऱ्याउने खालका गतिविधि गर्ने पक्षबाट मुक्त हुनाका लागि गरेको सङ्घर्षलाई स्वतन्त्रता प्राप्तिका निम्ति सङ्घर्षका रूपमा लिन सकिन्छ । समिधा आरम्भमा विग्रहको प्रेमपत्रलाई अस्वीकार गरी आफ्नो स्वाभिमानलाई सुरक्षित गरेकी पात्रका रूपमा उपन्यासमा चित्रित भएकी छ । विग्रहको एकोहोरो प्रयत्न, उसको टाइफाइड रोग तथा दारीको दृश्य जस्ता कुराबाट प्रभावित बन्दै उसको प्रेमप्रस्तावलाई स्वीकार गरी उससँग निकट बनेकी हो । आर्थिक रूपमा सम्पन्न पात्र समिधाले विग्रहकै प्रस्तावलाई स्वीकार गरी जागिर खानु, विग्रहको कोठामा बारम्बार जानु र निकटता देखाउनुले उसले विग्रहसँग निस्वार्थ भावले प्रेम गरेकी छ भन्ने स्पष्ट भएको छ । समिधालाई उपन्यासकी अर्की पात्र कान्तिप्रति भने ईर्ष्या भाव रहिरहेको छ । कान्ति त्यही चरित्र हो जसले समिधालाई विग्रहसँग प्रेम गर्नाका लागि प्रेरणा र प्रभाव पारिरहन्थी । आखिर त्यसै पात्रलाई साडी उपहार दिएको घटनाले विच्केकी समिधालाई अचानक र अनावश्यक रूपमै कान्तिसँग शारीरिक सम्पर्क भएको कुरा विग्रहले गरेपछि समिधाले आफ्नो स्वाभिमानमाथि गम्भीर चोट पुगेको अनुभव गरेकी छ । विग्रहकै लागि यसरी समर्पित भइरहेका अवस्थामा एकपछि अर्को गर्दै कान्तिसँगका कर्तुतजन्य क्रियाकलापको पर्दाफास विग्रहले गर्न थालेपछि त्यसबाट स्वतन्त्र बन्नाका लागि उसले प्रयत्न गरेकी छ :

> समिधा विस्तारै उठी । आफ्नो अनुहारमा सकेसम्म निर्विकार भाव ल्याएकी थिई । यस पटक पहिले पहिलेभन्दा फरक गरी । आफ्ना केही लुगाहरू जुन ब्यागमा बटुलेर ल्याएकी थिई, तिनलाई एकएक गरी छरिएका ठाउँहरूबाट टिपेर त्यही ब्यागमा कोची । त्यसपछि त्यस्तो किसिमले हिँडी, जस्तो, फिल्महरूमा कहिलेकाहीँ पात्रलाई अत्यन्त विस्तारो पाइला चालेर हिँडेको देखाइन्छ । स्लो मोशन । .... समिधाले एक क्षणका लागि, टाउको झड्कारेर विग्रहलाई हेरी । झम्टिन आउने मुद्रा देखाई । तर तत्काल ढोका बेस्सरी झड्कारेर हिंडी । (गौतम, २०५६, पृ. १०७)

माथिको उद्धरणमा समिधाले गरेको विद्रोह अभिव्यक्त भएको छ । विग्रहले कान्तिसँग शारीरिक सम्पर्क राख्नै नहुने, सम्पर्क राखेपछि समिधालाई भन्नै नहुने, विग्रह त्यहीँ चुकेको छ । कान्तिसँगको निकटताबाट पटक पटक झस्केकी समिधाले विग्रह र कान्तिका बिचमा शारीरिक सम्बन्धसमेत रहिसकेको कुरा विग्रहकै मुखबाट थाहा पाएपछि उसबाट स्वतन्त्र हुनाका लागि

समिधाले गरेको प्रयत्न र व्यवहारमा विद्रोहको भाव स्पष्ट रूपमा अभिव्यक्त भएको छ । कुनै बेला निकै गुन लगाएकी कान्तिलाई ब्रेन ट्युमर र मिर्गौला बिग्रिएका कारण प्रेमीले छाडेका कुराका बारेमा जानकारी भएपछि उसलाई खुसी पार्ने अन्य सम्भावना रहँदारहँदै पनि पटक पटक शारीरिक सम्पर्क गर्नु विग्रहको कमजोरी रहेको छ । यही कमजोरीका कारण समिधाले आफ्नो अस्तित्वमाथि समस्या आएको बोध गर्दै विग्रहको कोठाको ढोका बजार्दै बाहिरिनुमा र पछि फोन गर्दा रिसिभर भुइँमा बजारिदिनुमा स्वतन्त्रताका लागि गरिएको सङ्घर्ष नै हो भन्ने कुरा स्पष्ट भएको छ ।

*भीमसेन-४ को खोजी* उपन्यासमा स्वतन्त्रता प्राप्तिका निम्ति सङ्घर्षलाई केन्द्रीय विषय बनाइएको छ । कोलम्बस-समूह र एकचक्रावासीले आफ्नो अस्तित्वमा समस्या सिर्जना गर्ने पक्षका विरुद्ध विद्रोह गरेका कुरालाई आख्यानसूत्रसँग सम्बद्ध गराई स्वतन्त्रता प्राप्तिका निम्ति सङ्घर्ष व्यक्त गरिएको छ । अस्तित्वमा व्यवधान सिर्जना गरिएपछि त्यसका विरुद्ध यी पात्रले विद्रोह गरेका हुन् । अस्तित्वका लागि यी पात्रलाई सङ्घर्षमा सक्रिय बन्नुपर्ने परिवेश सिर्जना गरी यस उपन्यासमा स्वतन्त्रताका निम्ति सङ्घर्ष अभिव्यक्त गरिएको छ ।

*भीमसेन-४ को खोजी* उपन्यासमा कोलम्बस-समूह र एकचक्रावासीले तर्कासुरको बन्धनबाट मुक्तिका लागि भीमसेन सहयोगी हुने ठान्दै त्यस पात्रको खोजीमा लाग्नुलाई स्वतन्त्रता प्राप्तिका लागि गरिएको सङ्घर्षका रूपमा लिन सकिन्छ। आफूलाई खुसी पार्नेलाई सम्पन्न बनाउने कुरा गरेको, प्रत्येक घरभित्र हुने गरेका कुराको जानकारी प्राप्तिका निम्ति मानिस खटाएको, आफ्नो प्रतिकूलका मानिसलाई जेल पठाउने गरेको, यौनजन्य क्रियाकलापमा रङ्गिएको तथा नरभक्षण गरेर आफू शक्तिशाली बनेको पात्र नै तर्कासुरका नामले यस उपन्यासमा चिनिएको छ। यस पात्रले एकचक्रा नगरीमा गरेका हरेक क्रियाकलाप मानव हितविपरीतका रहेका छन्। त्यसबाट कोलम्बस-समूह आफ्नो उद्देश्य र अस्तित्व सुरक्षा गर्नबाट वञ्चित भएको छ भने एकचक्रावासी यसै पात्रका कारण बर्सौंदेखि भय र असुरक्षाबाट प्रताडित बन्न बाध्य भएका छन्। यसका हरेक निर्णयलाई स्वीकार गर्दा आफ्नो निजत्वमा गम्भीर समस्या आएको अनुभव कोलम्बस-समूह र एकचक्रावासीले गरेपश्चात् त्यसलाई परास्त गर्ने योजनामा सक्रिय बनेका छन् भन्ने कुरालाई उपन्यासको यस उद्धरणले स्पष्ट पारेको छ :

> अन्त्यमा यी सारा खेलबाट एकचक्राका नागरिक थाके। हामी थाक्यौँ। केही सोच्नुपर्‍यो । के ? विद्रोह । कसरी ? एउटा भीमसेन खोज्नुपर्‍यो । हामी सबैको उद्धार त्यसैले गर्छ । सबैको चित्त बुझ्यो । भीमसेनको खोजी हुन थाल्यो । एकचक्रामा तीन भीमसेन रहेको पत्तो पाइयो । द्वापरयुगीन भीमसेनबाहेक । यी तीनमध्ये बलशाली

कुनचाहिँ होला ? मुक्तिदाता कुनचाहिँ होला ? त्यसको खोजी हुन थाल्यो । (गौतम, २०६१, पृ. ४५)

माथिको उद्धरणमा कोलम्बस-समूह र एकचक्रावासी तर्कासुरलाई परास्त गरी आफ्नो अस्तित्व सुरक्षित गर्न प्रतिबद्ध रहेका छन् भन्ने कुरा स्पष्ट भएको छ । भीमसेनबाट नै तर्कासुरको पराजय हुने र आफूहरूको उद्धार हुने अपेक्षा त्यहाँका मानिसले गरेका छन् । आफूले गरेको अपेक्षा पूरा गर्नाका लागि भीमसेनको खोजीमा सक्रिय यहाँका बासिन्दाले पहिलो भीमसेन अमेरिका छिरेको, दोस्रो मरेकाले अब आफ्नो उद्धार तेस्रो भीमसेनबाट सम्भव देखी त्यसकै खोजीमा लाग्नु स्वतन्त्रता प्राप्तिका लागि गरिएको सङ्घर्षका रूपमा लिन सकिन्छ । लामो समयदेखि एकचक्रा नगरीमा प्रभुत्वशाली भूमिकामा रहेको पात्र तर्कासुरले आफूहरूको अस्तित्वमाथि गम्भीर समस्या सिर्जना गरेको अनुभवपश्चात् त्यसको क्रूरतापूर्ण बन्धनबाट उन्मुक्त भई आफ्नो अस्तित्व सुरक्षित गर्ने प्रयत्न कोलम्बस-समूह र एकचक्रावासीले गरेका छन् । तर्कासुरको बन्धनबाट मुक्तिका लागि भीमसेन सहयोगी हुने ठान्दै त्यस पात्रको खोजीमा कोलम्बस-समूह र एकचक्रावासी लाग्नुलाई स्वतन्त्रताका लागि गरिएको सङ्घर्षका रूपमा लिन सकिन्छ ।

*भीमसेन-४ को खोजी* उपन्यासमा कोलम्बस-समूह र एकचक्रावासीले आफ्नो अस्तित्व सुरक्षित गर्न भीमसेनको प्राप्तिका लागि जेलको भित्ता फोरेको घटनाका माध्यमबाट स्वतन्त्रता प्राप्तिका निम्ति सङ्घर्ष अभिव्यक्त गरिएको छ । एकचक्राका समग्र बासिन्दामा भय, आतङ्क र असुरक्षा सिर्जना गरेर बसेको चरित्र तर्कासुर हो । यसको आहार बन्न तयार तर प्रतिवाद गर्ने कुरामा असक्षम रहेका कारण लामो समयदेखि एकचक्राका नागरिक प्रताडित अवस्थामा रहेको देखिन्छ । तर्कासुरका अनैतिक, अमानवीय र क्रूरतापूर्ण क्रियाकलापबाट दिक्क बनेका कोलम्बस-समूह र एकचक्रावासीमा त्यसका विरुद्ध विद्रोह गर्नुपर्ने कुराप्रतिको सचेतता जागृत भएको छ । तर्कासुरलाई परास्त गरेपछि मात्र आफ्नो अस्तित्व सुरक्षित हुन्छ भन्ने कुराको बोध यहाँका बासिन्दामा भएको छ । त्यसलाई परास्त गर्ने एक मात्र आधार भीमसेन हुन सक्छ भन्दै त्यो पात्र बस्दै आएको कारागारको भित्ता फोर्नुले उनीहरू अब विद्रोहका लागि सक्रिय बनेका छन् भन्ने कुरा सिद्ध भएको छ । भीमसेनको प्राप्तिका लागि कोलम्बस-समूह र एकचक्रावासीले प्रयत्न गरेका छन् भन्ने कुरालाई उपन्यासको यस साक्ष्यले प्रमाणित गरेको छ :

> तिनैताक हो । कसैले एउटा गम्भीर खबर ल्यायो, तेस्रो भीमसेन कारागारमा छ । थुनामा । अब त त्यसलाई मुक्त तुल्याउनु हाम्रो प्रथम कर्तव्य थियो । अनि मात्र त्यसले हामीलाई मुक्त गर्ने सम्भावना हुन सक्थ्यो । एक दिन हामीले जेलको भित्ता एक ठाउँमा फोरिदियौँ । त्यसअगि भीमसेनलाई चिन्न एक जना विशेषज्ञ झिकाइएको थियो । (गौतम, २०६१, पृ. ४७)

माथिको उद्धरणमा कोलम्बस-समूह र एकचक्रावासीले तर्कासुरको बन्धनबाट मुक्तिका लागि जेललाई फोरेका हुन् भन्ने कुरा अभिव्यक्त भएको छ । तर्कासुर शक्तिशाली छ, आफ्नो प्रतिकूलका गतिविधिका विरुद्ध आक्रामक बन्छ, नरभक्षण गरेर मानिसको विनाश गरिरहेको छ भन्ने कुराको ज्ञात हुँदाहुँदै पनि त्यसका कर्तुत आफ्नो अस्तित्वका प्रतिकूल छन् भन्ने कुराको बोध कोलम्बस-समूह र एकचक्रावासीलाई भएको छ । परिमाणस्वरूप त्यसका विरुद्ध त्यहाँका बासिन्दा सङ्घर्षमा उत्रिनु स्वतन्त्रताका निम्ति गरिएको सङ्घर्ष हो भन्ने कुरा स्पष्ट भएको छ। तर्कासुरलाई परास्त नगरेसम्म आफूहरूको अस्तित्व सुरक्षित हुँदैन भन्ने कुराप्रति सचेत रहेका कोलम्बस-समूह र एकचक्रावासीले त्यसका विरुद्ध भीमसेनको प्राप्तिका निम्ति जेलको भित्ता फोरी विद्रोहको भाव प्रस्तुत गरेका छन् ।

## ५.४ निष्कर्ष

ध्रुवचन्द्र गौतमले आफ्ना उपन्यासका अस्तित्वशील पात्रले जीवनमा आइपरेका समस्यासँग एक्लै सङ्घर्ष गर्दा ऐकान्तिकताको अनुभव गरेको कुरालाई आख्यानात्मक रूपमा प्रस्तुत गरेका छन् । उनका उपन्यासका पात्रले स्वतन्त्रता र उत्तरदायित्वलाई एक्लै वहन गर्नुपर्दा तथा अस्तित्वका लागि एक्लै प्रयत्न गर्नुपर्दा जीवनलाई एक्लो ठानेका छन् । ती पात्रले गरेका स्वतन्त्र निर्णयका कारण सिर्जित समस्यालाई एक्लै वहन गरेका अनि जीवनमा आइपरेका सम्पूर्ण जटिलतासँग एक्लै सङ्घर्ष गरेका छन् । गौतमले पात्रमा जीवनप्रति एक्लोपनको अनुभूति गराउनका लागि आफ्ना उपन्यासमा उपयुक्त परिवेशसमेत निर्माण गरेका छन् । उनका *डापी* र *स्वर्गीय हीरादेवीको खोज* उपन्यासमा ऐकान्तिकतालाई मूल कथ्य बनाइएको र अन्य उपन्यासमा प्रसङ्गवश यस मान्यताको अभिव्यक्ति भएको देखिन्छ । *डापी* उपन्यासमा विक्रमले अस्तित्वका लागि एक्लै सङ्घर्ष गर्नुपरेका कारण ऐकान्तिकताको बोध गरेको छ । *कट्टेल सरको चोटपटक* उपन्यासमा कट्टेलले एक्लै सङ्घर्ष गर्नुपर्दा गरेको अनुभवमा ऐकान्तिकताको भाव अभिव्यञ्जित भएको छ । *स्वर्गीय हीरादेवीको खोज* उपन्यासमा प्रमुख पात्र कुमारले परिचय, जागिर र आश्रयको खोजीमा गरेको एकल सङ्घर्षले पनि ऐकान्तिकतालाई बोध गराएको देखिन्छ । *एक शहरमा एक कोठा* उपन्यासमा 'म' पात्रले पारिवारिक जिम्मेवारीलाई एक्लै वहन गर्नुपर्दा र आइपरेका समस्यासँग एक्लै सङ्घर्ष गर्नुपर्दा ऐकान्तिकताको अनुभव गरेको कुरालाई विषयबद्ध गरिएको छ । *सहस्राब्दीको अन्तिम प्रेमकथा* उपन्यासमा विग्रह र समिधाले अस्तित्वका लागि एक्लै सङ्घर्ष गरेका घटनाले अस्तित्ववादी ऐकान्तिकतालाई बोध गराएको देखिन्छ । *भीमसेन-४ को खोजी* उपन्यासमा कोलम्बस-समूह, एकचक्रावासी र 'ऊ' पात्रले अस्तित्वका लागि गरेको सङ्घर्षका क्रममा आइपरेका पीडाको एक्लै सामना गर्नुपर्दा ऐकान्तिकताको अनुभव गरेको कुरालाई आख्यानात्मक रूपमा प्रस्तुत गरिएको छ । गौतमले आफ्ना उपन्यासमा प्रमुख पात्रका अतिरिक्त

सहायक पात्रका माध्यमबाट समेत अस्तित्ववादी ऐकान्तिकता अभिव्यक्त गरेका छन् । उनले मानिसले आफ्नो अस्तित्वका लागि एक्लै सङ्घर्ष गर्नुपर्दा ऐकान्तिकताको अनुभव गरेको कुरालाई विषयबद्ध गरेका छन् । अस्तित्वका लागि पात्रले एक्लै सङ्घर्ष गर्नुपर्दा अनुभव गरेको ऐकान्तिकतालाई आफ्ना उपन्यासमा संयोजन गरेरसमेत गौतमले आफूलाई अस्तित्ववादी उपन्यासकारका रूपमा स्थापित गरेको कुरा स्पष्ट भएको छ । उनले जीवनमा आइपरेका समस्यासँग एक्लै सङ्घर्ष गर्नुपर्छ, समस्याका कारण पलायन हुने सोच जीवनविरोधी हो भन्ने जीवनवादी विचारलाई आख्यानसँग सम्बद्ध गराई अभिव्यक्त गरेका छन् ।

अस्तित्ववादी जीवनदर्शनको अर्को महत्त्वपूर्ण मान्यता विद्रोहलाई ध्रुवचन्द्र गौतमले आफ्ना उपन्यासका पात्रलाई व्यवधानका विरुद्ध सक्रिय गराई अभिव्यक्त गरेका छन् । उनले अस्तित्वमाथि बाधा पुऱ्याउने पक्षका विरुद्ध विद्रोह गरी अस्तित्व सुरक्षित गर्नुपर्छ भन्ने विचारलाई सिर्जनात्मक रूपमा प्रस्तुत गरेका छन् । उनले अस्तित्ववादी विद्रोह अभिव्यक्त गर्नाका निम्ति आफ्ना उपन्यासमा उपयुक्त आख्यान संरचना निर्माण गरेका छन् । व्यक्तिको अस्तित्वमा बाधा आइपरेको छ भन्ने कुराको चेतना जागृतिसँगै त्यसको प्रतिवाद गरी आफ्नो अस्तित्व सुरक्षित गर्नाका निम्ति उनका उपन्यासका पात्रले सक्रियता देखाएका छन् । अस्तित्वप्रतिको सचेतताले नै मानिसलाई विद्रोहको विन्दुमा पुऱ्याउँछ भन्ने अस्तित्ववादी जीवनदर्शनको मान्यतालाई गौतमले आफ्ना उपन्यासमा अभिव्यक्त गरेका छन् । उनका विश्लेषित सबै उपन्यासमा कम बढी मात्रामा अस्तित्ववादी विद्रोह अभिव्यक्त भएको छ । उनले *डापी* र *भीमसेन-४ को खोजी* उपन्यासमा अस्तित्ववादी विद्रोहलाई केन्द्रीय विषय बनाइएका छन् । अन्य उपन्यासमा यस मान्यताको अभिव्यक्ति प्रसङ्गवश भएको पाइन्छ । *डापी* उपन्यासमा प्रमुख चरित्र विक्रम र डापीवासीले आफ्नो अस्तित्वका लागि 'कखग' पात्रका विरुद्ध गरेको सङ्घर्षले अस्तित्ववादी विद्रोहलाई बोध गराएको छ । *कट्टेल सरको चोटपटक*मा प्रमुख पात्रहरू कट्टेल र सावित्रीले आफ्नो स्वाभिमानमा बाधा पुऱ्याउने पक्षका विरुद्ध प्रतिवाद गर्नु अस्तित्ववादी विद्रोहका रूपमा रहेको छ । *स्वर्गीय हीरादेवीको खोज*मा प्रमुख पात्र कुमार र सहायक पात्र सोनाले आफ्नो अस्तित्वमा बाधा पुऱ्याउने विशाल घरका कर्तुतका विरुद्ध प्रतिवाद गर्नु अस्तित्ववादी विद्रोह हो । *एक शहरमा एक कोठा* उपन्यासमा प्रमुख 'म' पात्र र सहायक पात्र कर्णप्रसादले आफ्नो स्वाभिमानमाथि बाधा पुऱ्याउने पक्षका विरुद्ध दिएको अभिव्यक्तिले अस्तित्ववादी विद्रोहलाई बोध गराएको छ । *सहस्राब्दीको अन्तिम प्रेमकथा* उपन्यासमा प्रमुख पात्र समिधा आफ्नो अस्तित्वप्रति सचेत बन्नुलाई विद्रोहका रूपमा लिन सकिन्छ । *भीमसेन-४ को खोजी* उपन्यासमा प्रमुख 'म' पात्र, कोलम्बस समूह र एकचक्रावासीले आफ्नो अस्तित्वमा बाधा पुऱ्याउने पक्षका विरुद्ध विद्रोह गरेको घटनालाई विषयबद्ध गरी अस्तित्ववादी विद्रोह अभिव्यक्त भएको छ । गौतमले प्रमुख पात्रका अतिरिक्त

सहायक पात्रका माध्यमबाट समेत अस्तित्ववादी विद्रोहलाई अभिव्यक्त गरेका छन् । उनका उपन्यासका पात्र विद्रोहबाट मात्रै अस्तित्व सरक्षित गर्नुपर्छ भन्ने कुराप्रति सचेत बनेका छन् । त्यसै सचेतता कारण उनका उपन्यासका अस्तित्ववादी विद्रोहको सबल अभिव्यक्ति भएको हो ।

# छैटौं परिच्छेद
# सारांश र निष्कर्ष

## ६.१ सारांश

प्रस्तुत शोधको पहिलो परिच्छेद 'शोधपरिचय' शीर्षकमा ध्रुवचन्द्र गौतमका उपन्यासको अस्तित्ववादी कोणबाट अध्ययन गरिएको कुरा प्रस्तुत गरिएको छ । यस परिच्छेदमा विषयपरिचय, समस्याकथन, उद्देश्य, पूर्वकार्यको समीक्षा, शोधको औचित्य, शोधको सीमाङ्कनका बारेमा चर्चा गरिएको छ । शोधविधिअन्तर्गत अनुसन्धानपद्धति, सामग्रीसङ्कलन, अनुसन्धानढाँचा, सैद्धान्तिक आधार र विश्लेषणपद्धति रहेको कुरा उल्लेख छ । बहुसत्यमा आधारित गुणात्मक प्रकृतिको यस अध्ययनमा व्याख्यावादी अनुसन्धानपद्धति अवलम्बन गरिएको कुरालाई स्पष्ट पारिएको छ । गौतमका अट्ठाइसओटा उपन्यासमध्ये सोद्देश्य नमुना छनोटपद्धतिका आधारमा छओटा उपन्यास छनोट गरेको कुराका बारेमा समेत स्पष्ट पारिएको छ । यस शोधमा प्रयोग गरिएका प्राथमिक र द्वितीयक स्रोतका सामग्रीको सङ्कलन पुस्तकालयबाट गरिएको कुरा उल्लेख गरिएको छ ।

प्रस्तुत परिच्छेदमा उपन्यास विश्लेषणका लागि अस्तित्ववादी जीवनदर्शनलाई सैद्धान्तिक आधारका रूपमा अवलम्बन गरेको कुरा प्रस्तुत गरिएको छ । अस्तित्ववादले मानिस अस्तित्वमा आएपछि मात्र ऊ बन्ने प्रक्रियामा संलग्न रहन्छ भन्ने मान्यता राख्ने कुरा उल्लेख गरिएको छ । यसले वरणस्वतन्त्रता र व्यक्तिसर्वोच्चतालाई महत्त्व दिँदै मानव जीवन निस्सार र निरर्थक भए पनि अस्तित्वका लागि स्वयम् सक्रिय रहनुपर्छ भन्ने मान्यता राख्ने कुराका बारेमा स्पष्ट पारिएको छ । यस शोधमा अस्तित्ववादी जीवनदर्शनका मूलभूत मान्यताहरू निस्सारता, वरणस्वतन्त्रता, व्यक्तिसर्वोच्चता, ऐकान्तिकता र विद्रोलाई विश्लेषणको सैद्धान्तिक आधार बनाई यिनै मान्यताको मर्मअनुकूल सूचकहरू निर्माण गरिएको कुरा गरिएको छ । उपन्यास विश्लेषणका लागि निर्धारित अस्तित्ववादका मान्यता र उपकरणका बारेमा उपन्यासको विश्लेषण गर्नुपूर्व सम्बन्धित स्थानमा स्पष्ट पारिएको कुराका बारेमा समेत उल्लेख गरिएको छ । विश्लेषणपद्धतिमा शोधप्रश्नको समाधान गर्ने आधारका बारेमा स्पष्ट पारिएको छ । शोधप्रबन्धको रूपरेखामा शोधप्रबन्धको परिच्छेद सङ्ख्या, ती परिच्छेदको नामकरण र सन्दर्भ सामग्रीसूची रहेको कुरा उल्लेख छ ।

प्रस्तुत शोधप्रबन्धको दोस्रो परिच्छेद 'ध्रुवचन्द्र गौतमका उपन्यासहरूको सर्वेक्षण' शीर्षकमा गौतमका उपन्यासको अस्तित्ववादी जीवनदृष्टिका कोणबाट विश्लेषण गर्नाका निम्ति त्यस दृष्टिको सबल अभिव्यक्ति भएका उपन्यासको छनोटका लागि सर्वेक्षणात्मक अध्ययन गरिएको कुरा प्रस्तुत छ । सर्वेक्षण गर्दा अस्तित्ववादी जीवनदृष्टिअन्तर्गतका निस्सारता, वरणस्वतन्त्रता, व्यक्तिसर्वोच्चता, ऐकान्तिकता र विद्रोहलाई आधार बनाइएको कुराका बारेमा

स्पष्ट पारिएको छ । सर्वेक्षण गर्ने क्रममा घटना, पात्र र परिवेशलाई ती मान्यतामा केन्द्रित गराइएमा गहन, प्रसङ्गवश ती मान्यताको अभिव्यक्ति भएमा मध्यम र ती मान्यताको स्पर्श वा न्यून प्रयोग भएमा न्यून मानी सर्वेक्षणको आधार निर्धारण गरिएको कुरा प्रस्तुत छ । यसरी गौतमका अट्ठाइसओटा उपन्यासको सर्वेक्षणात्मक अध्ययन गर्दा *डापी*मा निस्सारता, ऐकान्तिकता र विद्रोह, *कट्टेल सरको चोटपटक*मा निस्सारता, *स्वर्गीय हीरादेवीको खोज*मा निस्सारता, वरणस्वतन्त्रता र ऐकान्तिकता, *एक शहरमा एक कोठा*मा वरणस्वतन्त्रता र व्यक्तिसर्वोच्चता, *सहस्राब्दीको अन्तिम प्रेमकथा*मा वरणस्वतन्त्रता र व्यक्तिसर्वोच्चता अनि *भीमसेन-४ को खोजी*मा निस्सारता र विद्रोहको सबलता रहेकाले अस्तित्ववादी जीवनदृष्टिका कोणबाट अध्ययनका लागि यी छओटा उपन्यासलाई छानिएको कुरा प्रस्तुत गरिएको छ ।

प्रस्तुत परिच्छेदमा सोद्देश्य छनोट गरिएका गौतमका छओटा उपन्यासको अस्तित्ववादी कोणबाट विश्लेषण गर्नाका लागि छनोट गर्नुपर्ने कारणका बारेमा स्पष्ट पारिएको छ । *डापी* उपन्यासको प्रमुख पात्र विक्रमले अस्तित्वका लागि सङ्घर्ष गर्दा भोग्नुपरेका असफलता, अभाव र अनिश्चितताका कारण जीवन निस्सार ठानेको छ । यस पात्रले अस्तित्वका लागि कर्म र सङ्घर्षमा सक्रिय रहँदा आइपरेका समस्याको एक्लै सामना गर्नुपर्दा एक्लोपनको अनुभव गरेको छ । 'कखग' पात्रका विरुद्ध निरन्तर सङ्घर्ष गर्नुपर्ने परिवेश यस उपन्यासमा सिर्जना गरिएको छ । *कट्टेल सरको चोटपटक* उपन्यासमा प्रमुख पात्र कट्टेल र सावित्रीले सङ्घर्ष गर्दा भोग्नुपरेका समस्याका कारण जीवनप्रति निस्सारताको भाव जागृत भए पनि अस्तित्वका लागि निरन्तर कर्म र सङ्घर्ष गर्नुपर्ने परिवेश र सोही खालका घटनाको संयोजन गरिएको छ । *स्वर्गीय हीरादेवीको खोज* उपन्यासमा प्रमुख पात्र कुमारले त्यस विशाल घरमा उपेक्षित, परिचयविहीन हुँदै अभावयुक्त जीवन बाँच्नुपर्दा जीवनप्रति नै निस्सारताको बोध गरे पनि परिचय, जागिर र आश्रयका लागि स्वतन्त्र निर्णय गर्नुपरेको तथा अस्तित्वका लागि एक्लै सङ्घर्ष गर्नुपरेको छ भन्ने कुरा प्रस्तुत गरिएको छ । *एक शहरमा एक कोठा* उपन्यासमा प्रमुख 'म' पात्रले जागिर, बिहे र कर्णप्रसादको आग्रहलाई स्वीकार गर्नुपर्ने परिवेश सिर्जनाका कारण समस्या आएका र आफ्नो मूल्यका लागि यसलाई नै सक्रिय बन्नुपर्ने परिवेशको संयोजन गरिएको छ । *सहस्राब्दीको अन्तिम प्रेमकथा* उपन्यासमा प्रमुख पात्र विग्रह र समिधाले प्रेम, जागिर जस्ता विषयमा भोग्नुपरेका समस्याप्रति उत्तरदायी बनेका तथा आफ्नो मूल्यका लागि उनीहरू नै सक्रिय बनेका घटना र सोही खालको परिवेशको प्रयोग गरिएको छ । *भीमसेन-४ को खोजी* उपन्यासमा 'म' पात्रलगायत कोलम्बस-समूह र एकचक्रावासीले जीवनमा भोग्नुपरेका समस्याका कारण निस्सारताको बोध गरेका र आफ्नो अस्तित्व कुण्ठित गर्ने तर्कासुरका विरुद्ध विद्रोह गर्नुपर्ने परिवेश सिर्जना गरिएको छ भन्ने कुरालाई स्पष्ट पारिएको छ ।

प्रस्तुत शोधप्रबन्धको तेस्रो परिच्छेद 'ध्रुवचन्द्र गौतमका उपन्यासमा निस्सारता' शीर्षकमा सोद्देश्य छनोट गरिएका गौतमका छओटा उपन्यासको अस्तित्ववादी जीवनदृष्टिको मूलभूत मान्यता निस्सारताका कोणबाट विश्लेषण गरिएको कुरा प्रस्तुत छ । यसरी विश्लेषण गर्दा जीवनको निरर्थकता, अभाव र अनिश्चितता एवम् कर्म र सङ्घर्षलाई आधार बनाइएको कुरा उल्लेख गरिएको छ ।

प्रस्तुत परिच्छेदमा गौतमका उपन्यासका पात्रले अस्तित्वका लागि प्रयत्न गर्दा भोग्नुपरेका अनपेक्षित परिणामका कारण जीवनलाई निरर्थक ठानेको कुराको प्रस्तुति उल्लेख छ । *डापी* उपन्यासका पात्रहरू विक्रम, एक वृद्ध सेवक, डापीवासी र खर्दारसाहेबले अस्तित्वका लागि सङ्घर्ष गर्दा भोग्नुपरेका विपरीत परिणामका कारण जीवनलाई निरर्थक ठानेको कुरा प्रस्तुत गरिएको छ । *कट्टेल सरको चोटपटक* उपन्यासमा प्रमुख पात्रहरू कट्टेल र सावित्रीले सङ्घर्ष गरिरहे पनि आर्थिक, पारिवारिक समस्या भोगेका तथा सहायक पात्रहरू बुढा प्रोफेसरले अपमान भोग्नुपर्दा जीवनप्रति नै निस्सारताको भाव व्यक्त गरेका छन् । *स्वर्गीय हीरादेवीको खोज* उपन्यासमा प्रमुख पात्र कुमार नेपाली र सहायक पात्रहरू एक मन्त्री र आशाले आफूले अपेक्षा गरेका कुरा प्राप्त नहुँदा जीवनप्रति निरर्थकताको अनुभव गर्नुपर्ने परिवेश सिर्जना गरिएको छ । *एक शहरमा एक कोठा* उपन्यासमा 'म' पात्रले भोग्नुपरेका आर्थिक जटिलता र कार्यालयका बेथितिका कारण र सहायक पात्र कर्णप्रसादले परिवार र कार्यालयबाट उपेक्षित बन्नुपर्दा जीवनप्रति नै निरर्थकताको भाव व्यक्त गरेको कुरा प्रस्तुत गरिएको छ । *सहस्राब्दीको अन्तिम प्रेमकथा* उपन्यासमा प्रमुख पात्र विग्रहले आफ्नो रोजाइमा रहेकी पात्र समिधालाई प्राप्त गर्न नसक्दा र प्राप्तिपश्चात् पनि सम्पर्कविहीन बन्ने परिवेशका कारण उसमा जीवनप्रतिको निस्सारताको अनुभूति भएको छ । *भीमसेन-४ को खोजी* उपन्यासमा एक वृद्ध विद्वान् परिवारको उपेक्षाका कारण, कोलम्बस-समूह र एकचक्रावासीले तर्कासुरलाई परास्त गर्ने प्रयत्नमा विफल हुँदा जीवनप्रति नै निरर्थकताको अनुभव गरेका छन् ।

प्रस्तुत परिच्छेदमा गौतमका उपन्यत्यासका पात्रले अभावयुक्त जीवन बिताउनुपर्दा र उक्त समस्याको समाधान हुने कुरा अनिश्चित बन्दा जीवनलाई निस्सार ठानेको कुरालाई प्रस्तुत गरिएको छ । *डापी* उपन्यासका प्रमुख चरित्र विक्रम र सहायक पात्रहरू माने र सन्तेले अस्तित्वका लागि प्रयत्न गरिरहँदा भोग्नुपरेका आर्थिक कठिनाइका कारण जीवनप्रति नै निस्सारताभाव व्यक्त गरेको कुरालाई प्रस्तुत गरिएको छ । *कट्टेल सरको चोटपटक* उपन्यासमा कट्टेल र सावित्रीले आर्थिक जटिलताको सामना गर्नुपरेको र त्यस समस्याको समाधान अनिश्चित बनेको परिवेश सिर्जना गरी अभाव र अनिश्चितता व्यक्त गरिएको छ । *स्वर्गीय हीरादेवीको खोज* उपन्यासमा कुमारले भोग्नुपरेका आर्थिक, परिचय, जागिर र प्रेम जस्ता समस्या समाधान अनिश्चित बनेको परिवेशको संयोजन गरी अभाव र अनिश्चितता अभिव्यक्त गरिएको छ । *एक*

*शहरमा एक कोठा* उपन्यासमा 'म' पात्रले भोग्नुपरेको आर्थिक जटिलता र त्यस जटिलताको समाधानको अनिश्चितता प्रस्तुत गरी अभाव र अनिश्चितता अभिव्यक्त गरिएको छ । *सहस्राब्दीको अन्तिम प्रेमकथा* उपन्यासमा प्रशस्त पैतृक सम्पत्ति भएर पनि आफ्नै रोजाइका कारण न्यून स्तरको जागिरका भरमा जीवन चलाउनुपर्दा आर्थिक समस्या भोगेको र त्यस समस्याको समाधान अनिश्चित बनेको कुरा प्रस्तुत गरी अभाव र अनिश्चितता अभिव्यक्त गरिएको छ । *भीमसेन-४ को खोजी* उपन्यासमा देशभित्रको दण्डहीनता र अव्यवस्थाका कारण असल र इमान्दार 'म' पात्रले अभावयुक्त जीवन व्यतीत गरेको र त्यसको समाधानको सुनिश्चितताको अभाव रहेको कुराका माध्यमबाट अभाव र अनिश्चितता अभिव्यक्त गरिएको छ ।

प्रस्तुत परिच्छेदमा गौतमका उपन्यत्यासका पात्रले अस्तित्वका लागि कर्म र सङ्घर्ष गर्दा भोग्नुपरेका असफलताका कारण जीवनलाई निरर्थक ठाने पनि प्रामाणिक अस्तित्वका लागि निरन्तर कर्म र सङ्घर्ष गरेको कुरालाई प्रस्तुत गरिएको छ । *डापी* उपन्यासमा अस्तित्वका लागि विक्रम र डापीवासी कर्म र सङ्घर्षमा निरन्तर सक्रिय रहेका घटना र परिवेशको प्रयोग गरी कर्म र सङ्घर्ष अभिव्यक्त गरिएको छ । *कट्टेल सरको चोटपटक* उपन्यासमा जीवनमा आर्थिक, पारिवारिक र नैतिक समस्या भोले पनि उपन्यासका प्रमुख चरित्र कर्म र सङ्घर्षमा सक्रिय रहेको परिवेश सिर्जना गरी कर्म र सङ्घर्ष व्यक्त गरिएको छ । *स्वर्गीय हीरादेवीको खोज* उपन्यासमा जीवनमा अभाव र उपेक्षालाई वहन गर्नुपर्ने परिवेशका कारण कुमारले जीवनप्रति निस्सारताको भाव व्यक्त गरे पनि उपन्यासको अन्त्यसम्म अस्तित्वका लागि कर्म र सङ्घर्ष गरिरहेको छ । *एक शहरमा एक कोठा* उपन्यासमा 'म' पात्र जेल र अस्पतालबाट मुक्त भई घर-गृहस्थी चलाउने कुरा गर्नु र उसकी पत्नी गीताले जागिर गर्ने कुरा गर्नुले यी दुवै पात्र कर्म र सङ्घर्षबाट विमुख नभएको स्पष्ट भएको छ । *सहस्राब्दीको अन्तिम प्रेमकथा* उपन्यासमा आफूहरूको प्रेममा बाधा सिर्जना गरिए पनि त्यसलाई सफल बनाउन विग्रह र समिधाले निरन्तर गरेको सङ्घर्षका माध्यमबाट कर्म र सङ्घर्ष अभिव्यक्त गरिएको छ । *भीमसेन-४ को खोजी* उपन्यासमा जीवनमा अस्तित्वका लागि सङ्घर्ष गरिरहँदा भोग्नुपरेका समस्याका कारण जीवनप्रति नै निरर्थकताको बोध भए पनि 'म' पात्रले आफ्नो अस्तित्वका लागि निरन्तर सङ्घर्ष गरेको कुराका माध्यमबाट कर्म र सङ्घर्ष व्यक्त गरिएको छ ।

प्रस्तुत शोधप्रबन्धको चौथो परिच्छेद 'ध्रुवचन्द्र गौतमका उपन्यासमा वरणस्वतन्त्रता र व्यक्तिसर्वोच्चता' शीर्षकमा सोद्देश्य छनोट गरिएका गौतमका छओटा उपन्यासको अस्तित्ववादी वरणस्वतन्त्रता र व्यक्तिसर्वोच्चताका कोणबाट समीक्षा गरिएको कुरा प्रस्तुत छ । वरणस्वतन्त्रताको समीक्षा गर्दा वैयक्तिक स्वतन्त्रता, स्वतन्त्रताको पीडा र उत्तरदायित्वको

अनिवार्यतालाई आधार बनाइएको तथा व्यक्तिसर्वोच्चताको समीक्षा गर्दा मानवसत्ताको अङ्गीकारलाई आधार बनाइएको कुरा प्रस्तुत छ ।

प्रस्तुत परिच्छेदमा गौतमका उपन्यासका पात्रले स्वनिर्मितिका लागि स्वतन्त्र निर्णय गरेको कुरालाई प्रस्तुत गरिएको छ । *डापी* उपन्यासको प्रमुख पात्र विक्रमले डापीटोलमा बस्ने निर्णय, बीनूसँग प्रेम र दाम्पत्य जीवनलाई स्वीकार गर्ने निर्णय र 'कखग' पात्रका विरुद्ध विद्रोह गर्ने निर्णय वैयक्तिक स्वतन्त्रता रहेको छ । *कट्टेल सरको चोटपटक* उपन्यासमा प्रमुख पात्र सावित्रीले कट्टेलसँग बिहे गर्नु, यी दुवै पात्र कुमारले आमन्त्रण गरेको भोजमा जानु तथा कट्टेलले कुमारले दिएको सुट लगाएर एक भोजमा जानु वैयक्तिक स्वतन्त्रता रहेको छ । *स्वर्गीय हीरादेवीको खोज* उपन्यासमा कुमारले आमाको खोजी गर्नु, जागिर गर्ने विचार र जागिर खाने निर्णय गर्नु वैयक्तिक स्वतन्त्रता रहेको छ । *एक शहरमा एक कोठा* उपन्यासमा 'म' पात्रले जागिर खाने, गीतासँग बिहे गर्ने र कर्णप्रसादको रक्सी खाने आग्रहलाई स्वीकार गर्नु उसको वैयक्तिक स्वतन्त्रता रहेको कुरा प्रस्तुत गरिएको छ । *सहस्राब्दीको अन्तिम प्रेमकथा* उपन्यासमा प्रेमप्रसादले सन्यासिनी सावित्रीसँग बिहे गर्नु र विग्रह समिधाप्रति आकर्षित हुनु, विग्रह र समिधा आफ्नै खुट्टामा उभिने निर्णय गर्नु र एक अर्कासँग प्रेम गर्नु उनीहरूको वैयक्तिक स्वतन्त्रता रहेको छ । *भीमसेन-४ को खोजी* उपन्यासमा 'म' पात्रले अनैतिक कर्म नगर्ने, कोलम्बस-समूह अमेरिका जाने तथा यो समूहसहित एकचक्रावासीले भीमसेनको खोजी गर्ने निर्णयमा वैयक्तिक स्वतन्त्रता रहेको छ ।

प्रस्तुत परिच्छेदमा गौतमका उपन्यासका अस्तित्वशील पात्रले गरेका स्वतन्त्र निर्णयका कारण समस्या भोग्नुपरेको कुराका बारेमा समीक्षा गरिएको छ । *डापी* उपन्यासमा विक्रमले डापीटोलमा भोग्नुपरेका आर्थिक, पारिवारिक तथा सामाजिक समस्या, 'कखग' पात्रबाट सिर्जित भय र आशङ्कालाई भोग्नुपर्ने बाध्यतालाई स्वतन्त्रताको पीडाका रूपमा चर्चा गरिएको छ । *कट्टेल सरको चोटपटक* उपन्यासमा स्वतन्त्रताका कारण सावित्रीले आर्थिक, पारिवारिक समस्या भोग्न पर्नु, यी दुवै प्रमुख पात्रले कुमारको घरमा अपमानित बन्न पर्नु तथा कुमारले दिएको कोट लगाउँदा कट्टेलले अपमानित भएको अनुभव गर्नु स्वतन्त्रताको पीडाका रूपमा रहेको कुरा प्रस्तुत गरिएको छ । *स्वर्गीय हीरादेवीको खोज* उपन्यासमा कुमारले आमाको अप्राप्ति, जागिरको अनिश्चितता र आशाले उपलब्ध गराएको जागिर खाँदा हीनताभाव लिएर बस्नुपर्ने पीडा भोगेको कुरा स्वतन्त्रताको पीडाका रूपमा प्रस्तुत गरिएको छ । *एक शहरमा एक कोठा* उपन्यासमा 'म' पात्रले स्वतन्त्रताका कारण आर्थिक समस्या, कार्यालयमा साथीको अपमान, जेल र अस्पतालमा बस्न पर्नु स्वतन्त्रताको पीडा रहेको छ । *सहस्राब्दीको अन्तिम प्रेमकथा* उपन्यासमा स्वतन्त्रताको उपयोगपश्चात् प्रेमप्रसादले आफ्नो उमेरका कारण युवती सावित्रीलाई अरूले भोग्छन् कि भन्ने भय हुनु, विग्रहले समिधालाई पाउन निकै सङ्घर्ष गर्न पर्नु, जागिर नपाउँदा विग्रह र समिधालाई

समस्या पर्नु तथा उनीहरूको प्रेममा बाधा सिर्जना गरिनु जस्ता समस्या स्वतन्त्रताको पीडा रहेको छ । *भीमसेन-४ को खोजी* उपन्यासमा स्वतन्त्रताको उपयोग गर्दा 'म' पात्रले आर्थिक समस्या भोगेको, कोलम्बस-समूह एकचक्रा नगरीमा बन्दी बन्नुपरेको तथा भीमसेनको अप्राप्तिका कारण कोलम्बस-समूह र एकचक्रावासीले समस्या भोग्नुपरेको कुरालाई स्वतन्त्रताको पीडा रहेको कुरा गरिएको छ ।

प्रस्तुत परिच्छेदमा स्वतन्त्र निर्णयका कारण आइपरेका समस्याप्रति गौतमका उपन्यासका पात्र उत्तरदायी बनेका छन् भन्ने कुरालाई स्पष्ट पारिएको छ । *डापी* उपन्यासमा विक्रमले समस्या भोगे पनि परिवारप्रति उत्तरदायी बनेको, पत्नी बीनूसँग जीवन चलाइरहेको तथा 'कखग' पात्रका विरुद्ध लाग्ने अभियानबाट विचलित नभई सङ्घर्ष गरिरहेको तथ्यले उत्तरदायित्वलाई वहन गरेको देखिन्छ । *कट्टेल सरको चोटपटक* उपन्यासमा सावित्रीले कट्टेलसँग जीवन बिताउनु, यी दुवै पात्रले कुमारको घरमा भोग्नुपरेका समस्या आफ्नै कारणबाट भएको अनुभव गर्नु र कट्टेल कुमारले दिएको भोजमा जाँदा भोगेको समस्या आफ्नै कारणबाट भएको अनुभव गरेको कुराका माध्यमबाट उत्तरदायित्व वहन गरेको देखिन्छ । *स्वर्गीय हीरादेवीको खोज* उपन्यासमा कुमारले त्यस विशाल घरमा महिलालाई गर्ने व्यवहारलाई बुझ्ेपछि आमा प्राप्त गर्न नसकिने तर्क दिएर आमाको खोजी गर्ने निर्णयबाट अलग रहनु, जागिरको खोजीमा लागिरहनु र निम्नस्तरको भए पनि जागिर खानु उत्तरदायित्व वहन हो । *एक शहरमा एक कोठा* उपन्यासमा 'म' पात्रले समस्या भोगे पनि कार्यालयमा साथीसँग निकट बन्नु, आर्थिक सुधार गर्ने प्रयत्न गर्नु जेल र अस्पतालबाट मुक्त भई घर-गृहस्थीलाई सञ्चालन गर्ने अभिलाषा राख्नुले ऊ उत्तरदायित्वप्रति सचेत रहेको कुरा प्रस्तुत गरिएको छ । *सहस्राब्दीको अन्तिम प्रेमकथा* उपन्यासमा विग्रह समिधाप्रति आकर्षित भइरहनु, दुवै प्रमुख पात्र आफ्नो खुट्टामा उभिने प्रयत्न गर्नु र प्रेमप्रति अडिग रहनुले उत्तरदायित्वलाई वहन गरेको देखिन्छ । *भीमसेन-४ को खोजी* उपन्यासमा समस्या भोगे पनि 'म' पात्रले अनैतिक कर्म नगर्नु, कोलम्बस-समूह एकचक्राबाट मुक्त हुने प्रयत्न गर्नु तथा कोलम्बस-समूह र एकचक्रावासीले भीमसेनको खोजीलाई निरन्तरता दिनु उत्तरदायित्व वहन रहेको कुरा स्पष्ट पारिएको छ ।

प्रस्तुत परिच्छेदमा गौतमका उपन्यासका पात्रलाई कर्म, सङ्घर्ष र विद्रोहमा सक्रिय गराई मानवसत्ताको अङ्गीकार अभिव्यक्त गरिएको छ भन्ने कुरा स्पष्ट पारिएको छ । *डापी* उपन्यासमा विक्रम र डापीवासी आफ्नो अस्तित्वका लागि स्वयम् सक्रिय बनेका छन् । *कट्टेल सरको चोटपटक* उपन्यासमा आफ्नो मूल्यका लागि सङ्घर्ष र विद्रोहमा कट्टेल र सावित्री नै सक्रिय रहेका छन् । *स्वर्गीय हीरादेवीको खोज* उपन्यासमा कुमार र सोनाले आफ्नो अस्तित्वका लागि प्रयत्न गर्दा आइपरेका समस्यासँग उनीहरू नै सङ्घर्ष र विद्रोहमा सक्रिय रहनुपर्ने परिवेश सिर्जना गरी

मानवसत्ताको अङ्गीकार अभिव्यक्त गरिएको छ । *एक शहरमा एक कोठा* उपन्यासमा 'म' पात्रले गरेको निर्णयका कारण आइपरेका समस्यासँग उसलाई नै सङ्घर्षमा सक्रिय गराइनु मानवसत्ताको अङ्गीकार रहेको देखिन्छ । *सहस्राब्दीको अन्तिम प्रेमकथा* उपन्यासमा विग्रह र समिधाले आफ्नो अस्तित्वका लागि गरेको निर्णयका कारण आइपरेका समस्याका विरुद्ध यिनीहरूलाई नै सक्रिय गराउनु मानवसत्तालाई महत्त्व दिनु हो । *भीमसेन-४ को खोजी* उपन्यासमा तर्कासुरका विरुद्ध 'म' पात्र, कोलम्बस-समूह र एकचक्रावासी नै सक्रिय हुनु मानवसत्ताको अङ्गीकार रहेको कुरा स्पष्ट पारिएको छ ।

प्रस्तुत शोधप्रबन्धको पाँचौँ परिच्छेद 'ध्रुवचन्द्र गौतमका उपन्यासमा ऐकान्तिकता र विद्रोह' शीर्षकमा सोद्देश्य छनोट गरिएका गौतमका छओटा उपन्यासहरूको अस्तित्ववादी ऐकान्तिकता र विद्रोहका कोणबाट विश्लेषण गरिएको कुरा प्रस्तुत गरिएको छ । ऐकान्तिकताका कोणबाट विश्लेषण गर्दा स्वतन्त्रता र उत्तरदायित्वको एकल वहन एवम् एकल सङ्घर्षलाई आधार बनाइएको तथा विद्रोहका कोणबाट विश्लेषण गर्दा अस्तित्वप्रतिको सचेतता र स्वतन्त्रता प्राप्तिका निम्ति सङ्घर्षलाई आधार बनाइएको कुरा प्रस्तुत गरिएको छ ।

प्रस्तुत परिच्छेदमा गौतमका उपन्यासका पात्रले अस्तित्वका लागि गरेका निर्णयका कारण सिर्जित समस्याको एक्लै सामना गर्नुपर्दा एक्लो अनुभव गरेका छन् भन्ने कुराका बारेमा स्पष्ट पारिएको छ । *डापी* उपन्यासको प्रमुख पात्र विक्रम र सहायक पात्र एक वृद्ध खर्दारसाहेबले गरेको निर्णयका कारण आइपरेका समस्या एक्लै वहन गर्नुपरेको छ । *कट्टेल सरको चोटपटक* उपन्यासमा कट्टेलले एकनाथ र कुमारले रेस्टुरेन्टमा जान गरेको आग्रहलाई स्वीकार गर्दा भोग्नुपरेको अपमानका कारण एक्लो अनुभव गरेको कुरा प्रस्तुत गरिएको छ । *स्वर्गीय हीरादेवीको खोज* उपन्यासमा कुमारले अस्तित्वका लागि गरेको स्वतन्त्र निर्णयका कारण सिर्जित समस्यालाई एक्लै वहन गर्नुपर्दा एक्लो अनुभूति भएको कुरा प्रस्तुत गरिएको छ । *एक शहरमा एक कोठा* उपन्यासमा 'म' पात्रले अस्तित्वका लागि गरेको निर्णयका कारण सिर्जित समस्याप्रति एक्लै उत्तरदायी बन्नुपर्दा एक्लोपनको अनुभव गरेको छ । *सहस्राब्दीको अन्तिम प्रेमकथा* उपन्यासमा विग्रह र समिधाले स्वतन्त्रता र उत्तरदायित्वलाई एक्लै वहन गरेका छन् । *भीमसेन-४ को खोजी* उपन्यासमा 'म' पात्र र कोलम्बस-समूहले स्वतन्त्रता र उत्तरदायित्वलाई एक्लै वहन गरेका छन् ।

प्रस्तुत परिच्छेदमा गौतमका उपन्यासका पात्रले आफ्नो जीवनमा आइपरेका सारा समस्यासँग एक्लै सङ्घर्ष गर्नुपरेको कुराले अस्तित्ववादी ऐकान्तिकतालाई बोध गराएको छ भन्ने विषयमा स्पष्ट पारिएको छ । *डापी* उपन्यासको विक्रम र एक वृद्ध हर्कबहादुरले अस्तित्वका लागि एक्लै सङ्घर्ष गर्नुपरेको कुरा प्रस्तुत गरी एकल सङ्घर्ष अभिव्यक्त गरेको कुरा प्रस्तुत गरिएको छ । *कट्टेल सरको चोटपटक* उपन्यासमा कट्टेलले हृदयाघात र पक्षाघातले पीडित बनेका अवस्थामा

पनि एक्लै सङ्घर्ष गर्ने कुरा गरेको छ । *स्वर्गीय हीरादेवीको खोज* उपन्यासमा जीवनमा आइपरेका समस्याबाट मुक्तिका लागि कुमार र सहायक पात्र रामबाबुले एक्लै सङ्घर्ष गर्नुपरेको परिवेश सिर्जना गरी एकल सङ्घर्ष व्यक्त गरिएको छ । *एक शहरमा एक कोठा* उपन्यासमा 'म' पात्रले अस्तित्वका लागि एक्लै सङ्घर्ष गर्नुपरेको कुरा प्रस्तुत गरिएको छ । *सहस्राब्दीको अन्तिम प्रेमकथा* उपन्यासमा विग्रह र समिधाको प्रेमलाई विच्छेद गराउन प्रयत्न गर्ने बाह्य शक्तिका विरुद्ध एक्लै सङ्घर्ष गर्नुपर्दा ऐकान्तिकताको अनुभव गरेको कुरा प्रस्तुत गरिएको छ । *भीमसेन-४ को खोजी* उपन्यासमा 'ऊ' पात्रलाई परिवारका सदस्यले उपेक्षा गरेका अवस्थामा पनि पारिवारिक जिम्मेवारीलाई एक्लै वहन गर्नुपर्दा एक्लो अनुभव गरेको छ ।

प्रस्तुत परिच्छेदमा गौतमका उपन्यासका अस्तित्वशील पात्रले अस्तित्वप्रति सचेत रहेको कुराका बारेमा विश्लेषण गरिएको छ । *डापी* उपन्यासमा विक्रम, टोलवासी, एक वृद्ध सेवक, रविबहादुर, बुढो सुब्दारले 'कखग' पात्रका विरुद्ध विद्रोह गरी आफ्नो अस्तित्व सुरक्षित गर्ने सोचाइ बनाएको सन्दर्भले अस्तित्वप्रतिको सचेतता बोध गराएको कुरा प्रस्तुत गरिएको छ । *कट्टेल सरको चोटपटक* उपन्यासमा कट्टेलले आफ्नो अस्तित्वमा बाधा पुऱ्याउने क्याम्पस प्रमुखका विरुद्ध आक्रोश पोख्दै राजिनामा दिने कुरा गर्नु अस्तित्वप्रतिको सचेतता रहेको छ । *स्वर्गीय हीरादेवीको खोज* उपन्यासमा सहायक पात्र सोनाले त्यस विशाल घरमा लक्ष्मणसँग बिहे गरेपश्चात् भोग्नुपरेका समस्याका कारण आफ्नो निजत्वमा बाधा पुगेको अनुभव गर्दै विद्रोहका निम्ति देखाएको सचेतताका माध्यमबाट अस्तित्वप्रतिको सचेतता अभिव्यक्त भएको कुरा गरिएको छ । *एक शहरमा एक कोठा* उपन्यासमा सहायक पात्र कर्णप्रसादले आफ्नो क्षमता र योग्यताको कदर नभएको ठान्दै हाकिमका विरुद्धको अभिव्यक्तिमा अस्तित्वप्रतिको सचेतता रहेको कुरा देखिन्छ । *सहस्राब्दीको अन्तिम प्रेमकथा* उपन्यासमा समिधालाई प्रभाव पार्नाका लागि विग्रहले कान्तिलाई उपहार दिएको घटनाले आफ्नो निजत्वमाथि गम्भीर समस्या आएको अनुभव गर्दै विग्रहको कोठाबाट बाहिर निस्कन खोज्नु अस्तित्वप्रतिको सचेतता रहेको कुरा गरिएको छ । *भीमसेन-४ को खोजी* उपन्यासमा एक विद्रोही, एक युवक, कोलम्बस-समूह र एकचक्रावासी आफ्नो अस्तित्वका लागि तर्कासुरका विरुद्ध विद्रोह गर्नुपर्छ भन्ने कुराप्रति सचेत बन्नु अस्तित्वप्रतिको सचेतता रहेको कुरा गरिएको छ ।

प्रस्तुत परिच्छेदमा गौतमका उपन्यासका पात्रले आफ्नो अस्तित्वमा बाधा सिर्जना भएपछि त्यसको प्रतिवाद गरेको कुरालाई विश्लेषण गरिएको छ । *डापी* उपन्यासमा 'कखग' पात्रबाट सिर्जित भय, आतङ्क र पीडाका कारण प्रताडित एक वृद्ध दम्पतीको छोरो, विक्रम र डापीवासीले तिनका विरुद्ध सङ्घर्ष गर्नुपर्ने परिवेश सिर्जना गरी स्वतन्त्रता प्राप्तिका निम्ति सङ्घर्ष व्यक्त गरेको कुरा गरिएको छ । *कट्टेल सरको चोटपटक* उपन्यासमा कट्टेलको जेठो छोरो प्रेमको गृहत्याग,

कट्टेल्नीले घरपट्टी र अञ्जनाका विरुद्धको अभिव्यक्ति तथा कुमारले गरेको अपमानका विरुद्ध कट्टेलको क्रियाकलापका माध्यमबाट स्वतन्त्रता प्राप्तिका निम्ति सङ्घर्ष व्यक्त भएको कुरा गरिएको छ । *स्वर्गीय हीरादेवीको खोज* उपन्यासमा सोनाले कविता सिर्जना गर्नु, घर छाड्नु र पतिको पत्रलाई च्यात्नु स्वतन्त्रता प्राप्तिका निम्ति सङ्घर्ष रहेको कुरा गरिएको छ । *एक शहरमा एक कोठा* उपन्यासमा प्रमुख 'म' पात्रले कार्यालयको साथीको अभिव्यक्तिले आफ्नो अस्तित्वमा बाधा पुगेको ठान्दै त्यसको प्रतिवाद गरेको कुरालाई स्वतन्त्रता प्राप्तिका निम्ति सङ्घर्ष रहेको कुरा गरिएको छ । *सहस्राब्दीको अन्तिम प्रेमकथा* उपन्यासमा विग्रहले शान्तिसँग शारीरिक सम्बन्ध राखेको जानकारीपश्चात् समिधाले विग्रहको कोठाको ढोका बजार्दै हिँड्नु स्वतन्त्रता प्राप्तिका निम्ति सङ्घर्ष रहेको कुरा गरिएको छ । *भीमसेन-४ को खोजी* उपन्यासमा कोलम्बस-समूह र एकचक्रावासीले तर्कासुरका विरुद्ध सङ्घर्ष गर्नाका निम्ति भीमसेनको खोजीमा लाग्नु र कारागारको भित्ता फोर्नु जस्ता घटनाले स्वतन्त्रता प्राप्तिका निम्ति सङ्घर्षलाई बोध गराएको कुरा गरिएको छ ।

## ६.२ निष्कर्ष

ध्रुवचन्द्र गौतमले अस्तित्ववादी जीवनदृष्टिका मूलभूत मान्यताहरू निस्सारता, वरणस्वतन्त्रता, व्यक्तिसर्वोच्चता, ऐकान्तिकता र विद्रोहलाई आफ्ना उपन्यासमा आख्यानात्मक रूपमा प्रस्तुत गरी यस दृष्टिलाई अभिव्यक्त गरेका छन् । उनले आफ्ना उपन्यासका पात्रमा अस्तित्वबोध भएकाले नै तिनीहरू स्वनिर्मितिका लागि सक्रिय रहेको कुरालाई नाटकीकरण गरेका छन् । उनले आफ्ना उपन्यासका अस्तित्वशील पात्रले जीवनमा आइपरेका समस्यासँग सङ्घर्ष गर्दा भोग्नुपरेका थप जटिलताका कारण जीवनलाई निरर्थक ठानेको कुरालाई केन्द्रीय कथ्य बनाई अभिव्यक्त गरेका छन् । अस्तित्वका लागि स्वतन्त्र निर्णय गर्दै जीवनमा क्रियाशील रहेका पात्र र ती पात्रले वहन गरेका जिम्मेवारीको अभिव्यक्ति हुनुले गौतमका उपन्यासमा अस्तित्ववादी जीवनदृष्टिको सशक्त अभिव्यक्ति भएको तथ्यलाई स्पष्ट पारेको छ । स्वनिर्मितिका लागि उपन्यासका पात्रले स्वयम् सङ्घर्ष गर्नुपर्ने परिवेश सिर्जना गरेरसमेत गौतमले यस जीवनदृष्टिलाई सफल रूपमा प्रस्तुत गरेका छन् । उनका उपन्यासमा अस्तित्वशील पात्रले अस्तित्वका लागि एक्लै सङ्घर्ष गरेका अनि व्यवधानका विरुद्ध विद्रोह गरेका क्रियाव्यापारले यस जीवनदृष्टिलाई गहन रूपमा अभिव्यक्त भएको कुरालाई पुष्टि गरेको छ । यस अध्ययनमा ध्रुवचन्द्र गौतमका उपन्यासमा अभिव्यक्त अस्तित्ववादलाई मुख्य शोधसमस्या बनाइएको छ । यस शोधमा उठान गरिएका शोधप्रश्न र अध्ययनको उद्देश्यको अनुक्रमका आधारमा प्राप्त निष्कर्षलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

(१) प्रस्तुत शोधको शोधप्रश्न एक 'ध्रुवचन्द्र गौतमका उपन्यासमा व्यक्त निस्सारताको स्वर केकस्तो रहेको छ ?' को निष्कर्षलाई निम्नअनुसार प्रस्तुत गरिएको छ :

(क) ध्रुवचन्द्र गौतमका उपन्यासमा अस्तित्वका लागि सक्रिय रहेका पात्रले भोग्नुपरेका अनपेक्षित परिणामका कारण तिनले जीवनलाई निस्सार ठानेको कुरालाई आख्यानात्मक रूपमा प्रस्तुत गरिएको छ । उनका उपन्यासका अस्तित्वशील पात्रले स्वनिर्मितिका लागि जीवनमा सक्रिय रहेका अवस्थामा एकपछि अर्को गर्दै समस्याबाट पीडित बन्न बाध्य भएका छन् । अस्तित्वका लागि क्रियाशील रहेका अवस्थामा भोग्नुपरेका असफलतका कारण ती पात्रमा निस्सारताको बोध भएको कुरालाई तिनका क्रियाव्यापारले स्पष्ट पारेका छन् ।

(ख) ध्रुवचन्द्र गौतमका उपन्यासका पात्रले अस्तित्वका लागि सङ्घर्ष गर्दा भोग्नुपरेका अभाव, अनिश्चितता, असफलता र विसङ्गतिपूर्ण स्थितिका कारण जीवनप्रति निस्सारताको भाव व्यक्त गरेका छन् । उनका उपन्यासका मूलतः प्रमुख पात्र र अंशतः सहायक पात्रले जीवनमा अस्तित्वका लागि सङ्घर्ष गरिरहेका अवस्थामा भोग्नुपरेका आर्थिक, पारिवारिक, सामाजिक, शारीरिक, अपमान, परिचय, जागिर, प्रेम जस्ता समस्याको समाधान अनिश्चित बन्दा तिनले जीवनलाई निस्सार ठानेको कुरालाई आख्यानात्मक रूपमा प्रस्तुत गरी निस्सारता अभिव्यक्त गरिएको छ ।

(ग) ध्रुवचन्द्र गौतमका उपन्यासका पात्रले अस्तित्वका लागि सङ्घर्ष गर्दा भोग्नुपरेका अभाव, अनिश्चितता, असफलता र विसङ्गतिपूर्ण स्थितिका कारण उनीहरूमा जीवनप्रति निस्सारताको भाव जागृत भए पनि त्यसैबाट कुण्ठित भएर नबसी अस्तित्वका लागि कर्म, सङ्घर्ष र विद्रोहका निम्ति प्रतिबद्ध रहेका छन् भन्ने कुरा निष्कर्षका रूपमा प्राप्त भएको छ । जीवनमा आइपरेका विसङ्गतिपूर्ण स्थितिको समाधान नभए पनि मानिसले अस्तित्वका लागि कर्म र सङ्घर्ष गर्नुपर्छ भन्ने कुरालाई गौतमले आफ्ना उपन्यास अभिव्यक्त गरेका छन् ।

(२) प्रस्तुत शोधको शोधप्रश्न दुई 'ध्रुवचन्द्र गौतमका उपन्यासमा वरणस्वतन्त्रता र व्यक्तिसर्वोच्चताको अभिव्यक्ति कसरी गरिएको छ ?' को निष्कर्षलाई निम्नअनुसार प्रस्तुत गरिएको छ :

(क) ध्रुवचन्द्र गौतमका उपन्यासका पात्रले आफ्नो अस्तित्वका लागि स्वतन्त्र निर्णय गरेको कुरालाई आख्यानात्मक रूपमा प्रस्तुत गरेका छन् । आफूले गरेको निर्णयबाट अस्तित्व सुरक्षित गर्न सकिन्छ भन्ने कुराप्रति उनका उपन्यासका पात्र सचेत रहेका र निर्णय गरेका छन् भन्ने कुरा यस अध्ययनको निष्कर्ष रहेको छ ।

(ख) ध्रुवचन्द्र गौतमका उपन्यासका अस्तित्वशील पात्रले स्वनिर्मितिका लागि स्वतन्त्र निर्णय गरेपश्चात् आर्थिक, पारिवारिक, सामाजिक, नैतिक, प्रेम आदि विषयमा समस्या भोग्न बाध्य भएका छन् । व्यक्तिलाई स्वतन्त्र निर्णय गर्ने छुट रहेको र कुनै कुराको छनोट नगर्नु पनि उसको

छनोट नै भएकाले स्वतन्त्र छनोट मानिसका लागि पीडा हो भन्ने कुरालाई उनले आफ्ना उपन्यासका पात्रको स्वतन्त्र निर्णयका माध्यमबाट सशक्त रूपमा अभिव्यक्त गरेका छन् भन्ने निष्कर्ष यस अध्ययनको रहेको छ ।

(ग) ध्रुवचन्द्र गौतमका उपन्यासका पात्र आफ्नै निर्णयका कारण आइपरेका यस्ता समस्याबाट पीडित भए पनि जिम्मेवारी वहन गर्ने कुराबाट अलग नरहेको सन्दर्भलाई प्रस्तुत गरिएको छ । स्वतन्त्र निर्णयका कारण ती पात्रले भोग्नुपरेका समस्याबाट नभागी तिनलाई भोग्दै सङ्घर्ष गरेका घटनाका माध्यमबाट उत्तरदायित्व वहनको अनिवार्यता अभिव्यक्त भएको छ ।

(घ) ध्रुवचन्द्र गौतमका उपन्यासका अस्तित्वशील पात्रका जीवनमा आइपरेका सङ्कटको समाधानका लागि उनीहरूलाई नै कर्म, सङ्घर्ष र विद्रोहमा सक्रिय गराई अस्तित्ववादी व्यक्तिसर्वोच्चता अभिव्यक्त गरिएको छ । उनका उपन्यासका पात्रले अस्तित्वका लागि प्रयत्न गर्दा समस्या, चिन्ता र पीडा भोग्न बाध्य भएका छन् । यस्तो अवस्थामा ती पात्रले समस्यासँग सम्झौता गर्ने, जीवनबाट पलायन हुने, विसङ्गतिका सामु समर्पण गर्ने, सम्झौता गर्ने, अदृश्य ईश्वरीय सत्ताप्रति समर्पित हुने कार्यबाट अलग रही आफ्नो मूल्यका लागि कर्म, सङ्घर्ष र विद्रोहमा सक्रिय गराई सशक्त रूपमा अस्तित्ववादी जीवनदृष्टिको एक मान्यता व्यक्तिसर्वोच्चता अभिव्यक्त गरिएको छ भन्ने निष्कर्ष यस अध्ययनको रहेको छ ।

(३) प्रस्तुत शोधको शोधप्रश्न तीन 'ध्रुवचन्द्र गौतमका उपन्यासमा ऐकान्तिकता र विद्रोहको अभिव्यक्ति केकसरी गरिएको छ ?' को निष्कर्षलाई निम्नअनुसार प्रस्तुत गरिएको छ :

(क) ध्रुवचन्द्र गौतमका उपन्यासका पात्रले स्वतन्त्रता र उत्तरदायित्वलाई एक्लै वहन गर्नुपर्दा ऐकान्तिकताको अनुभव गरेको कुरालाई आख्यानात्मक रूपमा अभिव्यक्त गरिएको छ । उनका उपन्यासका पात्रले स्वनिर्मितिका लागि गरेका निर्णयका कारण आइपरेका समस्याबाट मुक्तिका लागि अन्य व्यक्ति र पक्षबाट सहयोग नहुनुले तिनमा एक्लो अनुभूति हुनु अस्तित्ववादी ऐकान्तिकता हो भन्ने निष्कर्ष यस अध्ययनको रहेको छ ।

(ख) ध्रुवचन्द्र गौतमका उपन्यासका पात्रले विनाअर्थ यस संसारमा एक्लै फ्याँकिएको अनुभव गर्नुपरेको, जन्म र मृत्युलाई एक्लै सामना गर्नुपरेको अनि जीवनमा आइपर्ने व्यवधानसँग एक्लै सङ्घर्ष गर्नुपरेका कारण ऐकान्तिकताको अनुभव गरेको कुरालाई आख्यानात्मक रूपमा प्रस्तुत गरिएको छ । उनले जीवनमा एक्लै सङ्घर्ष गरेर बाँच्नुपर्ने मानवीय यथार्थलाई अस्तित्वशील पात्रका क्रियाव्यापारका माध्यमबाट सशक्त रूपमा प्रस्तुत गरेका छन् भन्ने निष्कर्ष यस अध्ययनको रहेको छ ।

(ग) ध्रुवचन्द्र गौतमका उपन्यासका अस्तित्वशील पात्रले आफ्नो अस्तित्वमा बाधा पुऱ्याउने पक्षका विरुद्ध प्रतिवाद गर्नुपर्ने कुराप्रति सचेत बनेका घटनालाई आख्यानात्मक रूपमा प्रस्तुत गरी

अस्तित्वप्रतिको सचेतता अभिव्यक्त भएको छ । पात्रका आर्थिक, पारिवारिक तथा सम्बन्धगत कमजोरीका कारण उनीहरूको अस्तित्वमा समस्या सिर्जना भएपछि त्यसको प्रतिवादका लागि सचेत बनेको कुरा अस्तित्वशील पात्रका क्रियाव्यापारले स्पष्ट पारेका छन् ।

(घ) ध्रुवचन्द्र गौतमका उपन्यासमा अस्तित्वशील पात्रले व्यवधानको प्रतिवादमा सक्रिय रहेको कुरालाई आख्यानात्मक रूपमा प्रस्तुत गरी स्वतन्त्रताका निम्ति सङ्घर्ष अभिव्यक्त गरिएको छ । उनले आफ्ना उपन्यासमा विद्रोह नै अस्तित्व प्रमाणित गर्ने प्रमुख आधार हो भन्ने मान्यतालाई सशक्त ढङ्गले अभिव्यक्त गरेका छन् भन्ने निष्कर्ष यस अध्ययनको रहेको छ ।

समग्रमा ध्रुवचन्द्र गौतम नेपाली उपन्यासको अस्तित्ववादी धाराका सशक्त उपन्यासकारका रूपमा स्थापित छन् भन्ने कुरा यस अध्ययनबाट स्पष्ट भएको छ । नेपाली उपन्यासमा यस दृष्टिलाई अभिव्यक्त गर्ने उपन्यासकारहरूमा विजय मल्ल, इन्द्रबहादुर राई, पारिजात, विश्वेश्वरप्रसाद कोइराला र सरुभक्त पनि रहेका छन् । मल्लका उपन्यासमा अस्तित्वप्रतिको सचेतता, राईको उपन्यासमा विसङ्गतिभित्र अस्तित्वप्रतिको सचेतता, पारिजातका उपन्यासमा विद्रोहका कारण भोग्नुपरेको एक्लोपना र निस्सारता, कोइरालाका उपन्यासमा कर्मशीलता तथा सरुभक्तका उपन्यासमा भविता र शून्यताको बोध पाइन्छ । गौतमले पारिजातको अस्तित्ववादी निस्सारता र कोइरालाको अस्तित्ववादी कर्मशीलतालाई वरण गरे पनि उनको मौलिकता भनेको ती अग्रजले गरेकाभन्दा भिन्न कर्म, सङ्घर्ष र विद्रोहलाई मुख्य रूपमा व्यक्त गरेका छन् भन्ने निष्कर्ष यस अध्ययनको रहेको छ । जीवन निस्सारयुक्त, निराशाजनक र समस्यायुक्त भए पनि यसैमा आशावादी रहँदै सङ्घर्ष गर्नुपर्छ भन्ने मान्यतालाई वरण गरी गौतमले नेपाली उपन्यासको अस्तित्ववादी लेखन धारामा भिन्न पहिचान बनाएका छन् भन्ने कुरा यस अध्ययनबाट प्राप्त हुन्छ । वर्तमानमा मानवजीवन जटिल, समस्याग्रस्त एवम् भयग्रस्त बनेका अवस्थामा पनि जीवनमूल प्रवृत्तिलाई आत्मसात् गरी अस्तित्वका लागि कर्म र सङ्घर्षमा सक्रिय रहन मानिसलाई प्रेरित गरेका उपन्यासकार गौतमको स्थान नेपाली उपन्यासको अस्तित्ववादी धारामा भिन्न रहेको छ भन्ने कुरासमेत स्पष्ट हुन्छ । समग्रमा गौतमले जीवनप्रति आशावादी, कर्मवादी र सकारात्मक हुँदै कर्म, सङ्घर्ष र विद्रोहमा सक्रिय रहनुपर्छ भन्ने विचारलाई सशक्त ढङ्गले आफ्ना उपन्यासमा अभिव्यक्त गरेका छन् भन्ने निष्कर्ष यस अध्ययनबाट प्राप्त भएको छ ।

## भावी शोधका लागि सम्भावित शीर्षकहरू :

(क) ध्रुवचन्द्र गौतमका उपन्यासमा भविता

(ख) ध्रुवचन्द्र गौतमका उपन्यासमा मानव सम्बन्ध

(ग) ध्रुवचन्द्र गौतमका उपन्यासमा नियति

# सन्दर्भ सामग्रीसूची

## (क) देवनागरी लिपिका सन्दर्भ सामग्रीहरू


उप्रेती, युवक (सम्पा.) (२०६८ क), *संवादमा ध्रुवचन्द्र गौतम,* काठमाडौँ : तन्नेरी प्रकाशन ।

उप्रेती, सञ्जीव (२०६८ ख), *सिद्धान्तका कुरा,* काठमाडौँ : अक्षर क्रियसन नेपाल ।

कोइराला, कुमार (२०६०), 'निमित्त नायकको विसङ्गत संसार', *आख्यानपुरुष डा. ध्रुवचन्द्र गौतम,* खुमनारायण पौडेल (सम्पा.), नेपाल : चितवन वाङ्मय प्रतिष्ठान ।

खतिवडा, लेखराज (२०७४), "विजय मल्लका नाटकमा अस्तित्ववाद", अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध, त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय, कीर्तिपुर ।

खेतान, प्रभा (सन् १९८५/१९८७), *सार्त्र शब्दो का मसीहा,* (दोस्रो संस्क.), दिल्ली : सरस्वती विहार ।

गोर्खाली, रमेश (२०६०), *रचनाको अभिव्यक्ति,* काठमाडौँ : नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान ।

गौतम, कृष्ण (२०६०), 'नेपाली उपन्यास-परम्परामा एक नौलो आयाम डापी', *आख्यानपुरुष डा. ध्रुवचन्द्र गौतम,* खुमनारायण पौडेल (सम्पा.), नेपाल : चितवन वाङ्मय प्रतिष्ठान ।

गौतम, ध्रुवचन्द्र (२०२४/२०४९), *अन्त्यपछि,* (पहिलो संस्क.), काठमाडौँ : अभिव्यक्ति प्रकाशन ।

गौतम, ध्रुवचन्द्र (२०२८/२०७०), *बालुवामाथि* (तेस्रो संस्क.), ललितपुर : साझा प्रकाशन ।

गौतम, ध्रुवचन्द्र (२०३३/२०६४), *डापी* (तेस्रो संस्क.), ललितपुर : साझा प्रकाशन ।

गौतम, ध्रुवचन्द्र (२०३७/२०७५), *कट्टेल सरको चोटपटक* (तेस्रो संस्क.), काठमाडौँ : फिनिक्स बुक्स ।

गौतम, ध्रुवचन्द्र (२०४०/२०७५), *अलिखित* (नवौँ संस्क.), काठमाडौँ : फिनिक्स बुक्स ।

गौतम, ध्रुवचन्द्र (२०४३/२०४५), *निमित्त नायक* (दास्रो संस्क.), काठमाडौँ : प्रस्तुति प्रकाशन ।

गौतम, ध्रुवचन्द्र (२०४५/२०५७), *स्वर्गीय हीरादेवीको खोज* (दोस्रो संस्क.), ललितपुर : साझा प्रकाशन ।

गौतम, ध्रुवचन्द्र (२०४६), *एक शहरमा एक कोठा,* काठमाडौँ : अभिव्यक्ति प्रकाशन ।

गौतम, ध्रुवचन्द्र (२०४८/२०७४), *उपसंहार अर्थात् चौथो अन्त्य* (छैटौँ संस्क.), ललितपुर : साझा प्रकाशन ।

गौतम, ध्रुवचन्द्र (२०५२/२०७४), *दुबिधा* (तेस्रो संस्क.), ललितपुर : साझा प्रकाशन ।

गौतम, ध्रुवचन्द्र (२०५३), *अग्निदत्त+अग्निदत्त,* काठमाडौँ : नेपाल लेखक सङ्घ ।

गौतम, ध्रुवचन्द्र (२०५५/२०६७), *फूलको आतङ्क* (तेस्रो संस्क.), ललितपुर : साझा प्रकाशन ।

गौतम, ध्रुवचन्द्र (२०५६/२०७५), *बाढी* (दोस्रो संस्क.), काठमाडौँ : फिनिक्स बुक्स ।

गौतम, ध्रुवचन्द्र (२०५६), *सहस्राब्दीको अन्तिम प्रेमकथा,* काठमाडौँ : प्रतिभा प्रकाशन ।

गौतम, ध्रुवचन्द्र (२०५८), *मौन,* काठमाडौं : प्रतिभा प्रकाशन ।

गौतम, ध्रुवचन्द्र (२०५९), *तथाकथित,* ललितपुर : साझा प्रकाशन ।

गौतम, ध्रुवचन्द्र (२०६१), *भीमसेन-४ को खोजी,* नेपालगन्ज : मध्यपश्चिमाञ्चल साहित्य-संस्कृति कलाप्रतिष्ठान ।

गौतम, ध्रुवचन्द्र (२०६२/२०७६), *जेलिएको* (दोस्रो संस्क.), काठमाडौं : रत्न पुस्तक भण्डार ।

गौतम, ध्रुवचन्द्र (२०६५), *एक असफल आख्यानको आरम्भ,* काठमाडौं : अर्किड बुक्स ।

गौतम, ध्रुवचन्द्र (२०६५/२०६६), *घुर्मी* (दोस्रो संस्क.), काठमाडौं : ओरिएन्टल पब्लिकेसन हाउस प्रा.लि. ।

गौतम, ध्रुवचन्द्र (२०६७/२०६९), *अप्रिय* (दोस्रो संस्क.), ललितपुर : साझा प्रकाशन ।

गौतम, ध्रुवचन्द्र (२०६८), *सातौं ऋतु,* ललितपुर : साझा प्रकाशन ।

गौतम, ध्रुवचन्द्र (२०७०), *एक पुनर्निर्मित प्रेमाख्यान,* ललितपुर : साझा प्रकाशन ।

गौतम, ध्रुवचन्द्र (२०७१), *वञ्चक,* काठमाडौं : उपलब्धि साहित्य विकास उपसमिति ।

गौतम, ध्रुवचन्द्र (२०७३), *विगत जस्तो केही,* काठमाडौं : उपलब्धि बहुउद्देश्यीय सहकारी संस्था लि. ।

गौतम, ध्रुवचन्द्र (२०७४), *एकआनाको जमाना,* काठमाडौं : उपलब्धि प्रकाशन सेवा प्रा. लि. ।

गौतम, ध्रुवचन्द्र (२०७६), *चकमन्नमा एकान्त,* काठमाडौं : रत्न पुस्तक भण्डार ।

गौतम, ध्रुवचन्द्र (२०७९), *सातो,* काठमाडौं : रत्न पुस्तक भण्डार ।

त्रिपाठी, वासुदेव (२०३०/२०४९), *पाश्चात्य समालोचनाको सैद्धान्तिक परम्परा भाग २,* (तेस्रो संस्क). ललितपुर : साझा प्रकाशन ।

त्रिपाठी, वासुदेव (२०३६), 'डापी, आगत र असम्बद्ध तीन अभिव्यक्ति', *नेपाली,* पूर्णाङ्क ७९. पृ. ३-१० ।

पाण्डे, ज्ञानू (२०६०), 'उपन्यासकार ध्रुवचन्द्र गौतम : विषयमाथिको एक अध्ययन', *आख्यानपुरुष डा. ध्रुवचन्द्र गौतम,* खुमनारायण पौडेल (सम्पा.), नेपाल : चितवन वाङ्मय प्रतिष्ठान ।

पाण्डे, ज्ञानू (२०६२), *विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासमा अस्तित्ववाद,* काठमाडौं : नेपाली आख्यान समाज ।

पौडेल, कृष्णा (२०६०), 'अभाव र विसङ्गतिको व्यथा : एक सहरमा एक कोठा' *आख्यानपुरुष डा. ध्रुवचन्द्र गौतम,* खुमनारायण पौडेल (सम्पा.), नेपाल : चितवन वाङ्मय प्रतिष्ठान ।

पौडेल, विष्णुप्रसाद (२०६४), 'समकालीन नेपाली उपन्यासकार ध्रुवचन्द्र गौतमका मूल प्रवृत्ति', अप्रकाशित लघु शोधपत्र, विश्वविद्यालय अनुदान आयोग, भक्तपुर ।

पौडेल, विष्णुप्रसाद (२०६८), *उपन्यास समालोचना (प्रवृत्ति र विश्लेषण),* काठमाडौँ : भुँडीपुराण प्रकाशन ।

प्रधान, कृष्णचन्द्रसिंह (२०२५/२०५२), 'नेपाली उपन्यास', *साझा समालोचना* (चौथो संस्क.), कृष्णचन्द्रसिंह प्रधान (सम्पा.), ललितपुर : साझा प्रकाशन ।

प्रधान, कृष्णचन्द्रसिंह (२०३७/२०५२), *नेपाली उपन्यास र उपन्यासकार* (तृतीय संस्क.), ललितपुर : साझा प्रकाशन ।

प्रधान, कृष्णचन्द्रसिंह (२०५४), 'आधुनिक नेपाली उपन्यासमा सांस्कृतिक चेतना', *प्रज्ञा,* वर्ष २८, पूर्णाङ्क ८५, पृ. १२३-१३५ ।

प्रधान, कृष्णचन्द्रसिंह (२०६०), 'ध्रुवचन्द्र गौतमको उपन्यासकारिता', *आख्यानपुरुष डा. ध्रुवचन्द्र गौतम,* खुमनारायण पौडेल (सम्पा.), नेपाल : चितवन वाङ्मय प्रतिष्ठान ।

प्रधान, नयना (२०६४), "पारिजातका कवितामा अस्तित्ववाद", अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध, त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय, कीर्तिपुर ।

प्रधान, प्रतापचन्द्र (२०४०), *नेपाली उपन्यास : परम्परा र पृष्ठभूमि,* दार्जिलिङ : दीपा प्रकाशन ।

प्रधान, मच्छिन्द्र (सन् १९७१), 'अस्तिवाद : परिचयन', *वार्ताहरू.* कुमार प्रधान (सम्पा.), दार्जिलिङ : नेपाली साहित्य परिषद् ।

प्रभात, रमेश (२०६०), 'बालुवामाथि उपन्यास : दृष्टिविविधताका केन्द्रीयतामा', *आख्यानपुरुष डा. ध्रुवचन्द्र गौतम,* खुमनारायण पौडेल (सम्पा.), नेपाल : चितवन वाङ्मय प्रतिष्ठान ।

बराल, ऋषिराज (२०६४), *साहित्य र समाज,* ललितपुर : साझा प्रकाशन ।

बराल, कृष्णहरि र एटम नेत्र (२०५६/२०५८), *उपन्यास-सिद्धान्त र नेपाली उपन्यास* (दोस्रो संस्क.), ललितपुर : साझा प्रकाशन ।

भट्टराई, गोविन्दराज (२०६२/२०७६), 'केन्द्र भन्जनको एउटा नमूना जेलिएको उपन्यास', *जेलिएको* (दोस्रो संस्क.), ध्रुवचन्द्र गौतम (लेखक), काठमाडौँ : रत्न पुस्तक भण्डार ।

भट्टराई, गोविन्दराज (२०६७/२०६९), 'विश्वस्तरका अतिप्रिय उपन्यासमा छ अप्रिय : अनेक अप्रियताले घेरिएको प्रिय जीवन छ यहाँ', *अप्रिय* (दोस्रो संस्क.), ध्रुवचन्द्र गौतम (लेखक), ललितपुर : साझा प्रकाशन ।

राई, इन्द्रबहादुर (२०३१/२०५०), *नेपाली उपन्यासका आधारहरू* (द्वितीय संस्क.), ललितपुर : साझा प्रकाशन ।

रुबिचेक, पल (सन् १९७३), *अस्तित्ववाद : पक्ष और विपक्ष,* प्रभाकर माचवे (अनु.), न्यु दिल्ली : मध्य प्रदेश हिन्दी ग्रन्थ एकेडेमी ।

लामिछाने, यादवप्रकाश (२०६३), *आधुनिक नेपाली उपन्यासमा विसङ्गतिबोध,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

लुइटेल, खगेन्द्रप्रसाद (२०५४), 'समसामयिक नेपाली जनजीवनको प्रतिकृति : अग्निदत्त+अग्निदत्त', *प्रज्ञा,* वर्ष २८, पूर्णाङ्क ८५, पृ. १८५-१९३ ।

लुइटेल, खगेन्द्रप्रसाद (२०५९), 'नेपाली साहित्यमा ध्रुवचन्द्र गौतमको योगदान', *गरिमा,* वर्ष २०, पूर्णाङ्क २३४, जेठ, पृ. ३०-४३ ।

लुइटेल, खगेन्द्रप्रसाद (२०६९ ), *नेपाली उपन्यासको इतिहास,* काठमाडौँ : नेपाल प्रज्ञा प्रतिष्ठान ।

शर्मा, मोहनराज (२०४८), *शैलीविज्ञान,* काठमाडौँ : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

शर्मा, मोहनराज (२०५९), 'उपन्यासकार डा. ध्रुवचन्द्र गौतम', *समकालीन साहित्य,* वर्ष १३, पूर्णाङ्क ४७, पृ. ८२-८५ ।

शर्मा, रामविलास (सन् १९९३), *नयी कविता और अस्तित्ववाद,* नयी दिल्ली : राजकमल प्रकाशन ।

सक्सेना, लक्ष्मी र मिश्र, सभाजीत (सन् १९८८), *अस्तित्ववाद के प्रमुख विचारक,* भोपाल : मध्यप्रदेश हिन्दी ग्रन्थ अकादमी ।

सञ्जय (२०३३/२०६४), 'एउटा प्रथम पाठकको प्रतिक्रिया', *डापी* (तेस्रो संस्क.), ध्रुवचन्द्र गौतम (लेखक), ललितपुर : साझा प्रकाशन ।

सापकोटा, कृष्णप्रसाद (२०७४), "ध्रुवचन्द्र गौतमका उपन्यासमा आञ्चलिकता", अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध, त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय, कीर्तिपुर ।

सिवाकोटी, रमा (२०६२), *उपन्यास सिद्धान्त र विजय मल्लको उपन्यासकारिता,* काठमाडौँ : भृकुटी एकेडेमिक पब्लिकेसन्स ।

सुवेदी, राजेन्द्र (२०५३/२०६४), *नेपाली उपन्यास : परम्परा र प्रवृत्ति* (दोस्रो संस्क.), ललितपुर : साझा प्रकाशन ।

सुवेदी, राजेन्द्र (२०५४), *सृजनविधाका परिधिभित्र ध्रुवचन्द्र गौतम,* काठमाडौँ : साझा प्रकाशन ।

सुवेदी, राजेन्द्र (२०६३/२०६४), 'उपन्यासकार ध्रुवचन्द्र गौतमको तेस्रो चरणका औपन्यासिक प्रवृत्ति र तिनको वैशिष्ट्य', *वाङ्मय,* वर्ष १३, पूर्णाङ्क १३, पृ. २६-४३ ।

## (ख) रोमन लिपिका सन्दर्भ सामग्रीहरू

Blackham, H. J. (1952/2002). *Six existentialist thinkers*. (2nd ed.). New York: Routledge.

Camus, A. (1942/1979). *The myth of Sisyphus*. Obrien Justin (trans.). Britain: penguin books.

Camus, A. (1956/1991). *The rebel*. Anthony Bower (trans.). First vintage international edition.

Durant, W. (2010). *The story of philosophy*. New York: Garden city publishing.

Flynn, T. (2006). *Existentialism a very short introduction*. New York: Oxford university press.

Gravil, R. (2007). *Existentialism*. Tirril: Humanities-Ebooks.

Grene, M. (1948). *Dreadful freedom*. U.S.A.: the university of Chicago press.

Habib, M.A.R.(2011). *Literary criticism from Plato to the present.* United Kingdom: John Wiley and sons ltd.

Harder, J. (1953). Sartres Existentialism and humanism. *Studies in philosophy*. Volume 49, no. 3 july. P. 534-547.

Harvey, S. P. & Heseltine J. E. (1959/1961). *The Oxford companion to French literature*. (reprient). London: Oxford university press.

Heidegger, M. (1962). *Being and time.* Macquarrie, John and Robinson, Edward (trans.). UK: Blackwell.

Kaufman, W. (1956/1960). *Existentialism from Dostoevsky to Sartre* (12th ed.). New York: Meridian books.

Olson, R. G. (1962). A*n introduction to existentialism*. New York: Dover publication.

Sartre, J. P. (n. d.). *Being and nothingness*. Hazel E. Barnes (trans.). Colorado: University of Colorado.

Sartre, J. P. (1947/2007). *Existentialism is a humanism*. London: Yale university press.

Sartre, J. P. (1957/2011). *Existentialism and human emotions*. New York: Philosophical library.

Sartre, J. P. (1989). *No exit and three other plays.* Abel, I. (trans.). New York: Vintage international edition.

Sartre, J. P. (2008). *Between existentialism and Marxism*. John Matthews (trans.). New York: VERSO.

Solomon, R. C. (1974/2005). *Existentialism*. (2nd ed.). New York: Oxford university press.